# राय परामर्शहरूको संग्रह


नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**सार्वजनिक खरिद अनुगमन कार्यालय**

रेडक्रसमार्ग, ताहाचल, काठमाडौं ।

फोन : ०१-४०३०५१८, ४०३०५४६, फ्याक्स : ०१-४०३०६४२

**Website : www.ppmo.gov.np, Email : info@ppmo.gov.np**



आषाढ, २०७६

# भूमिका

सार्वजनिक निकायले मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र यस ऐन अन्तर्गत वनेका नियम तथा कार्यविधि बमोजिम गर्नु पर्ने हुन्छ । यस खरिद कानूनको मर्म र भावना बमोजिम खरिद कार्यमा सहजता ल्याउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत यस कार्यालयको स्थापना भई निरन्तर कार्य गर्दै आईरहेको छ । यस कार्यालयलाई प्रचलित कानून बमोजिम तोकिएको विभिन्न काम, कर्तव्य र अधिकार मध्ये एउटा महत्वपुर्ण काम खरिद कार्य संग सम्वन्धित ऐन र ऐन अन्तर्गत वनेका नियम निर्देशिकामा उल्लेखित कुनै कुराका सम्वन्धमा सार्वजनिक निकायले माग गरेको राय परामर्श उपलब्ध गराउने पनि हो । यस कार्यालयको स्थापना काल देखी आ.व. २०७४/७५ सम्म विभिन्न सार्वजनिक निकायहरुबाट माग भएका राय परामर्शहरु संकलन गरी यस संग्रहमा प्रकाशित गरिएको छ । साथै, यस कार्यालयवाट उपलब्ध गराईएको राय परामर्शहरुलाई प्रत्येक आर्थिक बर्ष समेटिने गरी निरन्तर प्रकाशित गरिदै लगिने लक्ष्य समेत रहेको छ । सरोकारवालाहरु सबैलाई खरिद प्रक्रियामा जुनसुकै बखत द्विविधा पर्न सक्दछ । कतिपय द्विविधाहरुका सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले राय परामर्श दिई सकेको पनि हुन सक्छ । उपलब्ध गराई सकिएका राय परामर्शहरुमा समेत पुनः द्विविधा उत्पन्न भई सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय माग गरी रहनु नपरोस् भन्ने मनसायले यो संग्रह प्रकाशन गरिएको हो । प्रकाशित संग्रहबाटै अधिकांश द्विविधाको निराकरण हुन सकेमा निर्णय प्रकृया छिटो छरितो हुनेछ भन्ने अपेक्षा नै यो संग्रह प्रकाशन गर्नुको मुख्य उद्देश्य हो । यस संग्रहले सार्वजनिक खरिद कार्यमा सहभागी हुने सबै निकाय, पदाधिकारी तथा सरोकारवाला पक्षहरु सबैलाई केही न केही रुपमा भए पनि सघाउ पुग्नेछ भन्ने अपेक्षा राखिएको छ । राय परामर्श भन्ने बिषय निरन्तर आवश्यक परिरहने हुँदा राय परामर्श माग गर्दा सम्बधित निकायलाई कुन बिषयमा के द्विविधा परेको हो ? भन्ने प्रष्ट भएमा राय परामर्श दिने निकायले समेत प्रष्ट राय दिन सहजता हुने छ । राय परामर्श माग गर्दा भर्नुपर्ने विवरण र ढाँचाको नमूना समेत यस संग्रहमा राखिएको हुँदा राय परामर्श माग गर्दा सो ढाँचालाई पूर्ण रुपमा पालना गरिदिनु हुन सम्बन्धित सबै सार्वजनिक निकायलाई अनुरोध गरिन्छ ।

# बिषय-सूची


| भाग | बिषय | पेज संख्या |
|---|---|---|
| १ | स्थापना काल देखी आ.व. २०६९/७० सम्मका राय परामर्शहरू | १-१२१ |
| २ | आ.व. २०७०/७१ का राय परामर्शहरू | १२२-१५९ |
| ३ | आ.व. २०७१/७२ का राय परामर्शहरू | १६०-१९८ |
| ४ | आ.व. २०७२/७३ का राय परामर्शहरू | १९९-२५० |
| ५. | आ.व. २०७३/७४ का राय परामर्शहरू | २५१-३०५ |
| ६. | आ.व. २०७४/७५ का राय परामर्शहरू | ३०६-३४९ |

**अनुसूचि**

१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय परामर्श माग गर्दा सार्वजनिक निकायहरूले भरी पठाउनु पर्ने विवरणको ढाँचा ३५०

**भाग-१**

# स्थापना काल देखि आ.व. २०६९/७० सम्मका राय परामर्शहरू

## (क) निर्माणकार्य खरिदसंग सम्वन्धित राय परामर्शहरू

**१. राय परामर्श माग गरिएको बिषयः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ (२) मा संझौता मूल्यको १५ प्रतिशत भन्दा बढीको भेरिएशन आदेश जारी गर्नु पर्दा भेरियशन समितिको सिफारिशमा नेपाल सरकार मन्त्रीपरिषद्मा प्रस्ताव पठाउनु पर्ने प्रावधान रहेको हुंदा यस्तो १५ प्रतिशत भन्दा बढीले घटेको ठेक्काको भेरियशनको प्रस्ताव मन्त्रीपरिषद्मा पठाउनु पर्ने वा नपर्ने ?

**राय परामर्शको ब्यहोराः**

"सार्वजनिक खरिद नियमावलीको नियम ११८(२) को उपनियम (१) बमोजिम संझौता मूल्यको १५ प्रतिशत भन्दा बढीको भेरियशन भन्ने शब्द प्रयोग भएको, उपनियम (१) मा थप घटको भेरिएशन आदेश जारी गर्ने कुरा उल्लेख भएकोले भेरिएशन भनेको थप वा घट दुवै हो भन्ने स्पष्ट छ । त्यसैगरी उपनियम (२) मा १५ प्रतिशत भन्दा बढीको भेरिएशन आदेश जारी गर्दा अपनाउनु पर्ने प्रकृयाको बारेमा उल्लेख गर्दा १५ प्रतिशत भन्दा बढी थप रकमको लागि मात्र यो प्रक्रिया सीमित नगरी १५ प्रतिशत भन्दा बढीको भन्ने शब्दले थप तथा घट दुवैको अवस्था देखाउने हुंदा घट्ने कार्य पनि भेरियशन मानिने भएकोले १५ प्रतिशत भन्दा बढी थपघट हुने दुबै अवस्थामा भेरिएसनको प्रस्ताव मन्त्रिपरिषद्बाट निर्णय हुनु पर्ने" ।

**(निर्णय मितिः २०६४।१२।१९)**

**२. राय परामर्श माग गरिएको बिषयः**

मिति २०५८ असारमा कार्यादेश पाएका ठेकेदारद्वय केदार निर्माण सेवा र पहाड ऋङ्खला कँस्ट्रक्सनले काम गर्दा मूल्य वृद्धि भएको कारणले मर्का पर्न गएकोले वृद्धि भएको रकम पाउँ भनी दावी गरेको तर सम्झौतामा मूल्यवृद्धिको प्रावधान नरहेको देखिएकोले मूल्यवृद्धि भएको रकम दिन मिल्ने कि नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन आउनुभन्दा पहिले खरिद सम्झौता भएको र कामको प्रकृति हेर्दा निर्माण सामग्री भन्दा श्रम र उपकरणको उपयोग बढी हुने किसिमको काम देखिएकोले निर्माण सामग्रीको मूल्यसँग प्रत्यक्ष सम्बन्धित देखिएन । निर्माण कार्य सम्पन्न हुन असाधारण लामो अवधिका लागि म्याद थप भएकोले वर्तमान कानूनको म्याद थपसम्बन्धी ब्यवस्थासँग पनि मेल खाएन । यस कार्यालयबाट २०६५।३।५ मा जारी भएको मार्गदर्शन २०६३ पौष मसान्तपछि १५ महिनाभन्दा घटीअवधिका, सम्झौतमा मूल्यवृद्धि सम्बन्धित कुनै ब्यवस्था नभएका सम्झौताहरूको लागि निर्माण सामग्रीको मूल्यमा भएको घटवढको समायोजन प्रयोजनको लागि रहेको ब्यहोरा पुनः स्पष्ट गर्दै यस पत्रका सम्बन्धमा सो मार्गदर्शन लागू नहुने ।

**(निर्णय मितिः २०६५।४।२९)**

**३. राय परामर्श माग गरिएको बिषयः**

सडक बोर्ड नेपालको लगानी रहेको सडक मर्मत सुधारको ठेक्काको सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५४ अनुसार भेरिएसन आदेश सडक बोर्डबाट हुनुपर्ने हो वा निर्माण कार्य गराउने निकाय सार्वजनिक निकाय सडक विभाग वा मातहत रहेकोले नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गराउनुपर्ने हो भन्ने द्विविधा उत्पन्न भएको ।

**राय परामर्शको ब्यहोराः**

"सडक बोर्ड नेपालको लगानीमा सडक विभागबाट संचालन हुने खरिद कार्यवाही सार्वजनिक खरिद ऐन र नियमावली अनुसार हुनुपर्ने ।"

**(निर्णय मितिः २०६५।६।६)**

**४. राय परामर्श माग गरिएको बिषयः**

कोषको लागि आवश्यक पर्ने खरिद, निर्माण, मर्मत तथा सेवाहरू लिनको निमित्त मौजुदा सूची तयार गरिरहनु पर्ने सन्दर्भमा अधिकांश निवेदकले फर्म दर्ता र मु.अ.क. दर्ताको मात्र प्रतिलिपिहरू पेश गरेको अवस्थामा उक्त २ वटा कागजातहरूलाई मात्र मान्यता दिई मौजुदा सूची तयार गर्न मिल्ने वा नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम २ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(२) मा उल्लेख भएको योग्यताका आधारहरू बमोजिम मौजुदा सूचीमा समावेश गर्ने योग्यता निर्धारण गर्नुपर्ने स्पष्ट व्यवस्था भएकोले सो योग्यता नपुगेको फर्महरूलाई मौजुदा सूचीमा समावेश गर्न मिल्ने देखिदैन । कम समयमा सोझै खरिद गर्ने प्रयोजनको लागि यस्तो सूचीको उपयोग गर्ने व्यवस्था भएको (नियम ८५(४)) र सूचीमा समावेश नभएका योग्य फर्महरूलाई पनि बोलपत्र वा प्रस्ताव पेश गर्नबाट बन्चित गर्न नपाइने भएकोले नियम १८(८) अनुसार योग्यता पुगेको फर्महरूको मात्र मौजुदासूची तयार गर्नुपर्ने ।

**(निर्णय मितिः २०६५।७।४)**

**५. राय परामर्श माग गरिएको बिषयः**

झोलुङ्गे पुल निर्माण गर्दा Construction Turnkey Package (CTP) प्रणालीबाट गरिदै आएकोमा ठेकेदारले दररेट उल्लेख गर्दा प्रत्येक काम र सामग्रीको लागि छुट्टा छुट्टै दररेट उल्लेख नगरी सम्पूर्ण पुल निर्माणको लागि एकमुष्ठ रकम उल्लेख गर्ने प्रावधान रहेको छ । यस डिभिजनबाट संचालित ठेक्का पट्टाहरू लम्पसम कन्टाक्ट अन्तरगत पर्न जाने देखिएकोले ऐनको दफा ५५(१) र प्राविधिक मार्गदर्शन नं. १ अनुसार मुल्यवृद्धि समायोजन गर्न मिल्ने हो वा होइन ।

**राय परामर्शको व्यहोराः**

ठेक्का पट्टाहरू Construction Turnkey Package (CTP) गरी एकमुष्ट कार्य सम्पादन अन्तरगत खरिद सम्झौता भएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) को व्यवस्था अनुसारको मूल्य समायोजन गर्ने व्यवस्था आर्कषित नहुने भई ५५(२) को दफा आर्कषित हुने भएकोले सो दफाको प्रावधान अनुसार एकमुष्ट कार्य सम्पादन वा निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नमिल्ने ।

**(निर्णय मितिः २०६५।७।१७)**

**६. राय परामर्श माग गरिएको बिषयः**

भवन निर्माण सम्बन्धमा बोलपत्र आव्हान गरेकोमा प्राप्त बोलपत्रहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ ले व्यवस्था गरे बमोजिम मुल्यांकन समितिले मुल्यांकनको आधारहरू बमोजिम मूल्यांकन गरी कुनैपनि बोलपत्र सारभूत रूपमा प्रभावग्राही नभएको हुँदा अस्वीकृत गर्न सिफारिस गर्ने निर्णय सहितको प्रतिवेदन शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, पर्सामा पेश गरेपछि उक्त कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा १ को (क) बमोजिम बोलपत्र अस्वीकृत गरी पुनः बोलपत्र आव्हान गर्ने निर्णय गरेको पाइएको हुँदा शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, पर्साले सार्वजनिक खरिद ऐन, २०६३ अनुसार उक्त कार्य गर्न सक्ने अधिकार राख्छ वा राख्दैन ।

**राय परामर्शको व्यहोराः**

(१) मूल्यांकन समितिको निर्णय नभई प्रतिवेदनको रूपमा सिफारिस आउनुपर्ने र बोलपत्रमा योग्यताका आधार भनी निर्धारित विषयहरूलाई प्राविधिक प्रस्तावको मूल्यांकन भनिएको हुनाले मूल्यांकन समितिमा व्यवसायिक दक्षताको कमि देखियो ।

(२) कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पठाइएको प्रतिकृयाको बुँदा नं. १ मा उल्लेख गरेको विषय उपयुक्त होइन । खरिद ऐनको दफा २६(१) को व्यवस्था बोलपत्र स्वीकृत गर्नुपुर्व हेरिनु पर्ने विषय भएकोले यस चरणसम्म कसको अधिकार कति भनी विभाजन भएको छैन । बोलपत्र स्वीकृत गर्न सक्ने रकमको सीमासम्म नियमावलीले तोकेको हो । ऐनको दफा २६(१) को अवस्था आइपरेमा सार्वजनिक निकायले बोलपत्र अस्वीकृत गर्ने वा खरिद कारवाही रद्द गर्नसक्ने स्पष्ट उल्लेख भएकोले द्वितीय श्रेणीका कार्यालय प्रमुखले बदर गर्न सक्ने ।

(३) बुँदा नं. ३ मा भनिए जस्तो "पुनः बोलपत्र आव्हान" भनी सूचना प्रकाशित गर्न मिल्दैन । ऐनको दफा २६(५) अनुसार गरेपछि निकालिने सूचना पुनः नभई नयाँ सूचनाकै रूपमा आउन आवश्यक हुन्छ ।

**(निर्णय मितिः २०६५।८।२२)**

**७. राय परामर्श माग गरिएको बिषयः**

कोशी पम्प, चन्द्र नहर सिँचाई व्यवस्थापन डिभिजन नं. २, राजविराज सप्तरीले ज्याला दररेट निर्धारण गर्ने अलग अलग निकाय भएका कारण दैनिक ज्यालादारी कर्मचारीको ज्याला भुक्तान गर्न कठिनाई उत्पन्न भएकोले आवश्यक निर्देशनको लागि राय परामर्श माग भएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७५ को उपदफा २ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि दफा २ को खण्ड (ख) बमोजिमका सार्वजनिक निकायहरूका खरिद सम्बन्धी कानूनी व्यवस्था यो ऐनसँग बाझिएको हदसम्म यस ऐन अनुकुल हुने गरी स्वतः संशोधन भएको मानिने व्यवस्था भएको, आर्थिक प्रशासन सम्बन्धी ऐन, २०५६ को नियम १३० खारेज भई सकेको, स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १८९ को देहाय (झ)१ मा जिल्लास्तरमा श्रमको ज्यालादर एवं मजदुरीको दररेट निर्धारण गर्ने व्यवस्था भएपनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७५ को उपदफा २ ले निस्कृय पारिसकेको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ मा व्यवस्था भएको दररेट निर्धारण समितिले निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गरे अनुसार दररेट लागु हुने ।

**(निर्णय मितिः २०६५।९।२८)**

**८. राय परामर्श माग गरिएको बिषयः**

ठेक्कापट्टा सम्झौता गर्दा र Mobilization पेश्की उपलब्ध गराउंदा बिदेशी बैंकबाट जारी गरिएको बैंक जमानत प्राप्त हुने वा प्रति प्रत्याभूति (Counter Guarantee) आवश्यक पर्ने वा नपर्ने तथा Counter Guarantee प्रति प्रत्याभूति आवश्यक परेको खण्डमा सोमा लाग्ने खर्चको सन्दर्भमा ठेक्कापट्टाको शर्त अनुसार ठेकेदार वा नेपाल सरकार कसले सो खर्च व्यहोर्ने स्पष्ट व्याख्या नभएकोले यस सम्बन्धमा के कसो गर्नु पर्ने हो ? आवश्यक राय सूझाब माग भै आएको ।

**राय परामर्शको व्यहोराः**

(१) कार्य सम्पादन जमानतको मूल उदेश्य आपूर्ति पक्षबाट कार्य सम्पादन हुन नसक्दा खरिदकर्तालाई हुने क्षतिको सुरक्षा दिने रहेकोले खरिदकर्ता यस प्रति प्रत्याभूत हुन आवश्यक हुन्छ र यसैको लागि स्वदेशमा रहेको बैंकबाट प्रति प्रत्याभूति गर्नु पर्ने व्यवस्था भएको हो ।

(२) तहांको उक्त पत्रको सन्दर्भमा उल्लेखित खरिद प्रकृया सार्बजनिक खरिद ऐन २०६३ को दफा ६७ अनुसारको सम्झौता हो, होइन भन्ने बिषयमा स्पष्ट हुनु आवश्यक हुन्छ

(३) यदि खरिद ऐनको दफा ६७ अनुसारको सम्झौता भए त्यस्तो सम्झौता वा मार्गदर्शनमा Performance guarantee सम्बन्धी स्पष्ट व्यवस्था के छ, स्पष्ट हुनु पर्ने, सो भएपनि माथि बुंदा नं.१ मा उल्लेख भएकै सिद्धान्तमा आधारीत हुने हुन्छ ।

(४) यसरी स्पष्ट नखुलेको भए सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११०(५) अनुसार बिदेशी बैंकले जारी गरेको कार्य सम्पादन जमानत नेपालमा स्थापना भएको बाणिज्य बैंकले प्रति प्रत्याभूति (काउन्टर ग्यारेन्टी) गरेको भएमा मात्र मान्य हुनेछ ।

**(निर्णय मितिः २०६५।१०।१३)**

**९. राय परामर्श माग गरिएको बिषयः**

कार्यालयले निर्दिष्ट गरे अनुसारको सम्पूर्ण प्राबिधिक मापदण्ड Lead Partner एक्लैले पुरा गरेको तर JV Partner ले पुरा गर्नु पर्ने २५ प्रतिशत बराबरको Turn over पुरा गर्न नसकेको कारणबाट Lead partner समेत असक्षम हुने स्थिति देखिएकोले प्राबिधिक शर्त पुरा गरेको वा नगरेको स्पष्ट हुन सकिएन ।

**राय परामर्शको व्यहोराः**

कार्यालयले निर्दिष्ट गरे अनुसारको सम्पूर्ण प्राबिधिक मापदण्ड Lead partner एक्लैले पुरा गर्ने भए JV को आवश्यकता नै देखिंदैन । अनुभव, नगद प्रबाह, जनशक्ति, उपकरण एउटै बोलपत्रदाताबाट नपुग्ने अवस्थामा JV साझेदारहरूको जोडेर संयुक्त रूपमा पुऱ्याउनका लागि नै JV सम्झौता गरी बोलपत्रदाताहरू सहभागी हुन आउँदछन । JV मा सहभागी सबै साझेदारहरू संयुक्त र एकल रूपमा पनि कार्य सम्पादन प्रति उत्तरदायी हुनु पर्ने हुनाले मुख्य साझेदारको सक्षमता मात्र JV मा पर्याप्त हुंदैन । त्यसकारण खरिद नियमावली २०६४ को नियम २८(२) अनुसार सार्वजनिक निकायले साझेदारको हिस्सा बोलपत्र सम्बन्धी कागजातमा तोक्न सक्ने हुनाले एक पटक बोलपत्र सम्बन्धी कागजात [ITB4.4(e)] मा हिस्सा निर्धारण गरी पठाई सकेपछि सोही अनुसार योग्यता पुगे नपुगेको एकिन गर्नु पर्ने ।

**(निर्णय मितिः २०६५।१०।२४)**

**१०. राय परामर्श माग गरिएको बिषयः**

(१) रु. ३५ (पैंतिस) लाख सम्म कुल लागत अनुमान भएको मूल परियोजनाको कार्य संचालन मात्र उपभोक्ता समितिबाट गराउन सकिने हो वा परियोजना लागत करोडौंको भएको तर स्वीकृत एक बर्षको कार्यक्रम रु. ३५ (पैंतिस) लाख सम्मको भएको सो रु. ३५ (पैंतिस) लाख सम्म कार्य समितिबाट गराउन सकिने हो ?

(२) कुनै खास परियोजनाको कुल लागत अनुमान करोडौंको भएको तर १ बर्षको स्वीकृत कार्यक्रम रु. ३५ (पैंतिस) लाख भन्दा बढी भएकोमा सो एक बर्षको कार्यक्रमलाई पनि स्कीम वाइज टुक्रा टुक्रा पारी प्रत्येक स्कीमलाई रु. ३५ (पैंतिस) लाख भित्र पारी छुट्टाछुट्टै समितिबाट गराउन सकिने हो ?

(३) परियोजनाको कुल लागत अनुमान करोडौंको भएको तर एक वर्षको स्वीकृत कार्यक्रम रु. ३५ (पैंतिस) लाख भन्दा बढी भएकोमा पाइप फिटिङ्गस आदि सामाग्री खरिद गरी बाँकी रहेको रु. ३५ (पैंतिस) लाख सम्मको कार्य उपभोक्ता समितिबाट गराउन सकिने हो ?

**राय परामर्शको ब्यहोराः**

सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) मा सिमा तोकिएको रकमसम्म लागत अनुमान भएको निर्माण तर्फ वा सो सम्बन्धी सेवाउपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने ब्यवस्था छ । नियम ९ (१) अनुसार लागत अनुमान तयार गर्दा बिचार गर्नु पर्ने कुराहरूका सम्बन्धमा उल्लेख भएको छ । त्यसै गरी नियम १०(७) अनुसारको अनुसूची १ मा लागत अनुमान निकाल्ने तरिका उल्लेख भएको छ । यस अनुसार आईटमको कूल जम्मा दररेट निकाले पछी बोलपत्रदाताको ओभरहेड जोड्ने भनिएको छ । ओभरहेड वापतको रकम जोडेर आएको लागत अनुमानमा बजेट प्रयोजनको लागि कन्टीन्जेन्सी तथा मू.अ.कर थप गरी लागत अनुमान तयार गर्नु पर्ने कुरा उल्लेख भएको छ । तर उपभोक्ता समितिलाई ओभरहेड तथा मू.अ.कर भूक्तानी दिनु नपर्ने भएकाले लागत अनुमानमा यस्तो रकम समाबेश गरे पनि कूल लागत अनुमान रकमको आधारमा नियमको सिमा बमोजिम उपभोक्ता समितिबाट काम गराउन सकिने देखिन्छ । कूल लागत अनुमानले निर्माण कार्यको प्याकेज भित्र श्रम, सामाग्री आदि भएपनि कूल रकम ३५ लाख भित्र हुनु पर्ने भएको र सो कार्यको लागि उपभोक्ता समितिबाट काम गराउन प्राथमिकता दिन सकिने तर उपभोक्ता समितिकै लागि भनी टुक्रा टुक्रा गर्न मिल्दैन ।

**(निर्णय मितिः २०६५।११।९)**

**११. राय परामर्श माग गरिएको बिषयः**

समयमा साइट उपलब्ध गराउन नसकेको कारणबाट म्याद थप गरेको १५ महिनाभन्दा कम अवधिको राष्ट्रियस्तरको बोलपत्रमा ऐनको दफा ५५(१) को प्रतिबन्धात्मक अनुच्छेद अनुसार मूल्य समायोजन गर्न सकिने नसकिने ।

**राय परामर्शको ब्यहोराः**

कानून अनुसार म्याद थप गर्नुपर्ने आधार पुरा भई म्याद थप भएको अवस्थामा यसरी म्याद थप गरेपछिको जोखिम खरिदकर्तामा जाने हुन्छ । म्याद थप गर्नुपर्ने उपयुक्त कारण वेगर समयमा काम सम्पन्न नगरेको अवस्थामा निर्माण ब्यवसायीले पूर्व निर्धारित क्षति ब्यहोर्नुपर्ने हुन्छ भने खरिदकर्ताले समयमा साइट उपलब्ध गराउन नसकेको अवस्था भनेको आफुले क्षतिपूर्ति गर्नुपर्ने घटना (Compensating Event) हुन जान्छ । यस्तो क्षतिपूर्ति गर्नुपर्ने घटनाको अवस्थामा निर्माण ब्यवसायीलाई लाग्ने अतिरिक्त खर्च सार्वजनिक निकायले ब्यहोर्नुपर्ने हुन्छ । अर्थात् यस्तो अवस्थामा यस कार्यालयबाट जारी भएको मार्ग दर्शन -१ अनुसार मूल्य समायोजन गर्न सकिने देखिन्छ ।

यसको साथै खरिद नियमावलीको नियम ६(३) अनुसार सिार्वजनिक निकायले निर्माणस्थलको ब्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही शुरु गर्नुहुँदैन भन्ने ब्यवस्था रहेको हुँदा सोलाई समेत मध्यनजर राखी निर्णय हुनुपर्ने ब्यहोरा जानकारी गराइन्छ ।

**(निर्णय मितिः २०६६।२।२५)**

**१२. राय परामर्श माग गरिएको बिषयः**

BOQ मा Insurance of Work भन्ने आइटम राख्न छुट भएकोले बोलपत्रदाताहरूले Insurance को दर उल्लेख नगरेको तर एउटा बोलपत्रदाताले Survey of Cost मा Insurance Cost समावेश गरेकोमा Insurance Cost उल्लेख नगर्ने अन्य बोलपत्रदाताको बोलपत्र Responsive हुने नहुने भनी सोधेको देखियो ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्रसम्बन्धी कागजातको BOQ को आइटम सार्वजनिक निकायबाटै छुट्इएको हुनाले यसको Rate प्राप्त हुने संभावना भएन । यस्तो अवस्थामा एउटा मात्र आइटममा Rate नभरेको भनी बोलपत्रलाई Responsive होइन भन्न मिल्दैन । बोलपत्रको मूल्यांकनमा यसको दर भर्ने बोलपत्रदाताकै उच्चतम दर अनुसार वा यस्तो दर भर्नेहरूको औसत दर अनुसारको रकम मध्ये सार्वजनिक निकायले उपयुक्त मानेको रकम राखी बोलपत्रको तुलना गर्न सकिने हुँदा यसैलाई कारण मानी Responsive होइन भन्न नमिल्ने ब्यहोरा जानकारी दिने निर्णय भएको ब्यहोरा ।

**(निर्णय मितिः २०६६।३।१०)**

**१३. राय परामर्श माग गरिएको बिषयः**

निर्माणधिन काठमाण्डौ जिल्ला अदालत भवनको ठेक्कामा मूल्य समायोजनका आधारहरू स्पष्ट पारी दिन अनुरोध गरी पठाइएको ।

**राय परामर्शको ब्यहोराः**

खरिद सम्झौता गर्दा खरिद नियमावलीको नियम ११९ मा उल्लिखित कुराहरू खुलाउनुपर्नेमा सो नगरिदा समस्या परेको देखियो । यसको समाधानको लागि यस कार्यालयबाट मिति २०६५।१०।१५ देखि लागू हुने गरी जारी भएको बोलपत्र सम्बन्धी कागजातमा मूल्य समायोजन सम्बन्धमा भएको ब्यवस्था तथा नियमावलीको माथि उल्लेखित दफा बमोजिम तहाँको सम्झौतामा उल्लिखित अभिन्न अंगको रूपमा रहने भनी खुलाइएको मूल्य सूचकांकको श्रोतकै आधारमा हुने गरी सम्झौतामा थप गरी खरिद ऐनको दफा ५३ अनुसार गर्नु उपयुक्त हुने ब्यहोरा जानकारी दिने गरी निर्णय भएको ।

**(निर्णय मितिः २०६६।३।१५)**

**१४. राय परामर्श माग गरिएको बिषयः**

ड्रिलिङ्ग गर्नुपर्ने स्थानमा उपभोक्ताहरूबीच ड्रिलिङ्ग गर्न दिने/नदिने भन्ने बिषयमा विवाद उत्पन्न भई निर्माणस्थलमा पुऱ्याई सकिएको ठेकेदारको मेशिन एवं औजारहरू फिर्ता गर्न समेत नदिएकाले महिनौं दिनसम्म ती मेशिन औजारहरू Ideal रहन गएको । सो वापत ठेकेदारबाट हर्जाना माग गरेको र ठेक्का सम्झौतामा यस सम्बन्धी कुनै प्रावधान नराखेको हुँदा माग बमोजिम हर्जाना दिन मिल्ने नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली, २०६४ मा यस किसिमको हर्जानाको बिषयमा स्पष्ट ब्यवस्था भएको नदेखिएको र राय माग गर्दा समेत सम्बन्धीत ऐन, नियमको कुन दफा वा नियम बमोजिम राय माग भएको हो, सो ब्यहोरा नखुलेकोले यस्तो परिस्थितिमा खरिद सम्झौता भएपछि सम्झौताको कार्यान्वयन चरणमा हुने कुराहरू सम्झौताको "विवाद समाधान सम्बन्धी ब्यवस्था" बमोजिमको प्रावधान अनुसार हुने हुँदा यस कार्यालयबाट राय दिन आवश्यक नहुने ।

**(निर्णय मितिः २०६६/५/२१)**

**१५. राय परामर्श माग गरिएको बिषयः**

जे.भी वाट पेश भएका कागजातहरूमा एक निर्माण सेवाको स्थायी लेखा नं. ३०००९३४३९ बाट एउटै मिति र च.नं. मा फरक-फरक कारोवार देखाई कर दाखिला गरेको कागजात पेश गरेकोमा आन्तरिक राजश्व कार्यालयबाट एउटा मात्र कारोवार भएको प्रमाणित हुन आएको र करको विवरण झुठा पेश गरेको देखिएकोले उक्त बोलपत्रलाई मुल्यांकनमा समावेश गर्न मिल्ने वा नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(क), सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२)(घ) मा उल्लेख भएका ग्राह्यता सम्बन्धी कागजात पेश गर्नु पर्ने अनिवार्यता रहेकोमा यस्तो अनिवार्य प्रमाणलाई झुठा तथा बंग्याई पेश गरेको अवस्थामा उक्त बोलपत्रलाई मुल्यांकनमा समावेश गर्न नमिल्ने । **(निर्णय मितिः २०६६/५/२३)**

**१६. राय परामर्श माग गरिएको बिषयः**

DRP छुटलाई आधार लिई बोलपत्र मुल्यांकन गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र सम्बन्धी कागजातमा अन्यथा उल्लेख भएकोमा बाहेक DRP छुटलाई आधार लिई बोलपत्र मुल्यांकन गर्न नमिल्ने ।

**(निर्णय मितिः २०६७/२/५)**

**१७. राय परामर्श माग गरिएको बिषयः**

भेरिएशन माग भएको सम्बन्धमा भेरिएशन दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

प्राप्त फायल संलग्न कागजातहरूबाट भेरिएशन माग भएको कार्य मिति २०६१/२/२२ गते सम्पन्न भएको देखिँदा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ लागू हुनु पूर्व कार्य सम्पन्न भएको देखिएकोले यस सम्बन्धमा राय परामर्श दिनु उपयुक्त नहुने ।

**(निर्णय मितिः २०६७/३/२१)**

**१८. राय परामर्श माग गरिएको बिषयः**

सार्वजनिक खरिद अनुगमन कार्यालयको प्राविधिक मार्गदर्शन १, २०६५ असार मसान्तसम्मको अवधिमा सम्झौता भई सो पछि कार्य सम्पन्न भएको निर्माण कार्यहरूमा वा २०६५ असार मसान्तभित्र कार्य सम्पन्न भै सकेको निर्माण कार्यको हकमा मात्र आकर्षित हुने हो ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद अनुगमन कार्यालयबाट २०६५/३/५ गते जारी भएको प्राविधिक मार्गदर्शन नं. १ मिति २०६५ असार मसान्तभित्र सम्झौता भै त्यसपछि कार्य सम्पन्न भएको निर्माण कार्यमा आकर्षित हुने ।

**(निर्णय मितिः २०६७/३/२७)**

**१९. राय परामर्श माग गरिएको बिषयः**

क) पेश हुन आएको प्रस्तावहरूको कबोल अंक आयोजनाको स्वीकृत लागत अनुमानभन्दा बढी रहेको अवस्थामा संयुक्त मुल्यांकन पश्चात सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदातासँग वार्ता गरी असफल भएपछि दोस्रो सबैभन्दा बढी अंक ल्याउने प्रस्तावदातासँग वार्ता गर्न सकिने वा नसकिने ।

ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३६ (१) (ख) मा प्रयुक्त लागत अनुमान र उपलब्ध बजेटभन्दा छनौट भएको प्रस्तावदाताको लागत सारभूत रूपमा बढी भएमा भन्ने प्रावधानले कतिसम्म सीमांकन गर्न युक्तिसंगत र औचित्यपूर्ण हुन्छ ।

**राय परामर्शको ब्यहोराः**

(१) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३७ को सम्बन्धमा :- हाइड्रोपावर लिमिटेडले परामर्श सेवा खरिद गर्न ४ (चार) विधिमध्ये गुणस्तर र लागत विधि बमोजिम छनौट भएको प्रस्तावदातासँग ऐनको दफा ३७ (१) र (२) बमोजिम वार्ता गर्दा दुवैलाई स्वीकार्य हुने सहमति हुन नसकेमा ऐनको दफा ३७ (३) बमोजिम त्यसपछिको उच्चतम अंक प्राप्त गर्ने प्रस्तावदातासँग वार्ता गर्ने सम्बन्धमा निम्न लिखित कुराहरूलाई ध्यान पुऱ्याई निर्णय गर्न उपयुक्त हुने :-

(१) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३५ (१) बमोजिम छनौट भएको प्रस्तावदातासँग वार्ता गर्दा "प्रस्ताव माग गर्ने सम्बन्धी कागजात (Request for Proposal) तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३७ (१) र (२) ले गरेको ब्यवस्था प्रतिकुल नहुने गरी वार्ता गर्नु पर्ने । वार्ताको विषय कार्य क्षेत्रगत र प्रस्तावित सेवाको कार्यक्षेत्र ( TOR and Methodology), प्रगति प्रतिवेदन, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने सुविधा तथा शोध भर्ना हुने प्रकृतिका खर्चहरू मात्र हुन सक्ने । वार्ताबाट Original TOR वा सम्झौताका शर्तहरू (Terms of Contract) लाई रूपमा फेरबदल गर्न, गुणस्तर घटाउन तथा प्रस्तावदाताको प्रस्ताव छनौट गर्दा गरिएको मुल्यांकनको सान्दर्भिकतालाई असर पुऱ्याउन नहुने ।

(२) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३७ (३) बमोजिम दोस्रो उच्चतम अंक प्राप्त गर्ने प्रस्तावदातासँग वार्ता गर्दा समेत माथि बुँदा नं.(१) बमोजिम वार्ता गर्नुपर्ने । दोस्रोसँग वार्ता गर्ने आधार पहिलोसँगको आधारभन्दा भिन्न हुन नहुने ।

(३) प्रस्ताव खोलेको समयदेखि स्वीकृतिको सूचना नदिँदासम्मको अवधिमा कुनै प्रस्तावदाताले प्रस्तावको मुल्यांकनमा कुनै किसिमले प्रभाव पर्ने कार्य गर्न नहुने हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ (२) को (छ) को व्यवस्था बमोजिम आवश्यक कारवाही गर्नु पर्ने ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३६ (१) (ख) को सम्बन्धमा :- सार्वजनिक निकायले लागत अनुमान र उपलब्ध बजेटभन्दा छनौट भएको प्रस्तावदाताको लागत सारभूत रूपमा बढी छ, छैन निर्णय गर्दा सार्वजनिक निकायले गरेको लागत अनुमान ठीक छ, छैन विश्लेषण गर्नु पर्ने हुन्छ । सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा विविध पक्षहरूको विश्लेषण गरी यथार्थ परक ढंगले लागत अनुमान तयार गरेको कारणले वास्तविक रूपमा कायम गर्नु पर्ने लागतभन्दा बढी वा घटी हुन गई प्रस्तावदाताले कार्य क्षेत्रगत र प्रस्तावित सेवाको कार्य क्षेत्रको राम्ररी अध्ययन विश्लेषण नगरी आफ्नो लागत उल्लेख गरेको कारण लागत अनुमानभन्दा प्रस्तावदाताको लागत घटी वा बढी हुन गएको हो, निक्यौंल गर्नुपर्ने हुन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३६ (१) (ख) को अभिप्राय छनौट भएको प्रस्तावदाताको लागत सार्वजनिक निकायले गरेको लागत अनुमान भन्दा बढी भए तापनि यथार्थपरक ढंगले लागत अनुमान तयार नभएको कारणले मात्र बढी भएको, लागत अनुमानको सोही परिमाण तथा लागतमा पुनः प्रस्ताव आव्हान गर्दा कार्य हुन नसक्ने हुँदा लागत अनुमान संशोधन गरी नयाँ लागत अनुमान तयार भएको अवस्थामा हालको प्रस्तावदाताको लागत बढी नहुने देखिएमा यस अवस्थालाई लागत अनुमानभन्दा सारभूत रूपमा बढी नभएको मान्न सकिने हुँदा लागत अनुमानभन्दा बढी भए नभएको विश्लेषण गरी निर्णयकर्ताले पुष्ट्याईका साथ निर्णय गर्न सक्ने ।

**(निर्णय मितिः २०६७/३/३१)**

**२०. राय परामर्श माग गरिएको बिषयः**

ठेक्का सम्झौता तोडिसकेपछि धरौटी रकम कट्टा गर्ने, जरिवाना गर्ने र त्रुटी सच्याउन लगाउने कार्य गराई सकेपछि निज कम्पनीलाई भुक्तानी दिन बाँकी रहेमा भुक्तानी दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

निर्देशन माग भएका बिषयहरू सम्झौता कार्यान्वयनको सिलसिलामा गरिने कार्यहरू भएको । सम्झौता कार्यान्वयन गर्न पक्षहरू आफै सक्षम हुने । यसका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको निर्देशन आवश्यक नहुने र ठेक्का तोड्ने र त्यसपछिका कार्यबिधिहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा उल्लेख भएको हुनाले सो व्यवस्था अनुसार यी कार्यहरू सम्बन्धीत सार्वजनिक निकाय स्वयंले गर्ने ।

**(निर्णय मितिः २०६७।५।२१)**

**२१. राय परामर्श माग गरिएको बिषयः**

सडक सुधार तथा बाउण्ड्री वाल निर्माण गर्न मिति २०६४/११/१३ मा सम्झौता भएको थियो । निर्माण कार्य गर्ने निर्माण व्यवसायीलाई कार्यस्थल पूर्ण रूपमा उपलब्ध गराउन नसकिएको र काममा ढिलाई भएकोले ठेक्का अवधि थप गरिएकोमा हाल मुल्य समायोजन माग भएको छ । माग भए बमोजिम मुल्य समायोजन दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

यस विषयमा यस कार्यालयबाट मिति २०६५।३।५ मा जारी गरिएको प्राविधिक मार्ग दर्शन नं. १ आकर्षित हुने ।

**(निर्णय मितिः २०६७।७।२८)**

**२२. राय परामर्श माग गरिएको बिषयः**

पेश हुन आएका बोलपत्रहरू मध्ये कबोल अंक न्यूनतम देखिएका क्रमशः छ बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातको शर्तहरू र ऐनमा व्यवस्था भएको आधार समेत पुरा नगरेको र सातौं स्थानमा रहेको बोलपत्रदाताले पेश गरेको बोलपत्र, बोलपत्र सम्बन्धी कागजात अनुरुप सारभूतरूपमा प्रभावग्राही न्यूनतम मुल्यांकित बोलपत्र भएकोले यस्तो बोलपत्र स्वीकृत गर्न सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ दफा २३ बमोजिम परीक्षणको आधार पुरा गरी ऐ. ऐनको दफा २५ को उपदफा (५) बमोजिम मुल्यांकन गर्दा न्युनतम बोल अंक भएको बोलपत्र स्वीकृत हुनु पर्ने ।

**(निर्णय मितिः २०६७।८।५)**

**२३. राय परामर्श माग गरिएको बिषयः**

ड्रेन निर्माण कार्य गर्न मिति २०५८।२।५ मा खरिद सम्झौता भएको थियो । शान्ति सुरक्षाको ब्यवस्था नहुदा निर्माण कार्य सम्पन्न हुन सकेन । कामदारहरूको समेत द्वन्दमा हत्या भएको र कार्यस्थलमा पुर्‍याईएका मालसामान समेत सबै खेर गएको । निर्माण ब्यवसायीको माग बमोजिम ठेक्का फाइनल गरिएको । सम्झौतामा The risk of damage to the works plant, materials and equipment to the extent that it is due to the fault of the employer or in the employer's design or due to war or radio active contaminaton directly affecting the country where the works are to be executed भनी उल्लेख भएकोले ठेकेदारको सामानहरू नष्ट हुनु employer's risk हुने/नहुने ।

**राय परामर्शको ब्यहोराः**

पत्रमा उल्लिखित विषयबस्तु सार्वजनिक खरिद ऐन, २०६३ कार्यान्वयनमा आउनु पूर्वको भन्ने देखिएकोले तत्काल प्रचलित आर्थिक प्रशासनसँग सम्बन्धित ऐन, कानूनका प्रावधानहरू अनुरुप हुने र यस कार्यालयको राय प्रदान गर्ने क्षेत्राधिकारभित्र नपर्ने । **(निर्णय मितिः २०६७।८।२०)**

**२४. राय परामर्श माग गरिएको बिषयः**

निर्माण सेवा (कम्पनी) को नाममा जारी भएको स्थायी लेखा नं. दर्ता प्रमाणपत्रमा खाद्यान्न सामाग्री आपूर्ती खरिद बिक्रि र सप्लायर्स भनी थप गरी निजले खाद्यान्न सामाग्री आपूर्ती सम्बन्धी कारोबार गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

PAN दर्ता प्रमाण पत्रमा निर्माण सेवाको नाम र वाणिज्य कार्यालय नेपालगञ्जको च.नं. २९०, मिति २०६५।७।६ गतेको पत्रको आधारमा अतिरिक्त कारोबारहरू भनी सप्लायर्सको नाम समाबेश गरी थप कारोबारको विवरणमा खाद्यान्न सामाग्री खरिद बिक्रि र सप्लाई थप गरिएको देखिएको र PAN दर्ता प्रमाण पत्र एउटै भएकोले सो प्रमाण पत्रमा थप कारोबार उल्लेख गरिएकोमा सो थप गरिएको कारोबार गर्न मिल्ने ।

**(निर्णय मितिः २०६७।८।२३)**

**२५. राय परामर्श माग गरिएको बिषयः**

वोलपत्रदाताले वोलपत्रसाथ पेश गरेको कागजातमा Country of Origin को महलमा Nepal उल्लेख भएको आधारमा निजलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १७ वमोजिम नेपाली उद्योगको रूपमा ग्राहयता दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

विदेशी मालसमानभन्दा नेपालमा उत्पादित मालसमान दश प्रतिशत महंगो भए तापनि नेपाली मालसमान सार्वजनिक निकायले खरिद गर्नुपर्ने तथा खरिद गरिने मालसमान नेपालमा उत्पादित भएको भन्ने पुष्टि गर्ने कागजात आवश्यक हुने हुँदा आपूर्तीकर्ताले सम्बन्धित निकायले नेपालमा उत्पादित वस्तु हो भनी प्रदान गरेको प्रमाण-पत्र (Country of Origin Cetrificate) बोलपत्रसाथ पेश गर्नुपर्ने र सो कुरा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख हुनुपर्ने ।

**(निर्णय मितिः २०६७।११।२३)**

**२६. राय परामर्श माग गरिएको बिषयः**

वोलपत्र सम्बन्धी कागजात खरिद गर्दा Joint Venture Agreement र Power Of Attorney संगै राखी निवेदन दिईएकोमा वोलत्रपसाथ ती कागजात संलग्न नभएकोले यस्तो वोलपत्रलाई सारभूतरूपमा प्रभावग्राही मान्न सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र सम्बन्धी कागजात खरिदका लागि दिएको निबेदनसाथ Joint Venture Agreement र Power of Attorney पेश भएकोमा सिलबन्दी बोलपत्रसाथ ती कागजात पेश नभए पनि उक्त बोलपत्र सारभूतरूपमा प्रभावग्राही बोलपत्रको रूपमा मान्यता दिन उपयुक्त हुने ।

**(निर्णय मितिः २०६७।११।२९)**

**२७. राय परामर्श माग गरिएको बिषयः**

वोलपत्रदाताले वोलपत्र फाराममा उल्लेख भए अनुसारको टर्न ओभर, प्राविधिक जनशक्तिको विवरण वोलपत्रसाथ पेश नगरेकोमा उक्त कागजातहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(४) वमोजिम माग गरी वोलपत्र परिक्षण तथा मुल्याङ्कनमा समावेश गर्न मिल्ने ⁄ नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्रदाताबाट सिलबन्दी बोलपत्रसाथ पेश नभएका नपुग कागजातहरू माग गरी पुनः मुल्यांकनमा समावेश गर्न नहुने ।

**(निर्णय मितिः २०६७।१२।९)**

**२८. राय परामर्श माग गरिएको बिषयः**

निर्माण कार्य गर्न सम्झौता भैसकेपछि निमार्णस्थल उपलब्ध गराउन नसकिएको हुँदा कार्य प्रकृति मिल्ने अर्को स्थलमा त्यही प्रकृतीको कार्य गराउन सकिने ⁄ नसकिने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ बमोजिम कामको आधारभूत प्रकृती वा क्षेत्र परिवर्तन हुने गरी खरिद सम्झौतामा संशोधन गर्न नसकिने ।**(निर्णय मितिः २०६८।२।२)**

**२९. राय परामर्श माग गरिएको बिषयः मुल्यांकनका आधार सम्बन्धमा ।**

Participation as prime contractor, management contractor, or subcontractor, in at least two (2) contract within the last ten (10) years, each with a value of at least NRS. 23000000.00 (excluding vat). That have been successfully or are substantially completed and that are similar to the proposed words. भनी बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताको अनुभव सम्बन्धमा उल्लेख गरिएकोमा बोलपत्रदाताले रु. २,५१,११,२७७।०६ (भ्याट बाहेक) को ९० प्रतिशत र रु. २,५३,६५,९२८।१५ (भ्याट बाहेक) को ८० प्रतिशत काम सम्पन्न भएको ब्यहोराको पत्रहरू संलग्न गरेकोले सो बोलपत्रलाई successfully or substantially completed भएको भन्न मिल्ने या नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

substantially completed सम्बन्धी विषयको मापन खरिद ऐन तथा नियममा कतै उल्लेख भएको नदेखिएकोले कामको अधिकांश भाग ८० प्रतिशत वा सो भन्दा बढी सम्पन्न भएको अनुभवलाई substantially completed भएको मान्नु उपयुक्त मानी यस सम्बन्धमा यकिन गर्ने कार्य निर्णय गर्ने पदाधिकारी कै हुने ।

**(निर्णय मितिः २०६८।४।२५)**

**३०. राय परामर्श माग गरिएको बिषयः बोलपत्र स्वीकृत गर्ने अधिकारी सम्बन्धमा ।**

अस्पताल हाताभित्र क्यान्सर केन्द्र भवन निर्माणको लागि छनौट भएको बोलपत्र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६७ (१क) बमोजिम एक तहमाथिको अधिकारीबाट स्वीकृत गराउनु पर्ने भएकोले स्वीकृतीको लागि डिन समक्ष पेश गरिएकोमा बोलपत्रको स्वीकृत गर्ने अधिकार त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्लाई मात्र भएको भनी फाइल फिर्ता भएकोले उक्त बोलपत्रको स्वीकृत गर्ने अधिकार कुन निकायमा रहने हो ?

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ बमोजिम खरिद सम्बन्धी सबै कार्य गर्ने गराउने जिम्मेवारी सम्बन्धीत सार्वजनिक निकाय प्रमुखको हुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४, ६७ तथा ८(१)(क) बमोजिम खरिद कार्य स्वीकृत गर्न विभिन्न तहका पदाधिकारीको रकमको हद तोकिएको र तोकिएको हदभन्दा बढीको खरिदको स्वीकृती विभागिय प्रमुखले दिने ब्यवस्था गरिएको छ । साथै सार्वजनिक खरिद ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (ख),(ङ) र (च) बमोजिम खरिद गर्दा

अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायबाट तथा सार्वजनिक खरिद नियमावलीको नियम ११८ बमोजिम पन्ध्र प्रतिशतभन्दा बढीको भेरिएशन आदेश अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायमा प्रस्ताव पेश गर्नु पर्ने ब्यवस्था भएको । सो ब्यवस्था बाहेक खरिद कार्यको स्वीकृतीको लागि विभागीय प्रमुख वा प्रशासकीय प्रमुखभन्दा माथि पेश गर्नु पर्ने ब्यवस्था सार्वजनिक खरिद कानूनले नगरेको ।

**(निर्णय मितिः २०६८।५।२)**

**३१. राय परामर्श माग गरिएको बिषयः भेरिएशन सम्बन्धमा ।**

विभिन्न निर्माण कार्यहरूको रनिङ्ग बनाउँदा सार्वजनिक खरिद ऐन, २०६३ एवं सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ११ को नियम ११८ मा स्पष्ट नभएको हुँदा प्रत्येक आइटमहरू र पुरै Amount को परिमाणमा कति % (प्रतिशत) सम्म Variation गर्न मिल्छ ?

<u>राय परामर्शको ब्यहोराः</u>

भेरीएशनका सम्बन्धमा सार्वजनिक खरिद नियमावलीको नियम ११८ ले भेरीएशन आदेश जारी गर्ने पदाधिकारीको अधिकार किटान गरी १५ प्रतिशतभन्दा बढीको भेरीएशनको लागि मन्त्रीपरिषद्मा प्रस्ताव पेश गर्नु पर्ने ब्यवस्था रहेकोले सोही बमोजिम गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।७।२४)**

**३२. राय परामर्श माग गरिएको बिषयः कर चुक्ताको लागि म्याद थप सम्बन्धमा ।**

वोलपत्र पेश गर्ने वोलपत्रदाताले वोलपत्र साथ २०६७/६८ को करचुक्ता प्रमाण पत्र वा कर विवरण पेश गरेको कागजात वा कर चुक्ताको लागि म्याद थप गरिएको पत्र संलग्न राखी पेश गर्नुपर्ने भनी वोलपत्र सम्बन्धि कागजात संलग्न नगरेको तर मुल्यांकनको समयमा Hard Copy माग गर्दा कर चुक्ताको लागि म्याद थप गरिएको पत्र पेश गरेकोले यस्तो वोलपत्रदातालाई मुल्यांकनमा समावेश गर्ने वा नगर्ने ?

<u>राय परामर्शको ब्यहोराः</u>

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को (ङ) बमोजिम राय परामर्श दिनु पर्ने विषय नभएकोले राय परामर्श दिई रहनु नपर्ने ।

**(निर्णय मितिः २०६८/८/२)**

**३३. राय परामर्श माग गरिएको विषयः बोलपत्र जमानतको मान्य अवधि ।**

एक बोलपत्रदाताले बोलपत्र जमानतको मान्य अवधि १२० दिन हुनु पर्नेमा ३ दिन कम भएकोले अप्रभावग्राही मानी प्रारम्भिक परिक्षणबाट हटाइएको सम्वन्धमा सो बोलपत्रदाताले ३ दिन बोलपत्र जमानतको म्याद बढाउन तयार रहेको भन्दै उक्त बोलपत्र मुल्यांकन सूचीमा राखी मुल्यांकन प्रक्रियामा समावेश गरिदिन अनुरोध गरी निवेदन दिएकाले निजको माग दावी सम्वन्धमा आवश्यक निर्देशन उपलब्ध गराइ दिनु हुन भनी लेखिआएको ।

<u>राय परामर्शको ब्यहोराः</u>

यसमा बोलपत्र जमानतको मान्य अवधि १२० दिनको हुनु पर्नेमा तीन दिन कम भएको बोलपत्रदाताले सो नपुग भएको अवधि म्याद वढाउन तयार भएकोले उक्त बोलपत्र मुल्यांकन सूचीमा राखिदिन माग गरी निवेदन दिएकोले बोलपत्र जमानतको मान्य अवधि कम भएको बोलपत्रलाई मुल्यांकनमा समावेश गर्ने सम्वन्धमा द्बिविधा भएको कारणबाट निर्देशन माग भएको देखियो । बोलपत्र जमानतको सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ग) मा बोलपत्रसाथ जमानत पेश गर्नु पर्ने भए बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिम, अवधि र रकमको जमानत संलग्न भए वा नभएको बोलपत्र मुल्यांकन गर्नु अघि मुल्यांकन समितिले निर्क्योल गर्न बोलपत्रको परीक्षण गर्नु पर्नेछ भनी उल्लेख भएकोले बोलपत्र आव्हान गर्दा नै सार्वजनिक निकायले बोलपत्र जमानतको मान्य अवधि १२० दिन हुनुपर्छ भनी अवधि तोकिसकेको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २० को उपदफा (१) र (२) बमोजिम बोलपत्र जमानतको मान्य अवधि हुने गरी जमानत पेश नभएको अवस्थामा ऐ. ऐनको दफा २४ को खण्ड (घ) बमोजिम हुने स्पष्ट कानूनी ब्यवस्था भएको ।

**(निर्णय मितिः २०६९।१।४)**

**३४. राय परामर्श माग गरिएको विषयः दोस्रो न्यूनतम कवोल गर्ने संग खरिद सम्झौता**

जिल्लामा दुईवटा मोटरेवल पूल निर्माण गर्न बोलपत्र आव्हान भएकोमा स्वीकृत भएको न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता सम्झौता गर्न नआएकोले निजको बोलपत्र जमानत जफत गरी सो भन्दा लगत्तैपछिको अर्को न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (५) बमोजिम स्वीकृत गरी सम्झौता गर्नु पर्नेमा पहिलो न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्र र दोश्रो न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्रको कवोल अंकवीच ठूलो अन्तर रकेकोले वोलपत्र स्वीकृत गर्न द्विविधा भएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (३) मा उपदफा (२) बमोजिमको सूचना दिएको सात दिनको अवधिभित्र कुनै बोलपत्रदाताले दफा ४७ बमोजिम निवेदन गरेमा उपदफा (१) बमोजिम छनौट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजलाई पन्ध्र दिनभित्र खरिद सम्झौता गर्नकोलागि कार्य सम्पादन जमानत दाखिला गर्न सूचना दिनु पर्नेछ भनी उल्लेख भएको र ऐ. उपदफा (५) मा उपदफा (३) को अवधिभित्र कार्य सम्पादन जमानत रकम दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्र जमानत जफत गरी सो भनदा लगत्तै पछिको अर्को न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्नु पर्नेछ भनी उल्लेख भएको परिप्रेक्ष्यमा ऐनको दफा २६ को उपदफा (६) को परिवेशको जानकारी यस कार्यालयलाई नहुने भएकोले सम्वन्धित निकाय स्वयंले कानून बमोजिम विवेकपूर्ण निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६९।१।१३)**

**३५. राय परामर्श माग गरिएको विषयः मालसमानको स्पेशीफिकेशन सम्वन्धमा**

यस कार्यालयबाट आव्हान गरिएको ठेक्का नं. 50/WEED/DRO5-68/69 को लागि Specific Work experience DBST (31000 M2) माग गरिएकोमा एक Contractor बाट Ottaseal को Experience Certificate (68895.86 M2) पेश भएकोले सो बोलपत्र कागजातलाई मुल्यांकनमा समावेश नगरिएकोमा सो बोलपत्रदाताबाट उक्त Certifcate लाई मान्यता दिनु हुन भनी निवेदन पेश हुन आएकोले त्यस्तो माग गरिएको Certificate पेश नगरी अन्य कागजात पेश गर्ने बोलपत्रदाताको निवेदनको आधारमा निजको Certificate लाई मान्यता दिन मिल्ने/नमिल्ने ?

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ को उपदफा (१) मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्वन्धी स्पेशिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नु पर्नेछ भनी उल्लेख भई ऐ. उपदफा (२) मा उपदफा (१) बमोजिमको विवरण तयार गर्दा त्यस्ता मालसामान, निर्माण कार्य वा सेवाको सम्वद्ध बस्तुगत प्राविधिक तथा गुणस्तरजन्य विशेषता र कायमा आधारमा तयार गर्नु पर्नेछ भन्ने उल्लेख भएकोले सम्वन्धित सार्वजनिक निकायलाई के कस्तो वस्तु आवश्यकता छ र सो वस्तु खरिद गर्न कस्तो योग्यता भएको व्यवसायीले गर्न सक्छ भन्ने कुरा स्वयंले जानकारी राख्ने विषय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ एवं ऐ. नियमावली, २०६४ बमोजिम आफ्नो आवश्यकता परिपूर्ति हुने गरी योग्यताको आधार समेत आफैले निर्धारण गरि सकेको अवस्थामा आफ्नो आवश्यकता परिपूर्ति हुने गरी सूचना बमोजिम बोलपत्र पेश हुन आए नआएको आफैले यकिन गरी प्रस्तुत बिषयमा आफैले निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६९।१।२५)**

**३६. राय परामर्श माग गरिएको विषयः बोलपत्र पेश गर्ने अन्तिम दिन विदा परेमा**

सूचना प्रकाशन गर्दा ई. सवमिसन र हार्डकपी सवमिसन पेश गर्ने मिति २०६८।१२।४ भनी उल्लेख भएकोमा सो दिन शनिवार पर्न गएकोले हार्डकपी सवमिसन गर्ने समय र मिति २०६८।१२।५ गते १२ः०० बजेसम्म हुन गएको हुँदा यस्मा के कसो गर्न उपयुक्त हुन्छ ?

**राय परामर्शको व्यहोराः**

यसमा ई. सवमिसन र हार्डकपी पेश गर्न सकिने भनी किटान गरेको अवस्थामा विदाको दिन भए पनि अन्तिम दिन पर्न आए यसलाई अन्तिम दिन मान्नु पर्ने हुन्छ, तर मिति २०६८।१२।४ मा शनिवार पर्न गई ई. सवमिसन र हार्डकपी पेश गर्ने समय र

मिति २०६८।१२।५ हुन गएको भन्ने प्राप्त पत्रमा उल्लेख भएकोले केही पनि उल्लेख नभएको अवस्थामा प्रचलनलाई पनि दृष्टिगत गरी निर्णय गर्न सक्ने विषय भएकोले थप राय दिइरहनु परेन । (निर्णय मितिः २०६९।१।२५)

**३७. राय परामर्श माग गरिएको विषयः कन्टिन्जेन्सी प्रतिशत**

भारतीय राजदुतावासमा भवन निर्माण सम्वन्धी लागत अनुमानको प्रस्ताव पेश गर्दा कन्टिन्जेन्सी ५ प्रतिशत भन्ने कुरालाई आधिकारिक रूपमा माग गरेकोले कन्टिन्जेन्सी प्रतिशत खुलाई पठाई दिनु हुन भनी लेखी आएको ।

**राय परामर्शको व्यहोराः**

यसमा सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान निकाल्ने तरिका उल्लेख भई कन्टिन्जेन्सी कति प्रतिशत राख्ने भन्ने समेत स्पष्ट व्यवस्था भएको देखिदा थप राय परामर्श दिइरहनु नपर्ने ।

**(निर्णय मितिः २०६९।२।१२)**

**३८. राय परामर्श माग गरिएको विषयः बोलपत्र पेश गर्ने अवधी**

जिल्ला निर्वाचन कार्यालय मोरङ्गको भवन निर्माणका लागि बोलपत्र आब्हान भएकोमा निर्माण व्यवसायी संघ मोरङ्गले देशमा भैरहेको वन्द, हड्तालका कारण बोलपत्र खरिद र दर्ता गर्ने समय केही दिन वढाई दिनुहुन भनी पत्र पेश गरेको हुनाले सो समय वढाउने सम्वन्धमा राय परामर्शको लागि लेखि आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (४) मा राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आब्हानको सूचनाको हकमा कम्तिमा ३० दिनको अवधि दिनुपर्ने प्रावधान रहेको हुनाले सो भन्दा वढी समय दिनु पर्ने आवश्यकता देखिएमा सार्वजनिक निकाय आफैले यस सम्वन्धमा निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६९।२।२१)**

**३९. राय परामर्श माग गरिएको विषयः बोलपत्र मिलेमतो**

त्रिभुवन अन्तराष्ट्रिय विमानथस्लको धावनमार्ग, ट्याक्सी वे तथा एप्रोन क्षेत्रको मर्मत संभारका लागि Heavy Equipment हरू खरिद सम्वन्धी पहिलो पटक आब्हान गरेको बोलपत्रमा सहभागि ३ वटा बोलपत्रदाताहरूले सहभागी भएकोमा सबैको प्रस्तावको BOQ मा एउटै व्यक्तिको हस्ताक्षर भएकोले मिलेमतो भएको ठहर गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले बोलपत्र रद्दगरी दोस्रो पटक बोलपत्र आब्हान गर्दा पूर्व सूचना बमोजिमको खरिद कार्यमा मिलेमतोमा संलग्न बोलपत्रदाताहरू मध्येबाट नै बोलपत्र पेश गरेकोले स्वीकृत गर्न मिल्ने नमिल्ने ?

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐनको दफा ६२ को उपदफा २ (च) अनुसार बोलपत्रदाताहरू वा प्रस्तावदाताहरूवीच खरिद सम्वन्धी काम वाँडफाँड गर्ने वा बोलपत्र वा प्रस्तावको मुल्य कृतिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभाबाट वञ्चित गर्ने उद्देश्यले बोलपत्र वा प्रस्ताव पेश गर्नु भन्दा अघि वा पछि मिलेमतो गर्न वा गुटवन्दीमा संलग्न हुन नहुने भनी आचरण सम्वन्धी प्रावधान रहेको रयसरी आचरण विपरित काम गरेको प्रमाणित भएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा १ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ मा कार्यको गाम्भीर्यताको आधारमा त्यस्ता बोलपत्रदातालाई कालो सूचिमा राख्न सकिने र प्रक्रियाबारे कानुनी व्यवस्था रहेको देखिन्छ ।

यसमा सार्वजनिक खरिद ऐन/नियमावलीको कुन दफा/नियमका सम्वन्धमा राय परामर्श माग भएको हो, सो समेत स्पष्ट उल्लेख नभएको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (२) मा सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो कार्यालय बाहेक अन्य सार्वजनिक निकायले गरेको खरिद प्रक्रियमा कुनै किसिमले संलग्न हुने वा तत्सम्वन्धमा उत्पन्न कुनै विववाद समाधान गर्ने छैन भनी उल्लेख भएकोले बोलपत्र स्वीकृती गर्न मिल्ने/नमिल्ने विषयमा राय परामर्श दिदा ऐ. दफा ६५ (२) प्रतिकुल हुने देखिदा यस विषयमा सम्वन्धित सार्वजनिक निकाय आफैले निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६९।२।२३)**

**४०. राय परामर्श माग गरिएको विषयः**

निर्माणाधिन सपिङ्ग कम्प्लेक्स कम अफिस भवन निर्माण गर्दा ठेकेदारले परामर्शदाताको सिफारिस मार्फत दावी गरेको मूल्य समायोजन रकम निकाल्दा प्रयोग गरिएको सुत्र ठिक भए/नभएको ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

यस सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ (२) को खण्ड (ख) मा सार्वजनिक निकायले खरिद सम्झौतामा मूल्य समायोजनको अवस्था उल्लेख गर्दा मूल्य समायोजन निर्धारण गर्ने सूत्र खरिद सम्झौतामा नै उल्लेख गर्नु पर्ने प्रावधान रहेको तर राय माग गरेको पत्रका साथ संलग्न गरिएको खरिद सम्झौतामा कुनै पनि सूत्र उल्लेख गरेको नपाइएकोहुँदा यस्तो अवस्थामा राय परामर्श दिन कानूनीरुपले सहज नभएको । **(निर्णय मितिः २०६९।३।२१)**

**४१. राय परामर्श माग गरिएको विषयः**

क्षेत्रीय प्रशासकको आवास भवन निर्माण कार्यको लागि कम्तिमा ५ वर्ष अनुभव भएको योग्यता माग गरिएकोमा प्राप्त बोलपत्रदाताहरू मध्ये श्री पशुपती/सुर्य जे.भी. कागजातमा श्री पशुपती निर्माण सेवा प्रा.ली. को २०५५ सालमा कम्पनी रजिस्टारको कार्यालयमा दर्ता भएको प्रमाणपत्र र २०६५।१०।०२ मा प्राप्त गरेको 'क' वर्गको ईजाजत पत्र पेश भएको र श्री सुर्य कन्सट्रक्सन फर्मको २०५६ सालमा घरेलु तथा साना उद्योगमा दर्ता भएको प्रमाणपत्र र २०६८।७।२४ मा प्राप्त गरेको 'क' वर्गको इजाजत पत्र पेश भएको साथै उपरोक्त ब्यवसायीहरूले ५ वर्षभन्दा अघि देखि कै निर्माण कार्य गरेको Audit Report र Experience Certificate समेत पेश गरेको हुनाले उल्लेखित विवरणलाई आधार वनाएर ५ वर्ष अनुभव भएको मान्न सकिन/नसकिने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ मा निर्माण ब्यवसायीको योग्यताको आधार सार्वजनिक निकायले निर्धारण गर्न सक्नेछ भनी उल्लेख भएकोले सो आधार पुरा गरे नगरेको सम्वन्धमा सार्वजनिक निकाय आफैले बोलपत्र सम्वन्धी कागजातमा उल्लेख गरेको प्रावधानको आधारमा निर्क्यौल गर्न सक्ने भएकोले यस्मा राय परामर्शको आवश्यकता भएको देखिदैन ।

**४२. राय परामर्श माग गरिएको विषयः**

मिति २०६८।११।१२ मा आब्हान गरिएको निर्माण सम्वन्धी कार्यको बोलपत्रमा दर्ता भएका बोलपत्रहरू मध्ये एक मात्र बोलपत्रदाता (संयुक्त उपक्रम) सारभूत रूपमा प्रभावग्राही भई छनौट भएको र ७ दिनको आशय पत्र जारी गरी सो पश्चात उक्त बोलपत्रदातालाई २०६९।२।२ मा १५ दिन भित्रमा कार्य सम्पादन जमानत र स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता गरी सो को प्रमाण पत्र सहित सम्झौता गर्न आउन सूचना गरिएकोमा उक्त अवधीमा कार्य सम्पादन जमानत मात्र लिएर सम्झौता गर्न उपस्थित भएको तथा २०६९।२।२५ मा उक्त बोलपत्रदाताको स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धिकर दर्ता गरी सो प्रमाणपत्रको कागजात जुटाउन समय लाग्ने हुँदा सम्झौताको म्यादन थप गर्न निवेदन दिएको हुनाले सो संयुक्त उपक्रमबाट कार्य गराउन सकिने/नसकिने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

यस सम्वन्धमा सम्वन्धित सार्वजनिक निकायले सम्झौता गर्न आउने म्याद सकिए लगत्तै कुनै कारवाही अघि नवढाई सो म्याद समाप्त भएको करिव १ महिनापछि मात्र राय माग भएको समितिको च.नं. ०६८।६९-३२७, मिति २०६९।०२।१४ को पत्रका साथ जुन जे. भी. को सम्वन्धमा राय  परामर्श माग भएको हो, सो जे.भी. को विड वण्ड जफत गर्ने निर्णय गरेको चलानी नं. ०६८।६९-३११, मिति २०६८।२।३१ को जानकारी पत्र समेत संलग्न भएको देखिएबाट सो जे. भी. को विड वण्ड समेत जफत भै सकेको देखिन्छ । यसरी विवाद श्रृजना भइसकेको अवस्थामा यस कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (२) को परिधीभित्र रही कार्य गर्नुपर्ने हुँदा विवाद समाधान वा राय सुझाव प्रस्तुत गर्नेतर्फ कारवाही अगाडी वढाउनु पर्ने देखिएन । **(निर्णय मितिः २०६९।३।२४)**

**४३. राय परामर्श माग भएको विषयः**

निर्माण कार्यका लागि ६० दिनको समय तोकी पूर्वयोग्यता निर्धारणको लागि प्रस्ताव आब्हान गर्दा एउटा मात्र प्रस्ताव फाराम बिक्रि भएको र प्रस्ताव दर्ता गर्ने म्यादभित्रै अरु ३० दिनको समय थप गरी जम्मा ९० दिनको अवधि कायम गराउँदा पनि

निर्धारित समयमा एक मात्र प्रस्ताव दर्ता भएको साथै निजको प्रस्ताव पूर्व योग्यताको मूल्यांकनमा योग्य ठहरिएकोले उक्त एक मात्र योग्य प्रस्तावदाताबाट आर्थिक प्रस्ताव सहितको बोलपत्र माग गर्न सकिने वा नसकिने

**राय परामर्शको ब्यहोराः**

पूर्व योग्यता निर्धारणको प्रस्ताव आब्हान गर्दा एक मात्र प्रस्तावदाता योग्य भई छनौट भएमा के गर्ने भन्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ मा छुट्टै ब्यवस्था भएको देखिदैन । तथापी पूर्व योग्यता निर्धारणको लागि समेत सूचना प्रकाशन गर्दा सो को अवधि सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (४) मा उल्लेख भएकोले यस्मा पनि बोलपत्रमा लागू हुने प्रावधान नै लागू हुने देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ मा बोलपत्र अस्वीकृत गर्ने वा खरिद कारबाही रद्द गर्ने मुल शीर्षक दिई सो को उपदफा (१) खण्ड (क) देखि (ग) सम्म बोलपत्र अस्विकृत गर्ने वा खरिद कारबाही रद्द गर्ने अवस्थाहरू उल्लेख भै ऐ. दफाको उपदफा (२) मा "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केही बोलपत्रहरू वा एउटा मात्र बोलपत्र सारभूतरूपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पुनः बोलपत्र आब्हान गर्न सकिने छैन" भनी उल्लेख भएको देखिदा पूर्व योग्यता निर्धारणको लागि प्रस्ताव आब्हान गरिएपछि खरिद कारबाही प्रारम्भ हुने र यस्मा एक मात्र पेश हुन आएको पूर्वयोग्यता सम्बन्धी प्रस्ताव मुल्यांकन समेत भै सारभूतरूपमा प्रभावग्राही रहेको भन्ने उल्लेख भएकोले आर्थिक प्रस्ताव सहितको बोलपत्र माग गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (२) आकर्षित भइसकेको देखिंदा द्विविधा उत्पन्न भएको अवस्था भन्न मिल्ने देखिएन ।

**निर्णय मितिः २०६९।४।२३**

**४४. राय परामर्श माग भएको विषयः**

भवन निर्माणको लागि बोलपत्र आब्हान गरिएकोमा पेश भएका बोलपत्रहरू मुल्यांकनको क्रममा प्राविधिक मुल्यांकन गर्दा निर्माण ब्यवसायीहरूले पेश गरेको विवरणबाट समान प्रकृतीको कार्य अनुभव निजले पेश गरेको प्रमाणपत्रलाई मान्ने वा उक्त कम्पनीको सो काम गर्दाको हिस्सालाई मान्ने ?

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ को उपनियम (१) बमोजिम बोलपत्रदाताको वा पूर्वयोग्यताको प्रस्तावदाताको योग्यताको आधार निर्धारण गर्दा ऐ. को खण्ड (ग) मा 'एकलौटी रूपमा वा ब्यवस्थापन सम्झौता गरी वा संयुक्त उपक्रमको साझेदार वा सब-कन्ट्राक्टरको रूपमा बोलपत्र सम्बन्धी कागजात वा पूर्व योग्यता सम्बन्धी कागजातमा उल्लेख भएको न्युनतम् रकम बराबरको निर्माण कार्य मासिक वा बार्षिक रूपमा गरेको र प्रस्तावित खरिद सम्झौतासँग मेल खाने प्रकृती, जटिलता र निर्माण भएको संख्यामा सफलतापूर्वक सम्पन्न गरेको विशेष अनुभव' समेत विचार गरी सार्वजनिक निकायले निर्धारण गर्न सक्नेछ भनी उल्लेख भएकोले कुनै कम्पनीको अनुभवबाट प्राप्त गरेको प्रमाण पत्र उसको जे. भी. को रूपमा काम गरेको हिस्साको आधारमा मुल्यांकन गर्ने वा पुरा अनुभव मानी मुल्यांकन गर्ने सम्बन्धमा सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजातमा नै स्पष्ट उल्लेख गर्नु पर्ने कानूनी प्रावधान हुदा-हुदै अन्यथा कल्पना गरी कानूनको भावना विपरीत हुने गरी ब्याख्या गर्न नमिल्ने ।

**निर्णय मितिः २०६९।४।२४**

**४५. राय परामर्श माग भएको विषयः**

चीन सरकारको सहुलियतपूर्ण ऋण सहयोगमा पोखरा क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न खुला प्रतिष्पर्धाद्वारा Turn Key आयोजनाको रूपमा काम गर्ने गरी चिनियाँ कम्पनीहरू मध्येबाट छनौट गरी २०१० डिसेम्वर भित्र पठाउन पर्यटन मन्त्रालयलाई लेखी पठाउने भन्ने अर्थमन्त्रालयको २०६७/२/१९ को निर्णय बमोजिम ICAO Aerodrome Reference Code '4D' बमोजिमको विमानस्थलको निर्माण कार्य सम्पन्न गर्न EPC ढाँचामा लागत अनुमान सम्बन्धी Document तयार गरी प्रक्रिया अघि बढाउने सिलसिलामा चाइनिज कम्पनीहरूले मात्र प्रतिष्पर्धामा भाग लिन पाउने गरी ९ फेब्रेवरी २०१२ मा सार्वजानिक सूचना प्रकाशित गरी बोलपत्र आब्हान गर्दा बोलपत्र छनौटको क्रममा कुनै पनि बोलपत्रदाता प्राविधिक रूपमा योग्य नभएको परिवेशमा चाइना इन्टरनेशनल कन्ट्रयाक्टर एसोशिएसनको सिफारिश बमोजिम योग्यता नपुगेका भए पनि सिफारिश बमोजिमका बोलपत्रदाताबाट नै निर्माण कम्पनी छनौट गर्नु पर्ने भन्ने गणतन्त्र चीनको राजदुतावासको पत्र बमोजिम आर्थिक प्रस्ताव

मुल्याङ्कन गर्दा सबै भन्दा कम मूल्य प्रस्ताव गर्ने बोलपत्रदाता चाईना सि ए एम सी इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको कवोल अंक ३०५.१२३ मिलियन US$ लागत अनुमान (१६६.४१ मिलियन US$) को तुलनामा सारभूत रूपमा बढी भएको मूल्याङ्कन समितिको प्रतिवेदनमा उल्लेख भएकोमा न्यून कवोल गर्ने बोपत्रदाताले वार्ता गरी कवोल अंक घटाउन तयार भएको हुदा वार्ता गर्न सकिने प्रावधान समेत भए/नभएको ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

चाइनिज कम्पनीहरूले मात्र प्रतिष्पर्धामा भाग लिन पाउने गरी ९ फेब्रेवरी २०१२ मा सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र आव्हान गरिएको देखिदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा भएको अन्यथा ब्यवस्थाको आधारमा दफा ६७ को उपदफा (१) को (ख) लाई टेकी खरिद कार्बाही अगाडि बढाएको जस्तो देखिन्छ । दातृ पक्ष र नेपाल सरकारवीच सम्झौता भएको अवस्थामा दफा ६७ को उपदफा (१) को (ख) बमोजिम नेपाल सरकार र दातृ पक्षबीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका अनुरुप खरिद गर्नु परेमा सार्वजनिक खरिद ऐन, २०६३ को प्रकृया अपनाउनु नपर्ने ब्यवस्था भएकाले सो दातृ पक्षको खरिद निर्देशिकामा वार्ता गर्ने प्रावधान भई सोही बमोजिम बोलपत्र सम्बन्धी कागजातमा ब्यवस्था भएकोमा सोही बमोजिम वार्ता गर्न सकिने अवस्थामा बाहेक सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली, २०६४ मा वार्ता गर्न सकिने प्रावधान भएको देखिदैन ।

**निर्णय मितिः २०६९।५।१८**

**४६. राय परामर्श माग भएको विषयः**

राजस्व भौचरमा राजस्व खाता नं., बोलपत्र तथा कार्यालयको नाम ठिक भएता पनि खरिदकर्ता फर्म र बोलपत्र पेश गर्ने फर्म फरक देखिएकोले उक्त बोलपत्र मूल्यांकनमा समावेश गर्ने/नगर्ने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

यसमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको बोलपत्र परीक्षण एवं मुल्यांकनका प्रावधानहरू हेरी सम्बन्धित सार्वजनिक निकाय आफैले निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०६९।५।२९**

**४७. राय परामर्श माग भएको विषयः**

निर्माण सामग्री खरिदको लागि दुई पटक बोलपत्र आव्हान गरिएकोमा दुवै पटक कुनै पनि बोलपत्र पर्न नआएकोले यस्तो अवस्थामा के गर्ने र दरभाउपत्रको लागि ब्यवस्था गरेको नियमहरू वोलपत्रको लागि प्रयोग गर्न मिल्छ/मिल्दैन?

**<u>राय परामर्शको ब्यहोराः</u>**

बोलपत्र आव्हान गर्दा कुनै बोलपत्र नपरी वा सम्पूर्ण बोलपत्र अस्वीकृत वा खरिद कारबाही रद्द भई पुनः बोलपत्र आव्हान गर्दा त्यसरी बोलपत्र अस्वीकृत वा खरिद कारबाही रद्द हुनाको कारण समिक्षा गरी आवश्यक्तानुसार बोलपत्र सम्बन्धी कागजात, प्राविधिक स्पेशिफिकेशन, लागत अनुमान तथा खरिद सम्झौताका शर्तहरूमा हेरफेर समेत गर्नु पर्नेछ भनी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (५) उल्लेख भएकोमा यसमा के कारणले कुनै बोलपत्र नपरेको हो भन्ने पत्रमा उल्लेख भएको देखिदैन । बोलपत्र आव्हान गर्दा कुनै बोलपत्र नपरेमा पुनः बोलपत्र आव्हान गर्नुको विकल्प देखिदैन । सार्वजनिक निकायले खरिद गर्ने निर्माण सामग्रीको प्रकृति र उपलब्धताको आधारमा सोझै खरिद विधि अपनाउन सकिने प्रावधान समेत सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ र ऐ. नियमावली, २०६४ (तेस्रो संशोधन सहित) को नियम ८५ मा रहेको छ । सिलबन्दी बोलपत्र र सिलबन्दी दरभाउत्र सम्बन्धी कार्यविधि/प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ एवं ऐ. नियमावली, २०६४ मा छुट्टाछुट्टै स्पष्ट रूपमा उल्लेख भएकोले एक अर्कामा प्रयोग गर्न मिल्ने देखिदैन ।

**निर्णय मितिः २०६९।६।७**

**४८. राय परामर्श माग भएको विषयः**

e-submission बाट पेश हुन आएका वोलपत्र सम्बन्धी कागजातहरूमा एउटा फर्मले पेश गरेको Bid Document मा अर्को फर्मको Bid Document समेत मिसिएर आएको हुँदा सो e-submission बाट प्राप्त Bid Document मूल्यांकनमा समावेश गर्ने/नगर्ने ?

**राय परामर्शको ब्यहोराः**

तत्सम्बन्धमा उक्त समस्या के कसरी सिर्जना भएको हो e-Bidding सम्बन्धी Software को प्राविधिक रूपमा अध्ययन/जाँच गरी प्रतिवेदन पेश गर्न IT Consultant श्री भीम बहादुर खतिवडा र सिकेन्द्र कुमार झा (Associate IT Consultant) लाई तोकिएकोमा e-Bidding सम्बन्धी Software ले एकभन्दा वढी वोलपत्रदातालाई एउटै Tender Bid ID सिर्जना गरेको र त्यसरी एउटै Bid ID create हुँदा एउटै ID हुने वोलपत्रदाताहरूको बोलपत्र सम्बन्धी कागजात एक आपसमा मिसिन गएको देखिन्छ भनी मिति २०६९।६।३ मा प्रतिवेदन पेश हुन आएकोले Software का कारण त्यस्तो त्रुटी भएको देखिन आयो ।

यसमा एकै समयमा दुवै तालीम केन्द्रहरूको बोलपत्र खोलिने देखिएकोले उक्त बोलपत्रदाताहरूको गोपनीयता कायमै रहने भएको देखिदा तहाँ सार्वजनिक निकायको पत्र संख्या २०६९/०७०, चलानी नं. १३१, मिति २०६९।५।३१ को पत्रसाथ प्राप्त विवरणको बुदा नं. ४ मा उल्लिखित सिफारिस बमोजिम हुन उपयुक्त हुने ।

**निर्णय मितिः २०६९।६।४**

**४९. राय परामर्श माग भएको विषयः**

आर.सी.सी. पुल निर्माण गर्न मिति २०६८।०३।०२ मा संझौता भई निर्माण कार्य शुरु गर्नु पूर्व Soil Test गर्दा Soil Test को Report अनुसार पुलको जग Open Foundation को सट्टा Well Foundation राख्नु पर्ने देखिएको तथा Well Foundation राख्नको लागि Design Change गर्दा पुलको नयाँ लागत सम्झौता रकमभन्दा करिव ३० प्रतिशत बढी हुने भएकोले ३० प्रतिशत भेरिएशन Approve गरी पुल निर्माण गर्न भेरिएशन Approve गर्ने सर्वोच्च कार्यकारी निकाय जि.वि.स. को हकमा कुन हुने भन्ने बारे द्विविधा भएको ।

**राय परामर्शको ब्यहोराः**

यसमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को उपदफा (१) मा 'खरिद सम्झौता बमोजिम कार्य सुरु भइसकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाणमा थपघट गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा देहायको अधिकारीले त्यस्तो थपघट गर्न वा नयाँ आइटमको लागत अनुमान तयार गरी ऐनको दफा ५४ को अधीनमा रही देहाय बमोजिम भेरिएशन आदेश जारी गर्न सक्नेछन्' भनी उल्लेख भएको छ । जिल्ला विकास समितिको कार्यालय पर्सा, बीरगञ्जको पत्र संख्या ०६९।७०, मिति २०६९।६।४ को प्राप्त पत्र ब्यहोराबाट खरिद सम्झौता भई खरिद सम्झौता बमोजिम कार्य सुरु भैसकेको भन्ने नदेखिएकोले भेरिएशन आदेश जारी गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिमको अवस्था प्रस्तुत खरिद कार्यमा रहेको भन्न मिल्ने देखिएन । जिल्ला विकास समितिको हकमा सर्वोच्च कार्यकारी निकाय कुन हुने भन्ने सम्बन्धमा उक्त निकायसंग सम्बन्धीत ऐन-नियममा भएको प्रावधान एवं खर्च गर्न प्राप्त अख्तियारी पत्रमा उल्लेख भए बमोजिम सम्बन्धीत निकायबाट निर्धारण हुन उपयुक्त हुने ।

**निर्णय मितिः २०६९।६।१४**

**५०. राय परामर्श माग भएको विषयः**

स्वास्थ्य चौकी याङ्जाकोट, कास्कीको भवन निर्माणका लागि बोलपत्रदाता श्री लम्जुङ्काली/द राइजिङ्/भण्डारी जे.भी. को बोलपत्र स्वीकृत गरी २०६९।०१।२७ मा सम्झौता भई कार्यादेश समेत दिई सकेपछि भौतिक योजना, निर्माण तथा यातायात ब्यवस्था मन्त्रालय, निर्माण ब्यवसाय प्रवर्द्धन शाखाले २०६८।६९ मा तोकिएको म्यादभित्र निर्माण ब्यवसाय इजाजतपत्र नवीकरण नगरेको भनी श्री लम्जुङ्काली कन्ट्रक्सन प्रा. लि. को इजाजतपत्र रद्ध गरिएको सार्वजनिक सूचना २०६९।०२।२५ गते जारी गरेको । छलकपट गरी सम्झौता गरेको सन्दर्भमा श्री लम्जुङ्गकाली कन्ट्रक्सन प्रा. ली. लाई स्पष्टीकरण माग गर्दा स्पष्टीकरण चित्र बुझ्दो नभएकोले उक्त निर्माण कम्पनीलाई कालो सूचीमा राख्न मिल्ने/नमिल्ने तथा अन्य जे. भी. पार्टनरको हकमा के हुने भन्ने बारे द्विविधा भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा कालो सूचीमा राख्न सक्ने अवस्थाहरू समेत उल्लेख भएको र कालो सूचीमा राख्ने कार्यविधि ऐ. नियमावली, २०६४ को नियम १४१ मा उल्लेख भएकोले सो अवस्था विद्यमान भए नभएको एकिन गरी सोको आधारमा यस सम्बन्धमा सार्वजनिक निकाय आफैले निर्णय लिने विषय भएको देखिंदा राय परामर्श दिइरहनु परेन ।

**निर्णय मितिः २०६९।७।१९**

**५१. राय परामर्श माग भएको विषयः**

पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल निर्माण सम्बन्धमा सबैभन्दा कम रकम कबोल गर्ने बोलपत्रदाता China CAMC Engineering Co. Ltd. ले प्राधिकरणको लागत अनुमानको फ्रेमवर्कभित्र रही तोकिएको BOQ को आधारमा लगानीकर्ताले स्वीकार गरेमा उक्त परियोजना कार्यान्वयन गर्न प्रतिबद्ध रहेको भनी महानिर्देशकलाई सम्बोधन गरी डिसेम्बर ४, २०१२ को पत्रबाट अनुरोध भए अनुसार यस प्राधिकरणको लागत अनुमानलाई आधार मानी प्रस्तुत परियोजना कार्यान्वयन गर्न मिल्ने/नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

उपरोक्त आयोजनाका सम्बन्धमा यस कार्यालयको प. सं. १-३-१-०६८/६९, च. नं. २४१ मिति २०६९।५।१८ को पत्र मार्फत सम्बन्धीत निकायलाई राय उपलब्ध गराई सकिएको हुँदा पुनः राय दिन उपयुक्त नहुने ।

**निर्णय मितिः २०६९।९।३**

**५२. राय परामर्श माग भएको विषयः**

भवन निर्माण कार्यको लागि मुल्य समायोजन गर्दा अपनाउनु पर्ने समायोजनको सुत्र सम्झौता पत्रमा उल्लेख नगरेकोले द्विविधा भएको विषय र सम्झौतामा नपरेका नयाँ आईटमको भेरिएसन सम्बन्धमा रायको लागि लेखि आएको ।

**राय परामर्शको ब्यहोराः**

यसमा मुल्य समायोजन गर्दा विड डकुमेन्टमा उल्लेख भएको सुत्र वा सम्झौताकर्ता निर्माण ब्यवसायीले मुल्य समायोजन माग गर्दा पेश गरेको सुत्र प्रयोग हुने हो भन्ने र भेरिएशनका सम्बन्धमा द्विविधा भएको प्राप्त पत्रमा उल्लेख छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ को उपदफा (१) मा पन्ध्र महिनाभन्दा बढी अवधिको खरिद सम्झौतामा र सो उपदफाको प्रतिबन्धात्मक वाक्यांशमा अप्रत्यासित रूपमा दश प्रतिशतभन्दा बढी मुल्य घटबढ भएमा मुल्य समायोजन गर्न सकिने दुई वटा अवस्थाहरू उल्लेख भएको र ती दुई अवस्थामा प्रयोग हुने छुट्टा-छुट्टै दुई वटा सुत्रहरू सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सन् २०१० मा जारी भएको साठी लाखभन्दा बढीको खरिदमा लागु हुने स्ट्यान्डर्ड विडिङ्ग डकुमेन्टको पृष्ठ ९८ मा पन्ध्र महिनाभन्दा बढी अवधिको खरिद सम्झौताको लागि $\mathbf{pn = A+b\frac{Ln}{Lo} + c\frac{Mn}{Mo} + d\frac{En}{Eo} + etc.}$ सुत्र प्रयोग हुने र पृष्ठ १०० मा अप्रत्यासित रूपमा दश प्रतिशतभन्दा बढी मुल्य घटबढ भएको अवस्थामा $\mathbf{P=[R_1-(R_1 \times 1.10)]\times Q}$ सुत्र प्रयोग हुने भनी उल्लेख भएको छ । प्राप्त पत्रमा कुन अवस्थामा मुल्य समायोजन गर्नु पर्ने परिस्थिति श्रृजना भएको हो, उल्लेख भएको देखिदैन । मुल्य समायोजन सम्बन्धमा बोलपत्र आव्हान गर्दा नै सो बारे प्रष्ट उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली, २०६४ मा पनि यस बारे प्रष्ट उल्लेख भएको हुँदा कुनै द्विविधा भएको देखिदैन । अतः यसमा सो अवस्था र परिस्थितिको सम्बन्धमा सम्बन्धीत सार्वजनिक निकायले नै विस्तृत जानकारी राख्ने हुँदा आफैले निर्णय गर्न उपयुक्त हुने । भेरिएशनका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४, ऐ. नियमावली, २०६४ को नियम ११८ एवं खरिद सम्झौतामा नै उल्लेख भएको समेत पत्रमा उल्लेख भएको देखिदा थप राय परामर्श दिनु पर्ने देखिएन ।

**निर्णय मितिः २०६९।१०।४**

**५३. राय परामर्श माग भएको विषयः**

पुल मर्मतको लागि बोलपत्र आव्हान गरिएकोमा पेश हुन आएका बोलपत्रहरू मुल्याङ्कन गर्दाः

(क) कुनै एक बोलपत्रदाताले E-Submission मार्फत अनिवार्य रूपमा पेश गर्नु पर्ने भनिएको कम्पनी दर्ताको प्रमाणपत्र Hard Copy मार्फत Bid Submission को अन्तिम दिनपछि पेश गरेकोमा उक्त बोलपत्रलाई Eligible मान्न सकिने वा नसकिने ?

(ख) कुनै जे.भी.ले Single Firm को रूपमा पहिले नै प्राप्त गरेको Specific Experience लाई सोही जे. भी.ले पेश गरेको बोलपत्र मुल्याङ्कन गर्दा प्राप्त गरेको अनुभव प्रत्येकले शत प्रतिशत प्राप्त गरेको मानी उक्त जे.भी. का साझेदारहरूको अनुभवलाई दुई गुणा गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

(क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२) को खण्ड (क) बमोजिम कम्पनी दर्ताको प्रमाणपत्र बोलपत्रदाताको ग्राह्यताको आधार प्रमाणित गर्ने कागजात भएको, बोलपत्र सम्बन्धी कागजातमा अनिवार्य रूपमा E-Submission मार्फत उक्त कागजात पेश गर्नु पर्ने ब्यवस्था भएकाले बोलपत्रदाताले बोलपत्र दाखिला गर्ने अन्तिम म्यादपछि कम्पनी दर्ताको प्रमाणपत्र पेश गर्ने बोलपत्रलाई Eligible मान्न नसकिने ।

(ख) कुनै साझेदारीमा रहेको साझेदारहरूले प्राप्त गरेको कार्य अनुभव ती साझेदारहरू साझेदार नै रही कुनै अर्को कार्य गर्ने सिलसिलामा सो साझेदारीमा रहेका फर्महरू प्रत्येकले शत प्रतिशत अनुभव हासिल गरेको मानी दुई/तीन/.. सय प्रतिशत भनेर गणना गर्न नमिल्ने ।

**निर्णय मितिः २०६९।१०।१८**

**५४. राय परामर्श माग भएको विषयः**

एक निर्माण कम्पनीले सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात वेवसाइटबाट Download गरेको तर दरभाउपत्र कागजात दस्तुर बुझाएको सक्कलै भौचर सहित सिलबन्दी दरभाउपत्रको Hard Copy दर्ता गर्ने अन्तिम मिति अगावै कार्यालयमा दर्ता गरेको हुनाले त्यसरी Download गरिएको Document Hard Copy मा दर्ता गर्न पाउने वा नपाउने ?

**राय परामर्शको ब्यहोराः**

यसमा सार्वजनिक निकायबाट आव्हान भएको सूचनामा वेवसाइटबाट दरभाउपत्र सम्बन्धी कागजात Download गर्न सकिने वा कार्यालयबाट खरिद गर्न सकिने, Submit गर्दा Hard Copy Submit गर्न वा Electronically Submit सकिने तथा e-submission गर्दा दरभाउपत्र दस्तुर बुझाएको सक्कल भौचर Scan गरी पेश गर्न सकिने प्रावधान उल्लेख भएको हुनाले Download गरिएको दरभाउपत्र सम्बन्धी कागजात भरी सक्कल भौचर सहित दर्ता गर्ने अन्तिम मिति अगावै कार्यालयमा Hard Copy दर्ता गर्न नमिल्ने देखिदैन ।

**निर्णय मितिः २०६९।११।२०**

**५५. राय परामर्श माग भएको विषयः**

भवन निर्माणको लागि आ.व. २०६८/६९ (२०६९।२।१७) मा बोलपत्र आव्हान गरिएकोमा दर्ता भएका ५ वटा बोलपत्रहरू मध्ये ३ वटा बोलपत्रहरू बोलपत्र मुल्याङ्कन समितिले परिक्षणको क्रममा अप्रभावग्राही मानी मुल्याङ्कनमा समावेश नगरेकोमा (एकले वोलपत्र जमानत प्रतिलिपी पेश गरेको, अर्को एकले कर चुत्ता वा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाणपत्र पेश नगरी कर कार्यालयको NO Objection Letter पेश गरेको र अर्को तेस्रोले बोलपत्र सम्वन्धी कागजातको दस्तुर ने.बै.लि. मा दाखिला गरी भौचर पेश गर्नुपर्नेमा रा.बा.वैंकमा दस्तुर दाखिला गरेको भौचर पेश गरेको कारणले) ती बोलपत्रहरू अप्रभावग्राही मान्न मिल्ने/नमिल्ने र एक बोलपत्रदाताले १२.५ प्रतिशत छुट दिने प्रस्ताव बोलपत्र दाखिला गर्ने अन्तिम दिनमा दर्ता गरेकोमा प्रतिशतमा केरमेट गरी बोलपत्रदाताले दस्तखत नगरेको हुँदा उक्त संशोधन पत्रलाई मान्यता दिन मिल्ने/नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

(क) मूल्याङ्कन समितिले अप्रभावग्राही मानी मुल्याङ्कनमा समावेश नगरेको बोलपत्रहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र दफा २४ बमोजिम मिलेकै देखिन्छ ।

(ख) संशोधन प्रस्तावमा उल्लेख भएको कुराहरू बुझिने गरी स्पष्ट रूपमा अक्षरमा समेत लेखिएका छन् भने केरमेट भएको ठाँउमा दस्तखत नभएको कारणले मात्र अप्रभावग्राही हुन्छ भन्नु मुनासिव नहुने ।

(ग) प्रत्र एंव पत्रसाथ प्राप्त कागजातमा बोलपत्र जमानत मान्य अवधि मिति २०६९।७।२० सम्म कायम रहेको र सो को मान्य अवधि २०६९।११।१ देखि कायम हुने गरी थप गरिएकोमा मिति २०६९।७।२१ देखि मिति २०६९।१० मसान्तबीचको अवधि खालि भएकोले निरन्तरता कायम नगरी मिति २०६९।१०।२५ मा मान्य अबधि बढाउने सूचना प्रकाशन गरी

बढाएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २० बमोजिम मान्य हुने अवधि वा बोलपत्र जमानतको कान्य अवधी बढाउँदा जुनसुकै बखत जसरी भएपनि बढाउन मिल्ने अर्थ गर्न नमिल्ने ।

**निर्णय मितिः २०६९।१२।१२**

**५६. राय परामर्श माग भएको विषयः**

**बोलपत्र सम्बन्धी कागजातको** Evaluation **तथा** Qualification Criteria **मा** Financial Capability **रु. ५० लाख बराबरको** Liquid Assets or Working Capital or Credit Facility **भएको प्रमाणित गर्ने कागजात पेश नभएको अवस्थामा निजसंग आवश्यक कागजात माग गरी प्रक्रिया अगाडी बढाउन सकिने/नसकिने ?**

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (३) को खण्ड (घ) बमोजिम बोलपत्रदाताको योग्यता सम्बन्धी आवश्यक कागजात पेश भए नभएको परीक्षण गर्नु पर्ने र परीक्षणका क्रममा सो कागजात पेश भएको नपाइएमा त्यस्ता बोलपत्र उपर कारवाही नहुने भनी ऐ. दफा २४ मा उल्लेख भएको देखिंदा Qualification Criteria पुष्टि गर्ने कागजात पेश नभएको बोलपत्रदातासंग आवश्यक कागजात माग गरी प्रक्रिया अडागी बढाउन सकिने देखिदैन ।

**निर्णय मितिः २०६९।१२।२३**

**५७. राय परामर्श माग भएको विषयः**

तीनवटा सिलबन्दी दरभाउपत्र आब्हान गरिएकोमा एक बोलपत्रदाताले तीन वटै दरभाउपत्रमा दरभाउपत्र पेश गरी तीन वटैमा निजको दरभाउपत्र न्यूनतम भई स्वीकृत गरिएकोमा ठेक्का नं. १ मा सम्झौता गर्न असमर्थ भएको लिखित पत्र पेश गरेकोले निजको बाँकी दुई दरभाउपत्रमा निजसंग ठेक्का सम्झौता गर्न सकिने/नसिकिने ?

**राय परामर्शको ब्यहोराः**

छनौट भएको सिलबन्दी दरभाउपत्रदाताले खरिद सम्झौता नगरेमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (१४) मा सो दरभाउपत्रदाताले राखेको दरभाउपत्र जमानत जफत हुने ब्यवस्था रहेको देखिँदा सो दरभाउपत्र जमानत जफत गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (५) बमोजिम सो भन्दा लगत्तै पछिको अर्को न्युनतम कवोल गर्ने दरभाउपत्रदातासंग सम्झौता गर्न सकिने भएकाले निजको बाँकी दुई दरभाउपत्रमा ठेक्का सम्झौता गर्न नमिल्ने देखिदैन ।

**निर्णय मितिः २०६९।१२।२३**

**५८. राय परामर्श माग भएको विषयः**

पदचुरा माईस्थान महोत्तरीको एकिकृत पर्यटन पूर्वाधार विकासको लागि निर्माण कार्य खरिद अर्न्तगत बोलपत्रको माध्यमबाट छनौट भएको निर्माण ब्यवसायी श्री गुल्लीभर वर्ल्ड कन्ट्रक्सन कालाजु, काठमाडौं र आयोजनाबीच मिति २०६८।११।२८ मा सम्झौता भई कार्य भैरहेको छ । जयबाबा/गुल्लीभर/श्रेष्ठ सिभिल ज.भी. हेटौंडा, मकवानपुरलाई कालो सूचीमा राखिएको सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईटको सूचनाबाट देखिएकोले उक्त निर्माण ब्यवसायीबाट हाल भैरहेको निर्माण कार्यलाई सुचारु राखी कार्य सम्पन्न गर्न मिल्ने नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) मा कालो सूचीमा राख्न सकिने आधार राख्ने ब्यवस्था उल्लेख छ । ऐ. उपदफा (२) मा उपदफा (१) बमोजिम कालोसुचीमा राखिएको बोलपत्रदाता, प्रस्तावदाता, सेवाप्रदायक, आपुर्तिकर्ता, निर्माण ब्यवसायी वा अन्य ब्यक्ति, फर्म, संस्था वा कम्पनीले सोहि अवधिसम्म सार्वजनिक निकायको खरिद कारवाहीमा भाग लिन सक्ने छैन भनी उल्लेख भएकोले कुनै निर्माण ब्यवसायी कालो सूचीमा राखिनु पूर्व निजसंग गरिएको सम्झौता बमोजिम भैरहेको निर्माण कार्यलाई सूचारु राख्न नसकिने भन्ने देखिदैन । **निर्णय मितिः २०६९।१२।२३**

**५९. राय परामर्श माग भएको विषयः**

यस कार्यालयबाट विभिन्न जिल्लामा जम्मा ९(नौ) स्थानमा झोलुङ्गे पुल निर्माण कार्य गर्न बोलपत्र आब्हान गरिएकोमा ई-विडिङ्को माध्यमबाट बोलपत्र पेश गर्ने एक बोलपत्रदाताको बोलपत्र नं. CPT ५/२०६९/०७० र CPT ८/२०६९/०७० मा E-

Submission File को Heading Topic मा बोलपत्र जमानत पेश भएको देखिएको तर सो बोलपत्र जमानतको File Download हुने भएता पनि Read हुन नसकेको अवस्था रहेको । कार्यालयले E-Submission बाट बोलपत्र पेश गर्ने बोलपत्रदाताहरूलाई Hard Copy पेश गर्न सूचना दिए बमोजिम Hard Copy पेश गर्दा बोलपत्र जमानत समेत पेश हुन आएकोले सो बोलपत्रलाई मुल्यांकनमा समावेश गर्न मिल्ने वा होइन ?

**राय परामर्शको व्यहोराः**

यसमा E-Submission File को Heading Topic मा बोलपत्र जमानत पेश भएको देखिएको र सो बोलपत्र जमानतको File Download हुने तर Read हुन नसकेकोमा अवस्थामा सो कुरा उल्लेख गरी बोलपत्र खोल्दाको समयमा उपस्थित प्रतिनीधिहरूले दस्तखत गरी खोलुवा मुचुल्का तयार गरिएको अवस्था भए र E-Submission गर्नु पूर्व नै बैंकबाट जारी भएका सक्कल बोलपत्र जमानत संलग्न गरी बोलपत्रहरूको Hard Copy पेश भएको जानकारी हुन आएको सन्दर्भमा ती बोलपत्रहरू मुल्यांकनमा समावेश गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०।१।३०**

**६०. राय परामर्श माग भएको विषयः**

न्युन कबोल अंक भएको बोलपत्रदाताको बिड सेक्युरिटीको सफ्ट फाइल Corrupt/Damage रहेकोले फाइल खोल्न सकिएन तर हार्ड कापीमा बिड सेक्युरिटी समावेश रहेको र बिड सेक्युरिटी पुरानो मितिमा तयार गर्न सक्ने सम्भावना नरहेकोले सार्वजनिक खरिद नियमावलीको नियम ६१.६ लाई समेत मध्य नजर गर्दै उक्त बिडरको नाममा आशयको सूचना जारी गरीएकोमा सो बिड सेक्युरिटी पुरानो मितिमा तयार गरेको भनी यस कार्यालयमा उजुरी प्राप्त भएकोले सो बोलपत्रलाई Responsive Bidder मा समावेश गर्न हुने/नहुने ?

**राय परामर्शको व्यहोराः**

यसमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिई ऐ. दफा ४७ को उपदफा (१) बमोजिम निर्णय पुनरावलोकनको लागि सार्वजनिक निकायको प्रमुख समक्ष निबेदन दिएको देखिदा पुनरावलोकन सम्बन्धी कारबाहीको विषय राय परामर्शको विषय नहुने ।

**निर्णय मितिः २०७०।१।३०**

**६१. राय परामर्श माग भएको विषयः**

यस कार्यालयबाट भैरहेको Tender Evaluation Process मा Qualification को लागि माग गरिएको Machine Equipment (Roller, Distributor) Mandatory Equipment हो । केही निर्माण व्यवसायीबाट पेश हुन आएको Document संलग्न अनुसारको भएको तर varification क्रममा Bluebook नभएको भन्ने जानकारी गराएकोले त्यस्ता Document लाई Evaluation मा मान्यता दिन सकिने/नसकिने ?

**राय परामर्शको व्यहोराः**

बोलपत्र सम्बन्धी कागजातमा Mandatory Equipment भनी उल्लेख भएको अवस्थामा ती Equipment को Bluebook नभएको जानकारी गराएको भन्ने प्राप्त पत्रमा मा नै उल्लेख भएकोले Bluebook नभएको Equipment लाई मान्यता दिन उपयुक्त नहुने ।

**निर्णय मितिः २०७०।१।३०**

**६२. राय परामर्श माग भएको विषयः**

Detail Design, Construction supervision and equipment procurement कार्य गर्नका लागि परामर्श सेवा खरिदको प्रक्रियाको सिलसिलामा खुला रूपमा आशयपत्र माग गरी तयार गरिएको संक्षिप्त सूचिमा रहेका प्रस्तावदाताहरूसँग प्रस्ताव माग गरी प्राविधिक र आर्थिक प्रस्तावको अलग अलग मुल्याङ्कन पश्चात् गुणस्तर र लागत विधि अपनाई छनौट गर्ने सिलसिलामा प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मुल्याङ्कनबाट दुई वटा प्रस्तावदाताहरूले प्राप्त गरेको कुल अङ्क बराबर आएकोले प्रस्ताव छनौट गर्न द्विविधा रहेकोले यस्तो अवस्थामा कुन प्रस्तावदातालाई छनौट गर्न उपयुक्त हुने हो भनी राय परामर्शको लागि लेखि आएको ।

**राय परामर्शको व्यहोराः**

गुणस्तर र लागत विधि अपनाई प्रस्ताव छनौट गर्दा प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मुल्याङ्कनबाट दुई प्रस्तावदाताहरूले प्राप्त गरेको कुल अङ्क बराबर भएको परिप्रेक्ष्यमा यदि मुल्याङ्कन कार्य सही तरिकाबाट भएको अवस्था विद्यमान भएमा बराबर अङ्क प्राप्त गर्ने दुवै प्रस्तावदाताहरू सँग सार्वजानिक खरिद ऐन २०६३ को दफा ३७ बमोजिम वार्ता गरी वार्ता पश्चात् जुन प्रस्तावदाताको प्रस्ताव छनौट गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा उल्लेख भए बमोजिम मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न सकिने हो, सोही प्रस्ताव स्वीकृत गर्नको लागि छनौट गर्न उपयुक्त हुने।

**निर्णय मितिः २०७०।२।१**

**६३. राय परामर्श माग भएको विषयः**

बोलपत्र सम्बन्धी कागजातको बोलपत्रदातालाई दिइएको निर्देशनको १४ नं. मा बोलपत्रदाताले बोलपत्र पेश गर्दा बोलपत्रको Original Copy र Dublicate Copy पेश गर्नु पर्नेछ भनी उल्लेख भएकोमा पेश हुन आएका ६ थान बोलपत्र मध्ये ५ वटा बोलपत्रको Dublicate Copy पेश नभएकोले ती Dublicate Copy पेश नभएका बोलपत्रहरू मुल्यांकनमा समावेश गर्नु पर्ने/नपर्ने ?

**राय परामर्शको व्यहोराः**

यसमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ मा उल्लिखित प्रावधान बमोजिम गर्न उपयुक्त हुने राय उपलब्ध गराउने ।

**निर्णय मितिः २०७०।२।७**

**६४. राय परामर्श माग भएको विषयः**

बोलपत्रको Bidding Document को ITB 4.5C अन्तर्गत Specific Work Experience मा Road Work हुनुपर्ने भनी उल्लेख भएकोमा Airport निर्माण गरेको कार्य अनुभवको प्रमाण पत्र पेश गरेको र ITB 4.5D अन्तर्गत Credit Facilities बोलपत्र आव्हान हुनुभन्दा अघिको मितिमा To Whom It May Concern भनी जारी गरेको कागजात पेशगरेको हुनाले त्यस्तो कागजात पेश गर्ने बोलपत्रलाई मुल्यांकनमा समावेश गर्न सकिने/नसकिने ?

**राय परामर्शको व्यहोराः**

(क) बोलपत्र सम्बन्धी कागजातमा माग गरिए बमोजिमको Experience भए/नभएको Verify गर्ने जिम्मेवारी सम्बन्धित निकाय कै भएकोले सो सम्बन्धी राय दिई रहनु परेन ।

(ख) बोलपत्र आव्हान गर्ने सम्बन्धित सार्वजनिक निकाय र योजनाको नाम उल्लेख नगरी बैंकबाट जारी भएको Credit Facilities सम्बन्धी कागजात पेश भएको बोलपत्रलाई मूल्यांकनमा समाबेस गर्न मिल्ने देखिदैन ।

**निर्णय मितिः २०७०।२।२७**

**६५. राय परामर्श माग भएको विषयः**

एक बोलपत्रदाताले BoQ मा उल्लेखित दररेटमा (एक ठाउँमा ४२ प्रतिशत र अर्को ठाउँमा ३४ प्रतिशतले घटीमा काम गर्न मञ्जुर छु भनी) उक्त BoQ को दुई ठाउँमा उल्लेख गरेकोले उक्त बोलपत्रलाई कसरी मुल्यांकन गर्न सकिन्छ भनी राय परामर्शको लागि लेखि आएको ।

**राय परामर्शको व्यहोराः**

बोलपत्रको BoQ मा उल्लेख गरेको कबोल अंकमा छुट दिन बोलपत्रदाताले प्रस्ताव गर्न चाहेमा सो प्रस्ताव सम्बान्धी विवरण बोलपत्र सम्बन्धी कागजातमा संलग्न Letter of bid मा उल्लेख गर्नु पर्ने व्यवस्था Standard Bidding Document मा भएकोले BoQ को दुई ठाउँमा फरक-फरक प्रतिशत उल्लेख गरी छुट दिने प्रस्ताव गरेको बोलपत्रलाई मुल्यांकन गर्न मिल्ने देखिदैन ।

**निर्णय मितिः २०७०।३।५**

**६६. राय परामर्श माग भएको विषयः**

यस मन्त्रालयको भवन आल्मुनियम पार्टिसन गर्ने कार्यको लागि प्रकाशित सूचना बमोजिम पेश भएको सिलबन्दी दरभाउपत्रहरू मध्ये एक निर्माण सेवाले Bill of Quantities को जम्मा अंक महलमा मात्र भरी प्रति एकाई रेट र अक्षरमा समेत उल्लेख नगरेको सो दरभाउपत्रलाई Responsive मान्न सकिने वा नसकिने ?

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (८) मा "यस दफा बमोजिम बोलपत्र परीक्षण गर्दा बोलपत्रमा कुनै अंक गणितिय त्रुटी पाइएमा सार्वजनिक निकायले त्यस्तो त्रुटी सच्याउन सक्नेछ र त्यसरी त्रुटी सच्याउँदा इकाइ दर र कुल रकममा भिन्नता आएमा इकाइ दर मान्य हुनेछ र सोही दर बमोजिम कुल रकम सच्याउनु पर्नेछ" भनी उल्लेख गरिएको छ । यसबाट बोलपत्रदाताले बोलपत्रमा इकाइ दर अनिबार्यरूपमा उल्लेख गर्नु पर्ने देखिन आएकोले यसमा द्विविधा भएको देखिदैन ।

**निर्णय मितिः २०७०।३।५**

**६७. राय परामर्श माग भएको विषयः**

भवन निर्माण कार्यको बोलपत्र आब्हान भै मुल्यांकनको कार्य भैरहेकोमा न्युन्तम अंक कबोल गर्ने पहिलो र दोस्रो बोलपत्रदाताहरूको Construction experience in key activities मा तीन वटा activity को experience मध्ये एउटा activity को experience नभएको देखिएकोले तेस्रो नम्बरको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न उपयुक्त हुने वा पहिलो नम्बरको बोलपत्रदातालाई सानातिना फरक भनी बोलपत्र स्वीकृत गर्न उपयुक्त हुने हो ?

**राय परामर्शको ब्यहोराः**

यसमा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित प्रावधान बमोजिम सम्बन्धित सार्वजनिक निकाय आफैले निर्णय गर्न उपयुक्त हुने एवं बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित experience पेश नभएको बोलपत्रलाई सानातिना फरक भएको बोलपत्र मान्न नसकिने ।

**(निर्णय मितिः २०७०।३।७)**

**६८. राय परामर्श माग भएको विषयः**

झो. पु. निर्माणको लागि फेब्रिकेटेड स्टिल पार्टस सप्लाई गर्ने कार्यको लागि राष्ट्रिय स्तरको बोलपत्र आब्हान गरिएकोमा सो बोलपत्रको प्रकाशित सूचनाको शर्तमा उक्त कार्यको लागि स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको (डोलिडार) मौजुदा सूचीमा सूचिकृत बोलपत्रदाता मात्र ग्राह्य हुने भन्ने उल्लेख भएकोले मौजुदा सूचीमा नरहेका (जसले यस बोलपत्रमा बोलपत्र पेश गरेका छन्) बोलपत्रदाताहरूको बोलपत्र मुल्यांकनमा समावेश गर्ने वा नगर्ने ?

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ को उपनियम (८) मा "मौजुदा सूचीमा नरहेका बोलपत्रदाता वा प्रस्तावदातालाई सार्वजनिक निकायबाट आब्हान भएको सिलबन्दी दरभाउपत्र, बोलपत्र वा प्रस्तावमा भाग लिन बञ्चित गर्न पाइने छैन" भनी उल्लेख भएकोले मौजुदा सूचीमा रहेका बोलपत्रदाता मात्र ग्राह्य हुने शर्त राखी बोलपत्र आब्हान गर्न मिल्ने देखिदैन । मौजुदा सूचीमा नरहेका बोलपत्रदाताको बोलपत्र मुल्यांकनमा समावेश गर्न मिल्ने ।

**निर्णय मितिः २०७०।३।७**

**६९. राय परामर्श माग भएको विषयः**

निर्माणको लागि छनौट भएको निर्माण ब्यवसायी सँगको सम्झौतामा GCC को Clause 45 बमोजिम हुने गरी मुल्य समायोजन सम्बन्धी प्रावधान रखिएको तर मुल्य समायोजन फाराम नभरिएको अवस्थामा कसरी मुल्य समायोजन दिने भन्ने विषयमा द्विविधा भई राय परामर्शको लागि लेखि आएको ।

**राय परामर्शको ब्यहोराः**

यसमा Standard Bidding Document को GCC को Clause 45 बमोजिम मुल्य समायोजन दिनको लागि सोही Document को मुल्य समायोजन फारामको Column 5 मा Coefficient को Range Employer ले दिनु पर्ने र सोही

Range को अधिनमा रही Bidder ले Columg 6 (Non adjustable coefficient बाहेक उक्त coefficient Employer ले Column 5 मा भएको Range को अधिनमा रही तोक्नु पर्नेमा Coefficient प्रस्ताव गर्नु पर्ने हुन्छ । साथै उक्त फारामको column 3 मा रहेको श्रोत र Column 4 मा रहेको Base Value and Date पनि Bidder ले नै Bidding Document पेश गर्दाका बखत भर्नु पर्ने हुन्छ । अन्य समयमा उपरोक्त Data हरू Bidder ले भर्न वा उपलब्ध गराउन मिल्ने देखिंदैन । मुल्य समायोजन फाराम नभरिएको बोलपत्र स्वीकार भैसकेको अवस्थामा GCC को Clause 45 बमोजिम मुल्य समायोजन दिनको लागि Clause 45.2 को Formula प्रयोग गर्नु पर्ने तथा उक्त Formula प्रयोग गरी मुल्य समायोजन गर्नु पर्ने हुँदा सो सम्बन्धमा परामर्श दिन सकिने अवस्था नरहेको ।

**निर्णय मितिः २०७०।३।९**

**७०. राय परामर्श माग भएको विषयः**

धनकुटा बजारको खानेपानी तथा सरसफाई आयोजना निर्माण कार्यको खरिद गर्ने सम्बन्धमा देहाय बमोजिम लेखि पठाउनेः-

**राय परामर्शको व्यहोराः**

यसमा उक्त खरिद प्रक्रिया दातृ निकायकै Procurement Guidelines प्रयोग भै सञ्चालित भएकोले सो सम्बन्धमा यस कार्यालयबाट कुनै पनि राय दिन उपयुक्त नहुने ।

**निर्णय मितिः २०७०।३।२७**

## (ख) मालसामान खरिदसंग सम्वन्धित राय परामर्शहरू

**१. राय परामर्श माग भएको विषयः**

औषधी अविलम्ब खरिद नगरे जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने भएको हुँदा आ.ब. २०६३/६४ मा खरिद गरिएका फर्म कम्पनीसँग सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली, २०६४ को नियम ११८(ख) बमोजिम १५% भेरिएसन आदेश दिई आ.ब. २०६४/६५ को बजेट तथा कार्यक्रमबाट खरिद गर्न सकिन्छ/सकिदैन ।

**राय परामर्शको व्यहोराः**

"एउटा खरिद सम्झौता गरी सम्झौता अनुसार खरिद कारवाही पुरा भईसकेको अवस्थामा कार्य सम्पन्न भइसकेको सोही खरिद सम्झौतालाई अर्को आ.व.को बजेट तथा कार्यक्रमबाट १५% थप परिमाण खरिद गर्न सकिने व्यवस्था भेरिएसन होइन र यसरी खरिद गर्न सकिदैन ।"

**(निर्णय मितिः २०६४।६।२८)**

**२. राय परामर्श माग भएको विषयः**

न्यूनतम मूल्य कबोल गर्ने वा सारभुत रूपमा प्रभावग्राही भएको न्यूनतम मूल्य भएका बोलपत्रदाताहरू मध्येबाट खरिद गर्न मिल्ने वा नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

(१) सार्वजनिक खरिद ऐनको दफा ६५(१) (ङ) बमोजिम यस कार्यालयको खरिदसम्बन्धी कानूनको व्यवस्था सम्बन्धमा राय परामर्श मात्र दिने हुँदा सोही ऐनको दफा ६५(२) अनुसार खरिद प्रक्रिया वा विवाद समाधान गर्ने कार्यमा संलग्न नहुने हुँदा खरिदसम्बन्धी खास विषयगत खरिद कार्यको निर्णयमा राय दिन नमिल्ने ।

(२) प्राविधिक स्पेसिफिकेसन अनुसार मालसामान खरिद गर्ने कार्यका लागि सार्वजनिक खरिद ऐनको दफा २३(२)(घ), २४(घ) तथा २६(१)(क) आकर्षित हुने भएकोले सो व्यवस्था अनुसार बोलपत्र मूल्यांकन गर्नुपर्ने ।

**(निर्णय मितिः २०६४।८।१२)**

**३. राय परामर्श माग भएको विषय ः राशन खरिदका सम्बन्धमा**

(१) बिल अफ क्वान्टीटीजमा उल्लेखित आईटमहरू मध्ये कुनै आईटममा बोलपत्रदाताले दर उल्लेख नगरेको अवस्थामा शून्यदर कायम गरी मूल्यांकन गर्न मिल्ने वा नमिल्ने ?

(२) बिल अफ क्वान्टीटीजमा उल्लेखित कुनै दुइ आईटममा बोलपत्र दाताले एउटा आइटमको दर अर्को आइटममा र अघिल्लो आइटममा अर्को आइटमको दर भरेको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

(१) सार्वजनिक खरिद ऐनको दफा ६५ (१) (ङ) बमोजिम यस कार्यालयले खरिदसम्बन्धी कानूनको ब्यवस्था सम्बन्धमा राय परामर्श मात्र दिने र सोही ऐनको दफा ६५ (२) अनुसार खरिद प्रक्रिया वा विवाद समाधान गर्ने कार्यमा संलग्न नहुने हुंदा खरिदसम्बन्धी खास विषयगत खरिद कार्यको निर्णयमा राय दिन नमिल्ने ब्यहोरा अवगत गर्न हुन ।

(२) बिल अफ क्वान्टीटीजमा उल्लेखित आईटमहरू मध्ये कुनै आईटममा बोलपत्रदाताले दर भर्दा शून्य उल्लेख गरेको अवस्थामा सो आईटम शून्य दरमा उपलब्ध गराउने मानी बोलपत्र मूल्यांकनमा समावेश गर्नु पर्नेछ । तर कुनै दर नभरेको अवस्थामा त्यस्तो बोलपत्र सारभूत रूपमा प्रभावग्राही नहुने मानी मूल्याकंनमा समाबेश गर्नु हुंदैन ।

(३) बिल अफ क्वान्टीटीजमा आईटम भर्दा एउटा आइटमको दर अर्को आइटममा र अघिल्लो आइटममा अर्को आइटमको दर भरेको बोलपत्रको मूल्यांकन गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ६५ को उपनियम (२),(३),र (४) को प्रावधानलाई आधार मानी मूल्यांकन गर्नु पर्ने, ।

(४) सार्वजनिक खरिद ऐन,२०६३ बमोजिम सार्वजनिक खरिद सम्बन्धी बिषयमा राय परामर्श माग गर्नु पर्ने ब्यबस्था रहेकोले सार्वजनिक निकायहरूले यस कार्यालयमा सोझै राय परामर्श माग गर्नु पर्नेछ ।

(५) राय माग गर्दा सार्वजनिक खरिद ऐन वा नियमावलीको कुन दफा तथा नियममा भएको ब्यवस्थाको सम्बन्धमा राय आवश्यक भएको हो सो स्पष्ट उल्लेख भै आउनु पर्दछ ।

**(निर्णय मितिः २०६४।८।१४)**

**४. राय परामर्श माग गरिएको बिषयः**

राशनको सट्टा नगदै उपलब्ध गराउने नियमको ब्यवस्था कस्तो अवस्थामा लागू गर्न सकिन्छ ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

नियम ८८ देखि ९२ सम्मका प्रावधानहरुले राशन ठेक्का ब्यवस्थाको चक्र पुरा हुने गरी ब्यवस्था भएको देखिन्छ ।

यति हुँदाहँदै पनि परिच्छेदको अन्त्यमा राशनको निमित्त अन्य ब्यवस्था गर्न सकिने भनी नियम ९३ समावेश गरिएबाट राशन ब्यवस्था सम्बन्धी सम्पूर्ण चक्र पुरा हुने प्रावधान पश्चात पनि वैकल्पिक प्रावधान समेत राखी राशन दिने ब्यवस्थालाई थप मजबुत वनाई राशन खुवाउनुपर्ने सार्वजनिक निकायका सम्बन्धित केन्द्रीय निकायले विषयको संवेदनशीलता र गाम्भिर्यता बुझ्ने हुनाले समयमा राशन पाउन सक्ने गरी राशन ब्यवस्था कार्यान्वयन गर्न सकियोस भन्ने उद्देश्य रहेको देखिन्छ ।

(१) राशन ब्यवस्था गर्न सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद - ८ मा राशन खरिद सम्बन्धी मुख्य प्रणालीमा मुख्य प्रणाली र अन्य ब्यवस्था भनी बैकल्पिक प्रणालीको प्रावधान राखेको देखिन्छ । मुख्य प्रणालीको सट्टा बैकल्पिक प्रणालीमा जानुपर्ने सम्बन्धमा केन्द्रिय निकायले पहिले राशन दिने गरी निर्णय हुँदा राशनको औचित्य र आवश्यकताका आधारहरू र हाल राशनलाई नगदमा दिनुपर्ने अवस्थाको विश्लेषण गरी केन्द्रिय निकायले निर्देशन दिन सक्ने गरी नियमले ब्यवस्था गरेको देखिन्छ ।

(२) त्यसैगरी नियम ८८ अनुसारको लागत अनुमान तयार गर्दा लिइने आधारहरूमा कर, मार्कअप मूल्य अभिवृद्धिकर आदि समेत समावेश रहने हुँदा सार्वजनिक निकाय आफैले खरिद ब्यवस्था गर्नु पर्दा त्यस्ता लागत शीर्षकहरू घटाएर मात्र नगदमा राशन दिने ब्यवस्था गर्नुपर्ने देखिन्छ ।

**(निर्णय मितिः २०६४।९।५)**

**५. राय परामर्श माग भएको विषयः**

बोलपत्र स्वीकृत भएको आपूर्तिकर्तावाट ब्यारेक स्थानान्तर भै जाने जिल्लाको दर रेटमा राशन अपूर्ति गराउने वा स्थानान्तर भै जाने जिल्लाको दरमा सोही स्थानको आपूर्तिकर्ताबाट राशन आपूर्ति गराउने ?

**राय परामर्शको व्यहोराः**

राय परामर्श माग गरिएको बिषय सार्वजनिक खरिद ऐन, नियममा कार्यस्थल परिवर्तनको बारेमा स्पष्ट उल्लेख नभएको विषय भएतापनि सार्वजनिक खरिद निकायले खरिद सम्झौता गरिसकेको अवस्थामा सम्झौतामा उल्लेखित शर्तहरू अनुसार नै कार्य सम्पन्न गर्नुपर्ने देखिदा यस सम्बन्धमा सम्झौतामा उल्लेखित शर्त अनुसार गर्नु उपयुक्त हुने ।

**(निर्णय मितिः २०६४।९।२३)**

**६. राय परामर्श माग गरिएको बिषयः**

चिनियाँ भन्सारबाट सिधै खरीद गर्न हुने/नहुने ।

**राय परामर्शको व्यहोराः**

चिनिया भन्सार सरकारी निकाय भएको हुंदा सरकारी निकाय एकल स्रोतको आपूर्तिकर्ता हुने व्यवस्था सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको नदेखिंदा चिनिया भन्सारसंग सोझै खरिद गर्न सकिने देखिंदैन । तर सार्वजनिक खरिद ऐनमा एकल स्रोतको माध्यमबाट खरिद गर्न सक्ने अवस्था पनि उल्लेख भएको प्रस्तुत सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ (१) ग आकर्षित हुन सक्ने र सो अवस्थामा ४१ (३) को प्रक्रिया पुरा गरी खरिद गर्न सकिने देखिन्छ ।

**(निर्णय मितिः २०६४।९।२३)**

**७. राय परामर्श माग भएको विषयः**

एउटा आपूर्तिकर्तासँग मालसामान आपूर्ति गर्ने सभ्भौता गरी प्रतितपत्र खोलिएकोमा हाल प्राविधिक कारण दर्शाई Beneficiary परिवर्तन गर्न मिल्ने नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

परिवर्तित Beneficiary बाट काम सम्पन्न गर्न सक्ने भएता पनि सम्झौताको पक्ष नभएको आपूर्तिकर्ताबाट सम्झौता प्रचलन गराउन सकिने नदेखिदा Beneficiary परिवर्तन गर्न नसकिने ।

**(निर्णय मितिः २०६४।११।२८)**

**८. राय परामर्श माग भएको विषयः**

Camouflage Parker Jacket, Qty-6,000 Pairs को खरिद गर्ने क्रममा बोलपत्रदाताले पेश गरेको प्रमाणपत्र नोटरी पब्लीक कम्पनीको प्रमाणित कागजपत्र पेश नभएको भनी बोलपत्र अस्विकृत भएकोले सो आधारमा बोलपत्र अस्वीकृत गर्न मिल्ने नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

"सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (१) मा बोलपत्रदाताको ग्राहयतासम्बन्धी प्रमाण-पत्रहरूका कागजातको प्रतिलिपि पेश गर्नु पर्ने व्यवस्था भएकोमा ऐनको दफा २३ (४) को व्यवस्था अनुरुप सार्वजनिक खरिद निकाय आफैंले प्रतिलिपिको सक्कल रुजु गर्न सक्ने भएकोले प्रतिलिपि प्रमाणित नभएको आधारमा मात्र बोलपत्र अस्वीकृत गर्न नमिल्ने"।

**(निर्णय मितिः २०६४।१२।६)**

**९. राय परामर्श माग भएको विषयः**

राशनसम्बन्धी कार्यको लागि बोलपत्र आब्हान गरिएकोमा बोलपत्रदाताले पेश गरेको दरभाउमा प्रत्येक आईटमको बिल अफ क्वान्टिटिजमा दररेट कलम नभरी कूल रकममा मात्र भरेको र अस्पतालले दररेट सम्झौता (Rate Contract) अनुसार बोलपत्रदातासंग संझौता गर्नु पर्ने र एकाई दररेटमा नै भुक्तानी गर्नु पर्ने ।

एकाई दररेट भरी पेश नभएको, दररेट महल खाली राखी कूल रकम मात्र भरेको र सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ (८) अनुसार त्रुटी सच्याउंदा ईकाई दर र कूल रकममा भिन्नता भएमा ईकाई दर मान्य हुने र सो दर बमोजिम कूल रकम सच्याउनु पर्ने उल्लेख भएको तर यस सन्दर्भमा कूल रकम मात्र भरेको हुंदा सो को आधारमा दररेट निकाल्ने व्यवस्था नभएको ।

**राय परामर्शको ब्यहोराः**

"ईकाई दर संझौता (Unit Rate Contract) अन्तर्गतको ठेक्कामा ईकाई दर उल्लेख गरी संझौता गर्नु पर्ने र घटी रकमको नभै घटी दरवालासंग संझौता गर्नु पर्ने सार्वजनिक खरिद नियमावलीको नियम ८८(५) को ब्यवस्था भएको हुंदा दररेट नभरेको बोलपत्रलाई मान्यता दिन नमिल्ने" ।

**(निर्णय मितिः २०६४।१२।६)**

**१०. राय परामर्श माग गरिएको विषयः**

विदेशी कम्पनीलाई माल आपूर्तिमा लाग्ने भन्सार छुट दिने भनी सुचनामा प्रकाशित गरिएको र सार्वजनिक खरिद नियम १७ को नेपालमा उत्पादित मालसामान १० प्रतिशत सम्म महंगो भएपनि खरिद गर्नुपर्ने ब्यवस्था कार्यान्वियन गर्न मुल्यांकन कसरी गर्ने ?

**राय परामर्शको ब्यहोराः**

"बोलपत्र आब्हान गर्दा एउटै बोलपत्रलाई स्वदेशी र विदेशी भनी आब्हान गर्न मिल्दैन आवश्यकता अनुसार राष्ट्रिय वा अन्तरराष्ट्रिय स्तरको बोलपत्र आब्हान गर्न सकिन्छ । राष्ट्रिय बोलपत्रमा पनि विदेशी बोलपत्रदाताले प्रक्रिया पूरा गरी भाग लिन सक्ने हुंदा सो अनुसार बोलपत्र माग गर्नु पर्दछ ।

नेपालमा उत्पादित मालसामान खरिद गर्ने ब्यवस्था उपयोग गरी बोलपत्र स्वीकृत कार्यवाही गर्ने सम्बन्धमा प्रस्तुत खरिद प्रक्रिया अध्ययन गर्दा विदेशी बोलपत्रदातालाई भंसार महशुल छुट गरी आयात गर्ने ब्यवस्था गरेको देखियो । यस अवस्थामा भंसार महशुल छुट बराबरको रकमले समान आधारमा मूल्यांकन हुने अवस्था नदेखिएको हुंदा नेपालमा उत्पादित मालसामान आपूर्ति गर्ने स्वदेशी बोलपत्रदातालाई समेत समान आधारमा ल्याई मूल्यांकन गर्नु पर्ने सार्वजनिक खरिद ऐन २०६३ को दफा १०(४) को ब्यवस्था र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १७ मा उल्लेखित विशेष प्रावधान अनुसार विदेशमा उत्पादित मालसामान आपूर्ति गर्ने विदेशी बोलपत्रदाताको कबूल अंकमा नेपालमा उत्पादित मालसामान आपूर्ति गरे वापत जोडनु पर्ने १० प्रतिशतको अतिरिक्त समानताको प्रयोजनको लागि विदेशी आपूर्तिकताले भंसार महशुल वापत पाउने छुट रकम समेत जोडी निज विदेशी बोलपत्रदाताको कबोल अंक कायम गर्नु पर्ने र यसरी कायम भएको रकमसंग स्वदेशी बोलपत्रदाताको कबूल रकम तुलना गर्दा जुन बोलपत्रदाताको कबूल अंक न्यूनतम हुन्छ सो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्नु पर्ने" ।

**(निर्णय मितिः २०६५।१।२८)**

**११. राय परामर्श माग भएको विषयः**

खरिद प्रकृयामा सामान उत्पादन गर्ने कम्पनी स्वदेशी हो वा विदेशी हो भन्ने प्रमाण माग नगरिएको र बोलपत्रदाताहरू स्वदेशी कम्पनीहरू भएको अवस्थामा स्वदेशी उत्पादनले पाउने १० प्रतिशत सम्मको सहुलियत ब्यवस्था प्रयोग हुने नहुने द्विविधा पर्न आएको ।

विदेशी उत्पादक कम्पनीको भन्दा १० प्रतिशतसम्म बढी भएको प्रावधान लागू हुने अवस्थामा विदेशी उत्पादनको मालसामानमा लागेको भन्सार महसुल र अन्य करहरू वापतको दस्तुर विदेशी सामान झिकाउदा सम्बन्धित सप्लार्यसले नेपाल सरकारलाई बुझाएको भन्सार महसुल र अन्य करहरू वापतको रकम कट्टा गरी कायम हुन आउने रकमलाई आधार मानी स्वदेशी सामान र विदेशी सामानको मुल्य बीच प्रतिस्पर्धा गराउने हो वा स्वदेशी उत्पादनको भन्सार महसुल र अन्य करहरू बाहेकको मुल्यसँग भन्सार महसुल र अन्य करहरू सहितको विदेशी सामानको मुल्यलाई नै प्रतिस्पर्धा गराउने हो स्पष्ट नभएको ।

**राय परामर्शको ब्यहोराः**

"सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५(१) को ब्यवस्था अनुसार खरिद निकायले मालसामान आपूर्तिकर्ताको उत्पादन अभिलेख, विगतमा आपूर्ति गरिएको कार्यको कार्य विवरण, मालसामान जडान गर्नु पर्ने भएमा जडान कार्यमा संलग्न हुने प्राविधिकको दक्षता, आपूर्ति हुने मालसामान खास अवधिसम्म सुचारुरुपले सञ्चालन हुन्छ भन्ने कुराको प्रत्याभूति, मालसामान मर्मत सम्भारको ब्यवस्था, सेवा र जगेडा पाटपूर्जाको उपलब्धता जस्ता कुराहरूको आधारमा मालसामान आपूर्तिकर्ताको योग्यताको परीक्षण र मूल्यांकन गर्नु पर्ने देखिएकोले सो विवरणहरूको परीक्षण तथा मूल्यांकनको आधारमा डि.एम.एस. बुट उत्पादनकर्ता पहिचान गर्नु पर्दछ । नेपाल ठेगाना भएकै आधारमा आपूर्तिकर्तालाई नेपाली उत्पादक मान्न सकिदैन । नियमले उत्पादनसम्बन्धी योग्यता

विवरण मांग गरेको हुंदा सो विवरणको परीक्षण र मूल्यांकनको आधारमा आपूर्तिकर्ता स्वदेशी उत्पादक देखिएमा नियमावलीको नियम १७ को प्रावधान लागू हुन्छ अन्यथा विदेशी उत्पादक भै स्वदेशी फर्म आपूर्तिकर्ता मात्र भएको अवस्थामा सार्वजनिक खरिद नियामावली २०६४ को नियम १७ को विशेष ब्यवस्था प्रचलन गरी यस्तो विदेशी मालसामान भन्दा नेपालमा उत्पादित मालसामान दश प्रतिशतसम्म महंगो भएतापनि नेपाली मालसामान नै खरिद गर्नु पर्ने प्रावधान लागू गर्नु पर्ने" ।

**(निर्णय मितिः २०६५।२।१२)**

**१२. राय परामर्श माग भएको विषयः**

राशन आपूर्तिकर्ताबाट खरिद सम्झौता उल्लंघन भएबाट सम्झौता भंग गरिएकोमा तत्काल राशन ब्यवस्था कसरी गर्ने ? आपूर्तिकर्ताको के दायित्व हुन्छ र कसरी निर्धारण गर्ने ?

**राय परामर्शको ब्यहोराः**

(१) राशन खरिद सम्झौता उल्लंघन भएकोमा वा सार्वजनिक निकायले ऐन वा यस नियमावली बमोजिम खरिद सम्झौता भंग गरेकोमा त्यस्तो निकाय प्रमुखले तालुक कार्यालयको निर्देशनको लागि लेखी पठाई तालुक कार्यालयबाट निर्देशन भए बमोजिम राशन खुवाउनुपर्ने स्पष्ट ब्यवस्था रहेको ।

(२) सार्वजनिक खरिद ऐनको दफा ५९(१) अनुसार खरिद सम्झौतामा सो सम्झौता अन्त्य गर्न सकिने अवस्थाहरू खुलाउनुपर्ने र सोही दफाको उपदफा (३) मा वित्तिय फरफारक गर्ने र क्षतिपूर्ति दिने ब्यवस्थापनि उल्लेख गर्नुपर्ने हुनाले राशन खरिदको सम्झौतामा यि कुराहरू खुलाइएको हुनुपर्छ । ठेक्का सम्झौतामा यस्ता कुरा उल्लेख गरिएकोमा आपूर्तिकर्ताले सम्झौता बमोजिम काम नगरेको कारणले सम्झौता अन्त्य भई सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च वापत निजले ब्यहोर्नुपर्ने दायित्व निर्धारण गर्न सकिने किसिमको विकल्प छनौट गर्नु उपयुक्त हुने र त्यस्तो निर्धारण पुनः ठेक्का बन्दोवस्त भएको अवस्थामा हुने देखिन्छ ।

**(निर्णय मितिः २०६४।११।२२)**

**१३. राय परामर्श माग भएको विषयः**

एकल श्रोतबाट खरिद गर्न ऐनको ४१(१) को (ग) र (घ) बमोजिम कारवाही अघि वढाइएको, Brand परिवर्तन गर्दा प्याकिङ्ग मर्मत संभार एवं तालिममा आउने परिवर्तनले ब्ययभार बढ्ने र ४१(१)(ग) अनुसार एकल श्रोतबाट सोझै खरिद गर्ने रक्षा मन्त्रालयको सुझाव अनुसार सकिने नसकिने ।

**राय परामर्शको ब्यहोराः**

(१) ऐनको ४१(१)(ग) को ब्यवस्था खरिद गरिने मालसामान आपूर्ति गर्ने अधिकार एउटा मात्र आपूर्तिकर्तासँग भएको र अन्य उपयुक्त विकल्प नभएमा गरिने ब्यवस्था हो । ऐनको यस ब्यवस्था अनुसार प्रस्तावित मालसामान आपूर्ति गर्ने अधिकार एउटै मात्र आपूर्तिकर्तामा हुनुपर्ने र उपयुक्त अन्य कुनै विकल्प नभएको अवस्थाको विद्यमानता यस दफाको प्रयोगको पूर्व शर्तको रूपमा स्पष्ट देखिन्छ ।

प्रस्तुत मामिलामा प्यारासुट आपूर्ति गर्ने अधिकार Mills Manufacturing Coorporation USA लाई मात्र नभई यस्तो सामान उत्पादन गर्ने अन्य कम्पनीहरू पनि उपलब्ध रहेको कुरा यसै मामिलामा पनि उल्लेख भएकोले प्यारासुट आपूर्ति गर्ने अधिकार एउटैमात्र आपूर्तिकर्तामा सिमित नरहेको कुरा स्पष्ट भएकोले ४१(१) को खण्ड (ग) अनुसार सोझै खरिद गर्न सकिने देखिएन । त्यसैगरी अर्को पूर्वशर्तको रूपमा रहेको अन्य उपयुक्त विकल्प नहुनुतर्फ हेर्दा पनि प्यारासुट उत्पादन कम्पनीहरू विश्वका विभिन्न मुलुकमा रहेको र फ्रान्सस्थित कम्पनीमा निर्मित सामान नेपाली सेनाले नै प्रयोग गरेको कुरापनि मामिलामा नै देखिएको हुनाले यस पूर्व शर्तको अवस्था पनि प्रस्तुत मामिलामा लागू हुने देखिदैन ।

(२) ऐनको दफा ४१(१)(घ) को ब्यवस्था मौजुदा मालसामान वा सेवा वा जडित संयन्त्रको पार्टपूर्जाको प्रतिस्थापन वा विस्तार गर्न आर्पूतिकर्ता परिवर्तिन गरेमा प्रतिस्थापन वा विस्तार गर्न नसकिने कुरा प्रमाणित भएको अवस्थामा साविकको आपूर्तिकर्ताबाट नियम ८५(५) अनुसार प्रोपाइटरी सामान सोझै खरिद गर्दा साविक सम्झौता मूल्यको ३०% मूल्यसम्म खरिद गर्न सकिने ब्यवस्थो हो ।

प्रस्तुत मामिलामा साविकमा खरिद भएका मालसामानमा विस्तार वा प्रतिस्थापनको विषय नभई नयाँ प्यारासुट खरिदको प्रस्ताव रहेकोले ऐनको यो दफा आकर्षित हुने देखिएन ।

(३) ऐनको ४१(१) (ग) र (घ) दुवैको सन्दर्भ यस मामिलामा उपयुक्त नदेखिएकोले सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ को दफा ४(२) तथा दफा २२ अनुसार गर्नुपर्ने ।

**(निर्णय मितिः २०६५।२।८)**

**१४. राय परामर्श माग भएको विषयः**

दुई किसिमका उपकरण खरिदका लागि बोलपत्र माग गरिएकोमा दुई विभिन्न कम्पनीबाट उत्पादित सामान आपूर्ति गर्ने गरी बोलपत्र परेकोमा दुई अलग अलग कम्पनीको उत्पादन आपूर्ति गर्न एउटै बोलपत्रदाताले पेश गरेको बोलपत्र स्वीकृत गर्न मिल्ने नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

एउटा मात्र बोलपत्र परेको तथा लागत अनुमान तयार गर्दा खरिद नियमावलीको नियम ११(२) अनुसार सम्बन्धित सार्वजनिक निकाय वा यस्तो सामान खरिद गरेको अन्य सार्वजनिक निकायबाट खरिद गर्दा लागेको वास्तविक लागतलाई पनि लागत अनुमानको आधारको रूपमा लिनुपर्नेमा सो लिएको देखिएन ।

बोलपत्र दाता स्वयं उत्पादक कम्पनी हो वा स्थानिय एजेन्टले बोलपत्र पेश गरेको भन्ने बारेमा स्पष्ट उल्लेख भएको छैन तर संलग्न कागजातको अधययन गर्दा छुट्टाछुट्टै उत्पादकका उत्पादनको लागि एउटा स्थानीय एजेन्टबाट बोलपत्र प्राप्त भएको देखिन्छ । यस सम्बन्धमा नियमावलीको नियम २५(३) र (४) को व्यवस्थाको पालना हुनु यस किसिमको वोलपत्र स्वीकृतिको लागि पूर्व शर्तको अवस्था हुन जान्छ । मालसामानको वारेन्टी, जगेडा पार्टपूर्जा तथा मर्मत संभार सम्बन्धि विषयको जिम्मेवारी उत्पादक कम्पनीले मात्र लिन सक्ने र उत्पादक कम्पनीको आधिकारिक पत्र बेगर स्थानीय एजेन्टले गर्न नसक्ने हुँदा खरिद असुरक्षित हुन सक्छ । तसर्थ दुवै उत्पादक कम्पनीले यो स्थानीय एजेन्टलाई बोलपत्र पेश गर्ने, मालसामान आपूर्ति गर्ने र जडान गर्ने सम्बन्धमा एकलौटी रूपमा अधिकार प्रदान गरेको पत्र भए नभएको निश्चित गर्नुका साथै लागत अनुमानका विषयममा समेत तहाँबाट बुझी कारवाही अगाडि बढाउनु पर्ने ।

**(निर्णय मितिः २०६५।२।८)**

**१५. राय परामर्श माग भएको विषयः**

हेलकप्टरको इन्जिन Overhaul गर्न ऐनको दफा ४१(१)(घ) अनुसारको प्रोपाइटरी सामान बमोजिम गर्न सकिने नसकिने ।

**राय परामर्शको व्यहोराः**

ऐनको दफा ४१(१)(घ) अनुसारको व्यवस्था हुनुपर्ने कुरा तहाँको पत्रमा उल्लेख भएकोमा यो व्यवस्था जडित संयन्त्रको पार्टपुर्जाको प्रतिस्थापन वा विस्तारका लागि आर्कषित हुने हो ।

तहाँको सन्दर्भ हेलिकप्टरको इन्जिन मर्मत तथा ओभरहल गर्ने रहेको हुँदा र त्यहाँको २०६५।२।५ को पत्रमा पनि मर्मत, ओभरहल निर्माता कम्पनी अथवा निर्माता कम्पनिको आधिकारिकता प्राप्त कम्पनी बाहेक अन्यत्र गर्न नमिल्ने कुरा उल्लेख भएको छ । उपलब्ध सूचना तथा ऐनको ४१(१)(ग) तथा नियम ८५(३) अनुसार हेर्दा उत्पादक कम्पनी Turbomeca Safran Group बाट निर्मित Ecureuil हेलिकप्टर Arriel 1D1 EngineMaintenance, Repair & Overall (MRO) गर्न उत्पादक कम्पनी वा MRO का लागि प्रमाणित आधिकारिक कम्पनी हुनुपर्ने देखिन्छ । खरिद सम्झौतामा पनि पार्टपुर्जा आपूर्ति तथा MRO व्यवस्था बारे उल्लेख भएको होला । तसर्थ Turbomeca बाट निर्मित Ecureuil हेलिकप्टरको इन्जिन MRO गर्न आधिकारिक प्रमाण पत्र प्राप्त कम्पनीहरू मध्ये उपयुक्त कम्पनीसँग गराउन सकिने ।

**(निर्णय मितिः २०६५।२।१३)**

**१६. राय परामर्श माग भएको विषयः**

सम्बन्धित विभागीय प्रमुख र पाँचजना प्राविधिक कर्मचारीले निर्धारण गरेको गुणस्तर अनुसार उच्चस्तरीय उपचार सामग्री उत्पादन गर्ने निर्माता वा अधिकृत विक्रेताको सूची तयार गरी पत्राचारबाट दरभाउ माग गरी खरिद गर्न सकिने नसकिने ।

**राय परामर्शको ब्यहोराः**

तहाँको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ८७(७) मा रहेको ब्यवस्था हेर्दा यसले सार्वजनिक खरिद ऐनको दफा ८ को ब्यवस्थालाई नियन्त्रण गर्ने देखिएकोले यस अनुसार खरिद गर्न मिल्ने देखिदैन । सोही नियमावलीको नियम ८८ अनुसारको सूचीबाट तोकिएको रकमको सिमाभित्र खरिद गर्न सकिने देखिन्छ ।

सार्वजनिक खरिद ऐनको ब्यवस्था भित्रबाट तहाँको आवश्यकता अनुसार गुणस्तरयुक्त औषधी खरिद गर्न सहयोगी हुनसक्ने ब्यवस्थाहरू निम्नानुसार रहेको ब्यहोरा अनुरोध छ ।

(१) ऐनको १०(१)(क) अनुसार औषधी उत्पादकमा हुनुपर्ने आवश्यक प्राविधिक योग्यता, उत्पादकसँग उपलब्ध उत्पादन सम्बन्धी उपकरणहरू, विगतको कार्य सम्पादन, वित्तिय क्षमता, पेशागत कसुरमा सजाय पाए नपाएको भन्ने जस्ता कुराहरू बोलपत्र सम्बन्धी कागजातमा समावेश गरी मुल्यांकन गर्न सकिने ।

(२) नियम २५(२)(ग) अनुसार औषधीको गुणस्तर संस्थाबाट स्पेसिफिकेसन तथा गुणस्तर सम्बन्धमा जारी गरिएको प्रमाण माग गर्न सकिने ब्यवस्था भएकोले विश्व स्वास्थ्य संगठनको प्रमाणिकरण योजना अनुसारको प्रमाणपत्र जसमा औषधीको Quanititative assays, chemical analysis, sterility progen content, uniformity, Microbial limit, basis of expiration dating जस्ता विषय समावेश हुन्छन्, माग गर्न सकिन्छ ।

(३) खरिद नियमावलीको नियम ११५ अनुसार खरिद गरिएका औषधीहरूको गुणस्तर परीक्षण त्यस केन्द्रबाट उपयुक्त प्रयोगशाला तथा समितिबाट गराउन सकिन्छ ।

**(निर्णय मितिः २०६५।२।१३)**

**१७. राय परामर्श माग भएको विषयः**

जी.आइ. वायरको आपूर्ति कार्यको लागि सम्झौता गरी सकेपछि भएको मूल्य समायोजन गर्न पाउने वा नपाउने ।

**राय परामर्शको ब्यहोराः**

प्रस्तुत खरिद सम्झौता मालसामानको लागि मात्र भएको देखियो । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) को मूल्य समायोजनसम्बन्धी प्रतिवन्धात्मक प्रावधान निर्माण कार्यको राष्ट्रिय बोलपत्रमा मात्र लागु हुने भएको हुँदा सो प्रावधान अनुसार प्रस्तुत मालसामान खरिद सम्झौतामा मूल्य समायोजनको प्रावधान लागू नहुने ।

(निर्णय मितिः २०६५।३।२२)

**१८. राय परामर्श माग गरिएको बिषयः**

सार्वजनिक खरिद ऐन, २०६३ मा जग्गा खरिद सम्बन्धी स्पष्ट ब्यवस्था नभए तापनि दफा २ को परिभाषा शीर्षक अन्तरगत (ग) मा सार्वजनिक खरिद ऐन, २०६३ मा जग्गा खरिद सम्बन्धी स्पष्ट ब्यवस्था नभए तापनि दफा २ को परिभाषा शीर्षक अन्तरगत (ग) मा "मालसामान" भन्नाले चल वा अचल जुनसुकै किसिमको वस्तु सम्झनुपर्दछ भन्ने ब्यवस्था भएको सन्दर्भमा नेपाल सरकारको स्वामित्वमा रहेको कृषि सामाग्री कम्पनी लिमिटेडसँग कोषले आपसी सहमतिमा तय भएको मूल्यमा जग्गा खरिद गर्न सक्ने नसक्ने ।

**राय परामर्शको ब्यहोराः**

मालसामानको परिभाषाभित्र चल अचल जुनसुकै किसिमको बस्तु भनिएको आधारमा जग्गालाई पनि मालसामान मान्नुपर्ने हुन्छ । तर अरु मालसामानको भन्दा जग्गाको प्रकृति, बजार, उपयोग आदि फरक हुने हुनाले मालसामान खरिदको कार्यविधि अनुसार जग्गा खरिद गर्न कठिनाई हुने देखिएको छ । जग्गा खरिदको छुट्टै कार्यविधि तय भई नसकेकोले एउटा सार्वजनिक निकायबाट विक्रीको लागि संस्थागत रूपमा निर्धारित मूल्यमा अर्को सार्वजनिक निकायले आफ्नो हितमा हुने ठहर गरेको जग्गा खरिद गर्न सकिने ।

**(निर्णय मितिः २०६५।४।२१)**

**१९. राय परामर्श माग गरिएको बिषयः**

(१) राशन ठेक्का माघ/पौषको लागि गराउँदै आएकोमा पेश्की दिदा माघ/आषाढ पहिलो र श्रावण पौषको दोस्रो किस्ता गरी २५ प्रतिशतका दरले २ पटक दिने गरेकोमा पेश्की एकमुष्ठ ५० प्रतिशत दिने हुनुपर्ने वा माघ/आषाढ र श्रावण/पौष गरी २ पटक बोलपत्र गराउनुपर्ने वा श्रावण/आषाढको लागि एक पटक बोलपत्र गराई ५० प्रतिशत पेश्की दिनुपर्ने ।

(२) श्रावण/पौषको दोस्रो किस्ता पेश्की तुरुन्त चालु बजेटबाट दिने निर्देशन गर्नुपर्ने ।

(३) श्रावण/पौष ठेक्का समाप्त भएपछि सम्बन्धित ठेकेदारहरूलाई दिएको भुक्तानी रकमको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा अनिवार्य पठाउनु पर्ने ।

(४) टेण्डर राख्दा पेश गरेको बैंक ग्यारेन्टी (विड वण्ड) टेण्डर नपरेको बोलपत्रदाताको बैंक ग्यारेन्टी फुकुवा गरी फयाक्सबाट अनिवार्य पठाउनुपर्ने, यदि बोलपत्र स्वीकृत भएपछि सम्झौता गरेको खण्डमा टेण्डर राख्दा पेश गरेको विट वण्ड फुकुवा गर्ने, ठेक्का सम्झौता अनुसार अन्तिम भुक्तानी लिई सकेपछि सम्झौता गर्दा पेश गरेको फरफरमेन्स वण्ड फुकुवा गर्नुपर्ने । पेश्की लिदा APG पेश गरी पेश्की लिएको हकमा पेश्की लिएको रकम पेश्की फछ्र्यौट भए अनुसार A.P.G. फुकुवा अनिवार्य गर्नुपर्ने नियम बनाउनुपर्ने देखिन्छ ।

(५) सार्वजनिक खरिद एने, २०६३ र नियमावली, २०६४ मा बोलपत्र दर्ता गर्दा जमानत बापत पेश गर्नुपर्ने बैंक ग्यारेन्टी दशकरोड भन्दा मुनिको १२० दिन सो भन्दा माथिको १५० दिनको पेश गर्नुपर्नेमा महिना २८, ३०, ३१, ३२ को हुने भएकोले दिन गन्तिका हिसाव नगरी ४ महिना ५ महिनाको मनि बैंक ग्यारैनटी माग गर्नुपर्ने ।

**राय परामर्शको ब्यहोराः**

(१) राशन ब्यवस्था धानवाली भित्र्याउने समय मिलाएर प्रत्येक वर्षको माघदेखि मिलाउने गरिएको हुनुपर्छ । पेश्की आर्थिक बर्षको अन्त्यमा फछ्र्यौट गरिसक्नुपर्ने ब्यवस्था हुनाले राशनको एउटै ठेक्कामा दुई पटक पेश्की दिनुपर्ने अवस्था भएको हो । एक वर्षको राशन खरिदको २ पटक वोलपत्र गराउने ब्यवस्था ब्यवहारिक हुँदैन । श्रावण देखि लागू हुने गरी राशनको बोलपत्र गर्दा यो धान रोप्ने समय पर्ने हुनाले अघिल्लो वाली सकिएको अवस्थामा अन्न महँगो हुने हुँदा हालको प्रचलित ब्यवस्था धानबालीको मौसमको हिसावले राखिएको उपयुक्त देखिन्छ ।

(२) श्रावण देखि पौषसम्मको अवधिका लागि पनि पेश्की दिने ब्यवस्था रहेको हुनाले कार्यालयमा केही ढिलो भएको कारणबाट यसो भनिएको हुनसक्छ । यो नियममा रहेको ब्यवस्था हुनाले यस्तो पेश्कीको लागि तहाँबाट बजेट सुनिश्चित गर्नुपर्ने तथा आपूर्तिकर्ताले राशन गोदाममा दाखीला गरी त्यसैको धितोमा पेश्की माग गरे खरिद मूल्यको ७५% सम्म पेश्की दिने ब्यवस्था गर्न उपयुक्त हुने ।

(३) ठेक्काको कार्य सम्पन्न भएपछि भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालय पठाउनै पर्ने विषय भएकोले नपठाउने गरेको भए सम्बन्धित तालुक कार्यालयबाट निर्देशन दिनुपर्ने ।

(४) खरिद सम्झौता भएपछि ३ दिनभित्र वीड ग्यारेन्टी फिर्ता गर्ने ब्यवस्था नियममा रहेकोले यो फिर्ता गर्ने काममा केही कठिनाई हुँदैन । तर फ्याक्सबाट पठाउनुपर्ने भन्ने माग अनुसारको ब्यवस्था भने सबै कार्यालयमा फ्याक्सको सुविधा उपलब्ध नहुने र भएपनि फ्याक्स कपि बैंकलाई मान्य हुने /नहुने निश्चित गर्नुपर्ने हुन्छ ।

ठेक्का सम्झौता अनुसार अन्तिम भुक्तानीपछि कार्य सम्पादन जमानत फुकुवा गर्नुपर्ने सम्बन्धमा सम्बन्धित कार्यालयले कार्य स्वीकार प्रतिवेदन दिएपछि अन्तिम भुक्तानी हुने र यसको साथमा कार्य सम्पादन जमानत वापतको रकम पनि फिर्ता हुने कानूनी ब्यवस्था छ । पेश्की लिदा पेश गरेको पेश्की वापतको बैंक जमानत पेश्की फछ्यौट भएपछि निश्चितरूपमा फुकुवा हुन्छ तर प्रत्येक पेश्की कट्टा पिच्छे फुकुवा गर्दै जाने काम बैंकको लागि र कार्यान्वयन इकाईको लागि प्रशासनिक जटिलता हुनाले ब्यवहारिक हुने देखिदैन ।

(५) बोलपत्र जमानतको मान्य अवधि सम्बन्धमा कानूनमा मान्य अवधि यति दिन भनी स्पष्ट किटानी भएको विषय हुनाले यसको मान्य अवधि महिनामा गणना गर्न मिल्दैन । हरेक महिनामा दिन फरक फरक भएकै कारणबाट महिनामा गणना गर्नुभन्दा दिनमा गणना गर्नु उपयुक्त हुने र बोलपत्र जमानतको अवधि दिन गन्तिका हिसावले गर्ने प्रचलन अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रचलन पनि हो । दिनमा किटानी भएपछि कुनै ब्याख्याको आवश्यकता नपर्ने गरी स्पष्टता दिइएको हुनाले दिनमा गणना गर्नु उपयुक्त हो । **(निर्णय मितिः २०६५।५।१७)**

**२०. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८८ मा व्यवस्था भए अनुरुप राशन लागत अनुमान तयार र स्वीकृत गर्न नियम ८८(२) अनुसार गठित समितिले ८८(१) मा तोकिएका आधारहरू बमोजिम लागत अनुमान स्वीकृत गर्नुपर्नेमा कार्यालय पिच्छे फरक फरक सामानका दर अंकहरू समिति समक्ष प्रस्तुत हुन आएको सन्दर्भमा एकै जिल्लाबाट स्वीकृत हुने एकै सामानको दर फरक फरक हुँदा समस्या आएको ।

**राय परामर्शको व्यहोराः**

राशन लागतको अंक सम्बन्धमा यस कार्यालयबाट हालसम्म कुनै नीति तय नभएको, तर एकै किसिमका, एउटै गुणस्तरका मालसामानको लागत अनुमान दर कार्यालयको माग अनुसार भिन्दाभिन्दै हुनु उपयुक्त हुने होइन । एउटै समितिबाट निर्धारण हुने एकै प्रकृति र एउटै गुणस्तरका सामानहरूको लागत अनुमान दर एउटै हुनुपर्ने तर स्थान विशेषमा ढुवानी खर्च थप लाग्ने अवस्थामा सो समायोजन गर्नु पर्ने गरी व्यवस्था हुनुपर्ने ।

**(निर्णय मितिः २०६५।८।१३)**

**२१. राय परामर्श माग भएको विषयः**

कुनै नयाँ गणमा राशन आपूर्ति गर्न असक्षम सावित भई ठेक्का तोडिई सकेको अवस्थामा नेपाली सेनाकै अर्को ब्यारेकबाट आवश्यक पर्ने राशन सामान आपूर्तिको ठेक्का निजको नाममा स्वीकृत सम्बन्धी प्रकृयागत कारवाही अगाडि बढाउन व्यवहारिक एवं कानूनी रूपमा उपयुक्त हुन्छ की हुँदैन ।

**राय परामर्शको व्यहोराः**

पत्रमा भएको विषय अध्ययन गर्दा ठेक्का तोड्ने क्रममा रहेको आपूर्तिकर्तालाई हाल हुने नयाँ राशन खरिद सम्बन्धमा समावेश गर्न उपयुक्त हुने नहुने भन्ने देखियो । यस सम्बन्धमा ठेक्का तोड्ने कारवाही गरी बैकल्पिक व्यवस्था सम्बन्धमा निर्देशन लिन तालुकमा पत्राचार भएको भन्ने सम्मको अवस्था रहेको देखियो । सम्बन्धित सार्वजनिक निकायले कालोसूचीमा राख्ने गरी निर्णय गरी यस कार्यालयमा पठाएको र यस कार्यालयबाट विचाराधिन रहेको अवधि सम्मका लागि त्यस्तो आपूर्तिकर्ता कारवाही उठाउने सार्वजनिक निकायका लागि सम्भावित कालोसूचीको आपूर्तिकर्ता मानिन सक्छ । तर कालोसूची सम्बन्धी कारवाही प्रारम्भ नै नभएको र ठेक्का तोड्नको लागि प्रारम्भ गरिएको कारवाही समेत अन्तिम नभएको अवस्थामा अर्को आपूर्तिको कारवाहीमा निजको सहभागिता रोक्न नमिल्ने ।

**(निर्णय मितिः २०६५।८।२१)**

**२२. राय परामर्श माग भएको विषय : राशन खरिदका सम्बन्धमा**

नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवाले विद्युतीकरण एवं मर्मत संभार कार्यको लागि आवश्यक पर्ने काठको पोल दि टिम्बर कर्पोरेशन अफ नेपालसँग सोझै खरिद गर्न सकिने/नसकिने ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ मा सोझै खरिद गर्न सकिने विभिन्न अवस्थाहरूका बारेमा उल्लेख भएको छ । सो अवस्था बाहेक सरकारी संस्थान विक्रेता भएकै कारणबाट यस्तो संस्थानसँग सोझै खरिद गर्न नसकिने ।

**(निर्णय मितिः २०६५।८।२१)**

**२३. राय परामर्श माग भएको विषयः**

मेशिनको स्पेसिफिकेशन तयार गर्ने क्रममा नयाँ खरिद गरिने मेशिनहरू आधुनिक प्रविधियुक्त भएकोले गत विगतमा नेपालका अन्य निकायहरूबाट खरिद गरिएका मेशिनहरूको मूल्यलाई आधार मान्दा धेरै फरक पर्न सक्ने देखिएकोले यसमा कस्तो प्रक्रियाबाट लागत अनुमान तयार गर्दा यथार्थता कायम हुन सक्दछ ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) अनुसार मालसामानको लागत अनुमान गर्दा सोही नियमावलीको नियम ८ र मालसामानको प्राविधिक स्पेसिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने व्यवस्था गरेको हुँदा सो अनुसारको विवरण निश्चित गर्नु

हुन र अन्तर्राष्ट्रिय बोलपत्र गर्ने भनिएको हुँदा स्थानीय बजारमा सोही स्पेसिफिकेशनको मुद्रण यन्त्र र प्रि प्रस मुद्रण उपकरण खरिद गरिएको भए सो को प्रचलित दररेटलाई आधार लिन सकिने हुँदा सो नियमावलीको नियम ११(२)(ख) अनुसार आधार लिन सकिन्छ । तर स्पेसिफिकेशन मिल्ने अवस्था नभएमा नियम ११(२)(क)(ग) र (घ) समेतको आधार लिई लागत अनुमान तयार गर्न सकिने व्यवस्था भएको हुँदा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय बजारमा त्यस्तो मेशिन तथा उपकरण उत्पादन गर्ने सम्बनिधत देशका उत्पादकहरूसँग दररेट माग गर्न सकिने र उपलब्ध भएका अन्य आधार समेतलाई विचार गरी मालसामानको बर्तमान बजार दर प्रतिविम्वित हुने व्यवस्थाको आधारमा लागत अनुमान अद्यावधिक हुनुपर्ने व्यवस्था गर्नुपर्ने । अन्तराष्ट्रिय उत्पादकहरूबाट प्राप्त दररेट र अन्य आधारहरू समेतबाट प्राप्त दररेट समेत विचार गरी मिल्दो स्पेसिफिकेशन भएका दररेटहरूको सरदर मूल्य गणना गरी लागत अनुमान तयार गर्न सकिने ।

**(निर्णय मितिः २०६५।८।२४)**

**२४. राय परामर्श माग गरिएको बिषयः**

नेपाल सरकारको श्रोततर्फ विनियोजन भएको रकमबाट कम्प्युटर तथा प्रिन्टरहरू खरिद गर्न कारवाही गरिएकोमा सामानको स्पेसिफिकेशन तथा बोलपत्र सम्बन्धी कागजातहरू मिति २०६५।७।१५ को निर्णयले स्वीकृत भई बोलपत्र आव्हान गरिएको । यस बोलपत्र कागजात (Bid Document) साथ रहेको Technical Specification मा कम्प्युटरको वारेन्टीका लागि 3 years for parts and service भनी तोकिएको छ । यसमा दर्ता दाखिला भएको बोलपत्र मध्ये उत्पादकबाट Standard warranty 1 yesr on site उल्लेख गरिएको बोलपत्र पनि प्राप्त भएको छ तथापि बोलपत्रदाताले 3 years for parts and service को clause मा सहमति जनाई बोलपत्र दाखिला गरेको स्थिति छ । यस्तो अवस्थामा उक्त बोलपत्र सारभुत रूपमा प्रभावग्राही हुने वा नहुने विषयमा द्विविधा पर्न गएको ।

**राय परामर्शको व्यहोराः**

कार्यालयबाट तयार गरिएको Technical Specification मा कम्प्युटरको warranty का लागि 3 years for parts and service भनी तोकिएको र उत्पादकबाट Standard Warranty 1 year on site उल्लेख गरी बोलपत्र समेत राखेको तर बोलपत्रदाताले कार्यालयबाट माग भए बमोजिम 3 years for parts and service को clause मा सहमती जनाएको व्यहोरा समेत सोही पत्रमा खुलेको देखिएकोमा मालसामान उत्पादकले मात्र यस्तो प्राविधिक स्पेसिफिकेशनको प्रत्याभूति गर्न सक्ने हुँदा उत्पादकको सहमति विना आपूर्तिकर्ताले दिएको सहमति गुणस्तर र कार्य सम्पादनको सन्दर्भमा मान्य हुने देखिदैन । यस्तो बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(२) देहाय (घ) बमोजिम प्राविधिक स्पेसिफिकेशन पुरा नगर्ने बोलपत्र भएकोले सारभूत रूपमा प्रभावग्राही मान्न नसकिने ।

**(निर्णय मितिः २०६५।८।२८)**

**२५. राय परामर्श माग गरिएको बिषयः**

कार्यालयलाई आवश्यक पर्ने स्टेशनरी तथा अन्य सामान बोलपत्रका माध्यमबाट खरिद गर्न बोलपत्र आव्हान गरिएको थियो । प्राप्त बोलपत्रहरू अध्ययन गर्दा जुन जुन आइटममा जुन जुन बोलपत्रदाताको कम मूल्य छ सोही अनुरुप आंशिक बोलपत्र स्वीकृत गर्दा कार्यालयलाई कम खर्च लाग्ने भएकाले मूल्यांकन समितिको सिफारिसमा आंशिक बोलपत्र स्वीकृत गरिएको थियो । आंशिकरूपमा स्वीकृत भएका बोलपत्रहरूमध्ये केहीले सम्झौता गरिसकेका र तीनवटा बोलपत्रदाताहरू (नवज्योति इन्टरप्राइजेज, न्यु सुयोग इन्टरप्राइजेज र न्यु नेपाल सप्लसार्य) सम्झौता गर्न नआएकाले पुनः १५ दिनको म्याद दिई सम्झौता गर्न बोलाउँदा समेत सम्पर्कमा नआएकाले उक्त बोलपत्रदाताहरूले पेश गरेको बैंक जमानत (बिडबन्ड) जफत गर्ने प्रयोजनका लागि सम्बन्धित बैंकहरूमा पत्राचार गरिएको थियो । तत्पश्चात उपर्युक्त बोलपत्रदाताहरूले आफुले कबोल गरेको कबुल रकमको २.५% नभई आंशिक रूपमा स्वीकृत भएको रकमको २.५% रकम जफत गर्नुपर्ने निवेदन दिएका छन् । आंशिक रूपमा स्वीकृत भएको बोलपत्रको सम्बन्धमा सम्झौता नै नगरेको अवस्थामा कबोल गरेको कुल रकमको २.५% को बैंक जमानत गर्ने वा स्वीकृत रकमको २.५% रकम जफत गर्ने भन्ने विषयमा दुविधा पर्न गएको ।

**राय परामर्शको व्यहोराः**

बोलपत्रदाताहरूलाई बोलपत्र सम्बन्धी सूचना प्रकाशित गरी बोलपत्र फाराम वितरण गर्दा नै बोलपत्र फाराम मध्ये स्वीकृत हुने नहुने, आंशिक स्वीकृत हुने, बोलपत्र स्वीकृत भए अनुसार सम्झौता गर्न नआए तथा सम्झौता गरिसकेपछि सम्झौता बामेजिमका

सामान नल्याएमा धरौटी रकम तथा बैंक जमानत जफत गर्ने जानकारी समेत बोलपत्रदाताले फाराम किन्दै पाइसकेको हुँदा उल्लेखित शर्त वोलपत्रदाताले मान्न बाध्यकारी हुनुपर्ने हुन्छ । नमानेको खण्डमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ५ बमोजिम निजको बोलपत्रको जमानत रकम जफत गर्ने कानूनी व्यवस्था रहेको छ । बोलपत्रदाताले भरेको सामानमध्ये बोलपत्रमा पूर्व उल्लेखित शर्त अनुसार कार्यालयले आंशिक रूपमा लिने निर्णय गरेको अवस्थामा, बोलपत्रलदाताले निजले कबोल गरेको कुल रकमको २.५% बैंक जमानत जफत गर्नु उपयुक्त नहुने देखिएकोले आंशिक निर्णयको रकमको २.५ प्रतिशत बैंक जमानत जफत गर्न कानून सुंगत हुने देखिन्छ । कालोसूचीमा राख्नुपर्ने अवस्थाका सम्बन्धमा हेर्दा निजको वोलपत्र जमानत जफत गरिसकेपछि सम्झौता गर्न नआएको कसुरको सजाय पुरा हुने देखिन्छ । तर यस्तो बोलपत्रदाता जसले सम्झौता गर्न नआई उसको जफत हुने वोलपत्र जमानत रकममध्ये धेरै बढी कबोल गरेको अर्को वोलपत्रदाताको वोलपत्र स्वीकृत गर्नुपर्ने अवस्था सिर्जना गर्ने गरेको देखिएमा त्यस्तो गर्ने वोलपत्रदातालाई कालोसूचीमा राख्ने कारवाही चलाउन उपयुक्त हुने ।

**(निर्णय मितिः २०६५।१०।३)**

**२६. राय परामर्श माग गरिएको बिषयः**

तेश्रो घटीवाला बोल कबोल प्रा.लि.को आर्थिक तथा प्राबिधिक पक्ष दुबै स्वीकार्य भएकोले बोलवपत्र स्वीकृतिको लागि छनौट गरी बिभागको प.सं.२०३१/स्वदेश/बोलपत्र/ ०६५।६६/२५८, मिति २०६५।१०।२३ को पत्रबाट टेण्डरदाता सबैलाई आसयको जानकारी दिएकोमा प्राप्त बोलपत्रदाता मध्ये एकले सबैभन्दा कम दररेट आफ्नु फर्मको भएको आव्हान गरिएको बोलपत्रमा बुटको स्पेसिफिकेशनमा बुटको सोलको डिजायन दर्ता बारे कहीं कतै उल्लेख नगरिएकोमा आफ्नो फर्म प्रति पूर्वाग्रही भएर सोलको डिजायन माग गरिएको र सबैभन्दा घटी दररेट हुंदा हुंदै पनि आफ्नो कम्पनीले ठेक्का नपाएकोले पुनराबलोकन गरी पाउँ भनी यस बिभागबाट गरिएको निर्णय प्रति असहमति जनाई लिखित निबेदन पेश गरेको । निज बोलपत्रदाताको सबैभन्दा घटी दररेट भएतापनि डि.एम.एस.बुटको बार्षिक उत्पादन क्षमता स्पष्ट नभएको, बुट स्तरीय नभएको, निजले बिराट बुट इण्डष्ट्रिजको बुटको सोलको नमूना हुवहु नक्कल गरेको सम्बन्धमा उद्योग बिभागसंग राय माग गर्दा तेश्रो घटीवाला बोलकबोल बोलपत्रदाताको बुटको सोलको डिजायन उद्योग बिभागमा दर्ता भएको र उक्त सोलको डिजायन कसैले नक्कल गर्न वा प्रयोग गर्न नपाउने भनी लेखी आएको हुंदा बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा द्बिबिधा पर्न गएकोले कानूनी परामर्श उपलब्ध गराई दिनुहुन अनुरोध भएको ।

**राय परामर्शको ब्यहोराः**

(१) यस कार्यालयसंग राय परामर्श माग गर्दा बोलपत्रदाताहरूको नाम, कबोल अंक आदि उल्लेख नगरी परामर्श माग गरिएको बिषय मात्र खुलाउनु पर्ने ।

(२) तहांबाट माग भएको बोलपत्रमा दिईएको स्पेसिफिकेशन, डिजाईन, जे दिईएको हो त्यसै अनुसार मात्र बोलपत्र मूल्याङ्कन गर्नु पर्ने । मूल्याङ्कन गर्दा क्रमैसंग कानूनी ग्राह्यताको आधार पूरा गरेको, पूर्णताको परिक्षणबाट पूर्ण ठहरिएको, सारभूत रूपमा प्रभावग्राही भएको न्यूनतम मूल्याङ्कित बोलपत्र स्वीकृत गर्नु पर्ने ब्यवस्था बारे तहांलाई बिदितै हुनाले अमुक बोलपत्रदाताको कबोल अंक घटी भएको बढी भएको भन्नु भन्दा माथि उल्लेख भएको क्रममा मूल्याङ्कन गर्दै जाँदा जुन बोलपत्र न्यून मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहर्छ सोही बोलपत्र स्वीकृत गर्नु पर्ने ।

**(निर्णय मितिः २०६५।११।८)**

**२७. राय परामर्श माग गरिएको बिषयः**

सुरक्षा सामरिक वा प्रतिरक्षा सामाग्री आपुर्ति गर्ने कार्यबिधि २०६४ को दफा १० मा लिखित रूपमा बोलपत्र माग गर्नुपर्ने भनिएकोमा मुख्य बिदेशी कम्पनी वा लोकल एजेण्टसंग माग गर्नु पर्ने स्पष्ट नभएकोले द्बिबिधा परेको ।

**राय परामर्शको ब्यहोराः**

सार्बजनिक खरिद नियमावली २०६४ को नियम २५ को उपनियम ३ मा “आपुर्ति गरिने मालसामान बोलपत्रदाता वा पूर्ब योग्यताको प्रस्ताबदाता आफैले नबनाउने वा उत्पादन नगर्ने भएमा त्यस्तो मालसामानको उत्पादकले बोलपत्र वा पूर्ब योग्यताको लागि प्रस्ताब पेश गर्ने, मालसामान आपुर्ति गर्ने र जडान गर्ने सम्बन्धी अधिकार आफुलाई एकलौटी रूपमा रीतपूर्बक प्रदान गरेको कुरा प्रमाणित गर्ने कागजात बोलपत्रदाता वा पूर्ब योग्यताको प्रस्बताबदाताले पेश गर्नु पर्ने छ” भन्ने कानूनी ब्यवस्था रहेको हुंदा तहांको सन्दर्भमा उत्पादकबाट लोकल एजेन्टले उल्लिखित आधिकारिक कागजात पेश गरेको भए सोही कागजात अनुसार गर्न सकिने ।

**(निर्णय मितिः २०६५।१२।५)**

**२८. राय परामर्श माग गरिएको बिषयः**

सार्बजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा (३) को खण्ड (ग) मा बोलपत्रदाताको र निजले उल्लेख गरेको मालसामानको ग्राह्यता (इलिजिविलिटी) प्रमाणित गर्ने कागजात पेश भए नभएको बारे सोही ऐनको दफा २३ को उपदफा २ बमोजिम बोलपत्र मूल्याङ्कन गर्नु अघि मूल्याङ्कन समितिले निर्क्यौल गर्नु पर्ने भन्ने उल्लेख भएको, मालसामानको ग्राह्यता ( इलिजिविलिटी) सम्बन्धी ढांचा र ब्याख्या कस्तो हुनु पर्ने हो द्विबिधा परेको ।

**राय परामर्शको ब्यहोराः**

मालसामानको ग्राह्यता (इलिजिविलिटी) को सम्बन्धमा Bidding Document को Section IX अनुसार Eligibility सम्बन्धी कुनै ढांचा तयार गरी जारी गर्नु पर्ने विषय नभएको र सार्बजनिक निकायले खरिद गरिने मालसामानका सम्बन्धमा आवश्यक देखेमा यस सम्बन्धी प्रमाण बोलपत्रदाताले पेश गर्नु पर्ने कुरा सार्बजनिक निकायले उल्लेख गर्नु पर्ने र सोही अनुसार बोलपत्रदाताले पेश गर्ने ब्यवस्था हुनु पर्ने ।

**(निर्णय मितिः २०६५।१२।६)**

**२९. राय परामर्श माग गरिएको बिषयः**

मालसामान खरिदको लागी प्रयोग गरिने बोलपत्रसम्बन्धी कागजातको बोलपत्रदातालाई निर्देशन र Section-III Bidding Data को Clause 31-4 (b) र (f) एक आपसमा नमिलेकोले प्रष्ट पार्नु पर्ने हुनाले राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

Instruction to bidders अन्तर्गत Clause 31 को मूलशिर्षक Evaluation & Comparison भीत्र Clause 31.4 (b) मा Delivery Schedule को acceptable range भीत्रपर्ने तर निर्धारीत Schedule भन्दा ढिलो हुने अवस्थामा Schedule भीत्रको time lineMeet गर्ने र नगर्ने बोलपत्रदातालाई समानआधारमा तुलना गर्ने प्रयोजनको लागी समायोजन गर्न गणना गर्ने प्रयोजनको लागी Bidding data मा प्रति हप्ता वा प्रति दिनका दरले प्रयोग गर्ने अंक खुलाउनु पर्ने ब्यवस्था छ । त्यसैलाई Bidding data मा 0.1% per day of value of delayed goods भनि निर्धारण गर्ने आधार स्टयाण्डर्ड बोलपत्रसम्बन्धी कागजातमा परेको हो ।

Clause 31-4(f) मा खरिद गरिने मेशिन उपकरणको बोलपत्र मूल्याङ्कन गर्न जीवनचक्र लागत पद्धती अपनाइने भए Bidding data मा मेशीन उपकरणको आयु, मेशिन उपकरणको आयु भरी लाग्ने संचालन खर्च मर्मत सम्भार खर्च र यस्ता खर्चलाई वर्तमान मूल्यमा Discount गर्न प्रयोग गरिने दर समेत खुलाउनु पर्ने ब्यवस्था हो अथवा वैकल्पिक रूपमा उक्त कुराको सट्टामा मेशिन उपकरणको जिवनचक्र लागतको मुल्याङ्कन गर्न मालसामानको प्राविधिक विवरणमा वा बोलपत्रसम्बन्धी कागजातको अन्य कुनै खण्डमा उल्लेख गरिएको ब्यवस्था अनुसार पनि गर्न सकिने भनिएको छ ।

तर यसरी जुनसुकै तरिकाले जिवनचक्र लागतको मुल्याङ्कन गरिएपनि यस्तो मुल्याङ्कनमा Evaluation Advantage को रूपमा आउने रकम वा प्रतिशत SCC मा उल्लेख भएको पूर्व निर्धारीत क्षतिको रकमभन्दा कम हुनुपर्छ भनी बोलपत्रसम्बन्धी कागजात तयार गर्ने निर्देशन दिइएको हो ।

उक्त विश्लेषणको आधारमा Bidding data को clause 31.4 (b) र (f) को सन्दर्भ फरक फरक भएपनि Evaluation Advantage Contractual Liquidated damage भन्दा बढी हुन नहुने अवस्थामा Bidding data को 31.4(b) मा रहेको 0.1% per day रहंदा Per Week 0.7% हुन्छ जवकि Contractual Liquidated Damage 0.05% per day हुँदा 0.35 % per week हुने हुन्छ । यसरी Inland transportation, delivery schedule, deviation in payment schedule, cost of spare parts, spare parts & after sales service, operating &Maintenance cost आदिमा भएका सानातिना फरकको मुल्याङ्कन गर्दा कवोल अंकको १५% भन्दा बढी भएमा त्यस्तो बोलपत्र सारभूत रूपमा प्रभावग्राही नहुने हुनाले यो सिमाभित्र कायम रहनु आवश्यक हुन्छ । Delivery schedule को deviation लाई पनि 0.35 % per week राख्नु पर्ने र ITB को 31.4 (b) को Delivery Schedule मा Adjustment Per week भनिएकोले एकरुपताको लागि Bidding data को 31.4(b) मा रहेको 0.1 % per day को सट्टा 0.35% per week कायम गरी सच्याइने ब्यहोरा अनुरोध छ ।

**(निर्णय मितिः २०६६।१।२१)**

**३०. राय परामर्श माग गरिएको बिषयः**

सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ अनुसार नेपाली सेनाको सम्भार रथी विभागबाट सूचिकृत गरिएका कम्पनी वा फर्महरूसँग मातहत कार्यालयले खरिद कारवाही अगाडि बढाउन मिल्ने नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि निर्देशिका, २०६४ को क्षेत्र तथा प्रकृया अन्तरगत रही चालु आर्थिक वर्षको खरिद कारवाहीको लागि तयार गरेको आपूर्तिकर्ताहरूको सूचीमा आफ्नो आवश्यकता बमोजिमको सामान आपूर्ति सम्बन्धी कारोवारमा संलग्न आपूर्तिकर्ताहरू पर्याप्त रहेको देखिएमा त्यस्तो सूचीका आधारमा सो आर्थिक वर्ष भरी निर्धारित खरिद विधि अपनाई खरिद कारवाही अगाडि बढाउन सकिने देखिन्छ ।

**(निर्णय मितिः २०६६।२।८)**

**३१. राय परामर्श माग गरिएको बिषयः**

मूल्यांकन समितिको सिफारिस बमोजिमको अमुक बोलपत्र स्वीकृत भए अनुसार प्रतित पत्र खोल्ने स्वीकृति दिन उपयुक्त हुने भन्ने सिफरिस सहितको परामर्श ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, नियम, निर्देशिकामा उल्लिखित कुनै कुराका सम्बन्धमा स्पष्ट नभएको, द्विविधा भएको अवस्था खुलाई माग गरिएको विषयमा यस कार्यालयबाट परामर्श दिनुपर्ने ब्यवस्था छ । तहाँको उक्त पत्रको सन्दर्भमा सार्वजनिक खरिद ऐनको दफा ६५(२) अनुसार अमुक कम्पनीलाई दिने वा नदिने भन्ने यस कार्यालयको अधिकार क्षेत्रमा पर्ने विषय नभएकोले यस कार्यालयबाट राय परामर्श दिनुपर्ने अवस्था नरहेको ।

**(निर्णय मितिः २०६६।२।८)**

**३२. राय परामर्श माग गरिएको बिषयः**

स्पेसिफिकेशनमा फरक परेको, आधिकारिक पत्र नभएको तथा प्रोसेसरको मोडेल नखुलेको सम्बन्धमा बोलपत्रदातासँग सोध्न मिल्ने नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्रदाता आफैं उत्पादक नभएको र उत्पादकबाट खरिद नियमावलीको नियम २५(३) अनुसार आफुलाई एकलौटी रूपमा प्राप्त आधिकारिक पत्र पेश नगरेको, स्पेसिफिकेशन बमोजिमको भन्दा कम क्षमता देखिने जसबाट कार्यसम्पादनमा प्रभाव पार्ने हुनाले यस्तो विषय र माग गरेको स्पेसिफिकेशन अनुसार कुन मोडेलको सामान दिने प्रस्ताव गरेको हो त्यस्तो मोडेलको ब्रोसर, स्पेसिफिकेशन समेतका आधारमा बोलपत्रसम्बन्धी कागजातमा दिइएका प्राविधिक स्पेसिफिकेशन बमोजिम मेल खाए नखाएको हेर्नुपर्ने हुनाले यस्ता जानकारी प्राप्त हुँदा वा नहुँदा बोलपत्रको स्तरमा हेरफेर हुने हुनाले पूर्णताको परीक्षणको क्रममा यस्तो जानकारी माग गर्न नमिल्ने ।

**(निर्णय मितिः २०६६।२।८)**

**३३. राय परामर्श माग गरिएको बिषयः**

बीरेन्द्र अस्पतालको लागि आवश्यक पर्ने ५००ःA (or above) X-RayMachine खरिदको लागि प्रतितपत्र खोल्न स्वीकृति दिने विषयमा राय परामर्श माग गरी पठाइएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायले गरेको निर्णय बमोजिम प्रतित पत्र खोल्न उपयुक्त हुने भनि पेश भएको सिफारिस अनुसार स्वीकृति भएको बोलपत्रदातालाई Beneficiary बनाई प्रतितपत्र खोल्ने स्वीकृति दिन सकिने जानकारी दिने निर्णय भएको ।

**(निर्णय मितिः २०६६।३।१६)**

**३४. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्र स्वीकृत हुँदा निश्चित भएको उत्पादक कम्पनीको वस्तु निकासी अनुमती पत्र प्राप्त नभएको अवस्थामा सो भन्दा Superior Specification भएको अर्को मुलुकको उत्पादन खरिद गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः-** प्रस्तावित अर्को मुलुकको मेशिनको मूल्य साबिकको मेशिन भन्दा बढी पर्ने तर आपूर्तिकर्ताले खरिद सम्झौता मूल्य मै आपूर्ती गर्ने सहमत भएको अवस्थामा साबिकको तुलनामा बढी गुणस्तरीय र सुबिधायुक्त रहेको कुरा सार्वजनिक निकायलाई लागेमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ बमोजिम खरिद सम्झौतामा संशोधन गरी सोही अनुसार गर्न सकिने ।

**(निर्णय मितिः २०६६/७/८)**

**३५. राय परामर्श माग गरिएको बिषयः**

राशन ठेक्काको लागि सिलबन्दी बोलपत्र आव्हान गरिएकोमा सो को बोलपत्र फाराममा बिस्कुट (क) नेविको ग्लुकोज (ख) नेविको थिन आरारोट भनी उल्लेख भएकोमा, एक बोलपत्रदाताले बोलपत्र फाराम भरी पेश गर्दा बोलपत्रसाथ पेश गरेको बिस्कुटको नमुनामा नेविको ग्लुकोज बिस्कुट ६०० ग्राम र कोकोनट बिस्कुट ५०० ग्राम पेश गरेकोमा निजको बोलपत्र स्विकृतीको लागि सिफारिस भएकोमा सो बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ तथा ऐ. नियमावली, २०६४ बमोजिम नभएकोले सूचनामा माग गरिए बमोजिमको बिस्कुटको पुरा नमुना पेश गर्ने बोलपत्रदाताको बोलपत्र स्विकृत गराई पाउँ भनी अर्का सारभूत रूपमा प्रभावग्राही ठहरीएको बोलपत्रदाताले निवेदन पेश गरेकोमा निर्णयमा पुग्न द्विविधा भएको ।

**राय परामर्शको ब्यहोराः**

यस खरिद कार्यको प्रारम्भमा नै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ को प्रावधान बमोजिम भएको नदेखिदा ऐ. ऐनको ब्यवस्था अनुसार नयाँ खरिद कारवाही प्रारम्भ गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६६/१०/२१)**

**३६. राय परामर्श माग गरिएको बिषयः**

स्पेशिफिकेशनभन्दा केही फरक रहेको बोलपत्रलाई सानातिना फरकमा समावेश गरी निर्णय गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

स्पेशिफिकेशनभन्दा केही फरक रहेको, बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित क्षेत्र, गुणस्तर, विशेषता, शर्त, कार्य सम्पादन वा अन्य कुनै आवश्यकतामा फरक र गम्भिर असर नपर्ने सार्वजनिक निकायलाई स्वीकार्य फरकलाई सानातिना फरकमा समावेश गरी निर्णय गर्न मिल्ने ।

**(निर्णय मितिः २०६७/१/२७)**

**३७. राय परामर्श माग गरिएको बिषयः**

सुरक्षा समाग्री खरिद गर्नका लागि बोलपत्र आव्हान गर्दा सम्बन्धित देशको राजदूतावासबाट जारी भएको No Objection Certificate राख्नु पर्ने भनी शर्त राख्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सुरक्षा सामाग्री खरिद गर्नका लागि बोलपत्र आव्हान गर्दा सम्बन्धित देशको सरकार वा राजदूतावासबाट No Objection Certificate प्राप्त गरेका बोलपत्रदाताबाट बोलपत्र पेश गर्नु पर्ने शर्त राख्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६७/२/४)**

**३८. राय परामर्श माग गरिएको बिषयः**

सिसौको गोलिया काठ लिलाम बिक्रि गर्न भएको सम्झौता बमोजिमको साइजका काठ सार्वजनिक निकायले उपलब्ध गराउन नसकेपछि अन्य काठ/गोलिया सम्झौता दर भन्दा २० प्रतिशत कम दरमा खरिद गर्न पाउँ भनी खरिदकर्ताले निवेदन सहित माग गरेकोमा निवेदन माग भए बमोजिम बिक्रि गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

लिलाम बिक्रिका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ आकर्षित नहुने ।

**(निर्णय मितिः २०६७/२/६)**

**३९. राय परामर्श माग गरिएको बिषयः**

दरभाउपत्र फारामको प्रति इकाई मुल्य उल्लेख गर्ने महलमा दुईवटा सामानको बैकल्पिक मुल्य उल्लेख गरेको तर कुल जम्मा रकम कम मुल्यको आधारमा गुणा गरी खुलाइएको दरभाउपत्रलाई मुल्यांकनमा समावेश गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोरा ः-** स्पेशिफकेशनसँग मेल खाने भएमा त्यस्तो दरभाउपत्रलाई मुल्यांकनमा समावेश गर्न मिल्ने ।

**(निर्णय मितिः २०६७/२/११)**

**४०. राय परामर्श माग गरिएको बिषयः**

(१) विदेशी निर्माता कम्पनीले एक International Limited लाई Agent for Supply and Delivery of goods को रूपमा, अर्को एक कम्पनीलाई Authorized Local Agent को रूपमा नियुक्त गरेको देखिँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ (३) बमोजिम मान्यता दिन मिल्ने/नमिल्ने ।

(२) प्राविधिक परीक्षणबाट सफल भएको बोलपत्रको एउटा आइटममा स्पेशिफिकेशन बमोजिम ६.५ mm हुनु पर्नेमा सो बमोजिम नभई ६.०० mm उल्लेख भएकोलाई स्वीकृत गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

(१) प्राप्त कागजातहरूबाट एउटा कम्पनी मात्र मेरो Authorized Agent हो भनी पछिल्लो मितिमा विदेशी निर्माता कम्पनीले सार्वजनिक निकायलाई Fax मार्फत पत्र पठाएको देखिँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ (३) बमोजिम मान्यता दिन द्विविधा नरहेको ।

(२) सम्बन्धित सार्वजनिक निकायलाई स्वीकार्य हुने सानातिना फरक भएमा त्यस्तो बोलपत्र सारभूतरूपमा प्रभावग्राही बोलपत्र मानिने ब्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ (६) मा भएको हुँदा उक्त फरक सार्वजनिक निकायलाई स्वीकार्य भएमा स्वीकृत गर्न मिल्ने ।

**(निर्णय मितिः २०६७/३/२१)**

**४१. राय परामर्श माग गरिएको बिषयः**

छपाई सम्बन्धी कार्यको लागि बोलपत्र आव्हान गरिएको सूचनामा मूल्यांकनको आधार खुलाउँदा छापाखानाको बार्षिक कारोवार पछिल्लो तीन आ.ब. को सरदर रु. पच्चीस लाख हुनुपर्ने भन्ने उल्लेख गरिएकोमा सो बमोजिमको विवरण पेश नभएको बोलपत्रलाई मान्यता दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदातालाई दिईएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको साथै बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको योग्यताको आधार बमोजिम योग्य भए वा नभएको सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ बमोजिम बोलपत्र परीक्षण गर्नुपर्ने ।

**(निर्णय मितिः २०६७।५।२१)**

**४२. राय परामर्श माग गरिएको बिषयः**

कार्यको संवेदनशिलता र आवश्यकता अनुसार खरिद गरिने सामानको नाम/ब्राण्ड तोकेर दरभाउपत्र माग गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम मालसमानको विवरण तयार नभएको हुँदा सोही ऐनको दफा ३(२) बमोजिम खरिद बदर तथा अमान्य हुने ।

**(निर्णय मितिः २०६७।५।२७)**

**४३. राय परामर्श माग गरिएको बिषयः**

गोरखकाली रबर उद्योग लिमिटेडबाट उत्पादित टायरहरू सरकारी तथा अर्ध सरकारी संस्थाहरूले प्राथमिकता दिई सोझै खरिद गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

गोरखकाली रबर उद्योग लिमिटेडबाट उत्पादित टायरहरूको खपत सरकारी तथा अर्ध सरकारी संस्थाहरूले प्राथमिकता दिई प्रयोग गरी दिन अनिबार्य रूपमा खरिद गरी दिने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ ले विशेष व्यवस्था गरेको छैन । स्वदेशी मालसामानलाई प्राथमिकता दिने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १७ ले विदेशी मालसामानभन्दा नेपालमा उत्पादित मालसामान दश प्रतिशतसम्म महंगो भए तापनि नेपाली मालसामान नै खरिद गर्नु पर्ने व्यवस्था गरेकोले सोही बमोजिम बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्ने । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (१)(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अन्तरगत रही गोरखकाली रबर उद्योग लिमिटेडबाट उत्पादित टायरहरू सोझै खरिद गर्न सकिने ।

**(निर्णय मितिः २०६७।८।२०)**

**४४. राय परामर्श माग गरिएको बिषयः**

उद्देश्यमा गल्ला किरानाका सामान खरिद बिक्री तथा जनरल अडर सप्लायर्स भनी उल्लेख भएको फर्मले खाद्य सामाग्री सप्लाई गर्न मान्यता पाउँछ/पाउदैन ।

**राय परामर्शको ब्यहोराः**

गल्ला किरानाको सम्बन्धमा घरेलु तथा साना उद्योग कार्यालयले गरेको व्यख्यालाई दृष्टिगत गर्दा सो कागजातलाई मान्यता दिनु पर्ने देखिन्छ । **(निर्णय मितिः २०६७।८।२४)**

**४५. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्र आव्हान गर्दा पेश हुन आएका कुनै पनि बोलपत्र सारभूतरूपमा प्रभावग्राही नभएकोले कच्चा पदार्थ खरिद गर्न नसकिएको । हाल उद्योग वन्द हुने अवस्था श्रृजना भएकोले यसलाई विशेष परिस्थिति मानी तत्काल खरिद गर्न सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

लिमिटेडको पत्र संख्या, च.नं. १३२।०६७।६८ र मिति २०६७।८।२१ गतेको पत्रमा उल्लेख भए बमोजिम खरिद कारबाही गर्न उपयुक्त नहुने ।

**(निर्णय मितिः २०६७।८।२८)**

**४६. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्रको मुल्य सूची फाराम भर्दा प्रति युनिट दर रेटमा अंक र अक्षर अगाडि रु./पैसा उल्लेख नभएको बोलपत्रलाई मान्यता दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

प्रति युनिट दररेट उल्लेख गर्दा अंक र अक्षर अगाडि रु./पैसा नलेखिएको बोलपत्रलाई मान्यता दिन मिल्ने ।

**(निर्णय मितिः २०६७।९।५)**

**४७. राय परामर्श माग गरिएको बिषयः**

पहिलो पटक आव्हान गरिएको बोलपत्र रद्द गरी पुनः माग गरिएको बोलपत्रसाथ बैंक जमानत नराखी पहिलो पटक पेश गरेको जमानतको म्याद थप गरिएको पत्र संलग्न भएकोले सो लाई मान्यता दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

बिरामीको लागि रासन आपूर्ती सम्बन्धी एक पटक बोलपत्र माग भई सोलाई रद्द गरी पुनः बोलपत्र माग गरेको कारणले बोलपत्रदाताले सो रासन ठेक्का प्रयोजनको लागि बैंक जमानत सम्बन्धी कागजात बनाई पहिलो पटक बोलपत्रका साथ पेश गरेकोमा पुनः माग भएको बोलपत्रको लागि सोही प्रयोजनको लागि तयार गरेको बैंक जमानत सम्बन्धी कागजातमा नपुग म्याद थप गरी बैंक जमानत सम्बन्धी पेश गरेको कागजातलाई सम्बन्धीत बैंकले पुष्टि गर्ने गरी पत्र लेखी सकेको अवस्थालाई बोलपत्रदाताले बैंक जमानत सम्बन्धी कागजात पेश नगरेको भन्न नमिल्ने हुँदा सार्वजनिक खरिद ऐनको दफा २१(२) को अवस्थामा जमानत जफत गर्दा सम्बन्धीत बैंकले रकम प्रदान गर्ने अवस्था यकीन गरी साथै ऐ. ऐनको दफा २३ को उपदफा (२)(ग)

बमोजिमको जमानतको किसिम, अवधि र रकम बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम भए वा नभएको हेरी आवश्यक निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६७।८।१३)**

**४८. राय परामर्श माग गरिएको बिषयः**

पेश हुन आएका बोलपत्रहरू मध्ये सबैभन्दा न्यूनतम कबोल गर्ने बोलपत्रसाथ पेश भएका नमुनाहरू मध्ये एक आइटममा ५०० ग्राम हुनुपर्नेमा ४८३ ग्राम मात्र भएको यसलाई स्वीकृत गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

तात्विक फरक र गम्भीर असर नपर्ने सार्वजनिक निकायलाई स्वीकार्य साना तिना फरक भएका बोलपत्रहरूलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१(६) बमोजिम सारभूतरूपमा प्रभावग्राही मानिने हुँदा उल्लेखित बोलपत्रलाई सारभूतरूपमा प्रभावग्राही मानी कारबाही गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६७।८।१३)**

**४९. राय परामर्श माग गरिएको बिषयः**

पेश भएका बोलपत्रहरू खोली परीक्षण तथा मुल्यांकनबाट न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही ठहरिएको बोलपत्रको कबोल अंक गत आ.व.को भन्दा ६८.४३ प्रतिशतले अस्वभाविक रूपमा बृद्धि भएको देखिएको यस बोलपत्रलाई रद्द गरी पुनः बोलपत्र आव्हान गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ बमोजिम मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा, कुनै पनि बोलपत्र सारभूतरूपमा प्रभावग्राही नभएमा, न्युनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभूतरूपमा बढी भएमा वा माग गरेको मालसामान आवश्यक नभएमा सम्पूर्ण बोलपत्र अस्वीकृत गर्न वा खरिद कार्य रद्द गर्न सकिने ।

**(निर्णय मितिः २०६७।८।२५)**

**५०. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्रसाथ इलिजिबिलिटीको कागजात पेश नगरेकोले सो कागजात सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (४) र (५) साथै दफा २५ को स्पष्टीकरण अनुसार बोलपत्रदातासँग माग गरी समावेश गर्न सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

सम्बन्धित निकायबाट विभागमा समर्थनको लागि पठाइसकेको अवस्था विद्यमान देखिँदा चियापतीको ब्याच नं. समेत तत्काल उल्लेख नभए पनि सो बोलपत्रलाई सानातिना फरक भएका बोलपत्रको रूपमा सार्वजनिक निकायले स्वीकार गरेको देखिएको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१(६) मा बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित क्षेत्र, गुणस्तर, विशेषता, शर्त, कार्यसम्पादन वा अन्य कुनै आवश्यकतामा तात्विक फरक र गम्भीर असर नपर्ने सार्वजनिक निकायलाई स्वीकार्य सानातिना फरक भएका बोलपत्रहरूलाई सारभूतरूपमा प्रभावग्राही बोलपत्र मानिनेछ भनी उल्लेख भएको र यसले बोलपत्रको मुल्यमा समेत केही प्रभाव पर्ने नदेखिँदा सानातिना फरक भएका बोलपत्र सार्वजनिक निकायलाई स्वीकार्य हुने भएमा मुल्यांकनमा समाबेश गरी खरिद कारबाही अगाडि बढाउन सकिने ।

**(निर्णय मितिः २०६७।८।२६)**

**५१. राय परामर्श माग गरिएको बिषयः**

खरिद सम्झौता गर्नका लागि कार्य सम्पादन जमानत दाखिला गरी सम्झौता गर्न आएकोमा तालुक अड्डामा गुनासो परेको हुँदा निर्देशन बमोजिम सम्झौता नगरिएको/हाल निजसँग सम्झौता गर्न सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

राशन आपूर्ती सम्बन्धी कागजातहरू अध्यायन गर्दा दर्ता भएका १७ वटा बोलपत्रहरूको परीक्षण गर्दा १५ वटा अर्थात ८८.२३ प्रतिशत असफल भएको अवस्थालाई खरिद प्रकृयामा स्वच्छता, प्रतिष्पर्धा तथा विश्वसनियता भएको पुष्टि हुने आधारहरू

देखिदैन । खरिद प्रकृया त्रुटी पूर्ण भएको बिषयमा उजुरी पर्न आएको र सो सम्बन्धी माथिल्लो निकाय पृतनाले गरेको छानविनमा समेत ४ वटा सारभूतरूपमा प्रभावग्राही बोलपत्र रहेको भन्ने ठहर गरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमको कार्यविधि अनुकुल खरिद कार्यबाही नभएको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(२) आकर्षित हुने ।

**(निर्णय मितिः २०६७।८।२७)**

**५२. राय परामर्श माग गरिएको बिषयः**

पाँच आइटमका सामानहरू आपूर्ती गर्ने गरी सम्झौता भएकोमा तीन आइटमका सामानहरू आपूर्ती गरी बाँकी दुई आइटमका सामानहरू आपूर्ती गर्न नसकेकोले ठेक्का सम्झौता अन्त्य गरिएको/सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५८ (३) बमोजिम आपूर्तिकर्ताबाट असूल गरिने क्षतिपूर्ती कुल सम्झौता रकमको नै लिने कि सप्लाई नगरी बसेको आइटमको मुल्यको आधारमा लिने।

**राय परामर्शको व्यहोराः**

खरिद सम्झौता बमोजिम आपूर्तीकर्ताले तोकिएको म्यादमा मालसमान नदिई ढिलाई गरेको अवस्थामा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले क्षतिपूर्ती दिनुपर्ने सम्बन्धमा उल्लिखित सम्झौताको दफा १५ मा Total Contract Price को आधारमा क्षतिपूर्ती तिर्नुपर्ने उल्लेख भएको तथा सोही सम्झौताको दफा २ मा Total Contract Price कति हुने भन्ने स्पष्ट व्यवस्था भएकोले कुल रकममा द्विविधा रहने अवस्था देखिदैन । उल्लिखित खरिद सम्झौतामा आपूर्तीकर्ताले सम्झौता बमोजिमको मालसमान नदिएको अवस्थामा सो सम्झौताको दफा १७ आकर्षित हुने र सो बमोजिम कबोल गरेको वस्तु खरिद गर्दा बढि रकम लागेको अवस्थामा त्यस्तो रकम समेत कार्य सम्पन्न नगर्ने आपूर्तीकर्ताबाट असूल गर्नुपर्ने तथा त्यस्तो आपूर्तीकर्ताको कार्य सम्पादन जमानत समेत जफत हुने हुँदा सो सम्झौताको दफा १७ बमोजिम गर्न तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(१) समेत आकर्षित हुने ।

**(निर्णय मितिः २०६७।८।२७)**

**५३. राय परामर्श माग गरिएको बिषयः**

(क) वोलपदाताले वोलपत्र सँगसँगै बोलपत्रमा उल्लेख भएको दरभन्दा ०.०३ पैसा घटीमा सामान आपूर्ती गर्ने व्यहोराको निबेदन अर्को सिलवन्दी खाम समेत दर्ता गराएकोमा त्यस्तो वोलपत्रलाई मुल्याङ्कन गर्न मिल्ने/नमिल्ने ।

(ख) घोषणापत्र संलग्न नभएको बोलपत्रको बोलपत्रदातासँग पछि घोषणा पत्र माग गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

बोलपत्रसाथ पेश गरेको दररेट संशोधन प्रस्तावको मूल्यांकन गर्न मिल्ने तर बोलपत्रसाथ पेश गर्नु पर्ने घोषणापत्र पेश नगरेकोमा पछि माग गर्न नमिल्ने ।

**(निर्णय मितिः २०६७।१०।१८)**

**५४. राय परामर्श माग गरिएको बिषयः**

वोलपत्रदाताले वोलपत्रसाथ पेश गरेको कागजातमा Country of Origin को महलमा Nepal उल्लेख भएको आधारमा निजलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १७ वमोजिम नेपाली उद्योगको रूपमा ग्राहयता दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

विदेशी मालसमानभन्दा नेपालमा उत्पादित मालसमान दश प्रतिशत महंगो भए तापनि नेपाली मालसमान सार्वजनिक निकायले खरिद गर्नुपर्ने तथा खरिद गरिने मालसमान नेपालमा उत्पादित भएको भन्ने पुष्टि गर्ने कागजात आवश्यक हुने हुँदा आपूर्तीकर्ताले सम्बन्धित निकायले नेपालमा उत्पादित वस्तु हो भनी प्रदान गरेको प्रमाण-पत्र (Country of Origin Cetrificate) बोलपत्रसाथ पेश गर्नुपर्ने र सो कुरा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख हुनुपर्ने ।

**(निर्णय मितिः २०६७।११।२३)**

**५५. राय परामर्श माग गरिएको बिषयः**

आपूर्तिकर्ताले सम्झौतामा निर्धारण गरिएको समय अवधिभित्र सम्झौता वमोजिम आपूर्ति गर्नु पर्ने सामान केही वा सवै परिमाणमा आपूर्ती नगरेमा सम्झौता रकमको ०.०५% प्रतिदिन पूर्व निर्धारित क्षतिपूर्ती आपूर्तीकर्ताबाट गराइने व्यवस्था भएको । यस सम्झौतामा आपूर्ती तालिका समेत रहेकोमा सो तालिका वमोजिम तोकिएको समय अवधि भित्र कुनै परिमाणमा सामान आपूर्ती भएन । सो समय व्यतित भएपछि पनि ५ पटक गरेर सामान आपूर्ती गरेकोले ती तोकिएको परिमाणको सामानको ढिला भएको सवै दिनको प्रतिदिन क्षतिपूर्ती भराउने वा निजले विभिन्न मितिमा आपूर्ती गरेको परिमाणको सामान संख्या क्रमशः घटाई हिसाव गरी आउने रकम वरावर मात्र क्षतिपूर्ती भराउने ।

**राय परामर्शको ब्यहोराः**

प्रत्येक पटक आपूर्ती गरेको राहदानी पुस्तिका संख्या क्रमसः घटाई सो संख्याको मुल्यको आधारमा हिसाव गरी आउने रकम बरावरको मात्र सम्झौता बमोजिम भराउनु पर्ने पूर्व निर्धारित क्षतीपूर्ती निर्धारण गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६७।१२।६)**

**५६. राय परामर्श माग गरिएको बिषयः**

सामान, उपकरण मर्मत र संभार गर्नको लागि निर्माता कम्पनीको Authorized Agent संग मात्र कोटेशन माग गरी गर्न सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा(१) को खण्ड (घ) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(५) अनुसार प्रोप्राइटरी मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था भएको र यसरी सोझै खरिद गर्दा साविक सम्झौता मुल्यको तीस प्रतिशत मुल्यसम्म मात्र गर्न सकिने व्यवस्था रहेको । उपरोक्त व्यवस्था कार्यान्वयन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८६ को उपनियम (१) को खण्ड (घ) बमोजिम सोझै खरिद गर्नु अघि प्रस्तावित निर्माण व्यवसायी, आपूर्तीकर्ता, परामर्शदाता वा अन्य सेवा प्रदायकबाट प्रस्ताव गरिएको मुल्य उचित भए वा नभएको यकिन गरेर मात्र खरिद गर्नु पर्ने । यसरी यकिन गर्दा ऐ. नियमावलीको नियम ८६ को उपनियम (२) बमोजिम गर्न सकिने । मर्मत गर्नु अघि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) बमोजिम लागत अनुमान तयार गर्नु पर्ने, सो लागत अनुमान सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ बमोजिम स्विकृत गरी कुन विधि प्रक्रियाबाट मर्मत संभार गर्ने हो, सो सम्बन्धमा आधिकारिक निकायबाट निर्णय समेत हुनु पर्ने ।

**(निर्णय मितिः २०६७।१२।१६)**

**५७. राय परामर्श माग गरिएको बिषयः**

सूचीकरण हुँदा आफैले उत्पादन गरेको सामानहरू उपलब्ध गराउने भनी उल्लेख भएको तर बोलपत्रमा अर्को कम्पनीबाट उत्पादन भएको सामान उपलब्ध गराउने उल्लेख गरेकोले यस्तो बोलपत्रलाई कारबाही गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

यस सम्बन्धमा यस कार्यालयको मिति २०६७।१०।२३ गतेको निर्णयानुसार जारी गरिएको परिपत्रको नं. ७ मा उल्लेख भए बमोजिम गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।२।५)**

**५८. राय परामर्श माग गरिएको बिषयः**

CT Scan Machine मर्मत गर्नु पर्ने । सो मर्मत कार्य उत्पादक कम्पनीबाट मात्रै हुने भन्ने वुझिन आएकोले सोझै मर्मत कार्य गराउन सकिने/नसकिने र विदेशी मुद्रामा भुक्तानी दिन सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

तोकिएको सीमाभित्रको प्रोप्राइटरी स्वरुपको अतिरिक्त मालसामान वा सेवा सोझै खरिद गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१(१) को खण्ड (घ) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(५), ८५(७) तथा ८६ ले गरेको व्यवस्था बमोजिम गर्नुपर्ने साथै अन्तर्राष्ट्रियस्तरमा खरिद गर्नुपर्ने भएमा बिदेशी मुद्रामा भुक्तानी गर्न सकिने ।

**(निर्णय मितिः २०६८।२।२)**

**५९. राय परामर्श माग गरिएको बिषयः**

वोलपत्र खरिद तथा दाखिला, खोलुवा, सम्झौता गर्ने तथा वोलपत्र स्वीकृत नभएमा धरौटी रकम फिर्ता लिन तथा अन्य उक्त वोलपत्र सम्बन्धी सम्पूर्ण कार्य गर्ने गरी अख्तियारनामा दिएकोमा सो प्रतिनिधीलाई सम्पुर्ण अधिकार हुने/नहुने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (३) को खण्ड (क) मा ब्यवस्था भएको सम्बन्धमा सम्बन्धित निकायबाट अख्तियारनामाको परीक्षण गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।२।९)**

**६०. राय परामर्श माग गरिएको बिषयः**

टेलिफोन मनिटरिङ्ग संयन्त्र खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ (१) वमोजिम सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को उपदफा (१) को (क) बमोजिम सुरक्षा, सामरिक वा प्रतिरक्षा सम्बन्धी सामान खरिदमा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमको प्रकृया अपनाउनु नपर्ने सम्बन्धमा त्यस्तो खरिद राष्ट्रिय सुरक्षा वा प्रतिरक्षा सम्बन्धी दृष्टिकोणबाट खुला रूपमा गर्न उपयुक्त नहुने भनी नेपाल सरकारले निर्णय गर्नु पर्ने हुन्छ । सोही ऐनको दफा ६७ को उपदफा (२) बमोजिम खुला रूपमा खरिद गर्न नहुने कारण खुलाई तत्सम्बन्धी छुट्टै कार्यविधि समेत निर्धारण गर्नु पर्ने हुन्छ । यस प्रकारको अवस्थामा खुल्ला प्रतिस्पर्धा वा मौजुदा सूची तयार गरी खरिद गर्दा गोपनियता नरहने देखिन्छ । अतः कार्यविधि निर्धारण गर्दा सम्बन्धित उत्पादकसँग वार्ता गरी सोझै खरिद गर्ने तथा Single Source Procurement Method अपनाउन उपयुक्त हुने।

**(निर्णय मितिः २०६८।२।२४)**

**६१. राय परामर्श माग गरिएको बिषयः**

हाई इनर्जी बिस्कुटको WFP तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागद्धारा तोकिएको निश्चित गुणस्तर मापदण्डहरूको पूर्णरूपमा परीक्षण गर्ने प्रविधि नेपालमा नभई अन्तर्राष्ट्रिय प्रयोगशाला गुणस्तर परीक्षण गर्नु पर्ने भएकोले बर्ग यकिन र बार्षिक वा बहुबर्षीय खरिद प्रकृया सम्बन्धमा द्विविधा भएको ।

**राय परामर्शको ब्यहोराः**

राशनमा समाबेश भएका आइटम मध्ये केही आइटमको तोकिएको गुणस्तर मापदण्डहरूको पुर्णरूपमा परीक्षण गर्ने प्रविधि नेपालमा नभई अन्तर्राष्ट्रिय प्रयोगशालामा गुणस्तर परीक्षण गराई गुणस्तर यकिन भए पश्चात उपभोग गर्नुपर्ने र त्यस्ता राशनका आइटमहरू स्थानीय स्तरको ठेक्काबाट आपूर्ती गर्दा गुणस्तर यकिन नहुने तथा मुल्य र गुणस्तरमा एकरुपता कायम नहुने तर माग संग्रह गरी एकिकृत टेण्डर प्रकृयामा संलग्न गरी आपूर्ती ब्यवस्था गर्दा गुणस्तर यकिन गर्न सकिने कारण देखाई हाइ इनर्जी विस्कुटको वर्ग यकिन गर्ने सम्बन्धमा राय माग गरिएकोमा यस कार्यालयको मिति २०६८।३।१० गतेको निर्णयानुसारको राय :-

(१) खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने विषयमा सार्वजनिक निकायले निर्णय गर्न सक्ने । खरिदको अन्य कुनै विकल्प भए त्यस्तो विकल्प अनुसार खरिद कारबाही गर्न सकिने हुँदा राशनमा समाबेश भएका आइटम मध्ये गुणस्तरलाई यकिन गर्न आवश्यक पर्ने आइटमहरूको माग संग्रह गरी एकिकृत खरिद प्रकृयामा संलग्न गरी आपूर्ती ब्यवस्था ब्यवस्था गर्न सकिने

तर बहुवर्षीय खरिद प्रकृयामा जान उपयुक्त नहुने । के कस्तो राशनका आइटमहरूलाई एकिकृत खरिद प्रकृयामा संलग्न गरी छुट्टै खरिद सम्झौता गर्ने सम्बन्धमा सार्वजनिक निकायले निर्णय गर्नुपर्ने ।

(२) खरिद कार्यमा गुणस्तर यकिन गर्दा त्यस्तो वस्तुको उत्पादन तथा वितरण क्षमतालाई स्पष्टरूपमा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्दा उपयुक्त हुने । गुणस्तरको मापदण्ड तोक्दा NS वा ISO प्राप्त गरेको भन्ने बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्न सकिने तथा बाहय मुलुकबाट आपूर्ती गरिने वस्तुहरूको हकमा त्यस्तो वस्तु Shipment गर्नुपूर्व अन्तर्राष्ट्रियस्तरमा मान्यता प्राप्त निकायले तोकिए बमोजिमको गुणस्तरीय वस्तु हो भन्ने प्रमाण पत्र (Third Party Inspection Certificate) दिनु पर्ने कुरा अनिबार्य गर्ने ।

(३) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (३क) बमोजिम कुनै सार्वजनिक निकायलाई आवश्यक पर्ने मालसामानको उत्पादक नेपालमा एउटा मात्र भएको र अन्य उपयुक्त विकल्प नभएमा खरिद गर्ने सार्वजनिक निकायको प्रमुखले सोही ब्यहोरा अभिलेख गरी उत्पादकसँग सोझै खरिद गर्न सक्ने हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (तेस्रो संशोधन सहित) को प्रकृया पुऱ्याई राशनका त्यस्ता आइटमहरूको माग संग्रह गरी एकिकृत खरिद गर्न सकिने ।

**(निर्णय मितिः २०६८।३।१०)**

**६२. राय परामर्श माग गरिएको बिषयः स्वीटेन्ड कन्डेन्स मिल्क खरिद सम्बन्धमा ।**

नेपाली सेनाको निमित्त खरिद भैरहेको स्वीटेण्ड कण्डेन्स मिल्क बोलपत्रको माध्यमबाट खरिद भैरहेको सन्दर्भमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (३क) बमोजिम सोझै खरिद गर्ने सम्बन्धमा राय परामर्शका लागि लेखी आएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

राशनमा समाबेश भएका आइटमहरू मध्ये केही आइटमहरू स्थानीय स्तरको ठेक्काबाट आपूर्ती गर्दा गुणस्तर यकिन नहुने तथा मुल्य र गुणस्तरमा एकरुपता कायम नहुने तर मांग संग्रह गरी एकिकृत खरिद गर्दा गुणस्तर यकिन गर्न सकिने कारण देखाइ रक्षा मंत्रालयबाट हाइ इनर्जी बिस्कुटको वर्ग यकिन गर्ने सम्बन्धमा राय माँग गरिएकोमा त्यस्ता आइटमको संग्रह गरी एकिकृत खरिद गर्न सकिने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (३क) का सम्बन्धमा समेत स्पष्ट गरी यस कार्यालयबाट मिति २०६८।३।१२ मा राय उपलब्ध गराइ सकेको पुनः स्वीटेण्ड कण्डेन्स मिल्कको खरिदमा उल्लेखित नियमको प्रयोगको सन्दर्भमा रक्षा मन्त्रालयबाट राय माग गरेको देखिन्छ । नियम ८५ को उपनियम (३क) अनुसार खरिद गर्दा सार्वजनिक निकायलाई आवश्यक पर्ने आइटमको उत्पादक नेपालमा एक मात्र भएको र अन्य उपयुक्त विकल्प नभएको कुराको पुष्टाइ साथ निर्णय गर्नुपर्ने हुन्छ । राशन आपूर्तीका सम्बन्धमा सुरक्षा निकायको supply history बाट उल्लेखित आइटमहरू एक मात्र स्वदेशी उत्पादकको उत्पादन आपूर्ती भइ रहेको छ तथा आवश्यकता बमोजिम गुणस्तरीय छ र बोलपत्र आब्हान गर्दा समेत सोही उत्पादनको आपूर्ती हुने अवस्था देखिने साथै प्रतिस्पर्धात्मक टेण्डर प्रकृयाबाट कायम भएको मुल्यभन्दा उत्पादकले सार्वजनिक गरेको मुल्य घटी समेत भएको अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (३क) बमोजिम खरिद गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।५।१७)**

**६३. राय परामर्श माग गरिएको बिषयः सोझै खरिद सम्बन्धमा ।**

शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रले खरिद गरेको मुटुको Angioplasty/Angiography गर्ने Philips Co. को Cathlap Machine मर्मत गर्नु पर्ने अबस्थामा रहेको । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (५) मा "ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (घ) बमोजिमको प्रोप्राइटरी मालसामान सोझै खरिद गर्दा साविक सम्झौता मूल्यको तीस प्रतिशत मुल्यसम्म खरिद गर्न सकिनेछ" भन्ने उल्लेख भएकोले उक्त मेशिन मर्मत गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रकमको सीमा नाघ्ने भएको । यस केन्द्रको आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६७ (५) मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (१) को खण्ड (घ) बमोजिमको प्रोप्राइटरी मालसामान सोझै खरिद गर्दा एक पटकमा साविक सम्झौता मुल्यमा नबढ्ने गरी खरिद गर्न सकिनेछ भनी उल्लेख भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (५) को सीमाभित्र रहनु पर्ने वा नपर्ने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

प्रोप्राइटरी मालसामानको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(५)मा 'ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (घ) बमोजिमको प्रोप्राइटरी मालसामान सोझै खरिद गर्दा साविक सम्झौता मुल्यको तीस प्रतिशत मुल्यसम्म खरिद गर्न सकिनेछ' भनी स्पष्ट रूपमा उल्लेख भएकोले प्रोप्राइटरी मालसामान खरिद गर्दा ऐ. नियम बमोजिमको सीमाभित्र रही खरिद गर्न उपयुक्त हुने । **(निर्णय मितिः २०६८।५।२८)**

**६४. राय परामर्श माग गरिएको बिषयः पेश्की फछर्यौट सम्बन्धमा ।**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८२ को उपनियम (३) मा भएको प्रावधान बमोजिम राशन आपूर्तिकर्ताको मासिक विल रकमको ५० प्रतिशतको हिसावले कट्टा गर्ने गरकोमा म.ले.प. ले प्रश्न उठाएकोले आपूर्तिकर्ताको प्रत्येक महिनाको विल रकमको ५० प्रतिशत बरावरको रकम कट्टा गर्ने कि प्रत्येक महिनाको विलबाट उपलब्ध गराएको कुल पेश्की रकमको ५० प्रतिशतका दरले कट्टा गर्ने हो, द्धिविधा भएको भनी राय परामर्शका लागि लेखी आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८२ को उपनियम (३) मा सार्वजनिक निकायले उपनियम (१) बमोजिम दिएको पेश्की रकम आपूर्तीकर्ताको प्रत्येक महिनाको बिलबाट ५० प्रतिशतको हिसावले कट्टी गरी चालु आर्थिक बर्षको अन्तसम्ममा सम्पूर्ण पेश्की रकम असूल गरिसक्नु पर्नेछ भनी स्पष्ट रूपमा उल्लेख भएको हुँदा चालु आर्थिक बर्ष र आर्थिक बर्षको पौष मसान्तसम्ममा (दुवै पटकको) पेश्की रकम असूल गर्न आपूर्तीकर्ताको प्रत्येक महिनाको बिल रकमको ५० प्रतिशतको हिसावले कट्टा गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।६।१)**

**६५. राय परामर्श माग गरिएको बिषयः सिलवन्दी दरभाउपत्र सम्बन्धमा ।**

दर्ता हुन आएका सिलवन्दी दरभाउपत्र मध्ये सवैभन्दा घटी दरभाउपत्र पेश गर्ने फर्मको शर्तनामामा उल्लेख भएको कामको अवधि अनुसार राख्न पर्ने जमानत भन्दा कम जमानत रकम राखी दरभाउपत्र पेश गरेकोले सारभूतरूपमा प्रभावग्राही नभएको एवं उक्त दररेट भन्दा वढी दररेटका दरभाउपत्र स्वीकृत गर्न कठिनाई परेको भनी राय परामर्शका लागि लेखी आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद (तेस्रो संशोधन) नियमावली, २०६८ मा भएको ब्यवस्था अनुसार प्रतिकुल भएकोले ताहाँ डिभिजनको सिफारिस अनुसार उक्त खरिद कारबाही रद्द गरी सार्वजनिक खरिद नियमावली, २०६४ को तेस्रो संशोधनको प्रकृया अपनाई खरिद प्रकृया अघि बढाउनु उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।६।२८)**

**६६. राय परामर्श माग गरिएको बिषयः  हाई इनर्जी विस्कुट खरिद सम्बन्धमा ।**

नेपाली सेनाले विगत वर्षहरूमा आपूर्ती गरी आएको खरिद मुल्य र सार्वजनिक खरिद नियमावली, २०६४ (तेस्रो संशोधन सहित) को नियम ८५ को उपनियम (३क) वमोजिमको प्रकृया पुरा गरी आपूर्ती गर्दा नेपाल सरकारलाई प्रतिवर्ष रु १४,५५,६०,४२३।२० वचत हुने भनी उल्लेख गरी हाई इनर्जी विस्कुट आपूर्ती सम्बन्धमा साविक भैंm सिलवन्दी वोलपत्रको माध्यमद्वारा वा सार्वजनिक खरिद नियमावली, २०६४ (तेस्रो संशोधन सहित) को नियम ८५ (३क) वमोजिमको प्रकृया पुरा गरेको एक मात्र स्वदेशी उद्योगबाट सोझैं खरिद गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

स्वीटेण्ड कन्डेन्स मिल्क आपूर्तीका सम्बन्धमा नेपाली सेनाको खरिदको supply history बाट देखिएको तथ्यगत अवस्थामा यस कार्यालयको मिति २०६८।५।१७ को निर्णयानुसार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (३क) बमोजिम खरिद गर्न उपयुक्त हुने राय पठाई सकिएको छ । हाइ इनर्जी बिस्कुट आपूर्तीका सम्बन्धमा नेपाली सेनाको खरिदको Supply history सम्बन्धी तथ्यगत विवरण संलग्न गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (३क) बमोजिम खरिद गर्ने विषयमा रक्षा मन्त्रालयबाट राय माग गरिएकोमा यस कार्यालयको प.सं. ०६८।६९(कानून शाखा), च.नं. २१३ मिति २०६८।५।१८ को पत्रबाट पठाईएको रायलाई दृष्टीगत गर्न हुन तथा हाइ इनर्जी बिस्कुट आपूर्तीको Supply history बाट देखिएको तथ्यगत अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (३क) बमोजिम खरिद गर्न उपयुक्त हुने । **(निर्णय मितिः २०६८।७।२४)**

**६७. राय परामर्श माग गरिएको बिषयः मिलोमतो सम्बन्धमा ।**

एक सप्लायर्सले आफ्नो फर्मको नाममा आफैं उपस्थित भई बोलपत्र खरिद गरेको र निजले अख्तियारी पत्रबाट समेत अन्य दुई वटा फर्महरूको समेत गरी तीनवटा वोलपत्र खरिद गरेको र वोलपत्रहरू खोल्दा सोही रूपमा ती तिनैवटा वोलपत्रमा

प्रतिनिधित्व गरेको र ती तीनवटा बोलपत्र मध्ये बिरामी डाइट तर्फको राशन आइटम संख्या २३ मा निजको आफ्नो फर्म र निजले प्रतिनिधित्व गरेको एकवटा फर्मको दररेट तथा जम्मा कबोल दर मिलेको देखिएकोले एउटै फर्मले तिनवटा फर्मको प्रतिनिधित्व गर्न मिल्ने वा नमिल्ने र दुईवटा फर्मको प्रत्येक आइटमको कबुल दर र जोड जम्मा एउटै भएकोलाई मिलेमतो गरेको प्रमाणित हुने/नहुने ?

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (६) बमोजिम बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्र रद्द हुने ।

**(निर्णय मितिः २०६८/८/१३)**

**६८. राय परामर्श माग गरिएको बिषयः एकाइ दर सम्बन्धमा ।**

बोलपत्र आव्हान गर्ने सार्वजनिक निकायले बोलपत्र सम्बन्धि कागजातको मुल्य सुची फाराममा कुखुराको फुल गोटा भनी उल्लेख गर्नु पर्नेमा के.जी. भनी उल्लेख भएकोमा बोलपत्रदाताहरूबाट राशन सामानको आपूर्ति तालिकामा उल्लेख भएको फुलको परिमाणलाई गोटा नै मानी जम्मा रकम भरेकोमा एक बोलपत्रदाताले कागजातमा के.जी. उल्लेख भएकोले के.जी. अनुसार नै दररेट कायम गरी ठेक्काको मुल्यांकन हुनुपर्ने भनी निवेदन दिएकोले बोलपत्रको मुल्यसची फाराममा प्रिन्ट मिस्टेक मात्र भएको र प्रायोजित रूपमा मिस्टेक भएको नदेखिएकोले राशन सामानको आपूर्ति तालिकाको आधारमा के.जी.लाई गोटा कायम गरी न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही ठहर गरेको बोलपत्र स्विकृत गर्न मिल्ने/नमिल्ने ?

**राय परामर्शको व्यहोराः**

उल्लिखित विषयमा बोलपत्र स्वीकृतिको लागि सिफारिस भै सकेको देखिन आएकोले स्वीकृत गर्ने/नगर्ने सम्बन्धीत सार्वजनिक निकाय आफैले निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८/८/१४)**

**६९. राय परामर्श माग गरिएको बिषयः बोलपत्र संशोधन सम्बन्धमा ।**

आ.व. २०६८।६९ सालको राशन बन्दोवस्तका लागि आव्हान भएको बोलपत्र सम्वन्धी सूचना बमोजिम दर्ता भउका बोलपत्रहरू एक बोलपत्रदाताले बोलपत्र संशोधनका लागि सबै आइटमहरूमा यति प्रतिशतका दरले मुल्य घटाई नयाँ दररेट कायम गरिदिनु भनी निवेदन दर्ता भएको र अर्को एक बोलपत्रदाताले संशोधित दररेट फारम नै तयार गरी सो फारम निवेदन सहित बोलपत्र संशोधन दर्ता गरएकोले दुवै बोलपत्रदाताले पेश गरेको संशोधन प्रस्ताव नियम संगत हुने/नहुने ?

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ (१) र ऐ. नियमावली, २०६४ को नियमा ५८(१) मा बोलपत्रदाताले एक पटक पेश गरेको बोलपत्र संशोधन गर्न बोलपत्र पेश गर्ने अन्तिम मिति र समय समाप्त हुनु अगावै सिलवन्दी निवेदन दिन सक्नेछ भनी उल्लेख भएकोले उल्लिखित दफा र नियम अनुसार पेश भएका दुवै संशोधन मान्य नहुने देखिदैन । **(निर्णय मितिः २०६८।८।२७)**

**७०. राय परामर्श माग गरिएको बिषयः दररेट भरेको सम्वन्धमा ।**

बोलपत्र सम्वन्धी कागजातको मूल्य सूची फाराममा उल्लेख भएको सि.नं. १८ को विविध प्रयोजनको लागि आवश्यक पर्ने मट्टितेलको प्रति लिटर रुपैया दर नभरेको बोलपत्रलाई मुल्यांकनमा समावेश गर्न मिल्ने/नमिल्ने ?

**राय परामर्शको व्यहोराः**

मूल्यसूची फारमको अन्त्यमा नोट नं. १ मा सि.नं. १८ मा उल्लिखित विविध प्रयोजनको लागि आवश्यक पर्ने मट्टितेलको कबुल दर राशन आइटमहरूको दररेटमा जोडिने छैन र मूल्यांकन समेत गरिने छैन र नं. २ मा सि.नं. १ देखि १६ सम्मका भर्नु पर्ने सम्पूर्ण महलहरू अनिवार्य रूपमा भरी पेश गर्नु पर्नेछ भनी उल्लेख भएकोले सो सि. नं. १८ नभरे पनि फरक नहुने देखिएकोले सि.नं. १८ मा दर रेट नभरेको बोलपत्रलाई मुल्यांकनमा समावेश गर्न उपयुक्त हुने । **(निर्णय मितिः २०६८।८।२८)**

**७१. राय परामर्श माग गरिएको बिषयः मुल्यांकन समितिको प्रतिवेदन सम्बन्धमा ।**

राशन ठेक्काको लागि तोकिएको समय अवधि भित्र दर्ता भएका वोलपत्रहरू मध्ये नियमानुसार फिर्ता लिने बोलपत्रदाताहरूले फिर्ताको लागि सिलवन्दी निवेदन दिए अनुसार भर्पाइ गरी फिर्ता दिए पश्चात् बाँकी बोलपत्रहरू खोलिएको । खोलिएका बोलपत्रहरू मध्ये मुल्यांकन समितिबाट न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही ठहर भएको बोलपत्र सहितको फायल पुनरावलोकनका लागि तालुक अड्डा मार्फत श्री प्रवन्धरथी विभाग (खाद्य र परिवहन) मा पठाइएकोमा दर्ता भएका बोलपत्रहरू मध्ये नियमानुसार फिर्ताको लागि शिलवन्दी निवेदन दिने बोलपत्रदाताहरूको निवेदन समयभित्र दर्ता भए पनि समय जनाई दर्ता गर्नु पर्नेमा दर्ता गरेको नपाइएको र फिर्ता गर्दा बोलपत्र खोल्न तोकिएको समय १३ः०० बजे अगावै फिर्ता गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८ को उपनियम (२) र (३) बमोजिमको प्रक्रिया पुरा नभएकोले सो ठेक्काको सम्वन्धमा ऐन, नियमको परिधिभित्र रही प्रक्रियागत कारवाहीको फायल फिर्ता भएकोले यस अवस्थामा उक्त सारभूतरूपमा प्रभावग्राही बोलपत्र स्वीकति गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

यस विषयमा औचित्यताको आधारमा मुल्यांकन समितिको सिफारिसमा सम्वन्धित निकाय प्रमुखले निर्णय गर्न उपयुक्त हुने । (**निर्णय मितिः २०६८।८।५)**

**७२. राय परामर्श माग गरिएको बिषयः बोलपत्र फिर्ता मुचुल्का सम्बन्धमा ।**

यस वाहिनी अड्डाको आ.व.२०६८।६९ अर्थात २०६८ साल माघ १ गते देखि २०६९ पौष मसान्त तक वर्ष १ को निमित्त आवश्यक पर्ने साधारण राशन तथा विरामी डाइटको समूहगत राशन ठेक्का बन्दोवस्तको लागि ठेक्काको फायल गत बर्षको भन्दा ७ प्रतिशतले दररेट वृद्धि भएकोले पुनरावलोकनको लागि श्री प्रवन्धरथी विभाग (खा.प.) मा पठाइएकोमा हेड क्वाटर सुपरीवेक्षण र जाँचवुभ्क वोर्डले ठेक्का फायल पुनरावलोकन गरी केही प्रक्रियागत कमी कमजोरीहरू औंल्याई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को खण्ड (क) बमोजिम आधिकारिक निकायसंग परामर्श लिई प्राप्त राय बमोजिम कारवाही गर्नु भनी लेखि आएको हुँदा माथि उल्लेख भए बमोजिम प्रक्रियागत कमी कमजोरीहरू भएको बोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

यसमा बोलपत्र फिर्ता गरेको मुचुल्का तयार गरी बोलपत्र फिर्ता गरेको, सो मुचुल्का पुनरावलोकनका लागि प्रवन्धरथी विभाग (खाद्य र परिवहन) हेड क्वाटर सुपरिवेक्षण र जाँचवुभ्क बोर्डमा फायल पठाउदा संलग्न गर्न छुटेको देखिन आएको र यसबाट बोलपत्र प्रक्रियामा प्रभाव पर्न सक्ने अवस्था रहेको नदेखिंदा यस सम्वन्धमा मुल्यांकन समितिको सिफारिस बमोजिम खरिद कारवाही अगाडि बढाउन उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।८।५)**

**७३. राय परामर्श माग गरिएको बिषयः मुल्यांकन समितिको प्रतिवेदन सम्बन्धमा ।**

यस गुल्मको लागि आ.व. २०६८।६९ को २०६८ साल माघ १ गतेदेखि २०६९ साल पौष मसान्त तक १ (एक) बर्षको लागि आवश्यक पर्ने राशन सामाग्रीहरूको ठेक्का बन्दोवस्तको फायल पुनरावलोकनको लागि प्रवन्धरथी विभाग (खाद्य र परिवहन) हेड क्वाटर सुपरीवेक्षण र जाँचवुभ्क बोर्डमा पठाइएकोमा केही प्रक्रियागत कमी कमजोरीहरू औंल्याई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को खण्ड (ङ) बमोजिम आधिकारिक निकायसंग राय परामर्श लिई प्राप्त राय बमोजिम कारवाही गर्न लेखी आएको हुदा सो बोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

यस विषयमा मुल्यांकन समितिको सिफारिसमा सम्वन्धित निकाय प्रमुखले निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।८।५)**

**७४. राय परामर्श माग गरिएको बिषयः अन्तर्राष्ट्रिय बोलपत्रका सम्बन्धमा ।**

नेपाल प्रहरीले विगत वर्षहरूमा प्रयोग गर्ने पोशाकहरू कटन पाइन्ट, कटन कमिज, उलन पाइन्ट, उलन कमिज, जुस्ता कपडा आदी सामाग्री सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ बमोजिम राष्ट्रियस्तरको बोलपत्र आब्हान गरी खरिद गरिदै आएकोमा नेपालमा उत्पादक कम्पनी कम रहेको र ती कम्पनीबाट उत्पादन

भएका सामाग्रीको चौवीसै घण्टा ड्युटीमा खटिरहने प्रहरीका लागि गुणस्तरीय युनिफर्म पाउन कठीनाई भै रहेकोले ती पोशाक तथा सामाग्रीहरू अन्तर्राष्ट्रियस्तरको बोलपत्र (Intrernational Competitive Bidding, ICB) आव्हान गरी खरिद गर्न मिल्ने/नमिल्ने ?

**<u>राय परामर्शको व्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५(१) को विपरित हुने गरी अन्तर्राष्ट्रियस्तरको बोलपत्र आब्हान गर्न उपयूक्त नहुने । **( मिति २०६८।८।१८)**

**७५. राय परामर्श माग गरिएको बिषयः जमानत सम्बन्धी निर्देशन नं. ३ सम्वन्धमा ।**

यस कार्यालयको लागि आवश्यक एमोनियम नाइट्रेट बोलपत्रको माध्यमबाट खरिद गर्न बोलपत्र आब्हान गरिएकोमा पेश हुन आएका बोलपत्रहरुमा स्थानीय एजेन्टहरूले Agent Authorization Lettter पेश गरी नेपाली Currecney मा जमानत पेश गरेको । सार्वजनिक खरिद अनुगमान कार्यलयको प.सं.०६७।६८, च.नं. ६७७, मिति २०६७।१०।२३ को निर्देशन नं. ३ बमोजिम आपूर्तिकर्ताले जुन मुद्रामा भुक्तानी लिने हो त्यही मुद्रमा बोलपत्र जमानत तथा कार्य सम्पादन जमानत राख्नुपर्ने । आपूर्तीकर्ताको तर्फबाट स्थानीय प्रतिनीधिले राखेको जमानतलाई मान्यता नदिने भनी उल्लेख भै आएको सन्दर्भमा माथि उल्लेख भए बमोजिमको बोलपत्रलाई मान्यता दिन मिल्ने/नमिल्ने ?

**<u>राय परामर्शको व्यहोराः</u>**

यस कार्यालयबाट जारी गरिएको मार्गदर्शन स्पष्ट छ, द्बिविधा हुने अवस्था छैन । मार्गदर्शन बमोजिम नभएको विषयलाई द्बिविधा भन्न नमिल्ने हुँदा प्रस्तुत विषय राय परामर्श माग गर्ने विषय नभएको ।

**(मिति २०६८।८।२८)**

**७६. राय परामर्श माग गरिएको बिषयः बोलपत्र परीक्षण सम्बन्धमा ।**

SBA तालिम कार्यक्रम सञ्चालन सम्वन्धी पुस्तक छपाइका लागि सिलन्दी बोलपत्र आब्हानको सूचना प्रकाशन गरिएको । सो सूचनाको सि.नं. १ मा बोलपत्र फारामहरू खरिद गर्नका लागि छपाई कार्य गर्ने उद्देश्य तोकिएको एवं नवीकरण भएको फर्म दर्ता, बोलपत्रदाताको आफ्नै नाममा Multi Colour छाप्न सक्ने कम्तीमा १ थान अफसेट प्रेस, कटिङ्ग मेसिन थान १, प्लेट मेकर मेसिन थान १ रहेको प्रमाण, VAT/PAN दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ भनी उल्लेख भएकोमा उल्लिखित शर्त बमोजिमका कुनै कागजात बोलपत्र साथ पेश नगर्ने बोलपत्रदाताको बोलपत्र मुल्यांकनमा समावेश गर्न मिल्ने/नमिल्ने ?

**<u>राय परामर्शको व्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(ख) मा बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदातालाई दिईएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको परीक्षण गर्नु पर्ने व्यवस्था भएको र सोही ऐनको दफा २४ मा रीत नपुगेको बोलपत्र उपर कारवाही गरिने छैन भन्ने स्पष्ट उल्लेख भएको सम्वन्धमा राय परामर्श दिइरहनु नपर्ने ।

**(निर्णय मितिः २०६८।१०।२६)**

**७७. राय परामर्श माग गरिएको बिषयः बोलपत्र रद्द गर्ने समेत सम्बन्धमा ।**

कृतिम गर्भाधान सम्वन्धी मेसिनरी औजार खरिद कार्यका लागि आब्हान गरिएको बोलपत्रहरू मुल्यांकन गर्ने क्रममा पेश भएका बोलपत्रहरूमा विभिन्न विषयमा द्बिविधा हुन गएको ।

(१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६२(३) मा भिन्नताको मुल्य बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम आधार र तरिका बमोजिम गणना गरी कायम गर्नुपर्नेछ भनी उल्लेख भएता पनि भिन्नताको मुल्य गणना गर्ने आधार र तरिका बोलपत्रमा नखुलेको र स्वीकृत स्पेशिफिकेशनको दायराभन्दा बाहिर परेको बोलपत्रहरूको समेत आर्थिक पक्षबाट मुल्यांकन समितिभित्र द्बिविधा भएको र

(२) उत्पादक कम्पनीको ISO र CE Document माग गरिएकोमा CE Document पेश नभएकोलाई स्वीकृत गर्न मिल्ने/नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

(१) राय परामर्श माग गर्दा एक पटकमा एउटा द्विविधा मात्रै उल्लेख गरी सो को सबै ब्यहोरा स्पष्ट रूपमा उल्लेख गरी पठाउनु पर्नेमा सो बमोजिम नगरी धेरै वटा द्विविधा गोश्वारा रूपमा एउटै पत्रमा उल्लेख गरी माग गरिएको देखियो ।

(२) राय परामर्श माग गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को खण्ड (ङ) को अवस्था आएमा माग गर्नु पर्नेमा उल्लेख भएको द्विविधाहरूको विषय सो अनुसार मिलेको देखिदैन ।

(३) सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (२) र (६) अनुसार बोलपत्र सम्वन्धी कागजात तयारी गर्दा नै बोलपत्र मुल्यांकन र बोलपत्रदाताको छनौट गर्ने आधार र तरिका उल्लेख गर्नु पर्ने ब्यवस्था भएको हुँदा बोलपत्र मुल्यांकन सोही बमोजिम सार्वजनिक निकाय आफैले गर्नु पर्ने ।

(४) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (२) र (३) मा बोलपत्र अस्विकार गर्नु नपर्ने गरी प्राविधिक स्पेशिफिकेशन, विवरण तथा विशेषता आदी जस्ता कुराहरूमा सानातिना फरक पाइएमा पनि मुल्यांकनको लागि स्वीकार गर्न सकिने प्रावधानहरू समेत रहेको हुदा स्पेशिफिकेशनभन्दा फरकको सामान स्वीकार गर्न सकिने नसकिने भन्ने सम्वन्धमा उपरोक्त प्रावधानहरूलाई दृष्टिगत गरी सार्वजनिक निकाय आफैले यस सम्वन्धमा निर्णय लिनु पर्ने ।

(५) प्राप्त पत्रमा सार्वजनिक निकायले बोलपत्र रद्द गरी पुनः बोलपत्र आव्हान गर्न सिफारिस गरेको देखिदा सो कार्य गर्ने अधिकार सम्वन्धित सार्वजनिक निकायलाई हुने हुँदा त्यसका लागि यस कार्यालयको राय परामर्श आवश्यक नहुने ।(निर्णय मितिः २०६८।१२।१४)

**७८. राय परामर्श माग गरिएको बिषयः बोलपत्रका शर्त सम्वन्धमा ।**

अस्पतालको लागि आ.व. ०६८।६९ मा औषधीहरू आपूर्ति गर्न बोलपत्र आव्हान गर्दा e-bidding को माध्यम अपनाइएकोमा दुवै तर्फबाट बोलपत्र खोल्ने दिन १४.०० बजे Upload गर्दा एक बोलपत्रदाताको e-bidding documents को सबै पानाहरूमा दस्तखत र सहिछाप नभएको तर हार्डकपि पेश गर्दा अन्य बोलपत्र दाताहरूको सरह सबै पानामा दस्तखत भएको पेश गरेकाले पूरै दस्तखत भै नआएको e-bidding लाई मान्यता प्राप्त हुने/नहुने ?

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायले जारी गरेको बोलपत्र सम्वन्धी कागजातको पेज नं. ३७ को Annex-1 को दफा १ को चौथो बुँदा (paragraph) मा "... They are advised to submit their bid electronically. In case, both the electronic bid and orinal bid in hard copy are sumitted to the employer/purchaser within the bid submission dead line, the bidder's electronic bid and original bid in hard copy will be accepted for evaluation provided the facts and figures in hard copy confirm to the PDF files in electronic bid. ..." भन्ने स्पष्ट रूपमा उल्लेख भएकोमा बोलपत्रदाताले बोलपत्र खोल्ने समयमा हार्डकपि पेश गरेको उल्लेख भएको देखियो । साथै ऐ. पेज नं. ३८ को दफा ३ को दोस्रो बुँदामा "The Bidder shall dully complete the following documents and forms in hard copy of issued bid document or downloaded bid documents for specifc bid, sign by the authorised representative and with seal of the company" भन्ने उल्लेख भएको र सोही बुँदाको देहाय ६ मा "Power of Attorney of Bid signatory" अनिवार्य रूपमा पेश गर्नुपर्ने भन्ने भाषामा "Madatory' शब्द प्रयोग भएको समेत देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ बमोजिम Tender Documents मा स्पष्टरूपमा उल्लेख भएको विषयमा सोही बमोजिम बोलपत्र पेश भए नभएको जाँच गरी निर्णय गर्ने जिम्मेवारी सम्वन्धित सार्वजनिक निकाय कै भएको हुँदा प्रस्तुत विषयमा यस कार्यालयले थप कुनै राय परामर्श दिनु पर्ने देखिएन ।

**(निर्णय मितिः २०६८।१२।२०)**

**७९. राय परामर्श माग गरिएको बिषयः बोलपत्र जमानत रकमका सम्बन्धमा ।**

सिमराना पुल निर्माणको लागि बोलपत्र आव्हान हुँदा बोलपत्र रु. ६६,५००।- भनी उल्लेख गरिएकोमा लागत अनुमान संशोधन भै संशोधित लागत अनुमानको आधारमा बोलपत्रको जमानत रकम रु. ७२,०००।- तोकी पुनः सूचना प्रकाशन भएकोमा सो

सूचना बमोजिम दर्ता भएका सबै बोलपत्रहरूका साथ रु. ६६,५००।- को बोलपत्र जमानत पेश भएकोले ती बोलपत्रहरू रद्द गर्ने वा यथावत अवस्थामा स्वीकृत गर्ने ?

**राय परामर्शको ब्यहोराः**

यस सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (३) को खण्ड (ग) मा बोलपत्र जमानत आवश्यक गर्ने भए सो को रकम र मान्य अवधि बोलपत्र सम्वन्धी सूचनामा खुलाउनु पर्नेछ भन्ने उल्लेख भएको । यसमा बोलपत्र सम्वन्धी सूचनामा नै संशोधन गरी संशोधित सूचना प्रकाशन भई बोलपत्र जमानत रकम कति हुने भन्ने सम्वन्धमा पुनः रकम समेत तोकिएको । सो बोलपत्र संशोधनको सूचना प्रकाशन नहुँदासम्म बोलपत्र सम्वन्धी कागजात विक्री नभएको, संशोधित सूचना समेत साथै राखी बोलपत्र सम्वन्धी कागजात विक्री गरिएको र सो संशोधित सूचना कार्यालयको वेभ साइटमा समेत राखिएको भन्ने ब्यहोरा प्राप्त पत्रहरूमा उल्लेख भएको देखिएकोले ऐ. ऐनको दफा २३ उपदफा (२) को खण्ड (ग) मा बोलपत्रसाथ जमानत पेश गर्नु पर्ने भए बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिम, अवधि र रकमको जमानत संलग्न भए वा नभएको बोलपत्र मुल्यांकन गर्नु अघि मुल्यांकन समितिले निर्क्यौल गर्न बोलपत्रको परीक्षण गर्नु पर्नेछ भनी उल्लेख भएकोले सार्वजनिक निकायले तोकेको रकम बराबरको बोलपत्र जमानत पेश नगर्ने बोलपत्रका सम्वन्धमा ऐ. ऐनको दफा २४ को खण्ड (घ) बमोजिम हुने कानूनी ब्यवस्था भएको ।

**(निर्णय मितिः २०६९।१।४)**

**८०. राय परामर्श माग गरिएको विषयः बोलपत्रको मान्य अवधी**

कार्यालयलाई आवश्यक Arthoscope Machine थान १ खरिदका लागि आ.व. २०६७।०६८ मा शिलबन्दी बोलपत्र आब्हान भई प्राप्त शिलवन्दी बोलपत्रहरूमध्ये मूल्यांकन समितिबाट मिति २०६८।३।२६ मा स्वीकृतीका लागि सिफारिस भै आएको तर उक्त समय आ.व. को अन्त्य भएकोले तत्काल खरिद गर्न समय र बजेटको अपुग हुन गउकोले उपकरण खरिद योजना हालसम्म यथावत प्रक्रियामा राखिएको । यस चालू आ. व. मा आवश्यक उपकरण खरिदका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट अख्तियारी प्राप्त हुन आइसकेको, बोलपत्रदाताको विडवण्ड 26 Oct 2012 सम्म कायम गरेको प्राप्त भएको, हाडजोर्नी विभागमा कार्यरत चिकित्सकले Arthoscope Machine खरिद गरी उपलब्ध गराइपाउ भनी पुनः निवेदन दिएको अवस्थामा उक्त बोलपत्र स्वीकृति गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

आ.व. २०६७।०६८ को अवधिमा नै मिति २०६८।३।६ मा बोलपत्र स्वीकृतीको लागि सिफारिस भएतापनि झण्डै १० महिनासम्म कुनै निर्णय नगरी फाइल त्यसै राखेको देखिन्छ । यति लामो अवधिसम्म निर्णय नगरी फाइल त्यसै राख्नु र यस विचमा कार्यालयको तर्फबाट Bid Validity को अवधी बढाउने सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २० को उपदफा (३) एवं ऐ. नियावली, २०६४ को नियम ५३ को उपनियम (५) बमोजिमको प्रक्रिया पुरा गरेको हुनुपर्ने परिप्रेक्ष्यमा गत आ.व. मा नै मुल्यांकन कार्य पुरा गरी स्वीकृतीको लागि सिफारिस समेत भै सकेको तर अर्को आ.व. को समेत अन्त्यतिर सो बोलपत्र स्वीकृत गर्ने/नगर्ने भन्ने विषय सम्वन्धित सार्वजनिक निकायले अन्य सम्वन्धित निकायसंग राय परामर्श लिई स्वयंले निर्णय गर्ने विषय भएकोले सोही बमोजिम गर्न उपयुक्त हुने । **(निर्णय मितिः २०६९।१।२५)**

**८१. राय परामर्श माग गरिएको विषयः बोलपत्रको मान्य अवधी बढाउने ।**

अन्तराष्ट्रिय बोलपत्र नं. NDC:/17068-069 अर्न्तगत प्राप्त बोलपत्र प्रस्तावको बोलपत्र तथा बोलपत्र जमानतको म्याद प्रावधान भन्दा वढी देखिएको छ । जुन कम्पनीको रकम कवोल अरु कम्पनी भन्दा कम रहेको पाइन्छ । यसरी सवैभन्दा कम रकम कवोल गर्ने मिल्ने वा नमिल्ने भनी रायपरामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्रको मान्य अवधी र बोलपत्र जमानतको मान्य अवधी उल्लेख गर्दा मिति उल्लेख गर्नु पर्ने प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ एवं ऐ. नियमावली, २०६४ मा भएको देखिदैन तर यस्मा बोलपत्रको मान्य अवधि र बोलपत्र जमानतको मान्य अवधी उल्लेख गर्दा मिति नै उल्लेख गरेको देखियो । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (२) बमोजिम आफ्नो कार्यालय बाहेक अन्य सार्वजनिक निकायको विवाद समाधानमा यो कार्यालय संलग्न नुहने कानुनी प्रावधान भएकोले सार्वजनिक

खरिद ऐन, २०६३ को दफा २०,२३ र २४ एवं ऐ नियमावलीको नियमा ५३ र ५४ को भावना र मर्मलाई समेत विचार गरी उक्त ऐन र नियमावलीको परिधिभित्र रही सार्वजनिक निकाय स्वयंले विवेकपूर्ण निर्णय गर्ने विषय भएकोले यस सम्वन्धमा यस कार्यालयले राय दिनु परेन ।

**(निर्णय मितिः २०६८।१।२५)**

**८२. राय परामर्श माग गरिएको विषयः छुट प्रस्ताव**

सिलवन्दी दरभाउपत्र फारमको सिलवन्दी दरभाउपत्र पानामा कवोल रकम उल्लेख नगरेको तर मुल्य प्रस्ताव फाराममा कवोल रकम उल्लेख गरी सो फारामको अन्त्यमा १८ प्रतिशत घटीमा काम गर्न मञ्जुर छु भनी शर्त राखेको दरभाउपत्रहरूलाई मुल्यांकनमा समावेश गरी उक्त दरभाउपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

यस सम्वन्धमा मिति २०६७।१२।१७ को निर्णय अनुसार "सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८ को उपनियम (४) (ग) बमोजिम बोलपत्रमा कुनै छुट दिन प्रस्ताव गरिएको भए सो को ब्यहोरा खोली मुचुल्का तयार गरी त्यस्तो मुचुल्कामा उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिको दस्तखत गराउनु पर्ने ब्यवस्था भए बमोजिम छुट दिन गरिएको प्रस्ताव प्रमाणित भई सकेको अवस्थामा त्यस्तो छुट प्रस्तावलाई बोलपत्रको बोलपत्रको मुल्यांकनमा मान्यता दिन उपयुक्त हुने" भनी राय परामर्श दिई सकिएको हुँदा सोही बमोजिम हुने । **(निर्णय मितिः २०६८।१।२५)**

**८३. राय परामर्श माग गरिएको विषयः ब्यवसाय दर्ताको इजाजत पत्र समेत**

यस केन्द्रले होटल म्यानेजमेन्ट कार्यक्रमको लागि औजार/उपकरणहरू खरिद गर्न दरभाउपत्र आब्हान गरेकोमा परेका दरभाउपत्र मध्ये एक दरभाउपत्रदाताको फर्म पोखरा उपमहानगरपालिकामा दर्ता भएको पाईएको तर प्राइभेट फर्म दर्ता नियमावली अनुसार घरेलु तथा साना उद्योग कार्यालय वा उद्योग विभाग अन्तर्गत दर्ता हुनु पर्ने उल्लेख भएको हुँदा उक्त फर्म दर्ताको प्रमाण पत्रलाई मान्यता दिन मिल्ने/नमल्नि ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

यस सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२( को खण्ड (क) र (ख) मा उल्लेख भए बमोजिम फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र ब्यवसाय दर्ताको इजाजत पत्र हो/होइन यकिन गरी सोही बमोजिम सार्वजनिक निकाय आफैले निर्णय गर्नु उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।२।१२)**

**८४. राय परामर्श माग गरिएको विषयः विडवण्डको मुद्रा सम्वन्धमा**

Water connon Vehicle र 38mm Tear Gas Shell आपूर्ति गर्न बोलपत्र आब्हान गरिएकोमा पेश हुन आएका बोलपत्रहरू परीक्षण गर्ने क्रममा न्यूनतम अंक कवोल गर्ने बोलपत्रदाताहरूले Sole Authorized Local Agent को Power of Attorney लिई कवोल गर्ने बोलपत्र जमानत नेपाली रुपैयामा राखेको हुँदा मजकुर कार्यालयबाट च.नं. ६७६, मिति २०६७।१०।२३ गते जारी गरिएको निर्देशनको वुदा नं. ३ मा "आपूर्तिकर्ताले जनु मुद्रामा भुक्तानी लिने हो, त्यहि मुद्रामा बोलपत्र जमानत तथा कार्य सम्पादन जमानत राख्नु पर्ने" भन्ने उल्लेख भएकोले निर्ढा गर्न द्विविधा भएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

यसमा सुरक्षा सामरिक वा प्रतिरक्षा सामाग्री आपूर्ति कार्याविधि, २०६४ को दफा १३ मा सार्वजनिक खरिद ऐनको दफा २३, २४ र २५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६०, ६१, ६२, ६३ र ६४ मा रहेको ब्यवस्थाको अधिनमा रही बोलपत्र मुल्यांकन गर्नुपर्ने भन्ने उल्लेख भएको र ऐ. ऐनको दफा २३ को उपदफा २ को खण्ड ख मा "बोलपत्रसम्वनधी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको र बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहिछाप भए वा नभएको" कुरा बोलपत्र मुल्यांकन गर्नु अघि परीक्षण गर्नु पर्ने उल्लेख भएकोले सम्वन्धित सार्वजनिक निकायबाट जारी भएको बोलपत्र सूचना सम्वनधी कागजातको Amount of Bid Security को महलमा "US$9,325.00 ot Euro 7,110.00 or Minimum equivalent amount of NRs. 7,69900.00 in any convertible foreign currency as quoted as total CIF delivery in the bid form" भनि स्पष्ट रुपमा उल्लेख भएको देखिदा आफैले जारी गरेको बोलपत्र

सम्वन्धी सूचनामा आफैले उल्लेख गरेको वुँदा र व्यहोरामा सशस्त्र प्रहरी वल प्रधान कार्यालय स्वयंलाई द्विविधा पर्नु नपर्ने यथार्थलाई दृष्टिगत गरी सार्वजनिक निकाय आफैले यस सम्वन्धमा निर्णय लिन उपयुक्त हुने । **(निर्णय मितिः २०६९।२।१६)**

**८५. राय परामर्श माग गरिएको विषयः बोलपत्र मुल्यांकन सम्वन्धमा**

इलेक्ट्रिकल जेनेरेटर खरिद कार्यको लागि सूचना प्रकाशन भए अनुसार म्यादभित्र पर्न आएका शिलवन्दी दरभाउपत्रहरू मिति २०६९।१।२५ मा खोली मुल्यांकनको लागि पेश हुँदा निम्नानुसारको कैफियतहरू समेत देखिएको र सो सम्वन्धमा सार्वजनिक खरिद ऐन, नियमाबट स्पष्ट हुन नसकिएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (१) बमोजिम बोलपत्र मुल्यांकन समितिमा बोलपत्र पेश गर्नुपर्ने र त्यसरि पेश भएका बोलपत्रहरू मुल्यांकन गर्नु अघि बोलपत्र मुल्यांकन समितिको ऐ. उपदफा (२) को देहायका खण्ड (क) देखि (घ) एवं ऐ. उपदफा (३) बमोजिम बोलपत्रको पूर्णताको परिक्षण गर्नु पर्ने स्पष्ट रूपमा व्यवस्था भएको हुँदा कानुनमा नै स्पष्ट व्यवस्था भउको विषयमा द्विविधा मान्नु पर्ने अवस्था नदेखिएकोले यसमा सोही प्रावधान अनुसार मुल्यांकन समिति आफैले निर्णय गर्नु उपयुक्त हुने ।

**(निर्णय मितिः २०६९।२।२१)**

**८६. राय परामर्श माग गरिएको विषयः सोझै गाडी खरिद**

सवारी साधन खरिद गर्न अति आवश्यक परेकोले नेपालमा उत्पादित मुस्ताङ मैक्स सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५ को ३ क बमोजिम सोझै खरिद गर्दा के कस्ता प्रक्रिया अपनाउनु उपयुक्त होला वा छिटो गाडी खरिद गर्न कस्तो विधि अपनाउनु पर्ने हो ?

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१क) मा "यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनी नेपालमा उत्पादित पन्ध्रलाख रुपैयासम्मको मालसामान उत्पादकबाट खरिद गर्दा सोझै खरिद गर्न सकिनेछ" भनी उल्लेख भै यसरी उत्पादकबाट सोझै खरिद गर्दा उत्पादकबाट पुरा हुनु पर्ने शर्तका सम्वन्धमा ऐ. नियमावली उपनियम (३ख) मा उल्लेख भएको व्यहोरा लेखि पठाउने ।

**८७. राय परामर्श माग गरिएको विषयः बोलपत्र अस्वकृित वा खरिद कारवाही रद्द**

यस विभागको गाडी खरिद सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६४ बमोजिम न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभूतरूपमा वढी भएमा बोलपत्र अस्वीकृत गर्ने वा खरिद कारवाही रद्द गर्न सक्ने अवस्था सम्वन्धमा द्विविधा भएकोले बोल अंक कति प्रतिशत वढी भएमा बोलपत्र स्वीकृत गर्न सकिने हो ?

**राय परामर्शको व्यहोराः**

यसमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (१) को खण्ड (ख) बमोजिम न्यूनतम मूल्यांकित सारभूतमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमानभन्दा सारभूतरूपमा वढी भएमो सो अवस्थामा सार्वजनिक निकायले सम्पूर्ण बोलपत्र अस्विकृत गर्ने वा खरिद कारवाही रद्द गर्न सक्ने स्पष्ट कानूनी व्यवस्था भएको देखिदा सार्वजनिक निकायलाई द्विविधा हुनुपर्ने देखिएन ।

**(निर्णय मितिः २०६९।२।२३)**

**८८. राय परामर्श माग भएको विषयः**

५ हजार मेट्रिक टन चिनी आयात गर्नको लागि मिति २०६९।३।१२ मा आव्हान गरेको अन्तर्राष्ट्रिय बोलपत्रको सम्वन्धमा एक वा दुइवटा मात्र बोलपत्र रितपूर्वक दर्ता हुन आएमा के गर्ने ?

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (२) मा एउटा मात्र बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्विकृत गर्न वा पुनः बोलपत्र आव्हान गर्न सकिने छैन भन्ने स्पष्ट उल्लेख भएकोले एउटा मात्र बोलपत्र दर्ता भएर सारभूत रूपमा प्रभावग्राही हुन आएमा स्वीकृत गर्नु पर्ने स्थिती देखिएकोले बोलपत्र खोल्ने नखोल्ने विषयमा कुनै द्विविधा रहेको देखिदैन । **निर्णय मितिः २०६९।५।३**

**८९. राय परामर्श माग भएको विषयः**

ग्लोवल टेन्डरको मूल्य समायोजन गरी सम्झौता गर्न मिल्ने ⁄ नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

यसमा संलग्न कागजातहरू अध्ययन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (४) मा अन्तर्राष्ट्रियस्तरको बोलपत्र हकमा कम्तीमा पैतालीस दिनको समय अवधि दिनुपर्ने उल्लेख भएकोमा २१ दिनको मात्र समय अवधि दिई बोलपत्र आव्हान गरेको, ऐ. ऐनको दफा २७ को उपदफा (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिनुपर्नेमा आशयको सूचना दिएको नदेखिएको, ऐ.को दफा २० को उपदफा (३) र (४) अनुसार सार्वजनिक निकायले बोलपत्र खोलेपछि बोलपत्रको मान्य अवधि बढाउनु पर्ने भएमा सो को कारण खुलाई आवश्यकता अनुसार बोलपत्रको मान्य हुने अवधि बढाउन सक्ने उल्लेख भएतापनि यस सम्बन्धमा बोलपत्रको मान्य अवधि समाप्त भैसकेपछि पनि कुनै निर्णय भएको नदेखिएकोले उपरोक्त बुँदाहरूलाई समेत मनन् गरी राय परामर्श माग गरिएको विषयमा सम्बन्धित सार्वजनिक निकाय स्वयंले निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०६९।५।६**

**९०. राय परामर्श माग भएको विषयः**

छपाई सम्वन्धी आव्हान गरेको दरभाउपत्रमा दुई वटा छपाईकर्ताबाट एउटै मूल्य राखी दरभाउपत्र पेश गर्ने कार्य भएको र दुवै दरभाउपत्रदाताहरू उल्लेखित दरभाउपत्र पेश गर्नका लागि बोलपत्र सम्वन्धी कागजातमा तोकिए बमोजिम अयोग्य नदेखिएको हुँदा छनौट गर्न द्विविधा भएको ।

**राय परामर्शको ब्यहोराः**

प्रचलित सार्वजनिक खरिद ऐन ⁄ नियममा सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाताहरूले एउटै मूल्य प्रस्ताव गरेमा कसरी छनौट गर्ने भन्ने सम्बन्धमा स्पष्ट प्रावधान भएको देखिंदैन । यस्मा सम्बन्धीत पक्षहरूसँग छलफल गरी सार्वजनिक निकाय आफैले उपयुक्त निर्णय गर्ने ।

**निर्णय मितिः २०६९।५।३**

**९१. राय परामर्श माग भएको विषयः**

पानी प्रशोधनको लागि दैनिक रूपमा प्रयोग गरिने केमिकलहरू स्टेवल ब्लिचिङ्ग पाउडर, काष्टिक सोडा, अल्मुनियम सल्फेट र पोलि अल्मुनियम क्लोराईड विश्व स्वास्थ्य संगठन (WHO) सँग खरिद गर्न सक्ने वा नसक्ने ?

**राय परामर्शको ब्यहोराः**

यस सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ एवं सार्वजनिक खरिद नियमावली, २०६४ मा कुनै पनि मालसामान विदेशी संस्थाहरूसँग सोझै खरिद गर्न सकिने प्रावधान भएको देखिंदैन ।

**निर्णय मितिः २०६९।५।२९**

**९२. राय परामर्श माग भएको विषयः**

बोलपत्र सम्बन्धी कागजातको Technical specification मा 24 capillary system को माग गरिएकोमा 1 capillary को एक, 8 capillary को एक र 24 capillary को एक गरी ३ वटा बोलपत्र पेश भएकोमा 8 capillary DNA sequencer को बोलपत्र रकमको दृष्टिले निकै कम पर्ने हुँदा स्विकृत गर्न मिल्छ की मिल्दैन साथै Specification फरक फरक भएको कारण बोलपत्र ३ वटा परेको मान्ने की एउटा परेको मान्ने ?

**राय परामर्शको ब्यहोराः**

यसमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको बोलपत्र परीक्षण एवं मुल्यांकनका प्रावधानहरू हेरी सम्बन्धित सार्वजनिक निकाय आफैले निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०६९।५।२९**

**९३. राय परामर्श माग भएको विषयः**

अन्तःशुल्क स्टिकरहरूको छपाई तथा आपूर्ति गर्नको लागि मिति २०६८।२।१२ मा आव्हान गरेको अन्तराष्ट्रिय वोलपत्रमा पर्न आएका चारवटा वोलपत्रहरूको मूल्यांकन गर्दा GOPSONS Papers Ltd. India को बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई मिति २०६९।५।१९ को पत्रबाट वोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिइसकेकोमा वोलपत्रदाता GOPSONS papers Ltd. India लाई भारतको झारखण्ड राज्य सरकारको खान तथा भूतत्व विभागले सन् २०१०-०८-०६ देखि ३ वर्षको लागि कालोसूचिमा राखेको ब्यहोरा सहित विभागमा निवेदन पर्न आएकोले निजको वोलपत्र स्वीकृत गर्न वाधा पर्ने हो, होइन ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ एवं ऐ. नियमावली, २०६४ को नियम १४१ मा कालो सूची सम्बन्धी विस्तृत रूपमा उल्लेख भएको देखिन्छ भने राय परामर्श माग भएको विषयमा सार्वजनिक खरिद ऐन, २०६३ एवं ऐ. नियमावली, २०६४ मा उल्लेख भएको नदेखिदा सम्बन्धित सार्वजनिक निकायबाटै निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०६९।६।७**

**९४. राय परामर्श माग भएको विषयः**

नेपाल प्रहरी अस्पतालको आई. सि. यू. कक्षको लागि आवश्यक पर्ने मेसिनरी औजार खरिद गर्नको लागी मिति २०६९।५।१ मा ४ वटा प्याकेजमा बोलपत्र आव्हान गरिएकोमा पेश हुन आएका बोलपत्रहरू मिति २०६९।५।१६ मा खोलिएको र मुल्यांकनको क्रममा उपकरणको Technical Specification को प्रतिबेदन अनुसार प्याकेज १ मा २ वटा बोलपत्र, प्याकेज २ मा ३ वटा बोलपत्र र प्याकेज ३ मा २ वटा बोलपत्रहरू मात्र सम्पूर्ण प्याकेजमा योग्य भएकोले सम्पूर्ण प्याकेजमा योग्य भएको बोलपत्रहरू मध्ये छनौट गरी बोलपत्र स्वकिृत गर्ने वा प्याकेजमा विभाजन (Breakdown) गरी Technical Specification मा योग्य रहेका मध्येबाट अलग अलग सप्लायर्सबाट अलग-अलग उपकरण खरिद गर्न सकिने हो भन्ने विषयमा द्विविधा भएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

यसमा नेपाल प्रहरी अस्पतालको प्राप्त पत्र संख्याः प्रवन्ध।०६९।७०।५५, च. नं. १२०१, मिति २०६९।६।१६ को पत्र ब्यहोराबाट १५ दिनको अवधि दिई बोलपत्र आव्हान भएको देखिन्छ । सो अवधि सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (४) मा भएको प्रावधान बमोजिम दिएको देखिएन । बोलपत्र सम्वन्धी सूचना र बोलपत्र कागजातमा उल्लेखित कुराहरूलाई अध्ययन गर्दा प्याकेज १ मा ४ वटा, प्याकेज २ मा ५ वटा, प्याकेज ३ र ४ मा १।१ वटा आइटमको लागि बोलपत्र आव्हान भएको देखिन्छ भने त्यसरी समूह र प्याकेज बनाई खरिद गर्नु पर्ने भएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (२) को खण्ड (झ) बमोजिम त्यस्तो समूह र प्याकेजको मुल्यांकन गर्ने तरिका बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्नेमा सो बमोजिम उल्लेख भएको देखिएन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (२) को खण्ड (झ) बमोजिम कुनै सार्वजनिक निकायबाट खरिद गरिने मालसामान वा निर्माण कार्यको छुट्टा-छुट्टै समूह र प्याकेज बनाई खरिद गर्नुको उद्धेश्य र औचित्यताका सम्बन्धमा सोही निकायलाई मात्र जानकारी हुने भएकोले ऐ. दफा १३ को उपदफा (२) को खण्ड (झ) बमोजिम बोलपत्र सम्बन्धी कागजात तयार भएको अवस्थामा सो कागजातमा उल्लिखित आधारमा राय परामर्श माग भएको विषयमा सम्बन्धीत सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (घ) बमोजिम सारभूतरूपमा प्रभावग्राही भए नभएको यकिन गरी गर्नु पर्ने ।

**निर्णय मितिः २०६९।६।१९**

**९५. राय परामर्श माग भएको विषयः**

इटहरी/हेटौडा/भैरहवा तथा केन्द्रीय कार्यालय काठमाण्डौमा बोलपत्र पेश गर्ने गरी बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएको थियो । सो सूचना बमोजिम इटहरीमा २ वटा र काठमाण्डौमा ३ वटा गरी ५ वटा बोलपत्रहरू पेश भएकोमा सो मध्ये सवैभन्दा कम दररेट कबोल गर्ने बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद ३ को दफा २३ को उपदफा (२) को ख र दफा २४ क अनुसार भएको नपाइएकोले यस कार्यालयमा प्राप्त भएको सबैभन्दा कम दररेटवालाको बोलपत्र स्वकित गर्न द्विविधा भएको।

**राय परामर्शको ब्यहोराः**

यसमा राय परामर्शका लागि लेखिआएको प्राप्त पत्र ब्यहोराबाट कम्पनीको इटहरी/हेटौडा/भैरहवास्थित कार्यालय एवं केन्द्रीय कार्यालय काठमाण्डौमा बोलपत्र पेश गर्ने गरी बोलपत्र आव्हान भएको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (६) मा बोलपत्र पेश गर्ने वा पठाउने स्थान खुलाउदा एउटै सार्वजनिक निकायमा मात्र पेश गर्ने वा पठाउने ब्यवस्था गर्नु पर्नेछ भनी उल्लेख भएको हुँदा कम्पनीको विविध कार्यालयहरूमा बोलपत्र पेश गर्ने गरी बोलपत्र आव्हान गर्ने कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (६) को प्रावधान बमोजिम भए/गरेको देखिएन ।

पेश हुन आएको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ३ को दफा २३ को उपदफा (२) को ख र दफा २४ क अनुसार भएको नपाइएको भनी प्राप्त पत्रमा नै उल्लेख भएकोले ऐ. ऐनको दफा २५ आकर्षण हुन सक्ने अवस्था रहेको नदेखिदा प्रस्तुत विषयमा राय परामर्श दिइ रहनु परेन ।

**निर्णय मितिः २०६९।६।२३**

**९६. राय परामर्श माग भएको विषयः**

अन्तराष्ट्रिय बोलपत्रको विभिन्न औषधिहरू खरिद गर्न बोलपत्र आव्हान भएकोमा नेपालका केही बोलपत्रदाताहरूले भारतीय औषधि उत्पादनकर्ताबाट उत्पादित औषधीहरू सप्लाई गर्ने गर्न उल्लेख भएको बोल अंकको विवरण अनुसार बोलपत्रदाताहरूको कबोल अंकमा भन्सार शुल्क शुन्य (०) प्रतिशत गणना गरी बोलपत्र स्वीकृति भै सम्झौता सम्पन्न भएको थियो । हाल उक्त सम्झौता अन्तर्गतका सामानहरू सप्लाई गर्ने क्रममा निज बोलपत्रदाताहरूले निवेदन पेश गरि मिति १ मार्च, २०१२ देखि भारत सरकारबाट नीतिमा परिवर्तन गरि DRP system खारेज गरेको हुँदा भारतीय उत्पादक कम्पनीबाट उत्पादित औषधी नेपालमा आयात गर्दा ५ प्रतिशत भन्सार शुल्क अनिवार्य रूपमा तिर्नु परेकोले ५ प्रतिशत भन्सार महशुल समेत भुक्तानीको लागि माग गरेकोले दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

यसमा औषधी आपूर्तिका लागि सम्झौता भै सकेको देखिएकोले सम्झौता बमोजिम नै हुने र भन्सार महशुलका सम्वन्धमा सम्वन्धित निकायबाट राय माग गरी सम्बन्धीत सार्वजनिक निकाय आफैले नियमानुसार सम्झौता संसोधन सम्बन्धी निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०६९।८।५**

**९७. राय परामर्श माग भएको विषयः**

आ. ब. ०६९/७० को राशन बन्दोवस्त गर्न बोलपत्र आव्हान भएकोमा पेश भएका बोलपत्रहरू परीक्षण तथा मुल्यांकन पश्चात् बोलपत्र स्वीकृती गर्ने आशयको सूचना जारी भएपछि एक बोलपत्रदाताले सत्य तथ्य छानबिन गरी सारभूतरूपमा सार्वजनिक खरिद ऐन, नियम अनुसार पुनरावलोकन गरी पाउँ भनी श्री प्रबन्ध रथी विभाग (खा.प.) मा निबेदन पेश गरेकोमा सो निबेदन अनुसार पुनः मुल्यांकन बोर्ड बसी राय पेश गर्न प्राप्त विभागीय निर्देशन सम्बन्धमा राय परामर्शको लागि लेखि आएको ।

**राय परामर्शको ब्यहोराः**

प्राप्त पत्रमा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा(३) आकर्षित भइसकेको अवस्था भएकोले यस पश्चात् ऐ. ऐनको दफा ४७ आकर्षित हुने कुरामा द्विविधा नरहेकाले यसमा राय परामर्श दिई रहन परेन ।

**निर्णय मितिः २०६९।९।१७**

**९८. राय परामर्श माग भएको विषयः**

सशस्त्र प्रहरी कर्मचारीहरूको लागि संयुक्त राष्ट्रसंघले तोके बमोजिमका Armaments खरिदको लागि आव्हान भएको बोलपत्रमा बोलपत्रदाताले ११ (एघार) आईटम मध्ये केही आईटममा कार्यालयले तयार गरेको लागत अनुमानभन्दा बढि अंक उल्लेख गरेको पाइएको तर सबै आईटमको कबोल अंक लागत अनुमानभन्दा करिब २५ प्रतिशतले कम रहेको साथै अन्य सम्पूर्ण कागजाताहरू कार्यालयले मागे अनुसार पेश गरेको हकमा खरिद कारबाही रद्द गर्नु पर्ने हो/होइन ?

**राय परामर्शको ब्यहोराः**

आपूर्ती गर्नुपर्ने सबै सामानहरू एउटै Package मा राखी खरिद प्रकृया अगाडि बढाइएको उल्लेख भएको देखियो । मालसामान खरिदको हकमा एउटै प्याकेज गरी आव्हान भएको हो र कुनै बोलपत्रको कबोल अंक कुल लागत अनुमानको तुलनामा कुल अंकमा २५ (पच्चीस) प्रतिशत कम रहेको हो भने त्यस्तो बोलपत्रको एक/दुई आइटममा मात्र लागत अनुमान बृद्धि भएको कारण खरिद प्रक्रिया रद्द गर्न उपयुक्त नहुने । यद्यपी कुनै आइटमको मुल्य स्वभाविक वा अस्वभाविक भएको विषयमा सार्वजनिक निकाय आफैले विश्लेषण गरी निर्णय गर्नु उपयुक्त हुने ।

**निर्णय मितिः २०६९।११।१०**

**९९. राय परामर्श माग भएको विषयः**

कुनै एक कम्पनी/फर्म दुई वटा अलग-अलग Manufacturer Company/Principal Company को Sole Authorized Local Agent भई कुनै एक बोलपत्रमा दुवैको तर्फबाट भाग लिएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (६) मा उल्लेख भए बमोजिम बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको भनी मान्न सकिने/नसकिने ?

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (६) बमोजिम मिलोमतो भएको हो/होइन भन्ने कुरा बोलपत्र आव्हान गर्ने सार्वजनिक निकायले स्वयंले प्रमाणित गर्ने भएको प्रस्तुत विषय राय परामर्शको विषय भएको देखिएन । यद्यपी कुनै एक बोलपत्रमा भाग लिने दुई बोलपत्रदाताहरू भनेको एक-अर्काका प्रतिष्पर्धी भएको हुनाले पत्रमा उल्लेख भए अनुसार दुईवटा बोलपत्रदाताको एउटै ब्यक्ति वा फर्मले कुनै एक बोलपत्रमा जुनसुकै प्रकारको प्रतिनिधि/स्थानीय प्रतिनिधीको रूपमा भाग लिएमा स्वस्थ र खुला प्रतिष्पर्धा भएको मान्न नसकिने भई अन्ततः सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा उल्लिखित सार्वजनिक खरिद प्रक्रियामा प्रतिष्पर्धा एवं स्वच्छता प्रबर्द्धन नहुने भएकोले त्यस्ता बोलपत्र स्वीकार योग्य देखिदैन ।

**निर्णय मितिः २०६९।११।१०**

**१००. राय परामर्श माग भएको विषयः**

खरिद सम्झौताको शर्त नं. GCC १५.१ मा खरिद सम्झौता अनुसार सम्पुर्ण सामान डेलिभरी गरेपछि मात्र भुक्तानी गरिने प्रावधान भएकोमा मिति २०६९।१२।११ मा रु. ९२,२३,१२४।१८ को सामान डेलिभरी गरी सो बापतको आंशिक भुक्तानीको लागि बिल प्राप्त हुन आएकोले बिल बमोजिमको भुक्तानी दिन सकिने/नसकिने भनी राय परामर्शको लागि लेखि आएको ।

**राय परामर्शको ब्यहोराः**

यस संस्थान र आपुर्तिकर्ताबीच भएको मिति २०६९।८।२५ को खरिद सम्झौताको Special Condition of Contract मा उल्लेख भएको GCC 15.1, Section VI, General Condition of Contract को दफा ३२.१ एंव सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ मा उल्लेखित प्रावधानको अधीनमा रही सम्बन्धीत सार्वजनिक निकायबाटै निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०६९।१२।२३**

**१०१. राय परामर्श माग भएको विषयः**

पोशाकका विभिन्न सामानहरू खरिदको लागि बोलपत्र आव्हान भई सो बोलपत्र मिति २०६९।१२।७ मा खोलिएको थियो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५४क मा "सार्वजनिक निकायले बोलपत्र वा प्रस्ताव खोलेको मितिले दश करोड रुपैयासम्म लागत अनुमान भएको बोलपत्र वा प्रस्ताव भएमा तीस दिनभित्र र दश करोड रुपैयाभन्दा बढीको लागत अनुमान भएको बोलपत्र वा प्रस्ताव भए पैतालीस दिनभित्र बोलपत्र वा प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना बोलपत्रदाता वा प्रस्तावदातालाई दिनुपर्नेछ" भनी उल्लेख भएको छ । उक्त बोलपत्रसाथ पेश भएको पोशाकहरूको नमुना परीक्षणको लागि नेपाल गुणस्तर तथा नापतौल विभागमा पठाइएकोमा हालसम्म परीक्षण प्रतिबेदन प्राप्त नभएको कारण माथि उल्लेख भएको अवधिभित्र आशयको सूचना प्रेशित गर्न नसकिने भएको सन्दर्भमा राय परामर्शको लेखि आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५४क मा भएको ब्यवस्था सार्वजनिक निकायबाट निर्णय हुँदा अनावश्यक ढिलासुस्ती नहोस् भन्ने अभिप्रायले भएको देखिन्छ । तर उचित कारण भएको अवस्थामा नियम ५४ मा उल्लेखित अवधिसम्म निर्णय प्रक्रियामा जानको लागि यसले रोक लगाएको देखिदैन ।

**निर्णय मितिः २०७०।१।२०**

**१०२. राय परामर्श माग भएको विषयः**

Steel Tubular Pole को Supply and Delivery को लागि ICB Tender आव्हान गरिएकोमा

(क) बोलपत्र सम्बन्धी कागजातमा custom duties exclude गरी Tender evaluation गर्नु पर्ने भनी उल्लेख भएकोमा custom duties include गरी मुल्यांकन गर्न सकिने/नसकिने,

(ख) Bid Bond को सम्बन्धमा USD मा राख्ने ब्यवस्था भएकोमा नेपाली बोलपत्रदाता/उत्पादनकर्ताले नेपाली रुपैंयामा Bid Bond राख्न सक्ने कि नसक्ने,

(ग) कस्ता किसिमको प्रमाण-पत्रले Domestic Preference को लागि eligible हुने हो ?

**राय परामर्शको ब्यहोराः**

(क) बोलपत्र सम्बन्धी कागजातमा कुनै हेरफेर गर्न आवश्यक भए यस सम्बधमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १६ को उप दफा (२) मा प्रष्ट उल्लेख भएको देखिएकोले थप राय आबश्यक नपर्ने,

(ख) बोलपत्र जमानतको मुद्दा सम्बन्धमा नेपालको प्रचलित कानून बमोजिम हुने,

(ग) कुनै बोलपत्रदाता Domestic Preference को लागि योग्य (eligible) हुन नेपाल सरकारले तोकिदिएको निकायबाट जारी भएको कुनै वस्तु/मालसामानको उत्पत्ती सम्बन्धी प्रमाण पत्र (Country of Origin) पेश गर्नु पर्ने ।

**निर्णय मितिः २०७०।१।३०**

**१०३. राय परामर्श माग भएको विषयः**

एक थान जेनेरेटर खरिद गर्न सिलबन्दी दरभाउपत्र आव्हान गरिएको र प्राप्त दरभाउपत्रहरूलाई गुणस्तर तथा लागत विधि अपनाई मुल्यांकन गरिएकोमा प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मुल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव तोकिए बमोजिम छनौट गर्नुपर्ने भनी लेखिएकोले सोही अनुसार खरिद गर्न सकिन्छ/सकिदैन ?

**राय परामर्शको ब्यहोराः**

प्राप्त पत्रमा परामर्श सेवा खरिदका लागि अपनाईने गुणस्तर र लागत विधि अपनाई जेनेरेटर खरिद गर्न सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद प्रक्रिया अगाडि बढाएको भन्ने देखिदा यसमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) को खण्ड (क) र (ख) ले सुनिश्चित गरेको उपयुक्त खरिद विधि छनौट गरी खरिद कार्य गर्नु पर्नेमा सो बमोजिम उपयुक्त खरिद विधि छनौट नगरेको ब्यहोरा जानकारी गराउने ।

**निर्णय मितिः २०७०।२।१**

**१०४. राय परामर्श माग भएको विषयः**

यस महाशाखाको कार्यक्रमको लागि आवश्यक छपाई खरिद गर्न मिति २०६९।१२।६ मा पहिलो पटक सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा एक मात्र दरभाउपत्र पेश भएकोमा सो दरभाउपत्र नखोली दोस्रो पटक मिति २०६९।१२।२९ मा सूचना प्रकाशन गरी दरभाउपत्र आव्हान गरिएको र दोस्रो पटकको सूचना बमोजिम दुई वटा दरभाउपत्र पेश भएकोले ती तीन वटै दरभाउपत्र मिति २०७०।१।१३ मा खोलिएकोमा पहिलो सूचना अनुसार मिति २०६९।१२।२१ गते प्राप्त सिलबन्दी दरभाउपत्रलाई मुल्यांकनमा समावेश गर्ने/नगर्ने ?

**राय परामर्शको ब्यहोराः**

यसमा पहिलो पटकको सूचना बमोजिम पेश भएको एक मात्र दरभाउपत्र समेत राखी दोस्रो पटकको सूचना बमोजिम पेश भएको दरभाउत्रहरू सँगै खोलिएको भन्ने प्राप्त पत्रबाट देखिन आएकोले उक्त दरभाउपत्र समेत खोलिसकेको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (२) बमोजिम प्रस्तुत विषयमा राय परामर्श दिन नसकिने ।

**निर्णय मितिः २०७०।२।७**

**१०५. राय परामर्श माग भएको विषयः**

वार्षिक खरिद कार्यक्रम अनुसार १००० मे.टन न्युज प्रिन्ट रिल कागजात बोलपत्रद्धारा खरिद गर्न बोलपत्र आव्हान गरेकोमा सो को म्यादभित्र प्राप्त चार थान बोलपत्रहरू मध्ये दुई थान बोलपत्र बोलपत्रमा उल्लेख गरे बमोजिमको नमुना कागज २२"×२८" साइजको पेश गरेको र बाँकी दुईले २२"×२८" साइजको नमुना पेश नगरी A4 साइज नमुना पेश गरेकोले त्यसरी बोलपत्रसाथ कम साइजको नमुना पेश भएको बोलपत्रहरूलाई मुल्यांकनमा समाबेश गर्न मिल्ने/नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

स्पेशिफिकेशन निर्धारण गर्ने र सो बमोजिम नमुना माग गर्ने निश्चित उद्देश्य हुने भएकोले सो उद्देश्य पुरा हुन सक्ने/नसक्ने कुरा यकिन गरी यस सम्बन्धमा सार्वजनिक निकाय आफैले निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०।२।१०**

**१०६. राय परामर्श माग भएको विषयः**

पशु नश्ल सुधारसँग सम्बन्धीत मेशिनरी औजार खरिद गर्न बोलपत्र आव्हान गरिएकोमा दुई वटा बोलपत्र विद्युतीय सञ्चारको माध्यमबाट पेश हुन आएकोमा ती मध्ये एक बोलपत्र Download गर्दा Bid submission form Download हुन नसकेको (0 bite देखाएको) तर निज बोलपत्रदाताले सफलता पूर्वक बोलपत्र upload भएको प्रमाण टेण्डर खोल्ने समयमा पेश गरेको साथै बोलपत्र खोल्दाको समयमा नै सम्पूर्ण सक्कल कागजात पेश हुन आएकोले उक्त बोलपत्रलाई मुल्यांकन प्रकृयामा समाबेश गर्न मिल्ने/नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

बोलपत्र खोल्दाको समयमा नै सम्पूर्ण सक्कल कागजात पेश हुन आएको र प्रविधिको कारणबाट Bid submission form Download हुन नसकेको भनी तहाँको सिफारिशमा उल्लेख भएको सन्दर्भमा बोलपत्र खोल्दा तयार भएको खोलुवा मुचुल्कामा उक्त कुरा उल्लेख गरी उपस्थित सबै बोलपत्रदाता वा प्रतिनीधिले दस्तखत गरेको अवस्था भएको भए सो बोलपत्रलाई मुल्यांकन प्रक्रियामा समाबेश गर्न सकिने ।

**निर्णय मितिः २०७०।२।१९**

**१०७. राय परामर्श माग भएको विषयः**

सवारी साधन खरिद गर्ने कार्यका लागि प्रकाशित सूचना बमोजिम पेश भएको एक बोलपत्रदाताबाट बोलपत्रसाथ बोलपत्रदाताको ग्राह्यताको आधार पुष्टि गर्ने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२) को खण्ड (क) मा उल्लेख भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र पेश भएको तर ऐ. खण्ड (ख) मा उल्लेख भएको 'ब्यवसाय दर्ताको इजाजत पत्र' पेश नभएकोले उक्त बोलपत्रलाई कानूनी ग्राह्यता भएको बोलपत्र मान्न सकिने/नसकिने ?

**राय परामर्शको ब्यहोराः**

कुनै ब्यवसाय संचालन गर्न प्रचलित नेपाल कानून बमोजिम छुट्टै इजाजत पत्र समेत प्राप्त गरी संचालन गर्नु पर्ने अवस्थामा बाहेक सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२) को खण्ड (क) बमोजिमको प्रमाणपत्रमा नै फर्म, संस्था वा कम्पनीको उद्धेश्य उल्लेख भएको अवस्थामा सोही बमोजिम गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०।२।१९**

**१०८. राय परामर्श माग भएको विषयः**

ल्यापटप खरिद कार्य गर्न बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको । उक्त सूचनामा "सिलबन्दी बोलपत्र पेश गर्न ईच्छुक सप्लायर्स, फर्म तथा कम्पनीले फर्म दर्ता प्रमाणपत्र, आयकर तथा मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र त्यसको नविकरण र आ.ब. २०६८।६९ को कर चुक्ता प्रमाणपत्र, आफुले उपलब्ध गराउन खोजेको ब्राण्डको बिक्रेता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिबार्यरूपमा पेश गर्नु पर्नेछ" भनी उल्लेख भएकोमा उल्लिखित कागजातको प्रमाणित प्रतिलिपी पेश नभएकोले मुल्यांकन समितिले उक्त कागजातहरू नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्न सूचित गरे बमोजिम पछि प्रमाणित प्रतिलिपी पेश गरेको अवस्थामा बोलपत्र स्वीकृत गरी खरिद प्रकृया अगाडि बढाउन मिल्ने वा नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

फर्म दर्ता प्रमाणपत्र जस्ता बोलपत्र साथ बोलपत्रदाताले आफ्नो ग्राह्यताको आधार प्रमाणित गर्ने कागजात पेश गर्दा सो कागजातको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने ब्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ मा नभएको हुँदा सार्वजनिक निकाय आफैले सक्कल हेरी रुजु गर्न सक्ने देखिदा सोही कारणले कुनै बोलपत्रदातालाई प्रतिष्पर्धाबाट हटाउने नमिल्ने ।

**निर्णय मितिः २०७०।३।९**

**१०९. राय परामर्श माग भएको विषयः**

यस कार्यालयको प्रयोजनार्थ Arrival Baggage Inspection Duel View X-ray Machines and conveyors खरिद गर्न अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आव्हान गरेकोमा दर्ता हुन आएका बोलपत्र मध्ये कुनै स्थानीय बोलपत्रदाताले सामानहरूको आइटमवाइज मुल्य उल्लेख गरेको तर मुल्य अभिबृद्धि करको सम्बन्धमा उल्लेख नगरेकोले मुल्यांकनको सिलसिलामा मुल्यबृद्धि कर रकम बाहेकको मुल्य निकाली तुलनात्मक तालिका बनाई मुल्यांकन गर्नु पर्ने ब्यवस्था अनुसार रकम एकिन गर्न द्विविधा भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (२) मा "बोलपत्रको मुल्यांकन र तुलना गर्दा मुल्य अभिबृद्धि कर बाहेकको कबोल अंक कायम गरी तुलना गर्नु पर्नेछ" भनी उल्लेख भएकोले यसमा द्विविधा भएको देखिदैन ।

**निर्णय मितिः २०७०।३।५**

**११०. राय परामर्श माग भएको विषयः**

FPU I, II (Mission in Liberia) लाइवेरियाको लागि आवश्यक सामानहरू खरिद गर्ने सम्बन्धमा राय परामर्शको लागि लेखि आएको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र आव्हान भै सामान आपूर्तिको सम्झौता समेत भै सकेको अवस्थामा ऐन र नियमावलीले गरेको ब्यवस्थामा द्विविधा परेको देखिएन । अत राय माग भएको सन्दर्भमा दुई पक्षबिच खरिद सम्झौता भइ सम्झौता कार्यान्वयनको अवस्थामा यस कार्यालयबाट राय उपलब्ध गराउन नसकिने ।

**निर्णय मितिः २०७०।३।२७**

## (ग) परामर्श सेवा खरिदसंग सम्वन्धित राय परामर्शहरू

**१. राय परामर्श माग गरिएको बिषयः**

परामर्श सेवाबाट कार्य गराउँदा वीड वण्ड र परफरमेन्स वण्ड आवश्यक हुने नहुने ।"

**राय परामर्शको ब्यहोराः**

"सार्वजनिक निर्माण र मालसामान खरिदमा बोलपत्र जमानत र कार्य सम्पादन जमानत आवश्यक पर्ने भनी उल्लेख भएको तर परामर्श सेवा खरिदमा यस्तो ब्यवस्था रहेको नदेखिएकोले परामर्श सेवा खरिदमा बोलपत्र जमानत र कार्य सम्पादन जमानत दुवै आवश्यक नहुने ।"

**(निर्णय मितिः २०६४।६।२८)**

**२. राय परामर्श माग गरिएको बिषयहरूः सार्वजनिक खरिद नियमावलीको नियम १४, १५, १५०, ११८, ४७ र ७ का सम्बन्धमा माग भएको राय परामर्श**

**राय परामर्शको ब्यहोराः**

| क्र.सं. | राय परामर्श माग गरिएको विषय | सार्वजनिक खरिद अनुगमन कार्यालयको राय परामर्श |
|---|---|---|
| १. | **<u>सा.ख.नि.२०६४ को नियम १४ः</u>**<br>सार्वजनिक खरिद नियम २०६४ को नियम १४ ले परामर्श सेवा लिने कार्यको लागत अनुमान स्वीकृत गर्ने अधिकारी र सीमा तोकेको छ तर प्राविधिक र आर्थिक प्रस्ताव स्वीकृत कुन अधिकारीले कति रकमको गर्न सक्छ भन्ने कतै पनि उल्लेख भएको पाइदैन जसले परामर्श सेवाको प्राविधिक र आर्थिक प्रस्ताव स्वीकृत गर्ने बारे द्विविधा उत्पन्न भएकोले अस्ष्टता भएको भनी राय परामर्श माग भई आएको । | सार्वजनिक खरिद नियमावलीको नियम १४(२) मा परामर्श सेवाको लागत अनुमान स्वीकृतिको सीमा निर्धारण गरिएको छ । त्यसैगरी निर्माण र मालसामानको स्वीकृतिको सीमा नियम ६७ मा ब्यवस्था गरिएको छ । तर परामर्श सेवा खरिदको लागि प्राविधिक तथा आर्थिक प्रस्ताव स्वीकृति गर्ने अधिकारको सीमा नियममा ब्यवस्था भएको नदेखिएको हुँदा लागत अनुमानको स्वीकृतिको सीमाको आधारमा परामर्श सेवाको प्राविधिक र आर्थिक प्रस्ताव स्वीकृति गर्ने सीमा निर्धारण गर्न आवश्यक देखिन्छ । स्वीकृत गर्ने रकमको सीमा तोक्ने कार्य नियमावलीको संशोधनबाट हुने भएकोले हाल परामर्श सेवाको लागत अनुमान स्वीकृत गर्ने अधिकारीहरूलाई लागत अनुमान स्वीकृत गर्ने अधिकारको सीमा अनुसार कै रकम सम्मको प्राविधिक तथा आर्थिक प्रस्ताव सोही अधिकारीबाट स्वीकृत गर्न सक्ने । |
| २. | **<u>लागत अनुमान अद्यावधिक र संशोधन गर्ने, नियमहरू १५ र १५०ः</u>**<br>नियम १५ ले स्वीकृत भएको लागत अनुमान अनुसार खरिद नभएमा सार्वजनिक निकायले यस नियमावलीको प्रकृया अपनाई प्रत्येक आथिर्क बर्ष यस्तो लागत संशोधन गरी अद्यावधिक गर्नुपर्ने भनेको छ भने नियम १५० को अधिकार प्रत्यायोजन सम्बन्धी दफाले लागत संशोधनको अधिकार प्रत्यायोजन हुन नसक्ने भनी उल्लेख गरेको छ । नियम १५ ले काम नभएको अवस्थामा मात्र लागत अद्यावधिक गर्नुपर्ने भन्ने देखिन्छ तर यस्तो अद्यावधिक कसले र कसरी गर्ने भन्ने वारे प्रष्ट छैन । नियमावलीमा कतै पनि लागत संशोधनसम्बन्धि अन्य प्रावधान राखिएको छैन । | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५ मा स्वीकृत लागत अनुमान अनुसार खरिद नभएमा यस नियमावलीको प्रक्रिया अपनाई प्रत्येक आर्थिक वर्ष यस्तो लागत अनुमान अद्यावधिक गर्नुपर्ने ब्यवस्था गरिएको छ । यसको अर्थ एक आ.व.मा तयार भएको लागत अनुमान आगामी वर्षको खरिदमा प्रयोग गर्दा अद्यावधिक नहुने र यसरी अद्यावधिक अवस्थाको लागत अनुमान प्रयोग नगर्दा बोलपत्र मूल्यांकनमा स्वीकृत लागत अनुमान भन्दा सारभूत रूपमा बढी भएको बोलपत्र स्वीकृतिको लागि सिफारिस गर्न नसकिने हुनाले लागत अनुमान सधैं यथार्थ र अद्यावधिक रहनुपर्छ भन्ने मान्यतामा आधारित छ । अद्यावधिक गर्ने प्रक्रियामा नियमावलीमा प्रत्येक वर्ष सामग्री तथा ज्याला दररेट स्वीकृत भएको समय (श्रावण) तथा विशेष परिस्थितिमा स्वीकृत हुने सामग्री तथा ज्याला दररेट अनुसार गर्नुपर्ने हुँदा सो संशोधनको आधारमा तोकिएको श्रेणीको कार्यालय प्रमुखलाई लागत अनुमान स्वीकृत गर्ने अधिकारको सीमा रकम नै लागत अनुमान संशोधन र अद्यावधिक गर्ने अधिकार पनि हुने । |
| ३. | **<u>भेरिएसन आदेश नियम ११८ः</u>** | रा.प. तृतीय श्रेणीलाई भेरिएसनको स्वीकृति दिने अधिकार नभएको, द्वितीय श्रेणी सम्मकोले ५% सम्म आफैले र सो भन्दा माथि १०% सम्म एक तहमाथिको अधिकारी अर्थात् |

| क्र.सं. | राय परामर्श माग गरिएको विषय | सार्वजनिक खरिद अनुगमन कार्यालयको राय परामर्श |
|---|---|---|
| | नियम ११८ को (क) र (ख) मा निर्माण कार्यको ५-१० प्रतिशतको भेरिएसन सार्वजनिक निकायको रा.प. द्वितीय श्रेणीको प्रमुखले र १५ प्रतिशत सम्मको<br>भेरिएसन आदेश विभागीय प्रमुखले जारी गर्न सक्ने प्रावधान रहेको, यस प्रावधानबाट सार्वजनिक निकायमा द्वितीय श्रेणीको प्रमुख नभई अन्य अधिकृत प्रमुख भएको खण्डमा के गर्ने ..... आदि जस्ता विषयमा राय परामर्श माग भई आएको । | प्रथम श्रेणीको अधिकृतबाट स्वीकृत गराई भेरिएसन आदेश स्वीकृत गर्न सक्ने व्यवस्था भएको देखिदा तृतीय श्रेणीमाथि अन्य पदाधिकारी नभएको अवस्थामा पनि प्रथम श्रेणीको अधिकृत स्तरको पूर्व स्वीकृतिमा भेरिएसन गर्न सक्ने देखिएकोले प्रथम श्रेणीको अधिकृतबाट १० प्रतिशतसम्मको भेरिएसन स्वीकृत हुने अवस्थामा निजबाट स्वीकृत भएको भेरिएसन आदेश तृतीय श्रेणीको अधिकृत कार्यालय प्रमुखले भेरिएसन आदेश जारी गर्न सक्ने । |
| ४. | **<u>बोलपत्र सम्बन्धी कागजात स्वीकृत गर्नुपर्ने (नियम ४७)ः</u>**<br>यस नियममा बोलपत्र सम्बन्धि कागजात, प्रस्ताव आव्हान सम्बन्धि कागजात तयार भएपछि त्यस्तो कागजात सम्बन्धित सार्वजनिक निकायका प्रमुखले स्वीकृत गर्नुपर्ने छ भनी उल्लेख भएको छ । नियम १४ र नियम ६७ ले क्रमशः लागत अनुमान र ठेक्का स्वीकृत गर्ने कार्यालय प्रमुख र सीमा तोकेको छ । यी तिनवटै प्रावधान हेर्दा ठेक्कामा स्वीकृत गर्ने अधिकार सीमा भित्रको बोलपत्र सम्बन्धी कागजात सम्बन्धित अधिकारीले गर्न सक्छ तर त्यो सीमा भन्दा माथिको ठेक्का सम्बन्धी कागजात पनि निजले नै गर्नसक्ने हो वा माथिल्लो निकायमा पेश गर्नुपर्ने हो त्यस विषयमा अस्पष्ट भएको भनी राय परामर्श माग भई आएको। | लागत अनुमान स्वीकृति गर्ने अधिकार र बोलपत्र कागजात स्वीकृत गर्ने कार्य फरक कार्यव्यवस्था हो । अतः लागत अनुमान जहाँ सुकैबाट स्वीकृत भएतापनि समयमा कार्य संचालन तथा सम्पादन गर्ने कुरालाई दृष्टिगत गरी कार्यान्वयन गर्ने निकायको प्रमुखबाट नै बोलपत्रसम्बन्धी कागजात स्वीकृत गर्नुपर्ने । |

**(निर्णय मितिः २०६४।१२।१८)**

**३. राय परामर्श माग भएको विषयः**

परामर्शदाता छनौट, मर्मत व्यवस्था तथा खरिद ऐनको पालना विषयमा द्विविधा भएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

**परामर्शदाताको छनौट सम्बन्धमा**ःपरामर्शदाताको छनौटमा ग्राहयता सम्बन्धी विवरणमा प्रस्तावको कागजातमा उल्लेख गर्नु पर्ने विवरणको सम्पूर्ण विवरण उल्लेख गर्नु पर्नेमा छुट भएको आधारमा मूल्याँकन समस्या भएको देखिएको छ । खरिद कानूनले व्यवस्था गरे बमोजिम प्रस्ताव कागजात तथा ग्राहयता लगायत योग्यताका आधारहरू तयार गर्नु पर्दछ । कागजातमा समावेश भएका कुनै विवरणले प्रतिस्पर्धा सीमित हुने गरी बन्देज गर्न मिल्दैन । सार्वजनिक खरिद ऐनको एक प्रमुख आधार नै प्रतिस्पर्धात्मक अवस्थाको सिर्जना भएको र सार्वजनिक खरिद ऐन छाता ऐन भएको हुँदा नेपाल सरकारले लागू गरेको प्रावधान लागू गर्न सबै सार्वजनिक निकायको कर्तब्य समेत भएको हुँदा यस सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (१) को व्यवस्था समेतको आधारमा तपसिल बमोजिम गर्न सकिनेः

(१) परामर्शदातासंग कर चुक्ता प्रमाण पत्र वा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश गरेको दुवै अवस्थालाई मान्यता प्रदान गरी प्रस्ताव मूल्याँकन गर्न सकिने

(२) व्यवसाय दर्ताको प्रमाणपत्र आवश्यक हुने कुरा खरिद नियमावली,२०६४ को ४०(२)(ख) मा उल्लेख भएकोले यो अनिवार्य आवश्यकता हो ।

(३) SCAEF को प्रमाणपत्र प्रस्ताव दर्ता गर्ने समयमा पेश गरी सकेको अवस्थामा स्पष्ट गर्ने क्रममा नविकरण गरेको वा Validity Period लाई स्पष्ट गर्न पूर्णताको परीक्षण गर्ने समयसम्म पत्राचार गर्न सकिन्छ ।

तर यस्तो नविकरण भएको मिति प्रस्ताव पेश गर्ने मिति पूर्वको हुनु पर्दछ "

**मर्मत कार्यको खरिद**ः एक मात्र फर्मले बोलपत्र पेश गरेको र सो बोलपत्रदाताको कबोल अंक पनि लागत अनुमान भन्दा बढी भएको सन्दर्भमा प्रमुख रूपमा दुईवटा समस्या देखिएको छ। यस्तो कार्यको लागि बोलपत्रदाता सीमित हुनु पर्ने अवस्था सामान्यतः देखिदैन । मर्मतसम्बन्धी कार्यमा बोलपत्रदाताको संख्या काठमाडौंमा सामान्यतः कम हुनु पर्ने अवस्था हुदैन । यस्को लागि स्पेसिफिकेशन तथा योग्यतासम्बन्धी आधारहरूको साथै सूचनाको सार्वजनिक प्रचार प्रसारका पक्षहरुलाई ध्यानमा राख्नु पर्दछ । पेश भएको विवरणमा हालसालैको दररेट समेतको आधारमा लागत अनुमान भएको देखिंदा सो आधारमा लागत अनुमान अद्यावधिक गरिएको अवस्थामा सामान्यत कार्य आवश्यकतालाई ध्यानमा राखी पुनः बोलपत्र आव्हान गर्दा लागत अनुमानमा पर्नसक्ने असरलाई मध्यनजर राखी निर्णय गर्नु पर्दछ । सारभूत रूपमा बढीको निश्चीत रकम र सीमा तोक्दा व्यवस्थापकहरूलाई कार्य प्रकृति र आवश्यकता तथा तत्कालिक मूल्य अवस्थाको साथै थप खर्चबाट पर्नसक्ने असर र प्रतिफलका अवस्थाहरूलाई ध्यानमा राखी निर्णय गर्न र विवेकको प्रयोग गरी खरिद कार्य परिणाममूलक वनाउन प्रस्तुत व्यवस्था गरिएको देखिएको हुँदा निश्चित रकमको सीमा राखिएको छैन र विवेकशीलताको प्रयोग गरिने अवस्थामा यस्तो सीमा राख्न पनि उपयुक्त मानिदैन । अतः माथि उल्लेखित कुराहरूलाई मध्यनजर राखि पुनः बोलपत्र आव्हान गर्दा हुने प्रत्यक्ष (विज्ञापन, परामर्शदाता भए सो समेत) खर्च, लागत अनुमानमा पर्न सक्ने असर (दर विश्लेषणमा सामग्री ज्यालाको मूल्य बढेको अवस्था), निकायको अन्य दायित्व बढन सक्ने अवस्था, प्रतिफलको गाम्भीर्यता आदिलाई ध्यानमा राखी लागतमा परिणत गर्न सकिने कुराहरूलाई ध्यानमा राखी हेर्दा सम्भाव्य लागत भन्दा हालको लागत अनुमान कम हुनसक्ने अवस्था गणना गर्न सकिएको अवस्थामा लागत अनुमान भन्दा सारभूत रूपमा बढी नभएको निक्यौंल गरी बोलपत्र स्वीकृत गर्ने नगर्ने बारे निर्णय लिनु पर्दछ ।

**सार्वजनिक खरिद नियमावली कार्यान्वयन सम्बन्धमा**ः सरकारी निकाय बाहेकका सार्वजनिक निकायहरुले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ७४ (२) अनुसार निकायको आफ्नै खरिदसम्बन्धी विनियमावली तयार गरी खरिद कार्य संचालन गर्नु पर्ने व्यवस्था भएको देखिन्छ । तर आफ्नो विनियमावली बनी नसकेको अवस्थामा छाता ऐन भएको कारणले सार्वजनिक खरिद ऐन अनुसार बनेको सार्वजनिक खरिद नियमावली २०६४ सरकारी निकाय बाहेकका अन्य सार्वजनिक निकायहरूले पनि सो नियमावली अनुसार खरिद कार्य संचालन गर्न सक्ने ।

**(निर्णय मितिः २०६५।३।८)**

**४. राय परामर्श माग गरिएको बिषयः**

मिति २०६४।५।३ को गोरखापत्रमा सूचना प्रकाशित भई कार्यवाही अगाडि बढेको र छनौट कार्य हुन नसकी मिति २०६४।७।१४ मा पुनः सूचना प्रकाशित गरी छनौट कार्य अगाडि वढाइएको र सोही अनुसार मिति २०६४।१२।१३ मा छनौट सूची प्रकाशित भएको । हाल आएर मिति २०६५।३।२८ को सचिवस्तरीय निर्णयबाट पछिल्लो पटक भएको बोलपत्र खारेज गरी पुनः बोलपत्र आव्हान गर्ने निर्णय भएकोले के गर्ने भन्ने बारेमा द्विविधा रहेको ।

**राय परामर्शको व्यहोराः**

साविकको सम्झौतालाई निरन्तरता दिनुपर्ने अपरिहार्य आवश्यकता सम्बन्धित मन्त्रालयले पुष्ट्याई गरेमा खरिद ऐनको दफा ४१(च) अनुसार साविकको परामर्शदातालाई निरन्तरता दिई सेवा लिन सक्ने व्यवस्था भएकोले पर्याप्त कारण भए सो बमोजिम गर्न सकिने र अविलम्ब खरिद असफल हुने कारणहरूको विश्लेषण गरी पर्याप्त तयारी गरी नयाँ खरिद कारवाही टुंगो लगाउनुपर्ने ।

**(निर्णय मितिः २०६५।४।२७)**

**५. राय परामर्श माग गरिएको बिषयः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७०(२) मा सामान्यतया ३ करोड रुपैया भन्दा बढी रकमको परामर्श सेवा खरिद गर्नु परेमा अन्तराष्ट्रिय स्तरको आशयपत्र माग गर्नुपर्ने व्यवस्था रहेको देखिएकोले ५ वटा प्याकेजमा विभाजन गरी राष्ट्रिय स्तरको आशयपत्र माग गर्न स्वीकृती दिन मिल्ने नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा (३०) को (क) मा तोकिएको रकमभन्दा बढी रकमको परामर्श सेवा खरिद गर्नुपरेमा अर्न्तराष्ट्रियस्तरको आशयपत्र माग गर्नुपर्ने व्यवस्था छ । यसै व्यवस्थालाई नियमावलीको नियम ७०(२) मा सामान्यतया तीन करोड रुपैयाभन्दा बढी रकमको परामर्श सेवा खरिद गर्नुपरेमा अन्तराष्ट्रियस्तरको आशयपत्र माग गर्नु पर्ने गरी तोकिएको छ ।

ऐनको दफा (३०) को (३) (ख), (ग) र (घ) मा रहेको व्यवस्था हेर्दा नेपालबाट प्रतिस्पर्धात्मकरूपमा सेवा प्राप्त हुन नसक्ने अवस्थामा तोकिएको सीमाभन्दा कम रकमको लागि पनि अन्तराष्ट्रियस्तरको आशयपत्र माग गर्नुपर्ने हो होइन भन्ने तर्फ हेर्दा नियमको ७०(२) ले सामान्यतया भन्ने शब्दको प्रयोग गरेको र ऐनले सीमा भन्दा घटी रकमको परामर्श सेवा पनि नेपालमा उपलब्ध नहुने भए अन्तराष्ट्रियस्तरको आशयको माध्यम अपनाउनुपर्ने अवस्थाको व्यवस्था पनि भएबाट रकमको सीमालाई भन्दा सेवाको उपलब्धतालाई प्रधानता दिइएको देखिएकोले तोकिएको सीमा भन्दा बढी रकमको परामर्श लिएपनि सामान्यतया भन्ने शब्दले परिस्थितिको विश्लेषण गर्नुपर्ने अवस्था छोडेको देखिन्छ । बर्तमान मामिलाका सम्बन्धमा कम्प्युटरमा अभिलेख राख्न डाटा इन्ट्री गर्नेप्रयोजन मात्र रहेकोले नेपालमा सहजरूपमा उपलब्ध हुने यस सेवाको लागि रकमको सीमाका कारणबाट अन्तराष्ट्रियस्तरको आशयपत्र माग गर्नु आवश्यक नहुने ।

**(निर्णय मितिः २०६५।७।२२)**

**६. राय परामर्श माग गरिएको बिषयः**

परामर्शसेवा खरिदको सम्बन्धमा एक मात्र प्रस्तावदाताको प्राबिधिक प्रस्ताब छनौट भएको अवस्थामा प्राबिधिक प्रस्ताबको मात्र तुलना र प्रतिस्पर्धा हुने तर आर्थिक प्रस्ताबको तुलना र प्रतिस्पर्धा नहुने हुँदा प्राबिधिक र आर्थिक प्रस्ताबको मुल्याङ्कन हुने स्थिति भएपनि अझै प्रस्ताबदातासंग तुलना गर्ने अवस्था नदेखिएकोले छनौट भएको एक मात्र परामर्शदाताको आर्थिक प्रस्ताव खोली सम्झौता गर्न द्बिबिधा पर्न गएकोले राय परामर्श माग भएको ।

प्रस्ताब नं. २ को सम्बन्धमा मध्यमाञ्चल सिंचाई बिकास डिभिजन नं.५ को च.नं.२६९, मिति २०६५।९।२१ को पत्रसाथ संलग्न बिबरण अनुसार सार्बजनिक खरिद ऐन, २०६३ को दफा २६ को (२) ले एकमात्र बोलपत्र सारभुत रूपमा प्रभाबग्राही भएमा बोलपत्र अस्विकृत गर्न वा पुनः बोलपत्र आव्हान गर्न सकिने छैन भनी स्पष्ट उल्लेख गरेको तर परामर्श सेवा उपलब्ध गराउंदा एकमात्र प्रस्ताबदाता भै सो प्रस्ताब सारभुत रूपमा प्रभाबग्राही भएकोमा के गर्ने भन्ने सम्बन्धमा द्बिबिधा उत्पन्न भै राय माग भै आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्बजनिक खरिद ऐन २०६३ को दफा ३०(५) तथा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ७०(८) को ब्यवस्था अनुसार न्यूनतम ३ वटा फर्म/संस्थाको संक्षिप्त सूचि तयार गर्नु पर्ने, कम्तिमा ३ वटा आशयपत्रदाता छनौट हुन नसके ख्याति प्राप्त परामर्शदातासंग सम्पर्क गरी निजको नाम संक्षिप्त सूचिमा समाबेश गर्न सकिने समेतको ब्यवस्था छ । सोही नियमावलीको नियम (९) अनुसार ३ वटा आशयपत्रदाता छनौट हुन नसकेमा दोश्रो पटक सूचना प्रकाशन गर्नु पर्ने र सो सूचनाको आधारमा पनि उपयुक्त संख्यामा छनौट हुन नसकेमा छनौट भए जतिको मात्र सूचि कायम गर्न सकिने ब्यवस्था रहेकोले प्रस्ताबदाताको आवश्यक पर्ने संख्या उल्लेख नभए पनि संक्षिप्त सूचिमा रहेका सबैबाट प्रस्ताब प्राप्त हुन्छ भन्ने मान्यता रहेको देखिन्छ । छनौट भएका आशयपत्रदाताहरू मध्येका कुनै आशयपत्रदाताले प्रस्ताब पेश नगर्दा प्रतिस्पर्धा हुने अवस्थाको श्रृजना नहुने भएकोले सार्बजनिक निकायले संक्षिप्त सूचिमा परेका आशयपत्रदातालाई सम्पर्क गरी सबैबाट प्रस्ताब प्रस्तुत गराउने प्रयत्न गर्नु पर्ने देखिन्छ । यसो गर्दा गर्दै पनि दोश्रो पटकको प्रस्ताब आव्हानपछि संक्षिप्त सूचिमा रहेका सबै आशयपत्रदाताले प्रस्ताब पेश नगरेमा पेश भएका प्रस्ताबलाई नै कायम गर्न सकिने ब्यवस्था उल्लेखित नियमावलीको मनसाय देखिन्छ । अतः दोश्रो पटक सूचना प्रकाशित गर्दा कायम भएको संक्षिप्त सूचिमा कायम रहेका आशयपत्रदाताहरू मध्ये प्राप्त हुने प्रस्ताबको संख्यालाई आधार मान्न सकिने अन्तरनिहित मान्यता रहेको देखिंदा आशयपत्रको ब्यवस्था नै यस सन्दर्भमा लागू गर्नु उपयुक्त भएकोले पुनः संक्षिप्त सूचि तयार गरी उल्लेखित ब्यवस्थाको आधारमा प्रस्ताब माग गर्नु पर्ने ।

**(निर्णय मितिः २०६५।१०।२३)**

**७. राय परामर्श माग गरिएको बिषयः**

नेपालमा हाल Road Based ICD सुख्खा बन्दरगाह दुईवटा जस्को ब्यवस्थापक एउटै मात्र कम्पनी रहेको र Rail Based ICD सुख्खा बन्दरगाह एउटैमात्र रहेको बिद्यमान स्थितिमा बीरगञ्ज र तातोपानी भन्सारलाई Road Based ICD सुख्खा बन्दरगाहको रूपमा बिकास गर्न सुख्खा बन्दरगाह संचालन गरेको ब्यवस्थापक कम्पनी भए सरल र सहज ढंगबाट सम्भव हुने देखाई उल्लेखित स्थानहरूमा सुख्खा बन्दरगाहको बिकास एवं बिस्तारको लागि एक मात्र सेवा प्रदायक रहेको अवस्थामा

व्यवस्थापकको रूपमा सार्बजनिक खरिद ऐनको दफा ४१ को उपदफा १ को खण्ड (ख) बमोजिम नियुक्ति गर्न सकिने नसकिने सम्बन्धमा राय माग भै आएको ।

**राय परामर्शको ब्यहोराः**

बीरगञ्ज र तातोपानी भन्सारलाई Road Based ICD सुख्खा बन्दरगाहको रूपमा बिकास गर्न सुख्खा बन्दरगाह संचालन गरेको व्यवस्थापकको रूपमा नियुक्ति गर्ने सम्बन्धमा सार्बजनिक खरिद ऐन २०६३ को दफा ४१ को उपदफा १ को खण्ड (ख) मा व्यवस्था भए अनुसार यस्तो व्यवस्थापन गर्न सक्ने एउटा मात्र कम्पनिको प्राबिधिक दक्षता वा क्षमता भएको अवस्थामा सोझै खरिद गर्न सकिने व्यवस्था हो तर प्रस्तुत सन्दर्भमा बीरगञ्ज भन्सार गोदाम तथा यार्डको व्यवस्थापन गर्न खुला बोलपत्रको माध्यमबाट नियुक्त भएको व्यवस्थापक सेवा प्रदायक भएको र पुनः अर्को भन्सारमा गोदाम तथा यार्ड संचालन गर्न पनि सोही अनुसार खुला प्रतिस्पर्धाको माध्यमबाट व्यवस्थापन सेवा प्रदायक खरिद गर्नु पर्ने देखिन्छ ।

**(निर्णय मितिः २०६५।१०।२३)**

**८. राय परामर्श माग गरिएको बिषयः**

संक्षिप्तसूचीमा परेका परामर्शदातामध्ये एक मात्र प्राविधिक प्रस्ताव छनौट भएको अवस्थामा प्राबिधिक प्रस्तावको मात्र तुलना र प्रतिस्पर्धा हुने तर आर्थिक प्रस्तावको तुलना र प्रतिस्पर्धा नहुने हुँदा प्राबिधिक र आर्थिक प्रस्तावको मुल्याङ्कन हुने स्थिति भएपनि अझै प्रस्तावदातासंग तुलना गर्ने अवस्था नदेखिएकोले छनौट भएको एक मात्र परामर्शदाताको आर्थिक प्रस्ताव खोली सम्झौता गर्न द्विबिधा पर्न गएकोले राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्बजनिक खरिद ऐन २०६३ को दफा ३०(५) तथा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ७०(८) को व्यवस्था अनुसार न्यूनतम ३ वटा फर्म/संस्थाको संक्षिप्त सूचि तयार गर्नु पर्ने, कम्तिमा ३ वटा आशयपत्रदाता छनौट हुन नसके ख्याति प्राप्त परामर्शदातासंग सम्पर्क गरी निजको नाम संक्षिप्त सूचिमा समाबेश गर्न सकिने समेतको व्यवस्था छ । सोही नियमावलीको नियम (९) अनुसार ३ वटा आशयपत्रदाता छनौट हुन नसकेमा दोश्रो पटक सूचना प्रकाशन गर्नु पर्ने र सो सूचनाको आधारमा पनि उपयुक्त संख्यामा छनौट हुन नसकेमा छनौट भए जतिको मात्र सूचि कायम गर्न सकिने व्यवस्था रहेकोले प्रस्तावदाताको आवश्यक पर्ने संख्या उल्लेख नभए पनि संक्षिप्त सूचिमा रहेका सबैबाट प्रस्ताव प्राप्त हुन्छ भन्ने मान्यता रहेको देखिन्छ । छनौट भएका आशयपत्रदाताहरू मध्येका कुनै आशयपत्रदाताले प्रस्ताव पेश नगर्दा प्रतिस्पर्धा हुने अवस्थाको श्रृजना नहुने भएकोले सार्बजनिक निकायले संक्षिप्त सूचिमा परेका आशयपत्रदातालाई सम्पर्क गरी सबैबाट प्रस्ताव प्रस्तुत गराउने प्रयत्न गर्नु पर्ने देखिन्छ । यसो गर्दा गर्दै पनि दोश्रो पटकको प्रस्ताव आव्हानपछि संक्षिप्त सूचिमा रहेका सबै आशयपत्रदाताले प्रस्ताव पेश नगरेमा पेश भएका प्रस्तावलाई नै कायम गर्न सकिने व्यवस्था उल्लेखित नियमावलीको मनसाय देखिन्छ । अतः दोश्रो पटक सूचना प्रकाशित गर्दा कायम भएको संक्षिप्त सूचिमा कायम रहेका आशयपत्रदाताहरू मध्ये प्राप्त हुने प्रस्तावको संख्यालाई आधार मान्न सकिने अन्तरनिहित मान्यता रहेको देखिंदा आशयपत्रको व्यवस्था नै यस सन्दर्भमा लागू गर्नु उपयुक्त भएकोले पुनः संक्षिप्त सूचि तयार गरी उल्लेखित व्यवस्थाको आधारमा प्रस्ताव माग गर्नु पर्ने ।

**(निर्णय मितिः २०६५।१०।२३)**

**९. राय परामर्श माग गरिएको बिषयः**

बिभागले संचालन गरेको P1 र P2 कार्यक्रमको आशयपत्र दाता छनौट गरी सकेपछि Request For Proposal (RFP) को प्रकृयामा रहंदा रहंदै आ.ब.को अन्त हुने बर्तमान अवस्था रहेकोले छनौट भएका परामर्शदातृहरूलाई नै यथावत राखी सो कार्यलाई निरन्तरता दिने नदिने द्विबिधा पर्न गएको छ ।

**राय परामर्शको ब्यहोराः**

यस सम्बन्धमा बिभागले संचालन गरेका P1 र P2 कार्यक्रमको आसयपत्र दाता छनौट गरी सकेपछि Request For Proposal(RFP) प्रकृया रहंदा रहंदै आ.ब.को अन्त हुने अवस्था भए पनि ती आयोजनाहरूको लागि आगामी बर्षहरूमा पनि बजेट बिनियोजन हुने अवस्थामा सोही कामको लागि प्रारम्भ गरेको प्रकृया रोक्नु पर्ने वा निरन्तरता दिनु पर्ने भन्ने सम्बन्धी बजेट कार्यक्रमसँग सम्बन्धित भएकोले यस बारेमा यस कार्यालयबाट केही भन्नु आवश्यक नहुने ।

**(निर्णय मितिः २०६५।१२।५)**

**१०. राय परामर्श माग गरिएको विषयः**

मूल्यांकन समितिको सिफारिस बमोजिमको अमुक बोलपत्र स्वीकृत भए अनुसार प्रतित पत्र खोल्ने स्वीकृति दिन उपयुक्त हुने भन्ने सिफरिस सहितको परामर्श ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, नियम, निर्देशिकामा उल्लिखित कुनै कुराका सम्बन्धमा स्पष्ट नभएको, द्विविधा भएको अवस्था खुलाई माग गरिएको विषयमा यस कार्यालयबाट परामर्श दिनुपर्ने व्यवस्था छ । तहाँको उक्त पत्रको सन्दर्भमा सार्वजनिक खरिद ऐनको दफा ६५(२) अनुसार अमुक कम्पनीलाई दिने वा नदिने भन्ने यस कार्यालयको अधिकार क्षेत्रमा पर्ने विषय नभएकोले यस कार्यालयबाट राय परामर्श दिनुपर्ने अवस्था नरहेको ।

**(निर्णय मितिः २०६६।२।८)**

**११. राय परामर्श माग गरिएको विषयः**

ICT Development Project को Project Preparation Technical Assistant मा संलग्न भएको परामर्शदातालाई TA अन्तरगत Project Management Consultant नियुक्त गर्दा Conflict of Interest हुन्छ हुँदैन ।

**राय परामर्शको व्यहोराः**

प्रस्तुत सन्दर्भमा ADB को अनुदान सहायतासँग सम्बन्धित भएकोले ऐनको दफा ६७(१) (ख) आकर्षित हुने नहुने कुरा यस सम्बन्धी सम्झौताबाट निर्क्योल गर्नु आवश्यक हुन्छ । उक्त दफा लागु नहुने अवस्थामा सार्वजनिक खरिद नियमावलीको नियम १३८(५) अनुसार परामर्शदाताले आफ्नो वर्तमान वा भविष्यको अन्य कामसँग स्वार्थ बाझिने गरी काम गर्नु हुँदैन भनिएको छ । आज गरेको काममा परामर्शदाताले यस्तो परिस्थितिको सिर्जना गर्ने अवसर पाओस जसबाट उसले भविष्यमा उपलब्ध हुने काममा अनुचित लाभ लिन सकोस । यसलाई अर्को शब्दमा भन्नुपर्दा परामर्शदाताले नियतपूर्वक प्रारम्भिक अध्ययन यसरी तयार गर्दछ जसबाट पछिको चरणमा हुने कामको लागि आवश्यक पर्ने सीप उसैसँग मात्र उपलब्ध हुन सक्ने देखियोस । जसको परिणम स्वरुप खरिदकर्तालाई प्रतिस्पर्धाको लाभबाट बञ्चित गराइने हुनाले यस्तो अवस्थालाई स्वार्थ बाझिएको अवस्था भनिन्छ । TOR तयार गर्ने काम बाहेक अन्य कामबाट पनि यस्तो अवस्था श्रृजना हुन सक्ने हुन्छ ।

तहाँको सन्दर्भमा PPTA र Bid Document बनाउने परामर्शदाताले PMC मा नियुक्त हुन आफुलाई मात्र सजिलो हुने गरी, जानकारीको लाभ लिन सक्ने वा अन्य अनुचित लाभ लिन सक्ने गरी कुनै काम गरे नगरेको विषय पूर्व परामर्शदाताबाट सम्पादन भएका कामलाई माथि उल्लेखित आधारहरूमा तहाँबाट विश्लेष्ण हुनुपर्ने ।

**(निर्णय मितिः २०६६।३।५)**

**१२. राय परामर्श माग गरिएको विषयः**

परामर्श सेवा लिन आशयपत्र माग नगरी एकैपटक प्राविधिक र आर्थिक प्रस्ताव माग गरिएको र दुइपटक माग गर्दा प्रथम पटक कुनै प्रस्ताव नआएको र दोस्रो पटक एउटा मात्र आएकोमा प्राविधिक प्रस्तावको मूल्यांकन गरी उत्तीर्ण भएको फर्मको आर्थिक प्रस्ताव खोल्न हुने नहुने ।

**राय परामर्शको व्यहोराः**

प्राविधिक प्रस्ताव खोलिसकेपछि मूल्यांकन प्रकृया अगाडि बढीसकेको हुनाले यस चरणमा आएर आर्थिक प्रस्ताव खोल्न हुने नहुने भन्ने विषय उठाउने समय वितिसकेको व्यहोरा जानकारी गराइन्छ साथै तहाँको पत्रमा उल्लेख गरेजस्तो सामान्य प्रकृया अनुसार शुरु भएको काम हाल खरिद नियमावलीको नियम (८४) अनुसार टुंगो लगाउन नियमसंगत नहुने । तर खरिद नियमावली अनुसार यस कार्यालयले सार्वजनिक निकायलाई खरिद कारवाही संचालन गर्न सहयोग हुने किसिमका काम समेत गर्नुपर्ने हुनाले तहाँको यो खरिद कारवाही रोकिदा यसबाट विमानस्थल संचालनमा पर्न सक्ने असर र यसको आवश्यकताको विश्लेषण गरी प्राविधिकरूपमा औचित्य प्रमाणित हुने आधार देखिएमा सो खुलाई आशय पत्र माग नगरी सोझै प्रस्ताव माग गरेकै कारणबाट तहाँको यस मामिलामा प्रारम्भ गरिसकेको खरिद कारवाहीलाई अवरुद्ध गर्नुपर्ने अवस्था नदेखिएको ।

**(निर्णय मितिः २०६६।३।२८)**

**१३. राय परामर्श माग गरिएको बिषयः**

Short Listed फर्महरूबाट RFP माग गरिएकोमा एउटा फर्मले प्रस्ताव दाखिला गर्ने अन्तिम समय पूर्व प्रस्ताव दाखिला नगर्ने जानकारी दिएकोले यस्तो फर्मलाई के कस्तो कारवाही हुने हो ।

**राय परामर्शको ब्यहोराः**

सामान्य रूपमा आचरण विपरित काम गरे बाहेक अन्य कुनै अवस्थामा आरोप लगाउने आधार नदेखिएकोले प्रस्ताव पेश नगर्ने प्रस्तावदातालाई कारवाही गर्न नमिल्ने ।

**(निर्णय मितिः २०६६/४/१४)**

**१४. राय परामर्श माग गरिएको बिषयः**

दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि एउटा मात्र आशयपत्र दर्ता हुन आएको र सो J/V मा संलग्न Partner मध्ये एकको कम्पनी दर्ता र अर्काको कम्पनी दर्ता लगायत अन्य आवश्यक कागजात पेश नभएकोले सो जे.भी. ले पेश गरेको आशयपत्र मुल्यांकनमा समावेश हुने वा नहुने ।

**राय परामर्शको ब्यहोराः**

दोस्रो पटक आशयपत्र माग गर्दा पनि रीत पूर्वकको आशयपत्र छनौट हुन नसकेको अवस्थामा अब पुनः तेस्रो पटक सूचना प्रकाशन गर्दा पनि पर्याप्त आशयपत्र नपरेमा के गर्ने भन्ने बिषयमा यसरी सूचना प्रकाशन गर्दा प्रतिस्पर्धात्मक रुपबाट परामर्शदाता छनौट हुन सकोस् भन्ने ऐन/नियमको आशय रहेको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० (७) मा ख्याती प्राप्त परामर्शदातासँग सम्पर्क गरी निजको नाम संक्षिप्त सूचीमा समावेश गर्न सकिने प्रावधान पनि यथावतै रहेकोले सोलाई समेत ध्यानमा राखी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० (८) मा ब्यवस्था भए बमोजिम छनौट भएका जति आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिने ।

**(निर्णय मितिः २०६६/७/२७)**

**१५. राय परामर्श माग गरिएको बिषयः**

परामर्श सेवा खरिदका लागि आशयपत्र स्वीकृत भएका फर्महरूबाट आर्थिक र प्राविधिक प्रस्ताव माग गरिएकोमा उच्च अंक ल्याउने प्रस्तावदाताको कबोल रकम स्वीकृत अनुमानभन्दा बढी भएकोले निजसँग सम्झौता गर्ने वा दोस्रो घटिवालाको प्रस्ताव स्वीकृत गर्ने भन्ने बिषयमा द्विविधा भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३७ बमोजिम परामर्शदातासँग पेशाविद्हरूको पारिश्रमिक बाहेकका सोधभर्ना हुने प्रकृतिका खर्चका सम्बन्धमा वार्ता गर्न सकिने ब्यवस्था छ । उक्त परामर्शदातासँग सोही दफाको अधीनमा रही वार्ता गरी सहमति भएको रकम लागत अनुमानभन्दा सारभूत रूपमा बढी नभए सोही प्रस्ताव स्वीकृत गर्न सकिने अन्यथा त्यसपछिको उच्चतम अंक प्राप्त गर्ने फर्मसँग वार्ता गरी दुबै पक्षलाई स्वीकार्य हुने सहमति हासिल भएमा सम्झौता गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६६/८/२३)**

**१६. राय परामर्श माग गरिएको बिषयः निर्णय मिति २०६६/१०/२१**

सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार गरिएको प्रस्ताव माग गर्ने सम्बन्धी कागजात (रिक्वेस्ट फर प्रपोजल) मा भएको कुरालाई परामर्श सेवाको प्रस्ताव सम्बन्धी कागजात (रिक्वेस्ट फर प्रपोजल) मा आवश्यकता अनुसार हेरफेर गर्न सकिने वा नसकिने र Standard Procurement Document को १.७.१ मा भएको ब्यवस्थाले Design कार्य गराउने परामर्शदाता संस्थाबाट पुनः सोही योजनाको सुपरिवेक्षण सम्बन्धी कार्य गराउन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

(१) Standard Procurement Document का सबै दफाहरू निश्चय नै अपरिवर्तनीय होइनन् । SRFP का आधारमा RFP तयार गर्दा कै अवस्थामा विचार गरी प्रस्ताव सम्बन्धी कागजात बनाउन पर्ने ब्यहोरा स्पष्ट नै छ । यसै गरी SRFP

मा भएका प्रावधानहरू मध्ये Information to Consultants मा परिवर्तन/संशोधन गर्नु परे Data Sheet मा र SGCC मा हेरफेर गर्नु परे Special Condition of Contract (SCC) मा संसोधन गरी गर्न सकिने ।

(२) कार्यालय भवनको Architectural, Structural Design, Drawing and Tender Documents for Construction Management and Supervision of DoED Office Building सम्बन्धी कार्य गर्ने परामर्शदाताबाट Construction Management र Supervision सम्बन्धी कार्य गराउन हुने/नहुने सम्बन्धमा समान्य रूपमा Design/Drawing गर्ने Consultant ले Supervision गर्ने कार्य नियम १३८ बमोजिम Conflict of Interset नहुने ।

**१७. राय परामर्श माग गरिएको बिषयः**

आर्थिक प्रस्ताव खोली सकेको अवस्थामा पुनः प्राविधिक प्रस्ताव मुल्यांकन गर्न कानूनतः मिल्ने कि नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायले खरिद कारवाही सम्बन्धी त्रुटी गरेको वा कर्तब्य पालना नगरेको कुरा बोलपत्रदाता वा प्रस्तावदाताले थाहा पाई कारण सहित त्यस्तो त्रुटी वा निर्णयको पुनरावलोकनका लागि सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम सार्वजनिक निकायका प्रमुख समक्ष निवेदन पर्न आएको अवस्थामा आर्थिक प्रस्ताव खोली सकेको अवस्थामा समेत प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा भएको त्रुटी सच्याउन बाधा पर्ने देखिदैन । तर प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भएका प्रस्ताव मुल्यांकनको आधार र अंकभारमा हेरफेर गर्न भने नसकिने ।

**(निर्णय मितिः २०६७/२/६)**

**१८. राय परामर्श माग गरिएको बिषयः**

दोस्रो पटकको सूचना बमोजिम दुई वटा आशयपत्रदाताहरू सफल भएको, दुबैबाट प्रस्ताव माग गरिएकोमा एउटाले मात्र कानूनी ग्राहयता पुरा गरेकोले त्यस्तो प्रस्तावको प्राविधिक तथा आर्थिक प्रस्ताव मुल्यांकन गरी खरिद कारवाही अगाडि बढाउन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को उपनियम (७) मा भएको ब्यवस्था अनुसार सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्न सूचना प्रकाशन गरी आशयपत्र माग गर्दा आशय पत्र पेश नगर्ने ख्याति प्राप्त परामर्शदातासँग सम्पर्क गरी निजको नाम संक्षिप्त सूचीमा समावेश गर्न सकिने हुँदा सो बमोजिम नाम समावेश गरिएको हो होइन, सार्वजनिक निकायको उल्लेखित पत्रले स्पष्ट गरेको देखिदैन । उल्लेखित नियम ७० (७) बमोजिम गर्दा समेत कम्तीमा तीनवटा आशयपत्रदाता छनौट हुन नसकेमा नियम ७० (८) बमोजिम छनौट भएका जति आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिने ।

(निर्णय मितिः **२०६७/३/१५)**

**१९. राय परामर्श माग गरिएको बिषयः**

(१) Request for Proposal को Instruction to Consultants को Data sheet मा RfP पेश गर्ने मिति, समय र स्थान उल्लेख गरिएको तर खोल्ने मिति, समय र स्थान उल्लेख नभएकोले प्रस्तावदाताहरूलाई इमेल गरी प्रस्ताव खोल्ने मिति, समय र स्थानको बारेमा जानकारी दिइएकोमा सो बमोजिम पेश भएका प्रस्तावहरू मुल्यांकन गर्न मिल्ने/नमिल्ने ।

(२) RfP मा उल्लेख गरी माग गरिएका Certificate कागजात पेश नभएको प्रस्तावलाई मुल्यांकनमा निर्धारित अंक दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

(१) पेश भएका प्रस्तावहरू मुल्यांकन गर्न मिल्ने ।

(२) Certificate कागजात पेश नभएको प्रस्तावको हकमा RfP मा उल्लेख भए बमोजिम गर्नु पर्ने ।

**(निर्णय मितिः २०६७/३/२१)**

**२०. राय परामर्श माग गरिएको बिषयः**

गुणस्तर र लागत विधिबाट परामर्श सेवा खरिद गर्दा प्राविधिक तथा आर्थिक प्रस्ताव मुल्यांकनबाट सबैभन्दा उच्च अंक प्राप्त गर्ने प्रस्तावदाताको कबोल अंक विभागीय लागत अनुमानभन्दा सारभूतरूपमा बढी भएको अवस्थामा निजसँग वार्ता नगरी दोस्रो बढी अंक प्राप्त गर्ने प्रस्तावदातासँग वार्ता गर्न सकिने वा नसकिने ।

**राय परामर्शको ब्यहोरा :-** गुणस्तर र लागत विधिबाट परामर्श सेवा खरिद गर्दा प्राविधिक र आर्थिक प्रस्ताव मुल्यांकन गरी सो मुल्यांकनबाट छनौट भएको सर्वोत्कृष्ट प्रस्तावदातासँग वार्ता नगरी दोस्रो प्रस्तावदातासँग वार्ता गर्न नमिल्ने ।

**(निर्णय मितिः २०६७/३/२५)**

**२१. राय परामर्श माग गरिएको बिषयः**

परामर्श सेवा खरिद गर्दा रकमको सीमाको आधारमा प्राविधिक र आर्थिक प्रस्ताव स्वीकृत गर्ने अधिकार सार्वजनिक खरिद नियमावली, २०६४ मा नभएकोले सीमाको आधारमा कुन–कुन श्रेणीको कार्यालय प्रमुखलाई त्यस्तो हुने हो ।

**राय परामर्शको ब्यहोराः**

दातासँग भएको संझौता अनुसार नियुक्त हुने परामर्शदाताको सम्बन्धमा Project Document/Agreement मा लेखिएको भए सोही अनसार, नेपाल सरकारको मात्र श्रोत र Development Partner बाट ब्यहोर्ने भए पनि उल्लिखित Document मा भएको प्रावधान अनुसार, सो नभएमा साधारणतया परामर्शदाताको नियुक्ति मन्त्रालय र सम्बन्धित विभागले तय गरे अनुसार हुने र प्रस्तुत बिषयको सम्बन्धमा यी कुराहरू स्पष्ट नभएको देखिएकोले परामर्श सेवाको लागत अनुमान स्वीकृत गर्ने र प्रस्ताव आव्हान गर्न अधिकार प्राप्त अधिकारीबाटै प्रस्ताव स्वीकृत हुने ।

**(निर्णय मितिः २०६७।५।६)**

**२२. राय परामर्श माग गरिएको बिषयः**

संस्थानको स्वामित्वमा रहेको जग्गामा ब्यावसायिक भवन निर्माण, सञ्चालन तथा हस्तान्तरण गर्न लिज प्रस्ताव गरिएकोमा प्रस्तावदाताले पेश गरेको Detail Structure Design पहिले पेश गरेको Concept Design भन्दा फरक भएकोले त्यस्तो प्रस्तावदातासँग सम्झौता गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

(१) जग्गा लिजमा दिने बिषय सार्वजनिक खरिद ऐन, २०६३ ले नसमेटेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ आकर्षित नहुने ।

(२) सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद कारबाही भई 'बोलपत्र स्वीकृत गर्दाको शुरु प्रस्तावमा गरिएको Conceptual Design र पछि पेश गरिएको Detail Structural Design मा फरक भएको अवस्थामा ऐनको दफा २५ बमोजिम बोलपत्र अस्वीकार गर्नु नपर्ने गरी प्राविधिक स्पेशिफिकेशन, विवरण, विशेषता जस्ता कुराहरूमा सानातिना फरकको मुल्य बोलपत्रदाताको बोल अंकको पन्ध्र प्रतिशतभन्दा बढी भएमा त्यस्तो बोलपत्र सारभूतरूपमा अप्रभावग्राही भएको मानिने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (६) बमोजिम बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित क्षेत्र, गुणस्तर, विशेषता, शर्त, कार्यसम्पादन वा अन्य कुनै आवश्यकतामा तात्विक फरक र गम्भीर असर नपर्ने सार्वजनिक निकायलाई स्वीकार्य सानातिना फरक भएका बोलपत्रलाई सारभूतरूपमा प्रभावग्राही बोलपत्र मानिने हुँदा यसलाई समेत मध्यनजर राखी निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६७।११।२३)**

**२३. राय परामर्श माग गरिएको बिषयः**

सूचीमा परेको आशयपत्रदाताबाट प्रस्ताव माग गरिएकोमा कार्यालयले उपलब्ध गराएको प्रस्ताव सम्बन्धी कागजातमा कुनै पनि आशयपत्रदाताले प्रस्ताव पेश नगरेकोले पुनः प्रस्ताव माग गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

खरिद कारबाही टुंगो लाग्न नसकेको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को प्रक्रिया पुरा गरी खरिद कारबाही पुनः प्रारम्भ गर्न सकिने ।

**(निर्णय मितिः २०६८।३।६)**

**२४. राय परामर्श माग गरिएको बिषयः**

पूर्व योग्यता निर्धारणबाट छनौट भएका कम्पनीहरूबाट बोलपत्र माग गरिएकोमा एक मात्र बोलपत्रदाताले बोलपत्र पेश गरेको र सो बोलपत्र सारभूतरूपमा प्रभावग्राही भएको साथै कबोल अंक स्वीकृत लागत अनुमानभन्दा न्युन भएकोले सो बोलपत्र स्वीकृत गर्न सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) मा सम्पूर्ण बोलपत्र अस्विकृत गर्न वा खरिद कारबाही रद्द गर्न सकिने अवस्थाहरू उल्लेख भएको र ऐ. दफाको उपदफा (२) मा 'उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि केही बोलपत्रहरू वा एउटा मात्र बोलपत्र सारभूतरूपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्विकृत गर्न वा पुनः बोलपत्र आव्हान गर्न सकिने छैन' भनी उल्लेख भएकोले सो बोलपत्र स्वीकृत गर्न बाधा नपर्ने ।

**(निर्णय मितिः २०६८।३।२२)**

**२५. राय परामर्श माग गरिएको बिषयः कबोल अंक सम्बन्धमा ।**

परामर्श सेवा खरिदका लागि पेश भएको आर्थिक प्रस्तावदाताले कबोल गरेको अंकमा Vat समावेश भए नभएको अवस्था नखुलेकाले मुल्यांकन गर्ने वा नगर्ने तथा आर्थिक प्रस्तावमा आर्थिक प्रस्तावदाता वा निजको प्रतिनीधिको हस्ताक्षर नभएको अवस्थामा मुल्यांकन गर्ने वा नगर्ने ?

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७९ को उपनियम (२) को खण्ड(ङ) तथा नियम ८० को उपनियम (१) मा उल्लेख भएको विषयहरू स्पष्ट छन् । यसमा थप ब्याख्या गरिरहनु नपर्ने ।

**(निर्णय मितिः २०६८।४।२६)**

**२६. राय परामर्श माग गरिएको बिषयः परामर्श सेवामा मुल्य समायोजन सम्बन्धमा ।**

कार्यालयबाट उपलब्ध गराइएको प्रस्ताव सम्बन्धी कागजातमा Payment adjustment not applicable भनी उल्लेख भएकोमा एक प्रस्तावदाताको आर्थिक प्रस्तावमा Note लेखी सो नोटमा 'Price escalation will be applicable as per Nepal Rastra Bank National Consument Price Index" भनी उल्लेख गरेकोले सो आर्थिक प्रस्तावलाई Responsive मान्ने वा नमान्ने ?

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ४ र ऐ. नियमावली, २०६४ को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी ब्यवस्था गरिएको र यी परिच्छेदहरूमा मुल्य समायोजन सम्बन्धी ब्यवस्था भएको नेदखिएको र सो प्रस्ताव सम्बन्धी कागजातको ६.२(ब) मा यस सम्बन्धमा Not applicable भनी उल्लेख भएको देखिएकोले उक्त प्रस्तावलाई Responsive मान्न उपयुक्त नहुने ।

**(निर्णय मितिः २०६८।५।२)**

**२७. राय परामर्श माग गरिएको बिषयः निर्णय पुनरावलोकन सम्बन्धमा ।**

घरेलु तथा साना उद्योग विकास मितिबाट सञ्चालन हुने गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्नको लागि परामर्श सेवा खरिद गर्न सार्वजनिक खरिद ऐको दफा २९ अनुसार आशय पत्र माग गरी सुचीकृत भएका प्रस्तावदाताहरूसँग प्राविधिक र आर्थिक प्रस्ताव माग गर्दा पेश भएका प्रस्तावहरू मध्ये मुल्यांकन समितिबाट उच्च अंक प्राप्त गर्ने होस्टे बाल विकास समाज तनहुँको प्रस्ताव छनौट गर्ने सम्वन्धी आशय पत्र दैनिक पत्रिकामा ७ दिनको म्याद दिई सूचना प्रकाशित भएकोमा संक्षिप्त सूचीमा परी प्रस्ताव पेश गर्ने अर्का प्रस्तावदाताले जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास मिति तनहुँमा छानवीन गरी पाउँ

भनि निवेदन दिएकोले आशय पत्र दिइएको प्रस्तावदातासँग खरिद सम्झौता गरी तोकिएको काम कारवाही गर्ने स्वीकृतीको लागि लेखि आएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

यस विषयमा सामान्यतया खरिद कारवाहीको विषयमा पुनरावलोकनका लागि कार्यालय प्रमुख समक्ष निवेदन दिन सकिने र सो उपर पनि चित्त नबुझे निश्चित सिलिङ्ग भन्दा माथिको खरिद सार्वजनिक खरिद नियमावलीको नियम १०१ बमोजिम तोकिएको धरौटी सहित पुनरावलोकनको लागि पुनरावलोकन समितिमा जानु पर्ने ब्यवस्था रहेको छ । प्रस्तुत खरिद कारवाही उक्त सिलिंङ्ग भन्दा तल रहेको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८(२) बमोजिम सूचना प्रकाशन भै सकेको देखिएकोले र उक्त प्रस्ताव सम्वन्धी कागजात मुल्यांकन गर्दा सारभूत रूपमा प्रभावग्राही न्यूनतम मुल्यांकित प्रस्ताव स्वीकृत गर्नका लागि ऐ. ऐनको दफा ३६ बमोजिम अस्वीकृत गर्ने र खरिद कारवाही रद्द गर्ने अवस्था नरहेमा बाहेक त्यसरी न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही प्रस्ताव स्वीकृत गर्ने जस्ता विषयमा सम्वन्धित सार्वजनिक निकाय आफैले कारवाही अगाडि बढाउनु पर्ने कानूनी प्रावधान भएको विद्यमान अवस्थामा सार्वजनिक खरिद अनुगमन कार्यालयले छुट्टै स्वीकृती दिनु पर्ने ब्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली, २०६४ मा नभएको ।

**(निर्णय मितिः २०६८।११।२८)**

**२८. राय परामर्श माग गरिएको बिषयः परामर्श सेवा सोझै खरिद सम्बन्धमा ।**

विकास नतिजाका लागि ब्यवस्थापन (MFDR) सम्वन्धी तालिम संचालनका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान जस्ता सरकारी अनुदानबाट संचालित संस्थासंग रु. ३ लाखमा नवढाई तालिम संचालन गर्ने सम्वन्धमा प्रस्ताव माग गरी कार्य अगाडी बढाउन लागिएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम यस्ता सरकारी अनुदानमा संचालित निकायसंग प्रस्ताव माग गरी सोझै वार्ताका माध्यमद्वारा तालिम सञ्चालन गर्न सकिने/नसकिने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

कुनै पनि सार्वजनिक निकायले राय परामर्श माग गर्दा ऐन, नियमावली वा निर्देशिकाको कुन दफा, नियमले द्विविधा पर्न गएको हो सो स्पष्ट उल्लेख गरी राय परामर्श माग गर्ने ढाँचामा माग गर्नु पर्नेमा सो बमोजिम माग गरिएको देखिएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८२ मा "सार्वजनिक निकायलाई उपयोगी र आवश्यक पर्ने तालिम, गोष्ठी र सेमिनार जस्ता विषयमा सेवा लिन परेमा १ लाख रुपैयासम्मको परामर्श सेवा सार्वजनिक निकायको प्रमुख आफैले र सो भन्दामाथिको रकमको हकमा एक तह माथिको अधिकारीको स्वीकृति लिई सोझै वार्ताबाट खरिद गर्न सकिने छ" भन्ने प्रावधान रहेकोले राय परामर्श माग भएको विषयमा सार्वजनिक निकाय आफैले सार्वजनिक खरिद ऐन/नियमको प्रावधान हेरी निर्णय गर्न उपयुक्त हुने हुँदा सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रस्तुत विषयमा राय परामर्श प्रदान गर्नुपर्ने देखिएन ।

**(निर्णय मितिः २०६८।१२।८)**

**२९. राय परामर्श माग गरिएको बिषयः सूचनाको शर्त सम्वन्धमा ।**

प्राविधिक प्रस्ताववाट छनौट भएका बोलपत्रदाताहरू मध्ये न्युन अंक कवोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशय पत्र प्रदान गरिएकोमा अर्को एक बोलपत्रदाताले असहमति जनाई निवेदन पेश गरेकोले यसैको कारणवाट मात्र न्युन अंक कवोल गर्ने बोलपत्रदातासंग सम्झौता गर्न मिल्ने/नमिल्ने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३७ अनुसार बोलपत्र पेश गर्ने गरी सूचना जारी भएको हुनुपर्ने र त्यसरी जारी सूचना बमोजिम हुने गरी बोलपत्र पेश हुन आए नआएको भन्ने विषयमा सार्वजनिक निकाय स्वयंले यकिन गर्नु पर्ने विषय भएको र प्राप्त उक्त पत्रबाट आशय पत्र जारी भै सो आशय पत्रमा असहमति जनाई निवेदन समेत परेको भन्ने उल्लेख भएको परिप्रेक्ष्यमा प्रस्तुत विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२),(३) र दफा ४७ आकर्षित भै सकेको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (२( मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो कार्यालय वाहेक अन्य सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमको संलग्न हुने वा तत्सम्वन्धमा उत्पन्न कुनै विवाद समाधान

गर्ने छैन भन्ने उल्लेख भएको हुँदा राय परामर्श माग भएको प्रस्तुत विषयमा राय परामर्श दिन उल्लिखित दफा ६५(२) अनुकुल देखिएन । **(निर्णय मितिः २०६८।१२।१२)**

**३०. राय परामर्श माग गरिएको बिषयः परामर्श सेवाको कागजातको विवरण परिवर्तन सम्बन्धमा ।**

QCBS अनुरुप परामर्श सेवाको लागि प्राप्त आर्थिक प्रस्ताव मध्ये FCB/CMS JV ले स्वीकृत इष्टिमेट र सोही अनुसार Issue गरिएको RFP मा उल्लेखित BOQ को reimbursable item मा परिवर्तन गरी माग गरेका item हरू वाहेक तीनवटा item थप गरेको र Orginal BOQ को एउटा item BOQ बाटै हटाई प्रस्ताव पेश गरेको सम्वन्धमा राय परामर्श माग भएको।

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १६ को उपदफा (१) मा बोलपत्र वा पूर्व योग्यता सम्बन्धी कागजातमा कुनै द्विविधा भएमा बोलपत्रदाताले सार्वजनिक निकायमा तोकिएको समयावधिभित्र सो सम्बन्धी स्पष्ट गर्न अनुरोध गर्न सक्ने तथा सोही दफाको उपदफा (२) मा सार्वजनिक निकायले आवश्यक ठानेमा बोलपत्र वा पूर्व योग्यता सम्बन्धी कागजात हेरफेर गरी उक्त हेरफेरको जानकारी खरिद कारबाहीमा सहभागी भएका सबै बोलपत्रदातालाई त्यस्तो हेरफेर उपर समेत विचार गर्न समय पाउने गरी जानकारी दिनु पर्ने प्रावधान रहेको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ६० को खण्ड (ग) मा बोलपत्रको पूर्णताको परिक्षण गर्दा सम्वन्धित सार्वजनिक निकायबाट वा सार्वजनिक निकायले तोकेको अन्य निकायबाट बिक्री भएको बोलपत्र सम्वन्धी कागजातमा बोलपत्र पेश भए वा नभएको परिक्षण गर्नु पर्ने प्रावधान भएको र यो प्रावधान परामर्श सेवा खरिदका सम्वन्धमा समेत आकर्षित हुने । स्वीकृत estimate अनुसारको RFP/BOQ मा उल्लेखित कुनै item नै हटाएर RFP/BOQ मा नै नभएका केही Item हरू थप गरी पेश हुन आएको प्रस्तावलाई पूर्ण प्रस्ताव मानी सारभूतरूपमा प्रभावग्राही मान्दै जाने हो भने बोलपत्रको माध्यमद्वारा स्वस्थ प्रतिस्पर्धा गराई आवश्यक मालसामान वा परामर्श सेवा खरिद गर्ने अभिप्राय नै निष्प्रभावी हुने देखिन्छ ।

**(निर्णय मितिः २०६८।१२।१४)**

**३१. राय परामर्श माग गरिएको विषयः**

मन्त्रालयको लागि आवश्यक Web Based Reporting System को Software निर्माण गर्न RFP माग गरिएकोमा एक प्रस्तावदाताको Finacial Proposal को Covering Letter मा Development of Web Based Reporting System उल्लेख हुन पर्नेमा Reviewing the Current Audint Practices in Local Bodies उल्लेख गरी पेश गरेको पाइएकोले उक्त प्रस्तावलाई मान्यता दिई मुल्यांकनमा समावेश गर्न मिल्ने/नमिल्ने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (१) मा सार्वजनिक निकायले बोलपत्र आव्हान गर्नु अघि बोलपत्र सम्वन्धी कागजात तयार गर्नु पर्नेछ भनी उल्लेख भएको र ऐ. ऐनको दफा २८ को उपदफा (२) मा परामर्श सेवा खरिद गर्नु पर्दा यस ऐन बमोजिमको कार्यविधि पुरा गरी खरिद गर्नु पर्नेछ भनी उल्लेख भएकोले RFP सम्वन्धी कागजात तयार गर्ने पहिलो कार्य सार्वजनिक निकायको हो । यसमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प्राप्त पत्र संख्या ०६८।६९, चलानी नं. ४७७, मिति २०६९।२।२१ को पत्रबाट सार्वजनिक निकायले जारी गरेको RFP कागजातमा समेत Reviewing the Current auding Practies in local bodies भनी उल्लेख भएको भन्ने देखिन आएकोले खरिद गर्ने सार्वजनिकले नै RFP सम्वन्धी कागजातमा उल्लेख गरेको कुरा प्रस्तावदाताले पेश गरेको प्रस्तावको Covering Letter मा उल्लेख हुनुलाई प्रस्तावदाताले आफूखुसी उल्लेख गरेको भन्ने अर्थ लगाउन उपयुक्त नहुने । **(निर्णय मितिः २०६९।३।२१)**

**३२. राय परामर्श माग गरिएको विषयः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१) मा सोभैं खरिद गर्न सकिने हकमा तीन लाख रुपैयासम्म लागत अनुमान भएको मालसमान वा परामर्श सेवा मात्र उल्लेख भएकोले अन्य सेवा सोभैं खरिद गर्न सकिने हो वा होइन र सकिने भए कति रकमसम्मको अन्य सेवा सोभैं खरिद मार्फत गर्न सकिने हो ?

**राय परामर्शको ब्यहोराः**

यसमा सार्वजनिक खरिद नियमावली, २०६४ को तेस्रो संशोधनले नियम ८५ को उपनियम (१) को खण्ड (क) मा पाँच लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य र खण्ड (ख) मा तीन लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान वा परामर्श सेवा सोभै खरि गर्न सकिने सम्वन्धमा मौन रहे पनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (१) मा मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोभै खरिद गर्न सकिने उल्लेख भएको देखिन्छ । यस सन्दर्भमा ऐनको ब्यवस्था नै लागू हुने भएकोले अन्य सेवा खरिद गर्न नसकिने भन्न मिलेन । कति रकमसम्मको अन्य सेवा सोभै खरिद गर्न सकिने भन्ने सम्वनधमा ऐ. नियमावलीको नियम ८५ को उपनियम (१) को खण्ड (ख) मा अन्य सेवा उल्लेख गर्न छुटे पनि ऐ. ऐनको दफा ४१ को उपदफा (१) मा मालसामान वा परामर्श सेवा वा अन्य सेवालाई एकै साथ उल्लेख गरेको देखिदा अन्य सेवा सोभै खरिद गर्न पनि ऐ. नियमको उपनियम (१) को खण्ड (ख) मा उल्लेख भएको रकमको सीमाभित्र रही खरिद गर्न बाधा पुगेको मान्नुपर्ने कानूनी जटिलता देखिदैन ।

**(निर्णय मितिः २०६९।३।२१)**

**३३. राय परामर्श माग गरिएको विषयः**

सिंचाई सम्भाब्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम अन्तरगत डाइभर्सन योजनाहरू विस्तृत सम्भाब्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्यांकन गर्ने कार्यका लागि खुल रूपमा आशयपत्र माग गर्दा आशयपत्र पेश गर्ने ११ परामर्शदाता मध्ये मूल्यांकन पश्चात ४ परामर्शदाताहरू संक्षिप्त सूचीमा छनौट हुन सफल भई सफल परामर्शदाताहरूवाट ३० दिनको म्याद दिई प्रस्ताव माग गर्दा २ परामर्शदाताबाट मात्र प्रस्ताव प्राप्त भए अनुसार प्राविधिक प्रस्तावको मूल्यांकनबाट १ मात्र परामर्शदाता उत्तिर्ण भएको हुँदा उक्त १ मात्र परामर्शदाताको आर्थिक प्रस्ताव खोल्ने/नखोल्ने ?

**राय परामर्शको ब्यहोराः**

परामर्श सेवा सम्वन्धी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३६ (१) को खण्ड (क) मा प्राप्त सम्पूर्ण प्रस्ताव कार्यक्षेत्रगत शर्तहरू अनुसार सारभूत रूपमा प्रभावग्राही नभएमा मात्र प्रस्ताव अस्विकृत गर्न वा खरिद कार्य रद्द गर्न सकिने ब्यवस्था भएको हुनाले खरिद कार्यमा एक मात्र प्रस्तावदाता प्राविधिक प्रस्तावमा उत्तिर्ण भएको अवस्थामा आर्थिक प्रस्ताव खोली खरिद कारवाही अघि वढाउन नमिल्ने भन्ने कानुनी ब्यवस्था भएको देखिदैन ।

**(निर्णय मितिः २०६९।३।२१)**

**३४. राय परामर्श माग भएको विषयः**

पेश गरेको प्रस्तावमा वाहिरी खामा Staple लगाई त्यसभित्र Technical र Financial Proposal छुट्टाछुट्टै खाममा राखेर सिलवन्दी गरी पेश गरेको हुँदा वाहिरी खाममा लगाइएको Staple लाई सिलवन्दी मानेर मुल्यांकन प्रक्रियामा समावेश गर्न मिल्ने/नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

उपरोक्त सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ को उपदफा (२) को खण्ड (घ) मा "प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलवन्दी गरी प्रत्येक खामको वाहिर कुन प्रकारको प्रस्ताव हो सो स्पष्टरुपले उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै खामवन्दी गरी माग गरिएको सेवाको विषय उल्लेख गर्नु पर्ने" ब्यवस्था भएको देखिदा Technical र Financial Proposal छुट्टाछुट्टै खाममा राखेर सिलवन्दी गरी दुवै प्रस्तावलाई अर्को छुट्टै खाम बन्दी गरी Staple लगाएकोलाई मूल्यांकन प्रक्रियामा समावेश गर्न कुनै वाधा नहुने ।

**(निर्णय मितिः २०६९।४।३१)**

**३५. राय परामर्श माग भएको विषयः**

बुढी गण्डकी जलविद्युत आयोजनाको संभाब्यता अध्ययन तथा विस्तृत इन्जिनियरिङ्ग अध्ययन कार्यका लागि विदेशी परामर्शदाताबाट परामर्श सेवा खरिद गर्ने प्रक्रियामा यस कार्यालयबाट जारी भएको Standard RFP Document को Information to Consultant को Clause 3.7 मा The financial proposal should clearly estimate, as a separate amount, the local taxes (including social security), duties, fees, levies, and other charges imposed under the

applicable law, on the consultants, the sub consultants, and their personnel (other than nationals or nationals or permanent residents of Nepa), unless the data sheet specifies otherwise. भनी उल्लेख भएको प्रावधानमा Income Tax समेत समावेश हुने/नहुने ?

**राय परामर्शको ब्यहोराः**

उपरोक्त सम्बन्धमा Information to Consultant को Clause 3.7 को अन्त्यमा Unless otherwise specified in data sheet भनी उल्लेख भएको र Data sheet मा उक्त Clause सम्बन्धी ब्याख्या गर्दा The consultant shall be fully liable for income tax of its personnel and firm as per prevailing law of Nepal भन्ने उल्लेख भएकोले सोही बमोजिम सार्वजनिक निकाय आफैंले निर्णय गर्न सक्ने ।

**(निर्णय मितिः २०६८।६।२८)**

**३६. राय परामर्श माग भएको विषयः**

प्राविधिक प्रस्ताव खोली मुल्यांकन गर्दा दुई वटा प्रस्तावकले मात्र प्राविधिक प्रस्तावमा उल्लिखित आर्थिक प्रस्ताव खोल्नका लागि आवश्यक न्युनतम अंकभार प्राप्त गरेको अवस्थामा सो दुई वटा प्रस्तावकको आर्थिक प्रस्ताव मुल्यांकन गर्न मिल्ने/नमिल्ने सम्बन्धमा द्धिविधा भएको ।

**राय परामर्शको ब्यहोराः**

परामर्श सेवा खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा (१) बमोजिम आशय पत्र संकलन गर्न कम्तीमा पन्ध्रदिनको अवधि दिई राष्ट्रियस्तरको समाचारपत्रमा सुचना प्रकाशन गरी ऐ. दफाको उपदफा (५) बमोजिम त्यस्तो परामर्श सेवा दिन सक्ने साधारणतया तीनदेखि छ आशयपत्रदाताको संक्षिप्त सूची तयार गरी ती सूचीमा परेको आशयपत्रदाताहरूलाई ऐ. दफा ३१ बमोजिम प्रस्ताव माग गर्नु पर्ने ब्यवस्था भएकोमा प्राप्त पत्र ब्यहोराबाट सो कार्यविधि पुरा गरेको नदेखिएकोले सो कार्यविधि अपनाई खरिद कार्य गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।८।३)**

**३७. राय परामर्श माग भएको विषयः**

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाको लागि आवश्यक प्रशासनिक तथा प्राज्ञिक भवन निर्माण र शिक्षण अस्पतालको स्तरोन्नती गर्ने कार्यको Drawing, Designing, Specification र लागत अनुमान लगायतका कार्य गर्नका लागि परामर्शदाता छनौट गर्ने सम्बन्धमा सूचिकृत हुन आशय पत्रमा उल्लेख गर्नुपर्ने कुराहरूलाई न्युनतम् मापदण्डको रूपमा किटान गरी प्राविधिक प्रस्तावमा संलग्न गरी मिति २०६८ असोज २७ मा प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएकोमा तोकिएको मिति २०६८ कार्तिक २७ भित्र तीनवटा आर्थिक तथा प्राविधिक प्रस्ताव दर्ता भएको । सो प्रस्तावहरूको प्राविधिक प्रस्ताव खोली मुल्यांकन गर्दा दुई वटा प्रस्तावकले मात्र प्राविधिक प्रस्तावमा उल्लिखित आर्थिक प्रस्ताव खोल्नका लागि आवश्यक न्युनतम अंकभार प्राप्त गरेको अवस्थामा सो दुई वटा प्रस्तावकको आर्थिक प्रस्ताव मुल्यांकन गर्न मिल्ने/नमिल्ने सम्बन्धमा दुविधा भएको ।

**राय परामर्शको ब्यहोराः**

परामर्श सेवा खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा (१) बमोजिम आशय पत्र संकलन गर्न कम्तीमा पन्ध्रदिनको अवधि दिई राष्ट्रियस्तरको समाचारपत्रमा सुचना प्रकाशन गरी ऐ. दफाको उपदफा (५) बमोजिम त्यस्तो परामर्श सेवा दिन सक्ने साधारणतया तीनदेखि छ आशयपत्रदाताको संक्षिप्त सूची तयार गरी ती सूचीमा परेको आशयपत्रदाताहरूलाई ऐ. दफा ३१ बमोजिम प्रस्ताव माग गर्नु पर्ने ब्यवस्था भएकोमा प्राप्त पत्र ब्यहोराबाट सो कार्यविधि पुरा गरेको नदेखिएकोले सो कार्यविधि अपनाई खरिद कार्य गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।८।३)**

**३८. राय परामर्श माग भएको विषयः**

एशियाली विकास वैंकको अनुदान सहयोगमा सञ्चालित हुने Nepal's ICT Development Project अन्तर्गत LRIMS Project को लागि ADB Guidlines अनुसार आव्हान गरिएको बोलपत्र मुल्यांकनको दोस्रो चरणको Bidding Document को आर्थिक मुल्यांकन गर्दा बढी अंक प्राप्त गर्ने बोलपत्रदाताहरूको Corrected Bid Price US$ 1365218 (Project) को

कुल लागत अनुमान भन्दा १५.६ प्रतिशत र Contract Value (i.e. Allocated Budget) भन्दा ५.०२ प्रतिशत) बढी देखिएको अवस्थामा Project को लागि योग्य बोलपत्रदाता छनोट गर्न दुविधा भएको ।

**राय परामर्शको व्यहोराः**

यसमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकार उल्लेख भएको र सोही दफाको उपदफा (१) को खण्ड (ङ) मा "यो ऐन वा यस अन्तर्गत बनेको नियम, निर्देशिकामा उल्लिखित कुनै कुरामा सम्बन्धमा सार्वजनिक निकायले राय परामर्श माग गरेमा राय परामर्श दिने" स्पष्ट उल्लेख भएको हुँदा Donor Agency ADB को Guidelines प्रयोग हुने खरिद कार्यका सम्बन्धमा राय परामर्श दिनु नपर्ने ।

**(निर्णय मितिः २०६९।९।८)**

**३९. राय परामर्श माग भएको विषयः**

मौसम सम्बन्धी वैज्ञानीक अध्ययन गर्नको लागि परामर्शबाट कार्य गर्न २०६९।६।२२ मा प्रस्ताव माग गरिएकोमा प्रस्ताव पेश गर्ने प्रस्ताववालाहरूको करचुक्ता विवरण ०६७।६८ को पेश गरेकोले सो करचुक्ता प्रमाणपत्रले उक्त कार्य अगाडि बढाउन मिल्ने वा नमिल्ने ?

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (१) र ऐ. उपनियम (२) को खण्ड (घ) मा सार्वजनिक निकायले तोकेको अवधिसम्मको आन्तरिक राजश्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाण पत्र वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपी बोलपत्रदाताले आफ्नो ग्राह्यता प्रमाणित गर्न बोलपत्रसाथ पेश गर्नु पर्ने व्यवस्था रहेकोमा यसमा बोलपत्रदाताले कर चुक्ता गरेको प्रमाण पत्र वा कर विवरण पेश गरेको कागजात कुन अवधिसम्मको हो भन्ने कुरा सार्वजनिक निकायले प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्नेमा नगरेको देखिएकोले यस अवस्थामा राय परामर्श दिन नसकिने ।

**(निर्णय मितिः २०७०।२।२०)**

**४०. राय परामर्श माग भएको विषयः**

RRRSDP Follow on Project Preparation गर्ने कार्यका लागि QCBS Mehtod बाट परामर्शदाता छनौट गर्दा प्राविधिक प्रस्तावमा उत्तिर्णाङ्क प्राप्त गर्ने ४ वटै परामर्शदाताको कबोल अङ्क लागत अनुमान भन्दा बढी भएको हुँदा Negotiation गर्दा कसरी गर्ने तथा सार्वजनिक खरिद ऐनको दफा ३६ १ (ख) मा उल्लेख गरिएको छनौट भएको परामर्शदाताको लागत अनुमान भन्नाले परामर्शदाताले शुरुमा प्रस्ताव गरेको कबोल अङ्क हो अथवा Negotiation पश्चात कायम भएको कबोल अङ्क हो भन्ने विषयमा द्विविधा भई राय परामर्शको लागि लेखिआएको ।

**राय परामर्शको व्यहोराः**

यसमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ३७ बमोजिम वार्ता गरी दुवै पक्षलाई स्वीकार्य हुने सहमती भएमा सो सहमती बमोजिम लागत अंक कायम हुने भएकोले सो लागत निर्धारण भए पश्चात् ऐ. ऐनको दफा ३६ को उपदफा (१) को खण्ड(ख) बमोजिम भए नभएको विषयमा सार्वजनिक निकाय स्वयंले निर्णय गर्न सक्ने ।

**(निर्णय मितिः २०७०।३।९)**

## (घ) अन्य विविध राय परामर्शहरू

**१. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१३) मा सम्झौता नगरेमा बोलपत्र जमानत जफत हुने कुरा उल्लेख छ । कार्य सम्पादन जमानत पेश गरी सम्झौता नगर्नेको हकमा स्पष्ट उल्लेख भएको नदेखिएको र साथै उक्त जमानत जफत गरेपछि त्यसपछिको कम दर कबोल गर्नेको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्न सकिने नसकिने कुरा समेत स्पष्ट उल्लेख भएको नदेखिएको हुँदा द्विविधा पर्न गएको ।

**राय परामर्शको ब्यहोराः**

"सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(५) र (६) मा जमानत जफत गर्ने र त्यसपछि अपनाउनु पर्ने प्रकृया स्पष्ट रहेको हुनाले सोही अनुसार गर्नुहुन ।"

**(निर्णय मितिः २०६४।७।२२)**

**२. राय परामर्श माग भएको विषयः**

आ.प्र. नियम ८८(३) बमोजिम दोस्रो पटक पुनः ६ महिना म्याद थप गरी सकेपछि मन्त्रालयबाट सोही विषयमा पुनः हर्जना नलिने गरी आ.प्र. नियम ८८(२) अनुसार गरिदिन मिल्छ मिल्दैन ।

**राय परामर्शको ब्यहोराः**

"जिल्ला जनस्वास्थ्य कार्यालय प्रथम पक्ष रहेको ठेक्काको शर्तको प्रकरण ५ अनुसार आ.प्र. सम्बन्धी नियमावली, २०५६ (संशोधन सहित) को नियम ८८(२क) बमोजिम म्याद थप हुने र सो अवधि पछि पुनः थप गर्नुपर्ने अवस्थामा ८८(३) आकर्षित हुने देखिन्छ । म्याद थप गर्ने अधिकार बोलपत्र स्वीकृत गर्ने कार्यालय र सो भन्दा एक तह माथिको कार्यालय सम्म मात्र सिमित रहेको हुँदा विभागबाटै निर्णय हुनुपर्ने ।"

**(निर्णय मितिः २०६४।७।२८)**

**३. राय परामर्श माग भएको विषयः**

कर विवरण पेश गर्ने म्याद थप भएको पत्रको आधारमा ग्राहयताको आधार पुरा हुने नहुने ।

**राय परामर्शको ब्यहोराः**

खरिद नियमावलीको नियम ४० (२घ) अनुसार हेर्दा ग्राहयताको विभिन्न आधारमध्ये सार्वजनिक निकायले तोकेको अवधिसम्मको कर चुक्ता प्रमाण वा आय विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने ब्यवस्था रहेकोले आय विवरण पेश गर्ने म्याद थप भएको अवस्थामा त्यस्तो अवधि समाप्त नहुन्जेलसम्म ग्राहयताको आधार पुरा हुने देखिएकोले यही कुरा जानकारी दिन र महालेखा नियन्त्रक कार्यालयलाई यसै प्रसंगमा अन्य कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पनि सोधी आएमा यसै अनुसारको जवाफ लेखी पठाउन अनुरोध गर्ने ।

**(निर्णय मितिः २०६४।८।२४)**

**४. राय परामर्श माग भएको विषयः**

एउटा खानेपानी आयोजनामा DI Pipe को Price Adjustment दिने सन्दर्भमा ठेक्का बन्दोबस्तको समयमा Price Adjustment Ex-Factory Base Price / Bid Document मा उल्लेख भएकोमा ठेकेदारले Ex-Factory Base Price पेश गर्न नसकेकोले amicable settleement गरी दफा (X) अनुसार Ex-factory price index को सट्टा CIF Calcutta को Index बाट Price Adjustment गर्न निवेदन दिएको र Arbitration मा जानुको सट्टा दुवै पक्षले Amicable Settlement को माध्यमबाट Price Adjustment को समस्या समाधान गर्ने प्रयास गरेकोमा आपसी सम्झौतामा पनि मूल्यसूची (Price Index) को सन्दर्भमा Exfactory को साटो CIF Calcutta पनि प्रयोग गर्न सकिने गरी सहमति भएको देखिन्छ । यस्तो अवस्थामा सार्वजनिक खरिद ऐनको दफा ५३ अनुसार खरिद संझौतामा संशोधन गर्न सकिने ब्यवस्था भएकोले Source of Index परिवर्तन हुने गरी संशोधन गर्न सकिने वा नसकिने भनी राय परामर्श माग भै आएको छ ।

**राय परामर्शको ब्यहोराः**

"सार्वजनिक खरिद ऐनको दफा ५३ अनुसार कामको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन नहुने गरी दुवै पक्षको लिखित सहमतिबाट खरिद सम्झौतामा अन्यथा ब्यवस्था भएकोमा बाहेक संझौता संशोधन गर्न सकिने" उल्लेख भएकोमा खरिद सम्झौतामा कारखाना मूल्यको आधारमा मूल्य समायोजन गर्ने स्पष्ट ब्यवस्था भएको र विदेशी कम्पनीबाट आपूर्ति समेत भएको नदेखिएको हुंदा संझौताको स्पष्ट ब्यवस्था र विदेशबाट आपूर्ति समेत नभएको अवस्थामा खरिद सम्झौतामा संशोधन गर्नु पर्ने अवस्था देखिदैन ।

**(निर्णय मितिः २०६४।१०।१०)**

**५. राय परामर्श माग गरिएको बिषयः**

पुरातात्विक जीर्णोद्धार सम्बन्धी कार्यको लागि टेण्डर आव्हान गर्दा पर्न आएको नीतिगत समस्याका सम्बन्धमा ।

प्राचिन स्मारक जिर्णोद्धार कार्य गर्दा गराउदा स्मारकको मौलिकता, संवेदनशीलतालाई नकारात्मक प्रभाव नपर्ने गरी बोलपत्रमा योग्यता सम्बन्धी विषयमा शर्त राख्न पाउनुपर्ने सम्बन्धमा राय माग गरिएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

ऐनको १०(५) को प्रावधान बाहिर गई योग्यता सम्बन्धी सर्त राख्नु तत्काल उपयुक्त हुने देखिदैन । प्राचिन स्मारकको जिर्णोद्धार गर्दा सम्पदाको मौलिकताको जर्गेर्ना, उत्खनन कार्यका लागि विशेष दक्षता जस्ता विषयलाई बोलपत्रसम्बन्धी कागजातमा प्राविधिक विवरण (Technical Specification) खण्डमा कामको माग अनुसार प्रयोग गर्नुपर्ने मालसामान, यसमा प्रयोग गर्नुपर्ने यन्त्र औजार तथा उपकरणहरू कामको मर्म अनुरुप आवश्यक पर्ने कार्य कौशलताका सम्बन्धमा तथा कामको गुणस्तर परीक्षण गर्दा पनि यिनै कुराहरू हेरिने भनी स्पष्ट उल्लेख गरिएको खण्डमा बोलपत्रदाता स्वंय यि योग्यता सहित प्रतिस्पर्धामा आउने अवस्था श्रृजना हुन सक्ने देखिन्छ ।

**(निर्णय मितिः २०६४।१०।२२)**

**६. राय परामर्श माग गरिएको बिषयः**

निर्माण कार्यको खरिद कार्यको सम्झौता गर्दा सम्झौताको सर्तमा म्याद थप भएको अवधिमा जुनसुकै कारणले भएपनि कार्य सम्पन्न नगरेमा दैनिक ०.०५ प्रतिशत हर्जना लगाई म्याद थप गर्ने कुरा उल्लेख भएको तर देशको विषम परिस्थितिलाई मध्यनजर गरी विना हर्जना नै म्याद थप गर्न मिल्ने नमिल्ने ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

खरिद सम्झौतामा जुनसुकै कारणले भए पनि कार्य सम्पन्न नगरेमा हर्जना लगाई म्याद थप गर्नेकुरा उल्लेख भएको । वर्तमान सार्वजनिक खरिद ऐन नियम बमोजिम सम्झौतामा नपरेको अवस्थामा म्याद थप गर्न अपनाउनुपर्ने विभिन्न ब्यवस्था भएको देखिन्छ । वर्तमान प्रसंगमा म्याद थप र हर्जना सम्बन्धमा सम्बन्धित दुवै पक्षहरूलाई स्वीकार्य भएको सम्झौतामा उल्लेख गरिएको हुनाले सम्झौतामा गरिएको ब्यवस्था अनुसार नै म्याद थप सम्बन्धी कारवाही गर्नुपर्ने ।

**(निर्णय मितिः २०६४।११।२८)**

**७. राय परामर्श माग भएको विषयः**

(१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ को उपनियम (२) को देहायको (च) बमोजिम घरभाडा भुक्तानी दिन मिल्ने वा नमिल्ने सम्बन्धमा ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

नियम १९(२) को अपवाद सूचीमा रहेका अवस्थामा मु.अ.कर तथा स्थायी लेखा प्रामणपत्र दुवै आवश्यक नहुने देखिएको हुँदा यही ब्यहोरा नीतिगत निर्णय गरी घरभाडामा लिन स्थायी लेखा नम्बर र मु.अ.कर दर्ता प्रमाणपत्र प्राप्त नगरेकासँग कारोवार गर्न सकिने राय परामर्श पठाउन उपयुक्त हुने ।

**(निर्णय मितिः २०६४।११।२८)**

**८. राय परामर्श माग भएको विषयः**

बोलपत्र आव्हानको संशोधित सूचना अनुसारको घोषणापत्र पेस नगर्ने बोलपत्रदाताको बोलपत्रमा कारवाही गर्न मिल्ने/नमिल्ने ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद नियमावलीको नियम ४०(३) अनुसार राष्ट्रियस्तरको दैनिक समाचारमा सूचना प्रकाशन गरी संशोधन गर्न सकिने ब्यवस्था छ । यस्तो संशोधनका कारण बोलपत्र दाखिला गर्ने अन्तिम म्याद बढाउनु पर्ने भए सो समेत गर्न सकिन्छ । यसरी प्रकाशित सूचनालाई जानकारी नभएको भन्न नमिल्ने ।

ग्राहयताको आधारहरू भनेको बोलपत्र मूल्यांकनको प्रवेश विन्दु भएको र प्रवेश विन्दुमा आवश्यक कागजातहरू पुरा नभएमा अगाडिको मूल्यांकनमा समावेश नहुने ।

यो कुरा ऐनको दफा २३(२क) मा उल्लेख भएको छ । ग्राहयता सम्बन्धी कागजातहरू सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (४०) मा खुलाइएको छ । यसरी खुलाईए बमोजिमका कागजातहरू पेश नभएमा ऐनको दफा २४(घ) को आधारमा बोलपत्र उपर कारवाही नगरिने स्पष्ट व्यवस्था रहेको हुनाले सोही अनुसार गर्नुपर्ने ।

**(निर्णय मितिः २०६४।१२।६)**

**९. राय परामर्श माग भएको विषयः**

पाँच विभिन्न कामलाई एक सिंगो प्याकेज बनाई बोलपत्र आव्हान गरिएको, बोलपत्रदाताले पाँचवटा कार्यको लागि छुट्टाछुट्टै कबोल अंक भरी अन्तिममा एकमुष्ट रकम जम्मा गरेका, कुल जम्मा रकम पछि अक्षरमा लेख्नुपर्ने स्थानमा अक्षरमा लेखेको रकम अंकमा लेखेको भन्दा फरक हुने गरी लेखिएको देखिन्छ । अक्षरमा लेखिएको रुकमलाई कुल कबोल अंक मान्ने नमान्ने र यसलाई मानेमा पाँचबटा विभिन्न काममा कसरी विभाजन गर्ने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

(१) सर्भे, डिजाइन, आपूर्ति, निर्माण र जडान गरी एक महिनासम्म संचालन गर्नुका साथै एक बर्षसम्म Pre-Febricated Water Treatment Plant का लागि Support Service समेत दिने कार्यक्षेत्र (Scope) राखी आव्हान गरिएको बोलपत्रमा एउटा बोलपत्रदाताले कुल जम्मा रकम अंक र अक्षरमा फरक फरक लेखेको सम्बन्धमा सार्वजनिक खरिद ऐनको दफा २३(९) मा उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको मान्य हुने व्यवस्था रहेकोले कबोल अंक अक्षरमा लेखिएको कायम हुनेमा द्विविधा छैन ।

(२) टर्न की खरिद सम्झौता गर्ने गरी खरिद प्रक्रिया छनौट भई सर्भेदेखि संचालनसम्मको कामलाई एउटै प्याकेजमा बोलपत्र गरिएकोले सम्झौताको प्रकृति अनुसार नै सो खरिद कार्यको लागि एक मात्र कबोल अंक रहन्छ । अतः ईकाई दर सम्झौतामा जस्तो विभिन्न आईटममा विभाजन गरी आईटमवाइज रूपमा भुक्तानी गर्ने प्रणाली अपनाउनुपर्ने आवश्यकता रहदैन । खरिदको दृष्टिकोणले उक्त कार्य एउटै काम भएको र सो को लागि कुल कबोल अंक एउटै हुने हुनाले अक्षरमा लेखिने अंकलाई नै त्यस्तो कार्यको लागि दररेट मानिने भएकोले ऐनको दफा २३(९) मा माथि उल्लेखित व्यवस्था बमोजिम अक्षरमा लेखिएको कबोल अंक कायम गरी बोलपत्र मूल्यांकनको कार्य गर्नु पर्ने ।

**(निर्णय मितिः २०६५।२।१४)**

**१०. राय परामर्श माग भएको विषयः**

आंशिक बोलपत्र स्वीकृत गर्न सकिने व्यवस्था स्पष्ट नरहेको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद ऐनको दफा १३ को (२) मा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नुपर्ने विषय उल्लेख छ । यसै उपदफा (ट) मा आंशिक रूपमा बोलपत्र पेश गर्न पाउने व्यवस्था उल्लेख भएको हुनाले यसको आधारमा खरिद कारवाही भएको अवस्थामा आंशिक रूपमा पनि स्वीकृत हुन सक्ने ।

**(निर्णय मितिः २०६५।३।६)**

**११. राय परामर्श माग भएको विषयः**

दोस्रो पटक पुनः बोलपत्र आव्हान गर्न कति दिनको म्याद दिई सूचना प्रकाशित गर्ने भन्ने सम्बन्धमा दुविधा रहेको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद ऐनको दफा २६(१) मा उल्लेख भएको अवस्थामा मात्र बोलपत्र अस्वीकृत गर्न वा खरिद कार्यवाही रद्द गर्न सकिन्छ । त्यहाँको पत्रमा बोलपत्र रद्द गर्नु पर्दाको स्पष्ट कारण उल्लेख नगरी रीतपुर्वकको नभएको भनी अस्पष्ट ब्यहोरा उल्लेख भएको छ । उपरोक्त अनुसारको दफा २६(१) को (क) र (ख) अनुसार रद्ध भएको भए सोही दफा को २६(५) अनुसार समिक्षा गरी पुनः बोलपत्र आव्हान गर्नुपर्दछ । यसरी आव्हान गरिने बोलपत्र नयाँ बोलपत्र हुने हुनाले ऐनको दफा १४(४) बमोजिमको म्याद दिनुपर्ने ।

**(निर्णय मितिः २०६५।३।६)**

**१२. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ (ख) को न्यूनतम मूल्याकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभूत रूपमा बढी भएमा बोलपत्र अस्वीकृत गर्ने वा खरिद कारवाही रद्द गर्न भन्ने प्रावधान रहेको तरसम्पूर्ण बोलपत्रहरूमा लागत अनुमान भन्दा ७ देखी १८ प्रतिशत बढी भरी पेश हुन आएको ।

**राय परामर्शको ब्यहोराः**

(१) लागत अनुमान भन्दा बढी रकमको दरभाउपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१)(ख) को अवस्था आकर्षित नहुने भएकोले स्वीकृत गर्न मिल्दैन ।

(२) बोलपत्रको सम्बन्धमा विवेकशिलता प्रयोग गरी लागत अनुमान भन्दा सारभुत रूपमा वढी भए नभएको एकिन गर्नुपर्दछ । यस सम्बन्धमा जिल्ला दररेट समितिले कायम गरेको नयाँ दररेटको दर प्रयोग गर्नुपर्ने अवस्था रहेछ भने सो आधारमा बोलपत्रको मुल्यांकन गर्दा निश्चित रूपमा लागत बढ्न गई नेपाल सरकारको खर्च दायित्व बढन जाने देखिएको अवस्थामा सार्वजनिक खरिद ऐनको दफा २६(१)(ख) अनुसार लागत अनुमानमा सारभुत रूपमा बढी नहुने अवस्था सिर्जना हुनसक्ने कुराको लागि एउटा आधार हुन सक्ने " ।

**(निर्णय मितिः २०६५।३।६)**

**१३. राय परामर्श माग भएको विषयः**

कुनै खरिद गर्नुपूर्व लागत अनुमान तयार गर्दा मु.अ.कर वापतको रकम लागत अनुमानमा जोडिन्छ कि जोडिदैन ?

**राय परामर्शको ब्यहोराः**

लागत अनुमान तयार गर्ने भनेको कुनै खरिद गर्नुपर्दा खरिदकर्तालाई लाग्ने जम्मा खर्च कति हो, यस प्रयोजनको लागि कति बजेट ब्यवस्था गर्नु आवश्यक हुन्छ भन्ने प्रश्नको उत्तर प्राप्त गर्न गरिने विषय हो । त्यसैले खरिद गर्ने उद्देश्य पुरा गर्न लाग्ने सबै खर्च लागत अनुमानमा समावेश हुनुपर्ने हुनाले त्यस खरिद वापत लाग्ने मूल्य अभिवृद्धि कर रकम लागत अनुमानमा जोडिन्छ । लागत अनुमानको आधारमा सोझै खरिद वा सिलबन्दी बोलपत्र वा राष्ट्रियस्तरको बोलपत्रको माध्यमबाट खरिद गर्ने भन्ने कुरा प्रत्येक खरिद विधिको लागि तोकिएको सीमा रकमको आधारमा तय गर्नुपर्ने हुन्छ ।

उक्त कुराहरूको आधारमा रु. १० लाख सम्मको खरिद गर्दा सिलबन्दी बोलपत्रको माध्यमबाट गर्नुपर्ने भनिएकोमा मु.अ.कर सहित कुल लागत अनुमान रकमको आधार नलिई मु.अ.कर बाहेक आंशिक लागतको आधारमा खरिद विधि छनौट गर्न नमिल्ने हुनाले प्रस्तुत सन्दर्भमा मु.अ.कर सहित १० लाख सिलबन्दी दरभाउपत्रबाट खरिद गर्न सकिने सीमा हुने ।

**(निर्णय मितिः २०६५।३।१७)**

**१४. राय परामर्शको ब्यहोराः**

"लागत अनुमान भन्दा बढी रकमको दरभाउपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ (१) (ख) को अवस्था आकर्षित नहुने भएकोले स्वीकृत गर्न मिल्दैन,

बोलपत्रको सम्बन्धमा विवेकशीलता प्रयोग गरी लागत अनुमान भन्दा सारभूत रूपमा बढी भए नभएको एकिन गर्नुपर्दछ । यस सम्बन्धमा जिल्ला दररेट समितिले कायम गरेको नयाँ दररेटको दर प्रयोग गर्नु पर्ने अवस्था रहेछ भने सो आधारमा बोलपत्रको मूल्याँकन गर्दा निश्चीत रूपमा लागत बढन गई नेपाल सरकारको खर्च दायित्व बढन जाने देखिएको अवस्थामा सार्वजनिक खरिद ऐनको दफा २६ (१) (ख) अनुसार लागत अनुमानमा सारभूत रूपमा बढी हुन जाने अवस्था सिर्जना हुन सक्ने कुराको लागि एउटा आधार हुन सक्ने" ।

**(निर्णय मितिः २०६५।३।६)**

**१५. राय परामर्श माग गरिएको विषयः**

टेण्डर स्वीकृत गर्न निर्णय प्रकृयाको सिलसिलामा नेपाल नागरिक उड्डयन प्राधिकरणको कानूनी सल्लाहकारको राय माग गरिदा कानूनी सल्लाहकारले कन्डिसनल विड डकुमेन्टको सन्दर्भमा ठेक्का स्वीकृत हुनुभन्दा अघिको अवस्थामा आर्कीषित हुन नसक्ने हुँदा मूल्य समायोजनको शर्त सहितको ठेक्का स्वीकृत गर्ने कानूनी ब्यवस्था नभएको हुँदा प्रस्तुत फायल संलग्न शर्त सहितको ठेक्का स्वीकृत गर्न नमिल्ने हुँदा द्विविधा र अस्पष्टता भएका कारणबाट राय परामर्श माग गरिएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद एने, २०६३ को दफा २६(१) को (क), (ख) तथा (ग) मा उल्लिखित अवस्थाहरू विद्यमान भएको नदेखिएको हुँदा सो दफा तथा उपदफाहरूमा गरिएको प्रावधान अनुसार खरिद कारवाही रद्ध गर्न सकिने अवस्था देखिदैन भने सोही ऐनको दफा २७(५) तथा (६) अनुसार न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताले सम्झौता नगरेमा त्यसको लगतै पछिको अर्को मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्न सकिने ब्यवस्था ऐनको दफा २० को प्रावधान भएको हो । तर त्यस्तो कार्य बोलपत्र मान्य हुने अवधि भित्रै बोलपत्र स्वीकृत गरी सक्नुपर्ने स्पष्ट ब्यवस्था भएको कारणले दफा २७(५) तथा (६) को ब्यवस्था अनुसार हुनको लागि न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रको स्वीकृत भएको बोलपत्र निजले कार्यसम्पादन जमानत राखी सम्झौता गर्न नआएमा मात्र क्रमशः दोस्रो तथा तेस्रो न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न सकिने ब्यवस्था भएकोमा त्यस्तो अवस्था विद्यमान भएको देखिएन । ऐन नियममा भएका कुनै प्रावधानले पनि बर्तमान अवस्था समेटेको नदेखिदा खरिद कार्यको आवश्यकता तथा संभाब्य दायित्व समेतलाई विचार गरी ऐनको प्रस्तावनामा उल्लिखित विवेकपूर्ण ढंगबाट सार्वजनिक निकायले निर्णय गर्नु बाहेक अन्य विकल्प देखिएन ।

(निर्णय मितिः २०६५।४।६)

**१६. राय परामर्श माग गरिएको बिषयः**

कार्यालयको दैनिक कार्य संचालन गर्नेक्रममा चिठ्ठीपत्रहरू ओसारपसार र कार्यालय सरसफाई गर्ने प्रयोजनका लागि कार्यालय सहयोगीको रूपमा काम गर्ने एक ब्यक्ति र आयोग परिसरमा रहेको बगैंचाको गोडमेल तथा स्याहार संभार गर्न एक माली सार्वजनिक खरिद निमयावलीको नियम ८५ बमोजिम सेवा करारमा लिनुपर्ने र उक्त दुई पद पृथक प्रकृतिको भएकोले छुट्टाछुट्टै रूपमा नियम ८५ को उपनियम (३) को ब्यवस्था अनुसार वार्ताबाट खरिद गर्न सकिने नसकिने ।

**राय परामर्शको ब्यहोराः**

कार्यालय सहयोगी र बगैचाको हेरविचार गर्ने दुई पृथक प्रकृतिको कार्य भएकोले छुट्टाछुट्टै रूपमा खरिद नियमावलीको नियम ८५(३) अनुसार वार्तावाट खरिद गर्ने सम्बन्धमा सहमति माग भएकोमा यस कार्यालयबाट खरिद ऐनको ६५(२) अनुसार अन्य सार्वजनिक निकायले गरेको खरिद प्रकृयामा संलग्न हुन नमिल्ने हुँदा सहमति दिन नसकिने ब्यहोरा जानकारी हुन । तर, खरिदको प्रकृति अनुसार खरिद नियमावली, २०६४ को नियम ८(१) (क) बमोजिम खरिदको लागि लागत अनुमान तयार गर्दा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा नसक्ने हो । एउटा सम्झौताबाट हुन नसक्ने भए कामको प्रकृति अनुसार छुट्टाछुट्टै सेवाको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(३) को सीमाभित्र रही अलग अलग सम्झौता गरी खरिद गर्न सकिने ।

**(निर्णय मितिः २०६५।४।१७)**

**१७. राय परामर्श माग भएको विषयः**

ठेक्का बन्दोवस्त कार्यमा दोस्रो पटक बोलपत्र आव्हान गरिएको अवस्थामा प्राप्त हुन आएको बोलपत्रदाताहरूसँग जानकारी प्राप्त गरी बोलपत्र परीक्षण कार्य सम्पन्न हुने अवस्था देखिएमा बोलपत्र मुल्यांकन कार्य अगाडि बढाउने बारे स्पष्ट हुन ।

**राय परामर्शको ब्यहोराः**

(१) पूर्व योग्यता र बोलपत्र पेश गरेको समयमा संयुक्त उपक्रमको सम्झौता साझेदारको हिस्सा परिवर्तन गरेमा जानकारी माग गर्न सकिने नसकिने र प्राप्त जानकारी मान्य हुने नहुने सम्बन्धमा : सामान्यतया संयुक्त उपक्रमको सम्झौताको प्रतिशत केवल प्रस्तावित कार्यको सन्दर्भमा उपयोग गर्ने हो योग्यताको लागि होईन । योग्यताको मूल्यांकनमा यस पूर्व सम्पादन गरी आर्जित योग्यता र अन्य क्षमतालाई आधार लिईन्छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(३)(ख) ले संयुक्त उपक्रमसम्बन्धी सम्झौता आवश्यक भए सो पेश भए वा नभएको मात्रको परीक्षण गर्ने प्रावधानले नै संयुक्त उपक्रमसम्बन्धी सम्झौता पेश भएको मात्र भए हुने मनसाय राखेको देखिन्छ । यस आधारमा अंश परिवर्तनले बोलपत्र परीक्षण गर्न समस्या पर्ने देखिदैन । तर संयुक्त उपक्रमको सम्झौताको हिस्सा अनुसार योग्यता परीक्षण भएकोले यस प्रकारको परिवर्तनले कार्यसम्पादनमा असर पर्ने नपर्ने भनी निर्क्योल गर्नु पर्ने देखियो । एकल रूपमा पूरा गर्नु पर्ने शर्तहरू निजले पूरा गर्नु नै

पर्दछ । तर खरिद संझौता कार्यान्वयनको सन्दर्भमा संयुक्त उपक्रमको साझेदार कम्पनी दुवैले एकल र संयुक्त रूपमा दायित्व बहन गरी कार्यसम्पन्न गर्नुपर्ने हुँदा एकल र संयुक्त दुवै स्वरूपमा जिम्मेवारी हुन्छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम २८ (२) अनुसार सार्वजनिक निकायले संयुक्त उपक्रममा रहने साझेदारको न्यूनतम हिस्सा र मुख्य साझेदार र अन्य साझेदारको न्यूनतम योग्यता बोलपत्रसम्बन्धी कागजातमा तोक्न सक्ने भन्ने व्यवस्था भएकोमा यस कार्यको लागि साझेदारी संझौताको हिस्सालाई योग्यताको आधार मानिएको अवस्थामा कामको सारभूत कुरामा परिवर्तन नभए पनि संयुक्त उपक्रमको सम्झौता साझेदारीको हिस्सामा परिवर्तनले योग्यता परीक्षणको कार्यमा समेत असर पर्न सक्ने अवस्था हुन्छ । तर सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (४) अनुसार बोलपत्र परीक्षण गर्ने सिलसिलामा बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सक्ने व्यवस्था गरेको हुँदा सो व्यवस्था अनुसार कार्यालयले बोलपत्र पेश गर्ने समयमा नै पेश भैसकेको कागजातको पुष्टी गर्नको लागि आवश्यक जानकारी लिन सकिने देखिन्छ भने उल्लिखित अवस्थामा जानकारी माग गरी स्पष्ट हुन सकिने व्यवस्था खरिदको सामान्य प्रचलन पनि हो । यसरी माग गरेको जानकारी दिने क्रममा संयुक्त उपक्रमका बोलपत्रदाताहरूले पेश गरेको जानकारीबाट बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा योग्यताका कुरामा हेरफेर नगरेको अवस्था भएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(५) अनुसार दिएको जानकारी मान्य हुने देखिन्छ ।

**(२)** Power of Attorney **पुष्टि गर्न सकिने नसकिनेः** Power of Attorney पेश भएको अवस्थामा सो को आधिकारिकता स्पष्ट गरेर मात्र खरिदसम्बन्धी कार्यवाही गर्नु पर्दछ।उक्त अख्तियारी पत्रको प्रामाणिकता निक्र्योल नगरिएको अवस्थामा भविष्यमा खरिद संझौताको दायित्व वहन गर्नु पर्ने क्रममा संझौता गर्ने संस्थालाई जिम्मेवार गराउन सकिने अवस्था हुँदैन । यस सन्दर्भमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २३(३)(क) को प्रावधान अनुसार अख्तियारनामाको कागजात पेश भएको अवस्थामा यस्तो अख्तियारी दिने संस्थाको मुख्य कार्यालयबाट सो को पुष्टी (Confirm) अनिवार्य रूपमा गर्नु पर्ने हुँदा प्रस्तुत कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(४) को प्रावधान अनुसार मान्य हुने देखिन्छ ।

**(३) मूल्य समायोजनको लागि सूत्रका गुणाङ्कको लागि पेश भएको दर विश्लेषणमा पुष्ट्यांई माग गर्न सकिने वा नसकिनेः** बोलपत्रको Price Indices Form का Parameters मा डिजलका लागि Coefficient को weightage ०.८ राखेकामा पुष्ट्याई माग गर्न सकिने वा नसकिने सन्दर्भमा सामान्यतः यस्तो कार्यको सन्दर्भमा कार्यालयले निश्चीत गरेको गुणाङ्कको आधारमा बोलपत्रदाताहरूलाई मूल्य समायोजनको लागि Indices मात्र पेश गर्न लगाउनु पर्दछ । तर यस कार्यको लागि सम्बन्धीत बोलपत्रदातालाई नै सो गुणाङ्कको अंश पनि भर्न लगाएको बुझिएकोले यस अवस्थामा सो कार्य करार संझौताको समयमा आवश्यक वार्ता गरी टुँगो लगाउनु पर्ने प्रचलन अनुसार गर्न सकिनेतर निर्माण कार्यको डिजाईन र खपत हुने सामग्रीको अनुमान गर्ने निकायले यस्तो गुणाङ्क निर्धारण गर्नु वैज्ञानिक हुने हुनाले यस विषयलाई ध्यानमा राखी खरिद सम्झौताको समयमा तय गर्नु पर्ने देखिन्छ । बोलपत्र गर्दा कै अवस्थामा दर विश्लेषण माग गरिएको र बोलपत्रदाताले पेश गरिसकेको भए पेश भै सकेको कागजात भएको हुँदा सो सन्दर्भमा जानकारी माग गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(४) को प्रावधान अनुरुप नै देखिन्छ ।

**(४) विदेशवाट ल्याइने मेशिनरी औजार एवं कामदारका लागि वैदेशिक मुद्रा आवश्यक पर्नेमा सो मुद्रा उल्लेख नगरेको अवस्थामा जानकारी माग गर्न सकिने कि नसकिनेः** विदेशबाट मालसामान प्राप्त गर्नु पर्ने अवस्थामा वैदेशिक मुद्राको व्यवस्था कसरी गरिने हो स्पष्ट हुनु आवश्यक छ । तर निज बोलपत्रदाताले सम्पूर्ण कार्यका लागि नेपाली मुद्रामा नै भुक्तानी माग गरेको अवस्थालाई अन्यथा मान्न सकिने अवस्था पनि हुँदैन । यस अवस्थामा खरिद सम्झौताका शर्तहरू समेतका आधारमा खरिद सम्झौताको रकममा नबढने गरी आवश्यक परिवर्तन गर्न सकिने अवस्था पनि हुने भएकाले सो बारेमा स्पष्ट हुनको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(४) को प्रावधान अनुसार जानकारी माग गर्न सकिने देखिन्छ"।

**(निर्णय मितिः २०६५।४।२३)**

**१८. राय परामर्श माग भएको विषयः**

बोलपत्रद्वारा १५ महिना भन्दा कम अवधिको खरिद सम्झौता भएकोमा समेत मूल्य समायोजन गर्न सकिने उल्लेख भएको तर उपरोक्त ठेक्का अन्तराष्ट्रिय स्तरको बोलपत्रद्वारा १८ महिना अवधिको ठेक्का सम्झौता भएतापनि तत्कालिन बोलपत्र आव्हानको अवस्थामा विद्यमान आ.प्र. सम्बन्धी नियमावली अनुसार हुने वा नहुने भन्ने द्विविधा रहेको ।

**राय परामर्शको ब्यहोराः**

(१) सार्वजनिक खरिद ऐनको दफा ५५(१)को ब्यवस्था अनुसार १५ महिनाभन्दा बढी अवधिको खरिद सम्झौतामा मूल्य समायोजन हुन सक्ने तर यो कार्यान्वयन हुन मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख भएको हुनुपर्ने र अप्रत्यासित बृद्धिको प्रावधान राष्ट्रियस्तरको बोलपत्रको माध्यमबाट खरिदसम्झौता भएको १५ महिना भन्दा घटी अवधिको सम्झौतामा लागू हुने हुनाले यो पत्रको सन्दर्भमा दुवै अवस्था विद्यमान नभएकोले अन्तर्राष्ट्रियस्तरको बोलपत्रको माध्यमबाट खरिद सम्झौता गरिएकोमा मूल्य समायोजन दिन नमिल्ने ।

(२) यो खरिद सम्झौता बैदेशिक सहायता अन्तरगत सरकारसँग भएको सम्झौताको ब्यवस्था अनुसार दातृ निकायको खरिद निर्देशिका बमोजिम अन्तराष्ट्रियस्तरको बोलपत्रका माध्यमबाट खरिद सम्झौता गरिएको हो भने सार्वजनिक खरिद ऐनको दफा ६७(१)(ख) अनुसार दातृ निकायको खरिद निर्देशिकामा भएको ब्यवस्था अनुसार हुने ।

**(निर्णय मितिः २०६५।५।२०)**

**१९. राय परामर्श माग गरिएको बिषयः**

(१) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २२ बमोजिम बोलपत्र खोल्न निर्दिष्ट गरेको समयमा नखोलिएको बोलपत्र सनाखत प्रकृया पुरा गरी अव खोल्न मिल्ने वा नमिल्ने ।

(२) बोलपत्र दर्ता गर्ने अन्तिम म्यादको १ दिन अगाडिसम्म दर्ता भएका ९ थान बोलपत्रहरूमध्ये ८ थान बोलपत्रहरू दर्ता गर्न सिलबन्दी खामहरू दर्ता गर्न आएको कार्य र समयमा थप ४ थान अन्य बोलपत्रहरू दर्ता हुन आएको कार्यमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(६) आर्कषित हुने वा नहुने ।

**राय परामर्शको ब्यहोराः**

(१) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २२ अनुसार बोलपत्र पेश गर्ने अन्तिम मिति र समय समाप्त भएको लगतै सोही दिन बोलपत्र खोल्नुपर्ने ब्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९(३) अनुसार बोलपत्रदाताले फिर्ता माग गरेको पत्रको खाम खोली त्यस्तो बोलपत्रदाताको नाम पढेर सुनाउनुपर्ने ब्यवस्था छ । यसरी ऐन र नियमावलीमा भएको उक्त ब्यवस्थाहरूको आधारमा सोही दिन बोलपत्र खोल्नुपर्ने वाध्यात्मक प्रावधान रहेको छ । तर बोलपत्र खोल्नुपूर्व बोलपत्रदाताहरूको सनाखत गर्ने कार्य उल्लेखित खरिद कानूनमा भएको नदेखिएको हुँदा सनाखतको प्रकृया कानून सम्मत हुने देखिदैन ।

(२) बोलपत्र फिर्ता तथा संशोधन गर्ने कार्य उल्लेखित सार्वजनिक खरिद ऐनको दफा १९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८(१) को आधारमा गर्न सकिने भएको हुँदा फिर्ता र संशोधनको संख्यात्मक गणनाको आधारमा मात्र उल्लेखित ऐनको दफा २६(६) को अवस्था भएको भनी सो दफा प्रयोग गर्न सकिने अवस्था विद्यमान रहे नरहेको एकिन गर्न सकिने देखिदैन । त्यस कार्यालयलाई प्राप्त ठोस प्रमाण र बस्तुगत स्थिति, उजुरी र सो को प्रमाण तथ्यको आधिकारिकताको आधारमा मिलेमतो प्रमाणित भएमा मात्र दफा २६(६) को अवस्थामा बोलपत्र रद्दको कारवाही हुन सक्ने देखिन्छ । बोलपत्र खोलेपछि पनि यस्तो अवस्था प्रमाणित गर्ने तथ्य, प्रमाणहरू भेटिन सक्ने हुँदा संख्यात्मक आधारमा पेश गरेको र फिर्ता गरेको आधारमा मात्र दफा २६(६) को प्रावधान विद्यमान छ भन्न सकिने देखिदैन ।

**(निर्णय मितिः २०६५।५।२३)**

**२०. राय परामर्श माग गरिएको बिषयः**

(१) सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२४ मा अन्तिम भुक्तानीको ब्यवस्था रहेकोमा आयोजनाका काम गरेका फर्महरूले काम सम्पन्न गरी त्रुटी सच्याउने समय अगावै कर क्यिलिरेन्स गरेको प्रमाण सहित रिटेन्सन मनिको आधा (५०%) रकम माग गरेकोले त्यस सम्बन्धमा उक्त रकम भुक्तानी दिन मिल्ने नमिल्ने ।

(२) सार्वजनिक खरिद ऐन, नियम आउनु भन्दा अगाडि ठेक्का सम्झौता भएका र हाल सम्पन्न हुने अवस्था रहेका ठेक्काहरूको सन्दर्भमा आ.प्र. सम्बन्धी नियमावली, २०५६ को नियम ६३(८) (क) बमोजिम कामको परिमाण मात्र थपघट हुने अवस्थामा प्रत्येक आइटमवाइजमा २५% र समग्र ठेक्का रकमको १०% तलमाथि भएमा कार्यालय प्रमुखले स्वीकृत गरिने प्रावधान रहेको तर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(क) अनुसार निर्माण कार्यको आइटमवाइजबारे केही

नलेखिएको र निर्माण कार्यको समग्र ठेक्काको ५% सम्म रा.प. द्वितिय श्रेणीको कार्यालय प्रमुखले स्वीकृत गर्न सक्ने प्रावधान रहेकोले कुन नियम अनुसार भेरिएसन आदेश दिने ।

**राय परामर्शको ब्यहोराः**

(१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा त्रुटी सच्याउने अवधि समाप्त भएपछि मात्र रिटेन्सन मनिको पचास प्रतिशत रकम फिर्ता गर्ने स्पष्ट ब्यवस्था गरेको हुँदा त्रुटी सच्याउने अवधि अघि यस्तो रकमको भुक्तानी दिन मिल्दैन ।

(२) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५३ अनुसार आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५६ को खरिदसँग सम्बन्धित ब्यवस्था खारेज भइसकेको हुँदा र अख्तियारीको ब्यवस्था खरिद सम्झौतामा समावेश हुने विषय नभएको हुँदा हाल प्रचलित सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार नै भेरिएसन आदेश स्वीकृत गर्ने ब्यवस्था लागू हुने ।

**(निर्णय मितिः २०६५।७।६)**

**२१. राय परामर्श माग गरिएको बिषयः**

एक बोलपत्रदाताले एक मात्र टेण्डर दाखिला गर्नु पर्ने प्रावधान रहेकोमा एउटा सिंगल र अर्को संयुक्त उपक्रममा बोलपत्र दाखिला गर्दा मूल्यांकन गर्ने क्रममा द्विविधा पर्न आएको छ । यसरी दाखिला भएको बोलपत्र मध्ये एकल वा संयुक्त वा दुवै खारेज गर्नुपर्ने हो सो सम्बन्धमा द्विविधा रहेको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८(१) तथा नियम ६०(१) र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ तथा २४ अन्तरगतको प्रावधानहरू आर्कषित हुने देखिन्छ । नियमावलीको उल्लेखित नियमहरू अनुसार क्रमशः "एक बोलपत्रदाताले संयुक्त उपक्रमको साझेदार वा ब्यक्तिगत कुनै एउटा मात्र बोलपत्र पेश गर्न सक्ने" र वोलपत्रको परीक्षण गर्दा "बोलपत्रदाता ब्यक्तिगत रूपमा वा संयुक्त उपक्रमको साझेदारको रूपमा एक भन्दा बढी वोलपत्रमा संलग्न भए नभएको" भनी पूर्णताको परीक्षण गर्नुपर्ने प्रावधान रहेको छ । ऐनको दफा २३(२) बमोजिमका कुरा परीक्षण गर्न दफा २३(३) बमोजिमका अन्य कुरा भनिएको र नियम ६०(१) मा तोकिएको अवस्था विपरीत भएको देखिएको उक्त दुवै वोलपत्रहरू ऐनको दफा २४(३) बमोजिम कारवाही नहुने बोलपत्र मानिन्छ ।

**(निर्णय मितिः २०६५।७।१८)**

**२२. राय परामर्श माग गरिएको बिषयः**

(१) ४ महिनाको म्याद भएको अस्थाई मु.अ.कर दर्ता प्रमाण पत्र पेश गरेको सो अवधिमा कुनै कारोवार नभएको र कर क्लियरेन्स नभएको पाइएको बोलपत्रलाई मान्यता दिन मिल्ने नमिल्ने ।

(२) बोलपत्रको सूचना र बोलपत्रको शर्तमा अक्षर र अंकमा लेखिएको दर फरक फरक भएका अक्षरमा लेखिएकोलाई मान्यता दिने उल्लेख भएको तर बार्षिक ठेक्का रकम कबुल अंकको आधारमा उल्लेख गरिएकोले अंकमा उल्लेखित दरलाई मान्यता दिन मिल्ने नमिल्ने ।

(३) ठेक्का बन्दोवस्त गर्ने सम्बन्धित युनिटको नाममा वोलपत्र जमानत जारी नगरी श्री प्रबन्धरथी विभाग (खाद्य र परिबहन) आर्मी हेडक्वाटर उल्लेख गरेको तर स्थान चाही सम्बन्धित युनिट रहेको स्थान राखी जारी भएकोलाई मान्यता दिन मिल्ने नमिल्ने ।

(४) बोलपत्रमा उल्लेखित लिखित घोषणा पत्रको नमूना पत्रमा नै द.ख., छाप र सम्बोधन गरी पेश गरेकोलाई मान्यता दिन मिल्ने नमिल्ने ।

(५) राशन आपूर्ति सम्बन्धी प्रमाण कारोवारबारे प्रमाण पत्रमा नखुलेको तर मु.अ.कर दर्ता प्रमाणपत्रमा खुलेकोलाई मान्यता दिन मिल्ने नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

(१) बोलपत्रसम्बन्धी कागजातमा अनुभवको कुनै आधार माग नभएको अवस्थामा नयाँ दर्ता भएको आपूर्तिसम्बन्धी इजाजत प्राप्त फर्मले पनि खरिद कारवाहीमा सहभागी हुन सक्ने हुन्छ । बोलपत्रसम्बन्धी कागजात वा सूचनामा निश्चित अवधिको अनुभवको आवश्यकता उल्लेख गरिएको भए कागजातमा उल्लेख भए बमोजिम हुने ।

(२) अंक र अक्षरको भिन्नता सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(९) को ब्यवस्था अनुसार बोलपत्रमा उल्लेख गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुने ।

(३) बोलपत्र जमानत जसले बोलपत्र आव्हान गरेको हो उसैको नाउँमा हुनुपर्ने हो । तहाँबाट प्रयोग भएको बोलपत्रसम्बन्धी कागजातमा बोलपत्र जमानतको नमूना समेत उल्लेख रहेकै हुनुपर्छ । यस्तो कागजातले निर्देश गरे अनुसार नै बोलपत्र जमानतलाई मान्यता दिन हुने नहुने कुरा त्यहीबाट तय हुन उपयुक्त हुन्छ

(४) यस घोषणाको उद्देश्य घोषणामा उल्लिखित विषयमा बोलपत्रदाताले हस्ताक्षर गरी प्रतिवद्धता जनाएको हुनुपर्ने हुनाले बोलपत्रसम्बन्धी कागजातमा दिइएको लिखित घोषणापत्रको नमूनामानै दस्तखत, छाप, सम्बोधन गरी प्रस्तुत गरेको अवस्थामा पनि मान्यता दिन सकिने ।

(५) फर्म, संस्था, कम्पनी दर्ता र आफुले गर्ने ब्यवसायको इजाजत पत्र प्राथमिक विषय हुन् । यस्तो ब्यवसाय गरे वापत कर प्रयोजनको लागि दर्ता हुनु त्यसपछिको दोस्रो विषय हो । त्यसकारण ब्यवसायको इजाजत नभएको कामलाई मु.अ.कर दर्तामा रहेको कारणले मात्र कानूनी ग्राहयता दिन मिल्ने देखिदैन ।

(६) कम्पनी दर्ताको प्रमाणपत्रमा विविध टेण्डर तथा सप्लाई सम्बन्धी कारोवार गर्न सक्ने ब्यवस्था भएकोमा हाल राशन सप्लाईको लागि मात्र छुट्टै इजाजत पत्र जारी गर्ने ब्यवस्था नदेखिएकोले विविध सप्लाईको अनुमति प्राप्त ब्यवसायीले राशन खरिद कार्यवाहीमा सहभागी हुनसक्ने ।

(७) बोलपत्रमा भरेको दररेटलाई केरमेट गरी दोहोरो लेखेको स्थानमा बोलपत्रमा आधिकारिक रूपमा दस्तखतकर्ताले आफ्नो दस्तखत नगरेकोमा त्यस्तो दर मान्य हुँदैन र काटेको हुनाले पहिले लेखेको दर पनि मान्य हुँदैन । त्यसैले यसरी काटिएको दरलाई शून्य मानी गणना गर्नुपर्ने । तर यसको लागि बोलपत्र खोल्दाको मुचुल्कामा काटेको, सच्चाएको, दस्तखत नगरेको कुरा स्पष्ट उल्लेख भएको हुनु आवश्यक हुन्छ

(८) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६०(घ) मा सम्बन्धित ब्यक्ति, फर्म, संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात भरी पेश गरेको हुनपर्ने ब्यवस्था छ । प्रस्तुत सन्दर्भमा बोलपत्रसम्बन्धी कागजात खरिद गर्ने फर्मबाटै बोलपत्र दाखिला भएको हो/होइन भन्ने सम्बन्धमा करदर्ताको विवरणसम्बन्धी प्रमाणपत्रबाट बोलपत्र खरिद गर्ने र बोलपत्र दाखिला गर्ने फर्म एउटै भएको देखिन्छ । बोलपत्र पेश गर्ने फर्मले सप्लायरको अनुमति प्राप्त गरे नगरेको सम्बन्धमा त्यहाँको पत्रमा बोलपत्र दाखिला गर्दा सप्लायरको अनुमति प्राप्त रहेको भन्ने देखिएकोले यस्तो बोलपत्रलाई मान्यता दिनुपर्ने ।

(९) सारभूतरूपमा प्रभावग्राही दुई बोलपत्रदाताको भ्याट लाग्ने आइटमहरूतर्फको बोलपत्रमा कबोल अंक एउटै भएको भन्ने सम्बन्धमा खरिद गरिने आइटमको परिमाणका आधारमा मूल्यांकन गरी खपत हुने कुल परिमाण अनुसार दुई मध्ये जुन बोलपत्रको दर सार्वजनिक निकायको लागि लाभदायक हुन्छ सोही बोलपत्र स्वीकृत गर्ने । यसबाट पनि संभव नभए सार्वजनिक रूपमा दुवै बोलपत्रदाता राखी गोला प्रथाबाट छनौट गर्न सकिने देखिन्छ ।

**(निर्णय मितिः २०६५।८।४)**

**२३. राय परामर्श माग गरिएको बिषयः**

खरिद ऐनमा चल अचल सबै सम्पत्ति खरिद गर्दा यो ऐन आकर्षित हुने भनिएको तर जग्गा प्राप्ति ऐन पनि हालसम्म प्रभावकारी नै रहेकोले द्विविधा उत्पन्न भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐनको दफा (२) को (ग) मा मालसामानको परिभाषा अन्तरगत चल वा अचल जुनसुकै किसिमको वस्तुलाई मालसामान भनेको छ । यस अनुसार जग्गा पनि अचल बस्तुको रूपमा पर्ने हुन्छ । तर जग्गाको अवस्थिति, स्थान, सडकको

पहुँच अन्य पूर्वाधारको अवस्था, उर्वरताको अवस्था, घाम लाग्ने नलाग्ने, आफ्नो आवश्यकता अनुसारको छरछिमेकको परिवेश जस्ता विषयहरूका साथै विक्रेताको चाहना समेतले जग्गा खरिद व्यवस्था निर्धारण गर्ने हुनाले बोलपत्रको माध्यमबाट अरु मालसामानहरू खरिद गरे जस्तो जग्गा खरिद गर्न सकिने अवस्था हुँदैन । जग्गा खरिद सम्बन्धमा यस कार्यालयबाट छुट्टै निर्देशिका विकसित नगरुन्जेल जग्गा खरिदमा साविकमा खरिद गर्दा अपनाउँदै आएको प्रकृया अनुशरण गर्नु उपयुक्त हुने ।

**(निर्णय मितिः २०६५।८।८)**

**२४. राय परामर्श माग गरिएको बिषयः**

सार्वजनिक खरिद नियमावलीको नियम ८५ को उपनियम (२) र (४) र अनुसूची ३ को (ख) अनुसार एकाई दर माग गरी खरिद गर्ने निर्णय अनुसार सो प्रकृया अघि बढाउन यस एकाई दर प्रकृयाबाट कति रकमसम्मको एक पटकमा खरिद गर्न सकिन्छ ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(२) को व्यवस्था इकाई दर सम्झौता हो । यस किसिमको सम्झौता बमोजिम खरिद गर्न बोलपत्रको माध्यमबाट खरिद गर्न सकिने रकमको सीमा सरह नै खरिद गर्न सकिने हुन्छ । इकाई दर सम्झौता उपयुक्त हुने अवस्थामा यो सम्झौता बमोजिम खरिद गर्ने र यो व्यवस्था उपयुक्त नहुँदा खास मालसामान आपूर्ति सम्झौता अन्तरगत खरिद गर्न सकिन्छ । इकाई दर सम्झौता अनुसार बोलपत्रबाट दर आव्हान गर्दा खरिद गरिने कुल मालसामानको लागत अनुमान रकममा १५ प्रतिशत घटि र बढी गरी न्यूनतम र अधिकतम खरिदको सीमा तोकी खरिद गर्नुपर्ने भएकोले यस सम्झौता अनुसार खरिद गर्दा न्यूनतम रकमको २.५% बोलपत्र जमानत माग गर्न उपयुक्त हुने देखिन्छ ।

नियम ८५(४) को व्यवस्था अनुसूची ३(ख) सँग सम्बन्धित नभई सोझै खरिदसम्बन्धी व्यवस्था हो । सोझै खरिदको सीमाभित्र रु. १ लाख ५० हजार मौजुदा सूचीभित्रबाट वा खरिद ऐनको दफा ४१(३) अनुसारको प्रकृया पुरा गरी एकमात्र आपूर्तिकर्ताबाट पनि सोझै खरिद गर्न सकिन्छ । सोझै खरिदको सीमाभित्रको रकमको लागि बोलपत्र जमानतको आवश्यकता पर्दैन ।

**(निर्णय मितिः २०६५।८।१०)**

**२५. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्र दाखिला गर्दा आपसी मिलेमतोमा गुण्डा तथा सुरक्षाकर्मीलाई समेत प्रयोग गरी स्वस्थ प्रतिस्पर्धा गर्न बञ्चित गराइएको र सिमित टेण्डरबाट कुनै एक टेण्डर स्वीकृत गर्ने प्रयास भई रहेको भन्ने उजुरी सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस कार्यालयसँग प्रतिकृया माग गरेको ।

**राय परामर्शको व्यहोराः**

(१) बोलपत्र दाखिला गर्ने सम्बन्धमा देशका विभिन्न भागमा देखिएका अवरोध र अस्वस्थ प्रतिस्पर्धा सम्बन्धी समस्या समाधानका लागि यस कार्यालयबाट मुख्य रूपमा उठाइने विषयहरूमा -

- निर्माण कार्यको लागत अनुमान तयार गर्दा लिइने आधार (Norms) लाई बर्तमान समय र प्रविधि सापेक्ष हुने गरी पुनरावलोकन गर्नुपर्ने ।
- निर्माण कार्यको खरिद प्रशासनका हरेक चरणमा खरिद सम्झौतामा उल्लेखित विषयहरू (समय र गुणस्तर) लाई गम्भिरतापुर्वक अनुशरण गर्नुपर्ने ।
- विद्युतिय माध्यमबाट बोलपत्र दाखिला गर्ने तयारी गर्ने ।
- सुरक्षा व्यवस्था प्रभावकारी बनाउनुपर्ने ।

(२) प्रस्तुत उजुरी सम्बन्धमा कति बोलपत्र सम्बन्धी कागजातहरू विक्री भएको, कति दाखिला भएको, कतिले फिर्ता लिएको, स्टीमेट रकम कति हो र बोलपत्र कति रकमको परेको आदि जस्ता तथ्यहरू स्पष्ट उल्लेख नभएको, लागत अनुमानका सम्बन्धमा उठाइएका विषयमा लागत अनुमान नै वढीको बनाइएको हो वा बोलपत्र बढीमा परेको हो भन्ने जस्ता विषय पनि स्पष्ट नखुलेकोले यस सम्बन्धमा केही भन्न सक्ने अवस्था नभएको ।

(३) सडक विभागमा विद्युतिय माध्यमबाट पनि बोलपत्र लिने व्यवस्था भइरहेकोमा आयोजना निर्देशनालयमा समेत यस्तो व्यवस्था प्रारम्भ गर्नु उपयुक्त हुने । **(निर्णय मितिः २०६५।८।२२)**

**२६. राय परामर्श माग गरिएको बिषयः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा २ को प्रावधान अनुसार केही बोलपत्र वा एउटा मात्र बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पुनः बोलपत्र आब्हान गर्न सकिने छैन भन्ने रहेको तर बोलपत्रको खामहरू च्यातिएको र बोलपत्र खुल्ला हुन गएको अवस्थामा उल्लेखित ऐनको दफा २६(२) बमोजिम बोलपत्र रद्द नगरी मूल्यांकन प्रकृया अगाडि वढाउन हुने वा नहुने ।

**राय परामर्शको ब्यहोराः**

एउटा मात्र बोलपत्र परेको भएपनि मूल्यांकन गर्दा सारभूतरूपमा प्रभावग्राही भएको र लागत अनुमान भन्दा सारभूत रूपमा बढी नभएको बोलपत्र स्वीकृत गर्न सकिने ब्यवस्था कानूनले गरेको छ । तर वर्तमान मामिलामा एउटा मात्र बोलपत्र दर्ता भएकोमा भित्री, बाहिरी दुवै खाम च्यातिएको हुँदा बोलपत्र सुरक्षित नभएको देखियो । च्यातिएको बोलपत्रमा कुनै किसिमको अदल बदलको संभावना पनि रहने र बोलपत्र दाखिला गर्ने अन्तिम अवधि सकिएको लगत्तै परेका बोलपत्र सार्वजनिक रूपमा खोल्नुपर्ने ब्यवस्था ऐनको दफा (२२) ले गरे अनुसार नखोलिएकोले बोलपत्रलाई यति लामो समयावधि पछि खोली मूल्यांकन प्रकृया अगाडि बढाउन नमिल्ने ।

**(निर्णय मितिः २०६५।९।१३)**

**२७. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद ऐनको दफा २६(२) को प्रावधान एकभन्दा बढी बोलपत्र दाखिला भई सो मध्ये एकमात्र वोलपत्र सारभूत रूपमा प्रभावग्राही रहेको अवस्थामा लागू हुने वा एकमात्र बोलपत्र दाखिला भई सो वोलपत्र सारभूत रूपमा प्रभावग्राही भएको अवस्थामा प्राविधिक दृष्टिले सारभूत रूपमा प्रभावग्राही रहेको बोलपत्रको आर्थिक प्रस्ताव खोली कारवाही अगाडि बढाउन मिल्ने वा नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(२) को ब्यवस्था अनुसार एउटा मात्र बोलपत्र परेकोमा प्राविधिक प्रस्ताव खोलि सकिएको हुनाले खोल्न मिल्ने नमिल्ने भन्ने विषयमा केही भन्नु पर्ने आवश्यकता रहेन । एउटा मात्र वोलपत्रको मूल्यांकन प्रकृया अगाडी वढाउन मिल्ने नमिल्ने भन्ने सम्बन्धमा हेर्दा केही बोलपत्रहरू वा एउटा मात्र वोलपत्र सारभूत रूपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पुनः बोलपत्र आब्हान गर्न नसकिने स्पष्ट ब्यवस्था उक्त दफाले गरेको छ । यो अवस्था एकभन्दा वढी बोलपत्र परी मूल्यांकनको क्रममा एउटा मात्र सारभूत रूपमा प्रभावग्राही रहेको अवस्था पनि हो तर एउटैमात्र बोलपत्र परेकोमा के गर्ने भन्ने सम्बन्धमा ऐनमा अन्य कुनै ब्यवस्था नरहेकोले यसै दफाबाट निकासको खोजी गर्दा एउटा मात्र परेको बोलपत्र खोलेर मूल्यांकन नगरुन्जेलसम्म सारभूतरूपमा प्रभावग्राही हो होइन यकिन गर्न नसकिने हुनाले एउटै मात्र बोलपत्र परेको अवस्थामा पनि यस्तो बोलपत्र खोली मूल्यांकन गरी मूल्यांकनबाट सारभूत रूपमा प्रभावग्राही भए नभएको यकिन गर्नुपर्ने हुनाले बोलपत्र खोली त्यसपछिका प्रकृयाहरू अगाडि बढाउन सकिने ब्यहोरा निर्णयानुसार अनुरोध छ ।

**(निर्णय मितिः २०६५।९।१४)**

**२८. राय परामर्श माग भएको विषयः**

अन्तशुल्कमा १०% ले बृद्धि भएकोले कुनै संस्थाले कर वृद्धिको समेत दावी गरेमा कर वृद्धिको रकमको थप दायित्व सरकारमा पर्ने की नपर्ने ।

**राय परामर्शको ब्यहोराः**

मालसमानको आपूर्ति गर्ने खरिद सम्झौतामा सामान्यतः मालसामान दाखिला गर्ने स्थानसम्मको कर शुल्क आदि आपूर्तिकर्ताले नै ब्यहोर्नु पर्ने ब्यवस्था गरिने भएता पनि सम्झौता भइसकेपछिको अवस्थामा कानून परिवर्तनको कारणले दायित्व वृद्धि हुन गएमा त्यस्तो दायित्वको सम्बन्धमा बोलपत्रदाताले बोलपत्र पेश गर्ने समयमा अनुमान गर्न सक्ने अवस्था हुँदैन । त्यसैले खरिद प्रणालीको मान्यता अनुसार सम्झौता पछिको कानून परिवर्तनबाट हुने दायित्व र जोखिम आपूर्तिकर्ताको नभई खरिद गर्ने निकायको हुने ।

**(निर्णय मितिः २०६५।१०।२९)**

**२९. राय परामर्श माग गरिएको बिषयः**

काठमाण्डौ जिल्लास्थित यस अड्डा समूहमा आवद्ध विभिन्न युनिटहरूको निमित्त २०६५ साल माघ १ गतेदेखि २०६६ साल पौष मसान्तसम्मको लागि आवश्यक पर्ने मु.अ.कर लाग्ने र मु.अ.कर नलाग्ने तर्फको राशन सामानहरू आपूर्ति गर्नको लागि बोलपत्र आव्हान गरेकोमा यस अड्डामा गठित मूल्यांकन बोर्डलाई निम्न बमोजिमका बुँदाहरूमा दुविधा पर्न गएको ।

(१) कुनै बोलपत्रदाताले पेश गरेको अख्तियारनामाको कागजमा ९ जना संचालक समितिका सदस्यहरूको नाम उल्लेख भई ७ जनाले मात्र हस्ताक्षर गरेकोमा त्यस्तो कागजले मान्यता पाउने वा नपाउने ।

(२) संचालक समितिको निर्णयको प्रतिलिपि यसैसाथ पेश गरिएको भनि अख्तियारनामाको कागजमा उल्लेख गरी सो निर्णयको कागज पेश नगरेको अवस्थामा त्यस्तो पत्रको कानूनी ग्राहयता के हुने ।

(३) बोलपत्रमा राशन आपूर्तिको लागि बोलपत्र पेश गर्ने बोलपत्रदाताले प्रस्तावित ठेक्का संचालन गर्न सक्ने क्षमताको श्रोत खुलेको कागजात पेश गर्नुपर्ने भनी उल्लेख भएकोमा बैंकबाट निश्चित रकम उल्लेख नगरिएको पत्र पेश गरेको अवस्थामा त्यस्तो पत्रलाई श्रोत खुलेको पत्र भनी मान्यता दिन सकिने वा नसकिने

**राय परामर्शको व्यहोराः**

(१) बुँदा नं. १ को हकमा सर्वप्रथम सम्बन्धित बोलपत्रदातासँग निजको फर्मको प्रबन्ध पत्र नियमावलीको प्रमाणित प्रतिलिपि माग गरी नियमावलीमा व्यवस्था भए सोही अनुसार मान्यता दिने, नभएमा संचालक समितिमा भएका जम्मा सदस्य संख्या ९ जना भएकोमा ७ जनाको दस्तखत मात्र भएको हुँदा बहुमतको हस्ताक्षर भएको देखिदा बहुमतको कदर गर्नुपर्ने सामान्य कानूनी सिद्धान्त भएको हुँदा सोही अनुसार हुनुपर्ने ।

(२) बुँदा नं. २ को हकमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ मा भएको व्यवस्थासँग सम्बन्धी नरहेको र सोही ऐनको दफा २३ को उपदफा २ को ख को व्यवस्था अनुसार बोलपत्रदाताको अधिकार प्राप्त प्रतिनिधिको सहीछाप हुर्नुपर्ने अनिवार्य व्यवस्था हुनाले यस्तो सहीछाप गर्ने अधिकार पत्रको उपलब्धता पनि अनिवार्य देखिएको हुँदा यो कागजात सार्वजनिक ऐनको दफा २५(२) भन्दा फरक भएकोले त्यस्तो कागजात माग गरी मान्यता दिन सकिने अवस्था कानूनतः नमिल्ने ।

(३) बुँदा नं. ३ को हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५(१)घ अनुसार बोलपत्र सम्बन्धी कागजातमा यस्तो क्षमता प्रमाणित गर्ने कागजात माग गरिएको अवस्थामा ठेक्का संचालन गर्न सकिने आर्थिक र बित्तिय क्षमताको श्रोत खुलेको कागजात पेश गर्नुपर्ने दायित्व बोलपत्रदाताको भएको र सम्बन्धित बैंक रकम उल्लेख गरी यस सीमासम्मको रकम निज आपूर्तिकर्ताले माग गरेको अवस्थामा पाउन सक्ने भन्ने निश्चित व्यहोरा खुलेको पत्र आवश्यक हुने हुनाले निश्चित रकम उल्लेख नगरिएको बैंकको प्राप्त पत्रलाई मान्यता दिन सक्ने कुनै कानूनी आधार नदेखिएकोले मान्यता दिन नसक्ने ।

**(निर्णय मितिः २०६५।९।२८)**

**३०. राय परामर्श माग गरिएको बिषयः**

सार्वजनिक खरिद ऐनको दफा २३ को उपदफा २ को (ख) अनुसार बोलपत्रदातालाई दिएको निर्देशन भन्नाले सार्वजनिक निकायको सूचना बमोजिम  माग गरिएका कागजात हुन वा होइनन् र माग गरिएका कागजात तथा अन्य कुरा सिलबन्दी दरभाउपत्रसाथ पेश नभएमा कानून सम्मत हुन्छ वा हुँदैन स्पष्ट हुन सकिएन ।

**राय परामर्शको व्यहोराः**

बोलपत्र आव्हानको सूचना प्रकाशित गर्दा सूचनामा बाेलपत्र सम्बन्धी कागजात खरिद गर्नका लागि करचुक्ता प्रमाणपत्र, कर दर्ता, व्यवसाय दर्ता आदि कार्यालयमा पेश गर्नुपर्ने व्यहोरा उल्लेख भएको अवस्थामा बोलपत्र सम्बन्धी कागजात खरिद गर्दा पेश गरेको करचुक्ता प्रमाणपत्रलाई मान्यता दिन सकिने देखिन्छ । तर बोलपत्र आव्हानको सूचनामा यस्ता कागजात बोलपत्र सम्बन्धी कागजात खरिद गर्न अनिवार्य आवश्यक रहेको व्यहोरा नखुलेको अवस्थामा मान्यता दिई सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को देहाय २(घ) अनुसार कानूनी ग्राहयताको आधार पुगेको बोलपत्र भन्न मिल्दैन । आगामी खरिद कारवाहीहरूमा ऐनको दफा (२३) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को देहाय २(घ) अनुसार रहेका व्यवस्थाहरू बोलपत्रभित्र समावेश हुनुपर्ने विषय भएकाले बोलपत्र सम्बन्धी सूचना वा बोलपत्र सम्बन्धी कागजातमा स्पष्ट खुलाई उल्लेख गर्नु उपयुक्त हुन्छ । **(निर्णय मितिः २०६५।१०।९)**

**३१. राय परामर्श माग गरिएको बिषयः**

पहिले स्वीकृति भएको बोलपत्रदातासंग सार्बजनिक खरिद नियमावली २०६४ को नियम ५३ को उपनियम (८) बमोजिम खरिद सम्झौता भएपछि मात्र अन्य बोलपत्रदाताको बोलपत्र जमानत फिर्ता गर्नु पर्नेमा सम्बन्धित गणले हाल मुल्याङ्कन समितिबाट सिफारिस भएका बोलपत्रदाताले पेश गरेको बोलपत्र जमानत फुकुवा गरी सकेकोले खरिद सम्झौता सम्पन्न हुनु पूर्ब बोलपत्र जमानत फुकुवा भएको र सम्बन्धितलाई पुनः मुल्याङकन समितिबाट न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर गरिएका तर बोलपत्र जमानत फुकुवा लिई सकेकालाई कानून बमोजिम कार्य सम्पादन जमानत सहित ठेक्का सम्झौता गर्न आउनको लागि सूचना जारी गर्न नियम संगत हुने वा नहुने बारे राय उपलब्ध गराउन माग भै आएको ।

**राय परामर्शको ब्यहोराः**

पहिलो बोलपत्रदाताले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा ३ बमोजिम ठेक्का सम्झौता गर्न असमर्थता प्रकट गरी आफुले सो ठेक्का स्वीकार नगर्ने भनी लिखित निबेदन पेश गरेको सन्दर्भमा नियमानुसार निजको बोलपत्र जमानत जफत गरी सोही ऐनको दफा २७ को उपदफा ५ बमोजिम निज भन्दा लगतै पछिको न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदातालाई आमन्त्रण गर्नु पर्ने कानूनी ब्यवस्था रहेको छ । कानूनमा भएको ब्यवस्थाको उल्लंघन हुने गरी सार्बजनिक निकायले सम्बन्धीत पक्षसंग सम्झौता हुनु पूर्व के आधारले र किन अन्य बोलपत्रदाताहरूको बोलपत्र जमानत फिर्ता गरिएको हो यस्तो प्रकारको कार्यले भएको बोलपत्र सम्बन्धी कारवाहीनै निस्प्रभावी हुन सक्ने देखिएकोले यस तर्फ सचेत रहन जानकारी सहित प्रस्तुत सन्दर्भमा सम्झौता हुनु पूर्वनै बोलपत्र जमानत फिर्ता लगि सकेको न्यून मूल्याङ्कित दोश्रो स्थानमा रहेको बोलपत्रदाताले बोलपत्र जमानत फुकुवा भईसकेको अवस्थामा पनि ऐनको दफा २७ को उपदफा ५ बमोजिम कार्य सम्पादन जमानत राखी सम्झौता गर्न मञ्जुर भएमा खरिद सम्झौता गर्न सकिने ।

**(निर्णय मितिः २०६५।१०।२४)**

**३२. राय परामर्श माग गरिएको बिषयः**

सार्बजनिक निकायले प्रकाशित गरेको दरभाउपत्रको सूचना तथा शर्तहरूमा घोषणापत्र राख्नु पर्ने ब्यहोरा उल्लेख नगरेको तर सिलबन्दी दरभाउपत्रको मुल्याङ्कन गर्दा मूल्याङ्कन समितिबाट घोषणापत्र दरभाउपत्र साथमा समाबेश नगरेको भनी न्यून रकम कबोल गर्ने दरभाउपत्र दाताहरूको दरभाउपत्र खारेज गर्नु पर्ने सिफारिश गरेको सम्बन्धमा राय माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४० अनुसार सिलबन्दी दरभाउपत्र सम्बन्धी ब्यवस्था आकर्षित हुन्छ हुंदैन भन्ने सम्बन्धमा हेर्दा सिलबन्दी दरभाउ पत्रदाताको फर्मदर्ता, ब्यवसायदर्ता, आयकरदर्ता, मू.अ.करदर्ता, करचुक्ता आदि हुनु पर्ने हुंदा घोषणा पत्र समेत नियम ४०(ङ) मा भएको ब्यवस्था पनि छुट्याउन मिल्ने देखिदैन । यस बाहेक नियमावलीको नियम ८४ को उपनियम (१४) मा अन्य कार्यबिधी परिच्छेद ५ (हुनुपर्ने परिच्छेद ५, मुद्रण त्रुटीबाट परिच्छेद तीन भएको) मा उल्लिखित ब्यवस्था अनुसार हुने भनिएको हुनाले नियम ४० को ब्यवस्था लागु हुने स्पष्ट छ ।

**(निर्णय मितिः २०६५।११।१)**

**३३. राय परामर्श माग गरिएको विषयः**

श्री नं.११ बाहिनी अड्डामा भएको आर.ए.एन. ५३ एम.आई.१७ हेलिकप्टरको एयर फ्रेमको सर्भिस लाइफ थप गर्न सम्बन्धित बिशेषज्ञको राय अनुसार ५०० घण्टा थप गर्न ब्यवस्था मिलाइएको उक्त कार्यको लागि यु.एस.डलर ३७९००। (अग्रिम भुक्तानी गरेपछि मात्र बिशेषज्ञ काठमाडौं आई कार्य थालनी गर्ने भएकोले उक्त बाहिनी अ.गलाई बिनियोजित भएको रकमबाट खर्च ब्यहोर्ने गरी कम्पनीलाई टि.टि.बाट भुक्तानी गर्न आवश्यक बि.मु.सटही स्वीकृतिको लागि अनुरोध भएकोले यस कार्यालयको राय प्रतिक्रिया माग भएको ।

**राय परामर्शको ब्यहोराः**

पत्र ब्यहोराबाट माग भएको राय परामर्श खरिद प्रकृयाका सम्बन्धमा नभई अग्रीम भुक्तानी गर्ने बिषयको भएको हुंदा सम्झौता रकमको २० प्रतिशत भन्दा बढी हुने गरी पेश्की दिन मिल्ने ब्यवस्था खरिद नियमावलीमा नरहेको ।

**(निर्णय मितिः २०६५।११।९)**

**३४. राय परामर्श माग गरिएको बिषयः**

(१) बोलपत्रदाताले बोलपत्रको प्रत्येक पानाहरूमा सहिछाप गरी पेश गरेको अवस्थामा छुट्टै घोषणापत्र लिनु पर्ने वा बोलपत्रको प्रत्येक पानामा गरेको सहिछापलाई नै नियमावलीको नियम ४० (२) ङ बमोजिम घोषणा मान्न सकिने ?

(२) सम्बन्धित कार्यालयबाट कानूनी परामर्श तथा निर्देशनको लागि अनुरोध गर्ने भनी गरेको निर्णय सार्बजनिक खरिद ऐन २०६३ को दफा ४७(६) बमोजिम निर्णय हो, होइन ? निर्णय गर्न बिलम्ब भई तोकिएको ५ दिन नाघी निर्णय गर्न सकिन्छ, सकिंदैन।

**राय परामर्शको व्यहोराः**

माग भएको राय परामर्शको प्रकरण(क) को सम्बन्धमा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४०(१) मा बोलपत्रदाताको ग्राह्यता सम्बन्धी आधार र कागजात उल्लेख गर्नु पर्ने व्यवस्था रहेको र सोही नियमको उपनियम (२) को देहाय (ङ) मा बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्ताबित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजायं नपाएको भनी लिखित रूपमा गरेको घोषण हुनु पर्ने कानूनी व्यवस्था भएकोले बोलपत्रको प्रत्येक पानामा सहिछाप गरेको आधारमा घोषणापत्र मान्न नसकिने ।

प्रकरण (ख) को सम्बन्धमा सार्बजनिक खरिद ऐन २०६३ को दफा ४७(१) अनुसार सार्बजनिक निकायले खरिद कारबाही वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नु पर्ने कर्तब्य पालना नगरे उपर बोलपत्रदाता वा प्रस्ताबदाताले त्यस्तो त्रुटि वा निर्णयको पुनराबलोकनका लागि सम्बन्धित सार्बजनिक निकायका प्रमुख समक्ष निबेदन दिन सक्ने । यसरी निबेदन परेपछि सो सम्बन्धमा छानबिन गरी निबेदन प्राप्त भएको पांच दिन भित्र कारण खुलाई लिखित निर्णय गर्नु पर्ने व्यवस्था पनि सोही दफाको उपदफा ६ मा व्यवस्था भएको हुंदा यसरि कानूनले किटानीसाथ तोकि दिएको अबधिभित्र नभएको कामलाई कानूनी म्यादभित्रको भन्न सकिने अवस्था नरहेको ।

**(निर्णय मितिः २०६५।११।१३)**

**३५. राय परामर्श माग गरिएको बिषयः**

११ वटा बोलपत्र फिर्ता भएपछि बाँकी रहेको बोलपत्रहरूबाट मात्र मूल्यांकन गरी न्यूनतम कबोल गर्ने फर्मको बोलपत्र स्वीकृत गर्नेतर्फ कारवाही अगाडि बढाउन कानूनतः बाधा पर्ने नपर्ने ।

**राय परामर्शको व्यहोराः**

बोलपत्र पेश र फिर्ता गर्ने सन्दर्भमा बोलपत्र खोल्ने समयमा फिर्ताको लागि प्राप्त निवेदन पेश गर्ने व्यक्तिको आधिकारिकता प्रमाणित हुने कागजात तथा निवेदनको अध्ययनबाट शुरुमा बोलपत्र दर्ता गराउँदा र हालको अवस्थामा उत्पन्न परिस्थितिबारे बोलपत्रदाताले बोलपत्र फिर्ता लिन उल्लेख गरेको व्यहोरा, फिर्ताको निवेदन दर्ता गराएका सबै बोलपत्रदाताले यस्तो निवेदन दर्ता गरेको मिति र समय, फिर्ताको लागि निवेदन दर्ता गराउन आएका व्यक्तिको दस्तखत आदिको अध्ययनबाट क्रमशः फिर्ता लिन उल्लेख गरेको व्यहोरा उपयुक्त नभएको, एउटै मिति र लगातार फिर्ताको निवेदन दर्ता भएको, एउटै व्यक्तिले सबै वा धेरैजसो बोलपत्रदाताको निवेदन दर्ता गराउन ल्याएको देखिएमा त्यस्तो अवस्थालाई मिलेमतोको जोखिम मानी कार्यालयले विश्लेषण गर्नुपर्ने।

**(निर्णय मितिः २०६५।१२।१६)**

**३६. राय परामर्श माग गरिएको बिषयः**

Short Listhing **गर्ने सन्दर्भमा स्थानीय** Agent **को व्यवस्थाको वारेमा राय माग भएको ।**

**राय परामर्शको व्यहोराः**

मनसाय पत्रदाताको छनौट गर्न निर्धारित आधारहरू पुरा हुने गरी सूचनामा खुलाउनुपर्नेमा सो नभएको र संक्षिप्त सूची तयार गर्दा स्थानीय एजेन्टलाई पनि विभिन्न मुलुक र पृष्ठभूमी सरहनै राखेको र नियममा वाध्यात्मक व्यवस्था भएको हुनाले यसै अनुसार गर्नुपर्ने ।

**(निर्णय मितिः २०६५।१२।१८)**

**३७. राय परामर्श माग गरिएको बिषयः**

सार्वजनिक खरिद नियमावलीको नियम ८४ अनुसार सिलबन्दी दरभाउपत्र माग गरिएकोमा एकमात्र सिलबन्दी दरभाउपत्र परेको अवस्थामा त्यस्तो एउटा मात्र दरभाउपत्र खोली कारवाही अगाडि बढाउन मिल्ने नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायबाट गराउनुपर्ने कामको किसिम र प्रकृति अनुसार सिमित दरभाउपत्रदाता मात्र उपलब्ध हुने अवस्था र खरिद कारवाहीको राम्रो तयारी गरिएको अवस्थामा बाहेक सार्वजनिक खरिद कानूनको कार्यान्वयनमा वर्तमानमा देखिएको अवरोधको स्थिति र दरभाउपत्र माग गर्दा दिनुपर्ने म्याद समेतलाई मध्यनजर राख्दा एउटा मात्र दरभाउपत्र परेकोमा त्यसलाई रद्द गरी पुनः माग गर्नु उपयुक्त हुने र यसरी पुनः माग गर्दा पनि एउटै मात्र दरभाउपत्र परेको अवस्थामा काममा पर्नसक्ने प्रभाव र लागतलाई विचार गरी दोस्रो पटकको यस्तो दरभाउपत्र स्वीकृत गर्न सकिने देखिन्छ ।

**(निर्णय मितिः २०६६।१।८)**

**३८. राय परामर्श माग गरिएको बिषयः** उद्योगमा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक नियम अस्तित्वमा नरहेको हुनाले सार्वजनिक खरिद ऐन र नियम बमोजिमको सिद्धान्त तथा ब्यवस्था अनुसार गर्ने निर्यय भएको सन्दर्भमा उद्योग संचालनको लागि आवश्यक मुख्य कच्चा पदार्थ कपास खरिद गर्न भारत सरकारको पूर्ण स्वामित्वको संस्थाबाट सार्वजनिकरूपमा प्रकाशित हुने मूल्यमा सोझै खरिद गर्न मिल्ने नमिल्ने र यस  बाहेक छिटो छरितो अन्य कुनै विकल्प भए सो सम्बन्धमा समेत राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐनको दफा २(ख) अनुसार नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको कम्पनि भएकाले ऐनको दफा ३ अनुसार यस ऐन बमोजिम कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने । यस बाहेक ऐनको दफा ७४(२) अनुसार त्यस्ता निकायसंग सम्बन्धित ऐन, नियम वा गठन आदेशको अधिनमा रही आवश्यक नियम बनाउन सक्ने ब्यवस्था छ । सरकारी संस्थानबाट निर्धारित मुल्यमा सोझै खरिद गर्ने ब्यवस्था यस ऐनमा छैन ।

सार्वजनिक खरिद ऐनको क्षेत्र मालसामान खरिद, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवा हुन् र यी सबै कार्य सार्वजनिक निकायले आफ्नो उद्देश्य अनुरुपको काम सम्पादन गर्न आवश्यक पर्ने कार्यहरू हुन् । अर्थात् सार्वजनिक निकायले आफ्नो उपभोगको लागि वा अन्तिम उपभोक्ताहरूको प्रयोगको लागि मालसामान खरिद, निर्माण कार्य खरिद गर्नेबिषयसंग सम्बन्धित देखिन्छ।

यसपत्रको सन्दर्भ उद्योगले ब्यवसायिक उद्देश्य प्राप्तिका  लागि वस्तु उत्पादन गर्न कच्चा पदार्थ खरिद गर्ने रहेको छ । यस्तो अवस्थामा उपभोगको लागि खरिद गरिने मालसामान र बस्तु उत्पादनको लागि खरिद गरिने कच्चा पदार्थको खरिद प्रकृया र कार्यविधि एउटै वा फरक हुनुपर्ने हो भन्ने सम्बन्धमा विचार गर्नुपर्ने हुन्छ । उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ खरिद गर्दा सामानको उपलब्धता, उत्पादनमा यस्तो कच्चा पदार्थको प्रयोगको समय, आवश्यक परिमाण, गोदामको क्षमता, खरिद चक्र आदिलाई दृष्टिगत गरी खरिद योजना तयार गर्नुपर्ने देखिन्छ र यस ऐन नियमको ब्यवस्था अुनसार पनि खरिद योजना तयार गर्नु अनिवार्य ब्यवस्था हो । यस अर्थमा उपभोगका वस्तु तथा  उत्पादनको लागि कच्चा पदार्थ खरिद कार्य प्रकृयात्मक रूपमा एकरुपता हुने देखिन्छ । यिनै कुराहरूलाई दृष्टिगत गरी माथि उल्लेख गरिए अनुसार ऐनको दफा ७४(२) अनुसार उद्योग संचालनका विभिन्न पक्षहरू समेट्ने गरी संचालक समितिले  सम्बन्धित मन्त्रालयको सहमतिमा उद्योगको प्रयोजनको लागि उपयुक्त नियम बनाउनु आवश्यक हुन्छ ।

वर्तमान प्रारम्भिक अवस्थाको ब्यवस्थापनका लागि उद्योग संचालन गर्न आवश्यक पर्ने कच्चा पदार्थ खरिद गर्दा अपनाउनु पर्ने खरिद प्रकृया स्पष्ट रूपमा ऐन नियममा ब्यवस्था छैन र ऐन नियम बन्दा सबै यस्ता सम्भावित परिस्थितिहरूको समाधान समावेश सम्भव हुन सक्ने पनि होइन । तर तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानी नोक्सानी हुने, सार्वजनिक हितमा प्रतिकुल असर पर्ने जस्ता कुरा स्थापित हुने अवस्था भएमा ऐनको दफा ६६ तथा नियमको १४५ आकर्षित हुने र यसो भएमात्र यस ऐन, नियम अनुसार एउटै श्रोतबाट सोझै खरिद गर्न सकिने देखिन्छ ।

**(निर्णय मितिः २०६६।१।१५)**

**३९. राय परामर्श माग गरिएको बिषयः**

२०६३।२।१८ मा २ वर्ष अवधि रहेको मूल्य समायोजन नहुने भनि उल्लेख गरिएको सम्झौता अन्तर्गतको कामको मूल्य समायोजन २०६५।३।५ को मार्ग दर्शनको आधारमा दिन सकिने नसकिने ।

**राय परामर्शको ब्यहोराः**

मार्ग दर्शनको बुंदा नं. ४.१ मा यो लागु हुने अवस्था उल्लेख भएको छ जसअनुसार १५ महिना भन्दा कम अवधिमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको र खरिद सम्झौतामा मुल्य समायोजन सम्बन्धमा कुनै ब्यवस्था नगरीएको हुनुपर्ने भनि स्पष्ट उल्लेख भएकोमा प्रस्तुत सम्झौता २ वर्षको अवधिमा काम सम्पन्न गर्ने गरि भएको र वोलपत्र सम्बन्धी कागजातमा मूल्य समायोजन नहुने भनि लेखिएको हुनाले मूल्य समायेजन हुन सक्ने देखिएन ।

त्यसैगरी सोही मार्गदर्शनको बुंदा नं. ७ मा लागु हुने अवधि २०६३ पौष मसान्त देखी भनी खुलाइएको हुनाले सो अवधि पूर्व भएको सम्झौतामा यो मार्ग दर्शन लागु हुन नसक्ने स्पष्ट रहेको कारण पनि मूल्य समायोजन दिन नसकिने ।

**(निर्णय मितिः २०६६।१।१५)**

**४०. राय परामर्श माग गरिएको बिषयः**

ऐनको दफा २५(३) र दफा २६(१) परस्परमा वाझिएको हुँदा ती दफाहरू बारे प्रष्ट पारीदीन अनुरोध भै आएको ।

**राय परामर्शको ब्यहोराः**

ऐनको दफा २५(३) को ब्यवस्था खरिद गरिने मालसामानको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको प्राविधिक स्पेसिफिकेशन खरिद सम्झौताको लागी निर्धारीत कामको क्षेत्र गुणस्तर, खरिद गरिने उपकरणको कार्य सम्पादन क्षमता तथा आपूर्ति ताालिकामा हुने भिन्नता, भुक्तानी शर्तमा बोलपत्रदाताको भिन्न प्रस्ताव आदि कुराहरू जस्को परीक्षण गर्दा सार्वजनिक निकायको लागी स्वीकार योग्य हुने भएमा त्यस्ता भिन्नताहरूको मौद्रिक मूल्य निकाली समायोजन गर्ने र यस्तो समायोजन गरिने रकम बोलपत्रदाताको कुल कबोल अंकको १५% भन्दा बढी नभएसम्म त्यस्तो बोलपत्रलाई सारभूतरूपमा प्रभावग्राही मान्न सकिने भनिएको हो यसरी समायोजन गरिने मूल्य बोलपत्रहरूको तुलना गर्ने प्रयोजनको लागी मात्र हुने र सम्झौताको मूल्यमा समावेश गर्न नहुने ।

दफा २६ (ख) अनुसार बोलपत्र मूल्याङ्कन गर्दा कानूनी ग्राहयता, पूर्णताको परीक्षण तथा सारभूतरूपमा प्रभावग्राही छ तर कबोल अंक लागत अनुमान भन्दा सारभूतरूपमा बढी भएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्नु पर्ने भन्ने ब्यवस्था हो ।

लागत अनुमान भन्दा सारभूतरूपमा बढी हो होइन भन्ने हेर्न लागत अनुमान तयार गर्दा प्रयोग गरिएको दर विश्लेषण हालको दर विश्लेषणसंग तुलना गर्दा देखिने फरकलाई तथ्यगत विश्लेषण गरी सार्वजनक निकाय प्रमुखले सारभूतरूपमा बढी भए नभएको ठहर गर्नुपर्ने ।

**(निर्णय मितिः २०६६।१।३१)**

**४१. राय परामर्श माग गरिएको बिषयः**

एउटा मात्र बोलपत्र परेको हुनाले खरिद ऐन, २०६३ को ब्यवस्था लागु हुने वा प्राधिकरणको आ.प्र. विनियमावली, २०६२ को ब्यवस्था लागु हुने भन्ने सम्बन्धमा साथै एउटा मात्र बोलपत्र खोल्न सकिने वा नसकिने ।

**राय परामर्शको ब्यहोराः**

कुन ऐन लागु हुने भन्ने सम्बन्धमा सार्वजनिक खरिद ऐनको दफा (३) र दफा (७४) मा भएको ब्यवस्थाले स्पष्ट निर्देश गरेको छ।

यो ऐन लागु भएको झण्डै ३ वर्ष हुन लागिसक्दा पनि कुन ऐन वा विनियम लागु हुन्छ भनी सोधिनु सान्दर्भिक नदेखिएकोले अबिलम्ब ऐनको दफा ७४ को ब्यवस्था अनुसार विनियम बनाई लागु गर्नुहुन निर्देश गरिन्छ ।

एउटा बोलपत्र खोल्ने नखोल्ने सम्बन्धमा नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालय, दरवारमार्गलाई २०६५।९।१४ को च.नं. ५१३ को पत्रबाट पठाइएको हुँदा सोही बमोजिम जानकारी गर्नुहुन ।

**(निर्णय मितिः २०६६।१।३१)**

**४२. राय परामर्श माग गरिएको विषयः**

सार्वजनिक खरिद ऐनको दफा (२१) तथा उपदफा (२३) को विषय अस्पष्ट भएकोले सो सम्बन्धाम राय माग भएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐनको दफा (२१) मा बोलपत्र जमानत जफत हुने अवस्था सम्बन्धमा उल्लेख गरिएको छ । यसमा उल्लेख भएका अवस्था विद्यमान भएमा जमानत जफत हुने हुन्छ । ऐनको दफा (२३) मा बोलपत्रको परीक्षण गर्ने व्यवस्था उल्लेख रहेको र २३(२) (ग) मा बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिम, अवधि र रकमको जमानत संलग्न हुनुपर्ने भन्ने व्यवस्था हो । अर्थात बोलपत्रसम्बन्धी कागजातमा बोलपत्र जमानत निशर्त हुनुपर्ने, सोही कागजातमा उल्लेख गरिएको अवधिसम्म मान्य रहनुपर्ने तथा कागजातमा उल्लेख गरिए अनुसारको रकमको जमानत हुनुपर्ने र यसो नभए यस्तो बोलपत्रलाई अपूर्ण बोलपत्र मानी यसपछिको मूल्यांकनमा समावेश नगरिने भनी २४(घ) मा उल्लेख छ ।

बोलपत्रदाताले इकाई दरमात्र राखी कुनै रकम बोलपत्र जमानत राखेकोमा पछि मूल्यांकन गर्दा बोलपत्र जमानत नपुग देखिएमा दफा २१(२)(ख) बमोजिम जमानत थप गर्न लगाउन मिल्ने/नमिल्ने भनी सोधिएको सम्बन्धमा यसो गर्न नमिल्ने, जमानत नपुग रहेछ भने माथि उल्लेख भए अनुसार यस्तो बोलपत्रलाई पूर्णताको परीक्षणबाट अपूर्ण ठहराई थप मूल्यांकनमा नलाने । बोलपत्र जमानत नपुगेको विषय गणितीय त्रुटी नभई पुरा गर्नुपर्ने अनिवार्य दायित्व हो । थप बोलपत्र जमानत माग्ने व्यवस्था ऐनमा नभएकोले मूल्यांकनको क्रममा बोलपत्र जमानत थप दाखिला गरेको मान्य नहुने स्पष्ट रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**(निर्णय मितिः २०६६।२।३)**

**४३. राय परामर्श माग गरिएको विषयः**

खरिद सम्झौता भइसकेपछि सम्झौता गरिएको आपूर्तिकर्ताबाट सम्झौता अनुसार कार्यसम्पादन नभएको कारण सो खरिद सम्झौता गर्न सकिने नसकिने विषयमा राय माग भएको ।

**राय परामर्शको व्यहोराः**

खरिद सम्झौतामा हस्ताक्षर भएपछि अन्य बोलपत्रदाताले बोलपत्र जमानत फिर्ता गरी यो कारवाही टुंगो लाग्ने हुनाले अब आएर सम्झौता गरेको आपूर्तिकर्ताले कार्य सम्पादन नगरेको कारण दोस्रो न्यून कबोल गर्ने बोलपत्रदातासँग सम्झौता गर्नसक्ने व्यवस्था सार्वजनिक खरिद कानूनमा नरहेको व्यहोरा जानकारी गराइएको

**(निर्णय मितिः २०६६।२।७)**

**४४. राय परामर्श माग गरिएको विषयः**

मूल्यवृद्धि समायोजन सम्बन्धमा ।

**राय परामर्शको व्यहोराः**

(१) मूल्य समायोजन सूत्रको माध्यमबाट गणना गरिदाको अवस्थामा शुरुदेखिकै समायोजन गर्न सकिन्छ । तर सम्झौताको अवधि थप गर्दा नियमावलीको नियम १२० को (२) र (३) अनुसार म्याद थप भए बाहेक अन्य कारणबाट समयमा काम सम्पन्न नभएकोमा त्यस्तो अवधिको मूल्य समायोजन दिन मिल्दैन ।

(२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति भन्दा एक महिना पहिलेको आधारमूल्य प्रमाणित गर्ने कागजात र मूल्य समायोजन गर्ने समयमा सोही श्रोतको मूल्य सूचकांकको आधारमा दिनुपर्ने तर त्यस्तो आधार नभएको अवस्थामा जिल्ला दररेट निर्धारण समितिको दररेट प्रयोग गर्न सकिने ।

(३) के के को मूल्य समायोजन गर्ने भन्ने कुरा खरिद सम्झौतामा आधारित हुने विषय भएकोले सोही अनुसार हुन्छ । मूल्य समायोजन सुत्र प्रयोग गरिने अवस्थामा निर्माण कार्यको कूल लागत मध्ये अपरिवर्तनीय अंश, ज्याला खर्चको अंश, निर्माण सामाग्रीहरुको अंश, इन्धन आदिको अंश रहने गरी सुत्रमै व्यवस्था भएको हुने हुनाले सोही अनुसार गर्नुपर्ने ।

**(निर्णय मितिः २०६६।२।१८)**

**४५. राय परामर्श माग गरिएको बिषयः**

एउटै कार्यालयको भिन्न कोठामा दर्ता भएका बोलपत्रलाई मूल्यांकनमा समिावेश गर्न मिल्ने नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २३०६४ को नियम ५६ अनुसार गर्नुपर्ने ब्यवस्था हो । तहाँको सन्दर्भमा सम्बन्धित कर्मचारीलाई निर्देशनको कमिबाट दुई ठाउँमा दर्ता भएको देखिएकोले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ । एउटै कार्यालयको दुई विभिन्न कोठामा दर्ता भएका बोलपत्र उपर कारवाही गर्न मिल्ने नमिल्ने सम्बन्धमा हेर्दा निर्धारित समयभित्र एउटै कार्यालयको पूर्व सूचनामा बोलपत्र दाखिला गर्नुपर्ने स्थान भनि तोकिएको ठाउँमा दर्ता गरिएको बोलपत्रलाई कारवाहीमा समावेश गर्न मिल्ने देखिएको भनी जानकारी दिने निर्णय भएको ।

**(निर्णय मितिः २०६६।३।१५)**

**४६. राय परामर्श माग गरिएको बिषयः**

बीरेन्द्र अस्पतालको लागि आवश्यक पर्ने ५००ः A (or above) X-RayMachine खरिदको लागि प्रतितपत्र खोल्न स्वीकृति दिने विषयमा राय परामर्श माग गरी पठाइएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायले गरेको निर्णय बमोजिम प्रतित पत्र खोल्न उपयुक्त हुने भनि पेश भएको सिफारिस अनुसार स्वीकृति भएको बोलपत्रदातालाई Beneficiary बनाई प्रतितपत्र खोल्ने स्वीकृति दिन सकिने जानकारी दिने निर्णय भएको

**(निर्णय मितिः २०६६।३।१६)**

**४७. राय परामर्श माग गरिएको बिषयः**

दरमा अकं र अक्षर फरक लेखिएको तर अङ्क र अक्षरमा जम्मा रकम वरावर भएकोले एकिन गरिदिन अनुरोध गरिएको ।

**राय परामर्शको ब्यहोराः**

पत्रको मूल्यांकन गर्ने क्रममा बोलपत्रमा लेखिएका विवरणहरूमा गणितीय त्रुटी भएमा त्यस्ता त्रुटी सच्यान सकिने र यसरी सच्याउदा खरिद ऐनको दफा २३ को उपदफा (८) र (९) बमोजिम गर्नुपर्ने ब्यवस्था रहेको छ । यस कार्यालयमा प्राप्त भएको BOQ को पेज नं. १० हेर्दा भरेको दरमा अङ्क र अक्षरमा फरक देखिएको हुनाले उक्त दफाको (९) बमोजिम गर्नुपर्ने ब्यहोरा जानकारी दिने भन्ने निर्णय भएको ।

**(निर्णय मितिः २०६६।३।१८)**

**४८. राय परामर्श माग गरिएको बिषयः**

अधिकार प्राप्त दरभाउपत्रदाताको प्रतिनिधिलाई दिएको अख्तियारीनामा कागज संलग्न नगरी पेश गरेको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (२) (ङ) मा सिलबन्दी दरभाउपत्र फाराममा दरभाउपत्रदाताले रीतपूर्वक सही छाप गरेको हुनु पर्ने ब्यवस्था भएको हुँदा दरभाउपत्रको आधिकारिकता पुष्टि गर्ने सो कागज अनिवार्य हुने भएकोले सो को अभावमा त्यस्तो दरभाउपत्र स्वीकृत गर्न नमिल्ने ।

**(निर्णय मितिः २०६६।४।१४)**

**४९. राय परामर्श माग गरिएको बिषयः**

नेपाली फर्मलाई एक विदेशी कम्पनीको तर्फबाट सम्पुर्ण काम गर्ने अधिकारपत्र प्रदान गरी एजेन्ट नियुक्ति गरी बोलपत्र फाराम किन्न लगाएको तर सो कम्पनी आफैले बोलपत्र फाराम भरी पेश गरेको साथै एजेन्टलाई कम्पनीले प्रदान गर्ने सेवा सुविधा सम्बन्धी कुनै पनि शर्तहरू उल्लेख नभएको, कम्पनीले स्वयं घोषण पत्र एवं कर चुक्ताको प्रमाण पत्र संलग्न नगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३९ मा निर्धारण गरिए बमोजिम पूर्ण रूपमा एजेन्टको कागजातहरू साथै नराख्ने बोलपत्रदाता कम्पनीलाई बोलपत्र मुल्यांकनमा समावेश गर्न मिल्छ कि मिल्दैन ।

**राय परामर्शको ब्यहोराः**

नेपाली फर्मलाई एजेन्ट भनी विदेशी कम्पनीले बोलपत्र फाराम किन्न लगाई कम्पनी स्वयंले बोलपत्र फाराम भरी सिधैं पेश गरेकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३९ को ब्यवस्था पालना नगरेको, नियम ४० को ग्राह्यता सम्बन्धी कागजातहरू पेश नभएको, नियम ६० को (घ) समेतको विपरित भएको र ऐनको दफा २३(२) बमोजिम पुर्ण नभएकोले त्यस्तो बोलपत्र उपर कारवाही गर्न नमिल्ने ।

**(निर्णय मितिः २०६६।५।२१)**

**५०. राय परामर्श माग गरिएको बिषयः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (२) मा उल्लेखित कागजातहरू मध्ये केही वा सबै कागजात उल्लेख गरेको नपाइएको र विशेष गरी बोलपत्रमा भाग लिन अयोग्य नभएको, पेशा वा ब्यवसाय सम्बन्धी अभियोगमा सजाय नपाएको, बोलपत्रमा भाग लिनका लागि प्राप्त अख्तियारीनामा संलग्न नभएको बोलपत्र उपर कारवाही गर्न मिल्ने वा नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (४०) को उपनियम (१) र (२) बमोजिमका कुनै पनि कागजातको प्रतिलिपी नभएको बोलपत्र उपर कारवाही गर्न नमिल्ने/प्रभावग्राही नमानिने ।

(निर्णय मितिः **२०६६।६।८)**

**५१. राय परामर्श माग गरिएको बिषयः**

पेश भएका बोलपत्रहरू मध्ये एउटा बोलपत्रदाताले आइटमको दर अंक र अक्षरमा फरक फरक रकम उल्लेख गरेको तर कूल रकममा अंक र अक्षरमा फरक नपरेकोमा कसरी मुल्यांकन गर्ने ।

**राय परामर्शको ब्यहोराः**

एउटा मात्र आईटम भएको, यस आइटमको दरमा अंक र अक्षरमा भिन्नता रहेको तर कुल कबोल रकममा आइटमको अंकमा उल्लेख गरेको दर अनुसार कै रकम उल्लेख गरेकाले दर र कूल रकम फरक परेको मध्ये कुन ठिक हो भनी **Verify** गर्न सक्ने ठाउँ देखिएको र कूल जम्मा रकमलाई अक्षरमा लेख्दा आइटम दरको अंक अनुसार कै लेखिएको पुष्टि हुने ठाउँ देखिएको हुँदा अक्षरमा लेखिएको कूल अंकको आधारमा मुल्यांकन अगाडि बढाउन सकिने ।

**(निर्णय मितिः २०६६।६।१९)**

**५२. राय परामर्श माग गरिएको बिषयः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ को उपनियम (१) एवं अनुसूची ३ अन्तर्गतको संरचनात्मक वा इकाई दर सम्झौता गर्ने गरी बोलपत्र माग गर्दा बोलपत्रदाताबाट बोलपत्र जमानत बापतको रकम कति लिने ।

**राय परामर्शको ब्यहोराः**

संरचनात्मक वा इकाई दर अन्तर्गतको खरिद कारवाहीमा कबोल अंक नभई आइटमहरूको कबोल दर मात्र मागिने हुनाले यसमा एकमुष्ट जमानत माग गर्नुपर्ने अवस्था श्रृजना हुने र यस्तो एकमुष्ट रकमको निर्धारण गर्दा खरिद गरिने प्रस्तावित न्यूनतम परिमाणको लागत अनुमान रकमको २.५ प्रतिशतले हुन आउने रकमको हजारमा Round Figure कायम गरी एकमुष्ट रकम खुलाउन उपयुक्त हुने ।

**(निर्णय मितिः २०६६।६।३०)**

**५३. राय परामर्श माग गरिएको बिषयः**

न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभूतरूपमा बढी भएमा बोलपत्र अस्वीकृत गर्ने वा खरिद कारबाही रद्द गर्न सक्ने अवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ मा उल्लेख भएकोले त्यस्तो बोल अंक कति प्रतिशतसम्म बढी भएमा बोलपत्र अस्वीकृत हुने ।

**राय परामर्शको ब्यहोराः**

वस्तुगत रूपमा कुनै निश्चित प्रतिशतले घटी वा बढी भएमा स्वीकार/अस्वीकार गर्न सकिने नभई सम्बन्धित सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा लिईएका आधार तथा मुल्यहरूमा देखिएको परिवर्तनको अवस्थाको विश्लेषण गरी पुनः बोलपत्र गर्दा बजार मुल्यको कारणले वर्तमान न्यूनतम मुल्यांकित बोलपत्रदाताको कबोल अंकभन्दा कम हुन सक्ने अवस्था विश्लेषणबाट नदेखिएमा लागत अनुमान भन्दा बढी भए पनि स्वीकृत गर्न सकिने । त्यसै गरी पुनः बोलपत्र आव्हान गर्दा लाग्ने थप प्रत्यक्ष खर्च, कामको जरुरीपनाको स्थिती समेतको विश्लेषण गरी स्पष्ट र मान्य कारण खुलाई सार्वजनिक निकायको प्रमुखले स्वीकृत गर्न सक्ने ठाउँ कानूनले राखेको देखिन्छ । कति प्रतिशतसम्म बढी भएका बोलपत्र अस्वीकृत गर्न सकिने भनी उल्लेख गर्दा खरिद गर्ने निकायले कामको गहनता र यथार्थ अवस्थाको आधारमा विश्लेषण गरी विवेक प्रयोग गर्न ठाउँ रहने हुँदा खरिद कानूनमा यस्तो ब्यवस्था भएको देखिदैन । सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने बिषय रहेको हुनाले विद्यमान अवस्था र प्रस्तावित कामको गहनता विश्लेषण गरी देखिएका कारण र आधारहरू खुलाई निष्कर्षमा पुग्न सक्ने गरी ब्यवस्था भएको हुनाले यसलाई प्रतिशतमा भन्न नमिल्ने । उपरोक्त आधारमा बोल अंक लागत अनुमानभन्दा सारभूतरूपमा बढी भए/नभएको सार्वजनिक निकायका प्रमुखले यकिन गरी स्वीकृत/अस्वीकृत गर्न सक्ने ।

**(निर्णय मितिः २०६६।७।६)**

**५४. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्र आव्हान गरिएको सूचना बमोजिम पर्न आएको बोलपत्रहरू तोकिए कै समयमा खोली मुचुल्का गर्दै गरेको अवस्थामा अपरिचित ब्यक्तिले दर्ता भएको बोलपत्र मध्ये एउटा बोलपत्र लुटेर लगेको र उक्त समयमा १ नं. मा दर्ता भएको बोलपत्र खोली सकिएको हुदा दर्ता भएका बोलपत्रहरू सबै रद्द गर्नु पर्ने हो वा आंशिक रद्द गरी कारवाही अगाडि बढाउन सकिने हो भन्ने सम्बन्धमा द्विविधा भएको ।

**राय परामर्शको ब्यहोराः**

यस्तो लापरवाहीपूर्ण कार्य हुन नदिन सचेत रहन तालुक कार्यालय मार्फत निर्देशन दिई अन्य सार्वजनिक निकायमा समेत परिपत्र मार्फत जानकारी गराई यो खरिद कारवाहीको हालसम्मको सम्पूर्ण प्रक्रिया रद्द गरी पुनः नयाँ प्रक्रिया थालनी गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६६।८।२८)**

**५५. राय परामर्श माग गरिएको बिषयः निर्णय मिति २०६६/८/२८**

दरभाउपत्र आव्हानको सूचना बमोजिम दुईवटा मात्र दरभाउपत्र दर्ता हुन आएकोमा दुबै फर्मको कबोल अंक कार्यालयको लागत अनुमानभन्दा बढी देखिएको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ (३) मा "उपदफा (२) बमोजिम सानातिना फरकको मुल्य बोलपत्रदाताको बोल अंकको १५% भन्दा बढी भएमा त्यस्ता बोलपत्र सारभूतरूपमा अप्रभावकारी भएको मानिनेछ ...... " भनी उल्लेख भएकोले यसरी कार्यालयको लागत अनुमानभन्दा बढी तर १५% भन्दा कम भएको अवस्थामा त्यस्ता दरभाउपत्र स्वीकृत गर्न सकिन्छ वा सकिदैन ।

**राय परामर्शको ब्यहोराः**

ऐनको दफा ४० मा रहेको सिलबन्दी दरभाउपत्र सम्बन्धी ब्यवस्थाको उपदफा (५) मा "लागत अनुमानभित्र परेको न्यूनतम मुल्यांकित दरभाउपत्र मात्र स्वीकृत गर्नु पर्नेछ" भनी उल्लेख भएकोले लागत अनुमानभन्दा बढी रकम कबोल गर्ने दरभाउपत्र स्वीकृत गर्न सकिदैन ।

**(निर्णय मितिः २०६६।८।२८)**

**५६. राय परामर्श माग गरिएको बिषयः**

नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल टेलिभिजनलाई सूचनामुलक टि.भि. कार्यक्रम प्रसारण गर्नका लागि बोलपत्र प्रतिस्पर्धामा समावेश गर्न मिल्छ/मिल्दैन ।

**राय परामर्शको ब्यहोरा ः**

नेपाल टेलिभिजनलाई प्रतिस्पर्धामा समावेश गर्न मिल्ने ।

**(निर्णय मितिः २०६७।१।३)**

**५७. राय परामर्श माग गरिएको बिषयः**

विदेशी बोलपत्रदाताको नाममा विदेशी मुद्रामा प्रतीतपत्र खोल्ने स्वीकृति प्रदान गर्न मिल्ने वा नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

राष्ट्रियस्तरको बोलपत्रको भुक्तानी नेपाली रुपैयाँमा गर्नु पर्ने तथा अन्तर्राष्ट्रियस्तरको बोलपत्रबाट हुने खरिद कार्यको भुक्तानी खरिद सम्झौतामा उल्लेख भएको बिदेशी मुद्रामा प्रतीत पत्रको माध्यमबाट गर्न सकिने ।

**(निर्णय मितिः २०६७।१।७)**

**५८. राय परामर्श माग गरिएको बिषयः**

दश लाख रुपैयाँभन्दा कम लागत अनुमान भएको परामर्श सेवा खरिद गर्नलाई कति दिनको समय दिई प्रस्ताव माग गर्ने ।

**राय परामर्शको ब्यहोराः**

दश लाख रुपैयाभन्दा कम लागत अनुमान भएको परामर्श सेवा खरिद गर्नलाई कम्तिमा तीस दिनको समय दिई प्रस्ताव माग गर्ने ।

**(निर्णय मितिः २०६७।१।८)**

**५९. राय परामर्श माग गरिएको बिषयः**

कबोल अंक भ्याट सहितको हुने हो वा भ्याट रहितको हुने हो ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र सम्बन्धी कागजातमा अन्यथा उल्लेख भएकोमा बाहेक कबोल अंक भ्याट रहितको हुने र सो कबोल अंकको कम्तीमा २.५ प्रतिशत बोलपत्र जमानत पेश गर्नु पर्ने ।

**(निर्णय मितिः २०६७।१।२९)**

**६०. राय परामर्श माग गरिएको बिषयः**

स्वीकृत लागत अनुमानभन्दा कबोल अंक बढी भएको न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रलाई पुष्ट्याई गरी सारभूत रूपमा प्रभावग्राही बोलपत्रको अर्थमा स्वीकृत गर्न सकिने वा नसकिने ।

**राय परामर्शको ब्यहोराः**

न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमानभन्दा सारभूत रूपमा बढी भए नभएको पुष्ट्याई गर्न सकिने अवस्थामा मात्र त्यस्तो बोलपत्र स्वीकृत गर्न सकिने ।

**(निर्णय मितिः २०६७।२।६)**

**६१. राय परामर्श माग गरिएको बिषयः**

पुनरावलोकनका लागि सार्वजनिक निकाय प्रमुख समक्ष निवेदन दिएकोमा निवेदन माग दावी नपुग्ने भई पूर्व निर्णयलाई सदर गरिएकोमा स्वीकृतिका लागि छनौट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्नको लागि कार्य सम्पादन जमानत दाखिला गर्न सूचना दिनु मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

निवेदन माग दावी नपुग्ने भई पूर्व निर्णयलाई सदर गरिएकोमा स्वीकृतिको लागि छनौट भएको न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको बोलपत्रदातालाई सम्झौताका लागि कार्य सम्पादन जमानत दाखिला गर्न सूचना दिन मिल्ने ।

**(निर्णय मितिः २०६७।२।२०)**

**६२. राय परामर्श माग गरिएको बिषयः**

कार्यस्थल विवादका कारण निर्माण ब्यवसायीले सम्झौता अवधिभित्र कार्य सम्पन्न गर्न नसकेको, म्याद थप गरी कार्य सम्पन्न भएकोमा मुल्यबृद्धि माग हुँदा मुल्यबृद्धि दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

कार्यस्थल विवादका कारण दोस्रो पक्षले सम्झौता अवधिभित्र कार्य सम्पन्न गर्न नसकी म्याद थप गरी सम्पन्न गरेको अवस्थामा मुल्यबृद्धि माग भएमा सम्झौता गरेको बखत पेश भएको दररेटलाई आधार मानी दर विश्लेषण गरी कार्य सम्पन्न गरेको अवधिसम्मको मुल्यबृद्धि दिन मिल्ने ।**(निर्णय मितिः २०६७।२।२४)**

**६३. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्र जमानतको मान्य अवधि नखुलाई बोलपत्र पेश भएकोमा परिक्षणको क्रममा मान्य अवधि खुलाईएको बोलपत्र जमानत पुनः पेश हुन आएकोमा बोलपत्रलाई सदर मान्ने/नमान्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (२) को (ग) मा बोलपत्र जमानत सम्बन्धमा स्पष्ट व्यवस्था भएकोले सो बमोजिमको जमानत संलग्न भए वा नभएको बिषय स्थापित गर्न कुनै द्विविधा देखिदैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (२) को (ग) बमोजिम बोलपत्र जमानत संलग्न भए/नभएको छुट्याई सोही ऐनको दफा २४ बमोजिम हुने ।

**(निर्णय मितिः २०६७।२।२५)**

**६४. राय परामर्श माग गरिएको बिषयः**

दुई वटा प्याकेजका लागि छुट्टाछुट्टै बोलपत्र आब्हान भएकोमा दुबैमा उही चार बोलपत्रदाताहरू भएको चार/चार थान बोलपत्र पेश भएको । यी बोलपत्रहरू मध्ये एक बोलपत्रदाताले दुवै प्याकेजका लागि पेश गरेको बोलपत्रहरू संशोधन माग गरेको र अर्काले यसै गरी दुबै प्याकेजका आफुले पेश गरेको बोलपत्रहरू र बाँकी दुई बोलपत्रदाताहरूले फरक-फरक प्याकेजका आफुले पेश गरेको एक/एक बोलपत्रहरू फिर्ता गरी पाउँ भनी फिर्ता र संशोधनका लागि तोकिएको समयभित्र निबेदन पेश गरेकोले निबेदन माग बमोजिम बोलपत्र फिर्ता तथा संशोधन गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

कानून बमोजिम बोलपत्रदाताले दर्ता गराएको संशोधन प्रस्तावलाई मान्यता दिनुपर्ने हुँदा सम्बन्धित बोलपत्रदाताले संशोधन दर्ता गराएको हो होइन, छानबिन गरी मान्यता दिने । साथै प्राप्त कागजातहरूबाट दुई प्रकारको निर्माण कार्यको लागि दर्ता भएका चार/चार वटा बोलपत्रदाताहरू मध्ये तीन जनाले बोलपत्र फिर्ता लिएको र एक जनाले दररेट संशोधन माग गरेको देखिन्छ । फिर्ता लिने बोलपत्रदाता मध्ये एक जनाले दुबै बोलपत्रहरू र दुई जनाले पेश गरेको दुई बोलपत्र मध्ये दुबै फिर्ता नलिई एक-एक बोलपत्र मात्र फिर्ता लिएको तथा एक जनाले दर्ता गरेको दुबै बोलपत्रमा दररेट संशोधन गरी बृद्धि गरेको र बृद्धिको कारण ढुवानी खर्च बृद्धि हुने देखाएको तर दुबै बोलपत्रमा समान बृद्धि नगरी असमान बृद्धि गरेको र यस प्रकारको प्रबन्ध गरी आपसमा मिलोमतो गरेको देखिएकोले सम्बन्धीत सार्वजनिक निकायको ध्यानाकर्षण गराई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (६) बमोजिम गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६७।३।३)**

**६५. राय परामर्श माग गरिएको बिषयः**

दुई बोलपत्रदाताहरूले बोलपत्र पेश गरेको तर ती दुबैको बिडबण्ड एउटै संस्थाको नाममा जारी गरेको देखिएकोले ती बोलपत्रहरूलाई मुल्यांकन गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

दुबै बोलपत्रदाताहरूबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) (क) बमोजिमको कागजातहरू पेश नभएको र ऐ.नियमावली, २०६४ को नियम ४० (२) को खण्ड (ग) र (घ) मा उल्लेखित बोलपत्रदाताको ग्राहयता सम्बन्धी आधार पुरा गरेको नदेखिँदा यी दुबै बोलपत्रदाताहरूको बोलपत्रहरू मुल्यांकन गर्न नमिल्ने ।

**(निर्णय मितिः २०६७।३।३)**

**६६. राय परामर्श माग गरिएको बिषयः**

कर चुक्ता प्रमाणपत्र पेश नगरेको बोलपत्रदाताको बोलपत्र मुल्यांकनमा समावेश गर्न मिल्ने ⁄ नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र मुल्यांकनको सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३, २४ र २५ मा उल्लेख भए बमोजिम हुने ।

**(निर्णय मितिः २०६७।३।१६)**

**६७. राय परामर्श माग गरिएको बिषयः**

सारभूत रूपमा बढी भएमा भन्नाले के कति बढीलाई जनाउँछ र न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको बोलपत्रदाताले आफूले कबोल गरेको कुल रकममा घटेर कार्य गर्न इच्छुक देखिएमा निजलाई वार्ताको लागि बोलाउन सकिने ⁄ नसकिने ।

**राय परामर्शको ब्यहोराः**

लागत अनुमानभन्दा बढी हुनु र सारभूतरूपमा बढी हुनु फरक-फरक अवस्था हो । सार्वजनिक निकायले यस्तो अवस्थामा लागत अनुमान घटी वा बढी भएको  छ छैन ? विश्लेषण गरी न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमानभन्दा बढी भए तापनि यथार्थ परक ढंगले लागत अनुमान तयार नभएको कारणले मात्र बढी भएको तर यर्थाथपरक ढंगले लागत अनुमान तयार भएको अवस्थामा बोलपत्रदाताको लागत बढी नहुने अवस्थालाई लागत अनुमानभन्दा सारभूतरूपमा बढी नभएको मान्न सकिने हुँदा सारभूतरूपमा बढी भए नभएको विश्लेषण गरी निर्णयकर्ताले पुष्ट्याई साथ निर्णय गर्नु उपयुक्त हुने तथा घटाघटका लागि वार्ता गर्ने प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली, २०६४ मा नभएकोले घटाघटका लागि वार्ता गर्न मिल्ने देखिदैन ।

**(निर्णय मितिः २०६७।३।१६)**

**६८. राय परामर्श माग गरिएको बिषयः**

लागत इष्टिमेट गर्दा प्राविधिकबाट एक आइटमको रकम उल्लेख गर्नु पर्ने महलमा रकम उल्लेख नगरेको तर बोलपत्रदाताले उक्त महलमा रकम उल्लेख गरी पेश गरेकोले यस अवस्थामा खरिद कारवाही अगाडि बढाउने वा रद्द गर्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६१, ६२, ६३, ६४ तथा ६५ ले बोलपत्र मुल्यांकन सम्बन्धी ब्यवस्थाहरू उल्लेख गरे अनुसार मुल्यांकन गरी निर्णय गर्नु पर्ने ।

**(निर्णय मितिः २०६७।३।२२)**

**६९. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्रदाताको कबोल रकम लागत अनुमानभन्दा सारभूतरूपमा बढी नभएको भनी बोलपत्र मूल्यांकन समितिले पुष्ट्याई पेश गरेकोले सो वोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनको निमित्त सारभूतरूपमा प्रभावग्राही हुने ⁄ नहुने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) को (ख) बमोजिम न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमानभन्दा सारभूतरूपमा बढी भएमा सम्पूर्ण बोलपत्र अस्वीकृत गर्न वा खरिद कारबाही रद्द गर्न सकिने ब्यवस्था भएको हुँदा निर्णयकर्ताले बोल अंक लागत अनुमानभन्दा सारभूतरूपमा बढी छ, छैन विश्लेषण गर्दा लागत अनुमानको विश्वसनियता (यथार्थपरक ढंगले लागत अनुमान तयार भए नभएको) तथा सोही लागत अनुमानलाई आधार मानी पुनः बोलपत्र माग गर्दा लागत अनुमानको सीमाभित्र खरिद कार्य गर्न सकिने, नसकिने विश्लेषण गर्नुपर्ने हुन्छ । न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमानभन्दा बढी भएता पनि यथार्थपरक ढंगले लागत अनुमान तयार नभएको कारणले मात्र बढी भएको, यथार्थपरक ढंगले लागत अनुमान तयार भएको अवस्थामा बोलपत्रदाताको लागत  बढी नहुने अवस्थालाई लागत अनुमानभन्दा सारभूतरूपमा बढी नभएको मान्न सकिने हुँदा लागत अनुमानभन्दा सारभूतरूपमा बढी देखिएमा सार्वजनिक

खरिद ऐन, २०६३ को दफा २६(१) बमोजिम बोलपत्र अस्वीकृत गर्नुपर्ने तथा लागत अनुमानभन्दा न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रको बोल अंक सारभूतरूपमा बढी नभएको पुष्ट्याई गर्न सकिने अवस्थामा मात्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतीको लागि छनौट गर्नु पर्ने ।

**(निर्णय मितिः २०६७।४।२)**

**७०. राय परामर्श माग गरिएको बिषयः**

सिलबन्दी दरभाउपत्र माग गरिएकोमा एक मात्र सिलबन्दी दरभाउपत्र पेश भई खोलिएको अवस्थामा खरिद प्रक्रिया अगाडि वढाउन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

एउटा मात्र दरभाउपत्र परेकोमा त्यसलाई रद्द गरी पुनः दरभाउपत्र माग गर्नु उपयुक्त हुने ।

**(निर्णय मितिः २०६७।५।७)**

**७१. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्रदाताको प्रतिनिधिलाई दिइएको अख्तियारनामामा Preparation, Signing and Bidding of Tender, Bidding document for the said Contract भनी उल्लेख गरिएकोमा यस्तो ब्यहोराको अख्तियारनामाको आधारमा निज प्रतिनिधिले दररेट संशोधनको लागि निवेदन दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

Preparation, Signing and Bidding of the Tender Bidding Document for the said Contract उल्लेख भएको Power of Attorney प्राप्त बोलपत्रदाताको प्रतिनिधिलाई बोलपत्र संशोधन गर्ने अख्तियारी हुने ।

**(निर्णय मितिः २०६७।।५।१७)**

**७२. राय परामर्श माग गरिएको बिषयः**

(क) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाणपत्र पेश भएको तर ब्यवसाय दर्ता प्रमाणपत्र पेश नभएको बोलपत्रलाई मान्यता दिन मिल्ने/नमिल्ने ।

(ख) बोलपत्रदातालाई उत्पादक कम्पनीबाट सोझै अख्तियारनामा नदिइएको तर अधिकृत विक्रेता मार्फत अख्तियारनामा दिएकोलाई मान्यता दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

(क) प्रमाण पत्रको सम्बन्धमा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएको प्रमाण पत्रलाई मान्यता दिन मिल्ने ।

(ख) Authorization Letter का सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ को उपनियम (३) बमोजिम हुने ।

**(निर्णय मितिः २०६७।५।२१)**

**७३. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्रसाथ पेश हुने बोलपत्र जमानत (विड वण्ड) भ्याट सहितको हुने/भ्याट बाहेकको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्रदाताले बोलपत्रका साथ आफूले बोलपत्रमा कबोल गरेको रकमको कम्तीमा दुई दशमलव पाँच प्रतिशतले हुन आउने रकममा नघटाई नगदै वा वाणिज्य बैंकले जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत पेश गर्नुपर्ने तथा बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको रकम मुल्य अभिबृद्धि कर सहितको हुनुपर्ने गरी यस कार्यालयबाट Standard Bidding Document जारी गरिएको छ । सार्वजनिक निकायले खरिद कार्यको लागि जारी गरेको bidding document मा समेत total bid price को कम्तीमा २.५ प्रतिशत भन्ने उल्लेख भएको देखिएकोले मुल्य अभिबृद्धि कर सहितको कबोल अंकको आधारमा बोलपत्र जमानत हुनु पर्ने । **(निर्णय मितिः २०६७।५।२३)**

**७४. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्ने सम्पूर्ण कागजातहरू नोटरी पब्लिकबाट प्रमाणित गर्नुपर्ने/नपर्ने ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्रमा बोलपत्रदातालाई दिईएको निर्देशन र सूचनामा पेश गर्नुपर्ने कागजातहरू नोटरी पब्लिकबाट प्रमाणित गर्नुपर्ने भनी उल्लेख नभएको अवस्थामा प्रमाणित नभएको कागजात पनि ग्राहृय हुने ।

**(निर्णय मितिः २०६७।५।२७)**

**७५. राय परामर्श माग गरिएको बिषयः**

विड डकुमेन्टमा विगत दश वर्ष (आ.ब. २०५६।५७ देखि आ.ब. २०६५।६६) सम्मको Turn Over पेश गर्नुपर्ने भनी उल्लेख भएकोमा आ.ब. ०६६।०६७ को Turn Over पेश भएकोलाई मान्यता दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र सम्बन्धी कागजातमा आर्थिक बर्ष २०५६/५७ देखि आर्थिक बर्ष २०६५/६६ सम्मको Turn over माग गरिएकोमा आर्थिक बर्ष २०६५/६६ सम्मको Turn over मात्र गणना गर्न मिल्ने ।

**(निर्णय मितिः २०६७।५।२८)**

**७६. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्र दर्ता गर्ने अन्तिम दिनबाट प्रारम्भ हुने वा वोलपत्र खरिद भएपछि र बोलपत्रसाथ पेश हुने कागजातहरूको प्रमाणित प्रतिलिपि हुनुपर्ने भनी बोलपत्रको सूचनामा उल्लेख गरिएकोमा प्रमाणित नगरी प्रतिलिपि मात्र पेश भएकोमा त्यस्तो बोलपत्र प्रभावग्राही मान्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

(१) बोलपत्र जमानतको मान्य अवधि पनि बोलपत्र पेश गर्ने अन्तिम दिनबाट प्रारम्भ हुने ।

(२) प्रमाणित नगरी पेश भएको लेखापरीक्षण प्रतिबेदन जस्ता कागजातको प्रतिलिपी समाबेश भएको बोलपत्र प्रभावग्राही मानिने ।

**(निर्णय मितिः २०६७।६।४)**

**७७. राय परामर्श माग गरिएको बिषयः**

निर्धारित समयावधि गुजारी कार्य सम्पादन जमानत पेश गरी सम्झौता गर्न आउने बोलपत्रदातासँग खरिद सम्झौता गर्न मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

निर्धारित समय गुजारी कार्य सम्पादन जमानत पेश गरी सम्झौता गर्न आएको बोलपत्रदातासंग सम्झौता गर्न नमिल्ने ।

**(निर्णय मितिः २०६७।६।१७)**

**७८. राय परामर्श माग गरिएको बिषयः**

खरिद सम्झौताका लागि छनौट भएको बोलपत्रदाताले काउन्टर ग्यारेन्टी पेश नगरी सम्झौता गरेको । सम्झौता पश्चात् निजसँग काउन्टर ग्यारेन्टी माग गर्दा काउन्टर ग्यारेन्टी वापत लाग्ने कमिशन खर्च सम्बन्धित सार्वजनिक निकायले ब्यहोर्ने भएमा काउन्टर ग्यारेन्टी पेश गर्ने शर्त राखेकोमा सो शर्त स्वीकार गरी त्यस्तो खर्च सार्वजनिक निकायले ब्यहोर्ने भनी पत्राचार भएको । सो बमोजिम हाल काउन्टर ग्यारेन्टी बापत लाग्ने कमिशन खर्चको सोधभर्ना निजले सार्वजनिक निकायसँग माग गरेकोमा भुक्तानी दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

(१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(२) बमोजिम कार्य सम्पादन जमानतको कमिशन खर्चको छुट्टै आईटम बनाई लागत अनुमानमा समाबेश गर्नु पर्ने तथा नियम ११०(५) बमोजिम बिदेशी बैंकले जारी गरेको कार्य सम्पादन जमानत नेपालमा स्थापना भएको कुनै वाणिज्य बैंकले प्रति प्रत्याभूती (काउन्टर ग्यारेन्टि) गरेको भए मात्र मान्य हुने भनी उल्लेख भएकोमा सो बमोजिम लागत अनुमान तयार नभएको तथा नेपालमा स्थापना भएको कुनै वाणिज्य बैंकको प्रति प्रत्याभूती नचाहिने भनी सम्झौता सम्बन्धी कागजातमा उल्लेख गरी सार्वजनिक खरिद निकायले कानूनको पालना नगरेको ।

(२) बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लेख नभएको कार्यको लागत समावेश नगरेको कारणले थप कार्यको भुक्तानी माँग गरेकोमा सो लाई अस्वाभाविक मान्न नसकिने तर पेश्की भुक्तानीको लागि दिएको बैंक जमानत वापतको कमिशन खर्च सार्वजनिक निकायले गर्ने खरिदको लागतमा नहुने हुँदा त्यस्तो खर्च दाबीलाई स्वभाविक मान्न नसकिने ।

(३) लागत अनुमान वा मुल्य परिमाण सूची (Bill of quantity) मा उल्लेख नभएको अन्य कार्य (Item) को भुक्तानी गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ बमोजिम खरिद सम्झौतामा संशोधन गर्न सकिने ।

**(निर्णय मितिः २०६७।६।१७)**

**७९. राय परामर्श माग गरिएको बिषयः**

खरिद सम्झौता अवधि २ बर्षको रहेको र सो सम्झौतामा Price Adjustment Not Applicable भनी उल्लेख भएको तर हाल मुल्य समायोजन माग भएकोमा दिन सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ को उपदफा (१) ले मुल्य समायोजन सम्बन्धमा खरिद सम्झौतामा ब्यवस्था गरिएको भए सोही सम्झौता बमोजिम हुने ब्यवस्था गरेको हुँदा सम्झौतामा मुल्य समायोजन नदिईने उल्लेख भएकोमा मुल्य समायोजन दिन नसकिने ।

**(निर्णय मितिः २०६७।८।१६)**

**८०. राय परामर्श माग गरिएको बिषयः**

छैटौं पटकसम्म बोलपत्र आब्हान गरिएकोमा एक मात्र बोलपत्र पेश हुन आएको । सो बोलपत्रको दर रेट साविकमा सोझै खरिद गर्दै आएको संस्थानले उपलब्ध गराएको दर रेटभन्दा करिब ५९ प्रतिशतले बढी देखिन आएकोले स्वीकृत गर्न सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र अस्वीकृत गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ ले ब्यवस्था गरेको हुँदा लागत अनुमानभन्दा न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रको बोल अंक सारभूतरूपमा बढी भएमा बोलपत्र अस्वीकृत गर्न सकिने ।

**(निर्णय मितिः २०६७।८।१५)**

**८१. राय परामर्श माग गरिएको बिषयः**

सम्झौतामा सम्झौता अवधि द्विपक्षीय सहमतीमा थप गर्न सकिने छ भनी उल्लेख भएको अवस्थामा सम्झौता अवधि समाप्त भएपछि एक बर्ष साविक कै मुल्य र शर्तमा थप गर्न सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

खरिद सम्झौता बमोजिम कार्य सम्पन्न भइसकेपछि सोही सेवा प्रदायकसँग पुनः सोही सेवाको लागि पुनः खरिद (repeat order) गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ ले ब्यवस्था गरेको देखिदैन ।

**(निर्णय मितिः २०६७।८।२७)**

**८२. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्रदातालाई दिइएको निर्देशनमा सम्बन्धित फर्मको प्याडमा तयार गरी घोषणापत्र पेश गर्नुपर्नेछ भनी उल्लेख गरिएकोमा घोषणा पत्र प्याडमा पेश नगर्ने बोलपत्रलाई मान्यता दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४०(२)(ङ) मा ...लिखित रूपमा गरेको घोषणा भनी उल्लेख भएकोले घोषणापत्र सम्बन्धीत फर्मको प्याडमा नै हुनु पर्ने अनिबार्य ब्यवस्था नभएको । घोषणापत्रको ब्यहोरा ऐ. नियम बमोजिमको भएमा यसको आधिकारीकता पुष्टि गर्न सम्बन्धीत फर्मको छाप र आधिकारीक ब्यक्तिको दस्तखत भए प्रयाप्त हुने भएकोले घोषणा पत्र प्याडमा पेश नगरी अन्य खाली कागजातमा लेखी सम्बन्धीत फर्मको छाप र आधिकारीक ब्यक्तिले दस्तखत गरी पेश भएको घोषणापत्रलाई मान्यता दिन मिल्ने ।

**(निर्णय मितिः २०६७।९।११)**

**८३. राय परामर्श माग गरिएको बिषयः**

प्रस्तावकले प्रस्तावसाथ मुल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र नराखेको तर मुल्यांकन प्रक्रिया अगाडि बढाईसकेको अवस्थामा पेश गर्न ल्याएमा सो लाई संलग्न गरी प्रस्ताव स्वीकृत सम्बन्धी कारवाही अगाडि बढाउन मिल्ने ⁄ नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

गैर सरकारी संस्थाबाट काम गराउन सकिने सम्बन्धी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा भएको व्यवस्था बमोजिम सरसफाई तथा फोहोर व्यवस्थापन सम्बन्धी कार्य गैर सरकारी संस्थाबाट गराउन नमिल्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम मु.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेकासँग मात्र खरिद गर्नु पर्ने हुँदा सोही बमोजिम बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्ने ।

**(निर्णय मितिः २०६७।९।१६)**

**८४. राय परामर्श माग गरिएको बिषयः**

Pre-qualification बाट छनौट भएका निर्माण व्यवसायीहरू विच प्रतिस्पर्धा नगराई सोझै दर माग गरी खरिद गर्न मिल्ने ⁄ नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३५(२) मा "परीक्षणमा छनौट भएका पूर्व योग्यताको आवेदक सम्बन्धीत खरिद कारबाहीको लागि बोलपत्र पेश गर्न योग्य मानिने छ" भन्ने उल्लेख भएबाट जुन कामको लागि पूर्व योग्यता निर्धारण गरिएको हो, सोका लागि छनौट भएका आवेदकहरूबीच बोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई सो प्रतिस्पर्धाबाट छनौट भएका बोलपत्रदातासँग खरिद कारबाही गर्नु पर्ने । Pre-Qualification बाट छनौट भएका आवेदकहरूसँग सोझै दर माग गरी खरिद कार्य गर्न नमिल्ने।

**(निर्णय मितिः २०६७।९।१९)**

**८५. राय परामर्श माग गरिएको बिषयः**

नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको एक व्यापारिक संस्थाले विक्री प्रयोजनको लागि संस्थाको विनियमावली बमोजिम सोझै खरिद गर्दै आएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७५(२) बमोजिम उक्त नियमावली स्वतः संशोधन हुने उल्लेख भएको सन्दर्भमा यस संस्थाले कसरी खरिद गर्न सक्छ ।

**राय परामर्शको व्यहोराः**

(१) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ बमोजिम सार्वजनिक निकायले खरिद गर्दा सार्वजनिक खरिद ऐन बमोजिमको कार्यविधि पुरा गरी खरिद गर्नुपर्ने । कार्यविधि प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा आमन्य हुने ।

(२) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४(२) बमोजिम ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) मा उल्लिखित सार्वजनिक निकाय बाहेक अन्य सार्वजनिक निकायले त्यस्ता निकायसँग सम्बन्धित ऐन, नियम वा गठन आदेशको अधीनमा रही आवश्यक नियम बनाउन सक्ने ।

(३) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७५(२) बमोजिम सार्वजनिक निकायहरूका कानूनी व्यवस्था यो ऐनसँग बाझिएको हदसम्म यस ऐन अनुकुल हुने गरी स्वतः संशोधन भएको मानिने ।

(४) सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले व्यापारिक मौज्दातको लागि खरिद गर्ने सम्बन्धी छुट्टै व्यवस्था नगरेको । सार्वजनिक खरिद ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड(२) बमोजिमका सार्वजनिक निकायले कुनै वस्तु वा सेवा बिक्रि गर्ने प्रयोजनको लागि व्यापारिक मौज्दात राख्न परेमा वा बिक्रि गर्ने प्रयोजनको लागि कुनै वस्तु उत्पादन गर्ने कच्चा पदार्थ खरिद गर्नु परेमा सो को छुट्टै कार्यविधि बनाई सो कार्यविधि बमोजिम खरिद गर्ने व्यवस्था समेत समाबेश गरी सार्वजनिक खरिद (पहिलो संशोधन) विधेयक, २०६७ व्यवस्थापिका-संसद सचिवालय, बिधेयक शाखामा मिति २०६७।९।२१ मा दर्ता भएको ।

**(निर्णय मितिः २०६७।१०।१२)**

**८६. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्रमा टिपेक्स प्रयोग गरी पुनः दस्तखत गरी फर्मको छाप लगाएकोलाई मान्यता दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

टिपेक्स प्रयोग गरे तापनि दस्तखत सहित पुनः छाप लगाएको कागजलाई रीतपूर्वकको मान्न सकिने ।

**(निर्णय मितिः २०६७।१०।१२)**

**८७. राय परामर्श माग गरिएको बिषयः**

लागत अनुमान विना टेण्डर स्वीकृत गर्न सकिने हो वा होइन ।

**राय परामर्शको ब्यहोराः**

लागत अनुमान तयार गरी नियम १४ अनुसार सो को स्वीकृत गरी मात्र खरिद कारबाही अगाडि बढाउनु पर्ने ।

**(निर्णय मितिः २०६७।१०।१२)**

**८८. राय परामर्श माग गरिएको बिषयः**

पूर्व योग्यता निर्धारणमा छनौट भएको कम्पनीलाई World Bank ले कालोसूचिमा राखेको विभिन्न पत्र पत्रिकाको माध्यमबाट जानकारी प्राप्त हुन आएकोले सो कम्पनीलाई सारभूतरूपमा प्रभावग्राही मात्र मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

कालो सूचीमा रहेकाहरूले ऐनको दफा ६३(२) बमोजिम उल्लेखित अवधिसम्म सार्वजनिक निकायको खरिद कारबाहीमा भाग लिन नपाउने हुन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७(१ख) बमोजिम दातृपक्षको खरिद निर्देशिका (Procurement Guideline) अनुरुप खरिद गरिएको अवस्थामा कालो सूची सम्बन्धी नीति सम्बन्धीत दातृपक्षको खरिद निर्देशिका बमोजिम नै हुने हुँदा सोही बमोजिम गर्न तथा दातृपक्षको खरिद निर्देशिका लागू नहुने अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ बमोजिम हने ।

**(निर्णय मितिः २०६७।१०।२५)**

**८९. राय परामर्श माग गरिएको बिषयः**

दरभाउपत्रदाताले आफूलाई आधिकारिक विक्रेताको तर्फबाट सव-विक्रेता नियुक्ति गरेको कागजात सहित दरभाउपत्र पेश गरेकोले आधिकारिक विक्रेताले सव-विक्रेता नियुक्त गर्न पाउने/नपाउने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५(३) अनुरुप हुनु पर्ने ।

**(निर्णय मितिः २०६७।१०।२७)**

**९०. राय परामर्श माग गरिएको बिषयः**

उद्देश्य उल्लेख भएको छुट्टै पत्र वोलपत्रसाथ पेश नभएकोले पछि पेश गर्न मिल्ने/ नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्ने कागजात पेश नभएकोमा पछि माग गरी संलग्न गर्न नमिल्ने ।

**(निर्णय मितिः २०६७।११।२३)**

**९१. राय परामर्श माग गरिएको बिषयः**

१२० दिनको मान्य अवधि भएको Bid Bond माग गरिएकोमा ९० दिनको मात्र पेश भएको र सोही पत्रमा Including thirty days after the period of bid validity भनी उल्लेख भएकोले यसलाई आधार मानी सो Bid Bond को मान्य अवधि १२० दिन मान्न सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

राष्ट्रियस्तरको बोलपत्रमा बोलपत्र जमानतको मान्य अवधि १२० दिन हुनु पर्ने । **(निर्णय मितिः २०६७।१२।१)**

**९२. राय परामर्श माग गरिएको बिषयः**

परिषद्को आर्थिक प्रशासन सम्बन्धी विनियमावलीमा न्यूनतम मुल्यांकित वोलपत्रको बोल अंक लागत अनुमानभन्दा दश प्रतिशतसम्म वढी भएमा कारण खुलाई एक तह माथिको अधिकारीको लिखित सहमती लिई स्वीकृत गर्न सकिने व्यवस्था भएकोमा ५.११ % वढी भएको वोलपत्रलाई स्वीकृत गर्न सकिने ⁄ नसकिने ।

**राय परामर्शको व्यहोराः**

परिषद्को आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६२ मा भएको यस सम्बन्धी प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली, २०६४ संग मिल्ने नदेखिएको र 'न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमानभन्दा सारभूतरूपमा बढी भएमा बोलपत्र अस्वीकृत गर्ने वा खरिद कारबाही रद्द गर्ने' व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) (ख) मा रहेको ।

**(निर्णय मितिः २०६७।१२।४)**

**९३. राय परामर्श माग गरिएको बिषयः**

अख्तियारनामा कागजात पेश नभएको वोलपत्रलाई मुल्यांकनमा समावेश गर्न मिल्ने ⁄ नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

अख्तियारनामा पेश नभएको बोलपत्र दफा २४ बमोजिम कारबाही नहुने बोलपत्र हुने भएकोले उक्त बोलपत्रलाई दफा २५ बमोजिम मुल्यांकनमा समाबेश गर्न नमिल्ने ।

**(निर्णय मितिः २०६७।१२।२)**

**९४. राय परामर्श माग गरिएको बिषयः**

सूचनामा उल्लेखित शर्त वमोजिम दर विश्लेषण र कार्यतालिका वोलपत्र साथ पेश नभएको वोलपत्रले मुल्यांकनको लागि ग्राहयता पाउने वा नपाउने ।

**राय परामर्शको व्यहोराः**

सूचनामा उल्लेखित शर्त बमोजिम दर विश्लेषण र कार्य तालिका बोलपत्रसाथ पेश नभएको बोलपत्रले मुल्यांकनको लागि ग्राह्यता नपाउने ।

**(निर्णय मितिः २०६७।१२।४)**

**९५. राय परामर्श माग गरिएको बिषयः**

बोलपत्र सम्बन्धी कागजातमा कवोल रकम विदेशी मुद्रामा उल्लेख गर्नु पर्ने शर्त राखिएकोमा वोलपत्रदाताले कवोल रकम नेपाली रुपैयामा उल्लेख गरी वोलपत्र पेश गरेकोले द्विविधा भएको ।

**राय परामर्शको व्यहोराः**

राष्ट्रियस्तरको बोलपत्रमा नेपाली मुद्रामा मात्र तथा अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा नेपाली तथा विदेशी मुद्रामा भुक्तानी दिन तथा दुवै किसिमको बोलपत्रमा तेश्रो व्यक्ति भुक्तानी (Third Party Payment) नगर्ने गरी खरिद कार्य गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६७।१२।९)**

**९६. राय परामर्श माग गरिएको बिषयः**

सिलवन्दी दरभाउपत्र र वोलपत्रसाथ कर चुक्ताको प्रमाण पत्र, स्थाई लेखा नं. र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश नगरेको तर सिलवन्दी तथा वोलपत्र सम्बन्धी कागजात खरिद गर्दा पेश गरेकोले मुल्याङ्कनमा द्विविधा भएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ तथा दफा २४ ले स्पष्ट व्यवस्था गरेकोले सोही बमोजिम गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६७।१२।९)**

**९७. राय परामर्श माग गरिएको बिषयः**

(क) वोलपत्रदाताले पेश गरेको इकाई दरबाट कुल रकम निकाल्दा ल.ई. भन्दा ३०.८३% घटी हुन्छ । तर Front load गणना गर्दा रु २८,७१,८५०।- भुक्तानी दिनुपर्ने हुन आउछ जवकी ल. ई. अनुसार उक्त कार्यको मूल्य ६,२७,३९८।- मात्र हुन्छ । यसमा थप जमानतले समेत नपुग्ने भएकोले के गर्न सकिन्छ ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा बोलपत्रको विशेष मुल्यांकन गर्ने ब्यवस्था भएकोले सोही नियम बमोजिम गर्ने ।

(ख) Line of credit जस्ता कागजातहरू अन्य निकायको नाममा जारी भएको पेश भएमा के गर्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) एवं ऐ. दफाको उपदफा (३) को खण्ड (घ) बमोजिम बोलपत्रको परीक्षण गर्दा हेरिने विषय भएको देखिएकोले सोही बमोजिम परीक्षण गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६७।१२।११)**

**९८. राय परामर्श माग गरिएको बिषयः**

जमानत वापत सिलवनदी दरभाउपत्रभित्र नगदै राखेको सिलबन्दी दरभाउपत्रलाई परीक्षण तथा मुल्याङ्कन गर्न मिल्छ / मिल्दैन ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा ८४ को उपनियम (६) मा नगद जमानत वा वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) भनी उल्लेख भएकोले बोलपत्रसाथ नगद रकम खामेकोमा मान्यता दिन मिल्ने ।

**(निर्णय मितिः २०६७।१२।१३)**

**९९. राय परामर्श माग गरिएको बिषयः**

BOQ मा उल्लिखित कामको आइटम अनुसार दररेट उल्लेख गरिसकेपछि अत्यमा निश्चित प्रतिशत घटेर काम गर्न मञ्जुर छु भनी उल्लेख भएको वोलपत्रलाई मान्यता दिन मिल्छ /मिल्दैन ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९ को उपनियम (४)(ग) बमोजिम बोलपत्रमा कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको ब्यहोरा खोली मुचुल्का तयार गरी त्यस्तो मुचुल्कामा उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिको दस्तखत गराउनु पर्ने ब्यवस्था भए बमोजिम छुट दिन गरिएको प्रस्ताव प्रमाणित भई सकेको अवस्थामा त्यस्तो छुट प्रस्तावलाई बोलपत्रको मुल्यांकनमा मान्यता दिन उपयुक्त हुने ।

**(निर्णय मितिः २०६७।१२।१७)**

**१००. राय परामर्श माग गरिएको बिषयः**

संवेदनशिल र जटिल प्रकृतिको कार्यहरू अनुभव नभएका वोलपत्रदाताहरूबाट गराउन नसकिने भएकोले ६० लाखभन्दा कम लागत अनुमान भएको खरिदका लागि योग्यता निर्धारण गर्न मिल्छ/मिल्दैन ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(५) मा साठी लाख रुपैंयाभन्दा कम लागत अनुमान भएको निर्माण कार्य खरिदमा कुनै योग्यता निर्धारण गरिने छैन भनी उल्लेख भएकोले साठी लाख रुपैंयाभन्दा कम लागत अनुमान भएको निर्माण कार्य खरिदमा योग्यता निर्धारण गरी बोलपत्र आब्हान गर्न उपयुक्त नहुने ।

**(निर्णय मितिः २०६८।१।४)**

**१०१. राय परामर्श माग गरिएको बिषयः**

२.५% वोलपत्र जमानत राख्नु पर्नेमा नपुग जमानत राखेको वोलपत्रलाई स्वीकृत गर्न सकिने/नसकिने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(ग) बमोजिम बोलपत्रसाथ जमानत पेश गर्नुपर्ने भए बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिम, अवधि र रकमको जमानत संलग्न भए वा नभएको भन्ने बोलपत्र मुल्यांकन गर्नुअघि परीक्षण गर्नु पर्ने र ऐ. नियमावली, २०६४ को नियम ५३(१) मा बोलपत्रदाताले बोलपत्रका साथ आफूले बोलपत्रमा कबोल गरेको रकमको कम्तीमा दुई दशमलब पाँच प्रतिशतले हुन आउने रकममा नघटाई नगदै वा वाणिज्य बैंकले जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत पेश गर्नु पर्नेछ भनी उल्लेख भएकोले सो बमोजिम भए नभएको हेरी निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।१।६)**

**१०२. राय परामर्श माग गरिएको बिषयः**

न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही वोलपत्रको कवोल अंक लागत अनुमानभन्दा ४.८४% वढी भएकोमा दातृ संस्थाले त्यस्तो वोलपत्र स्वीकृत गर्न लेखी आएकोले द्विविधा भएको ।

**राय परामर्शको ब्यहोराः**

लागत अनुमानभन्दा बढी हुनु र सारभूतरूपमा बढी हुनु फरक-फरक अवस्था हो । सार्वजनिक निकायले यस्तो अवस्थामा लागत अनुमान घटी वा बढी भएको छ छैन, विश्लेषण गरी न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमानभन्दा बढी भए तापनि यथार्थ परक ढंगले लागत अनुमान तयार नभएको कारणले मात्र बढी भएको तर यथार्थपरक ढंगले लागत अनुमान तयार भएको अवस्थामा बोलपत्रदाताको लागत बढी नहुने अवस्थालाई लागत अनुमानभन्दा सारभूतरूपमा बढी नभएको मान्न सकिने हुँदा सारभूतरूपमा बढी भए नभएको विश्लेषण गरी निर्णयकर्ताले पुष्ट्याई साथ निर्णय गर्नु उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।१।८)**

**१०३. राय परामर्श माग गरिएको बिषयः**

एक वोलपत्रदाताले वोलपत्र फिर्ता गरी पाउँ भनी दिएको खामवन्दी निवेदनमा खाम वाहिर फर्मको छाप र आधिकारीक ब्यक्तिको हस्ताक्षर भएको तर निवेदनमा हस्ताक्षर नभएको/निबेदनमा दस्तखत नभएकोले वोलपत्र खोल्ने माग गरी जिल्ला प्रशासन कार्यालयमा समेत उजूरी गरेको सम्बन्धमा के गर्ने ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५(२) मा "... सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो कार्यालय बाहेक अन्य सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्बन्धमा उत्पन्न कुनै विवाद समाधान गर्ने छैन" भनी उल्लेख भएकोले यस सम्बन्धमा ताहाँबाटै निर्णय हुन उपयुक्त हुने ।

**(निर्णय मितिः २०६७।१।१४)**

**१०४. राय परामर्श माग गरिएको बिषयः**

वोलपत्रदाताले हाम्रो विकास वैंक लिमिटेड, नुवाकोटले जारी गरेको विडवण्ड वोलपत्रसाथ संलग्न गरेकोले उक्त विडविण्डलाई मान्यता दिन मिल्ने/नमिल्ने ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र जमानत 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएकोलाई मात्र मान्यता दिनु पर्ने ।

**(निर्णय मितिः २०६८।२।९)**

**१०५. राय परामर्श माग गरिएको बिषयः**

बोर्डको आर्थिक विनियमावली तथा कार्यविधिहरू बनाउने सम्बन्धमा राय परामर्शका लागि मस्यौदा पठाएको ।

**राय परामर्शको ब्यहोराः**

(१) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (२) बमोजिम आवश्यक नियम बनाउदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ सँग नबाझिने गरी बनाउनु पर्ने ।

(२) खरिद सम्बन्धी व्यवस्थाहरू आर्थिक विनियमावलीभित्र नगरी सार्वजनिक खरिद सम्बन्धी छुट्टै विनियमावली/नियम बनाउन उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।२।२५)**

**१०६. राय परामर्श माग गरिएको बिषयः वोलपत्र फिर्ता सम्बन्धमा ।**

एक वोलपत्रदाताले वोलपत्र फिर्ता गरी पाउन निवेदन दर्ता गराएकोमा सो निवेदन नै फिर्ता गरी पाउँ भनी वोलत्रप दर्ता गर्ने अन्तिम समय अगावै पुनः अर्को निवेदन दर्ता गराएकोले सो पछिल्लो निवेदनले मान्यता पाउने वा नपाउने भनी राय परामर्शका लागि लेखी आएको ।

**राय परामर्शको व्यहोराः**

यो विषयमा मूल्यांकन समितिको सिफारिस अनुसार कार्यालयबाटै निर्णय गर्नुपर्ने ।

**(निर्णय मितिः २०६८।५।२)**

**१०७. राय परामर्श माग गरिएको बिषयः सोझै खरिद सम्बन्धमा ।**

सार्वजनिक खरिद नियमावली, २०६४ मा हालै भएको तेस्रो संशोधनले नियम ८५ को उपनियम (१) को विभिन्न खण्डहरूमा सोझै खरिद गर्न सकिने निर्माण कार्य, मालसामान वा परामर्श सेवा खरिद कार्यको रकमको सीमा निर्धारण गरेको र उपनियम (१ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भनी उल्लेख भएकोले एक आर्थिक वर्षमा एउटा कार्यालयले पाँच लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य र तीन लाख रुपैयासम्म लागत अुनमान भएको मालसामान वा परामर्श सेवा मात्र एक अर्थिक वर्षमा खरिद गर्न पाईने भनेको हो कि ? वा एक आर्थिक बर्षमा एक कार्यालयले एक पटकमा तोकिएको सीमा ननघाई पटक-पटक सोझै खरिद कार्य सूचिकृत भएका फरक-फरक ब्यक्ति वा फर्मबाट गर्न सकिने भनेको हो की ? द्विविधा भएको र यस संशोधनबाट सचिवालयमा मर्मत संभार गर्नु पर्ने १७६ वटा सवारी साधन मर्मत संभार गर्न नसकिने अवस्था देखिएकोले यस्ता मर्मत सम्भारका कार्यहरू के कसरी गराउन सकिने हो स्पष्ट पारी जानकारी गराईदिनु भनी लेखी आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१) को खण्ड (क) र (ख) मा क्रमशः पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य र तीन लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा परामर्श सेवा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरूपमा दरभाउपत्र वा प्रस्ताव माग गरी सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र ऐ. नियमको उपनियम (१ख) मा उपनियम (१) र ... मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक बर्षमा एकै पटक वा पटक-पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने उल्लेख भएकोले यस सम्बन्धमा द्विविधा रहेको देखिदैन ।

१७६ वटा सवारी साधन मर्मत संभार गर्न यस नियमावलीको नियम ८५ बमोजिम सोझै खरिद सम्बन्धी व्यवस्थाले तोकेको लागतभन्दा बढी लागत हुने अवस्था भएमा सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद-३ बोलपत्र सम्बन्धी व्यवस्था अपनाई गर्न उपयुक्त हुने । **(निर्णय मितिः २०६८।५।७)**

**१०८. राय परामर्श माग गरिएको बिषयः आशयपत्र सम्बन्धमा ।**

ऐनको व्यवस्था बमोजिमको दफा २७ को उपदफा (२) को प्रक्रिया पुरा नहुदै सारभूतरूपमा प्रभावग्राही नभएको भनि मुल्यांकन समितिले प्रतिवेदन पेश गरेको बोलपत्रदाताले आफुखुशी रूपमा दिएको निवेदनलाई दफा ४७ बमोजिमको उजुरी निवेदन मान्न मिल्ने वा नमिल्ने र सोही आधारमा निर्णय लिन उचित हुने वा नहुने ?

**राय परामर्शको व्यहोराः**

सार्वजनिक निकायले सारभूतरूपमा प्रभावग्राही बोलपत्रदातालाई आशय पत्र दिई खरिद प्रक्रिया अगाडि बढाउनु पर्ने र बोलपत्र छनौट भएको आशयको सूचना दिनु अगावै निबेदन परेको भन्ने देखिदा सो निबेदनलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिमको उजुरी निबेदन मान्न नमिल्ने । **(निर्णय मितिः २०६८।७।२४)**

**१०९. राय परामर्श माग गरिएको बिषयः सिलवन्दी दरभाउपत्र सम्बन्धमा ।**

प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्रहरू मध्ये न्यूनतम मुल्यांकित एवं सारभूतरूपमा प्रभावग्राही ठहर गरिएको सप्लायर्सले सार्वजनिक खरिद ऐन, २०६३ एवं सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकिएको समयावधिभित्र सम्झौता गर्न नआएकोले धरौटी जफत गरी पुनः सूचना प्रकाशन गर्ने वा सो भन्दा लगतै पछिको अर्को न्यूनतम मुल्यांकित एवं सारभूतरूपमा प्रभावग्राही दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरी खरिद कार्य अधि बढाउने सम्बन्धमा राय परामर्शको लागि लेखी आएको ।

**राय परामर्शको ब्यहोराः**

यस सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० र ऐ. नियमावली, २०६४ को नियम ८४ मा कुनै कुरा उल्लेख भएको नदेखिए तापनि ऐ. ऐनको दफा २७ को उपदफा (५) बमोजिम सम्झौता गर्न नआउने दरभाउपत्रदाताको जमानत जफत गरी सो भन्दा लगत्तै पछिको अर्को न्युनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गरी खरिद कार्य अघि बढाउन उपयुक्त हुने । **(निर्णय मितिः २०६८।७।२४)**

**११०. राय परामर्श माग गरिएको बिषयः बोलपत्र जमानत सम्बन्धमा ।**

एक बोलपत्रदाताले बोलपत्र जमानत पेश गर्दा उक्त जमानतमा नं. २६ बाहिनीको नाम सम्बोधन गरिएको तर जमानतको ब्यहोरा (पेटबोली) मा अर्को कार्यालयको नाम उल्लेख गरिएकोले सो जमानत यस बाहिनीको नाममा कार्यन्वयन गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २१ को उपदफा (२) बमोजिम जमानत जफत गर्नुपर्ने अवस्था श्रृजना भएका वखत सम्बन्धीत सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ को उपनियम (७) बमोजिम भुक्तानीका लागि उक्त जमानत जारी गर्ने बैंकसँग दाबी गर्न सक्ने/नसक्ने कुरा उक्त बैंकसँगै बुझी यस सम्बन्धमा सार्वजनिक निकाय आफैले निर्णय गर्न उपयुक्त हुने । **(निर्णय मितिः २०६८।७।२८)**

**१११. राय परामर्श माग गरिएको बिषयः Multiple Contract सम्बन्धमा ।**

साना शहरी खानेपानी तथा सरसफाइ आयोजना प्रथम समूह अन्तर्गत संचालन हुन गइरहेको १२ वटा नगर आयोजनाहरू मध्ये ६ वटा नगर आयोजनाहरूको निर्माण कार्यका लागि ६ वटा वोलपत्र आब्हान गरिएको थियो । Bid document Criteria Clause 1.2 मा स्पष्टत Multiple Contract लागू नगर्ने ब्यवस्था राखिएकोमा एक वोलपत्रदाताले यदि अन्य सबै ५ नगर आयोजनाहरूको ठेक्का समेत निजले प्राप्त गरेमा कवुल गरेको दररेटमा २.५ प्रतिशत थप छुट दिने प्रस्ताव गरेकोले Multiple Contract लागू हुने गरी २.५ प्रतिशत छुट दिन मिल्ने/नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३, ऐ. नियमावली, २०६४ मा भएका कानूनी प्रावधान एवं बोलपत्र सम्बन्धी कागजातका आधारमा सम्बन्धीत सार्वजनिक निकाय आफैले यस सम्बन्धमा निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८/७/२८)**

**११२. राय परामर्श माग गरिएको बिषयः दस्तखत सम्बन्धमा ।**

(क) एक वोलपत्रदाताले वोलपत्र कागजातसाथ आफ्नो फर्मको लेटर प्याडमा आधिकारिक ब्यक्तिले दस्तखत गरी फर्मको छाप लगाएको लिखित घोषणापत्र पेश नगरी वोलपत्र कागजातको वोलपत्र पेश गरेको निवेदनको नमुना प्रतिमा दस्तखत गरी फर्मको छाप लगाइएकोलाई स्विकार गर्न मिल्ने /नमिल्ने ?

(ख) वोलपत्रसाथ आफ्नो फर्मको लेटर प्याडमा आधिकारिक ब्यक्तिले दस्तखत गरी फर्मको छाप लगाएको लिखित घोषणापत्र पेश नगरी सादा कागजातमा दस्तखत मात्र गरी लिखित घोषणापत्र पेश गरेको साथै वोलपत्र कागजातको वोलपत्र पेश गरेको निवेदनको नमुना प्रतिमा दस्तखत गरी फर्मको छाप समेत लगाएको घोषणा पत्रलाई स्विकार गर्न मिल्ने/नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

उल्लिखित कागजातको आधिकारिकता हेरी सम्बन्धीत निकायले निर्णय गर्न उपयुक्त हुने ।

(निर्णय मितिः २०६८/८/१४)

**११३. राय परामर्श माग गरिएको बिषयः वोलपत्रदातालाई दिइएको निर्देशन सम्बन्धमा ।**

(१) संयुक्त उपक्रमको फर्मले वेग्लावेग्लै रूपमा कागजातहरू पेश गरेको साथै सम्झौता पत्रमा साक्षीको तिनपुस्ते वतन नखुलेको ।

(२) अख्तियारनामा कागजातमा फर्मको छाप नभएको ।

(३) संयुक्त घोषणापत्र पेश नभएको ।

(४) Line Of credit जे.भी. को तर्फबाट पेश नभएको ।

(५) साधारण राशन तथा विरामी डाइटको छुट्टाछुट्टै राशन सिलवन्दी प्याक गरी १/१ पोका पेश गर्नुपर्नेमा छुट्टाछुट्टै पेश नगरी एउटै टिनको बाकसमा हाली पेश गरेको ।

(६) वोलपत्रसाथ पेश हुने जमानतमा सबै साझेदारको नाम र सबै साझेदारको दायित्व उल्लेख नभएको जे.भी. फर्मको जमानत पेश भएको ।

(७) यो जे.भी.मा रहेको एक साझेदारले यसै आव.मा अर्को वाहिनी अड्डाले गरेको खरिद कारवाही उपर सार्वजनिक खरिद पुनरावलोकन समितिमा निवेदन दिएकोमा निजको निवेदन खारेज भएकोमा यस्तो कैफियत भएको वोलपत्रलाई मान्यता दिने वा नदिने ?

**राय परामर्शको न्यहोराः**

यसमा उल्लिखित जे.भी. ले मिति २०६८।६।१५ मा संयुक्त उपक्रम सम्बन्धी सम्झौता गरेको र सो जे. भी.को साझेदार मध्ये एक साझेदारलाई अख्तियारनामा दिएको देखिएकोले जे.भी. को घोषणापत्र र Line of Credit पनि संयुक्त रूपमा पेश गर्नु पर्नेमा सो गरेको नदेखिएको र साधारण राशन तथा विरामी डाइटतर्फको राशन नमुना सिलबन्दी प्याक गरी १/१ पोका छुट्टा छुट्टै पेश गर्नु पर्नेमा सो बमोजिम पेश नगरी दुबै किसिमको नमुना एउटै टिनको बाकसमा राखी पेश गरेको भन्ने उल्लेख भएकोले यसरी बोलपत्रदातालाई दिइएको निर्देशन बमोजिम नमुना पेश नगर्ने बोलपत्रलाई कानूनी मान्यता दिन उपयुक्त देखिदैन । **(निर्णय मितिः २०६८।८।२३ )**

**११४. राय परामर्श माग गरिएको बिषयः प्रस्ताव स्वीकृत सम्बन्धमा ।**

(१) एक प्रस्तावदाताले पेश गरेको Power of Attorney मा भारतमा विभिन्न कार्यका लागि प्रस्ताव पेश गर्न दिइएको भनी उल्लेख भएको Power of Attorney नै यस कम्पनीमा प्रस्ताव पेश गर्दा पनि पेश गरेको देखिएकोले यस सम्बन्धमा आधिकारिकता पुष्टी गर्नका लागि जानकारी लिन आवशयक देखिएको हुनाले सो सम्बन्धमा सम्बन्धित परामर्शदाताबाट जानकारी लिई आधिकारिकता पुष्टि गर्न सकिने/नसकिने ?

(२) गुणस्तर र लागत विधि अपनाइएको हकमा संक्षिप्त सुचीमा रहेका परामर्शदाताहरू मध्ये प्राविधिक प्रस्तावमा एक मात्र परामर्शदाता सफल भएमा उक्त एक मात्र परामर्शदाताको प्राविधिक प्रस्ताव स्विकार गरी आर्थिक प्रस्ताव खोल्न सकिने/नसकिने ?

**राय परामर्शको न्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३६ को उपदफा (१) को (क) अनुसार प्राप्त सम्पूर्ण प्रस्ताव कार्यक्षेत्रगत शर्तहरू अनुसार सारभूतरूपमा प्रभावग्राही नभएमा सार्वजनिक निकायले सम्पूर्ण प्रस्ताव अस्वीकृत गर्न वा खरिद कारबाही रद्द गर्न सक्ने हुँदा एउटा मात्र प्रस्ताव सारभूत भएको कारणले मात्र प्रस्ताव अस्वीकृत गर्न वा पुनः प्रस्ताव आव्हान गर्न उपयुक्त नहुने ।

**(निर्णय मितिः २०६८/८/२३)**

**११५. राय परामर्श माग गरिएको बिषयः वोलपत्र सम्बन्धि कागजात हेरफेर सम्बन्धमा ।**

वोलपत्र सम्बन्धि सुचना प्रकाशन गर्दा वोलपत्र जमानत रकम वोलपत्र दाताको कवोल अंकको २.५५ राख्नुपर्ने उल्लेख भएको । यो जमानत सम्बन्धि ब्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३(१) को शंसोधित प्रावधान बमोजिम नभएकोले उक्त सुचना शंसोधन गरी मिति २०६८/७/२८ गते कार्यालयको सुचना पाटीमा टाँस गरेको र सो सुचनामा

वोलपत्रदाताले स्विकृत लागत अनुमान रकमको २ देखि ३ प्रतिशतको रकमको सिमाभित्र रही सम्बन्धित सार्वजनिक निकायले तोकेको रकम वोलपत्र जमानत राख्नुपर्ने ब्यवस्था गरी वोलपत्र जमानत रकम तोकिएको थियो । तर हाल अधिल्लो सुचना बमोजिम विडवण्ड राख्ने वोलपत्रदाताहरूको विडवण्ड रकम संशोधित सुचना बमोजिम नपुग भएकोले ती वोलपत्रदाताको वोलपत्रलाई मान्यता दिन मिल्छ/मिल्दैन, संशोधित सुचना बमोजिम वोलपत्र जमानत राख्ने वोलपत्रलाई मात्र ग्राह्यता दिन हुने/नहुने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १६(२) बमोजिम बोलपत्र सम्बन्धी कागजातमा कुनै हेरफेर गरेको भए त्यस्तो हेरफेर सम्बन्धी जानकारी खरिद कारबाहीमा सहभागी भएका सबै बोलपत्रदातालाई दिनु पर्नेमा सो नदिई सार्वजनिक निकायले त्रुटी गरेको देखिन्छ । सार्वजनिक निकायले गरेको त्रुटीको कारण सृजित परिस्थितिको विश्लेषण गरी सम्बन्धित सार्वजनिक निकायले निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८/८/२५)**

**११६. राय परामर्श माग गरिएको बिषयः दरभाउपत्र खरिद दस्तुर सम्वन्धमा ।**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४८(१)(क) मा दश लाख भन्दा माथि साठी लाख रुपैयासम्मको लागि एक हजार रुपैयाँ भनी बोलपत्र सम्वन्धी कागजातको दस्तुर तोकिएको । ऐ. नियमावलीको नियम ८४(४) मा सिलवन्दी दरभाउपत्र दस्तुर रु. तीन सय रुपैया भनी तोकिएकोमा सार्वजनिक खरिद (तेस्रो संशोधन) नियमावली, २०६८ ले नियम ३१(१) मा संशोधन गरी वीस लाख रुपैया भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने ब्यवस्था भएकोले वीस लाख रुपैयासम्मको निर्माण कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउदा दरभाउपत्र दस्तुर बापत रु.३००।- वा रु. १०००।- लिने हो ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद नियमावली, २०६४ को तेस्रो संशोधनले नियम ३१(१) मा संशोधन गरी बीस लाख रुपैयाभन्दा वढी लागत अनुमान भएको निर्माण कार्य गराउदा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र ऐ. नियमावलीको नियम ८४(१) मा बीस लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य सिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने ब्यवस्था गरेको देखिदा बीस लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य गराउँदा सिलवन्दी दरभाउपत्र दस्तुर वापत रु. ३००।- (तीन सय) लिनु पर्ने।

**(निर्णय मितिः २०६८।८।२७)**

**११७. राय परामर्श माग गरिएको बिषयः बोलपत्र जमानत पत्रका सम्बन्धमा ।**

बोल कवोल जमानी पत्रको म्याद मिति २०६८।७।१७ देखि ०६८।११।१८ सम्म कायम रहनेछ । त्यसपछि वा वोलपत्रदाताको बोलपत्र अस्वीकृत भएमा जुन अगाडी हुन्छ सो दिनदेखि नै यो जमानी पत्र स्वतः रद्द भएको मानिने छ भन्ने शर्त उल्लेख भएको बोल कवोल जमानत पत्रले मान्यता पाउने वा नपाउने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

कृषी विकास वैंक लिमिटेडबाट जारी बोल कबोल जमानी पत्रलाई मान्यता दिनु उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।८।२८)**

**११८. राय परामर्श माग गरिएको बिषयः खरिद ऐन र नियमावली लागु हुने सम्वन्धमा ।**

नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम ४७ मा उल्लिखित विषय सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ संग बाफिने हो, होइन ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक निकायले गर्ने खरिदको लागि लागू हुने, बिक्रिको लागि लागू नहुने ब्यहोरा मिति २०६८।९।२८ गतेको निर्णयानुसार जानकारीको लागि अनुरोध । **(मिति २०६८।९।२८)**

**११९. राय परामर्श माग गरिएको विषयः कार्य सम्पादन जमानत सम्बन्धी शर्त सम्वन्धमा ।**

स्वीकृत बोलपत्रको बोलपत्रदातासंग सम्झौता प्रयोजनको लागि कार्य सम्पादन जमानत भ्याट सहितको माग गरी सम्झौता गरिएकोमा हाल राशन ठेक्का सम्झौता बदर गरिएकोमा सो कार्य सम्पादन जमानत भ्याट सहितको जफत गर्ने हो वा भ्याट वाहेकको जफत गर्ने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

सम्झौताको शर्त बमोजिम आवश्यक निर्णय गर्न हुन ।

**(निर्णय मितिः २०६८।१०।१७)**

**१२०. राय परामर्श माग गरिएको बिषयः प्रतितपत्र खोल्ने स्वीकृती सम्बन्धमा ।**

सुरक्षा सामरीक वा प्रतिरक्षा सामाग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ बमोजिम कारवाही अगाडि बढाइएकोमा पुनः निर्माता कम्पनीसंगै पत्राचारद्वारा मुल्य प्रस्ताव माग गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ (ग) बमोजिम प्रतित पत्र खोल्ने स्वकिृती दिने सम्वन्धमा लेखि आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ (१)(ङ) मा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिकामा उल्लिखित कुनै कुराका सम्वन्धमा सार्वजनिक निकायले राय परामर्श माग गरेमा राय परामर्श दिने उल्लेख भएको र प्रतित पत्र खोल्न स्वीकृत दिने विषय यस ऐनद्वारा नियमन नहुने ।

**(निर्णय मितिः २०६८।१०।२६)**

**१२१. राय परामर्श माग गरिएको बिषयः जमानत रकमको मुद्रा सम्वन्धमा ।**

सार्वजनिक निकायहरूले अन्तर्राष्ट्रिय बोलपत्रको मान्यता तथा प्रचलनको मर्म र भावना विपरित हुने गरी बोलपत्रमा अनावश्यक शर्तहरू राखेको कारणले अन्तर्राष्ट्रिय बजारभाउ भन्दा अत्याधिक मुल्यमा न्युन गुणस्तरको सामान आपूर्ती हुन सक्ने प्रवल संभावना रहेको भन्ने समेत ब्यहोराको उजुरीका सम्वन्धमा यस कार्यलयको प्रतिक्रिया उपलब्ध गराइदिनु भनी लेखी आएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

(१) नेपाली सेना, संभाररथी विभाग (प्राप्ती), जंगी अड्डाको प.सं. २३३१/५७/वी/०६८।६९।१८१, मिति २०६८।११।२ गतेको प्राप्त पत्रको ब्यहोरा अध्ययन गर्दा वोलपत्र खोली परीक्षण तथा मुल्यांकन गर्ने क्रममा रहेको देखिन आएकोले सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (२) को अधिनमा रही कार्य गर्नुपर्ने भएको हुँदा त्यस विषयमा राय परामर्श दिइरहनु परेन ।

(२) नेपाल एजेन्सी ऐन, २०१४ को दफा २ ले एजेन्टको परिभाषा गरी दफा ३ ले एजेन्टमा दर्ता नगराई कुनै पनि ब्यक्तिले एजेन्ट भै काम गर्न नपाउने ब्यवस्था गरी दफा ४ ले एजेन्टमा नाम दर्ता गर्ने ब्यवस्था गरी एजेन्टको परिकल्पना गरेको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (९) र (१०) को ब्यवस्थालाई हेर्दा एजेन्टको परिकल्पना गरेको देखिएको, ऐ. ऐनको दफा २३ को उपदफा (३) को खण्ड (क) मा वोलपत्रदाताको अधिकार प्राप्त प्रतिनीधि वा स्थानीय एजेन्टलाई दिएको अख्तियारीनामाको कागजात पेश भए वा नभएको पूर्णताको परिक्षण गर्दा परिक्षण गर्नुपर्नेछ भनी उल्लेख भएबाट समेत एजेन्टको परिकल्पना गरेको थप पुष्टी हुन्छ । ऐ. नियमावली, २०६४ को नियम ३९ को उपनियम (१), (२), (३) मा एजेन्टको विवरण उल्लेख गर्नु पर्ने ब्यवस्था भएको, ऐ. नियमावलीको नियम ५६ को उपनियम (२) मा वोलपत्रदाता वा प्रस्तावदाता आफैले वा निजको प्रतिनीधिले पूर्ण योग्यताको प्रस्ताव, वोलपत्र वा परामर्श सेवाको प्रस्ताव पेश गर्न ल्याएमा सार्वजनिक निकायले वुझि निजलाई मिति र समय खुलेको भरपाई दिनुपर्ने छ भनी उल्लेख भएबाट एजेन्टको सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली २०६४ र प्रचलित कानूनमा स्पष्ट ब्यवस्था गरिएको देखिन्छ ।

अतः कुनै पनि वोलपत्रदाता वा प्रस्तावदाताले आफ्नो स्थानीय प्रतिनीधिलाई अख्तियारीनामा दिई सो प्रतिनीधिद्धारा कुनै वोलपत्र सम्वन्धी कुनै कार्य गर्न गराउन नमिल्ने प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली, २०६४ मा रहेको नदेखिएकोले प्रचलित ऐन नियममा भएको प्रावधानलाई कुनै सूचना वा पत्रचारले विस्थापित गर्न खोजेको आभास भएको छ भने प्रचलित

कानून बमोजिम अख्तियारनामा (Power of Attorney) प्राप्त स्थानीय प्रतिनीधिवाट वोलपत्र सम्वन्धी कार्य गरेकोलाई स्विकृती दिने नदिने भन्ने जस्ता विषयमा सम्वन्धित सार्वजनिक निकाय स्वयंले प्रचलित ऐन नियमको परिधी भित्र रही आफैंले निर्णय गर्ने विषय भएकोले यस विषयमा पनि सार्वजनिक खरिद अनुगमन कार्यालयले थप ब्यख्या र राय सुझाव प्रस्तुत गर्न पर्ने देखिएन ।

**(निर्णय मितिः २०६८।११।२२)**

**१२२. राय परामर्श माग गरिएको बिषयः एजेन्टले प्रतिनीधित्व गर्ने ।**

वोलपत्र फाराम दर्ता गराउने फर्महरूले खरिद कारवाहीमा भाग लिन पेश गरेका कागजातहरूको अध्ययन गर्दा कुनै एक फर्मले वोलपत्र खरिद गर्नका लागि "क" भन्ने ब्यक्तिलाई प्रतिनीधि नियुक्त गरी निजले नै वोलपत्र फारम खरिद गरी लगेको । निज "क" भन्ने ब्यक्तिलाई नै अर्को फर्मले वोलपत्र खोल्नका लागि प्रतिनीधि नियुक्त गरी पठाएको र निजले वोलपत्र खोल्ने कार्यमा भाग समेत लिएको । यसबाट एउटै ब्यक्तिले दुईवटा अलग-अलग फर्महरूको प्रतिनीधि भएर खरिद प्रक्रियामा संलग्न भएको देखिएकोले यस्तो अवस्थालाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (६) बमोजिम आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको मान्न सकिने वा नसकिने ?

**<u>राय परामर्शको ब्यहोराः-</u>**

यस सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ मा कस्तो अवस्थालाई वोलपत्रदाताहरू वीच एक आपसमा मिलोमतो भएको मानिने भन्ने स्पष्ट रूपमा उल्लेख नभएको । कुनैपनि वोलपत्रमा वोलपत्रदाताको हैसियतले भाग लिने अगल-अलग २ वटा फर्महरू एक आपसमा प्रतिष्पर्धी हुने भएकोले एउटा फर्म वा संस्थाको स्थानिय प्रतिनीधि (Agent) रही काम गर्नेले अर्को फर्म वा संस्थाको समेत प्रतिनीधि (Agent) भई कार्य गर्ने मनशाय राख्दा साविकको संस्थाको प्रतिनीधि (Agent) आफू यथावत भएको अवस्थामा एउटै विषयको एउटै कार्यको प्रतिष्पर्धामा प्रतिष्पर्धी २ वटा फर्मको एउटै प्रतिनीधि (Agent) हुनुलाई स्वस्थ प्रतिस्पर्धाको दृष्टिकोणबाट स्वाभाविक भन्न मिल्ने आधार नदेखिएको ।

**(निर्णय मितिः २०६८।११।२६)**

**१२३. राय परामर्श माग गरिएको बिषयः बोलपत्र संशोधन सम्वन्धमा ।**

बोलपत्रदाताले बोलपत्रमा संशोधन सम्वन्धी कुनै कुरा उल्लेख नगरी बोलप भित्र संशोधन पत्र राखी पेश गरेकोमा सो संशोधन पत्र खोल्ने/नखोल्ने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

पेश गरिएको बोलपत्र संशोधन गर्ने सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८ को उपदफा (१) मा वोलपत्रदाताले एकपटक पेश गरेको वोलपत्र फिर्ता लिन वा संशोधन गर्न बोलपत्र पेश गर्ने अन्तिम मिति र समय समाप्त हुन अगावै सिलवन्दी निवेदन दिन सक्नेछ भन्ने उल्लेख भएको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८ बमोजिमको कुरा उल्लेख गरी वोलपत्रदाता वा प्रस्तावदाताले आफूले पेश गरेको वोलपत्र वा प्रस्ताव संशोधन गर्न चाहेमा सो सम्वन्धी निवेदन खाममा सिलवन्दी गरी वोलपत्र पेश गर्ने अन्तिम समय भित्रै सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने प्रावधान ऐ. नियमावलीमा रहेकोले सो प्रावधान विपरित पेश भएको संशोधनपत्रलाई मान्यता दिन मिल्ने देखिदैन ।

**(निर्णय मितिः २०६८।११।२६)**

**१२४. राय परामर्श माग गरिएको बिषयः बोलपत्र जमानतको मान्य अवधी सम्बन्धमा ।**

बोलपत्र जमानतको मान्य अवधि १२० दिनको माग गरिएकोमा ११८ दिनको मात्र भएकोले सो जमानतलाई मान्यता दिन मिल्ने/नमिल्ने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

(१) Construction of shed & Electrical works in Birthing Center, teaching Hospital, Maharajgunj कार्यको मिति २०६८।८।२४ को अन्नपूर्ण पोष्टमा बोलपत्र आब्हानको सूचना प्रकाशन गरिएको भनिएको तर बोलपत्र पेश गर्ने अन्तिम म्याद कहिलेसम्म थियो भन्ने कुरा राय माग गर्दा स्पष्ट नगरेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २० बमोजिम बोलपत्र मान्य हुने अवधि यकिन हुन नसकेको ।

(२) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५४ मा बोलपत्रको मान्य हुने अवधि स्पष्ट गरिएको अवस्थामा ऐ. नियमावलीको नियम ५३ को उपनियम (२) बमोजिम बोलपत्रदाताहरूले बोलपत्र जमानतको मान्य अवधि कायम हुने गरी जमानत पेश गरे/नगरेको यकिन हुन जरुरी छ । यस्तो वस्थामा उक्त बुदा नं. १ प्रथमतः आकर्षित हुने र त्यसपछि बुँदा नं. २ बमोजिम भए/नभएको यकिन गर्न सकिने देखिन्छ ।

(३) उपरोक्त बुँदाहरूमा उल्लेखित ब्यहोरालाई मध्यनजर राखी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुने गरी बोलपत्रको मान्य अवधि र बोलपत्र जमानतको मान्य अवधि गणना गरी सम्वन्धित सार्वजनिक निकायले नै आवश्यक निर्णय गर्नु उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।११।२६)**

**१२५. राय परामर्श माग गरिएको बिषयः बोलपत्र मुल्यांकन र छनौटका आधार सम्बन्धमा ।**

प्राधीकरणले आफूले मुल्यांकनको आधार तयार गरी यस प्रकारको प्रावधान राख्न मिल्ने/नमिल्ने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

यस सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (२) अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो कार्यालय वाहेक अन्य सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमको संलग्न हुने वा तत् सम्वन्धमा उत्पन्न हुने कुनै विवाद समाधान गर्न नहुने भएकोले खरिद कार्यको प्रयोजनका मुल्यांकनका आधारहरू वारे उल्लेख गर्न मनासिव नहुने । यस सम्वन्धमा सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन/नियम तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र कागजातको प्रावधानसंग नबाँझिने गरी बोलपत्र सम्वन्धी कागजात तयार गर्दा सार्वजनिक खरिद ऐनको दफा १३ को उपदफा २ (छ) अनुसार बोलपत्र मुल्यांकन र बोलपत्रदाताको छनौट गर्ने आधार र तरिका सार्वजनिक निकाय आफैले तय गर्नु पर्ने ।

**(निर्णय मितिः २०६८।११।२८)**

**१२६. राय परामर्श माग गरिएको बिषयः बोलपत्र फिर्ता वा संशोधनको निवेदन सम्बन्धमा ।**

इलाका प्रहरी कार्यालय वुर्तीवाङको पुनर्निमाण कार्य सम्वन्धमा प्रकाशित सूचना बमोजिम E-bidding Submission मार्फत Lumbini Basuri J.V. ले मिति २०१२।०२।२९ को ११ः०७ः३६ मा submit गरेको Bid मा सोही दिन उक्त फर्मले ११ः२९ः४३ मा Moodification को लागि निवेदन दर्ता गराएको र सोही दिन १२ः०४ः४९ मा withdraw letter दर्ता गराएको र withdraw गर्ने समय १२ः०० बजेभित्र रहेको स्पष्ट हुदा हुदै सो समय ब्यतित भएपछि निवेदन दर्ता हुन आएकोले यस्तो वस्थामा सो Tender लाई मुल्यांकन प्रक्रियामा समावेश गर्ने वा फिर्ता गर्ने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

बोलपत्र फिर्ता वा संशोधनको कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८ को प्रावधानहरूको परिधिभित्र रही गर्नुपर्ने हुँदा प्रस्तुत विषयमा बोलपत्र पेश गर्ने अन्तिम मिति र समय दिनको १२ः०० बजे भनी उल्लेख भएको र सो समय समाप्त भएपछि तोकिएको दिन सन् २०१२।०२।२९ को १२ः०४ः५९ बजे बोलपत्र फिर्ताको निवेदन submit भएको देखिन आएको र तोकिएको समय समाप्त भए पछि Submit हुन आएको त्यस्तो निवेदन दर्ता गर्ने प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको नदेखिदा त्यस विषयमा र तोकिएको दिन सन् २०१२।०२।२९ को १२ः०० बजे भित्र Submit भएको modification को निवेदनको हकमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८ बमोजिम सम्वन्धित सार्वजनिक निकायले नै कानून बमोजिम निर्णय गर्न उपयुक्त हुने । **(निर्णय मितिः २०६८।१२।८)**

**१२७. राय परामर्श माग गरिएको बिषयः बोलपत्र जमानत सम्वन्धमा ।**

(१) विदेशी बोलपत्रदाताले विदेशी बैंकबाट जारी हुनु पर्ने बोलपत्र जमानत पेश नगरेको, निजको स्थानीय एजेण्टले कृषी विकास बैंकको एकाउण्ट नं. उल्लेख गरी नेपाल राष्ट्र बैंकको ग्यारेण्टी पत्र मात्र पेश गरेको पाइएको, सो ग्यारेण्टीमा बोलपत्रदाताको नाम उल्लेख नभएकोलाई प्रभावग्राही मान्न सकिने/नसकिने,

(२) बोलपत्रदाताले प्रमाणित नगरेको ISO Certificate पेश गरेकोले बोलपत्रदातालाई दिइएको निर्देशन पालना नगरेकोमा अप्रभावग्राही मान्न सकिने/नसकिने र

(३) बोलपत्रदाताको कारोबारको विवरणमा आयात निर्यात उल्लेख नभएकोलाई अप्रभावग्राही मान्न सकिने/नसकिने ?

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (२) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो कार्यालय वाहेक अन्य सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्वन्धमा उत्पन्न कुनै विवाद समाधान गर्ने छैन भन्ने उल्लेख भएकोले यस सम्वनधमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) र (घ) अनुसार बोलपत्र मुल्यांकन गर्नु अघि बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको र बोलपत्रदाता वा निजको अधिकार प्राप्त आधिकारिक प्रतिनिधिको सहिछाप भए वा नभएको तथा बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र सोही कागजातमा संलग्न खरिद सम्झौताको शर्त अनुरुप बोलपत्र सारभूत रूपमा प्रभावग्राही भए वा नभएको कुराहरू समेत परीक्षण गर्नुपर्ने ब्यवस्था रहेको हुँदा सार्वजनिक निकाय आफैले सोही अनुसार परीक्षण गरी निर्णय गर्नु उपयुक्त हुने कानुनी यथार्थ भएकोले सार्वजनिक खरिद अनुगमन कार्यालयले किटानी राय दिनु पर्ने अवस्था देखिएन ।

**(निर्णय मितिः २०६८।१२।१२)**

**१२८. राय परामर्श माग गरिएको बिषयः सम्झौता अवधि थप सम्वन्धमा ।**

खरिद सम्झौता बमोजिमको अवधिभित्र सम्झौता बमोजिमको कार्य पुरा हुन नसक्ने मनासिव परिस्थिती र कारणबाट खरिद सम्झौताको अवधि नवढाई नहुने अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (३) मा भएको ब्यवस्था बमोजिम एक पटक ६ महिनाको अवधि थप गर्दा पनि काम सम्पन्न हुन नसकेको अवस्था, परिस्थिती र मनासिव कारणबाट पुनः पटक/पटक अवधि थप गर्नुपर्दाको अवस्थामा खरिद सम्झौताको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले थप गर्नुपर्ने हो वा सो भन्दा माथिका विभागीय प्रमुखले गर्नुपर्ने हो ?

**राय परामर्शको ब्यहोराः**

खरिद सम्झौताको अवधि थप सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ को उपदफा (१) मा खरिद सम्झौताको अवधि थप सम्वन्धी ब्यवस्था सम्वन्धित खरिद सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ भन्ने उल्लेख भएकोले सामान्यतया ऐ. उपदफा (२) मा उल्लेख भएको अवस्था वाहेक खरिद सम्झौता थप सम्वन्धी ब्यवस्था सम्वन्धित खरिद सम्झौतामा नै उल्लेख गर्नु पर्ने हुन्छ । यसमा खरिद सम्झौतामा अवधी थप सम्वन्धमा ऐ. को दफा ५६ को उपदफा (१) बमोजिम सम्झौतामा उल्लेख थियो वा थिएन, प्राप्त पत्रहरूमा सो कुरा उल्लेख भएको देखिदैन । अर्कोतर्फ ऐ. दफा ५६ को उपदफा (२) को अवस्था विद्यमान भएकोले सम्झौता अवधी थप गर्नु पर्ने परिस्थिती उत्पन्न भएको हो भन्ने पत्रहरूमा उल्लेख भएको देखिएन । प्रस्तुत राय परामर्श माग भएको विषयमा माथि उल्लेख भएको अवस्था विद्यमान भए नभएको सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा स्पष्ट रूपमा उल्लेख भएकोले कुन ऐन/नियमावलीको कुन दफा/नियमले निर्णय गर्न द्विविधा परेको हो स्पष्ट गरी सार्वजनिक निकायले राय माग गर्नु पर्नेमा नियममा स्पष्ट भएको विषयमा नै नियमको आशयको राय माग गरेको देखिदा यस कार्यालयबाट थप राय परामर्श दिइरहनु पर्ने देखिएन ।

**(निर्णय मितिः २०६८।१२।१२)**

**१२९. राय परामर्श माग गरिएको बिषयः कार्य सम्पादन जमानत खर्च गर्ने सम्वन्धमा ।**

ठेक्का अन्त्य भई अरुबाट खरिद गर्दा परेको वढी लागत रकमभन्दा कार्य सम्पादन जमानतको रकम वढी भएमा वढी भएको रकम फिर्ता दिने/नदिने ?

**राय परामर्शको ब्यहोराः**

(१) राय परामर्श माग गर्दा एक पटकमा एउटा द्विविधा मात्रै उल्लेख गरी सोको सबै ब्यहोरा स्पष्ट रूपमा उल्लेख गरी पठाउनु पर्नेमा सो बमोजिम नगरी धेरै वटा द्विविधा गोश्वरा रूपमा एउटै पत्रमा उल्लेख गरी माग गरिएको देखियो ।

(२) राय परामर्श माग गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को खण्ड (ङ) को अवस्था आएमा माग गर्नु पर्नेमा उल्लेख भएको द्विविधाहरूको विषय सो अनुसार मिलेको देखिदैन ।

(३) खरिद सम्झौताको अन्त्य र सो को उपचार सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा स्पष्ट उल्लेख हुदा हुदै ऐनको दफाको अनुसरण गर्नुपर्ने अवस्थालाई सम्बन्धित सार्वजनिक निकायले अन्य ढंगबाट राय परामर्श माग गर्नु उचित देखिएन ।

(४) पूर्व निर्धारित क्षतिपूर्ति सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा स्पष्ट व्यवस्था भएको विषयमा सार्वजनिक निकाय आफैले ऐन नियमको परिपालना हुने गरी निर्णय लिनु उपयुक्त हुने ।

**(निर्णय मितिः २०६८।१२।१४)**

**१३०. राय परामर्श माग गरिएको विषयः** ISO Certificate **को कारण बोलपत्र रद्द सम्बन्धमा ।**

बोलपत्र मुल्यांकन वोर्ड समक्ष द्विविधा कायमै उल्लेख गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ को (२) अनुसार बोलपत्रहरू बदर गर्न राय पेश गरेको भएता पनि ऐनको दफा २६ को अवस्था उल्लेखित बोलपत्रहरूमा विद्यमान नरहेको अवस्थामा सवै बोलपत्र बदर/रद्द गर्न मिल्ने/नमिल्ने ?

**राय परामर्शको व्यहोराः**

यसमा प्राप्त कागजातहरूको अध्ययन गर्दा बोलपत्र मुल्यांकन बोर्डको मिति ०६८।१२।२० को मुल्यांकन प्रतिवेदन व्यहोरामा तीन वटा बोलपत्र पेश भएकोमा तीन वटै बोलपत्र सारभूतरूपमा प्रभावग्राही भएको उल्लेख भएको तर बोलपत्र मुल्यांकन समितिले दिएको रायमा ISO Certificate सक्कली हो वा नक्कली भन्ने विषयमा मुल्यांकन बोर्ड समक्ष द्विविधा कायमै रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ को उपदफा (२) बमोजिम बोलपत्र बदर गर्ने निर्णय सहितको राय पेश गरेको उल्लेख देखिन्छ र बोलपत्र सम्बन्धी कागजात साथै पेश भएको कुनै कागजातको सम्बन्धमा कुनै कुरा यकिन गर्नु पर्दा बोलपत्र परिक्षण गर्दाको अवस्थामा नै गर्नु पर्ने कानूनी व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) र (३) मा रहेको छ । तर यस खरिद कारवाहीमा बोलपत्रहरू मुल्यांकन गरी एकातिर सारभूतरूपमा प्रभावग्राही भएको भनी प्रतिवेदनमा उल्लेख गर्ने अर्कोतर्फ ऐ. ऐनको दफा ३ को उपदफा (२) बमोजिम यस ऐन बमोजिमको कार्यविधि पुरा नगरी खरिद कारवाही गरेकोले सवै बोलपत्रहरू बदर गर्ने राय दिनुले सार्वजनिक खरिद कानूनको अनुकुल नदेखिने अभ्यासको थालनी भउको हो की भन्ने आभास हुनु अस्वभाविक भएन । बोलपत्र मुल्यांकन बोर्डले **ISO certificate** मा देखाएको द्विविधा र ऐ. ऐनको दफा ३ को उपदफा (२) उल्लेख गरी कार्यविधि पुरा नगरेको भन्ने राय सहित सवै बोलपत्र रद्द गर्न सिफारिस गर्ने कार्य गरेको देखिदा मुल्यांकन कार्य गरिसकेपछि सवै बोलपत्रदाताहरूलाई सारभूतरूपमा प्रभावग्राही भन्दै न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्र नतोकिनु र ऐ. ऐनको दफा ३ को उपदफा (२) बमोजिम भन्दै सवै बोलपत्रहरू बदर गर्नु पर्ने सिफारिस गर्नु सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली, २०६४ को प्रावधान अनुकुल मान्ने आधार देखिएन । तसर्थः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (२) बमोजिम उक्त विषय यस कार्यालयको विवाद समाधान गर्ने कार्यक्षेत्रभित्र नपर्ने हुदाँ सम्बन्धित सार्वजनिक निकायले नै सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली, २०६४ प्रतिकुल नहुने गरी निर्णय गर्नु मनासिव हुने ।

**(निर्णय मितिः २०६९।१।४)**

**१३१. राय परामर्श माग गरिएको विषयः कालो सूचीमा राख्न सिफारिस गरिएकासंग खरिद सम्बन्धमा ।**

कालो सूचीमा राख्नकोलागि यस प्रहरी प्रधान कार्यालयबाट तहाँ कार्यालयमा सिफारिस गरिएको तेजसम ट्रेड इन्टरप्राइजेजले नेपाल प्रहरीलाई आर्थिक वर्ष २०६८।६९ सालमा आवश्यक पोशाकहरू बोलपत्रको माध्यमबाट खरिद गर्ने क्रममा बोलपत्र फाराम खरिद गरी रितपूर्वकको सिलवन्दी बोलपत्र पेश गरेकमा उक्त फर्मसंग खरिद कार्य गर्न हुने वा नहुने ?

**राय परामर्शको व्यहोराः**

यसमा तेजसम ट्रेड इन्टरप्राइजेजलाई कालो सूचीमा राख्न प्रहरी प्रधान कार्यालयको पत्र संख्या १।०१।०३।०३.५(२०६८।६९), च.नं. २५०, मिति २०६८।११।२१ को पत्रबाट लेखी आएकोमा कालो सूचीमा राख्ने वा नराख्ने निर्णय हुन बाँकी भै विचाराधिन अवस्थामा रहेको र यस सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को उपनियम (४) बमोजिम ३० दिनको म्याद दिई स्पष्टीकरण सोधेर त्यसको जवाफ आएपछि मात्र कालो सूचीमा राख्ने/नराख्ने विषयमा निर्णय हुन सक्ने कानुनी

प्रावधान भएकोले ऐ. नियमावलीको नियमा १४१ को उपनियम (२) बमोजिम खरिदमा रोक लगाउने निर्णय समेत भै नसकेको । प्रहरी प्रधान कार्यालयको च.नं.२४९५, मिति २०६९।१।४ गतेको उक्त पत्र अध्ययन गर्दा पुनः अर्को खरिद प्रक्रियाको कारवाही शुरु भई मुल्यांकन समेत भइसकेको यस खरिद प्रक्रियामा पनि निज तेजसम ट्रेड इन्टरप्राइजेज प्रतिष्पर्धामा रहेको भन्ने बुझिएकोले कालो सूचीमा राख्ने सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ र सार्वजनिक खरिद नियमावली, २०६४ के नियम १४१ को उपनियम (४) र (५) को प्रक्रिया पुरा भई नसकेको विद्यमान अवस्थामा माग भएको उल्लिखित विषयमा सार्वजनकि निकाय स्वयंले कानून बमोजिम निर्णय गर्नु उपयुक्त हुने ।

**(निर्णय मितिः २०६९।१।१०)**

**१३२. राय परामर्श माग गरिएको विषयः सरकारी जग्गा खरिद**

नेपालगञ्ज नगर विकास समितिको मिति २०६८।१०।४ को सूचना बमोजिम सदरलाइन जग्गा एकीकरण आयोजनाको दोश्रो चरण अन्तर्गत घडेरी प्लट बोलपत्रको माध्यमबाट विक्री वितरण गर्नका लागि बोलपत्र आव्हान गरिएकोमा प्लट नं. C13 का लागि पेश भएका बोलपत्रहरू मध्ये सवैभन्दा वढी सकार गरेको बोलपत्रको अंक महलमा ४६८५५५१ र अक्षरमा छयालिस लाख अन्ठावन्न लाख पाँच सय एकावन्न लेखेको र बोलपत्र फारममा बोलपत्रदाताको हस्ताक्षर समेत नभएको सो बोलपत्र स्वीकृत गर्न मिल्ने/नमिल्ने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ एवं ऐ. नियमावली, २०६४ ले सार्वजनिक निकायले गर्ने सार्वजनिक खरिदलाई मात्र नियमन गर्ने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को खण्ड (ङ) मा यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियम, निर्देशिकामा उल्लिखित कुनै कुराका सम्वन्धमा सार्वजनिक निकायले राय परामर्श माग गरेमा राय परामर्श दिने भनी उल्लेख भएको र प्रस्तुत विषय घडेरी विक्रीसंग सम्वन्धित देखिएकोले यस कार्यालयले राय परामर्श दिइरहनु परेन । सरकारी जग्गा विक्री गर्ने सम्वन्धमा प्रचालित कानून बमोजिम सम्वन्धित निकायबाट विक्री गर्ने निर्णय भएको हुनुपर्ने ब्यवस्था भएको परिप्रेक्ष्यमा सम्वन्धित निकायको स्वीकृति लिनु सार्वजनिक निकायको कर्तब्य हुने भएकोले यस कार्यालयले थप ब्यख्या गरिरहनु परेन ।

**(निर्णय मितिः २०६९।१।१३)**

**१३३. राय परामर्श माग गरिएको विषयः खरिद कार्यको स्पेशिफिकेसन आदी**

यस मन्त्रालयको पर्यटन पूर्वाधार विकास आयोजनाबाट मिति २०६८।१२।१० को च.नं. २०५ को पत्र मार्फत बहुवर्षीय सम्झौता अन्तरगत चालु आ.व. मा संचालन हुने विभिन्न ३ वटा प्याकेज निर्माण कार्यको लागि बोलपत्र आव्हान गरी रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरूको बोलपत्र मुल्यांकन समितिबाट मुल्यांकन भई सारभूतरूपमा प्रभावग्राही न्यून मुल्यांकित बोलपत्र ( वित्तीय रूपमा दोश्रो न्युन कवोल गर्ने) स्वीकृतको लागि आशय पत्र जारी भएकोमा न्यून कवोल गर्ने बोलपत्रदाता (सारभूतरूपमा अप्रभावग्राही) को उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको "प्रतिष्पर्धा दायरा फराकिलो हुने गरी पुनः सूचना प्रकाशित गरि ठेक्का ब्यवस्थापन गराउनु" भन्ने निर्देशन प्राप्त भएकोमा पुनः ठेक्का ब्यवस्थापनको लागि कार्य अघि वढाउदा पहिले कै अवस्था आउन सक्ने हुनाले बोलपत्रदाताको पश्चात योग्यताका आधारहरू तोक्दा के कस्तो आधारमा तोक्ने भन्ने वारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट स्पष्ट निर्देशन प्राप्त नभएको र बोलपत्रको मान्य अवधि समाप्त भइसकेको परिप्रेक्ष्यमा उक्त खरिद कारवाही कसरी टुंङ्गोमा पुर्‍याउने भन्ने वारेमा आयोजनाको पत्र संख्या ०६८।६९३, च.नं. २०५, मिति २०६८।१२।१० गतेको पत्रबाट राय परामर्शको लागि लेखिआएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ को उपदफा (१) मा "सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्वन्धी स्पेशिफिकेशन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नु पर्नेछ" भनि उल्लेख भई ऐ. उपदफा (२) मा "उपदफा (१) बमोजिमको विवरण तयार गर्दा त्यस्ता मालसामान, निर्माण कार्य वा सेवाको सम्वद्ध वस्तुगत प्राविधिक तथा गुणस्तरजन्य विशेषता र कामको आधारमा तयार गर्नु पर्नेछ" भन्ने उल्लेख भएकोले सम्वन्धित सार्वजनिक निकायलाई के कस्तो वस्तु आवश्यकता छ र सो वस्तु खरिद गर्न कस्तो योग्यता भएको ब्यवसायीलाई गर्न सक्छ भन्ने कुरा स्वंयले जानकारी राख्ने विषय भउकोले सार्वजनिक खरिद ऐन, २०६३ एवं ऐ. नियमावली, २०६४ बमोजिम आफ्नो आवश्यकता

परिपूर्ति हुने गरी योग्यताको आधार आफैले निर्धारण गर्नु उपयुक्त हुने । सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान अयोगले दिएको निर्देशनका बारेमा स्पष्ट हुनु परेमा तत् निकाय मै सम्पर्क गर्नु उपयुक्त हुने ।

**(निर्णय मितिः २०६९।१।१३)**

**१३४. राय परामर्श माग गरिएको विषयः खरिद गरिसकेको कार्यको भुक्तानी**

मौजुदा सूचीको लागि सूचना प्रकाशन गर्दा मेकानिकल कार्यका लागि पर्याप्त फर्महरू सूचिकृत हुन नआएकोले कार्यालयको कामको सिलसिलामा सूचिकृत नभएका फर्म तथा संस्थाहरूसंग पनि स्पेयर्स पार्टस खरिद तथा मर्मत कार्य गराएकोमा उक्त कामको भुक्तानी गर्न मिल्ने/नमिल्ने भनी राय परामर्शको लागि पत्रबाट लेखि आएको ।

**राय परामर्शको व्यहोराः**

यस कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ वा यस अन्तर्गत बनेको नियम, निर्देशिकामा उल्लिखित कुनै कुराका सम्वन्धमा सार्वजनिक निकायले राय परामर्श माग गरेमा राय परामर्श दिने कानूनी व्यवस्था भएको तर सामान खरिद गरिसकेको अवस्थामा भुक्तानी दिन मिल्ने/नमिल्ने ?

**(निर्णय मितिः २०६९।२।१२)**

**१३५. राय परामर्श माग गरिएको विषयः बोलपत्र फिर्ता वा संशोधन**

यस जिल्ला भित्र रहेका विभिन्न सडकहरूको मर्मत सम्भार कार्यको लागि सिलवन्दी बोलपत्र माग गरिएकोमा म्यादभित्र दर्ता हुन आउको बोलपत्रहरू मध्ये एक थान बोलपत्र फिर्ता गर्न भनी खाम वाहिर लेखी फिर्ताका लागि निवेदन दर्ता गराएकोमा सो खाम खोल्दा खाम भित्र दररेट संशोधन गर्ने विषय उल्लेख भई खाम वाहिर र खामभित्रको विषयमा एकरुपता नभई फरक रहेको हुदाँ उक्त बोलपत्र फिर्ता गर्ने वा दररेट संशोधन गर्ने हो ?

**राय परामर्शको व्यहोराः**

यस सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८ को उपनियम (१) मा बोलपत्रदाता वा प्रस्तावदाताले आफूले पेश गरेको बोलपत्र वा परामर्श सेवाको प्रस्ताव फिर्ता लिन वा संशोधन गर्न चाहेमा सो सम्वन्धी निवेदन खामा सिलवन्दी गरी त्यस्तो खामको वाहिरी भागमा बोलपत्र वा परामर्श सेवाको प्रस्ताव संशोधन गरिएको वा फिर्ता माग गरिएको विषय उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम समय भित्रै सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने कानुनी व्यवस्था रहेकोले खामको वाहिरी भाग र खामभित्रको विषयमा एकरुपता हुनु पर्ने देखिदा त्यस्तो निवेदन उपर कुनै कारवाही गर्नु उपयुक्त नहुने ।

**१३६. राय परामर्श माग गरिएको विषयः**

बोलपत्र आव्हान सूचनामा करचुक्ता प्रमाण पत्र पेश गर्नुपर्ने भनी उल्लेख भएकोमा संयुक्त उपक्रमका एक बोलपत्रदाताले एक साझेदारले करचुक्ता प्रमाण पत्र पेश नगरी आय विवरण मात्र पेश गरेको र बोलपत्रमा उल्लिखित दरहरू अंकमा मात्र उल्लेख गरेको बोलपत्र मान्य हुने/नहुने ?

**राय परामर्शको व्यहोराः**

क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपदफा (१) र उपदफा (२) को खण्ड (घ) मा बोलपत्रदाताको ग्राहयताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सार्वजनिक निकायले तोकेको अवधिसम्मको आन्तरिक राजश्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजात पेन गर्नु पर्ने उल्लेख भएको र सार्वजनिक निकायको मिति २०६९।१।१५ को बोलपत्र आव्हानको सूचनामा समेत कर चुक्ता गरेको प्रमाणपत्रको फोटोकपी संलग्न गरी निवेदन दिई बोलपत्र सम्वन्धी कागजात खरिद गर्न सकिने उल्लेख भएकोले आय विवरण र कर विवरणका सम्वन्धमा सम्वन्धित निकायमा सम्पर्क गरी बुझेर सार्वजनिक निकाय स्वयंले निर्णय गर्ने विषय भएको ।

ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (९) मा 'बोलपत्रदाताले बोलपत्रमा उल्लेख गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ' भनी उल्लिखित वाक्यांशले बोलपत्रदाताले बोलपत्रमा दर रेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्ने कुरामा जोड दिएको देखिएको र सार्वजनिक निकायद्वारा मिति २०६९।१।१५ मा प्रकाशित सूचनाको दफा १० मा समेत 'बोलपत्र भर्दा मात्र दररेट उल्लेख भउको बोलपत्रले बोलपत्र सम्वन्धी कागजातमा सार्वजनिक निकायले तोकिएको शर्त पालना गरेको भन्ने अवस्था देखिएन । **(निर्णय मितिः २०६९।०३।०५)**

**१३७. राय परामर्श माग गरिएको विषयः**

**मिति २०६८।१२।२४ को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम e-Bidding मार्फत पर्न आएका बोलपत्रहरू मध्ये न्यूनतम कवोल गर्ने e-Bidder ले पेश गरेको e-Copy हरूमा उक्त कम्पनीबाट Power of Attorney प्राप्त व्यक्तिको सहिमात्र भई सो प्रा.ली. को छाप नभएको तर मूल्यांकन गर्ने सिलसिलमा कार्यालयबाट माग गरिएको e-Copy का Hard Copy हरूमा सो प्रा.लि.को छाप भएको पाइएकोले Bidder को Responsiveness का सम्वन्धमा द्विविधा भएको।**

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) एवं बोलपत्र आव्हानको सूचना, बोलपत्र सम्वन्धी कागजातमा उल्लिखित शर्त र बोलपत्रदातालाई दिइएको निर्देशन बमोजिम बोलपत्र पेश भए नभएको सार्वजनिक निकाय आफैले परीक्षण गरी यस सम्वन्धमा निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मितिः २०६९।३।८)**

**१३८. राय परामर्श माग गरिएको विषयः**

**मिति २०६९।१।१२ को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम २०६९।२।११ दिनको १२ः०० बजे भित्र e-Bidding मार्फत बोलपत्रहरू प्राप्त हुनु पर्ने तथा सूचना प्रकाशित भएको ३१ औं दिन (बोलपत्र खोल्ने दिन) को १२ः०० बजेभित्र बोलपत्रको Hard Copy पेश गर्नु पर्ने प्रावधान रहेकोमा एक बोलपत्रदाताको e-Bidding मार्फत तोकिएको समयमा नै बोलपत्र प्राप्त भएको तर तोकिएको समयमा Hard Copy पेश नगरी २०६९।०२।१६ मा (४ दिन पश्चात) Tecjmoca; dpci,emt माग गरी मूल्यांकन गराई पाउँ भनि निवेदन दर्ता गराएको हुँदा सो बोलपत्रदातालाई मूल्यांकन प्रक्रियामा सहभागी गराउने/नगराउने तथा बोलपत्र दर्ता/फिर्ता/संशोधन गर्न मात्र Power of Attorney को कागजात आवश्यक हुने/नहुने ?**

**राय परामर्शको व्यहोराः**

क) यस्मा बोलपत्र पेश गर्दा बोलपत्र आव्हानको सूचना, बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएका शर्तहरू एवं बोलपत्रदातालाई दिइएको निर्देशन बमोजिम भए नभएको सार्वजनिक निकायले परिक्षण गरी मूल्यांकन गर्ने सम्वन्धमा आफैले निर्णय गर्ने ।

ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (३) को खण्ड (क) मा बोलपत्रदाताको अधिकार प्राप्त प्रतिनीधि वा स्थानीय एजेन्टलाई दिएको अख्तियारनामाको कागजात पेश भए वा नभएको बोलपत्र मूल्यांकन गर्नुअघि परिक्षण गर्नुपर्ने उल्लेख भएको र बोलपत्र दर्ता/फिर्ता/संशोधन पनि बोलपत्रको अभिन्न अंग भएको हुँदा बोलपत्र दर्ता/फिर्ता/संशोधन गर्न बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले Power of Attorney को कागजात पेश गर्नु पर्ने ।

**(निर्णय मितिः २०६९।३।८)**

**१३९. राय परामर्श माग गरिएको विषयः**

पहिलो पटक बोलपत्र आव्हान गर्दा एकमात्र सिलवन्दी बोलपत्र पर्न आएकोले सो लाई कायमै राखी दोश्रो पटक ५ दिनको अवधी राखी पुनः बोलपत्र आव्हान गर्दा एक बोलपत्र थप भएकोले दुवै बोलपत्र खोलिएकोमा दुवै बोलपत्रको कवोल अंक लागत अनुमानभन्दा ८७ र ५३ प्रतिशतले बढी भएकोले ५३ प्रतिशत वढी भएको बोलपत्र स्वीकत गर्न सकिन/नसकिने ?

**राय परामर्शको व्यहोराः**

यसमा सार्वजनिक खरिद ऐन, २०६३ को प्रावधान अनुकुल नभएका बोलपत्रलाई सारभूतरूपमा प्रभावग्राही भन्न नमिल्ने उक्त ऐनको दफा २६ लगायतका प्रावधानलाई विचार गरी सार्वजनिक निकाय आफैले निर्णय गर्नु उपयुक्त हुने ।

**(निर्णय मितिः २०६९।३।८)**

**१४०. राय परामर्श माग गरिएको विषयः**

**विभिन्न सडक तथा पुलहरू निर्माणको लागि मिति २०६८।१२।२ गते राजधानी दैनिक पत्रिकामा सूचना जारी गरे अनुसार पर्न आएका बोलपत्रहरू मध्ये एक बोलपत्रदाताले कर चुक्ता प्रमाण पेश नगरेको आय विवरण दाखिला प्रतिलिपि मात्र पेश गरको र Power of Attorney को कागजात पेश गर्दा सम्वन्धित ठेक्काको लागी नभई General Type को पेश गरेको सम्वनधमा उक्त बोलपत्रलाई मान्यता दिई मूल्यांकनमा समावेश गर्न मिल्ने/नमिल्ने ?**

**राय परामर्शको व्यहोराः**

यस सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (१) घ मा बोलपत्रको ग्राहयता सम्वन्धी आधार जाँच गर्दा सार्वजनिक निकायले तोकेको अवधिसम्मको आन्तरिक राजस्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजात भए नभएको हेर्नु पर्ने प्रावधान रहेको हुनाले पेश गरेको आय विवरणबाट कर विवरण खुल्ने/नखुल्ने सम्वन्धित सार्वजनिक निकायले नै जाँच गरी निर्णय गर्नु पर्ने तथा Power of Attorney सम्वन्धी कागजातमा के कुन कार्यको लागि भन्ने कुरा स्पष्टरूपमा उल्लेख भएको हुनुपर्ने परिप्रेक्ष्यमा सम्वन्धित सार्वजनिक निकायले नै Verify गरी आवश्यक निर्णय लिन उपयुक्त हुने ।

**(निर्णय मितिः २०६९।३।२१)**

**१४१. राय परामर्श माग भएको विषयः**

निर्माण सामाग्री विक्री मुल्य कर सम्वन्धी बोलपत्रसाथ पेश भएको विड वण्डमा प्याकेज नं. र खोलाको नाम उल्लेख नभई सोको सट्टा Various River of Jhapa District उल्लेख भएकोले सो बिडबण्डलाई मान्यता दिनु मिल्ने वा नमिल्ने ?

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को खण्ड (ङ) मा सार्वजनिक खरिद ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिकामा उल्लेखित कुनै कुराका सम्वन्धमा सार्वजनिक निकायले राय परामर्श माग गरेमा मात्र राय परामर्श दिनु पर्ने उल्लेख भएको तर प्रस्तुत सन्दर्भ खरिद कार्य नभई खोलाबाट निकालिने निर्माण सामाग्री विक्रिसंग सम्वन्धित ठेक्काको विषय भएको प्राप्त पत्रबाट देखिदा सार्वजनिक खरिद अनुगमन कार्यालयले राय उपलब्ध गराउनु पर्ने विषय नदेखिएको व्यहोरा लेखि पठाउने ।

**निर्णय मितिः २०६९।४।३१**

**१४२. राय परामर्श माग भएको विषयः**

ठेकेदारले पेश गरेको परफरमेन्स वण्ड सम्वन्धित वैकबाट जारी नभएको भनी उक्त बैंकबाट पत्र प्राप्त भएकोले निज ठेकेदारसंग भएको सम्झौता कार्यालयको निर्णयानुसार स्वतः बदर गरी आवश्यक कार्बाहीको लागि निजले पेश गरेको सक्कल कागजात जिल्ला प्रहरी कार्यालयमा पठाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली बमोजिम आवश्यक कार्बाही तथा निर्देशनका लागि लेखि आएको ।

**राय परामर्शको व्यहोराः**

प्रस्तुत विषय सार्वजनिक खरिदसँग सम्बन्धित नभई आन्तरिक आय संकलन ठेक्कासँग सम्बन्धित भएको देखिदा सार्वजनिक खरिद ऐन/नियम अनुसार राय परामर्श उपलब्ध गारउन पर्ने देखिएन । प्रस्तुत पत्रमा ठेकेदारले पेश गरेको राष्ट्रिय वाणिज्य बैंकबाट जारी भएको परफरमेन्स वण्ड नक्कली भयो भन्ने सम्बन्धमा तहाँ कार्यालयले प्रचलित कानून बमोजिम आवश्यक छानविन र कार्वाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउन उपयुक्त हुने ।

**निर्णय मितिः २०६९।५।२९**

**१४३. राय परामर्श माग भएको विषयः**

संझौता गर्दा पेश गरेको परफरमेन्स वन्ड वापत राखेको वैंक जमानत वापतको रकम रु. ५०,०००।- (पचास हजार मात्र) श्री नेपाल वंगलादेश वैंक लि. शाखा हेटौडाबाट धरौटी जफत गरी असूल गर्नको लागि उक्त वैंकलाई जमानत वापतको रकम यस केन्द्रमा उपलब्ध गराउन पत्राचार गर्दा पेश गरेको जमानी पत्र नक्कली भएको र यस वैंकवाट जारि नभएको भन्ने उल्लेख भै आएकाले के कस्तो कार्यवाही गर्ने ?

**राय परामर्शको व्यहोराः**

ठेकेदारले संझौता अनुसारको सामानहरू आपूर्ति नगरेको भन्ने विषयमा सम्झौतामा उल्लेख भएको हकमा सो अनुसार र उल्लेख नभएको हकमा प्रचलित कानून अनुसार कारबाही गर्न उपयुक्त हुने तथा ठेकेदारले पेश गरेको नेपाल बंगलादेश बैंक लि. शाखा हेटौडाबाट जारी भएको भनिएको परफरमेन्स वण्ड नक्कली भयो भन्ने सम्बन्धमा सम्झौता गर्नु अगावै सार्वजनिक निकायबाट

सो वण्डको आधिकारिकता यकिन गरी मात्र सम्झौता गर्नु पर्नेमा सो गरेको देखिएन । यस सम्बन्धमा सार्वजनिक निकायले प्रचलित कानून बमोजिम आवश्यक छानबीन र कार्वाहीको लागि सम्वन्धित निकायमा लेखि पठाउन उपयुक्त हुने ।

**निर्णय मितिः २०६९।६।१९**

**१४४. राय परामर्श माग भएको विषयः**

दरभाउ पत्र आव्हान भएकोमा सिलबन्दी दरभाउपत्रदाताले सूचनामा उल्लेखित धरौटीको बैंक भौचर संलग्न नगरेको तर अन्तिम म्यादको अर्को दिन दरभाउपत्र खोलिनु भन्दा अगाडि निवेदन सहित बैंक भौचर कार्यालयमा पेश गरेकोले सो दरभाउपत्रलाई मुल्यांकनमा समावेश भई स्वीकृतीको पेश भएकोमा यस सम्बन्धी यस कार्यालयमा उजरी परेकोले दरभाउपत्रसाथ जमानत वापतको भौचर संलग्न नगरी माथि उल्लेख भए अनुसार पछि निबेदनसाथ भौचर पेश गर्ने दरभाउपत्रदाताको दरभाउपत्र मुल्यांकनमा समावेश गर्ने सम्बन्धमा द्विविधा भएको ।

**राय परामर्शको ब्यहोराः**

यस सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ग) मा "बोलपत्रसाथ जमानत पेश गर्नु पर्ने भए बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिम, अवधि र रकमको जमानत संलग्न भए वा नभएको" बोलपत्र मुल्यांकन गर्नु अधि बोलपत्रको परीक्षण गर्नु पर्नेछ भनी स्पष्ट उल्लेख भएको हुँदा जमानत सम्बन्धी कागजात बोलपत्र/सिलबन्दी दरभाउपत्रसाथ सिलबन्दी गरी पेश गर्नु पर्ने भएकोले यसमा थप राय परामर्शको आवश्यकता देखिएन ।

**निर्णय मितिः २०६९।७।३**

**१४५. राय परामर्श माग भएको विषयः**

ईजाजत पत्र नवीकरण २०६९ आषाढ मासान्तसम्म भएको फर्मले मिति २०६९ असोज मसान्तसम्म खरिद कारवाही प्रकृयामा सहभागी हुन पाउने वा नपाउने ।

**राय परामर्शको ब्यहोराः**

यसमा संलग्न कागजातलाई दृष्टिगत गर्दा उक्त कार्यालयले २०६९।५।७ गते बोलपत्र आव्हान गरी २०६९।६।५ मा बोलपत्र खोलेको देखिन्छ । निर्माण व्यवसायी ऐन, २०५५ को दफा ५ को उपदफा (१) र (२) मा उल्लेख भएको हुँदा यस विषयमा यस कार्यालयबाट थप राय परामर्श दिइरहनु पर्ने देखिदैन ।

**निर्णय मितिः २०६९।८।२०**

**१४६. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद नियमावलीको नियम १४८ बमोजिम गठन हुने जिल्ला दररेट निर्धारण समितिले श्रमिकको ज्याला लगायत बस्तु तथा सेवाको मूल्य निर्धारण गर्दा अघिल्लो बर्षको मुल्यमा १० प्रतिशत भन्दा बढी बृद्धि गरि तोक्न मिल्ने हो/होइन ?

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ लाई विश्लेषण गर्दा प्रत्येक जिल्लामा पुरै जिल्ला भरी वा जिल्लाको कुनै भागमा छुट्टै लागु हुने गरी निर्माण सामाग्री र ढुवानी दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न नियम १४८ को उपनियम (१) अनुसारको दररेट निर्धारण समिति रहेको र उक्त समितिले निर्माण सामाग्री वा ढुवानीको दररेट निर्धारण गर्दा प्रचलित बजार दरको अध्ययन गरी यथार्थपरक हुने गरी दररेट तोक्नु पर्ने नियमको आशय देखिन्छ ।

यसरी यथार्थपरक ढंगले दररेट निर्धारण गरी सकेपछि सोहि आर्थिक बर्षमा निर्माण सामाग्री वा ढुनावीको दररेट तोकिएको साविक मुल्यमा दश प्रतिशत भन्दा बढी बृद्धि भएको अवस्थामा नियम १४८ को उपनियम (२) अनुसार समितिले सोहि बमोजिम निर्धारण गर्न सक्ने नियमको आशय देखिन्छ ।

**१४७. राय परामर्श माग भएको विषयः**

सार्वजनिक-निजी-साझेदारी मोडेलबाट निजी क्षेत्रको लगानीमा पूर्वाधार निर्माण गर्ने सिलसिलामा सार्वजनिक निजी साझेदारी निर्देशिकाको बुँदा नं. १४ मा उल्लेख भएको साझेदारको छनौट प्रक्रियामा सार्वजनिक खरिद ऐन, ०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ आकृष्ट हुन्छ वा हुदैन ?

**राय परामर्शको ब्यहोराः**

यसमा सार्वजनिक-निजी-साझेदारी मोडेल अपनाई गरिने खरिद कार्यमा सार्वजनिक खरिद ऐन, २०६३ एवं सार्वजनिक खरिद नियमावली, २०६४ आकर्षित हुने देखिदैन ।

**निर्णय मितिः २०७०।१।१०**

**१४८. राय परामर्श माग भएको विषयः**

दर्ता भएका दरभाउपत्र उपर संशोधन पत्र पेश गरेकोले ती दरभाउपत्रहरूका सम्बन्धमा र BOQ मा Quote गरिएको Rate ओभरहेड बाहेकको हो भनि उल्लेख गरेको हुँदा उक्त दरभाउपत्रहरुलाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने/नमिल्ने भनी राय परामर्शका लागि लेखि आएको ।

**राय परामर्शको ब्यहोराः**

(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० को उपदफा (४) मा एकपटक पेश भएको सिलवन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न सकिने छैन भनी उल्लेख भएकोले दरभाउपत्र संशोधनको लागि पेश भएको संशोधन पत्र उपर कुनै कारवाही गर्न मिल्ने देखिदैन ।

(ख) सार्वजानिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको Standard Bidding Document (Procurement of Works) मा The rates and prices bid in the priced Bill of Quantities shall, except as otherwise provided under the contract, include all construction equipment, labor supervision, materials errection, maintenance, insurance, profit, taxes, and duties, together with all general risks liabilities, and obligations set out or implied in the contract भनी उल्लेख भएको हुँदा सामन्यतयाः Contractor ले Quote गरेको Rate मा नै ओभरहेड समेत समावेश गरिएको हुनु पर्ने देखिदा BOQ मा Quote गरिएको Rate ओभरहेड बाहेकको हो भनी उल्लेख भएको दरभाउपत्रलाई मुल्यांकनमा समाबेश गर्न मिल्ने देखिदैन ।

**निर्णय मितिः २०७०।१।१३**

**१४९. राय परामर्श माग भएको विषयः**

(क) माग गरिएको विडबण्ड रकम भन्दा कम रकमको विडबण्ड पेश भएकोमा उक्त बोलपत्रदातासँग नपुग रकम बरावरको थप जमानत लिई निजको बोलपत्र स्वीकृत गर्न सकिने/नसकिने,

(ख) एउटै बोलपत्रको छुट्टा-छुट्टै दुई सव प्याकेजमा दुईवटा फर्महरूले एक/एक सव प्याकेजमा प्रस्ताव पेश गरेकोमा एकै आइटमको बोलपत्रमा ती दुई वटा फर्महरूको बोलपत्र प्रस्ताव स्वीकृत गर्न मिल्ने/नमिल्ने ?

**राय परामर्शको ब्यहोराः**

(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ग) मा बोलपत्र साथ जमानत पेश गर्नु पर्ने भए बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिम, अवधि र रकमको जमानत संलग्न भए नभएको निर्क्यौल गर्न बोलपत्र परीक्षण गर्नु पर्नेछ भनी उल्लेख भई ऐ. दफा २४ को खण्ड (घ) मा दफा २३ को उपदफा (२) बमोजिम नभएको बोलपत्र उपर कारबाही नहुने भनी उल्लेख भएकोले नपुग रकम जतिको थप जमानत माग गर्न मिल्ने देखिदैन ।

(ख) कुनै सामान आपूर्तीका लागि दुई वटा छुट्टा-छुट्टै प्याकेज बनाई बोलपत्र आव्हान भएको र दुई वटा प्याकेज अलग-अलग मुल्यांकन हुने अवस्थामा मात्र मुल्यांकन अनुसार एउटै वा दुईवटा अलग-अलग फर्महरू पनि प्याकेज अनुसार छनौट हुन सक्ने । यस प्रकारको ब्यवस्था बोलपत्र सम्बन्धी कागजातमा स्पष्ट रूपमा उल्लेख हुनु पर्नेछ ।

**निर्णय मितिः २०७०।१।१३**

**१५०. राय परामर्श माग भएको विषयः**

ई-विडिङ्ग मार्फत समेत बोलपत्र पेश गर्न सकिने र सो बोलपत्रसाथ बोलपत्रदाताको योग्यता सम्बन्धी अनुभवको प्रमाणपत्रहरू, आर्थिक विवरण सम्बन्धी आवश्यक कागजहरू लेखा परीक्षण प्रतिबेदनहरू, आवश्यक जनशक्तिको बायोडाटा र नियुक्तिपत्रहरू र उपकरणको विवरणहरू पेश गर्नु पर्ने प्रावधान राखी बोलपत्र आव्हान गरिएकोमा ई-विडिङ्ग मार्फत सहभागी हुने एक बोलपत्रदाताले

सो कागजातहरू पेश नगरेको तर पछि सूचना प्रकाशन गरी बोलपत्रको हार्ड कपी पेश गर्न लगाइएकोमा ती कागजातहरू पेश गरेको हुँदा ती कागजातहरूलाई मुल्यांकनमा समावेश गर्न सकिने/नसकिने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

बोलपत्रदाताको योग्यता सम्बन्धी अनुभवको प्रमाणपत्रहरू, आर्थिक विवरण सम्बन्धी आवश्यक कागजहरू लेखा परीक्षण प्रतिबेदनहरू, आवश्यक जनशक्तिको बायोडाटा र नियुक्तिपत्रहरू र उपकरणको विवरणहरू बोलपत्रसाथ पेश गर्नु पर्ने भनी बोलपत्र आब्हान सम्बन्धी सूचना र बोलपत्र सम्बन्धी कागजातमा नै उल्लेख भएको अवस्थामा बाहेक योग्यता सम्बन्धी विवरणहरू बोलपत्र फाराममा उल्लेख गरी ई-विडिङ्ग मार्फत प्राप्त भएको तर सो बोलपत्रसाथ  माथिका कागजातहरू पेश नभई बोलपत्रको हार्डकपी पेश गर्न लगाउदा पेश भएकोमा बोलपत्रमा उल्लेख भएको विवरणलाई पुष्टि गर्ने खालका त्यस्ता कागजातलाई आधार मानी सो बोलपत्रलाई मुल्यांकनमा समावेश गर्न उपयुक्त हुने । तर बोलपत्रदाताले बोलपत्र भर्दा बोलपत्रमा उल्लेख नगरेको त्यस्तो विवरण सम्बन्धी कागजात हार्डकपी साथ पेश भएमा मुल्यांकनमा समावेश गर्न नसकिने ।

**निर्णय मितिः २०७०।१।१३**

**१५१. राय परामर्श माग भएको विषयः**

यस मन्त्रालयबाट बृतचित्र निर्माण गर्ने कार्यको लागि बोलपत्र आब्हान गरिएकोमा केही बोलपत्रदाताको फर्म कम्पनी रजिष्ट्रारको कार्यालयमा मात्र दर्ता भएको प्रमाण पत्र पेश गरेको, केही बोलपत्रदाताले उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग लगायतमा मात्र फर्म दर्ता भएको प्रमाण पत्र पेश गरेको तर ब्यवसाय संचालन गर्ने ईजाजत प्रदान गरिएको कागजात समावेश नभएकोले त्यस्तो इजाजत पत्र पेश नगर्ने कम्पनीलाई मुल्यांकनमा समावेश गर्न सकिने/नसकिने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

कुनै ब्यवसाय संचालन गर्न प्रचलित नेपाल कानून बमोजिम छुट्टै इजाजत पत्र समेत प्राप्त गरी संचालन गर्नु पर्ने अवस्थामा बाहेक सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२) को खण्ड (क) बमोजिमको प्रमाणपत्रमा नै फर्म, संस्था वा कम्पनीको उद्धेश्य उल्लेख भएको अवस्थामा सोही बमोजिम गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०।२।६**

**१५२. राय परामर्श माग भएको विषयः**

यस कार्यालयबाट ठेक्का नं. २/२०६९/०७० र ठेक्का नं. ४/०६९/०७० को दुई वटा बोलपत्र आब्हान गरिएकोमा दुई वटै ठेक्कामा ई-बिडिङ्गबाट बोलपत्र पेश गर्ने एक बोलपत्रदाताको बोलपत्र खाल्ने क्रममा Upload गर्दा ठेक्का नं. २/२०६९/०७० को लागि राख्नु पर्ने बोलपत्र जमानत ठेक्का नं. ४/०६९/०७० मा र ठेक्का नं. ४/०६९/०७० को लागि राख्नु पर्ने बोलपत्र जमानत ठेक्का नं. २/२०६९/०७० मा संलग्न भएको देखिएकोले ती दुवै बोलपत्रलाई प्रभावग्राही मान्ने वा नमान्ने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) खण्ड (ग) मा "बोलपत्र साथ जमानत पेश गर्नु पर्ने भए बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिम, अवधि र रकमको जमानत संलग्न भए वा नभएको" कुरा बोलपत्र मुल्यांकन गर्नु अघि मुल्यांकन समितिले निर्क्यौल गर्न बोलपत्रको परीक्षण गर्नु पर्नेछ भनी उल्लेख भएकोले जुन बोलपत्रलाई आवश्यक पर्ने रकम बराबरको बोलपत्र जमानत माग गरिएको हो, त्यस्तो जमानत एकको अर्कोमा परेको भनी प्रभावग्राही मान्न मिल्ने देखिदैन ।

**निर्णय मितिः २०७०।२।७**

**१५३. राय परामर्श माग भएको विषयः**

कार्य सम्पादन जमानत कार्यालयमा बुझाएपछि सो बोलपत्रदाताले सम्झौता गर्न नसकिने पत्र दिएकोले यस अवस्थामा सो भन्दा लगत्तै पछिको अर्को न्युनतम कबोल गर्ने बोलपत्रदातासँग सम्झौता गर्न सकिने/नसकिने ?

**<u>राय परामर्शको ब्यहोराः</u>**

यसमा स्वीकृत बोलपत्रको बोलपत्रदाताले सम्झौता गर्नको लागि कार्य सम्पादन जमानत पेश गरेको तर काम गर्न नसक्ने भनी निबेदन दिई सम्झौता गर्न नआएको देखिएकोले निजको बोलपत्र जमानत सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ बमोजिमको अवस्था यकिन गरी आवश्यक निर्णय गर्न सकिने ।

**निर्णय मितिः २०७०।२।२२**

**१५४. राय परामर्श माग भएको विषयः**

एक व्यक्तिले एउटा फर्मको तर्फबाट अख्तियारीनामा लिई सो अख्तियारीनामाको आधारमा अर्कै फर्मको लेटरप्याड प्रयोग गरी बोलपत्र सम्बन्धी कागजात खरिद गरेको तर बोलपत्र पेश गर्दा अख्तियारीना दिने फर्म नामबाट बोलपत्र पेश गरेकोले सो बोलपत्रलाई मुल्यांकन गर्न द्विविधा भएको ?

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० को खण्ड (घ) बमोजिम "सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात भरी पेश गरे वा नगरेको" कुरा बोलपत्रको पूर्णताको परीक्षण गरिने हुँदा सो बमोजिम पेश नभएको बोलपत्रलाई मुल्यांकनमा समावेश गर्न मिल्ने देखिदैन ।

**निर्णय मितिः २०७०।३।७**

**१५५. राय परामर्श माग भएको विषयः**

Buy Back प्रणाली द्वारा Memoskope CE खरिद सम्बन्धमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा Buy Back सम्बन्धी व्यवस्था नदेखिएकोले भुक्तिाको लागि अप्ठेरो परेको भनि राय परामर्शको लागि लेखि आएको ।

**राय परामर्शको व्यहोराः**

प्राप्त पत्रमा उल्लेख भएको आधारमा ऐनको दफा ४१ (१) ख वा ग र सोही दफाको उपदफा २ को व्यवस्था पुरा गरी खरिद गर्न सकिने व्यहोरा जानकारी गराउने ।

**निर्णय मितिः २०७०।३।२७**

**१५६. राय परामर्श माग भएको विषयः**

रोडा, गिटिको निकासी सम्बन्धि ठेक्का सम्बन्धमा राय माग भई आएकोमा देहाय बमोजिम लेखि पठाउनेः-

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा १ खण्ड (ङ) मा सार्वजनिक खरिद ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिकामा उल्लेखित कुनै कुराका सम्बन्धमा सार्वजनिक निकायले राय परामर्श माग गरेमामात्र राय परामर्श दिनुपर्ने उल्लेख भएको तर प्रस्तुत कार्य खरिद कार्य नभई राजस्व संकलनसँग सम्बन्धित ठेक्काको बिषय भएको प्राप्त पत्रबाट देखिदा सार्वजनिक खरिद अनुगमन कार्यालयले राय उपलब्ध गराउनुपर्ने बिषय नदेखिएको व्यहोरा लेखि पठाउने ।

**निर्णय मितिः २०७०।३।३१**

## भाग-२

# आ.व. २०७०/७१ का राय परामर्शहरू

**१. राय परामर्श माग भएको विषयः**

ठेक्का नं. **DUDBC/Morang/Works/NCB/069/70** को सामुदायिक भवन निमार्ण सम्बन्धि दरभाउपत्र मूल्याङ्कन गर्ने सिलसिलामा कुनै दरभाउपत्रदाताले घोषणा पत्र संलग्न गरेको र कुनै दरभाउपत्रदाताले घोषण पत्र संलग्न नगरेको साथै लागत आनुमान भन्दा अत्याधिक कम कबोल गरेको दरभाउ पत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गर्नु पर्दा थप ८% कार्य सम्पादन जमानत लिने वा नलिने द्विविधा भएको भनि सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय मोरङ्को प.सं. ०६९/७० च.नं. ८८३, मिति २०७०/०३/२१ को पत्रबाट राय परामर्श माग भई आएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

निर्माण कार्यको बोलपत्र र निर्माण कार्यको दरभाउपत्र एकै प्रकृतिको कार्य भएकोले सिलबन्धी दरभाउपत्रको लागि पनि निर्माण कार्यको हकमा विशेष मूल्याङ्कन मार्फत दर विश्लेषण सहितको स्पष्टीकरण माग गरी सन्तोषजनक नभएमा थप आठ प्रतिशत धरौटी माग गरी सम्झौता गर्न सकिने अथवा दरभाउपत्र अस्वीकृत गर्न सकिने सार्वजनिक खरिद नियमावली, २०६४ नियम ६५ उपनियम (३) तथा स्वयं घोषणा पत्र कानूनी ग्राह्यता परीक्षणको महत्वपुर्ण कागज भएको हुँदा अनिवार्य पेश गर्नु पर्ने ।

**निर्णय मितिः २०७०।४।७**

**२. राय परामर्श माग भएको विषयः**

त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगञ्जको, च.नं. ३६५१, मिति २०७०/०३/२७ को पत्र अनुसार **ECG machine** खरिदको लागि आव्हान भएको वोलपत्र मुल्यांकनको चरणमा रहेको उल्लेख भएको र प्राविधिक क्षमता र अनुभव सम्बन्धमा द्विविधा भई राय परामर्शको लागि लेखि आएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

वोलपत्र मुल्यांकन वोलपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही हुने हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२), (३) र (४) अनुसार वोलपत्र परीक्षण गरी वोलपत्र परीक्षणमा उत्तिर्ण भएको हो होइन एकिन गरी ऐनको दफा २५ अनुसार मुल्यांकन हुनु पर्ने ।

**निर्णय मितिः २०७०।४।७**

**३. राय परामर्श माग भएको विषयः**

नेपाल इन्टरमोडेल यातायात विकास समिति प.सं. २०६९/७०, च.नं. ४३९ मिति २०७०।२।२८ को राय प्रतिक्रिया उपलब्ध गराईदिने भनी लेखिएको पत्र अनुसार समितिको बोलपत्र मार्फत तोकिएको योग्यता पुरा गरेको कम्पनीहरू मध्येबाट तोकिएको रकममा बढाबढ गराई सबै भन्दा बढी रकम कबोल गर्ने कम्पनी छनौट गर्ने प्रकृयाका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (क), (ग), (घ) र (च) को परिभाषा अन्तर्गत पर्ने वा नपर्ने द्विविधा भई राय परामर्शको लागि लेखि आएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

सुख्खा बन्दरगाह सञ्चालन तथा ब्यवस्थापन पट्टाबहालमा दिने प्रकृया सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (क), (ग), (घ) र (च) को परिभाषा आकर्षण हुने नदेखिएको ।

**निर्णय मितिः २०७०।४।७**

**४. राय परामर्श माग भएको विषयः**

सिंहदरबार सचिवालय पुनः निर्माण समितिबाट राष्ट्रिय योजना आयोगको नयाँ भवन निर्माणको लागि पूर्व योग्यता निर्धारणको प्रक्रिया पूरा गरी बोलपत्र आव्हान गरी सकिएको अवस्थामा छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ का उपनियम (३) मा "सार्वजनिक निकायले निर्माण स्थलको ब्यवस्था नभइ निर्माण कार्यको खरिद कारवाही सुरु गर्नु हुदैन" भनि उल्लेख

भएकोले सो अनुसार भएको नदेखिएकोले हालको बोलपत्र प्रक्रिया रद्ध गर्न मिल्ने वा नमिल्ने भनि सहरी विकास मन्त्रालयको प.सं. २०६९/७०, च.नं.३७४७, मिति २०७०।३।२३ को पत्रबाट राय परामर्शको लागि लेखि आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ मा बोलपत्र अस्वीकृत गर्ने वा खरिद कारवाही रद्ध गर्ने सम्बन्धी स्पष्ट ब्यवस्था भएको हुँदा विद्यामान अवस्थामा उक्त दफाको प्रावधान अनुकुल भए/नभएको एक्किन गरी सार्वजनिक निकाय आफैले निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०।४।७**

**५. राय परामर्श माग भएको विषयः**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०७०।३।३१ को प.सं. १ सिंचाई/७३/०६९/७०, च.नं. २३९८ को पत्र मार्फत बिहार स्थीत पटना उच्च न्यायलयले कालो सुचीमा राख्ने बिहार सरकारको निर्णय औपचारिक रुपमै सदर गरेको ओम मेटल इन्फ्रास्ट्रक्चर नामक भारतीय कम्पनी नेपालमा कालो सुचीमा परेको/नपरेको तथा भारतमा कालो सुचिमा परेको भारतीय कम्पनीले नेपालमा कुनै पनि निमार्ण कार्य गर्न पाउने/नपाउने सम्बन्धमा राय परामर्शको लागि लेखि आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ एवं ऐ. नियमावली, २०६४ को नियम १४१ मा कालो सूची सम्बन्धी विस्तृत रूपमा उल्लेख भएको देखिन्छ भने बिदेशमा कालो सुचीमा राखिएको बिदेशी कम्पनीले नेपालमा काम गर्न पाउने/नपाउने विषयमा सार्वजनिक खरिद ऐन, २०६३ एवं ऐ. नियमावली, २०६४ मा उल्लेख नभएको ।

**निर्णय मितिः २०७०।४।७**

**६. राय परामर्श माग भएको विषयः**

कृषि सामग्रि कम्पनी लिमिटेडको प.सं. २०७०/७१, च.नं. ११, मिति २०७०/४/८ को पत्र अनुसार ३०००० मे.टन यूरिया र २०००० मे.टन डी.ए.पी. मल खरिदको लागि आब्हान भएको ग्लोबल टेन्डर मूल्याङ्कनको क्रममा रहेको र बोलपत्रसँग संलग्न रहनु पर्ने **Analysis Test Report/Certificate of Agriculture use** सम्बन्धी कागजातमा द्बिविधा भई राय परामर्शको लागि लेखि आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) अनुसार बोलपत्र मूल्याङ्कन गर्नु अघि बोलपत्रको परीक्षण गर्नु पर्ने र सोही दफाको उपदफा (३) अनुसार परीक्षण गर्ने विषयहरू समेत स्पष्ट उल्लेख भएकोले सार्वजनिक निकायले जारी गरेको बोलपत्र कागजात अनुसार नै उपरोक्त कागजात परीक्षण गरी मूल्यांकन गर्न सक्ने हुँदा यस विषयमा थप राय आबश्यक नपर्ने ।

**निर्णय मितिः २०७०।०४।११**

**७. राय परामर्श माग भएको विषयः**

भेरी नदी बैरीताल चिसापानी **Motorable steel truss bridge** निर्माणको लागी दर्ता हुन आएको बोलपत्रहरूको मूल्याङ्कन गर्ने क्रममा रहेको । प्राविधिक मूल्याङ्कनको निम्ति **Bidding document** मा **Specific work experience** मा **"Successfully completion of at least 1 truss motorable bridge with span more than 55.0 m as a primary contractor"** भनि माग गरिएकोमा वोलपत्रदाताले **Constraction Steel Bridge** को **Superstructure** को काम देखिने तर **Foundation Work** गरेको नदेखिदा **Specific Work Experience** को मान्यता दिन मिल्ने वा नमिल्ने द्बिविधा उत्पन्न भएको भनि म.प.डिभिजन सडक कार्यालय नं. ४ को प.सं. ०७०/७१, च.नं. ०७, मिति २०७०/४/२ को प्राप्त पत्रबाट राय माग गरिएको ।

**राय परामर्शको व्यहोराः**

बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताको योग्यताको आधार र मूल्याङ्कन गर्ने तरिका स्पष्ट रुपले खुलाउनु पर्ने हुन्छ । प्रप्त बोलपत्रहरू मूल्याङ्कनको क्रममा माग गरिएको योग्यता अनुरुप भए नभएको सम्बन्धित सार्वजनिक निकायले नै निर्णय लिन उपयुक्त हुने तथा वोलपत्र सम्वन्धी कागजातमा उल्लेख गरिएका योग्यताको आधार अपूर्ण भएको अवस्थालाई सानातिना फरक भन्न नमिल्ने ।

**निर्णय मितिः २०७०।४।२३**

**८. राय परामर्श माग भएको विषयः**

आयोजना निर्देशनालय (ए.डि.वी.) सडक विभागको मिति २०७०/४/११ को प.स. पी.डी. **RCSP** ०७०/७१ च.नं. ३८ को प्राप्त पत्र मार्फत यसियाली विकाश वैंकको अनुदान सहयोगमा संचालित रोड कनेक्टीभिटी सेक्टर १ प्रोजेक्टको भेरिएशन २२.४७ सम्म नेपाल सरकार मन्त्रिपरिसद्को सैद्धान्तिक सहमतिमा मन्त्रिस्तरिय निर्णयबाट स्वीकृत भै सकेको अवस्थामा पूर्व स्वीकृत भेरिएशन रकममा नवढ्ने गरी साथै नयाँ आइटम र दररेट समावेस नगरी परामर्शदाताबाट पुनः भेरिएशन पेश भएकाले मन्त्रिपरिसद्बाट २२.४७ प्रतिशत सम्मको भेरिएशन भित्रै रही पुनः स्वीकृत गर्नु पर्ने वा नपर्ने द्विविधा भएकाले राय माग गरिएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को उपनियम (२) वमोजिम २२.४७ प्रतिशत भेरिएशन भई सकेको अवस्थामा उक्त भेरिएशनको रकममा नवढ्ने, कामको प्रकृति र क्षेत्र परिवर्तन नहुने, नयाँ दररेट कायम नहुने तथा डिजाइन ड्रइङ्ग स्पेसिफिकेसन परिवर्तन नहुने गरी सामान्य हेरफेर गर्न मन्त्रिपरिषदको स्वीकृत भेरियसनको अधिनमा रही विभागिय प्रमुखले गर्न सक्ने राय उपलब्ध गराउने ।

**निर्णय मितिः २०७०।४।२८**

**९. राय परामर्श माग भएको विषयः**

रक्षा मन्त्रालयको प.स. ख/०७०/७१ च.नं. १७ मिति २०७०/४/२४ को प्राप्त पत्रानुसार नेपाली सेनाको लागि आवश्यक **Steel Core Forming Press Machine** खरिद सम्वन्धमा द्विविधा देखिएकोले राय परामर्शको लागि लेखि आएको ।

**राय परामर्शको व्यहोराः**

नेपाली सेनाको लागि आवश्यक **Steel Core Forming Press Machine** खरिद गर्नका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को उपदफा (२) वमोजिम सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि- २०६४ वमोजिम प्रकृया अपनाइएको भनी पत्रमा उल्लेख भएकोले उक्त कार्यविधि अनुसार खरिद कार्य गर्ने जिम्वेवारी सम्वन्धित निकायको नै भएको हुँदा थप राय दिइरहनु नपर्ने देखिन्छ ।

**निर्णय मितिः २०७०।०४।३१**

**१०. राय परामर्श माग भएको विषयः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प. स. ०६९/ ७० मिति २०७०/४/३१ को पत्रानुसार ४०००० भाईरल **ASV** खरिद गर्न नियमित प्रकृयाबाट पटक-पटक वोलपत्र आब्हान गर्दा कुनै पनी वोलपत्र नपरेको र सर्पदंशको कारण मानिसको मृत्यु हुन सक्ने हुँदा हालको परिस्थितीलाई सरल वनाउन १०००० **ASV** कोटेशन मार्फत खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ अनुसार खरिद प्रकृया अगाडि बढाउन राय माग गरेको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ को उपदफा (१) मा ब्यवस्था भए अनुसार विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानि नोक्सानी हुने अवस्था आई परेमा तत्काल खरिद गर्न वा गराउन सक्ने ब्यवस्था भएकाले विशेष परिस्थितिको सृजना भए नभएको एकिन गरी ऐ. ऐनको दफा ६६ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ को प्रकृया पूरा गरी विशेष समस्यालाई समाधान गर्न अति आवश्यक संख्या को लागि मात्र सम्वन्धित सार्वजनिक निकायले निर्णय लिन उपयुक्त हुने । **(निर्णय मितिः २०७०।०४।३२)**

**११. राय परामर्श माग भएको विषयः**

उत्तर-दक्षिण (कोशी) सडक योजना खाँदबारी- संखुवासभाबाट च.नं. ३५, मिति २०७०।४।२२ को प्राप्त पत्रानुसार ठे.नं. **NSKRP-3371454-069/70-20** को लागि बोलपत्रको सूचनामा योग्यताको आधारहरू मध्ये **Bidding Data** को पाना नं. २२ को (१) र (२) **ITB 45.C** मा एउटै कार्यको लागि **740,000 $m^3$** माटो कटिङ्ग गरेको योग्यता सम्बन्धी क्राइटेरिया सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको **Standard Bidding Document, August 2011** मा उल्लेख भए बमोजिम नभएको भनी गुनासो आएको सन्दर्भमा राय माग भएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (३) को मर्म र भावना विपरित नहुने गरी ऐ. दफाको उपदफा (२) मा व्यवस्था भए बमोजिम सार्वजनिक निकायले **Specific work experience** माग्न सकिने उल्लेख गरिएको छ । उक्त **Experience** लाई पुष्टी गर्ने **Key activities** को अनुभवको सम्वन्धमा **PPMO** बाट जारी भएका सम्वन्धित **Bidding Document** हरूमा उल्लेख गरिएको आधारहरूको अधिनमा रही योग्यता निर्धारण गरिएको खण्डमा अन्यथा भन्न नमिल्ने ।

**निर्णय मितिः २०७०।५।२**

**१२. राय परामर्श माग भएको विषयः**

जिल्ला प्राविधिक कार्यालय जुम्लाको च.नं. १८ मिति २०७०।४।२८ को प्राप्त पत्र अनुसार **E-Bidding** मार्फत प्राप्त भएका कागजातहरूमा घरेलु उद्योग दर्ता प्रमाण पत्र बाहेक सम्पुर्ण कागजातहरू **E-Submission** भएको । तर घरेलु उद्योग दर्ता प्रमाण पत्र समय सीमा भित्रै बिना निबेदन सिलबन्धी खाम भित्र **Hard copy** कार्यालयमा पेश गरेको र सो व्यहोरा बोलपत्र खोलेको मुचुल्कामा समेत उल्लेख गरिएको सम्बन्धमा द्विविधा भई राय माग गरेको ।

**राय परामर्शको व्यहोराः**

बोलपत्र सम्बन्धी सूचना तथा बोलपत्र सम्बन्धी कागजातमा अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक उक्त कागजात बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय पूर्व नै दाखिला गरेको तथा वोलपत्र खोलिएको मुचुल्कामा समेत उल्लेख गरिएको हुँदा प्रतिस्पर्धामा संकुचन ल्याउने गरी वन्चित गर्न उपयुक्त नहुने ।

**निर्णय मितिः २०७०।५।२**

**१३. राय परामर्श माग भएको विषयः**

नेपाल खाद्य संस्थानको च.नं. ४२, मिति २०७०।४।३० को प्राप्त पत्रानुसार राय परामर्श माग भएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा ४ बमोजिम अन्तराष्ट्रिय स्तरको बोलपत्र आव्हानको लागि ४५ दिनको समय दिनु पर्ने र सोही बमोजिम सम्पूर्ण प्रकृया पूरा गरी चिनी खरिद गर्दा दशैं, तिहार लगायतका पर्वहरूमा पैठारी गर्न कठिन हुने कारण देखाउँदै छोटो प्रकृयाबाट खरिद गर्ने सम्बन्धमा राय परामर्श माग भएको ।

**राय परामर्शको व्यहोराः**

आगामी चाड पर्वहरूको लागि चिनीको अभाव हुन नदिन समयमै १ प्रतिशत भन्सार महशुल दरमा नियम अनुसार प्रतिस्पर्धा गराई चिनी पैठारी गर्न नेपाल सरकार (मं.प.) ले मिति २०७०।२।१६ मा नै निर्णय गरि सकेको देखिएता पनि यसका लीग समयमा नै खरिद प्रक्रिया शुरु नगरेको कारणबाट खरिद विधि अनुसार प्रकृया पुरा गर्न समय नपुग हुने अवस्था सृजना भएको सम्वन्धमा ध्यानआकर्षण हुनु पर्ने देखिन्छ ।

अहिलेको अवस्थामा अन्तराष्ट्रिय प्रतिस्पर्धाको सूचनालाई कम समयावधि दिने हो भने यसका लगि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ को उपदफा (१) को परिस्थिति सृजना भएको हुनु पर्ने देखिन्छ । विशेष परिस्थिति सृजना भएको हो ⁄होईन सार्वजनिक निकाय आफैले एकिन तथा पुष्टी गर्नु पर्ने । बिशेष परिस्थिति सृजना भएको अवस्थामा मात्र खरिद ऐनको दफा ६६ को उपदफा २ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ को उपनियम (१), (२) र (३) को कार्यबिधि पुरा गरी खरिद प्रकृया गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०।५।४**

**१४. राय परामर्श माग भएको विषयः**

को.ले.नि.का. दार्चुलाको नयाँ भवन निर्माणको लागि दर्ता हुन आएका वोलपत्रहरू मध्ये दुई वटा वोलपत्रदाताले पेश गरेको वोलपत्र सम्वन्धी कागजातहरूमा संलग्न गरिएको **Power of Attorney** मा फर्म⁄कम्पनी को अधिकार प्राप्त अधिकारीको हस्ताक्षर

नभएको । त्यस्तो अवस्थामा मूल्यांकनमा समावेश गर्न मिल्ने वा नमिल्ने द्विविधा परेको भनी महालेखा नियन्त्रक कार्यालय, काठमाण्डौको च.नं. ०४ मिति २०७०/५/१७ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्रदाताको अधिकार प्राप्त प्रतिनिधिलाई दिएको अख्तियारनामाको सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (३),(४) र (५) को प्रकृया पूरा गरी वोलपत्र मूल्यांकन समितिले यस सम्वन्धमा एकिन गरी निर्णय लिन उपयुक्त हुने ।

**निर्णय मितिः २०७०।५।२८**

**१५. राय परामर्श माग भएको विषयः**

जिल्ला विकास समिति सर्लाही, मलंगवा को आ.व. २०६९/७० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कम्पाउण्डवाल तथा फिल्ड सुधारको लागि गत आ.व. मा सम्झौता भएको उक्त सम्झौताको अवधि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ को उपदफा (२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (३) वमोजिम म्याद थप गर्दा गत आ. व. को सीमा (अषाढ) सम्म मात्र थप गर्न मिल्ने वा चालु आ. व. को वजेटबाट खर्च गर्न र म्याद थप गर्न  समेत मिल्ने/नमिल्ने सम्वन्धमा द्विविधा भएको भनी प.सं. २०७०/७१, च.नं. ३७५ मिति २०७०।५।१० को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ को उपदफा (१) अनुसार खरिद सम्झौतामा उल्लेख भए अनुसार र उपदफा (२) बमोजिम कावू बहिरको परिस्थितिमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (१) र (२) को प्रकृया पूरा गरी उपनियम (३) बमोजिमको अवधिको लागि खरिद सम्झौतामा उल्लेख भए बमोजिमको अवधि भित्रै म्याद थपको निर्णय लिनु पर्ने हुन्छ । आ. व. को समय सीमा म्याद थपको सम्वन्धमा लागू हुने देखिदैन । वजेट ब्यवस्थापनको विषयमा सम्वन्धित सार्वजनिक निकायलेनै सुनिश्चित गर्नु पर्ने ।

**निर्णय मितिः २०७०।६।४**

**१६. राय परामर्श माग भएको विषयः**

बोलपत्र आह्वानको सूचनामा बोलपत्र जमानत कवोल अंकको २.५ प्रतिशतले हुन आउने अंकको जमानत पेश गर्नु पर्नेछ भनी तोकिएको । सवै भन्दा कम अंक कबोल गर्ने फर्मले कवोल अंकको २.५ प्रतिशतले हुन आउने अंकको भन्दा कम अंकको जमानत पेश गरेकोले त्यस्तो फर्म सारभूत रूपमा प्रभावग्राही मान्न मिल्ने वा नमिल्ने द्विविधा भएको भनी सामान्य प्रशासन मंत्रालयको च.नं. १८५ मिति २०७०/५/२८ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायले खरिदको प्रकृति अनुसार सवै बोलपत्रदातालाई समानरुपले लागू हुने गरी स्वीकृत लागत अनुमान रकमको दुई देखि तीन प्रतिशत रकमको सीमा भित्र रही निश्चित रकम तोकी बोलपत्र आह्वानको सूचनामा बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्ने जमानत रकम उल्लेख गर्नु पर्नेछ भन्ने ब्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ को उपनियम (१) ले गरे बमोजिम नभएको देखिदा सोही बमोजिम हुनु पर्ने देखिन्छ । पेश भएको जमानत सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को (ग) अनुसार परीक्षण गरी सो अनुरुप नभएको बोलपत्र उपर कारबाही नहुने ऐनको दफा २४ मा स्पष्ट ब्यवस्था भएकोले सोही अनुसार गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/६/६**

**१७. राय परामर्श माग भएको विषयः**

परामर्श सेवा खरिद गर्ने सम्वन्धमा गत आ.व. मा EOI बाट छनौट गरिएको परामर्शदाताहरू सँग प्राविधिक र आर्थिक प्रस्ताव माग गरिएकोमा प्राप्त प्रस्तावहरूको आर्थिक प्रस्ताव लागत अनुमान भन्दा सारभूत रूपमा वढी भएकोले प्रस्ताव अस्वीकृत हुने देखिन्छ । पुनः EOI गरी प्रारम्भ देखी नै खरिद प्रकृया अगाडि बढाउँदा परामर्शदाता नियुक्ति गर्न ढिलो हुने र आयोजनाको सम्पूर्ण कार्यान्वयन प्रकृया अवरुद्ध हुन जाने देखिएकोले गत आ.व. मा EOI बाट छनौट गरिएको परामर्शदाताहरू सँग पुनः प्राविधिक र आर्थिक प्रस्ताव माग  गर्न र लागत अनुमान पुनरावलोकन गर्न सकिने वा नसकिने भन्ने विषयमा द्विविधा भएको

भनी भेरी बबई डाइभर्सन बहुउदेश्यीय आयोजनाको च. नं. २१ मिति २०७०।५।२३ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

उक्त सन्दर्भमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५ मा सार्वजनिक निकायले प्रत्येक आ.व. मा लागत अनुमान अद्यावधिक गर्नु पर्नेछ भन्ने ब्यवस्था गरेको हुँदा सो अनुरुप गर्नु पर्ने । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३६ को उपदफा (१) को खण्ड (ख) बमोजिम प्रस्ताव अस्वीकृत वा रद्द भएको अवस्थामा EOI बाट छनौट भएका मौजुदा परामर्शदाताहरू सँग मात्र पुनः प्राविधिक र आर्थिक प्रस्ताव माग गर्ने ब्यवस्था गरेको नदेखिएको ब्यहोरा जानकारी गराउने ।

**निर्णय मितिः २०७०/६/१५**

**१८. राय परामर्श माग भएको विषयः**

जिल्ला विकास समितिको कार्यालय मकवानपुरको मिति २०७०/६/४ को प.सं. २०७०/७१, च.नं. ४७५ को प्राप्त पत्रबाट सिलबन्दी बोलपत्र आह्वान गर्दा प्राप्त बोलपत्रदाताहरू मध्ये न्यूनतम कबोल गर्ने बोलपत्रदाता सँग माग गरिएको १३ वटा **Equipment** मध्ये **Boring Ring Machine** र **Crane** नभएको पाइएको उक्त **Machines** हरू नभएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न मिल्ने वा नमिल्ने वार द्विविधा भई राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र सम्वन्धी कागजातमा उल्लेख गरिए बमोजिम उक्त **Machines** को उपलब्धतालाई सुनिश्चित गरी सम्वन्धित सार्वजनिक निकायलेनै उपयुक्त निर्णय लिन उचित हुने ।

**निर्णय मितिः २०७०/६/१५**

**१९. राय परामर्श माग भएको विषयः**

नेपाली सेना, सैनिक हवाई महानिर्देशनालय, गौचरको प.सं. १५३६९/लेखा/१७/०७/७१/१४०, मिति २०७०।०६।०८ को पत्रबाट मध्य एयर वेश र भी.भी.आई.पी. उडान सेवामा रहेका हवाई साधनहरूका लागि आवश्यक पर्ने सामानहरू सूरक्षा, सामरिक वा प्रतिरक्षा सामाग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ को दफा ५, उपदफा (१) बमोजिम बोलपत्र/दरभाउपत्रबाट खरिद गर्ने प्रयोजनको लागि इच्छुक कम्पनीहरूलाई मौजुदा सूची दर्ताको लागि नेपाली र अंग्रेजीमा सूचना प्रकाशन गर्दा अंग्रेजी सूचनामा ब्यवसायिक ईजाजत पत्रको प्रतिलिपि र लिखित घोषणापत्र माग गर्न छुटेकोले उक्त कागजात खोलुवा बोर्डले वेभ साईटमा सूचना प्रकाशन गर्दा पुनः पेश हुन आएको र छुट्टै खोलुवा मुचुल्का तयार गरि राखिएकोले मूल्याङ्कनमा समावेश गर्न मिल्ने नमिल्ने बारे द्विविधा भई राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सूची दर्ताको लागि सूरक्षा, सामरिक वा प्रतिरक्षा सामाग्री आपूर्ती गर्ने कार्यविधी, २०६४ को दफा ५ उपदफा (१) बमोजिम कारबाही चलाएको देखिंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को प्रक्रिया अपनाउनु नपर्ने भएकोले यस कार्यालयले राय दिई रहनु नपर्ने ।

**२०. राय परामर्श माग भएको विषयः**

कृषि विकास बैंक लि. को प.सं. १क२, च.नं. ८३, मिति २०७०।०६।१४ को पत्रानुसार सूरक्षाकर्मी करार सेवामा आपूर्ति सम्बन्धी बोलपत्रमा बोलपत्रदाताले बोलपत्र फारामको प्रत्येक पानामा सही छाप नगरी बोलपत्रको निवेदन फाराम र बोलपत्रदाताले कबोल गरेको दररेटमा मात्र सही छाप गरेकोले मूल्याङ्कन प्रयोजनको लागि कारवाही अगाडी बढाउन मिल्ने वा नमिल्ने बारे द्विविधा भई राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र सम्वन्धी महत्वपुर्ण कागजातहरू बोलपत्र फाराम, बोलपत्रदाताले कबोल गरेको दररेट तथा स्वघोषणापत्रमा बोलपत्रदाताको अनिवार्य सही छाप आवश्यक देखिन्छ । सानातिना फरकको कारणले प्रतिस्पर्धालाई संकुचित गर्न उपयुक्त नहुने ।

**२१. राय परामर्श माग भएको विषयः**

आन्तरिक राजश्व विभागको च.नं. १२७, मिति २०७०।०६।१३ को पत्रबाट बिज्ञापन प्रकाशित गरेको भुक्तानी दिंदा रिटेन्सन मनी कट्टा गर्न पर्ने/नपर्ने सम्वन्धमा द्विविधा भई राय परामर्श माग भएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम (४) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम खरिद सम्झौतामा रिटेन्सन मनी कट्टा गर्नु नपर्ने व्यवस्था भएमा त्यस्तो रकम कट्टा गरिने छैन भनी व्यवस्था भएकोले कट्टा गर्नु नपर्ने हकमा सोही अनुसार व्यवस्था गर्न सकिने ।

**२२. राय परामर्श माग भएको विषयः**

राष्ट्रिय बाणिज्य बैंक, केन्द्रीय कार्यालयको च.नं. ३८३, मिति २०७०।०६।०८ को पत्रबाट दुई वटा मात्र बोलपत्र तोकिएको मिति भित्र दाखिला भएको अवस्थामा बोलपत्र खोल्न मिल्ने नमिल्ने साथै एउटा मात्र बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएमा स्वीकृत गर्न मिल्ने/नमिल्ने भनी द्विविधा भई राय परामर्श माग भएको ।

**राय परामर्शको व्यहोराः**

सिलबन्दी बोलपत्र एउटा मात्र प्राप्त भएता पनि निर्धारित समयमा खोल्नुपर्ने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (२) अनुसार केही बोलपत्रहरू वा एउटा मात्र बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्ने वा पुनः बोलपत्र आव्हान गर्न नमिल्ने भएकोले एउटा मात्र बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएतापनि स्वीकृत गर्न मिल्ने देखिन्छ ।

**२३. राय परामर्श माग भएको विषयः**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. २९०, मिति २०७०।०६।१६ को प्राप्त पत्रबाट सक्कल बोलपत्र पेश नगरी फोटोकपी पेश गरेकोलाई मान्यता दिन मिल्ने नमिल्ने बिषयमा राय परामर्श माग भएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८ को उपदफा (१) बमोजिम निर्धारित ढाँचामा बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रीत पुर्वक सहीछाप गरी पेश गर्नु पर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० को खण्ड (ग) अनुसार सार्वजनिक निकायबाट बिक्रि भएको बोलपत्र सम्वन्धी कागजात र खण्ड (घ) अनुसार आफैले खरिद गरेको बोलपत्र सम्वन्धी कागजात भरी पेश भए वा नभएको सम्वन्धमा बोलपत्र पुर्णताको परीक्षणको लागि हेरिनु पर्ने र सो बमोजिम नभएको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ को खण्ड (घ) बमोजिम कारबाही नहुने । बोलपत्रदाताले पेश गरेको महत्वपुर्ण सबै कागजातमा आधिकारिक व्यक्तिको सक्कल दस्तखत र छाप हुनुपर्ने भएकोले सोही बमोजिम गर्नु हुन ।

**२४. राय परामर्श माग भएको विषयः**

मेडिकल सम्वन्धी सामानहरू खरिदका लागि आव्हान भएको शिलबन्दी बोलपत्रमा बोलपत्रदातालाई दिएको निर्देशन अनुसार बोलपत्र पेश हुन नआएको हुँदा यस्तो बोलपत्रलाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने द्विविधा भएको भनी कोशी अञ्चल अस्पताल विकास समितिको च.नं. ८४९ मिति २०७०/६/२२ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) बमोजिम बोलपत्रदातालाई दिएको निर्देशन बमोजिम बोलपत्र पूर्ण भए वा नभएको सम्बन्धमा मूल्यांकन गर्नु अगावै बोलपत्र परीक्षण गर्नु पर्ने र ऐ. ऐनको दफा २४ को खण्ड (घ) बमोजिम दफा २३ को उपदफा (२) बमोजिम नभएको बोलपत्र उपर कारवाही नहुने हुदाँ सोही अनुसार गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/७/१२**

**२५. राय परामर्श माग भएको विषयः**

उत्तर-दक्षिण (कोशी) सडक योजना, खँदबारी, संखुवासभाको प.सं. २०७०/७१, च.नं. टुरमुकाम स.बि., बबरमहल, मिति २०७०/७/०५ को प्राप्त पत्रबाट किमाथांका (कि.मी. १६२+१००) देखि छुमसुर, चेपुवा गा.वि.स. (कि.मी. १४३+६००) सम्मको

नयाँ सडक निर्माणकार्य (ट्र्याक खोल्ने कार्य) अन्तर्गतको बोलपत्रमा **Specific Experience** माग गरेकोमा पेश भएको **Experience Certificate** सम्वन्धमा द्विविधा भई राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

पेश गरिएका अनुभवको प्रमाणपत्रमा उल्लेखित ठेक्का अन्तरगत सम्पादन गरिएका कार्यहरू प्रस्तावित निर्माण कार्य सँग **Physical size, Complexity, Methods, Thechnology** र **Work Requirment** को सन्दर्भमा सारभूत रूपमा फरक भए/नभएको कुरा निर्क्योल गरी प्रस्तावित काम सँग सम्वन्धित **Similar Experience** हो/हैन सम्बन्धित निकायले नै निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/७/१२**

**२६. राय परामर्श माग भएको विषयः**

पश्चिम क्षेत्रीय प्रहरी कार्यालयको च.नं. ४८२ मिति २०७०/७/८ को प्राप्त पत्र बमोजिम बोलपत्र सूचनामा उल्लेखित शर्तनामा बोलपत्रदाताहरूले पालना नगरेको कारण वोलपत्र मूल्यांकनमा समावेश गर्ने वा नगर्ने द्विविधा भई राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

योग्यता सम्वन्धि कागजातहरूको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने भनी सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा नभएको हुँदा सार्वजनिक निकाय आफैले सक्कल हेरी रुजु गर्न सक्ने देखिदा सोही कारणले मात्र मूल्यांकनमा समावेश नगर्न मिल्ने देखिदैन ।

बोलपत्र सम्वन्धि कागजातमा तोकिएको संयुक्त उपक्रममा रहने साझेदारको हिस्सा सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) बमोजिम बोलपत्र परीक्षण गरी एकिन गर्नु पर्ने र सो बमोजिम नभएमा ऐ. ऐनको दफा २४ बमोजिम हुने देखिन्छ ।

**निर्णय मितिः २०७०/७/१२**

**२७. राय परामर्श माग भएको विषयः**

त्रिशुली जलविद्युत कम्पनी लिमिटेडको च.नं. ५८ मिति २०७०/७/७ को प्राप्त पत्र बमोजिम माथिल्लो त्रिशुली ३ बि जल विद्युत आयोजनाको कार्यक्षेत्रमा कार्यालय भवन तथा भवन निर्माणको लागि **PQ** को लागि बोलपत्र माग भएकोमा **Duplicate Copy** समेत माग भएकोमा नबुझाएको, इन्जिनियरहरूको योग्यता आदी विषयमा राय परामर्श माग भएको।

**राय परामर्शको ब्यहोराः**

प्रस्ताव सम्वन्धि कागजातमा उल्लेख गरिए बमोजिमका कागजातहरू समावेश भएको वा नभएको सम्वन्धमा स्पष्ट हुनको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (४) बमोजिम आवश्यक जानकारी माग गर्न सकिने र प्रस्ताव सम्वन्धी कागजातमा उल्लेख गरिएको **Evaluation and Qualification Criteria** अनुसार भए नभएको निर्णय सम्वन्धित निकायले नै गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/७/१२**

**२८. राय परामर्श माग भएको विषयः**

सुतिधागो खरिदका लागि आव्हान भएको शिलबन्दी बोलपत्रमा बोलपत्रदातालाई सूचनामा दिएको निर्देशन अनुसार बोलपत्र साथ धागोको नमूना पेश हुन नआएको र पछि पेश हुन आएकोलाई मान्यता दिन मिल्ने वा नमिल्ने द्विविधा भएको भनी केन्द्रीय कारागार कारखानाको च.नं. ६२ मिति २०७०/७/५ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायको बोलपत्र सम्वन्धी कागजातमा धागोको परिमाण र मूल्य खुल्ने फारम मात्र देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा बोलपत्र सम्वन्धी कागजात तयार गर्नु पर्ने ब्यवस्था भएको र यस सम्वन्धमा नमूना बोलपत्र सम्वन्धी कागजात समेत जारी भइसकेकोमा सम्वन्धित सार्वजनिक निकायले बोलपत्र सम्वन्धी कागजात नै तयार गरेको नदेखिदा माग

भएको रायको विषयमा प्रवेश गर्न उपयुक्त नहुने । यस सम्वन्धमा मालसामान खरिद गर्दा नमूना बोलपत्र सम्वन्धी कागजात अनुसार बोलपत्र सम्वन्धी कागजात तयार गरी खरिद गर्न ध्यानाकर्षण समेत गराइन्छ ।

**निर्णय मितिः २०७०/८/९**

**२९. राय परामर्श माग भएको विषयः**

सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा स्पेयर पार्टस खरिद गर्ने कार्यको लागि आब्हान भए अनुसार पेश हुन आएको बोलपत्रको **BOQ** मा भ्याट बाहेकको मूल्यमा छुट दिन मञ्जुर रहेको अवस्थालाई मान्यता दिन मिल्ने वा नमिल्ने द्विविधा भएको भनी काठमाण्डौ महानगरपालिका कार्यालयको च.नं. ११४ मिति २०७०/६/१७ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

सिलवन्दी दरभाउपत्र पेश गर्दा नै **BOQ** को दररेटमा छुट दिने कवोल गरेमा त्यसलाई मान्यता दिई परीक्षण गर्नुपर्ने तर एक पटक पेश भएको शिलवन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न नसकिने ब्यवस्था सा.ख.ऐ., २०६३ को दफा ४० को उपदफा (४) मा भएको हुँदा सोही वमोजिम हुन उपयुक्त हुने देखिन्छ ।

**निर्णय मितिः २०७०/८/९**

**३०. राय परामर्श माग भएको विषयः**

नेपाल राष्ट्र वैंकले दश थान सवारी साधन खरिदको लागि हाल सम्म भए गरेका कार्य एवं प्रकृया सम्वन्धमा तहाँ वैंकको कानून महाशाखाबाट खरिद प्रकृया नमिलेको भनी राय दिई सकेको परिप्रेक्षमा प.सं. सवारी १६/०७०/७१ मिति २०७०/७/१२ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

सवारी साधन खरिदको लागि हाल सम्म भए गरेका कार्यको सम्वन्धमा निम्न अनुसार हुनु पर्ने देखिन्छः-

१) सामान खरिदको लागि आर्थिक र प्राविधिक प्रस्ताव अलग/अलग खाममा माग्ने ब्यवस्था नभएको । सा.ख.ऐ., २०६३ को दफा १३ उपदफा (२) को खण्ड (द) वमोजिम हुनु पर्ने देखिन्छ।

२) वोलपत्रको मान्य अवधि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५४ वमोजिमको अवधि हुनुपर्ने ।

३) वोलपत्र सम्वन्धी कागजात, प्रस्ताव आब्हान सम्वन्धी कागजात तयार भएपछि त्यस्तो कागजात सम्वन्धित सार्वजनिक निकायको प्रमुखले स्वीकृत गर्नुपर्ने ।

४) खरिद कारवाही वा निर्णको पुनरावलोकन सम्वन्धमा सा. ख. ऐन, २०६३ को परिच्छेद ६ मा भएको ब्यवस्था वमोजिम हुने देखिन्छ ।

**निर्णय मितिः २०७०/७/२२**

**३१. राय परामर्श माग भएको विषयः**

सालवसाली रूपमा कर सम्वन्धी र अन्य नियमित विज्ञापनहरू विभिन्न सञ्चार माध्यमबाट प्रकाशन गर्न विज्ञापन एजेन्सीहरू छनौटको लागि ई विडिङ्ग मार्फत पेश हुन आएको बोलपत्रमा बोलपत्र जमानत अपलोड नभएको र बोलपत्र दाखिला गर्ने म्याद पछि बोलपत्र दाखिला गर्ने म्याद भित्रकै मितिको जमानत बापतको रकम धरौटी खातामा दाखिला गरेको सक्कल बैंक भौचर पेश हुन आएकोले त्यसलाई मान्यता दिन मिल्ने वा नमिल्ने द्विविधा भएको भनी आन्तरिक राजश्व विभाग आर्थिक प्रशासन शाखाको प.सं. ०७०/७१, च.नं. १५९ मिति २०७०/७/१३ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

बोलपत्र साथ जमानत पेश गर्नु पर्ने भए बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भए वमोजिमको किसिम, अवधि र रकमको जमानत संलग्न भए वा नभएको निर्क्यौल गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ग) वमोजिम बोलपत्र परीक्षण गर्नु पर्ने र सो वमोजिम पेश नभएको वा अपलोड नभएको जमानत म्याद समाप्त भएपछि पेश हुन आएमा सोही ऐनको दफा २४ को खण्ड (घ) वमोजिम रीत पुगेको मान्न नसकिने ।

**निर्णय मितिः २०७०/८/९**

**३२. राय परामर्श माग भएको विषयः**

मध्य क्षेत्रिय प्रहरी तालिम केन्द्र भरतपुर चितवनको च.नं. १२५ मिति २०७०/८/६ को प्राप्त पत्रानुसार राशन खरिद सम्वन्धि वोलपत्र आव्हानमा वैंक जमानतको मान्य अवधि सम्वन्धमा द्विविधा भई राय माग भएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

बोलपत्र कागजातमा उल्लेख भए वमोजिमको किसिम, अवधि र रकमको जमानत संलग्न भए वा नभएको निर्क्यौल गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ग) वमोजिम बोलपत्र परीक्षण गर्नु पर्ने र सो वमोजिम पेश नभएको जमानत पेश हुन आएमा सोही ऐनको दफा २४ को खण्ड (घ) वमोजिम रीत पुगेको मान्न नसकिने ।

**निर्णय मितिः २०७०/८/९**

**३३. राय परामर्श माग भएको विषयः**

पश्चिम क्षेत्रिय प्रहरी कार्यालय पोखराको मिति २०७०/७/२८ र २०७०/८/६ को प्राप्त पत्रानुसार राशन खरिद सम्वन्धि वोलपत्र आव्हान भएको वोलपत्रको वैंक जमानतको मान्य अवधि गणना गर्ने मितिको सम्वन्धमा र ब्यवसायीको इजाजत पत्रको सम्वन्धमा द्विविधा भई राय माग भएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २० को उपदफा (२) वमोजिम बोलपत्र मान्य हुने अवधिको गणना बोलपत्र पेश गर्ने अन्तिम मितिबाट प्रारम्भ हुने भएकोले बोलपत्र कागजातमा उल्लेख भए वमोजिमको बोलपत्र पेश गर्ने अन्तिम मिति २०७०/७/२२ भए सोही मितिबाट गणना गर्नुपर्ने र बोलपत्रदाता बोलपत्र पेश गर्न कानून वमोजिम योग्य भएको पुष्ट्याई गर्ने कागजात पेश भए वा नभएको सम्वन्धमा निर्क्यौल गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (क) वमोजिम बोलपत्र परीक्षण गर्नु पर्ने देखिन्छ । विविध प्रकारको ठेक्का पट्टा गर्ने भनी स्थायी लेखा नम्वरमा (PAN) दर्ता प्रमाण पत्रमा उल्लेख भएको सम्वन्धमा सोही दफाको उपनियम (४) र (५) वमोजिम आवश्यक जानकारी समेत माग्न सक्ने हुँदा सोही वमोजिम गर्न उपयुक्त हुने देखिन्छ ।

**निर्णय मितिः २०७०/८/९**

**३४. राय परामर्श माग भएको विषयः**

विभिन्न १६ आइटम (चामल, दाल, तोरीको तेल, डेरीको घ्यू, चिनी, नून, चियापत्ती, हरियो तरकारी, आलु, मसला, कन्डेक्स मिल्क, खसिको मासु, मट्टीतेल, गहुँको पिठो, प्याज र सुख्खा तरकारी) को राशन आपूर्तिको लागि राष्ट्रियस्तरको बोलपत्र आव्हान भएको । बोलपत्र कागजातको दफा ३८.१ मा नेपालमा उत्पादित बस्तु दश प्रतिशत महँगो भएको हद सम्म खरिद गरिनेछ र ३८.२ मा नेपालमा उत्पादित बस्तुहरूमा दश प्रतिशत को ग्राह्यता प्राप्त गर्न बोलपत्रदाताले मान्यता प्राप्त निकायबाट नेपालमा उत्पादित बस्तु हो भन्ने खुलाएको उत्पतिको प्रमाणपत्र (Country of Origin Certificate) पेश गर्नु पर्ने भनी उल्लेख गरेको । यस अवस्थामा एक सप्लायर्सले ८ आइटम (चामल, दाल, तोरीको तेल, डेरीको घ्यू, चिनी, चियापत्ती, कन्डेक्स मिल्क र गहुँको पिठो) मा मात्र नेपाल चेम्वर अफ कमर्सबाट नेपालमा स्थापित विभिन्न उद्योगबाट उत्पादन हुने प्रमाणित गर्दछौं भन्ने ब्यहोराको र नेपाल उद्योग परिसंघबाट स्वीटेण्ड कन्डेक्स मिल्क हेटौडा डेरी उद्योग उत्पादन भएको प्रमाणित गरिन्छ भन्ने ब्यहोराको पत्र पेश गरेको हुँदा यसलाई घरेलु प्राथमिकताको मान्यता दिई मूल्यांकन गर्न मिल्ने वा नमिल्ने द्विविधा भएको भनी सशस्त्र प्रहरी बल प्रधान कार्यालयको मिति २०७०/८/७ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

नियमानुसार डोमेस्टिक प्रिफरेन्स पाउने मालसामानको हकमा मात्र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १७ वमोजिम विदेशी मालसामान भन्दा नेपालमा उत्पादित मालसामान दश प्रतिशतसम्म मंहगो भएतापनि नेपाली मालसामान खरिद गर्नु पर्ने ब्यवस्था उल्लेख भएको छ । यसको कार्यान्वियनका लागि बोलपत्र कागजातमा मूल्यांकनका आधार र तरिका समेत स्पष्ट उल्लेख गर्नु पर्ने हुन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (२) को खण्ड (छ) र (झ) को ब्यहोरा बोलपत्र सम्वन्धी कागजातमा स्पष्ट उल्लेख गरेको अवस्थामा मात्र सोही ऐनको दफा २५ को उपदफा (५) वमोजिम मूल्यांकन गर्न सकिने अन्यथा मूल्यांकन गर्न नसकिने । **निर्णय मितिः २०७०/८/१६**

**३५. राय परामर्श माग भएको विषयः**

कर्मचारी संचयकोषको भवन ब्यवसायिक प्रयोजनको लागि भाडमा दिने सम्वन्धमा माग भएको बोलपत्रमा बोलपत्रदाताले वोल अंकमा टिपेक्स लगाएकोमा मान्यता दिन मिल्ने वा नमिल्ने द्विविधा भई कर्मचारी संचयकोषको च.नं. २३ मिति २०७०/८/११ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

भवन ब्यवसायिक प्रयोजनको लागि भाडमा दिने सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (क), (ग), (घ), र (च) को परिभाषा आकर्षण हुने नदेखिएको हुँदा राय दिइरहनु नपर्ने ।

**निर्णय मितिः २०७०/८/१६**

**३६. राय परामर्श माग भएको विषयः**

हनुमान ढोका दरवार क्षेत्रभित्र रहेको नारायण मन्दिर जिर्णोद्धार गर्न प्रकाशित सूचना वमोजिम **e-Submission** मार्फत दर्ता हुन आएकोलाई ३ (तीन) दिन भित्र हार्डकपी प्रोफाइल पेश गर्न पत्रचार गरेकोमा उक्त अवधि भित्र पेश नगरेकोले मूल्यांकनमा समावेश गर्न द्विविधा भएको भनी काठमाण्डौ महानगरपालिका कार्यालयको मिति २०७०/७/२८ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

**e-Submission** मार्फत दर्ता हुन आएको बोलपत्र सम्वन्धमा माग गरिएको हार्डकपी नवुझाएको अवस्थामा बोलपत्र सम्वन्धी कागजातमा त्यस विषयमा उल्लेख गरिएको प्रावधान वमोजिम सम्वन्धित सार्वजनिक निकाय आफैले निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/८/१६**

**३७. राय परामर्श माग भएको विषयः**

भेरी ववई डाइभर्सन बहुउदेश्यीय आयोजनको च.नं. मिति २०७०/७/२८ को प्राप्त पत्रबाट पूर्व योग्यता निर्धारण गरी उत्तिर्ण भएको निर्माण ब्यवसायीहरूबाट पेश हुन आएको बोलपत्र मूल्यांकन गर्दा लागत अनुमान भन्दा बढी कवोल अंक भएकोले प्रकृया रद्द गरिएको । यस पछि पुनः पूर्व योग्यताको स्तरबाटै रद्द हुनाको कारण को समीक्षा गरी लागत अनुमान, पूर्व योग्यताको मूल्यांकनको आधारहरू, बोलपत्र सम्वन्धित कागजातहरू, हेरफेर तथा परिमार्जन गरी बोलपत्र माग गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा राय माग भएको ।

**राय परामर्शको ब्यहोराः**

खरिद प्रकृया रद्द भएपछि पुनः खरिद प्रकृया शुरु गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (५) वमोजिम खरिद कारवाही रद्द भई पुनः बोलपत्र आव्हान गर्दा खरिद कारवाही रद्द हुनाको कारणको समीक्षा गरी आवश्यकतानुसार बोलपत्र सम्वन्धी कागजात, प्राविधिक स्पेशिफिकेशन, लागत अनुमान तथा खरिद सम्झौताका शर्तहरूमा हेरफेर समेत गर्नु पर्नेछ भन्ने ब्यवस्था भए अनुसार नै सार्वजनिक निकायले निर्णय लिन उपयुक्त हुने देखिन्छ ।

**निर्णय मितिः २०७०/८/१६**

**३८. राय परामर्श माग भएको विषयः**

जनसहभागितामा आधारित जनताको तटवन्ध कार्यक्रम अन्तरगत कर्णाली नदी नियन्त्रणको लागि प्रकाशित बोलपत्र सूचना वमोजिम रु ३०००।- नेपाल राष्ट्र बैंक नेपालगञ्जको राजस्व खाता नं. १-१-००१ मा जम्मा गरेको राजस्व भौचर वा नगदै दाखिला गर्ने गरी शिलवन्दी बोलपत्र माग गरेको । बोलपत्र सम्वन्धी कागजातमा **E-Bidding** मार्फत प्राप्त भएका बोलपत्र खरिदको राजस्व तोकिएको मिति भित्र तोकिएको खातामा जम्मा भए वा नभएको एकिन गर्ने तथा जम्मा नभएको भए त्यस्तो बोलपत्र मान्य नहुने भन्ने प्रावधान रहेकोछ । यस अवस्थामा ई- विडिङ मार्फत प्राप्त बोलपत्रदाताले रा.बा. बैंक गौशलामा जम्मा गरेको बोलपत्र खरिद बापतको रकम खातामा जम्मा भएको वा नभएको बोलपत्र खरिद गर्ने अन्तिम दिन २०७०/७/१० गतेको स्टेटमेन्ट झिकाउदा उक्त राजस्व खातामा रकम जम्मा भएको नदेखिदा यस्तो बोलपत्रदातालाई मूल्यांकनमा समावेश गर्न मिल्ने वा नमिल्ने द्विविधा भई जल उत्पन्न नियनत्रण विभागको च.नं. १९४ मिति २०७०/८/१२ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

**E-Bidding** मार्फत प्राप्त भएका बोलपत्र खरिदको राजस्व तोकिएको मिति भित्र तोकिएको खातामा जम्मा नभएको सम्वन्धमा बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भए वमोजिमको प्रावधान अनुसार सम्वन्धित सार्वजनिक निकायले निर्णय लिन उपयुक्त हुने देखिन्छ ।

**निर्णय मितिः २०७०/८/२५**

**३९. राय परामर्श माग भएको विषयः**

बुढिगंगा जलविद्युत आयोजनाको विस्तृत अध्ययनको लागि परामर्शदाताहरू छनौट गर्न आसयपत्र माग गरी यसको मूल्यांकन **Criteria** मा अन्तर्राष्ट्रिय परामर्शदाताको हकमा समेत **Tax Clearance** पेश हुनु पर्ने शर्त राखिएको हुँदा उक्त शर्त सा. ख. नियमावली, २०६४ को नियम ४० को उपनियम (२क) विपरीत भएको र परामर्शदाताहरूको छनौट समेत कम हुने हुँदा अन्तर्राष्ट्रिय परामर्शदाताको हकमा **Tax Clearance** नभए पनि मान्यता दिई मूल्यांकनमा समावेश गर्न मिल्ने वा नमिल्ने द्विविधा भई विद्युत विकाश विभागको च. नं. १४९२ मिति २०७०/८/२१ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२क) मा तोकिएका ग्राह्ययताका आधारहरूको विपरीत हुने गरी आधारहरू तोक्न नमिल्ने ।

**निर्णय मितिः २०७०/८/२५**

**४०. राय परामर्श माग भएको विषयः**

**E-Submission** मार्फत बोलपत्र **Download** गर्ने क्रममा बोलपत्र खरिद भौचर फेला नपरेको तर पछि कार्यालयमा **Hard Copy** पेश गर्दा रकम जम्म गरेको भौचर पेश गरेको अवस्थामा मूल्यांकनमा समावेश गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा द्विविधा भई म. प. डिभिजन सडक कार्यालयको च.नं. ४४७ मिति २०७०/८/१६ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

**Bid Document** को शुल्क वरावरको रकम तोकिएको मिति सम्म सम्वन्धित राजश्व खातामा जम्मा भएको नभएको एकिन गरी जम्मा भएको खण्डमा मात्र मूल्यांकनमा समावेश गर्न सकिने कुरा स्पष्ट रूपमा बोलपत्र कागजातमा उल्लेख भएको देखिदा सोही वमोजिम सम्वन्धित सार्वजनिक निकायले निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/९/१**

**४१. राय परामर्श माग भएको विषयः**

राशन आपूर्ति ठेक्कापट्टाको लागि पेश हुन आएको बोलपत्रको मूल्य सूचि फारममा अंकको महलमा दर लेखी काटेर कम्पनीको छाप लगाई दस्तखत गरी अक्षरको महलमा स्पष्ट बुझिने गरी अंकमा दर लेखी अक्षरमा नलेखेको र जोडजम्मा पनि नगेको अवस्थामा मूल्यांकन समितिले सवै भन्दा कम दररेट भएको भनी सिफारिस समेत गरेकोमा स्वीकृत गर्न द्विविधा भई नेपाली सेना नं. २ बाहिनी अड्डा हिले ब्यारेक धनकुट्टाको प.सं. ६५४१/लेखा /९/ मिति २०७०/८/१९ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) वमोजिम बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको सम्वन्धमा बोलपत्र परीक्षणको अवस्थामा हेर्नुपर्ने ब्यवस्था भएकोले यस सम्वन्धमा थप राय आवश्यक नदेखिएको । **(निर्णय मितिः २०७०/८/२५)**

**४२. राय परामर्श माग भएको विषयः**

विभिन्न दश शहरको मास्टर प्लान तथा भवन मापदण्ड तयार गर्न छनौट भएको परामर्शदाताबाट तीन वटा प्याकेजको लागि माग भएको प्रस्तावमा परामर्शदाताहरूको **Comment & Suggestion on ToR & RFP** र **Description Of Methodology and Work Plan** हुवहु रहेको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ को खण्ड (च) वमोजम मिलोमतो हो होइन

भन्ने द्विविधा भई शहरी विकाश तथा भवन निर्माण विभागको च.नं. ८५ मिति २०७०/८/१६ को प्राप्त पत्रबाट राय परामर्श माग भएको।

**राय परामर्शको ब्यहोराः**

**Comment & Suggestion on ToR & RFP** र **Description Of Methodology and Work Plan** परामर्शदाता छनौट गर्ने महत्वपूर्ण आधार हुने हुँदा प्रस्तावदाताहरूले हुवहु प्रस्ताव पेश गरेको सम्वन्धमा मिलोमतो भएको हुन सक्ने आधार देखिएता पनी मिलोमतो हो/होइन भनी प्रमाणित गर्ने दायित्व सम्वन्धित सार्वजनिक निकाय स्वयंको हुने ।

**निर्णय मितिः २०७०/९/१**

**४३. राय परामर्श माग भएको विषयः**

सिसडोल स्यानिटरी ल्याण्डफिल्ड साइट क्षमता विस्तार तेश्रो चरणको लागि बोलपत्र माग भएको । यसमा सवै भन्दा कम कवोल अंक भएको श्री काश्यम/पशुपति जे.भि. कलंकी-१४ ले सूचना अनुसार गत आ. व. ०६९/७० को कर चुक्ता प्रमाणपत्र वा आ.व. ०६८/६९ को कर चुक्ता प्रमाणपत्र र २०७० पौष मसान्त सम्म आ. व. ०६९/७० को आय विवरण पेश गर्ने सम्वन्धित कर कार्यालयको म्याद थप मध्ये कुनै एक पेश गर्नु पर्नेमा पशुपति निर्माण सेवाले आ. व. ०६८/६९ को कर चुक्ता पेश गरेको र २०७० पौष मसान्त सम्म म्याद थपको निवेदन पेश गरेको तर स्पष्ट म्याद थप नखुलेको पत्रको फोटोकपी पेश गरेको देखिन्छ । बोलपत्र खरिद गर्दा र दर्ता गर्दा जे. भि. सम्झौतामा काश्यप/पशुपति जे. भी. नाम पेश गरेको तर बैंक जमानतमा पशुपति/काश्यप भएको यस्तो अवस्थलाई मान्यता दिई मूल्यांकन अगाडि बढाउन मिल्ने हो/होइन द्विविधा भई फोहेरमैला ब्यवस्थापन प्राविधिक सहयोग केन्द्रको च. नं. ५८८ मिति २०७०/८/१७ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

**Tax Clearance** को वारेमा बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भए वमोजिम नै सम्वन्धित निकाय आफैले निर्णय लिन उपयुक्त हुने । बैंक जमानतमा जे. भि. को नाम फरक  परेको सम्वन्धमा सम्वन्धित बैंक सँग एकिन गरेर मात्र निर्णय गर्न सकिने।

**निर्णय मितिः २०७०/९/१**

**४४. राय परामर्श माग भएको विषयः**

बोलपत्र खोल्ने दिन भन्दा एक दिन पछाडिको मितिमा जारी भएको **Credit Line Certificate** पेश गरेकाले उक्त बोलपत्रदातालाई मान्यता दिन मिल्ने वा नमिल्ने सम्वन्धमा द्विविधा भई पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं. ३ तानसेन, पाल्पाको च.नं. २१६ मिति २०७०/८/२५ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

**Standard Bidding Document Procurment of Works (NCB) FOR Above 6 million rupees 2010** मा उल्लेख भए अनुसार बोलपत्रदाताको योग्यताको आधारहरू मध्ये वित्तीय स्रोत र अवस्था एउटा आधार हो बोलपत्रदाताले वित्तीय स्रोत र अवस्था खुल्ने पर्याप्त अन्य आधार पेश गरेको अवस्थामा **Credit Line Certificate** मात्र पेश नगरेको कारण अयोग्य ठहर गर्न नमिल्ने ।

**निर्णय मितिः २०७०/८/२६**

**४५. राय परामर्श माग भएको विषयः**

मेशिनरी औजार औषधी किट केमिकल्स र स्टेशनरी खरिदको लागि आव्हान भएको टेण्डरमा स्पेशिफिकेशन परिवर्तन गर्नु पर्ने भएकोले बोलपत्र दर्ता म्याद थप गर्न मिल्ने वा नमिल्ने द्विविधा भई राष्ट्रिय जनस्वस्थ्य प्रयोगशालाको च.नं. २६० मिति २०७०/८/११ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायले वोलपत्र आव्हान गरी बोलपत्र दाखिला गर्ने समय अगावै बोलपत्र कागजातमा कुनै संशोधन गर्न आवश्यक परेमा बोलपत्र कागजातमा उल्लेख भए वमोजिम संशोधन गरी आवश्यकता अनुसार बोलपत्र दर्ता म्याद समेत थप गर्न सकिने देखिन्छ ।

**निर्णय मितिः २०७०/९/१**

**४६. राय परामर्श माग भएको विषयः**

राशन ठेक्का सम्वन्धमा गत वर्षको स्वीकृत ठेक्का दर साधारण तर्फ प्रति दिन प्रति ब्याक्ति मट्टीतेल बाहेक रु. ८९।५७ मा ठेक्का संम्झौता भएको र यस वर्ष प्रति दिन प्रति ब्यक्ति रु. १२६।९५ न्यूनतम कवोल अंक देखिएको हुँदा गत वर्षको तुलनामा ४१.७३ प्रतिशत वृद्धि भएको । तर लागत अनुमान भित्रै परेको हुँदा स्वीकृतिको लागि सिफारिस गर्न मिल्छ वा मिल्दैन भन्ने विषयमा उपत्यका पृतना हे. क्वा. नारायणहिटीको पं सं १४६५५। लेखा।३०। ०७०।७१।३० मिति २०७०/९/५ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को प्रावधान वमोजिम बोलपत्रको परीक्षण तथा मूल्यांकन गरी सिफारिस गर्ने कार्य मूल्यांकन समितिको हुने हुँदा सिफारिस सम्वन्धमा राय दिइरहनु नपर्ने ।

**निर्णय मितिः २०७०/९/११**

**४७. राय परामर्श माग भएको विषयः**

मोटरसाइकल र स्कुटर लागि एक प्याकेजमा वोलपत्र आव्हान भएकोमा बोलपत्रदाताले स्कुटर आपूर्ति नगर्ने मोटरसाइकल मात्र आपूर्ति गर्ने भनी बोलपत्र दाखिला गरेकोले यस्तो बोलपत्रदातालाई स्वीकार गर्न मिल्ने वा नमिल्ने भनी वातावरण विभागको च.नं. ११९३ मिति २०७०/९/१ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) खण्ड (ख) अनुसार बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको परीक्षण गर्नु पर्ने ब्यवस्था गरिएको छ । बोलपत्र कागजातमा दिइएको निर्देशन बमोजिम प्याकेजमा माग भएको सामान मध्ये कुनै सामान आपूर्ति गर्न नसक्ने बोलपत्र कागजातको रीत पुगेको मान्न नसकिने ।

**निर्णय मितिः २०७०/९/११**

**४८. राय परामर्श माग भएको विषयः**

कार्यालय संचालन सम्वन्धि सामाग्री खरिद गर्नको लागि माग भएको बोलपत्रमा फर्म नविकरण को म्याद ०७०/७१ सम्मको माग गरिएकोमा २०७१/२/१ सम्म भएकोलाई मान्यता दिन मिल्ने वा नमिल्ने द्विविधा भई स्वास्थ्य सेवा विभाग आपूर्ति ब्यवस्था महाशाखा को च.नं. १३११ मिति २०७०/९/१ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

कानून वमोजिम फर्म नवीकरण गर्न पाउने समयावधिलाई दृष्टीगत गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) खण्ड (ख) अनुसार परीक्षण गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/९/११**

**४९. राय परामर्श माग भएको विषयः**

अस्पतालको भान्छा निजी क्षेत्रबाट संचालन गर्ने प्रयोजनको लागि आव्हान गरेको बोलपत्रमा प्रस्तावदाताले अनुभवको प्रमाणपत्र पेश नगरेको सम्वन्धमा द्विविधा भई शिक्षण अस्पतालको च.नं. १७३५ मिति २०७०/९/३ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

अस्पतालको भान्छा निजी क्षेत्रलाई भाडामा दिने र सोबाट राजश्व (भाडाको रूपमा) प्राप्त गर्ने तथा भान्छा संचालनकर्ताले तोकिएको शर्तहरू पूरा गर्नुपर्ने विषय देखिन्छ । यी विषयहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (क), (ग), (घ), र (च) को परिभाषा आकर्षण हुने नदेखिएको हुँदा राय दिइरहनु नपर्ने । यस सम्वन्धमा अन्य प्रचलित नेपाल कानून र स्वीकृत बोलपत्र कागजात अनुसार निर्णय लिन उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/९/१४**

**५०. राय परामर्श माग भएको विषयः**

**Oracle License** तथा **Product** खरिद गर्न प्राप्त बोलपत्रमा **Related Services** मा मु.अ. कर तथा अन्य करहरू समावेश भए वा नभएको केही उल्लेख नभएको हुँदा प्रस्तावित रकम मु.अ. कर तथा अन्य करहरू समावेश भए वा नभएको एकिन गर्न द्विविधा भई महालेखा नियन्त्रक कार्यालय (खरिद एकाई) को च.नं. ८४ मिति २०७०/९/७ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

**Oracle License** तथा **Product** खरिद गर्न आब्हान भएको अन्तराष्ट्रिय बोलपत्र **(ICB)** विश्व बैंकको खरिद कार्यविधि र सहमति अनुसार भएको भन्ने ब्यहोरा प्राप्त पत्रमा उल्लेख भएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) वमोजिमको प्रकृया अपनाइएको अवस्थामा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रकृया अपनाउन नपर्ने भएकोले यस सम्वन्धमा राय दिइरहनु नपर्ने ।

**निर्णय मितिः २०७०/९/१४**

**५१. राय परामर्श माग भएको विषयः**

विभागीय प्रमूख कै अख्तियारी रहेको आयोजनाको खरिद इकाई गठन र मूल्यांकन समितिको अध्यक्षता गर्ने सम्वन्धमा द्विविधा भई जल तथा मौसम विज्ञान विभागको च.नं. ५७३ मिति २०७०/९/४ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३) वमोजिम प्रत्येक सार्वजनिक निकायले एउटा खरिद इकाई को स्थापना गर्नु पर्ने ब्यवस्था रहेको र तोकिएको इकाईले सम्वन्धित सार्वजनिक निकायको प्रमुखको स्वीकृती लिई कार्य गर्नु पर्ने देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ को उपनियम (१) वमोजिम मूल्यांकन समिति गठन सार्वजनिक निकायको प्रमूखले खरिदको प्रकृति र आवश्यकता अनुसार वेग्ला वेग्लै पनि गठन हुन सक्ने भएको हुँदा यसमा कुनै द्विविधा रहेको नदेखिएको ।

**निर्णय मितिः २०७०/९/१४**

**५२. राय परामर्श माग भएको विषयः**

निर्माण ब्यवसायीले सम्झौता वमोजिमको कार्य सम्पन्न नगरी अलपत्र अवस्थामा राखेको हुँदा सोही अनुसार ठेक्का सम्झौता तोडी वित्तिय फरफारक तथा क्षतिपूर्तिको लागि हालको दररेट अनुसार कायम हुन आएको लागत अनुमानको आधारमा काम सम्पन्न गर्नको लागि लाग्ने पूरै रकम वा सम्झौता गर्दाको वखतको काम गर्न बाँकि रकमको थप २० प्रतिशत रकम वा हालको दररेट अनुसारको वांकि गर्नु पर्ने कामको २० प्रतिशत रकम मध्ये कुन रकम असूल गराउनु पर्ने हो द्विविधा भएको भनी जिल्ला प्राविधिक कार्यालय धनकुट्टा को च.नं. १४९ मिति २०७०/८/२६ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

ठेक्का सम्झौता तोडी वित्तिय फरफारक गर्दा बोलपत्र कागजातमा उल्लेख भए अनुसार निर्माण ब्यवसायीले सम्झौता वमोजिम गर्न वाँकि कामको लागि लाग्ने रकममा थप २० प्रतिशत रकम क्षतिपूर्ति असूल उपर गर्नुपर्ने भनिएको हो ।

**निर्णय मितिः २०७०/९/२२**

**५३. राय परामर्श माग भएको विषयः**

मूल्यांकन समितिले सिफारिस गरेकै निर्माण ब्यवसायी मध्येको **Lead Partner** कालो सूचिमा राखिएको सूचना जारी भएको अवस्थामा उक्त जे. भी. लाई स्वकिृत गरी प्रकृया अगाडि बढाउन मिल्ने वा नमिल्ने द्विविधा भई लमही नगर विकास समिति लमही दाङ्गको **FAX** मार्फत प्राप्त पत्रबाट राय माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (२) वमोजिम कालो सूचिमा राखिएको बोलपत्रदाता सँग सम्झौता हुन नसक्ने र जे. भी. को हकमा कुनै एक Parter कालो सूचिमा रहेको अवस्थामा **Standard Bid Document** अनुसार उक्त जे. भी. सँग खरिद कार्यको कारवाही अगाडि बढाउन नमिल्ने । **निर्णय मितिः २०७०/९/२२**

**५४. राय परामर्श माग भएको विषयः**

राशन खरिद बन्दोवस्तको लागि **e-bidding** वा शिलबन्दी बोलपत्र आब्हान भएको सोही वमोजिम **e-Bidding** खोल्ने समयमा सवै प्रतिनिधिको रोहवरमा खोली हेर्दा ० **Bid** भएको **e-Bidding** द्वारा वोलपत्र नपरेको सोही वमोजिम मुचुल्का समेत तयार भएको सर्जिकेम डिष्ट्रिब्युटर्सले **e-Bidding** गरेको उक्त दिन कार्यालयको **Bid** नखुलेको हुदा राशन ठेक्का पट्टा सम्वन्धी कारवाही गरी पाँउ भनी उजुरी गरेकोले ० **Bid** सम्वन्धमा खुलाई पठाइदिनु भनी अञ्चल प्रहरी कार्यालय कोशी धरानको च.नं. ३८५ मिति २०७०/८/८ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

**E-Bidding** मार्फत भाग लिने बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजात **Submission** गर्दा **Bid Document** हरू **Upload** गर्ने क्रममा **Quee** मा बसेको सम्पूर्ण कागजात **Upload** नभई केही **Addtional Document Upload** भएको र **Upload** को क्रममा **Internet Dis-Connectivity** वा **Power Supply** बन्द भई **Mandatory Document Upload** नभएको हुँदा ० **Bid** हुन गएको प्राविधिकहरूको निष्कर्ष देखिएकोले **e-bidding** खोल्ने तोकिएको मितिमा ० **Bid** देखिएको सम्वन्धमा चित्त नबुझी निवेदन दिनेको हकमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ र दफा ४८ वमोजिम कारबाही अघि बढाउन उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/८/१५**

**५५. राय परामर्श माग भएको विषयः**

मध्ये भोटेकोशी जलविद्युत आयोजनाको **Lot 1 civil and Hydromechanical Works** को लागि **Guangxi Hydroelectric Construction Bureau, China** सँग भएको सम्झौता वमोजिम ठेकेदार कम्पनीले पेश्की भुक्तानीको लागि नेपाल स्थित बाणिज्य बैंकको **Counter Guarantee** विना **Bank of China** बाट **Advance Payment Guarantee** पेश गरेको छ । **Contract Document** को **Particular Condition of Contract** को **Sub-Clause 14.2** मा **Advance Payment** को लागि **Counter Guarantee** राख्ने सम्वन्धमा केही उल्लेख नभएको अवस्थामा विद्यामान नियम, कानून, चलन चल्तीको अभ्यास तथा जोखिमको प्रकृति अनुसार **Counter Guarantee** विना सोझै विदेशी बैंकको **Guarantee** स्वीकार गरी अग्रिम पेश्की रकम भुक्तानी गर्न उचित हुन्छ वा हुदैन भनी मध्ये भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड च.नं. १६४ मिति २०७०/८/४ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

**Advance Payment** गर्दा हुन सक्ने जोखिमको प्रत्याभूतिको लागि जमानत चाहिने कुरामा कुनै द्विविधा नरहेको । जोखिम प्रत्याभूतिको सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ को उपदफा (४) मा विदेशी बैंकले जारी गरेको बोलपत्र जमानत नेपाल भित्रको बाणिज्य बैंकले **Counter Guarantee** गरेको हुनु पर्नेछ भन्ने ब्यवस्था गरेकोले **Advance Payment** गर्दा पनि सोही वमोजिम हुन उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/१०/६**

**५६. राय परामर्श माग भएको विषयः**

रामेछाप, उदयपुर, दैलेख तथा जाजरकोट जिल्लाको लागि साना सिंचाई गुरुयोजना तयार गर्ने कार्यक्रमको लागि परामर्शदाताबाट आसयपत्र माग गरिएकोमा ३ वटा फर्मले **Anniex(2) Evaluation Criteria (1) Eligibility Criteria(Pass/Fail) Sr. No.6 Adherence to code of ethics anti corruption policy** को कागज पेश नगरेकोले प्रारम्भिक मूल्यांकनमा द्विविधा भएको भनी स्थानिय पूर्वाधार विकास तथा कृषि सडक विभागको च.नं. १५३ मिति २०७०/८/२६ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

आशयपत्र माग गर्दा आसयपत्रदातालाई दिइएको निर्देशनमा उल्लेख भए वमोजिम योग्यता, अनुभव र क्षमताको मूल्यांकन गर्दा **EOI Document** मा तोकिएको मूल्यांकनको आधार वमोजिम भए वा नभएको सम्वन्धित सार्वजनिक निकाय आफैले निर्णय लिन उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/१०/७**

**५७. राय परामर्श माग भएको विषयः**

अक्सिजन ग्यास सप्लाई गर्ने सम्वन्धमा न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्ने आसयको सूचना २०७०/८/२० मा प्रकाशित भई सकेको अवस्था छ । रिपु मर्दिनी अक्सिजन प्लान्टबाट उक्त न्यूनतम मूल्यांकित अंक भन्दा कम मूल्यमा सप्लाई गर्न इच्छुक भएकोले उक्त प्लान्ट सँग सोझै खरिद गर्न मिल्ने वा नमिल्ने भनी वीर हस्पीटलको च.नं. ५९२ मिति २७०/१०/५ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको न्यहोराः**

न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्ने आसयको सूचना समेत दिईसकेकोले खरिद कारबाही रद्द गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (१) र (६) को अवस्था सृजना हुनुपर्ने हुँदा सो स्थीति रहे नरहेको हेरी कारबाही अघि बढाउन उपयुक्त हुने देखिन्छ ।

**निर्णय मितिः २०७०/१०/१४**

**५८. राय परामर्श माग भएको विषयः**

पशु क्वारेन्टाइन कार्यालय नेपालगञ्जको कार्यालय भवन निर्माण सम्वन्धमा न्यूनतम कवोल गर्ने बोलपत्रदाता राजेन्द्र/कालिका देउरुपा जे. भि. को एक साझेदारको विगत ४ वर्षको बासलात नभएको आधारमा मात्र उक्त जे. भि. लाई न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भन्न मिल्ने वा नमिल्ने द्विविधा भएको भनी केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय बुडानिलकण्ठको च.नं. २५९ मिति २०७०/१०/२८ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको न्यहोराः**

यस सम्वनधमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ को उपनियम (२) वमोजिम जे. भि. को साझेदारको र मूख्य साझेदारको न्यूनतम योग्यता बोलपत्र सम्वन्धी कागजातमा निर्धारण भए वमोजिम बोलपत्रदाताले पेश गरेको कागजात पुगे वा नपुगेको मूल्यांकन गरी सम्वन्धित सार्वजनिक निकायले नै निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/११/१६**

**५९. राय परामर्श माग भएको विषयः**

कृषि अनुसन्धान केन्द्र विजयनगर र मालेपाटन जुम्लाको कार्यालय भवन र किट विज्ञान महाशाखाको कार्यालय भवन निर्माण कार्यको लागि साठी लाख रुपैया भन्दा कम लागत भएको निर्माण कार्यको कुनै योग्यता निर्धारण गर्न नपाइने प्राबधान विपरित **SBD** मा विभिन्न किसिमको योग्यता निर्धारण गरी माग भएको बोलपत्रहरूको मूल्यांकन गर्दा निर्धारित योग्यता समावेस नगरी मूल्यांकन कारबाही अगाडि बढाउन नियम संगत हुने वा नहुने द्विविधा भई नेपाल कृषि अनुसन्धान परिषद सिंहदरवार प्लाजाको च.नं. ३५ मिति २०७०/१०/१५ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको न्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (१) मा खरिद सम्झौता प्राप्त गर्न बोलपत्रदाता वा प्रस्तावदाताको योग्यता निर्धाण भए वमोजिम पूरा गरेको हुनु पर्ने व्यवस्था भएको र सोही दफाको उपदफा (५) मा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साठी लाख रुपैयाँ भन्दा कम लागत अनुमान भएको निर्माण कार्य खरिदमा कुनै योग्यता निर्धारण गरिने छैन भन्ने व्यवस्था भएकोले उक्त मूल्यांकन प्रकृया अगाडि बढाउदा सोही ऐनको दफा ३ को उपदफा (१) मा भएको प्रावधान विपरित हुन जानेछ । कार्यविधि पूरा नभएको अवस्थामा ऐनको दफा ३ को उपदफा (२) बमोजिम हुने देखिन्छ।

**निर्णय मितिः २०७०/११/१६**

**६०. राय परामर्श माग भएको विषयः**

ह्याचर कम इन्क्यूवेटर खरिद सम्वन्धमा आपूर्तिकर्ताहरू मध्ये के.टि.सि. नेपालको दरभाउपत्रमा उक्त सामानको एक मुष्ट मूल्य रु. ८८३९४०।- उल्लेख गरी कैफियतमा **+13% Vat is Extra in Include** लेखेको । ल्याव लाईन ट्रेडर्स काठमाण्डौको दरभाउपत्रमा उक्त सामानको मूल्य रु. ८१४५००।- उल्लेख गरी **Note: Vat 13% Extra if Applicable** भनी नोट लेखेको हुँदा यी दुई मध्ये कसले पेश गरेको दरभाउपत्र घटि हो यकिन गर्न द्विविधा भई क्षेत्रीय कृषि अनुसन्धान केन्द्र परवानीपुर बाराको च.नं. १०३३ मिति २०७०/१०/६ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

के.टि.सि. नेपाल र ल्याव लाईन ट्रेडर्स काठमाण्डौको दरभाउपत्रमा उल्लेख गरेको कवोल अंक र कैफियतमा उल्लेखित आधारलाई विचार गर्दा दुवैको कवोल अंक मूल्य अभिवृद्धि कर बाहेको रकम उल्लेख गरेको देखिन्छ । मूल्यांकन गर्दा समेत मूल्य अभिवृद्धि कर बाहेको कवोल अंकमा मूल्यांकन गर्नु पर्ने ।

**निर्णय मितिः २०७०/११/१६**

**६१. राय परामर्श माग भएको विषयः**

भवन निर्माण कार्यको लागि १० वटा टेण्डर फारम विक्रि भएको । यस मध्ये ४ वटा निर्माण ब्यवसायीको शिलवन्दी बोलपत्र दर्ता हुन आएको । दर्ता भएका मध्ये जि. एस. कन्स्ट्रक्सनले माग गरे वमोजिमको लाईन अफ क्रेडिट संलग्न नगरेको । धर्मेन्द्र निर्माण सेवाले जिल्ला विकाश समितिको नाममा बनएको विडवण्ड पेश गरेको । जलजला जानकी/आँसु जे.भि. र निलगिरी निर्माण सेवाले BOQ मा उल्लेखित ३० आइटम मध्ये सि. नं. १ देखी २७ सम्मका हुबहु दररेट भरेको देखिदा मूल्यांकनको क्रममा द्विविधा भई निणर्य लिन नसकी जिल्ला हुलाक कार्यालय प्यूठानको च.नं. २०५ मिति २०७०/१०/२२ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायले बोलपत्र सम्वन्धी कागजातमा निर्धारण गरेको योग्यताको आधारहरू वमोजिम बोलपत्रदाताको योग्यता भए वा नभएको तथा BOQ मा हुवहु दररेट भएको र अर्कै कार्यालयको लागि बनाइएको बैंक जमानत पेश गर्ने सम्वन्धमा मिलोमतो हो वा होईन सम्वन्धित सार्वजनिक निकाय आफैले एकिन गरी आवश्यक कारबाही गर्नु पर्ने ।

**निर्णय मितिः २०७०/११/१६**

**६२. राय परामर्श माग भएको विषयः**

आइटमवाइज औषधी खरिद कार्यको लागि लागत अनुमान रकम रु. ३३,८७२८४।- को २.५ प्रतिशतले हुन आउने रकम बोलपत्र जमानत माग गरिएकोमा आइटमवाइज मूल्यांकन हुदा आठ आइटमको रु. ४३२,५३०।- को कबोल अंक स्वीकृत भई सम्झौता गर्न सूचना दिएकोमा सम्झौता गर्न नआई आठ आइटमको रु. ४३२,५३०।- को कबोल अंकको २.५ प्रतिशतले हुन आउने रकम जफत गरी बाँकी विडवण्ड फुकुवा गरी पाँउ भनी अनुरोध भई आएको हुँदा कुन अंकको २.५ प्रतिशत जफत गर्ने द्विविधा भई जिल्ला जनस्वस्थ्य कार्यालय बाँकेको च.नं. ६६७ मिति २०७०।८।१८ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (६) वमोजिम लागत अनुमानको दुई देखी तीन प्रतिशत रकमको सीमा भित्र रही निश्चित रकम तोकी बोलपत्र जमानत माग्नु पर्ने हुँदा जफत गर्नु पर्ने अवस्थामा पनि सोही जमानत बराबरको रकम जफत गर्नु पर्ने देखिन्छ ।

**निर्णय मितिः २०७०/११/१६**

**६३. राय परामर्श माग भएको विषयः**

**Electronic Cheque Clearing** प्रणाली अनुसार चेक छपाई गर्न **Global Tender** गर्ने प्रकृया अन्तिम चरणमा पुगेकोमा उक्त प्रकृयाको लागि अझै ३-४ महिना लाग्न सक्ने हुँदा यस अवधिमा चेक अभाव हुन गई बैंकको काम प्रभावित हुन जाने भएकोले तत्काल कुन प्रकृयाबाट बचत चेक ६ लाख र चल्ती ३ लाख प्याड छपाई गर्न उपयुक्त हुन्छ राष्ट्रिय वाणिज्य बैकको संचालक समितिको निर्णय वमोजिम च.नं. १५८२ मिति २०७०/१०/२६ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ को उपदफा (१) वमोजिम विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानी नोक्सानी हुने अवस्था आई परेमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ को प्रकृया वमोजिम खरिद गर्न वा गराउन सक्ने अवस्था छ । यस प्रकृया वमोजिम खरिद गर्दा विशेष परिस्थिति सृजना भएको हो वा होइन भन्ने विषयमा सम्वन्धित सार्वजनिक निकाय आफैले एकिन र पुष्टि गर्नु पर्ने हुन्छ । **निर्णय मितिः २०७०/११/१६**

**६४. राय परामर्श माग भएको विषयः**

बाल स्वस्थ्य महाशाखाको लागि आवश्यक मालसामान खरिद गर्न आपूर्तिकर्ताले सम्झौता गर्दा राखेको सिद्धार्थ बैंक लिमिटेडबाट जारी भएको कार्यसम्पादन जमानत पेश गरेकोमा उक्त जमानत फिर्ता गरी यसको सट्टा नेपाल एसबिआई बैक, टेकु काठमाण्डौबाट जारी भएको सोही वमोजिमको कार्यसम्पादन जमानत समावेश गरी पाँउ भनी अनुरोध गरेको छ । बैंक परिवर्तन गरको नयाँ कार्यसम्पादन जमानत स्वीकार गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा स्वस्थ्य सेवा विभाग आपूर्ति व्यवस्था महाशाखाको च.नं. १६८२ मिति २०७०/११/१ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको व्यहोराः**

आपूर्तिकर्ताले सम्झौता गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० को उपनियम (१) वमोजिम राखेको कार्यसम्पादन जमानत सम्झौतामा उल्लेखित मालसामान आपूर्ति वा हस्तन्तरणको प्रत्याभूतिको लागि सुरक्षण वापत राखिने भएको हुँदा उक्त कार्यसम्पादन जमानतको निरन्तरता हुने गरी रकम, किसिम, मान्य ढाँचा र मान्य अवधि (भेलिडिटी पिरियड) मा कुनै फरक नपर्ने गरी परिबर्तित बैंक सँग निश्चित गरी कार्यसम्पादन जमानतको परिवर्तन गर्न सकिने देखिन्छ ।

**निर्णय मितिः २०७०/११/१६**

**६५. राय परामर्श माग भएको विषयः**

**DROPKR/3371344/070/071-218** को सम्वनधमा **Gajarmukhi Nirman Pvt Ltd, Kathmandu** ले इ-विडिमा पेश गरेको बिड खरिद शुल्क डी. स. कार्यालय चरिकोटको नाममा रहेको र हार्डकपी पेश गर्दा क्षेत्रीय सडक निर्देशनालय को नाममा रहेको तर राजश्व कार्यालय कोड यसै कार्यालय (डि. स. कार्यालय काश्की) को रहेको र नेपाल राष्ट्र बैंकमा उक्त फर्मले तिरेको प्रमाण यस कार्यालय सँग भएको अवस्थामा बिड शुल्कको मान्यताको विषयमा द्विविधा भई पश्चिमान्चल डिभिजन कार्यालय नं. २ पोखराको च.नं. १७३१ मिति २०७०/११/१ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको व्यहोराः**

बिड शुल्क गलत स्क्यान गरी पेश गरेमा के हुने भन्ने सम्वन्धमा बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भए वमोजिम सम्वन्धीत सार्वजनिक निकायले निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/११/१६**

**६६. राय परामर्श माग भएको विषयः**

कक्षा ११ र १२ को वार्षिक उत्तर पूस्तिका लगायतका अन्य गोप्य सामाग्री ढुवानी गर्न स्थान विषेश दुई प्याकेज बानाई दरभाउपत्रको सूचना प्रकाशित गर्न लागत अनुमानको अंक प्रकाशित गर्नु पर्ने वा नपर्ने धरौटी रकम कुन आधारमा तोक्ने द्विविधा भई उच्च माध्यामिक शिक्षा परिषद् को च.नं. ३६४ मिति २०७०/११/९ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको व्यहोराः**

लागत अनुमानको अंक प्रकाशित गर्नु नपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (६) वमोजिम जमानत रकम उल्लेख गर्नु पर्ने तथा उपनियम (१२) वमोजिम कार्य सम्पादन जमानत पेश गर्नु पर्ने ।

**निर्णय मितिः २०७०/११/१६**

**६७. राय परामर्श माग भएको विषयः**

**Construction of Building-Civil Work 2** का लागि बोपत्रदातहरूबाट ई-विडिङ्ग मार्फत पेश हुन आएको कागजातमा योग्यता सम्वन्धित कागजातहरू अनुभवको प्रमाणपत्रहरू, जनशक्ति वायोडाटा, उपकरणको विवरण पेश हुन नआएको र इ-विडिङ्ग मार्फत पेश गरेको कागजातलाई आधार मानी मूल्यांकन गरी सकेपछि प्रमाणित गर्न हार्डकपी समेत उपलब्ध गराउन भन्ने सूचना प्रकाशन गर्दा ई-विडिङ्ग मार्फत पेश हुन नआएको कागजात समेत पेश हुन आएको हुँदा द्विविधा भई नेपाल क्यान्सर अस्पताल सोनापुर बाँके को मिति २०७०/११/१९ मा Fax मार्फत प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

विद्युतिय माध्यमद्धारा बोलपत्र पेश गर्ने बोलपत्रदाताको हकमा बोलपत्र सम्वन्धी कागजातमा जुन-जुन कागजातहरू बोलपत्रदाताले अनिवार्य रूपमा विद्युतिय माध्यमद्धारा पेश गर्नु पर्ने भनिएका छन् सोही वमोजिमको कागजातलाई पुष्ट्याई गर्ने कागजात हार्डकपी मार्फत पनि पेश गर्न सकिने कुराहरू बोलपत्र सम्वन्धी कागजातमा अनिवार्य रूपमा उल्लेख गरिएको हुनुपर्ने । अनिवार्य रूपमा विद्युतिय माध्यमद्धारा पेश गर्नु पर्ने भनिएका कागजात पेश नगर्ने वोलपत्रदाताहरू सँग हार्ड कपी मागी मूल्यांकन गर्नु नहुने ।

**निर्णय मितिः २०७०/११/२६**

**६८. राय परामर्श माग भएको विषयः**

लुंम्रीमाडी सि. यो. सारी, प्यूठान को **MLP/LM-01/070-71** को लागि २ वटा वोलपत्र विक्रि भएकोमा १ मात्र दर्ता हुन आएको र **MLP/LM-02/070/71** को लागि ५ वटा वोलपत्र विक्रि भएकोमा १ मात्र वोलपत्र दर्ता हुन आएको । यी दर्ता हुन आएका वोलपत्रहरू सारभूत रूपमा प्रभावग्राही देखिएको साथै कवोल गरेको अंक स्वीकृत अंक भन्दा घटी रहेको अवस्थामा बोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने द्विविधा भई मध्य पश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं. ४ प्यूठानको च. नं. १८३ मिति २०७०/११/१३ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (२) मा यस सम्वन्धमा स्पष्ट उल्लेख गरिएको हुनाले सम्वन्धित सार्वजनिक निकाय स्वयंले सो वमोजिम निर्णय लिन उपयुक्त हुने ।

**निर्णय मितिः २०७०/११/२६**

**६९. राय परामर्श माग भएको विषयः**

पूर्व योग्यताको बोलपत्र आब्हान गरिए वमोजिम मूल्यांकनको क्रममा पूर्व योग्यताको कागजातमा माग भए वमोजिम एक मात्र आवेदकले सम्पूर्ण कागजात पेश गरेको र अन्य आवेदकको कर चुक्ताको प्रमाणपत्र तथा ज्वाइन्टभेन्चर कागजात आंशिक रूपमा मात्र पेश हुन आएको । दक्ष जनशक्ति सम्वन्धमा **Geotechnical Engineer** को माग भएकोमा **Geologist** को प्रस्ताव गरेको तथा **Structural Engineer** माग भएकोमा वायोडाटा र प्रमाणपत्र पेश नगरी नाम र नेपाल ईन्जिनियर काउन्सिलमा दर्ता भएको नं. मात्र दिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३५ को उपनियम (१) वमोजिम योग्य आवेदकको छनौट गर्न यी उल्लेखित कागजाजहरू सम्वन्धित प्रस्तावकहरू सँग माग गर्न मिल्ने वा नमिल्ने द्विविधा भई नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालय दरवारमार्गको च. नं. ८२५ मिति २०७०/११/२३ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

१) पूर्व योग्यताको लागि प्रस्तावदाताले पेश गरेको वोलपत्र सम्वन्धी कागजातलाई पुष्ट्याई गर्न आवश्यक थप कागजातहरू बोलपत्रदाताबाट माग गर्न सकिने ।

२) पूर्व योग्यताको लागि प्रस्तावदाताले पेश गरेको जनशक्ति तथा शैक्षिक योग्यताको विषयमा सम्वन्धित सार्वजनिक निकायले आफ्नो आवश्यकता परिपूर्ति हुने वा नहुने विचार गरी निर्णय गर्न उपयुक्त हुने ।

३) पूर्व योग्यताको लागि प्रस्तावदाताको योग्यताको आधारहरू तोक्दा प्रतिस्पर्धालाई सिमित हुने गरी तोकिनु नहुने ।

४) सार्वजनिक निकायले बोलपत्र आब्हान गर्नु अघि राष्ट्रिय स्तरको वोलपत्रदाताहरूको पूर्व योग्यता निर्धारण गर्दा एक मात्र योग्य आवेदक छनौट भई कुनै प्रतिस्पर्धा हुने नदेखिएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५ अनुसार गर्न सकिने।

**निर्णय मितिः २०७०/११/२७**

**७०. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (८) मा उल्लेख भएको "मौजुदा सूचिमा नरहेका बोलपत्रदाता प्रस्तावदातालाई सार्वजनिक निकायबाट आब्हान भएको सिलवन्दी दरभाउपत्र, बोलपत्र वा प्रस्तावमा भाग लिन बन्चित गर्न पाईने

छैन" भन्ने व्यवस्था र सोही नियमावली को नियम ८५ को उपनियम (४) मा "पच्चीस हजार रुपैयाँ बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रूपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्नेछ" भनि उल्लेख भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ वमोजिम सोझै खरिद गर्दा मौजुदा सूचिमा दर्ता नभएकाहरू सँग खरिद गर्न मिल्ने वा नमिल्ने द्विविधा भई रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) को प.सं. पि.ए. च.नं. ८९/०७०/७१ मिति २०७०/११/२६ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ वमोजिम सोझै खिरिद गर्न विभिन्न खण्ड (क) देखि (च) सम्मका अवस्थाहरूको उल्लेख गरिएको यस मध्ये खण्ड (क) वमोजिम सोझै खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (४) वमोजिम मौजुदा सूचिमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रूपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने देखिन्छ । कार्यालयलाई आवश्यक पर्ने सामान आपूर्ति गर्ने आपूर्तिकर्ता पर्याप्त नभएको वा आवश्यक सामानको प्रकृति अनुसारको आपूर्तिकर्ताहरू नभएको अवस्थामा मौजुदा सूचि भन्दा वाहिरबाट प्रस्ताव माग गर्न कुनै बाधा नहुने र सिलवन्दी दरभाउपत्र, बोलपत्र वा प्रस्तावको हकमा मौजुदा सूचिमा नरहेको भएता पनि भाग लिनबाट बञ्चित गर्न नपाइने ब्यवस्था गरेको हुँदा कुनै द्विविधा नरहेको ।

**निर्णय मितिः २०७१/१/४**

**७१. राय परामर्श माग भएको विषयः**

चालु आ. व. ०७०/७१ को लागि ठेक्का नं. **SWMTC/NCB/Works/04-070/71** को **Construction of Kolpukhola River Diversion and River Training Works, Banchare Danda** को लागि **Hard Copy** खरिद नगरेको बोलपत्रदाताको नामबाट शिलवन्दी तोडिएको अवस्थामा वोलपत्र दर्ता हुन आएको तथा ई विडिङ्ग समेत गरेको हुदा मूल्यांकनमा समावेस गर्न मिल्ने वा नमिल्ने द्विविधा भई फोहेरमैला ब्यवस्थापन प्राविधक सहयोग केन्द्र को च. नं. ८१६ मिति २०७०/११/१९ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

शिलवन्दी भई नआएको वोलपत्रको हकमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ को खण्ड (क) वमोजिम हुने । एउटै वोलपत्रदाताले ई विडिङ्ग र **Hard Copy** दुवै तरिकाबाट पेश हुन आएको बोलपत्र फरक नभएको अवस्थामा बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भए वमोजिम सम्वन्धित सार्वजनिक निकायले नै निर्णय गर्न उपयुक्त हुने ।

**निर्णय मितिः २०७१/१/४**

**७२. राय परामर्श माग भएको विषयः**

ठेक्का नं. ४/०७०/७१/४८ र ४/०७०/०७१/५० दुवैमा भैरव/अरविनद जे. भि. को कवोल अंक अन्य फर्मको भन्दा कम भएकोले मूल्यांकनको क्रममा जे. भि. पार्टनर अरविन्द निर्माण सेवाको बोलपत्र कागजातमा माग भए वमोजिम **Annual Turnover** न्यूनतम २५ प्रतिशत हुनु पर्नेमा एक ठेक्का नं. को लागि **Turnover** पुग्ने र दुवैको लागि नपुग्ने अवस्थामा उक्त जे.भि.लाई दुबै ठेक्का दिन मिल्ने/नमिल्ने द्विविधा भई म.प. डिभिजन सडक कार्यालय नं. ३ नेपालगञ्ज, बाँकेको को च.नं. ७८९ मिति २०७०/११/२५ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ को उपनियम (१) को खण्ड (घ) को प्रावधान अनुसार निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्ने **Turnover** बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदाताको योग्यता निर्धारण गर्दा तोक्न सक्ने देखिन्छ । बोलपत्र कागजातमा माग भए वमोजिम **Annual Turnover** एक प्याकेजको लागि जे. भि. पार्टनरको न्यूनतम २५ प्रतिशत हुनु पर्ने उल्लेख भएकोमा दुवै ठेक्काको लागि **Turnover** ले नपुग भएमा दुवै ठेक्का सम्झौता गर्न योग्य भएको भन्न नमिल्ने ।

**निर्णय मितिः २०७१/१/४**

**७३. राय परामर्श माग भएको विषयः**

ठेक्का नं. ७७/०७०/७१ देखि ८०-०७०/०७१ सम्मका बोलपत्र सम्वन्धी कागजातको **Instruction to Bidder** को **Clause-17** मा **"Bid once submitted shall not be withdrawn or modified"** लेखिएको हुँदा बोलपत्र पेश गर्ने अन्तिम मिति समाप्त हुनु अगावै वोलपत्र फिर्ता लिने वा संशोधन माग भएकोले द्धिविधा भई म. प. डिभिजन सडक कार्यालय नं. २ को च. नं. ७३४ मिति २०७०/११/६ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**<u>राय परामर्शको न्यहोराः</u>**

बोलपत्र सम्वन्धी कागजातको **"Instruction to Bidder"** मा अन्यथा लेखिएको कारणले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ बमोजिम बोलपत्र फिर्ता लिन वा संशोधन को लागि निवेदन दिन सक्ने प्रावधान विपरित राखिएको शर्त मान्य नहुने ।

**निर्णय मितिः २०७१/१/४**

**७४. राय परामर्श माग भएको विषयः**

पाटन औद्योगिक क्षेत्र भित्रको सडक कालो पत्रे गर्न र ट्रान्सफरमर खरिद गर्न पर्न आएको बोलपत्र तथा दरभाउपत्रमा पेश हुन आएका **BOQ** मा अंक र अक्षरमा कुनै भिन्नत नभएता पनि अंक उल्लेख गर्दा रु. भनि नलेखेको र अक्षरमा लेख्दा रुपैयाँ तथा मात्र भन्ने शब्द नलेखेको हुँदा रीत पुगे वा नपुगेको सम्वन्धमा द्धिविधा भई पाटन औद्योगिक क्षेत्र न्यवस्थापन कार्यालयको च. नं. २७८ मिति २०७०/११/२६ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**<u>राय परामर्शको न्यहोराः</u>**

**BOQ** फारममा उल्लेख भएका अकंहरूमा रकम लेखिसकेपछि प्रयोग हुने चिन्ह (।-) प्रयोग गरेको र **BOQ** फारमको शिर्षकमा **NRS** भनि लेखिएको देखिन्छ । राष्ट्रिय स्तरको बोलपत्र र दरभाउपत्र नेपाली मुद्रामानै मागिने हुंदा **BOQ** मा उल्लेखित अंकहरू नेपाली मुद्रा र रुपैयामा नै उल्लेख भएको हो भन्ने प्रर्याप्त आधारहरू देखिएकोले द्धिविधा रहेको देखिदैन ।

**निर्णय मितिः २०७१/१/४**

**७५. राय परामर्श माग भएको विषयः**

ने. रा. नि. मा. वि. धनौरा ठोढोरीको विद्यालय भवन निर्माण गर्न जिल्ला विकास समिति बर्दिया र भारतिय राजदुतावास वीच भएको **MOU** मा मूल्य समायोजनको न्यवस्था नभएको । जि. वि. स. र ठेकेदार वीच भएको निर्माण सम्झौतामा मूल्य समायोजनको न्यवस्था भएको । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ को उपदफा (२) मा खरिद सम्झौता प्राप्त गर्ने न्यक्तिको ढिलाईबाट सम्झौता वमोजिको काम सो समझौतामा उल्लेखित अवधि भित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न सकिने छैन भन्ने प्रावधान भएकोमा ठेकेदारले ५ नोभेम्वर २००९ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा निजले ३ मे २०१० मा मात्र कार्य सम्पन्न गरेको अवस्थामा एडजुडिकेटरले ठेकेदारको पक्षमा एकलैटी निर्णय गरी मूल्य समायोजन भुक्तानी गर्नु पर्ने निर्णय गरेकोले द्धिविधा भई जिल्ला विकास समितिको कार्यालय बर्दियको च. नं. ७९४ मिति २०७०/८/२५ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**<u>राय परामर्शको न्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (२) मा भएको ब्यवस्था वमोजिम सार्वजनिक निकायले गरेको खरिद प्रकृयामा उत्पन्न भएको विवाद समाधान गर्न नमिल्ने हुँदा यस सम्वन्धमा राय दिईरहनु नपर्ने ।

**निर्णय मितिः २०७१/१/४**

**७६. राय परामर्श माग भएको विषयः**

बासुदेब सभागृह निर्माण कार्यको लागि माग भएको बोलपत्रमा ई बिडिङ्ग गर्ने बोलपत्रदाताले बोलपत्र खरिद गरेको बैंक भौचरमा रकम जम्मा गर्नुको प्रयोजन, रकम जम्मा गर्ने संस्था वा न्यक्ति उल्लेख नभएको र रकम जम्मा गरेको मिति बोलपत्र सूचना प्रकाशन भएको मिति भन्दा अगाडीको भएको अवस्थामा उक्त बैंक भौचरलाई मान्यता दिन मिल्ने वन नमिल्ने सम्वन्धमा हेटौंडा नगरपालिका कार्यालय, हेटौंडाको च.नं. १०९६५, मिति २०७०।१२।६ को पत्रबाट राय माग भै आएको ।

**राय परामर्शको व्यहोराः**

बोलपत्रको पुर्णताको परीक्षण गर्दा बोलपत्र खरिद गरेको बैंक भौचरमा रकम जम्मा गर्नुको प्रयोजन, रकम जम्मा गर्ने संस्था वा व्यक्ति उल्लेख नभएको र रकम जम्मा गरेको मिति बोलपत्र सूचना प्रकाशन भएको मिति भन्दा अगाडीको भएको अवस्थालाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० को खण्ड (घ) बमोजिम पुर्ण बोलपत्र मान्न नमिल्ने ।

**निर्णय मितिः २०७१/१/४**

**७७. राय परामर्श माग भएको विषयः**

बोलपत्रसाथ आफू कालो सूचिमा नरहेको भनि पेश गर्नु पर्ने स्वयं घोषणपत्रमा मिति उल्लेख नभएको र बोलपत्रको सूचना अनुसार दर विश्लेषण (Rate Analysis) पेश गर्न भनिएकोमा अपूर्ण रूपमा पेश गरी एउटा आईटम को दर विश्लेषण पेश नगरेको अवस्थामा बोलपत्र मूल्यांकनमा समावेश गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा स्पष्ट रायको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग मध्य पश्चिमाञ्चल क्षेत्रीय कार्यालय सुर्खेतको च. नं. ८१ मिति २०७०/८/२८ को प्राप्त पत्रबाट राय परामर्श माग भएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) र (३) वमोजिम बोलपत्र परीक्षण गर्ने सिलसिलामा उपदफा (४) वमोजिम आवश्यक जानकारी माग गर्न सकिने हुँदा बोलपत्रदाता सँग स्वयं घोषणपत्रमा मिति उल्लेख नभएको र एउटा आईटम को दर विश्लेषण पेश नगरेको सम्वन्धमामा जानकारी माग गरी सम्वन्धित सार्वजनिक निकायले आवश्यक निर्णय लिन सक्ने देखिन्छ ।

**(निर्णय मितिः २०७१/१/४)**

**७८. राय परामर्श माग भएको विषयः**

दशरथ नगरपालिका बैतडीको कार्यालय भवन निर्माण गर्न बोलपत्र खरिद बापत जम्मा गर्नु पर्ने रकम बाणिज्य बैंक शाखा कार्यालयमा रहेको राजश्व खाता नं. ग-४-३-४३०२ मा जम्मा गरेको भौचर पेश गरेको । बोलपत्रको पुर्णताको परीक्षणको लागि सम्वन्धित बैंकबाट स्टेटमेन्ट मगाउदा उक्त मितिमा रकम जम्मा भएको नदेखिएको । अन्य संकेत नम्वर खातामा रकम जम्मा भएको भनी बैंकबाट प्राप्त पत्रमा उल्लेख भई आएको हुँदा मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने द्विविधा भई च.नं. ११२८, मिति २०७०।१२।१२ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० को खण्ड (घ) बमोजिम सम्बन्धित बोलपत्रदाता आफैले खरिद गरेको बोलपत्र सम्वन्धी कागजात भरी पेश गरे वा नगरेको परीक्षण गर्नुपर्ने प्रावधान रहेको। अन्य संकेत नम्बर खातामा रकम जम्मा भएको भनि बैंकबाट उल्लेख भएको देखिंदा बोलपत्रदाताले पेश गरेको बैंक भौचर कसको नामको हो ? कुन प्रयोजनको लागि रकम जम्मा भएको हो ? कुन मितिमा जम्मा गरेको हो ? अन्य खातामा जम्मा हुनु पर्ने कारण आदी बारेमा बैंकसँग एकिन गरी तहाँबाटै निर्णय हुन उपयुक्त हुने ।

**७९. राय परामर्श माग भएको विषयः**

परराष्ट्र मन्त्रालयको प.सं. GAD/P.Adm/१४३७, मिति २०७०।१२।११ को प्राप्त पत्रबाट चालु आ.व. २०७०/७१ को बजेट बक्तव्यमा MRP पासपोर्ट ७५ वटै जिल्ला प्रशासन कार्यालय तथा विदेश स्थित सबै कुटनैतिक नियोगहरूबाट Live Enrollment System द्वारा गरिने भनि उल्लेख भए बमोजिम उक्त System यसै आर्थिक बर्ष भित्र खरिद गर्न पर्ने भएको । उक्त खरिदको लागि MRP छपाई तथा पर्सनलाईजेसनको लागि फ्रान्सको ओवरर्थर कम्पनीसंग भएको सम्झौताको GCC को Clause 18 र 19 मा Technical Enhancement तथा Upgrade गर्नु पर्ने अवस्थामा दुवै पक्ष वीच वार्ता गरी सम्झौताको बुँदालाई संशोधन गरी आवश्यक कार्य गर्न सकिने व्यवस्था रहेको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (१) को (ङ) मा पूर्व अनुमान गर्न नसकिएको कारणले शुरु सम्झौतामा समावेश नभएको र शुरु सम्झौताबाट अलग गरि सम्पन्न गर्न प्राविधिक तथा आर्थिक कारणले कठिनाई हुने भई तोकिए बमोजिमको सीमा भित्रको अत्यावश्यक निर्माण कार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्न परेमा सोझै खरिद गराउन सकिनेछ भन्ने प्रावधान रहेको हुँदा उक्त ओवरर्थर कम्पनी संग वार्ता गरी दुवै

पक्षको सहमतीमा Live Enrollment System खरिद गर्न मिल्ने वा नमिल्ने र नमिल्ने भए चालु आ.व. भित्रै उक्त कार्य ऐन तथा नियम बमोजिम कसरी शुरु गर्ने भनी राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

फ्रान्सको ओवरर्थर टेक्नोलोजी बीच भएको सम्झौता कार्यान्वयन कै चरणमा रहेको अवस्थामा सोही कार्य प्रयोजनको लागि करीव १ अर्व ५० करोड ५६ लाख भार पर्ने गरी विना प्रतिस्पर्धा अर्को सम्झौता गर्न उपयुक्त नभएको र खरिद सम्वन्धी ऐन तथा नियमको प्रकृया संग पनि मिल्ने नदेखिएको । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ बमोजिम बिशेष परिस्थितिमा खरिद गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ को कार्यविधि पुरा गरी खरिद गर्न विशेष परिस्थिति हो वा होइन सम्वन्धित सार्वजनिक निकायले नै एकिन गर्नुपर्ने ।

**८०. राय परामर्श माग भएको विषयः**

माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माण सुपरिवेक्षण परामर्श सेवाको लागि मिति २०६७।०८।१६ प्रस्ताव खरिद सम्झौता भयो । उक्त सम्झौताको GCC को Sub Clause 5.3 मा करार भएपछि करहरू परिवर्तन भएमा सोही अनुसार पारिश्रमिक र शोधभर्ना थपघट गर्नु पर्ने भन्ने प्रावधान रहेको । सम्झौताको अंक निश्चित भई Letter of Acceptance दिए पछि र सम्झौता हुनु भन्दा अघि मिति २०६७।०८।०४ बाट लागु हुने गरी करको दरमा समेत केहि परिवर्तन भई परामर्शदाताको करको दायित्व बढ्न गएको । यस्तो अवस्थामा GCC को Sub Clause 5.3 अनुसार पारिश्रमिक र शोधभर्ना थपघट गर्न सकिने वा नसकिने सम्वन्धमा माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको प.सं./च.नं. ०७०/७१/७२४ (KTM) मिति २०७०।११।२२ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

सम्झौता भएको मिति भन्दा अघि नै कानून संशोधन भई करका दरहरू परिवर्तन भएको देखिदा GCC को Sub Clause 5.3 बमोजिम करार पछि करहरू परिवर्तन भएमा सोही अनुसार पारिश्रमिक  शोधभर्ना थपघट गर्नु पर्ने भन्ने प्रावधान आकर्षित हुने देखिदैन ।

**८१. राय परामर्श माग भएको विषयः**

C to P प्रेश मेशिन १ सेट खरिद गर्न बोलपत्र आव्हान गरी मूल्याङ्कनको क्रममा प्राविधिक उप समितिले स्पेशिफिकेशन बमोजिमको थर्मल प्रविधिको सट्टा भ्याइलेन्ट प्रविधिको सिफारिस गर्नुको साथै बजेट अभाव तथा बिडवण्डको म्याद समाप्त भएको आदी कारणले बोलपत्र रद्द गर्न पर्ने भएको। यस्तो अवस्थामा रद्द गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा गोरखापत्र संस्थानको च.नं. ३५६७/०७०/७१, मिति २०७०।१२।०७ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

C to P प्रेश मेशिन १ सेट खरिद गर्नको लागि बोलपत्र माग गरिएकोमा उक्त मेशिन आवश्यक भए वा नभएको सम्वन्धमा सम्वन्धित सार्वजनिक निकाय स्वयंले निर्णय गर्न सक्ने र आवश्यक नभएको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ मा उल्लेख भए बमोजिम रद्द गर्न सकिने ।

**८२. राय परामर्श माग भएको विषयः**

अस्वभाविक न्यून कवोल अंक उल्लेख गरेको राशन आपूर्तिको ठेक्का वन्दोवस्तमा थप ८ प्रतिशत कार्य सम्पादन जमानत लिदा कुल ठेक्का रकम कै लिने वा कुनै आइटमको लिने द्धिविधा भई नेपाली सेना प्रवन्धरथी विभाग (खाद्य र परिवहन)  जंगी अड्डाको प.सं. २३३७/फु.रा.क./१५/०७०/७१/७६, मिति २०७०।१२।११ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

थप जमानत लिने बिषय सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ बमोजिम निर्माण कार्यको विशेष मुल्याङ्कनमा लागु हुने देखिन्छ । राशन खरिद सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ८ बमोजिमको कार्यविधि अपनाउनु पर्ने प्रावधान रहेको छ । थप ८ प्रतिशत कार्यसम्पादन जमानत लिनु पर्ने अवस्थामा कुल ठेक्का रकमकै लिनु पर्ने हुन्छ ।

**८३. राय परामर्श माग भएको विषयः**

निर्माण कार्य खरिद गर्नको लागि बोलपत्र सम्वन्धी कागजातमा Specific work experience of similar nature अन्तर्गत Work experience माग गर्दा भ्याट बाहेक वा भ्याट समेत भनी उल्लेख नगरिएको । बोलपत्रदाताबाट भ्याट समेतको रकम उल्लेख भई आएको हुँदा भ्याट समेतको रकमलाई experience प्रयोजनमा गणना गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा द्विविधा भई पुष्पलाल (मध्यपहाडी) लोकमार्ग योजना को च.नं. ८६३, मिति २०७०।११।२८ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायले बोलप सम्वन्धी कागजातमा Specific work experience of similar nature अर्न्तगत Work experience माग गर्दा भ्याट बाहेक वा भ्याट समेत भनी स्पष्ट किटान गरी माग गर्नुपर्ने हुन्छ । work experience गणना भ्याट रकम बाहेक नै गणना गर्नु पर्ने हुन्छ ।

**८४. राय परामर्श माग भएको विषयः**

Supply Delivery & Installation of OT/ICU Equipments खरिद गर्न Package "A" को लागि न्यूनतम सारभूत रूपमा प्रभावग्राही वोलपत्रदातासंग बजेट अभावको कारण एक आइटमको लागि सम्झौता भएकोमा हाल बजेट ब्यवस्था भएकोले पुनः अर्को छुट्टै सम्झौता गर्न मिल्ने वा नमिल्ने द्विविधा भई मानव अङ्ग प्रत्यारोपण केन्द्र भक्तपुरको च.नं. १४०, मिति २०७०।०६।१७ को प्राप्त पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायले खरिदको लागि आवश्यक वजेट ब्यवस्था नभई खरिद कार्य शुरु गर्न नहुने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को प्रावधानको ध्यानाकर्षण गराइन्छ । Package "A" को लागि न्यूनतम सारभूत रूपमा प्रभावग्राही वोलपत्रदातासंग बजेट अभावको कारण एक आइटमको लागि मात्र सम्झौता भईसकेको अवस्थामा सोही प्याकेजको अन्य आवश्यक सामानको लागि सोही बोलपत्रदातासंग पुनः सम्झौता गरि खरिद गर्न नसकिने । प्याकेजको लागि एउटै सम्झौता गर्नु पर्ने देखिन्छ ।

**८५. राय परामर्श माग भएको विषयः**

मालपोत कार्यालय बझाङको कार्यालय भवन निर्माण गर्ने सम्वन्धमा सिलबन्दी बोलपत्र मार्फत भाग लिने निर्माण ब्यवसायी फर्मले आफ्नो e-Bid ID मार्फत अर्को फर्मलाई e-Bid मार्फत सहभागी गराएको हुँदा उक्त कार्य गर्न मिल्ने वा नमिल्ने द्विविधा भई जिल्ला प्रशासन कार्यालय, चैनपुर, बझाङको प.सं. २०७०/७१, च.नं. १९६७, मिति २०७१।०१।०५ को प्राप्त पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ को उपदफा (२) को खण्ड (च) बमोजिम मिलेमतो गरी बोलपत्र पेश गरेमा आचरण विपरितको कार्य हुने । आफ्नो e-Bid ID मा अन्यलाई सहभागी गराउनु नहुने । सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट बञ्चित गर्ने उद्देश्यले बोलपत्र पेश गरी मिलेमतो गरेमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) को खण्ड (क) आकर्षित हुने देखिन्छ ।

**८६. राय परामर्श माग भएको विषयः**

Specific Work Experience को Current Value निकाल्ने सम्वन्धमा Work Completion Date सम्ममा Final Contract Amount रकममा National Urban Consumer Price Index लगाई Current Value निकाल्ने वा बोलपत्रदाताले पेश गरेको अनुभव सम्वन्धी प्रमाणपत्रमा उल्लेखित ठेक्का अन्तर्गत गरेको कार्यको बार्षिक भुक्तानी रकममा प्रत्येक बर्षको Price Index लगाई Specific Work Experience को Current Value निकाल्ने बिषयमा द्विविधा भएको भनी पुष्पलाल (मध्यपहाडी) लोकमार्ग योजना पूर्वी खण्डको प.सं. ०७०/७१, च.नं. ९५७, मिति २०७०।१२।२७ को प्राप्त पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

Specific Work Experience को Current Value निकाल्दा निर्माण व्यवसायीले सम्पन्न गरेको कार्यको प्रमाणपत्र वा सारभूतरूपमा कार्य सम्पन्न गरेको प्रमाणपत्रमा कार्य सम्पन्न भएको उल्लेखित मितिलाई आधार मानी राष्ट्र बैंकले जारी गरेको Price Index अनुसार Specific Work Experience को Current Value निकाल्ने ।

**८७. राय परामर्श माग भएको विषयः**

कृषि थोक बजार पूर्वाधार निर्माण कार्यको लागि कुल लागत अनुमान रु. ६८ लाख भएको । बोलपत्र कागजातमा रु. १,३६,००,०००।- टर्नओभर माग गरिएको । जे.भी. सम्झौतामा उल्लेख भए बमोजिमको शेयर अनुसार कै अनुपातमा टर्नओभर आवश्यक पर्ने हो वा होइन ? बोलपत्र कागजातमा उल्लेख भएको टर्नओभरलाई मान्यता दिने वा निजले माग गरेको टर्नओभरको अङ्कलाई मान्यता दिने ? बोलपत्र पेश गर्दा पावर अफ एटर्नीमा Speciment Signature of भनेको स्थानमा नाममात्र भएको तर हस्ताक्षर नभएको तर पछि हस्ताक्षर भएकोलाई मान्यता दिन मिल्ने वा नमिल्ने । करको अंक सच्चाएकोमा कारबाही गर्न हुने वा नहुने सम्बन्धमा स्पष्ट पारिदिनुहुन भनी कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयको पत्र संख्या ०७०/७१, च.नं. ५९८, मिति २०७१।०१।१७ को पत्रबाट राय परामर्श माग भई आएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

Standard Bidding Document (SBD) अनुसार टर्नओभर १.५० देखी २ सम्मको अंकले हुन आउने अंक सार्वजनिक निकायले तोक्न सक्ने र यसरी तोकिएको टर्नओभरलाई मान्यता दिनु पर्ने । जे.भी. सम्झौतामा उल्लेख भए बमोजिमको शेयर अनुसार कै अनुपातमा टर्नओभर आवश्यक पर्ने । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) बमोजिम बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहिछाप भए वा नभएको सम्वन्धमा बोलपत्रको पूर्णताको परीक्षण गर्नु पर्ने भएको हुँदा अख्तियारनामा पाउने व्यक्तिको हस्ताक्षरको नमूना नै पहिचान नभएकोलाई पूर्ण बोलपत्र भन्न नमिल्ने र बोलपत्र साथ पेश गर्नु पर्ने कागजात पछि पेश गरेकोलाई मान्यता दिन नमिल्ने ।

**८८. राय परामर्श माग भएको विषयः**

पुल निर्माण कार्यको लागि पेश हुन आएको e-Bidding खोल्दा एक जे.भि. ले Declaration Letter समावेश नगरेको तर पछि हार्ड कपी पेश गर्दा समावेश गरेको । यसरी पछि पेश गरेको Declaration Letter लाई मुल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा जिल्ला विकास समिति, पर्वत, कुश्माको पत्र संख्या ०७०/७१, च.नं. १४२३, मिति २०७१।०१।१२ को पत्रबाट राय परामर्श माग भई आएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) र (३) बमोजिम दर्ता हुन आएको बोलपत्रहरूको पूर्णताको परीक्षण गर्नु पर्ने भएकाले बोलपत्रदाताले e-Bid मार्फत बोलपत्र पेश गर्दा Deceleration Letter समावेश नगरी बोलपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय पछि हार्ड कपी पेश गरेकोलाई रीत पुगेको मान्न नमिल्ने ।

**८९. राय परामर्श माग भएको विषयः**

सिक्टा सिंचाई आयोजनाको सिधनिया शाखा नहर निर्माणको लागि पर्न आएका बोलपत्रहरू मुल्याङ्कनको क्रममा बोलपत्रदाताको Monthly Production Rate of Key Activities विगत १० बर्ष भित्र निज बोलपत्रदाताहरूले जे.भी. मा कार्य गरेको भए जे.भी. हिस्सा अनुसारको हुने वा शतप्रतिशत नै हुने मा द्धिविधा भई सिक्टा सिंचाई आयोजना, नेपालजञ्ज, बाँकेको पत्र संख्या ०७०/७१, च.नं. १४ युनिट अफिस, सि.वि. मिति २०७१।०१।०५ को पत्रबाट राय परामर्श माग भई आएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

Monthly Production Rate of Key Activities को मूल्याङ्कन गर्दा सार्वजनिक निकायले बोलपत्र सम्वन्धी कागजातमा तोकिएको आधार बमोजिम मूल्याङ्कन गर्नु पर्ने । Monthly Production Rate of Key Activities को मूल्याङ्कन गर्दा जे.भी. साझेदार भई विगतमा गरेको कार्यलाई सोही जे.भी. कायम नै राखी प्रत्येक साझेदारले एउटै कार्यलाई अलग/अलग देखाउन नमिल्ने र विगतमा जे.भी. भई गरेको कार्य जे.भी. कायम नरही छुट्टै बोलपत्रदाता वा जे.भी. भई बोलपत्र पेश गरेको अवस्थामा शतप्रतिशत कार्य अनुभव गणना गर्न उपयुक्त हुने ।

**९०. राय परामर्श माग भएको विषयः**

सिलबन्दी दरभाउपत्र माग्दा एउटै प्याकेजमा स्कुटर र मोटरसाईकलको लागि दरभाउपत्र माग गरेको । यसको लागि ३ वटा फर्मको प्रस्ताव दर्ता हुन आएको । यस मध्ये एउटा फर्मले स्कुटर र मोटरसाईकल दुबै दिन प्रस्ताव पेश गरेको । अन्य दुई वटा फर्म मध्ये एकले मोटरसाईकल मात्र र अर्कोले स्कुटर मात्र आपूर्ति गर्ने प्रस्ताव पेश गरेको हुँदा निर्णय गर्न समस्या परेकोले जल तथा मौसन विज्ञान विभागको प.सं. ०७०/७१, च.नं. १६१, मिति २०७१।०१।०२ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक निकायले दरभाउपत्र माग गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (२) बमोजिम सिलबन्दी दरभाउपत्रको फाराम तयार गर्नु पर्ने र फाराममा उल्लेख भए बमोजिमको शर्तहरू पुरा नगरी पेश हुन आएका दरभाउपत्र मान्य नहुने ।

**९१. राय परामर्श माग भएको विषयः**

शिशु तथा बाल्यकालिन पोषण तालिमको लागि आर्थिक प्रस्ताव माग गरिएकोमा अन्तराष्ट्रिय एड्स प्रिभेन्सन्स अनुसन्धान केन्द्र नामक संस्थाले पेश गरेको प्रस्तावमा संस्थाको छाप सबै पानामा नभएको र अन्तिम पानामा छाप तथा सहि समेत नभएकोमा मूल्याङ्कनमा समावेश गर्ने वा नगर्ने द्विविधा भई स्वास्थ्य सेवा विभागको च.नं. १५००, मिति २०७१।०१।०८ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक निकायले गर्ने खरिदको सम्वन्धमा यस कार्यालयले जारी गरेको प्रस्ताव माग गर्ने सम्वन्धी कागजातको नमूना वमोजिम प्रस्ताव माग गरेको नदेखिएकोले अव उप्रान्त सो बमोजिम प्रस्ताव माग गर्न ध्यानाकर्षण गराइन्छ र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ को उपदफा (२) खण्ड (ग) मा प्रस्ताव तयार गर्न प्रस्तावदातालाई निर्देशन दिनु पर्ने व्यवस्था भई सो अनुसार प्रस्ताव सम्वन्धित कागजातको आर्थिक प्रस्तावमा प्रस्तावदाताको संस्थाको छाप र हस्ताक्षर अनिवार्य हुनु पर्ने भनी दिइएको निर्देशन अनुसार प्रस्तावदाता संस्थाको छाप र हस्ताक्षर नभएको आर्थिक प्रस्ताव मूल्याङ्कनमा समावेश गर्न नहुने ।

**९२. राय परामर्श माग भएको विषयः**

विभिन्न सामानको आवश्यकता अनुसार सामान खरिद गर्दा कुनै समानको खरिदको बोलपत्र आब्हान गर्दा उत्पादक कम्पनीको अधिकृत विक्रेताहरूबाट मात्र दाखिला हुने गरी बोलपत्र आब्हान गर्न सकिने वा नसकिने भनी वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको च.नं. ४०१४/०७०/७१, मिति २०७०।१२।११ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ को उपदफा (४) बमोजिम कुनै योग्य बोलपत्रदातालाई खरिद प्रकृयामा सहभागी हुन कुनै किसिमले बाधा पुऱ्याउने वा औचित्य विना प्रतिस्पर्धालाई सिमित गर्न नहुने भएकोले उत्पादक कम्पनीको अधिकृत विक्रेताहरूबाट मात्र दाखिला हुने गरी बोलपत्र आब्हान गर्न नसकिने ।

**९३. राय परामर्श माग भएको विषयः**

निर्माण सम्वन्धित कार्यको लागि e-Submission जे.भी. साझेदार मध्ये एकले Average Annual Construction Turnover, Credit Line खुलाएको । दोश्रोले केही पनि नखुलाएको तर Hard Copy पेश गर्दा उक्त प्रमाणपत्रहरू पेश गरेकोमा उक्त हार्डकपीलाई मान्यता दिन मिल्ने वा नमिल्ने सम्वन्धमा शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, काठमाण्डौको प.सं. ०७०/७१, च.नं. ७१४, मिति २०७०।१२।०३ को पत्रबाट  राय परामर्श माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८ को उपदफा (१) अनुसार बोलपत्र पेश गर्ने अन्तिम मिति र समयभित्रै निर्धारित ढाँचामा पेश गर्नुपर्नेछ भनी व्यवस्था गरिएको हुँदा बोलपत्रदाताले e-Bid मार्फत बोलपत्र पेश गर्दा बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्रै Average Annual Construction Turnover, Credit Line खुलाई पेश नगरी पछि हार्डकपी पेश गरेकोलाई मूल्याङ्कनमा समावेश गर्न नमिल्ने ।

**८४. राय परामर्श माग भएको विषयः**

नेपाल बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम भएको जग्गा तथा भवन खरिद गर्ने सम्वन्धमा नेपाल सरकार मा. मन्त्रीस्तर को निर्णय तथा उक्त मन्त्रालयको निर्देशन समेतको आधारमा द्विपक्षीय समझदारी एवं आर्थिक मूल्याङ्कन समेत गराई लिने र दिने पक्ष बीच समझदारी समेत भएको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ लागू हुने वा नहुने, लागू हुने अवस्थामा कस्तो कार्यविधि अपनाउने भनी बिमा समितिको बी.स. ३४७ (०७०/७१), च.नं. ४२०६, मिति २०७१।०१।१६ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

एउटा सार्वजनिक निकायको स्वामित्वमा रहेको सम्पत्ति अर्को सार्वजनिक निकायमा हस्तान्तरण गरिने बिषयमा सार्वजनिक खरिद ऐन तथा नियमावली आकर्षित नहुने हुँदा राय दिईरहनु नपर्ने ।

**८५. राय परामर्श माग भएको विषयः**

माथिल्लो त्रिशुली ३ वि जलविद्युत आयोजनाको लागि परामर्शदाता छनौट सम्वन्धमा पेश हुन आएको एक प्रस्तावदातालाई World Bank तथा ADB बाट कालोसूचीमा राखेको अवस्था देखिएकोले उक्त प्रस्तावदातालाई छनौट गर्न सकिने वा नसकिने सम्वन्धमा त्रिशुली जलविद्युत कम्पनी लिमिटेडको पत्र संख्या ०७०/७१, च.नं. २४८, मिति २०७१।०१।१२ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

विश्व वैंक र एशियाली विकास बैंकको नेपाल पनि सदस्य राष्ट्र भएको हुँदा यी निकायबाट कालो सूचीमा राखिएको बोलपत्रदाता, प्रस्तावदाता, आपूर्तिकर्ता, सेवाप्रदायक, निर्माण ब्यवसायी वा अन्य ब्यक्ति, फर्म, संस्था वा कम्पनीसंग खरिद कारोवार गर्न उपयुक्त नहुने ।

**८६. राय परामर्श माग भएको विषयः**

डिजेल जेनेरेटर खरिद सम्वन्धमा www.bolpatra.gov.np मार्फत एउटा बोलपत्र दाखिला हुन आएको देखिएको तर बोलपत्र खोल्ने निर्धारित समयमा उक्त बोलपत्र डाउनलोड हुन नसकेको हुँदा के कसरी मूल्याङ्कनमा समावेश गर्ने वा नगर्ने सम्वन्धमा राष्ट्रिय सूचना प्रविधि केन्द्र, सिंहदरबार, काठमाण्डौको प.सं. २०७०/७१, च.नं. ४३७, मिति २०७०।१२।०६ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्रदाताले PDF फाईल पेश गर्दा Read Only Mode मा पेश गरेको कारणबाट बोलपत्र डाउनलोड हुन नसकेको देखिदा उक्त समस्या समाधान गर्न Patch System मा Implement गरिसकिएको हुँदा डाउनलोड गरी मूल्याङ्कनमा समावेश गर्न सकिने।

**८७. राय परामर्श माग भएको विषयः**

परामर्श सेवा खरिद गर्न मौजुदा सूचीबाट ३ वटा फर्मसंग ३० दिनको म्याद दिई प्रस्ताव माग गरेकोमा ३ वटै फर्मबाट प्रस्ताव दर्ता भैसकेको हुँदा प्रस्ताव पेश हुने अन्तिम म्याद अगावै प्रस्ताव खोल्न मिल्ने वा नमिल्ने सम्वन्धमा जल तथा मौसम विज्ञान विभागको प.सं. ०७०/७१, च.नं. १४१०, मिति २०७१।०१।२१ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

प्रस्ताव खोल्न तोकिएको समय भन्दा अगावै प्रस्ताव खोल्ने ब्यवस्था नभएको हुँदा प्रस्ताव दर्ता भैसके पनि तोकिएको समय अगावै प्रस्ताव खोल्न नमिल्ने ।

**८८. राय परामर्श माग भएको विषयः**

IT Equipments (कम्प्युटर, प्रिन्टिर, स्क्यानर) खरिद गर्न विभागबाट स्विकृत स्पेशिफिकेसनमा A1 Scanner को लागि Technical Specification मा Energy Star Certificate र Power Consumption <30W माग भएको। न्यूनतम मूल्याङ्कित बोलपत्रमा Energy Star Certificate पेश नभएको र Power Consumption <53W पेश भएकोले सारभूत रूपमा प्रभावग्राही मान्न सकिने वा नसकिने भनी भू-सूचना तथा अभिलेख विभागको प.सं. ०७०/७१, च.नं. ८४८, मिति २०७१।०१।२५ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र मूल्याङ्कन गर्नु अगाडी मूल्याङ्कन समितिले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (घ) बमोजिम बोलपत्र कागजातमा उल्लेखित प्राविधिक स्पेशिफिकेशन अनुरुप बोलपत्र सारभूत रूपमा प्रभावग्राही भए वा नभएको निर्क्यौल गर्न परीक्षण गर्नु पर्ने । सानातिना फरकको रूपमा स्वीकार गर्न मिल्ने हो वा होइन सम्वन्धित सार्वजनिक निकायले नै एकिन गरी सोही ऐनको दफा २५ को उपदफा (२) र (३) बमोजिम गर्नुपर्ने ।

**९९. राय परामर्श माग भएको विषयः**

सार्वजनिक निकायमा पेश हुन आएको प्राविधिक र आर्थिक प्रस्तावमा कुनै संस्थाले संस्थाको नाम, छाप र आधिकारिक ब्यक्तिको दस्तखत गरी पेश गरेको तथा कुनै संस्थाले सो बमोजिम पेश नगरेको। मूल्याङ्कन समितिले जे जस्तो अवस्थामा प्राप्त भएको हो सोही अवस्थामा मूल्याङ्कन गरी प्रतिवेदन पेश गरेको । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७५ को उपनियम (३) को खण्ड (क) मा प्रस्तावदाताको नाम, ठेगाना र खण्ड (ख) प्रस्तावदाताको हस्ताक्षर भए नभएको तथा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका, २०७० को अनुसूची (२) र (३) मा प्रस्तावमा संस्थाको नाम र कुनै संकेत नगर्नु होला भनि फरक/फरक उल्लेख भएको देखिएकोले निर्णयमा पुग्न नसकिएको भनि घरेलु तथा साना उद्योग कार्यलयको प.सं. ०७०/७१, च.नं. ११८०, मिति २०७१।०१।१४ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ को उपदफा (२) खण्ड (ग) मा प्रस्ताव तयार गर्न प्रस्तावदातालाई निर्देशन दिनु पर्ने ब्यवस्था रहेको । निर्देशन बमोजिम रीतपुर्वक दर्ता हुन आएको प्रस्तावको बाहिरी खाम क्रमैसंग खोली सो खाममा रहेको प्राविधिक प्रस्तावको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७५ को उपनियम (३) बमोजिमको प्रक्रिया पूरा गरी मूल्याङ्कन समितिमा पेश गर्नु पर्ने । संस्थाको नाम, छाप र आधिकारीक ब्यक्तिको दस्तखत नभएको प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भएको मान्न नहुने । प्राविधिक प्रस्तावमा छनौट नभएको प्रस्तावदाताको आर्थिक प्रस्ताव फिर्ता गर्नु पर्ने । यो ऐन र यस ऐन अर्न्तगत बनेको नियम संग बाझिने गरी बनेको उक्त निर्देशिकाको अनुसूची मान्य नहुने ।

**१००. राय परामर्श माग भएको विषयः**

नेपालको वृद्धबृद्धाहरूको सर्वेक्षण गर्ने कार्यको लागि ६ वटा प्रस्तावदाताको संक्षिप्त सूची तयार भएको । PPMO को Standard Document अनुसार प्रस्ताव माग गरिएको जसमा Consultants must submit an original and one additional copies of each proposal भनी उल्लेख भएको । एउटा प्रस्तावदाताले आर्थिक र प्राविधिक प्रस्तावका original and one additional copies दुबै पेश गरेको । चारवटा प्रस्तावदाताले प्राविधिक प्रस्तावको मात्र original and one additional copies पेश गरेको आर्थिक प्रस्ताव एक कपी मात्र पेश गरेका छन् । एक प्रस्तावदाताले दुबै प्रस्तावको एक/एक कपी मात्र पेश गरेको हुँदा पूर्णताको परीक्षणमा पुर्ण भएको मान्ने वा नमान्ने सम्वन्धमा द्विविधा भई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. आ.प्र. ८/०७०/७१, च.नं. १९७७, मिति २०७१।०१।२५ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

प्रस्ताव सम्वन्धी कागजातमा Consultants must submit an original and one additional copies of each proposal भनी उल्लेख भएतापनी Original copy of technical र Financial proposal बुझाएका प्रस्तावदाताहरूले अन्य कागजात पुऱ्याएको अवस्थामा additional copies of each proposal माग गरी मूल्याङ्कनमा समावेश गर्न उपयुक्त हुने ।

**१०१. राय परामर्श माग भएको विषयः**

वीरगंज स्थित सुख्खा बन्दरगाहा पट्टा बहालमा दिने कार्यको लागि पर्न आएका प्रस्तावहरू मूल्याङ्कनको सिलसिलामा रहेको । तीन वटा प्रस्तावदाताहरूको प्रस्ताव दर्ता हुन आएको । संशोधित प्रस्ताव (Addendum Document) सबै प्रस्तावदातालाई दिइएको र Pre-Bid Meeting मा संशोधन (Addendum) बारेमा छलफल पनि चलाएको । २ वटा प्रस्तावदाताले संशोधित प्रस्ताव (Addendum Document) सहित प्रस्ताव बुझाएको र एक प्रस्तावदाताले विना संशोधित प्रस्ताव (Addendum

Document) नबुझाएको हुँदा मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने द्बिविधा भई नेपाल इन्टरमोडेल यातायात विकास समितिको प.सं. ०७०/७१, च.नं. ३९७, मिति २०७१।०१।३० को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

सुख्खा बन्दरगाहा पट्टा बहालमा दिई सोबाट राजश्व (भाडाको रूपमा) प्राप्त गर्ने बिषय देखिन्छ । यी बिषयहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (क), (ग), (घ) र (च) को परिभाषा आकर्षण हुने नदेखिएको हुँदा राय दिईरहनु नपर्ने । यस सम्वन्धमा अन्य प्रचलित कानून र तहाँबाट स्वीकृत पट्टा बहालमा दिने कागजात अनुसार निर्णय लिन उपयुक्त हुने ।

**१०२. राय परामर्श माग भएको विषयः**

निर्धारित समय भित्र पेश हुन आएका सातैवटा बोलपत्रदाताहरूले पेश गरेको बोलपत्रको BoQ मा Item Wise कुल रकम र कुल जम्मा रकम उल्लेख नगरेको । सवै भन्दा कम घटि रकम कवोल गर्ने बोलपत्रदाताले BoQ को Item No (v)(9) को दररेट महलमा अंकमा मात्र उल्लेख गरी अक्षरमा खाली राखेको अवस्था भएकोले मूल्याङ्कन कार्यमा द्बिविधा भएकोले जिल्ला प्राविधिक कार्यालय, सिन्धुपाल्चोकको प.सं. आ.प्र. ८/०७०/७१, च.नं. ८७, मिति २०७१।०२।०२ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र कागजातको BoQ मा उल्लेखित दररेट अंक र अक्षरमा उल्लेख गर्नु पर्ने देखिएता पनि एउट मात्र आईटममा अंक स्पष्ट भएको तर अक्षरमा उल्लेख नगरेको आधारमा मूल्याङ्कनमा समावेश गर्न बाधा नपर्ने ।

**१०३. राय परामर्श माग भएको विषयः**

राष्ट्रिय बाणिज्य बैंकले लगानी गरेको शेयर बिक्रि गर्न बिभिन्न मिति र तरिका अपनाई बोलपत्र आब्हान गरेकोमा कुनै बोलपत्र पेश नभएकोले नेपाल सरकारको पुर्ण स्वामित्व रहेको संस्था र नेपाल सरकारको अधिकांश स्वामित्व रहेको संस्थाहरूलाई आबश्यक वार्ताको माध्यमले विक्रि गर्न प्रचलित कानून अनुसार मिल्ने/नमिल्ने सम्वन्धमा अर्थ मन्त्रालयको प.सं. वि.क्षे.ब्य. ०७०/७१, च.नं. ६८५, मिति २०७१।०१।३० को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

राष्ट्रिय बाणिज्य बैंकले लगानी गरेको शेयर नेपाल सरकारको पुर्ण स्वामित्व रहेको संस्था र नेपाल सरकारको अधिकांश स्वामित्व रहेको संस्थाहरूलाई आबश्यक वार्ताको माध्यमले विक्रि गर्ने बिषय देखिन्छ । एउटा सार्वजनिक निकायको स्वामित्वमा रहेको सम्पत्ति अर्को सार्वजनिक निकायमा हस्तान्तरण गरिने बिषयमा सार्वजनिक खरिद ऐन तथा नियमावली आकर्षित नहुने हुँदा राय दिइरहनु नपर्ने ।

**१०४. राय परामर्श माग भएको विषयः**

बाउण्ड्रीवाल निर्माण गर्न माग भएको बोलपत्रको सूचनामा Bid Document रु. ३०००।- नेपाल बैंक लिमिटेड, गाबहाल, ललितपुरमा रहेको राजश्व शिर्षक नं. १४२२७, अफिस कोड नं. २८-३१२-१६ मा रकम बुझाएको भौचर पेश गर्नु पर्ने भनि उल्लेख भएको । यस कार्यालयको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको खाता नं. १२०१२००००१००२५२५, अफिस कोड २७-३४७-०६, राजश्व शिर्षक नं. १४२२७ हुनु पर्नेमा अन्यथा भएकोले मिति २०७१।०२।०४ मा कार्यालयको सूचना पाटीमा संशोधनको सूचना टाँस गरिएको भएतापनि बोलपत्र खरिदको राजश्व नेपाल बैंक लिमिटेड, गाबहाल, ललितपुरमा नै दाखिला गरेको भौचर पेश भएको देखिएकोले उक्त बोलपत्र मुल्याङ्कन गर्न मिल्ने वा नमिल्ने द्बिविधा भई भवन निर्माण संभार डिभिजन कार्यालय, अनामनगर, काठमाण्डौको प.सं. ०७०/७१, च.नं. ९८०, मिति २०७१।०२।०९ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायले गलत सूचना दिएको र बोलपत्र पेश गर्ने अन्तिम दिन भन्दा केही दिन अगाडी मात्र सूचना संशोधन गरी कार्यालयको सूचना पाटीमा टाँस गरेको देखिदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १६ को उपदफा (२) बमोजिम सबै बोलपत्रदातालाई जानकारी हुने गरी दिइएको देखिदैन । यस सम्वन्धमा सार्वजनिक निकायको ध्यानाकर्षण गराउनै गलत खातामा

जम्मा भएको राजश्व सम्बन्धमा बैंक संग समन्वय गरी कार्यालयको राजश्व खातामा जम्मा हुने गरी मुल्याङ्कन प्रकृया अगाडी बढाउन उपयुक्त हुने ।

**१०५. राय परामर्श माग भएको विषयः**

स्विकृत बार्षिक कार्यक्रम अनुसार अरुवा चामल खरिद गर्ने सम्वन्धमा गोप्य सिलबन्दी बोलपत्र आब्हान गरी प्रथम पटक मिति २०७०।१०।२५ र पुनः मिति २०७०।१२।२७ मा स्वीकृत लागत अनुमान नखुलाई सूचना प्रकाशित गरिएकोमा दुबै पटक पेश हुन आएका बोलपत्रहरूको कवोल अंक स्वीकृत लागत अनुमान भन्दा बढी भएकोले अस्वीकृत गर्नु परेको । स्वीकृत लागत अनुमान खुलाई सूचना प्रकाशन गर्न सकिएमा स्वीकृत लागत अनुमान भित्र पर्ने गरी बोलपत्र पेश हुन सक्ने सम्भावना देखिएतापनि सो प्रकृयामा जान नसकिएको हुँदा स्वीकृत लागत अनुमान सूचनामा खुलाउन मिल्ने वा नमिल्ने सम्वन्धमा नेपाल खाद्य संस्थान प्रधान कार्यालय, सिंहदरबार प्लाजा, काठमाण्डौको प.सं. ख.ए. ०७०/७१, च.नं. २०५, मिति २०७१।०२।०७ को पत्रबाट राय परामर्श माग भई आएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद ऐन तथा नियमावलीमा मालसामान खरिदमा लागत अनुमान खुलाउन मिल्ने वा नमिल्ने सम्वन्धमा कुनै प्रावधान नरहेको । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ मा सार्वजनिक निकायले बैंक जमानत माग गर्दा लागत अनुमानको २ देखी ३ प्रतिशतले हुन आउने रकम किटान गरेर बैंक जमानत मागिने हुँदा मोटामोटी लागत अनुमानको पुर्व जानकारी बोलपत्रदाताले पाउने नै देखिन्छ । यसर्थ लागत अनुमान खुलाउने बिषयनै यस सन्दर्भमा बाधक रहेको भन्ने बिषय महत्वपुर्ण हो भन्ने देखिदैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (५) बमोजिम आवश्यकता अनुसार बोलपत्र सम्वन्धी कागजात, प्राविधिक स्पेशिफिकेशन, लागत अनुमान तथा खरिद सम्झौताको शर्तमा हेरफेर गर्नु पर्ने । यसरी हेरफेर गर्दा बढी भन्दा बढी प्रतिस्पर्धा हुने गरी खरिद प्याकेज बनाई पुनः खरिद प्रकृया अगाडी बढाउन उपयुक्त हुने ।

**१०६. राय परामर्श माग भएको विषयः**

रसुवागढी जल विद्युत आयोजनाको Electromechanical Works को लागि पेश हुन आएको कवोल अंक मा Discounts Offer लाई समायोजन गरी आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा लागत अनुमान भन्दा करीब ६९ प्रतिशत न्यून कवोल अंक रहेकोले निज संग आयोजनाले दर विश्लेषण माग गर्दा कबोल गरेको अंकमा Discount गरेर हुन आउने कबोल अंकको ७० प्रतिशत (USD 23,476,500) (ने.रु. २६०,८५०,०००) मा कार्य गर्ने भनिएको हो भन्ने Clarification दिएको हुँदा उक्त Clarification लाई मान्यता दिने वा ७० प्रतिशत Disconuts Offer नै मानी थप ८ प्रतिशत कार्यसम्पादन जमानत लिई बोलपत्र स्विकृत गर्ने हो सो सम्वन्धमा द्विविधा भई रसुवागढी हाईड्रोपावर कं.लि. को प.सं. ०७०/७१, च.नं. ३८५, मिति २०७१।०२।१८ को पत्रबाट राय परामर्श माग भई आएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम (२) बमोजिम माग भएको दर विश्लेषण सहितको स्पष्टिकरणमा बोलपत्रदाताले दिएको स्पष्टीकरणलाई आधार मानी मूल्याङ्कन प्रकृया अगाडी बढाउन उपयुक्त हुने ।

**१०७. राय परामर्श माग भएको विषयः**

ई-विडिङ्ग मार्फत बोलपत्र पेश गरेको बोलपत्रदाताले बोलपत्र पेश गर्ने समायावधि भित्रै ई विडिङ्ग रद्द गरी हार्डकपीलाई मान्यता दिनु भनि पत्र सहित हार्डकपीबाट बोलपत्र पेश गरेकोलाई मान्यता दिन मिल्ने वा नमिल्ने सम्वन्धमा सिंचाई तथा जलश्रोत ब्यवस्थापन आयोजना, आयोजना संयोजकको कार्यालय, हरिहरभवन, ललितपुरको प.सं. वि.क्षे.ब्य. ०७०/७१, च.नं. ४९८, मिति २०७१।०२।११ को पत्रबाट राय परामर्श माग भई आएको ।

**<u>राय परामर्शको ब्यहोराः</u>**

बोलपत्र पेश गर्ने समयावधि भित्रै विद्युतिय माध्यमबाट पेश गरेको बोलपत्र रद्द गरी हार्डकपी दाखिला गरेको लाई मान्यता दिलाई पाउँ भन्ने निवेदन सहितको हार्डकपीबाट भाग लिएको र हार्डकपी र विद्युतीय माध्यमबाट पेश गरेको बोलपत्र एक आपसमा कुनै भिन्नता नभई एकै कवोल अंक उल्लेख भएकोले मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

**१०८. राय परामर्श माग भएको विषयः**

बोलपत्र गर्ने अन्तिम दिन मिति २०७१।०२।१५ गते सार्वजनिक बिदा परेकोले मिति २०७१।०२।१६ गते दिनको १२:०० बजे सम्म हार्डकपी मार्फत बोलपत्र दाखिला गर्ने समयावधी प्राप्त भएको । तर e-Bidding पोर्टलमा सोही बमोजिम संशोधन नभएको कारण सोही बमोजिमको समयावधि विद्युतिय माध्यमबाट बोलपत्र दाखिला गर्ने अवसर नभएको । विद्युतिय माध्यमबाट कुनै बोलपत्र समेत दाखिला नभएको । यस्तो अवस्थामा मूल्याङ्कन प्रक्रिया अगाडी बढाउन मिल्ने वा नमिल्ने सम्वन्धमा कारागार ब्यवस्थापन विभागको प.सं. ०७०/७१, च.नं. १९०२, मिति २०७१।०२।२० को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र दाखिला गर्न हार्डकपी तथा विद्युतिय कुनै पनि माध्यम प्रयोग गर्न सक्ने हुँदा हार्डकपीको लागि दिइएको समयावधि विद्युतिय माध्यमको लागि पनि समान रुपले दिनु पर्ने ।

**१०९. राय परामर्श माग भएको विषयः**

बोलपत्र जमानत पत्रमा ठेक्का नं. DDC/Sindhu/NCB/04/070/71 हुनुपर्नेमा DTO/Sindhu/NCB/04/070/71 भई फरक पर्न गएको र आयोजनाको नाम समेत उल्लेख नभएकोले बोलपत्र मूल्याङ्कनमा द्विविधा भएकोले जिल्ला विकास समितिको कार्यालय, चौतारा, सिन्धुपाल्चोकको प.सं. ०७०/७१, च.नं. १७८१, मिति २०७१।०२।२० को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र परीक्षण गर्ने क्रममा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (४) बमोजिम बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन नहुने गरी आवश्यक जानकारी माग गरी मनासिव कारण रहेछ भने मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने।

**११०. राय परामर्श माग भएको विषयः**

Bidder ले पेश गरेको Bid Bond मा Validity Period May 20, 2014 देखी Sep 16, 2014 लेखिएको, Bid Submission Deadline बाट १२० दिन सम्म Bid Bond को अवधि जारी रहने पनि उल्लेख गरेको बिषयमा तथा Qualification Document माग गरिए बमोजिम Qualification पुगे व नपुगेको बिषयमा जिल्ला विकास समिति बाग्लुङ्गको Fax प्राप्त मिति २०७१।०२।२७ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

Bid Bond जारी गर्ने सम्वन्धित बैंक संग Bid Bond मा उल्लेखित Validity Period विषयमा एकिन गरी बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भए बमोजिम भए वा नभएको निर्णय गर्न सक्ने । Qualification पुगे वा नपुगेको बिषयमा सम्वन्धित सार्वजनिक निकायले बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित मुल्याङ्कनका आधार बमोजिम मूल्याङ्कन गरी स्वयं निर्णय गर्नु पर्ने ।

**१११. राय परामर्श माग भएको विषयः**

Bid Notice मा Bid Submission गर्ने अन्तिम दिनबाट ३ दिन भित्र हार्डकपी पेश गर्न भनि उल्लेख भएता पनि चौथो दिन कार्यालयमा हार्डकपि बुझाएको हुँदा उक्त चौथो दिन बुझाएको हार्डकपि मुल्याङ्कनमा समावेश गर्न नहुने निवेदन परेको हुँदा द्विविधा भई पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं. २, पोखरा, कास्कीको प.सं. ०७०/७१, च.नं. २७६१, मिति २०७१।०२।२२ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र सम्वन्धी सूचनामा अन्यथा लेखिएको भएतापनि बोलपत्र पेश गर्नु पर्ने स्थानमा बोलपत्र पेश गनु पर्ने अन्तिम मिति र समय भित्रै निर्धारित ढाँचामा पेश भएको बोलपत्रलाई पुष्टी गर्ने कागजात आवश्यकता अनुसार बोलपत्र मुल्याङ्कन गर्नु अगाडी माग्न सकिने ।

**११२. राय परामर्श माग भएको विषयः**

सक्कल बैंक जमानत नराखी यसको फ्याक्स (फोटोकपी) संलग्न गरी दरभाउपत्र पेश हुन आएको जुन सबै भन्दा कम दररेट भएको । अर्को दिन सक्कल बैंक जमानत पेश गर्न आएकोले मान्यता दिन मिल्ने वा नमिल्ने द्विविधा भई डिभिजन सडक कार्यालय नं. १, चरिकोट, दोलखाको प.सं. ०७०/७१, च.नं. १५२०, मिति २०७१।०२।२८ को पत्रबाट राय परामर्श माग भई आएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

दरभाउपत्रको जमानत रकम नगद वा बाणिज्य बैंकबाट पचहत्तर दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने प्रावधान भएकोमा उक्त बैंक जमानतको फ्याक्स संलग्न गरी पेश गरेको देखिन्छ । दरभाउपत्र जमानतको सक्कलै सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्ने समयावधि भित्रै पेश गरेकोलाई मान्नु उपयुक्त हुने ।

**११३. राय परामर्श माग भएको विषयः**

सूचनामा उल्लेखित प्रकृया बमोजिम BoQ फाराममा दररेट नबुझाई BoQ फाराममा दररेट भरी सोही कागजलाई स्क्यान गरी ई बिडिङ्ग गरेकोलाई मान्यता दिन मिल्ने वा नमिल्ने । १५ पानाको दररेट उल्लेख गर्ने फाराम मध्ये एक पाना मात्र पढ्न सकिने अन्य पढ्न नसकिने असपष्ट भएको हुँदा कम्प्युटरको स्क्रिनमा पढ्न सकिएकोमा Hard Copy संग भिडाई एकिन गर्न सकिने वा नसकिने । १५ पाना मध्ये कहीमा अंक र अक्षरमा लेखेको, केहीमा अंक मात्र लेखिएकोलाई मान्यता दिन मिल्ने वा नमिल्ने भनि आन्तरिक राजश्व कार्यालय, धरान, सुनसरीको प.सं. ०७०/७१, च.नं. ८०४६, मिति २०७१।०२।२८ को पत्रबाट राय परामर्श माग भई आएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

बोलपत्रदाता आफैले खरिद गरेको BoQ फाराममा भरी स्क्यान गरी Bid गरेकोलाई केरमेट गर्न नसकिने हुँदा मान्यता दिन सकिने । Hard Copy र स्क्रिनमा उल्लेखित अंक भिडाई एक आपसमा फरक परेको नपरेको एकिन गर्न सकिने तथा विद्युतिय माध्यमबाट पेश हुन आएको बोलकबोल अंक स्पष्ट उल्लेख भएकाको हकमा अक्षरमा नलेखिएको कारणले मात्र प्रतिस्पर्धामा बञ्चित गराउन उपयुक्त नहुने ।

**११४. राय परामर्श माग भएको विषयः**

BoQ फाराममा प्रत्येक आइटमको कवोल अंकमा २६ प्रतिशत छुट दिने भनी उल्लेख गरेको साथै बोलपत्रसाथ डिस्काउण्ट पत्र पेश गरी "We offer 26% discount on our total bid price. This discount will be valid only for the total contract price at the time of bidding. दुई ठाउँमा डिस्काउण्ट उल्लेख गरेकोले द्विविधा भई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प.सं. ०७०/७१, च.नं. ३१२७, मिति २०७१।०३।०१ को पत्रबाट राय परामर्श माग भई आएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

बोलपत्र दाताले BoQ फारममा प्रत्येक आइटमको कवोल अंकमा २६ प्रतिशत छुट दिने र छुट्टै डिस्काउण्ट लेटरमा Total Bid Price मा २६ प्रतिशत छुट दिने भनि उल्लेख भएको छुट दिने कुरा एक पटक मात्र दिएको छुटलाई संकेत गरेको देखिन्छ ।

**११५. राय परामर्श माग भएको विषयः**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. प्र.म. ०७०/७१, च.नं. ४२०५, मिति २०७१।०३।०२ को पत्रबाट देहायको बिषयमा राय परामर्श माग भई आएको ।

१. भेरिएसन आदेश भए पश्चात् विविध सामान्य कारण देखाई भेरिएशनको आधारमा सम्झौताको समयावधि थप गर्न मिल्छ वा मिल्दैन ।

२. Total Bid Amount भन्नाले भेरिएशन आदेशबाट थपघट गरिएको कार्य समेतको कुल लागतलाई जनाउछ या शुरु ठेक्काको बोल अंक मात्र जनाउने हो ।

३. ठेक्का सम्झौता गर्दा Total Bid Amount मा २८ प्रतिशत छुट दिने प्रावधान भएकोमा सोही सम्झौताको भेरिएशन आदेशबाट हुने कार्यमा लागु हुन्छ वा हुँदैन ।

४. रनिङ्ग बिलमा मूल्य बृद्धि समायोजन गरी भुक्तानी गर्दा पेश्की रकम कट्टा गरी मूल्यबृद्धि समायोजन हुन पर्ने हो वा होइन ।

**राय परामर्शको ब्यहोराः**

१. सम्झौताको म्याद थप ऐनको दफा ५६ बमोजिम हुने हुँदा सामान्य अवस्थामा म्याद थप गर्नु सकिने देखिदैन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(५) अनुसार भेरिएसनको कारणले म्याद थप गर्नु पर्ने हो भने कती समय थप्ने हो भेरिएसनको आदेशको निर्णय हुँदा एकिन हुनुपर्ने देखिन्छ ।

२. बोलपत्र परीक्षणबाट कायम हुन आएको रकम नै Total Bid Price हो ।

३. भेरिएशन आदेश बमोजिमको कार्य आपसी बार्ताद्वारा निर्धारण हुने भएकोले छुट माग्नु र दिनुको कुनै औचित्य नहुने ।

४. मूल्य बृद्धि समायोजन सहित भूक्तानी गर्दा पेश्की रकम कट्टा गरी मूल्यबृद्धि समायोजन हुने वा नहुने सम्वन्धमा Contract Document मा उल्लेख भए बमोजिम हुने । यद्यपी Contract Document मा उल्लेख नभएकोमा PPMO को SBD को GCC को Clause NO. 45.1 बमोजिम हुने ।

**११६. राय परामर्श माग भएको विषयः**

न्यून कबोल अंक भएको बोलपत्रदाताले बोलपत्र कागजातमा उल्लेख भए अनुसार विगत तीन आ. व. को लेखा परीक्षण गरिएको वासलात तथा नाफा नोक्सानको विवरण माग भए अनुसार बोलपत्रसाथ पेश नगरेको । बोलपत्र मूल्यांकनको क्रममा निज संग सावजिनक खरिद ऐन¸ २०६३ को दफा २३ को उपदफा (४) बमोजिम उक्त कागजात माग गरी मूल्यांकन गर्न मिल्ने वा निमल्ने सम्वन्धमा राष्ट्रिय बाणिज्य बकैं लिमिटेड केन्द्रिय कार्यालयको च. नं. २३०४ मिति २०७१।२।२७ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (४) बमोजिम बोलपत्र कागजातको पुर्णताको परीक्षणको लागि पेश हुन आएको कागजातको सम्वन्धमा आवश्यक जानकारी माग गर्न सकिने। तर, सार्वजनिक निकायले तोकेको योग्यताको आधार आर्थिक र वित्तिय क्षमताको लागि विगत तीन आ.व. को लेखा परीक्षण गरिएको वासलात माग गरेकोमा बोलपत्रसाथ पेश नै नगरेकोलाई मूल्याङ्कनको क्रममा माग गरी समावेश गर्न उपयुक्त नहुने ।

**११७. राय परामर्श माग भएको विषयः**

अन्तराष्ट्रिय दातृ संस्था (International Funding Agency) जस्तै विश्व वैंक, एशियाली विकास बैंक आदिले कालो सूचीमा राखेको परामर्शदाताहरूलाई EOI को मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना, बीरेन्द्रनगर सुर्खेतको प.सं. ०७०/७१, च.नं. १६३, मिति २०७१।०३।०४ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

विश्व वैंक र एशियाली विकास बैंकको नेपाल पनि सदस्य राष्ट्र भएको हुँदा यी निकायबाट कालो सूचीमा रहेको बोलपत्रदाता, प्रस्तावदाता, आपूर्तिकर्ता, सेवाप्रदायक, निर्माण ब्यवसायी वा अन्य ब्यक्ति, फर्म, संस्था वा कम्पनीसंग खरिद कारोवार गर्न उपयुक्त नहुने ।

**११८. राय परामर्श माग भएको विषयः**

टेण्डर सूचना प्रकाशन भए पश्चात् PPMO को Web-site मा Update गरिए अनुसारको Bid Document परिमार्जन गरीएको सूचना प्रकाशित भएकोमा "Bidding is open to all eligible Nepalese and foreign bidders" भनी नेपाली तथा विदेशी दुबै निर्माण ब्यवसायीहरूको लागि बोलपत्र आव्हान गर्न सकिने प्रावधान विरुद्ध सम्मानित सर्वोच्च अदालतमा परेको रिट निवेदनको सन्दर्भमा २०७१।०२।२८ गतेको आदेशमा "अन्तरिम आदेश जारी गर्नु पर्ने वा नपर्ने भनी निष्कर्षमा पुग्न विपक्षीहरू समेतलाई राखि छलफल गर्न उपयुक्त देखिएकोले मिति २०७१।०३।०८ मा छलफल हुने पेशी तारेख तोकी सो को जानकारी विपक्षीलाई दिनु । साथै सो अवधि सम्मको लागि विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website www.ppmo.gov.np मा प्रकाशित Invitation for Bids तथा सो सम्वन्धमा भए गरिएका कार्यहरू तत्काल कार्यान्वयन नगर्न नगराउनु" भनी आदेश जारी गरेको हुँदा पुरानो विड डकुमेन्ट अनुसार कार्य गर्ने वा संशोधित विड डकुमेन्ट बमोजिम कार्य गर्ने निर्देशनको लागि सडक विभाग, सम्पत्ति ब्यवस्थापन, ठेक्का ब्यवस्थापन तथा गुणस्तर नियन्त्रण आयोजनाको प.सं. ०७०/७१, च.नं. ६३७, मिति २०७१।०३।०५ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

PPMO को Website मा Update गरिए अनुसारको Bid Document को बिषयलाई लिएर सम्मानित अदालतमा बिषय प्रवेश गरेको र "सार्वजनिक खरिद अनुगमन कार्यालयको Website www.ppmo.gov.np मा प्रकाशित Invitation for Bids तथा सो सम्वन्धमा भए गरिएका कार्यहरू तत्काल कार्यान्वयन नगर्न नगराउनु" भनी आदेश जारी गरेको र PPMO स्वयं विपक्षी रहेको तथा उक्त बिषय अदालतमा विचाराधिन रहेकोमा राय परामर्श दिन नमिल्ने ।

**११९. राय परामर्श माग भएको विषयः**

प्रस्ताव माग गर्दा ईष्टिमेट अंक समेत उल्लेख गरी निश्चित बजेट बिधि अपनाइएको । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३५ उपदफा (१) को खण्ड (ग) बमोजिम आर्थिक प्रस्ताव मूल्याङ्कन हुनु पर्नेमा प्रस्ताव सम्बन्धी कागजातमा अन्यथा भएकोले मूल्याङ्कन गर्न समस्या परेको भनी रेड फरेष्ट्री तथा जलवायु परिवर्तन इकाई बवरमहल काठमाण्डौको प.सं. २०७१/७२, च.नं. ३८३, मिति २०७१।०३।०५ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

ईष्टिमेट अंक समेत उल्लेख गरी निश्चित बजेट बिधि अपनाइएको र मूल्याङ्कनका आधार QCBS भनि प्रस्ताव माग गरेको देखिन्छ । यसरी प्रस्ताब माग गर्दा नै प्रक्रिया मिलेको नदेखिएको हुँदा गलत प्रकृयामा राय दिन उपयुक्त नहुने ।

**१२०. राय परामर्श माग भएको विषयः**

एउटा मात्र बोलपत्र दर्ता हुन आएको । बोलपत्रको अध्ययन गर्दा निम्नानुसार देखिएको भनि मुल्याङ्कनबाट देखिएको बिवरण सहित बोलपत्र स्विकृत गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा पोखरा उप-महानगरपालिका कार्यालयको प.सं. ०७०/७१, च.नं. ३२७९८, मिति २०७१।०३।१० को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

एउटा मात्र बोलपत्र दर्ता हुन आएको सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (२) बमोजिम हुने र बोलपत्र कागजातमा तोकिएको मूल्याङ्कनको आधार बमोजिम बोलपत्र मूल्याङ्कन गरी स्वीकृत गर्ने वा नगर्ने सम्बन्धित सार्वजनिक निकाय स्वयंले निर्णय गर्नुपर्ने ।

**१२१. राय परामर्श माग भएको विषयः**

बोलपत्र जमानत कार्यालयबाट तोकिएको ढाँचामा पेश नभएकोले मान्यता दिन मिल्ने वा नमिल्ने भनि शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, बैतडीको प.सं. ०७०/७१, च.नं. ७३९, मिति २०७१।०३।११ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४५ को खण्ड (ख) मा बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र जमानतको ढाँचा समावेश गर्नु पर्ने कानूनी प्रावधान रहेको हुँदा सार्वजनिक निकायले तोकिदिएको ढाँचा अनुसार पेश नभएको बोलपत्र जमानतलाई मान्यता दिन नमिल्ने ।

**१२२. राय परामर्श माग भएको विषयः**

दानाघाँस आपूर्तिको ठेक्का बन्दोबस्तको लागि सूचनामा दानाघाँस/राशन आपूर्ति गर्ने इजाजत (अनुमति) लिएको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने प्रावधान रहेकोमा एक बोलपत्रदाताले बाणिज्य कार्यालयको प्राईभेट फर्म दर्ता प्रमाणपत्र पेश गरेको । उक्त प्रमाणपत्रमा कारोबार गर्ने चिज वस्तुहरू चामल, दाल, तेल, घ्यू, मसला, आलु, तरकारी र तयारी मासूको खरिद बिक्रि तथा सप्लायर्स उल्लेख गरेको र सोही प्रमाणपत्रको नोटमा "यस प्रमाणपत्रको उद्देश्य कार्यान्वयनको लागि अनुमति लिनु पर्नेमा सो लिई कार्य गर्नु पर्नेछ, बाणिज्य दर्तालाई फर्मको उद्देश्य कार्यान्वयन गर्ने इजाजत प्रदान गरिएको मानिने छैन" भनि उल्लेख भएको र उक्त फर्मले उद्देश्य कार्यान्वयनको लागि छुट्टै अनुमति पत्र लिएको नदेखिदा मान्यता दिन मिल्ने वा नमिल्ने द्विविधा भई नेपाली सेना प्रबन्धरथी विभाग (खाद्य तथा परिवहन) जंगी अड्डाको प.सं. २३३७/फु.रा.क./१५/०७०/७१/९२, मिति २०७१।०३।१० को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

दानाघाँस/राशन आपूर्ति गर्ने उद्देश्य राखी दर्ता भएको फर्म, संस्था वा कम्पनीले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२) को खण्ड (ख) बमोजिम ब्यवसायी दर्ताको ईजाजतपत्र प्राप्त गरेको फर्म, संस्था वा कम्पनीको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु भनि सूचनामा उल्लेख भए बमोजिम इजाजत प्राप्त नगरेका संग कारोबार गर्न उपयुक्त नहुने ।

**१२३. राय परामर्श माग भएको विषयः**

सार्वजनिक निकायले आब्हान गरेको दरभाउपत्रमा सोही सूचना बमोजिम बोलपत्र पेश गर्न, बार्ता गर्न तथा सम्झौतामा हस्ताक्षर समेत गर्ने गरी एउटै उत्पादक कम्पनीले दुई भिन्ना भिन्नै सप्लायर्सलाई Authorization Letter दिएकोमा स्विकार गर्न मिल्ने वा नमिल्ने द्विविधा भई पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगरको प.सं. १-०३-२२ (०७०/७१) च.नं. ४०४, मिति २०७१।०३।१ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्रदाता स्वयंले उत्पादन नगर्ने सामानको लागि उत्पादकले सामान आपूर्ति गर्ने एकलैटी अधिकार आफुलाई दिएको प्रमाणित हुनुपर्ने ब्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ को उपनियम (३) मा भए बमोजिम नदेखिएकाले दुई भिन्ना भिन्नै सप्लायर्सलाई Authorization Letter दिएकोमा स्वीकार गर्न नमिल्ने ।

**१२४. राय परामर्श माग भएको विषयः**

मूल्याङ्कन समितिको सिफारिस बमोजिमको बोलपत्रदाताको प्रस्ताव स्विकार गर्ने आशयको सूचना जारी भएकोमा परेको उजुरीको बिषयमा मूल्याङ्कन समितिले गरेका मूल्याङ्कनका आधारहरू सारभूत रूपमा प्रभावग्राहीको बिषय हो वा होइन भनि संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. ०७०/७१, च.नं. ३०१, मिति २०७१।०३।१० को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

मूल्याङ्कन समितिबाट सिफारिस गरिएका प्रस्तावहरू स्विकृत गर्ने आशयको सूचना प्रकाशन समेत भई सकेको देखिदा सो विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ६ बमोजिम कारबाही अगाडी बढाउन पर्ने र बिवाद सृजना भएको बिषयमा सोही ऐनको दफा ६५ को उपदफा (२) बमोजिम विवाद समाधार गर्ने गरी राय दिन नमिल्ने ।

**१२५. राय परामर्श माग भएको विषयः**

अस्पतालको C-arm Machine खरिदको लागि निकालिएको बोलपत्र मूल्याङ्कनको क्रममा Technical Specification पूरा गर्ने एक मात्र बोलपत्र भएको र उक्त बोलपत्रदाताको कबोल अंक लागत अनुमान भन्दा बढी भएको हुँदा निज संग बार्ता गरी लागत अनुमानको अंकमा खरिद गर्न मिल्ने वा नमिल्ने आशयको राय चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालको च.नं. ३२८९, मिति २०७१।०३।१९ को पत्रबाट माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

मालसामान खरिदको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा बोल अंक उल्लेख गरी पेश भएको बोलपत्र मूल्याङ्कनको क्रममा लागत अनुमान भन्दा बढी देखिएकोलाई बार्ता गरी खरिद गर्ने प्रावधान नभएको ।

**१२६. राय परामर्श माग भएको विषयः**

e-Bidding Document मा बोलपत्रदाताले पेश गरेका बोलपत्रका Document मा केही आइटमहरू खुल्न नसकेकोले यस्तो आंशिक Item मात्र खुल्ने बोलपत्रलाई बोलपत्र मुल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा जिल्ला विकास समितिको कार्यालय, पर्वत, कुश्माको प.सं. ०७०/७१, च.नं. १९६६, मिति २०७१,०३।२३ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

PDF Document Corrupt भएको कारणले खुल्न नसकेको प्राप्त पत्रबाट नै जानकारी हुन आएको । तर Corrupt के कारणले भएको खुलाइएको छैन । यस सम्वन्धमा बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएको भए बमोजिम वा Dollidar को System मा उल्लेख गरिएको शर्त बमोजिम गर्नु उपयुक्त हुने ।

**१२७. राय परामर्श माग भएको विषयः**

मालसामान वा सेवा खरिद गर्न मौजुदा सूचीको कुनै शिर्षकमा एक मात्र संस्था सूचिकृत भएको अवस्थामा कसरी खरिद गर्न सकिन्छ । यस सम्वन्धमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलको प.सं. ०७०/७१, च.नं. ६३२, मिति २०७१।०३।१६ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (४) सार्वजनिक निकायले पच्चिस हजार रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण ब्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रूपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने प्रावधान भएको हुँदा कुनै शिर्षकमा एक मात्र संस्था सूचिकृत भएको अवस्थामा सूचिकृत नभएको संस्थाहरूलाई समेत प्रतिस्पर्धा गराई खरिद गर्न सकिने ।

**१२८. राय परामर्श माग भएको विषयः**

PPMO को Website मा रहेको Pre-Qualification र Post Qualification Document अध्ययन गर्दा एकै किसिमको नभएको । Pre-Qualification वा Post Qualification मध्ये जुन प्रकृयाबाट खरिद गरिएतापनि Bidder संग मागिने Technical Proposal को ढाँचा एकै हुनुपर्नेमा फरक देखियो र विदेशी बोलपत्रदाताले भाग लिई राष्ट्रपति भवन परिसर भित्र कार्य गर्न सक्ने अवस्थामा सूरक्षा संवेदनशीलतामा असर पुग्ने हुनाले सो सम्वन्धमा समेत राष्ट्रपतिको कार्यालयको प.सं. ०७०/७१, च.नं. १३२९, मिति २०७१।०३।२३ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

Pre-Qualification बोलपत्र पेश गर्न योग्य बोलपत्रदाता छनौट गर्ने प्रकृया हो भने Post-Qualification Complete Tendering Process भएको हुँदा Technical Proposal एकै किसिमको नहुन सक्ने । राष्ट्रपती भवन परिसरभित्र सूरक्षा बन्दोबस्तको बिषयमा यस कार्यालयले राय दिन उपयुक्त नहुने ।

**१२९. राय परामर्श माग भएको विषयः**

विद्युतिय माध्यमबाट दर्ता भएको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न पाउने समयावधि भित्रै हार्डकपी मार्फत सिलबन्दी निवेदन दिई बोलपत्र फिर्ता माग गरेकोमा मान्यता दिन मिल्ने वा नमिल्ने सम्वन्धमा द्विविधा भई कलैया नगरपालिका कार्यालयबाट फ्याक्स मार्फत राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

बोलपत्र सम्वन्धी कागजातमा विद्युतिय माध्यमबाट दर्ता हुन आएको बोलपत्र विद्युतिय माध्यमबाटै फिर्ता वा संशोधन गर्नुपर्ने भनि लेखिएको अवस्थामा बाहेक सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८ बमोजिम पेश हुन आएको निवेदनको मान्यता दिनु पर्ने ।

**१३०. राय परामर्श माग भएको विषयः**

चोरी निकासी/पैठारी का सामान लिलाम बिक्रिको लागि शिलबन्दी बोलपत्र आब्हान गरिएकोमा पेश हुन आएको बोलपत्रमा बोलपत्रदाताको दस्तखत नभएकोलाई मान्यता दिन मिल्ने वा नमिल्ने सम्वन्धमा भैरहवा भन्सार कार्यालयको प.सं. ०७०/७१, च.नं. १११०२, मिति २०७१।०३।१३ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

लिलाम बिक्रि सम्वन्धी बिषयहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (क), (ग), (घ) र (च) को परिभाषा आकर्षण हुने नदेखिएको हुँदा राय दिईरहनु नपर्ने । यस सम्वन्धमा अन्य प्रचलित नेपाल कानून र तहाँबाट स्विकृत लिलाम बिक्रि सम्वन्धी कागजात अनुसार निर्णय लिन उपयुक्त हुने ।

**१३१. राय परामर्श माग भएको विषयः**

सार्वजनिक निकायले बिद्युतिय माध्यमबाट बोलपत्र सम्वन्धी कागजात अपलोड गर्दा भुलबस एउटा ठेक्का नं. को BoQ अर्को ठेक्का नं. मा एक आपसमा बदली भएको सोही बमोजिम विद्युतिय माध्यमबाट पेश हुन आएको बोलपत्र Hard Copy बाट पेश हुन आएको भन्दा न्यून मूल्याङ्कित बोलपत्र नभएको अवस्था छ । यसरी भुलबस BoQ बदली भएको कारणले मात्र ठेक्का रद्द गर्न पर्ने वा नपर्ने सम्वन्धमा जिल्ला विकास समितिको कार्यालय, चौतारा सिन्धुपाल्चोकको प.सं. ०७०/७१, च.नं. २०८८(क), मिति २०७१।०३।२२ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

सार्वजनिक निकायले बोलपत्र सम्वन्धी कागजातमा समावेश गनुपर्ने विल अफ क्वान्टिटिज नै गलत रूपमा समावेश गरी अपलोड भएकोमा यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । यसरी गलत कागजात प्रयोग गरिएको बोलपत्र कारबाहीलाई कानून सम्मत भएको मान्न नसकिने ।

**१३२. राय परामर्श माग भएको विषयः**

निर्माण कार्य सम्पन्न गर्न विधिवत रूपमा सम्झौता सम्पन्न भई सके पछि तोकिएको समयमा निर्माण कार्य शुरु नगरेको र निर्माण ब्यवसायीले मोविलाईजेशन पेश्किको लागि पेश गरेको बैंक जमानत बैंकसंग आधिकारिकता माग गर्दा उक्त बैंक जमानत जारी नगरेको जानकारी प्राप्त भएकोले तोकिएको समयमा काम शुरु नगर्ने तथा सरकारी छाप कागजात किर्ते गर्न नहुने भनी ऐन नियममा ब्यवस्था भएको तर त्यस्तो गरेमा के गर्ने भन्ने ब्यवस्था नदेखिएको कारण जिल्ला विकास समितिको कार्यालय, भद्रपुर झापाको प.सं. ०७०/७१, च.नं. ३६४३ (क) मिति २०७१।०३।१५ को पत्रबाट राय परामर्श माग भई आएको ।

**राय परामर्शको ब्यहोराः**

अग्रिम पेश्की जमानत किर्ते गरी जालसाझी गरेमा प्रचलित कानूनले हुने सजायको अतिरिक्त सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) को खण्ड (क) बमोजिमको कार्य गरेको मानिने हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ बमोजिम कालोसूचीमा राख्ने कारबाही प्रकृया अगाडी बढाउन उपयुक्त हुने ।

## भाग-३

# आ.व. २०७१/७२ का राय परामर्शहरू

### १. राय परामर्श माग भएको विषयः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ११ को उपदफा (१) खण्ड (क) वमोजिम पूर्व योग्यता निर्धारण गरेकोमा ८ वटा फर्महरू छनौट भई सूची तयार भएको । सूचीमा समावेश भएकाहरूले भाग लिन पाउने गरी बोलपत्र आव्हान गरिएकोमा ४ वटा बोलपत्र पेश हुन आएकोमा चार वटै बोलपत्र सारभूत रूपमा प्रभावग्राही नभएकोले पहिले पूर्व योग्यतामा छनौट भएकाहरू सँग विभागिय निर्णयानुसार पुनः बोलपत्र माग गरी सकिएको । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ११ को उपदफा (१) खण्ड (क) वमोजिम पूर्व योग्यता निर्धारण गरी बोलपत्र आव्हान भएकोमा रद्द गरी बोलपत्र पुनः आव्हान गर्दा पुनः पूर्व योग्यता माग गर्नु पर्ने वा नपर्ने द्विविधा भई सिंचाई विभाग, जावलाखेल, ललितपुरको प.सं. ०७०/७१ च.नं. ३१६ मिति २०७१/३/२६ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ११ को उपदफा (१) खण्ड (क) वमोजिम पूर्व योग्यता निर्धारण गरी माग भएको बोलपत्र एक चरण पूरा गरी रद्द भएको विद्यमान अवस्थामा पुनः पूर्व योग्यता निर्धारण गर्दा थप अन्य बोलपत्रदाताहरू योग्य हुन सक्ने । यद्यपी सम्वन्धित सार्वजनिक निकायबाट प्रकृया अगाडि बढी सकेको हुँदा सोही ऐनको दफा ६५ को उपदफा (२) बमोजिम खरिद प्रकृयमा सहभागी हुन नहुने ।

(निर्णय मिति : २०७१।०४।०४)

### २. राय परामर्श माग भएको विषयः

बोलपत्रको सूचनामा राखिएको बोलपत्र जमानत सम्वन्धी प्रावधान, बोलपत्रदातालाई दिइएको निर्देशन (ITB), बोलपत्र पुस्तिकामा तोकिएको बोलपत्र जमानत सम्वन्धी ढाँचा र तोकिएको ढाँचा भन्दा फरक किसिमको बोलपत्र जमानत पेश गर्ने बोलपत्रदाताको बोलपत्र मूल्याँकन प्रकृयामा समावेश गर्ने वा नगर्ने सम्वन्धमा द्विविधा भई सडक विभागको प.सं. ०७०/७१ च.नं. ८३ मिति २०७१/३/२९ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४५ को खण्ड (ख) मा बोलपत्र सम्वन्धी कागजातमा बोलपत्र जमानतको ढाँचा समावेश गर्नु पर्ने कानूनी प्रावधान रहेको हुँदा सार्वजनिक निकायले तोकिदिएको ढाँचा अनुसार पेश नभएको बोलपत्र जमानतलाई मान्यता दिन नमिल्ने ।

(निर्णय मिति : २०७१।०४।०४)

### ३. राय परामर्श माग भएको विषयः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ वमोजिम सुरक्षा गार्ड तथा कार्यालय सहयोगी करारमा लिन लागत स्टमेट रु. १२७९२००।- रहेको र सो वमोजिम १५ दिनको म्याद दिई प्रस्ताव आव्हान गरिएकोमा रित पूर्वक दुई वटा मात्र प्रस्ताव पेश हुन आएकोले मूल्यांकन गर्न मिल्ने वा कम्तिमा तीन वटा प्रस्ताव दर्ता हुनु पर्ने हो द्विविधा भई मेची अञ्चल अस्पताल भद्रपुर, झापाको फ्याक्स प्राप्त पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ उपनियम (३) बमोजिम पर्न आएका प्रस्तावहरूलाई नै मूल्यांकनमा समावेश गरी उपनियम (६) वमोजिम सम्झौता गर्न सकिने ।

(निर्णय मिति : २०७१।०४।०८)

### ४. राय परामर्श माग भएको विषयः

Bid Bond को Validity Period May 20, 2014 देखि Sep 16, 2014 लेखिएको सोही Bid Bond मा Bid Submission Deadline बाट 120 दिन सम्म Bid Bond को अवधि जारी रहने पनि उल्लेख गरेको, जबकि Tender खोलिएको मिति May 19, 2014 हो । यसरी दुई वटा अवधि उल्लेख भएकोले द्विविधा भएको । साथै Qualification Document मा तोकिएको Personnel Requirement सम्वन्धमा समेत द्विविधा भई जिल्ला विकास समिति वाग्लुङ्गको फ्याक्स मार्फत राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४५ को खण्ड (ख) मा बोलपत्र सम्वन्धी कागजातमा बोलपत्र जमानतको ढाँचा समावेश गर्नु पर्ने कानूनी प्रावधान रहेको हुँदा सार्वजनिक निकायले तोकिदिएको ढाँचा अनुसार पेश नभएको बोलपत्र जमानतलाई मान्यता दिन नमिल्ने । तोकिएको ढाँचामा नै भए जारी हुने मितिको सम्वन्धमा सम्वन्धित बैंक सँग Validity Period एकिन गरी निर्णय गर्न उपयुक्त हुने र Qualification Document अनुसार Personnel Requirement भए वा नभएको विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (४) वमोजिम मूल्यांकन गर्नु पर्ने ।

(निर्णय मिति : २०७१।०४।०८)

**५. राय परामर्श माग भएको विषयः**

Subsidiary Company ले Parent Company को आर्थिक कारोवार सम्वन्धी अनुभव, साधारण अनुभव र कार्य अनुभव ग्रहण गर्न मिल्ने वा नमिल्ने तथा Parent Company र Subsidiary Company जे. भि. भएकोमा मान्यता दिन मिल्ने वा नमिल्ने विषयमा द्विविधा भई भेरी बबई डाइभर्सन बहुउद्देश्य आयोजना सुर्खेतको प.सं. ०७१/७२ च.नं. ३ मिति २०७१/४/४ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद प्रकृयामा बढी भन्दा बढी प्रतिस्पर्धा गराउनु पर्ने कुरा सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा नै उल्लेख भएकोले सार्वजनिक निकायले पूर्व योग्यता निर्धारणको प्रस्ताव सम्वन्धी कागजातमा Disqualification का आधारहरू निर्धारण गरी सो वमोजिम Disqulify भएमा वाहेक संयुक्त उपक्रमका साझेदार वीच नयाँ कम्पनी स्थापनाका बखत Parent Company ले Subsidiary Company लाई वैधानिक रूपमा सवै दायित्व, अधिकार, र अनुभव हस्तान्तरण हुने गरी व्यवस्था भएको अवस्था भएमा Parent Company र त्यसैको Subsidiary Company संयुक्त उपक्रमको साझेदार भई प्रस्ताव पेश गरेकोमा Parent Company को Technical Manpower, Tecnology, Experience लगायतका विषयहरू दोहोरो गणना नहुने गरी मूल्यांकनमा समावेश गर्न सकिने ।

(निर्णय मिति : २०७१।०४।१६)

**६. राय परामर्श माग भएको विषयः**

निर्माण कार्यको लागि इलेक्ट्रोनिक सञ्चार माध्यमबाट बोलपत्र दर्ता गर्दा Bid Purchase वापतको रकम सूचनामा उल्लेख भए अनुसार राजश्व शिर्षकमा जम्मा गर्नु पर्नेमा जम्मा नगरी कोष तथा लेखा नियन्त्रकको कार्यालयको धरौटी खातामा जम्मा गरेको पाइएकोले सो बोलपत्र मान्य हुने वा नहुने द्विविधा भई शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, मोरङ्ग, विराटनगरको प.सं. ०७१/७२ च.नं. २५ मिति २०७१/४/१५ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० को खण्ड (घ) वमोजिम सम्वन्धित बोलपत्रदाता आफैले खरिद गरेको बोलपत्र सम्वन्धी कागजात भरी पेश गरे वा नगरेको परीक्षण गर्नु पर्ने प्रावधान रहेको । यसर्थ, Bid Purchase वापतको भौचर कसको नाममा खरिद गरिएको छ ? कुन प्रयोजनको लागि खरिद भएको हो ? कुन मितिमा जम्मा गरेको हो ? एकिन गरी सार्वजनिक निकायले आव्हन गरेको सूचना वमोजिमकै ठेक्का नं. को लगि सम्वन्धित बोलपत्रदाले नै खरिद गरेको रहेछ भने धरौटी खातामा जम्मा भएको रकम राजश्व खातामा सार्न लगाई मूल्यांकनमा समावेश गर्न सकिने ।

(निर्णय मिति : २०७१।०४।२०)

**७. राय परामर्श माग भएको विषयः**

प्रस्तावकले आर्थिक र प्राविधिक प्रस्ताव अलग अलग खाममा शिलवन्दी गरी बुझाउनु पर्ने व्यवस्था विपरीत bolptra.gov.np प्रयोग गरी e-Bid गर्ने प्रस्तावकको प्राविधिक प्रस्ताव सँगै अर्थिक प्रस्ताव समेत संलग्न भै आएको लाई स्वीकार गर्ने वा नगर्ने द्विविधा भई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र खुमल्टार, ललितपुरको प.सं. ०७१/७२ च.नं. ७० मिति २०७१/४/१२ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

E-Bid गर्ने प्रस्तावकले आर्थिक र प्राविधिक प्रस्ताव छुट्टा छुट्टै पठाउन सक्ने प्रावधान हाल नरहेको हुँदा यसरी प्राप्त प्रस्तावको पनि आर्थिक प्रस्ताव छुट्टै राखी प्राविधिक प्रस्ताव मूल्यंकन भइसकेपछि आर्थिक प्रस्ताव समावेश गर्न उपयुक्त हुने । (**निर्णय मिति : २०७१।०४।२०**)

**८. राय परामर्श माग भएको विषयः**

जिल्ला विकास समितिको कार्यालय इलामको प. सं. ०७०/७१ च. नं. २५८६ मिति २०७१/३/२९ को पत्रबाट देहायको राय माग भई आएको ।

(१) भुक्तानी भैसकेको Running Bill मा मुल्य समायोजन दिन मिल्ने वा नमिल्ने

(२) Current Price Indices एकिन गर्न नेपाल राष्ट्र बैंकले प्रकाशित गर्ने Price Index प्रयोग गर्ने वा Current Market Price लाई आधार लिने

(३) Price adjustment गर्दा सो अवधिमा प्रयोग भएको निर्माण सामाग्रीमा वा Total Running bill को कुल मुल्यमा समायोजन गर्ने ।

(४) मुल्य समायोजन गर्नका लागि प्रयोग हुने Price Adjustment Formula मा स्पष्ट हुन नसकिएको

**राय परामर्शको व्यहोराः**

मुल्य समायोजनको सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा उल्लेखित व्यवस्था खरिद सम्झौतामा उल्लेख हुनुपर्ने र सोही आधारमा मूल्य समायोजन विधि अपनाउनु पर्ने । साथै निर्माण व्यवसायीको कारणले म्याद थप भएको अवस्थामा पेश भएको Running Bill वाहेकको अन्य भुक्तानी भैसकेको Running Bill मा उल्लेखित मितिलाई आधार मानी भुक्तानी भैसकेको Running Bill मा समेत मुल्य समायोजन दिन सकिने ।

**(निर्णय मिति : २०७१।०४।२०)**

**९. राय परामर्श माग भएको विषयः**

पूर्व योग्यता सम्वन्धी कागजातको Particular Instruction to Applicant (PITA) को Part B; Specific Contract Requirements मा उल्लेखित Clause no. 4.8(a) Required no. of similar contracts completed भनिएकोमा जे. भि. साझेदारहरूको Project Value जोडेर हेर्न मिल्ने वा नमिल्ने वा कुनै एक Project Value मात्र हेर्न मिल्ने हो ? Clause no. 4.8(b) Minimum Key Production Rates मागिएकोमा उक्त कामको Volume मात्र स्पष्ट हुने गरी कागजात पेश गरेकोमा कसरी मूल्यांकन गर्ने ? Clause no. 4.12 Personal Capabilities मा उल्लेखित Qualification केही Position मा फरक तथा निकटतम योग्यता पेश हुन आएकोमा के गर्ने ? Clause no. 4.13 Equipment Capabilities केही फरक पेश हुन आएको हुँदा उल्लेखित विषयमा काठमाण्डौ उपत्यका विकास प्राधिकरणको प.सं. ०७१/७२, च.नं. ४८ मिति २०७१/४/२२ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

(१) Required no. of similar contracts completed सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ को उपनियम (४) को प्रावधान अनुसार तथा P.Q. Document मा व्यवस्था भए अनुसार जे. भि. साझेदारहरूको Project Value गणना गर्न मिल्ने ।

(२) Minimum Key Production Rates मागिएकोमा उक्त कामको Volume मात्र पेश गरेकोमा पूर्व योग्यता सम्वन्धी कागजातमा माग भए अनुसार भए वा नभएको पुष्ट्याई माग गरी मूल्यांकन गर्न सकिने ।

(३) Personal Capabilities तथा Equipment Capabilities पूर्व योग्यता सम्वन्धी कागजातमा माग भए अनुसार नभएको सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३५ बमोजिम परीक्षण गर्न उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।०४।२८)**

**१०. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद ऐनको दफा ३० को उपदफा (५) अनुसार दर्ता हुन आएका आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांकन गरी सार्वजनिक निकायले त्यस्तो परामर्श सेवा दिन सक्ने साधारणतया ३ देखी ६ अशयपत्रदाताको तोकिए वमोजिम छनौट गरी संक्षिप्त सूची तयार गर्नु पर्नेछ भनि व्यवस्था भएको विगतमा केही अशयपत्रदाताले भाग नलिएको कारण प्रतिस्पर्धा सीमित भएकोले प्रतिस्पर्धा बढाउन तथा परामर्शदाताको नियुक्ति सुनिश्चित गर्न ६ भन्दा बढी असयदाताको छनौट गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना सुर्खेतको प.सं. ०७१/७२, च.नं. ९ मिति २०७१/४/२० को पत्रबाट पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

विगतको अनुभवको आधारमा आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्याङ्कन गरी छ भन्दा वढी परामर्श सेवा दिन सक्ने आशयपत्रदाताको छनौट गर्न सार्वजनिक खरिद ऐनको दफा ३० को उपदफा (५) मा "साधारणतया ३ देखी ६ अशयपत्रदाताको तोकिए वमोजिम छनौट गरी संक्षिप्त सूची तयार गर्नु पर्नेछ" भन्ने उल्लेख भएको हुँदा ६ वटा भन्दा बढी अशयपत्रदाताको छनौट गर्न बाधा नगरेको ।

**(निर्णय मिति : २०७१।०४।२८)**

**११. राय परामर्श माग भएको विषय:**

सुरक्षागार्ड आपूर्तिको गर्ने न्यून बोल अंक भएको बोलपत्रदाताले सार्वजनिक निकायमा बोलपत्रसाथ पेश गरेको वित्तीय विवरण र कर कार्यालयमा E-Filling मार्फत Upload गरेको वित्तीय विवरण फरक पेश गरेको हुँदा निजको बोलपत्र फारम रद्द गरी पाँउ भन्ने निवेदन परेकोले यस सम्वन्धमा राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय सामान्य सेवा विभागको च.नं. ८० मिति २०७१/४/२० को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

खरिद प्रकृयामा प्रभाव पार्ने मनसायले तथ्य बङ्ग्याई वा झुक्याई पेश गर्न नहुने यस्तो कार्य गरेमा आचरण विपरीतको कार्य हुने सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ को उपदफा (२) को देहाय खण्ड (ख) व्यवस्था भएकोले सार्वजनिक निकायमा बोलपत्रसाथ पेश गरेको वित्तीय विवरण र कर कार्यालयमा E-Filling मार्फत Upload गरेको वित्तीय विवरण फरक पर्नुको मनसिव कारण हो वा होईन एक्किन गरी तहाँबाटै निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।०४।२८)**

**१२. राय परामर्श माग भएको विषय:**

Package A मा रहेको Supply of 2 Ton Air Conditioner, Repair of 80 Ton Chiller Plant, Repair of 7.5 Ton Roof Top र Package B मा रहेको Repair of 7.5 Ton Roof Top कार्यको लागि आपूर्तिकर्ता सँग सम्झौता भएको । सम्झौता बमोजिम Repair of 80 Ton Chiller Plant कार्यको Compressor नबिग्रिएको अवस्थाको लागत इष्टिमेट हुन गएको तर Compressor नै बिग्रिएको हुँदा उक्त मर्मत कार्य हुन नसकेको राय सहित सम्पन्न भएका अन्य कार्यको भुक्तानी दिन भनी ईन्जिनियरिङ्ग महाशाखाबाट सिफारिस भै आएको हुँदा सो अनुसार भुक्तानी दिन मिल्ने वा नमिल्ने भनी नेपाल टेलिभिजन सिंहदरवार काठमाण्डौको प. सं. ०७१/७२, च. नं. २०१ मिति २०७१/४/२३ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद कार्यको लागि सम्झौता सम्पन्न भई सम्झौतामा उल्लेखित शर्तहरू लागु हुने अवस्थामा सा. ख. ऐन, २०६३ को दफा ६५ को उपदफा (२) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालय खरिद प्रक्रियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्बन्धमा उत्पन्न कुनै विवाद समाधान गर्न नमिल्ने ।

**(निर्णय मिति : २०७१।०५।०८)**

**१३. राय परामर्श माग भएको विषय:**

नागरिक समाज संस्था Cso's हरूबाट आशयपत्र पेश हुने गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को उपनियम (८) बमोजिम कम्तिमा ३ वटा आशयदाता छनौट हुन नसके सार्वजनिक निकायले पुनः सूचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्ने व्यवस्था भएको पुनः सूचना प्रकाशन गर्दा समेत आशयपत्र दर्ता हुन नआएको तथा एक मात्र आशयपत्र योग्य भई छनौट भएका अवस्थामा के गर्ने भन्ने ऐन नियममा स्पष्ट नभएकोले द्विविधा भई सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालयको प. सं. ०७१/७२, च. नं. ७८ मिति २०७१/४/२२ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि प्रस्ताव माग गरिने अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ को प्रकृया अवलम्वन गरी खरिद गर्नु पर्ने हुन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० बमोजिम अशायदाताको संक्षिप्त सूची तयार गर्दा त्यस्तो परामर्श सेवा दिन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनी समेतले भाग लिन पाउने गरी सोही दफाको उपदफा (६) वमोजिम परामर्श दिन सक्ने व्यक्ति, संस्था

वा कम्पनीहरू मध्येबाट छनौट गर्ने गरी आशयपत्र माग गर्ने व्यवस्था भएको तथा एक मात्र आशयपत्रदाता छनौट भएकोमा नियम ७० को उपनियम (९) अनुसार गर्न उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।०५।०८)**

**१४. राय परामर्श माग भएको विषय:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २२ मा "बोलपत्र पेश गर्ने अन्तिम मिति र समय समाप्त भएको लगत्तै साही दिन बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित समय र स्थानमा सार्वजनिक निकायले तोकिए बमोजिम बोलपत्र खोल्नु पर्नेछ।" भनी उल्लेख भएकोमा बोलपत्र पेश गर्ने अन्तिम मिति र समयमा केही निर्माण व्यवसायीले e-procurement site नखुलेको कारण देखाई बोलपत्र पेश गर्ने म्याद थप गर्न वा रद्द गर्न निवेदन दिएकोमा अन्तिम समय भएकोले म्याद थप गर्न नसकिएको र बोलपत्र खोल्नु पर्ने र रद्द गर्नु पर्ने भनी फरक/फरक दवाव भएको कारण सुरक्षाको कारण बोलपत्र नखोली सुरक्षित राखिएकोमा हाल आएर बोलपत्र खोल्न मिल्ने वा नमिल्ने द्विविधा भई सिंचाई विभाग जावलाखेल, ललितपुरको प.सं. ०७१/७२ स.सि.ग-५, च.नं. २१ मिति २०७१/५/३ को पत्रबाट राय माग भई आएको ।

**<u>राय परामर्शको व्यहोरा:</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २२ बमोजिम बोलपत्र पेश गर्ने अन्तिम मिति र समय समाप्त भएको लगत्तै सोही दिन बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित समय र स्थानमा सार्वजनिक निकायले तोकिए बमोजिम बोलपत्र खोल्नु पर्नेछ भन्ने व्यवस्था रहेको तर्फ ध्यनाकर्षण गराइन्छ । साथै e-procurement site अन्तिम समय सम्म खुलेको तथ्यबाट एकिन भएमा खरिद प्रकृयामा अवरोध गर्ने गलत मनसायले झुटो निवेदन दिएको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ वमोजिमको आचरण विपरीत कार्य हुने हुँदा त्यस्ता उपर सोही बमोजिम आवश्यक कारबाही गर्न सकिने ।

**(निर्णय मिति : २०७१।०५।०८)**

**१५. राय परामर्श माग भएको विषय:**

निर्माण व्यवसायी फर्मले पेश गरेको Same Nature सम्वन्धी कागजातमा प्राइभेट कम्पनीको कागजात रहेको र TDS पनि नतिरेको । निजी क्षेत्रको अनुभवलाई मान्यता दिन मिल्ने वा नमिल्ने भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग मध्यमाञ्चल क्षेत्रीय कार्यालय हेटौंडाको प.सं. प्रा.प. १६२/०७१/७२ च.नं. ६१४ मिति २०७१/५/१३ को पत्रबाट राय माग भई आएको ।

**<u>राय परामर्शको व्यहोरा:</u>**

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा निजी क्षेत्रमा गरेको कार्य अनुभवलाई मान्यता दिन सकिने वा नसकिने सम्वन्धमा कुनै प्रावधान नरहेको । सार्वजनिक खरिद ऐन तथा नियमको सम्पूर्ण प्रकृया पूरा गरी भएको सम्झौता बमोजिमको सबै दायित्व पूरा गरेको कार्य अनुभवलाई मात्र गणना गर्न उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।०६।०५)**

**१६. राय परामर्श माग भएको विषय:**

कार्यालय सञ्चालन भईरहेको घरको तल्लो तला साविक कै घर धनीसंग सिधै वार्ता गरी लिन सकिने वा नसकिने द्विविधा भई कर सेवा कार्यालय, चावहिल काठमाण्डौको प.सं. ०७१/७२, च.नं. २१४ मिति २०७१/५/२५ को पत्रबाट राय माग भई आएको ।

**<u>राय परामर्शको व्यहोरा:</u>**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ बमोजिम घरभाडामा लिने कार्यविधि बमोजिमको प्रकृया अवलम्वन गरी आवश्यकता अनुसारको साविक घरको आसपास वा सोही घरको तल्ला समेत भाडामा लिन सकिने ।

**(निर्णय मिति : २०७१।०६।०५)**

**१७. राय परामर्श माग भएको विषय:**

बोलपत्र आव्हानको सूचना मिति २०७१/३/४ तदनुसार १८ जुन २०१४ मा प्रकाशित भएको । सूचना प्रकाशित हुनु भन्दा अगाडिको मिति (१४ जुन २०१४) मा नै जारी भएको बोलपत्र जमानत र १५ जुन २०१४ मा जे भि. सम्झौता भएको अवस्थाको बोलपत्रलाई मान्यता दिन मिल्ने वा नमिल्ने द्विविधा भएको भनि आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज, बाँकेको प.सं. ०७१/७२, च.नं. १८७९ मिति २०७१/५/१३ को पत्रबाट राय माग भई आएको ।

राय परामर्शको व्यहोराः

बोलपत्र आव्हान भए पछि मात्र बोलपत्र सम्वन्धी कागजात बोलपत्रदाताहरूले खरिद गर्न सक्ने । सोही बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भए बमोजिमको बोलपत्र जमानतको रकम, किसिम, मान्य ढाँचा र मान्य अवधि को बोलपत्र जमानत जारी हुने तथा प्रस्तावित कामको लागि जे. भि सम्झौता हुने स्थितिमा सूचना प्रकाशन अघि नै जारी भएको बोलपत्र जमानत तथा जे. भि. सम्झौता प्रस्तावित कार्यको लागि नै बनेको भन्न नमिल्ने । (निर्णय मिति : २०७१।०६।०५)

**१८. राय परामर्श माग भएको विषयः**

बोलपत्र सम्वन्धी कागजातमा Qualification Criteria तोक्दा Contracts of Similar Size and Nature मा Multispan Bridge, Type of Foundation and Length of Span ३० मिटर हुनु पर्नेमा सो नभई २५ मिटर मात्र भएकोले मान्य हुने वा नहुने द्विविधा भई जिल्ला विकास समितिको कार्यालय बझाङ्ग को प.सं. ०७१/७२, च.नं. २३८ मिति २०७१/५/१९ कोपत्रबाट राय माग भई आएको ।

राय परामर्शको व्यहोराः

बोलपत्र सम्वन्धी कागजातमा तोकिएका Qualification Criteria बमोजिम नभएको बोलपत्र सारभूत रूपमा प्रभावग्राही बोलपत्र मान्न नहुने ।

**(निर्णय मिति : २०७१।०६।०५)**

**१९. राय परामर्श माग भएको विषयः**

Specific Work Experience को लागि ठेक्का रकमको वर्तमान मूल्य निकाल्दा कुन मितिलाई आधार मानि निकाल्नु पर्ने भन्ने सम्वन्धमा द्विविधा भई पूर्वाञ्चल सिंचाई विकास डिभिजन नं. १ को प.सं. ०७१/७२, च.नं. ६६ मिति २०७१/५/४ को पत्रबाट राय माग भई आएको ।

राय परामर्शको व्यहोराः

Specific Work Experience को Current value निकाल्दा निर्माण व्यवसायीलाई जारी गरिएको कार्यसम्पन्न प्रमाणपत्र (Work Completion Certificate) मा उल्लेख भएको आर्थिक वर्षलाई आधार मानि राष्ट्र बैंकले जारी गरेको Price Index अनुसार Specific Work Experience को Current Value निकाल्ने र सारभूत रूपमा प्रगति (Substantial Progress) भएको कार्यमा Index लगाउन नहुने ।

**(निर्णय मिति : २०७१।०६।०५)**

**२०. राय परामर्श माग भएको विषयः**

सुरक्षा सामाग्री आपूर्ति गर्ने गरी उत्पादक तथा आपूर्तिकर्ता M/S SAAB Systems Grintek, South Africa संग सम्झौता भई सोही कम्पनीको नाममा प्रतितपत्र खोलिएको । Expot Permit प्राप्त हुने क्रममा सम्झौता भएको कम्पनीले गर्दै आएको सम्पूर्ण जिम्मेवारी, स्वामित्व तथा दायित्वहरू हस्तान्तरण सहित कम्पनीको नाम परिवर्तन भई M/S Reutech Communication, South Africa कायम भएको । नेपाली सेनाले विगत लामो समय देखी प्रयोग गर्दै आएको Grintek Redio Set हरू उक्त कम्पनीले मात्र उत्पादन गर्ने र अन्य कुनै पनि कम्पनीको उत्पादन Compatible नहुने भएको हुँदा भविष्यमा मिलाप कार्य (System) मा असर पर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ को उपदफा (२) को खण्ड (ज) वमोजिमको प्रतितपत्रमा रहेको कम्पनीको नाम परिवर्तन गरी सम्झौता कार्यन्वयन गर्न मिल्छ वा मिल्दैन भनि नेपाली सेना संभार रथी विभाग (प्राप्ती) जंगी अड्डा काठमाण्डौको प.सं. २३३१/५८/बि/०७१/७२/२९७, मिति २०७१/५/१९ को पत्रबाट राय माग भई आएको ।

राय परामर्शको व्यहोराः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम भएको सम्झौतामा प्रतितपत्र खोलेको १८० दिन भित्र सामान आपूर्ति गरि सक्नुपर्ने उल्लेख भएकोमा लामो अवधि सम्म सामान आपूर्ति हुन नसकेको तर्फ ध्यानाकर्षण गराउदै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ वमोजिम खरिद सम्झौतामा संशोधन हुने अवस्थामा सम्झौता बमोजिमको कानूनी दायित्वको सुनिश्चितता गरी प्रतितपत्रमा रहेको कम्पनीको नाम परिवर्तनको विषयमा नेपाल राष्ट्र बैंकको स्वीकृति प्राप्त भएमा दुवै पक्षको सहमतिमा सम्झौता कार्यान्वयन गर्न सकिने ।

**(निर्णय मिति : २०७१।०६।२४)**

**२१. राय परामर्श माग भएको विषयः**

प्रत्येक आ.व. हरूमा बोलपत्र आव्हान गरी एउटै सामान खरिद गर्दा खरिद कार्यविधिमा लामो समय लाग्ने, समयमा सामान प्राप्त नहुने र आपूर्तिकर्ता परिवर्तन हुन सक्ने हुनाले सामानको रंग तथा केही हद सम्म प्याट्रनमा समेत फरक पर्ने गरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ को उपनियम (१) को अनुसूची ३ (ग) बमोजिम बहुवर्षिय सम्झौता गर्न मिल्छ वा मिल्दैन भनि नेपाली सेना संभार रथी विभाग (प्राप्ती) जंगी अड्डा काठमाण्डौको प. सं. २३३१/५८/बि/०७१/७२/३९७, मिति २०७१/६/५ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ को उपनियम (१) संग सम्वन्धित अनुसूची ३ को (ग) मा बहुवर्षिय सम्झौता गर्न सकिने अवस्थाहरूको उल्लेख गरिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (१) मा बजेटको व्यवस्था नभई खरिद कार्य शुरु गर्नु नहुने भएकाले बहुवर्षिय सम्झौता गरी खरिद गर्न वजेटको व्यवस्था भएको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को प्रतिकुल नहुने गरी बहुवर्षिय सम्झौता गर्न बाधा देखिदैन ।

**(निर्णय मिति : २०७१।०६।२४)**

**२२. राय परामर्श माग भएको विषयः**

बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताको ग्राह्यता (ईलिजिविलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले पेश गर्नु पर्ने कागजात पेश गर्दा काठमाण्डौ महानगरपालिका वडा कार्यालयमा मात्र व्यवसाय दर्ता भई कारोवार गरि आएको व्यवसाय दर्ता प्रमाणपत्र मात्र बोलपत्रमा समावेश भएको हुदा मान्यता दिन मिल्ने वा नमिल्ने द्विविधा भई राष्ट्रिय बाणिज्य बैंक लि. केन्द्रीय कार्यालयलको प.सं. ०७१/७२, च.नं. ११४ मिति २०७१/५/३१ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

बोलपत्रदाताको ग्राह्यता (ईलिजिविलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले पेश गर्नु पर्ने कागजातहरूका सम्वन्धमा बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भए बमोजिम सम्वन्धित सार्वजनिक निकायले सम्वन्धित व्यवसाय दर्ता गर्ने निकायहरू सँग समन्वय गरी निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।०६।२४)**

**२३. राय परामर्श माग भएको विषयः**

विद्युतीय माध्यमबाट बोलपत्र/दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताको न्यून कवोल अंक भएको तर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० अनुसार पेश भै आउनु पर्ने कागजातहरू मध्ये धरौटी बाहेक फर्म दर्ताको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको कागजात छुट हुन गएकोले उक्त कागजात माग गरी कारवाही अगाडि बढाउन मिल्ने वा नमिल्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ (१) मा बिडबण्ड वा नगद धरौटी राख्ने व्यवस्था रहेकोमा बिडबण्डको सट्टा प्रतिष्ठानको खातामा नगद धरौटी मात्र राख्ने व्यवस्था गर्न सकिने वा नसकिने भनि वि. पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको प. सं. ०७१/७२, च. नं. ६७७ मिति २०७१/५/१० को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० अनुसार पेश गर्नु पर्ने कागजातहरू बोलपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय भित्रै पेश हुनु पर्ने प्रावधान विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नेको हकमा पनि लागू हुने, सो बमोजिम पेश नगरिएको बोलपत्र उपर सोही नियमको उपनियम (४) बमोजिम कारबाही नहुने । बोलपत्र जमानत वापत नगद वा वाणिज्य बैंकले जारी गरेको सो रकम बारावरको बोलपत्र जमानत पेश गर्न सकिने कानूनी व्यवस्था भएकोले अन्य शर्त राख्न नमिल्ने ।

**(निर्णय मिति : २०७१।०७।०४)**

**२४. राय परामर्श माग भएको विषयः**

द टिम्बर कर्पोरेसनको आर्थिक विनियमावली, २०६४ को परिच्छेद ४ विनियम १८ को उपविनियम (१) (ग) मा "रु. ५,००,,०००।- भन्दा माथि जतिसुकै रकमको भएपनि बोलपत्र वा घटाघटद्धारा" खरिद गर्न सकिने प्रावधान रहेको । सोही बमोजिम खरिद गर्नको लगि ३० दिने घटाघटको सूचना प्रकाशन गरिएको र घटाघटमा भाग लिने सबै भन्दा कम कबोल अंक भएको श्री देवढुङ्गा सप्लायर्स प्रा. लि. काठमाण्डौको कबोल अंक स्वीकृत गर्न मिल्ने वा नमिल्ने द्विविधा भएको भनि द

टिम्बबर कर्पोरेशन अफ नेपाल लि. को प.सं. टि.सि.एन. ४९८/ ०७१/७२, मिति २०७१/६/२८ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ख) बमोजिमका सार्वजनिक निकायहरूले सोही ऐनको दफा ७४ को उपदफा (२) बमोजिम बनाएको आर्थिक/खरिद नियमावली समेत सार्वजनिक खरिद ऐन, २०६३ को प्रतिकूल हुन नहुने भएकोले सो लाई दृष्टिगत गरी खरिद विधि अवलम्वन गर्नु उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।०७।०४)**

**२५. राय परामर्श माग भएको विषयः**

अन्तर्राष्ट्रिय स्तरको आशयपत्र (EOI) को मूल्यांकन गरी छनौट गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को उपनियम (६) मा अन्तर्राष्ट्रिय स्तरको आशयदाताको छनौट गर्दा सार्वजनिक निकायले विभिन्न मुलुक पृष्ठभूमि र एक स्थानीय एजेन्ट रहेको फर्म वा कम्पनीको छनौट गर्नुपर्नेछ भन्ने व्यवस्था प्रस्तावदाताको संक्षिप्त सूची तयार गर्दा देखि लागू हुने हो वा अन्तिम छनौटको क्रममा मात्र लागू गर्नु पर्ने हो द्विविधा भएको भनी लगानी बोर्डको कार्यालय अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर, काठमाण्डौको प.सं. ०७१/७२, च. नं. १३५ मिति २०७१/७/९ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को उपनियम (६) मा अन्तर्राष्ट्रिय स्तरको आशयदाताको छनौट गर्दा सार्वजनिक निकायले विभिन्न मुलुक पृष्ठभूमि र एक स्थानिय एजेन्ट रहेको फर्म वा कम्पनीको छनौट गर्नुपर्नेछ भन्ने व्यवस्था संक्षिप्त सूची तयार गर्दा कै बखतमा लागू हुने ।

**(निर्णय मिति : २०७१।०७।१३)**

**२६. राय परामर्श माग भएको विषयः**

नेपाली सेनाको राशनमा समावेश भएको हाईईनर्जी बिस्कुट र स्वीटेण्ड कण्डेन्स्ड मिल्क (दुध) को बहुवर्षिय (Supply History) को आधारमा ३ वर्षको लागि ठेक्का बन्दोबस्त गर्दा मितव्ययी हुने देखिएकोले बहुबर्षिय ठेक्का सम्झौता गर्न मिल्ने वा नमिल्ने द्विविधा भएको भनि नेपाली सेना, सैनिक आर्थिक प्रशासन विभाग जंगी अड्डा काठमाण्डौको प.सं. १०२०६/प्र.र. को. का/०७१/७२/१० मिति २०७१/६/१७ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४२ मा तोकिएको कार्यविधि बमोजिम खरिद गर्ने गरी राशन खरिद सम्वन्धी विशेष व्यवस्था गरेको । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८८ को उपनियम (१) बमोजिम स्वीकृत राशन दरवन्दी अनुसार प्रत्येक बर्षको भाद्र मसान्त भित्र लागत अनुमान तयार गरी उपनियम (२) को समिति समक्ष स्वीकृतिको लागि पेश गर्नु पर्ने र नियम ८९ को उपनियम (१) मा राशन बन्दोबस्त गर्नु पर्ने सार्वजनिक निकायले प्रत्येक सालको माघ एक गतेदेखि नयाँ आपूर्तिकर्ताले राशन सिदा आपूर्ति गर्नु पर्ने गरी राशन सिदाको बन्दोबस्त गर्न सक्ने स्पष्ट व्यवस्था रहेको छ ।

बहुवर्षिय सम्झौताको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा उल्लेखित प्रावधान बमोजिम भए वा नभएको एकिन गरी नियम २१ मा उल्लेख भए अनुसार मालसामान वा अन्य सेवाको खरिद सम्झौताको हकमा अनुसूची ३ मा उल्लेख भए अनुसार हुने ।

**(निर्णय मिति : २०७१।०७।३०)**

**२७. राय परामर्श माग भएको विषयः**

निर्माण कार्यको लागि आबश्यक तेलिया ईटा, इन्टरलकिङ टायल, मार्वल तथा पारसोलिङ टायल खरिद गर्न पटक/पटक सिलबन्दी दरभाउपत्र/बोलपत्र आह्वान गर्दा पनि लागत इष्टमेट भन्दा बढी हुन आएको र न्यूनत्तम दररेट उल्लेख भएको बोलपत्र भ्याटमा दर्ता नभएकोले उपयुक्त राय सुझावको लागि भक्तपुर नगरपालिका कार्यालयको प.सं. ५५०, च.नं. ७८९, मिति २०७१/६/५ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (५) बमोजिम खरिद कार्य रद्द हुनको कारणको समीक्षा गरी आबश्यकता अनुसार बोलपत्र सम्बन्धी कागजात, प्राविधिक स्पेशिफिकेशन, लागत अनुमान तथा खरिद सम्झौताको शर्तहरूमा हेरफेर

समेत गर्नु पर्ने भएकोले सोही बमोजिम प्रकृया पूरा गरी खरिद गर्न सकिने सोही आधारलाई लिएर सोभै खरिद गर्न नहुने । **(निर्णय मिति : २०७१।०७।२०)**

**२८. राय परामर्श माग भएको विषयः**

हुलाक टिकट छपाई गर्ने सिलसिलामा आह्वान गरिएको बोलपत्रमा Jon Enschede Stamps कम्पनीले दुई थरी दररेट ( १,१८,१७६ युरो र ४,६२,३३५ युरो) प्रस्तूत गरेको र Related Services अन्तरगत दररेट १६,४०० युरो अलगै प्रस्तूत गरेको । Tender Document मा Alternative Bids Shall not be permitted भन्ने व्यवस्था रहेको । उक्त कम्पनीको Lowest Bid युरो १,१८,१७६ मानी आसयपत्र जारी गरेकोमा Second Lowest Bidder ले प्रकृया त्रुटी भएको भनी बोलपत्र पुनः मूल्यांकन गर्न निवेदन दिएकोले Jon Enschede Stamps कम्पनीलाई Tender Award गर्न मिल्ने वा नमिल्ने भनी हुलाक सेवा विभागको प.सं. २०७१/७२, च.नं. ३५, मिति २०७१/६/३० को पत्रबाट राय माग भई आएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम निर्णय प्रक्रियामा चित्त नबुझि दिएको निवेदन उपर सोही दफाको उपदफाहरूमा उल्लेख भए बमोजिम प्रक्रिया पूरा गरी सम्वन्धित सार्वजनिक निकायले निर्णय लिनु पर्ने ।

**(निर्णय मिति : २०७१।०७।२०)**

**२९. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८ मा बोलपत्र फिर्ता वा संशोधन गर्न आधिकारिकता पुष्टी हुने Power of Attorney सम्वन्धी आवश्यक पर्ने वा नपर्ने स्पष्ट उल्लेख नभएको तर ITB को बुदा नं. २४ मा बोलपत्र दर्ता संशोधन र फिर्ता लिन आधिकारिकता पुष्टी हुने Power of Attorney समावेश गर्नुपर्ने उल्लेख भएको हुँदा हार्ड कपि मार्फत बोलपत्र फिर्ता माग गर्नेको आधिकारिकता पुष्टी हुने Power of Attorney समावेश नभएको अवस्थामा बोलपत्र खोल्न मिल्ने वा नमिल्ने द्विविधा भई जिल्ला विकास समितिको कार्यालय काठमाण्डौको प.सं. ०७१/७२, च.नं. ९१९ मिति २०७१/७/११ को पत्रबाट राय माग भई आएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

SBD को ITB को बुदा नं. २४ मा बोलपत्र दर्ता संशोधन र फिर्ता लिन आधिकारिकता पुष्टी हुने Power of Attorney समावेश गर्नुपर्ने उल्लेख भए बमोजिम आधिकारिकता पुष्टी हुने Power of Attorney समावेश भएको अवस्थामा मात्र बोलपत्र संशोधन तथा फिर्ता हुने ।

**(निर्णय मिति : २०७१।०७।३०)**

**३०. राय परामर्श माग भएको विषयः**

मर्मत तथा सम्भार तथा पार्टपूर्जा खरिद सम्वन्धी कार्यको लागि १० वटा फर्महरूलाई सूचीकृत गरिसकिएकोले उक्त १० वटा फर्मलाई कायम राखि थप फर्महरूको नाम सूचीकृत गर्न पुनः सूचना प्रकाशन गर्न मिल्छ वा मिल्दैन भनि नेपाल इन्जिनियरिङ्ग परिषद्को प.सं. ११०/०७१/७२, च.नं. १६६ मिति २०७१/७/१८ को पत्रबाट राय माग भई आएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियमहरूमा मौजुदा सूची तयार गर्ने स्पष्ट व्यवस्था भएको । सोही नियमको उपनियम (३) मा प्रत्येक बर्षको प्रारम्भमा मौजुदा सूचीको लागि सूचना प्रकाशन गरी सो बमोजिम योग्यता पूरा गरेकोलाई मौजुदा सूचीमा समावेश गर्ने व्यवस्था भएको ।

**(निर्णय मिति : २०७१।०७।३०)**

**३१. राय परामर्श माग भएको विषयः**

ई-बिडिङ्ग मार्फत बोलपत्र पेश गर्दा बोलपत्र सम्वन्धित कागजात खरिद गरेको बैक भौचर रसिद बोलपत्र सूचनामा उल्लेख गरेको भन्दा फरक खातामा जम्मा गरेको बैंक भौचर रसिद पेश गरेकोले मान्यता हुने वा नहुने द्विविधा भई पूर्वाञ्चल सिंचाई विकास डिभिजन नं. ३, धनकुट्टाको प.सं. ०७१/७२, च.नं. १०८ मिति २०७१/७/२० को पत्रबाट राय माग भई आएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० को खण्ड (घ) बमोजिम सम्वन्धित बोलपत्रदाता आफैले खरिद गरेको बोलपत्र सम्वन्धी कागजात भरी पेश गरे वा नगरेको सम्वन्धमा पूर्णताको परीक्षण गर्नु पर्ने प्रावधान रहेको हुँदा बोलपत्र

आह्वानको सूचनामा तोकिएको खातामा रकम जम्मा नगरी अन्य खातामा जम्मा गरेको बैंक भौचर रसिद पेश गरेको बोलपत्र उपर कारबाही नहुने ।

**(निर्णय मिति : २०७१।०७।३०)**

**३२. राय परामर्श माग भएको विषयः**

न्यूनतम मूल्यांकित दरभाउपत्रदाताले खरिद गनुपर्ने सामान पर्दा तथा कार्पेटको Technical Specifications को वारेमा केही पनि उल्लेख नगरेको र अनुमानित लागत अनुमान भन्दा निक्कै न्यून कबोल गरेको हुनाले नमूना माग गर्दा नमूना पेश नगरेको र कुनै जवाफ समेत नदिएको हुनाले निजको दरभाउपत्रलाई सारभूत रूपमा अप्रभावग्राही मानि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २१ बमोजिम जमानत जफत गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा विश्वविद्यालय अनुदान आयोगको च. नं. २१९, मिति २०७१/७/२१ को पत्रबाट राय माग भई आएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० को उपदफा (२) मा सिलबन्दी दरभाउपत्र माग गर्नु अघि खरिद गर्ने मालसामान, निर्माण कार्य वा अन्य सेवाको स्पेशिफिकेशन, गुणस्तर, परिमाण, आपूर्तिका शर्तहरू र समय तथा अन्य आवश्यक कुराहरूको विवरण स्पष्टरूपमा उल्लेख गरी तयार गर्नु पर्ने र यसरी तयार गरिएका सबै शर्त पूरा गरी लागत अनुमान भित्र परेको न्यूनतम मूल्यांकित दरभाउपत्र स्वीकृत गर्नु पर्ने सोही दफाको उपदफा (५) मा व्यवस्था भएको ।

सार्वजनिक निकायले माग गरेको दरभाउपत्रमा उल्लेखित Specification र शर्तहरू पूरा गरे वा नगरेको सम्वन्धमा सार्वजनिक निकाय स्वयंले निर्णय लिनुपर्ने ।

**(निर्णय मिति : २०७१।०८।०७)**

**३३. राय परामर्श माग भएको विषयः**

प्राविधिक प्रस्तावको मूल्यांकन गरी आर्थिक प्रस्ताव खोल्न स्वीकृतिको लगि पेश भएकोमा सार्वजनिक निकायको प्रमुखले प्राविधिक प्रस्तावको मूल्यांकनमा केही कमिकमजोरी देखिएकोले सुधार गर्नु पर्ने देखेर सोही मूल्यांकन समितिबाट पुनः मूल्यांकन गर्न निर्देशन भएकोले मूल्यांकन समितिको बैठकमा छलफल हुँदा पुनः मूल्यांकन गर्न आबश्यकता भएमा सोही मूल्यांकन समितिलाई पुनः मूल्यांकन गर्न निर्देशन दिन सक्ने वा नसक्ने सम्वन्धमा सार्वजनिक खरिद ऐन तथा नियममा स्पष्ट व्यवस्था नभएकोले द्विविधा भई जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि व्यवस्थान सूचना प्रणाली) को प. सं. ०७१/७२, च. नं. ६६ मिति २०७१/८/१ को पत्रबाट राय माग भई आएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

“सार्वजनिक निकायको प्रमुखले मूल्यांकनमा केही कमिकमजोरी देखिएकोले सुधार गर्नु पर्ने देखेर सोही मूल्यांकन समितिबाट पुनः मूल्यांकन गर्न मिति २०७१/७/४ को निर्णयानुसार निर्देशन भएको” भनि उल्लेख भएको देखिदा यस सम्वन्धमा थप राय दिइरहनु नपर्ने ।

**(निर्णय मिति : २०७१।०८।०३)**

**३४. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा (१) बमोजिम आशयपत्र माग गरी संक्षिप्त सूची तयार गरिएको । संक्षिप्त सूचीमा समाबेश भएकाहरूलाई गुणस्तर तथा लागतविधिको (९०:१०) आधारमा प्रस्ताव माग गरिएकोमा कुनै प्याकेजमा एक मात्र प्रस्ताव र कुनै प्याकेजमा दुई वटा मात्र प्रस्ताव परेको हुँदा छनौट प्रक्रियामा द्विविधा भएको भनि राष्ट्रिय भू-उपयोग आयोजनाको प. सं. ०७१/७२, च. नं. १६३ मिति २०७१/८/२ को पत्रबाट राय माग भई आएको ।

**<u>राय परामर्शको व्यहोराः</u>**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा उपदफा (२) मा केही बोलपत्रहरू वा एउटा मात्र बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पुनः बोलपत्र आह्वान गर्न सकिने छैन भन्ने व्यवस्था रहेको । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३६ को उपदफा (१) को देहाय खण्डहरूमा उल्लेख भएको अबस्थाहरूमा मात्र सार्वजनिक निकायले सम्पूर्ण प्रस्ताव अस्वीकृत गर्न वा खरिद कारबाही रद्द गर्न सक्ने ।

**(निर्णय मिति : २०७१।०८।०७)**

**३५. राय परामर्श माग भएको विषयः**

राशन सामानहरूको ठेक्का बन्दोबस्त क्रममा दर्ता हुन आएका बोलपत्रहरू मूल्यांकन गर्दा नेपाल आयल निगमले तोकेको दररेट भन्दा अस्वभाविक रूपमा कम भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ बमोजिम दर विश्लेषण माग गरी जबाफ सन्तोषजनक भएमा अस्वभाविक रूपमा उल्लेख भएको दररेटमा बोलपत्र स्वीकार गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा श्री नारायणदल, गण, ब्राबल व्यारेक, धून्चे, रसुवाको मिति २०७१/८/५ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ बमोजिम दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्ने व्यवस्था निर्माण कार्यको बोलपत्रको विशेष मूल्यांकनको प्रयोजनको लागि रहेको देखिन्छ । राशन खरिदको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८८ र ८९ बमोजिम स्वीकृत गरि सम्झौता गर्नु पर्ने र सम्झौता बमोजिम राशन आपूर्ति नगर्ने आपूर्तिकर्तालाई प्रतलित सार्वजनिक खरिद ऐन, नियम तथा सम्झौताको शर्तमा उल्लेख भए अनुसार कारबाही गरिनु पर्ने ।

**(निर्णय मिति : २०७१।०८।१४)**

**३६. राय परामर्श माग भएको विषयः**

Road brommer खरिद गर्न बोलपत्र कागजातमा Engine Capacity 19kw-36kw उल्लेख गरिएकोमा सप्लायर्स कम्पनीबाट Engine Capacity 74kw भएको उपलब्ध गराएको हुँदा उक्त बढी क्यापासिटी भएको सामान बुझ्न सकिन्छ वा सकिदैन भनि काठमाण्डौ महानगरपालिका कार्यालयको प. सं. ०७१/७२, च. नं. १५९७, मिति २०७१/८/३ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

आपूर्ति भएको मालसामानको स्पेशिफिकेशन बमोजिम भए वा नभएको कुरा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४२ को खण्ड (ञ) मा उल्लेखित परीक्षण गर्न अपनाइने मापदण्ड र तरिका बमोजिम परीक्षण गर्दा स्पेशिफिकेशनमा उल्लेख भएको भन्दा बढी Engine Capacity भएकोमा उक्त सामानको कार्य सञ्चालन तथा कार्य सम्पादन, वारेन्टी समयावधि र अपरेटिङ्ग कष्ट समेतलाई मध्य नजर गरी सार्वजनिक निकाय स्वयंले उपयुक्त निर्णय लिनुपर्ने ।

(निर्णय मिति : २०७१।०८।१४)

**३७. राय परामर्श माग भएको विषयः**

तीन वटा बोलपत्रहरू दर्ता हुन आएकोमा दुईवटा बोलपत्र सारभूत रूपमा प्रभावग्राही नभएको एक बोलपत्र लागत अनुमान भन्दा ८.७३ प्रतिशतले बढी भएकोले बोलपत्र अस्वीकृत गर्न सिफारिस गरी पठाइएकोमा आयोजना समन्वय समितिबाट मिति २०७१/३/१३ को पत्रबाट बोलपत्र अस्वीकृत गरी पुनः सूचना प्रकाशन गर्न भनिएको । सोही समितिबाट मिति २०७१/३/२७ को पत्रबाट पुनः मूल्यांकन गर्न भनि पत्र लेखेको । मूल्यांकन समितिबाट पुनः मूल्याकन गरी बोलपत्रदाताको कबोल अंक स्वीकृत लागत इस्टमेट भन्दा बढी भएकोले बार्ता द्वारा कबोल अंक घटाउने सहमति जनाएमा बोलपत्र स्वीकृत गर्ने वेहोराको निर्णय बोलपत्र मूल्यांकन समितिको भएको र निजको बोलपत्र स्वीकृत गर्ने आशयपत्र समेत दिएको तर हाल सम्म सम्झौता समेत नभएकोमा के गर्न उपयुक्त हुन्छ ।

**राय परामर्शको व्यहोराः**

तीनवटा बोलपत्र दर्ता भएकोमा दुईवटा बोलपत्र सारभूत रूपमा प्रभावग्राही नभएको, एउटा सारभूत रूपमा प्रभावग्राही बोलपत्र लागत अनुमान भन्दा ८.७३ प्रतिशतले बढी भएको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा उपदफा (१) को देहाय खण्ड (ख) बमोजिम न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभूत रूपमा बढी भए नभएको एकीन गरी निर्णय गर्ने ।

**(निर्णय मिति : २०७१।०८।२१)**

**३८. राय परामर्श माग भएको विषयः**

स्लिपिङ्ग व्यागहरू Door Delivery हुने गरी CIP Kathmandu संग सम्झौता भएको । सम्झौता बमोजिमको सामानहरू जाँच गरी भन्सार महशुल तथा मु. अ. कर नलाग्ने गरी छाडिदिन आबश्यक कागजात सहित भन्सार कार्यालयलाई पत्राचार गरिएको । सम्झौता बमोजिमको पूरा सामान आपूर्तिकर्ताले नबुझाएको बाँकि सामान भन्सार कार्यालयमा छुटेको हुँदा पुन जाँचपास गर्न प्रतिनिधि पठाइदिन लेखि आएकोले प्रतिनिधि पठाउन मिल्ने वा नमिल्ने सम्वन्धमा नेपाली सेना, संभार रथी विभाग (प्राप्ती) जंगी अड्डाको मिति २०७१/७/३० को पत्रबाट राय माग भई आएको ।

राय परामर्शको व्यहोरा:

प्रचलित सार्वजनिक खरिद ऐन र सो अन्तर्गत बनेको नियम, निर्देशिकाहरूमा उल्लेखित कुनै कुराका सम्वन्धमा द्विविधा भएको देखिएन । भन्सार कार्यालयमा सामानको जाँचपास गर्न प्रतिनिधि पठाउने वा नपठाउने सन्दर्भमा सम्झौताका शर्त र अन्य प्रचलित कानून बमोजिम गर्ने ।

**(निर्णय मिति : २०७१।०८।१२)**

**३९. राय परामर्श माग भएको विषय:**

नेपाल प्रहरीले प्रयोग गर्ने पोशाकको गुणस्तर परीक्षण नेपाल गुणस्तर तथा नापतौल विभागमा नहुने परीक्षणहरू अन्तर्राष्ट्रिय मान्यता प्राप्त दुई वटा ल्याव केन्द्र ITS (Interek Testing Service) & SGS (Socite General de Surveillance) परीक्षण गर्ने गरी पोशाकको गुणस्तर कायम गर्न बोलपत्र सम्वन्धी कागजातमा उल्लेख गर्न मिल्ने वा नमिल्ने भनि प्रहरी प्रधान कार्यालय नक्साल, काठमाण्डौको प. सं. १-०१/०३/००२(०७१/७२) मिति २०७१/७/२७ को पत्रबाट राय माग भई आएको ।

राय परामर्शको व्यहोरा:

खरिद गर्ने मालसामानको गुणस्तर कायम राख्न खरिदको प्रकृति र आवश्यकता अनुसार कुन निकायबाट परीक्षण गर्दा भरपर्दो र विश्वशनिय हुन्छ भन्ने कुरा सम्वन्धित सर्वाजनिक निकायले एकीन गरी सोही निकायबाट परीक्षण हुनु पर्ने कुरा बोलपत्र सम्वन्धी कागजातमा उल्लेख गर्न सकिने ।

**(निर्णय मिति : २०७१।०८।१४)**

**४०. राय परामर्श माग भएको विषय:**

दुई थान कार खरिद गर्न माग गरिएको बोलपत्र बमोजिम एक मात्र बोलपत्र दर्ता हुन आएको । उक्त बोलपत्रको प्राविधिक स्पेशिफिकेशनको आधारमा मूल्यांकन उप समितिले खरिदको लागि सिफारिस भै दाखिला समेत भई भुक्तानीको प्रक्रियामा रहेकोले भुक्तानी गर्न मिल्ने वा नमिल्ने भनि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान केन्द्रीय कार्यालयको प. सं. ०७१/७२, च. नं. १९७ मिति २०७१/८/२ को पत्रबाट राय माग भई आएको ।

राय परामर्शको व्यहोरा:

खरिद प्रक्रिया नै पुरा भएको विषयमा राय परामर्श दिन नपर्ने । भुक्तानीको सम्वन्धमा खरिद सम्झौतामा उल्लेख भए बमोजिम गर्ने ।

**(निर्णय मिति : २०७१।०८।१४)**

**४१. राय परामर्श माग भएको विषय:**

न्यून गुणस्तरको न्यूजप्रिन्ट कागज खरिदको कारणले संस्थानको प्रकाशनहरू प्राइभेट संस्थाको प्रकाशनको दाजोमा प्रतिस्पर्धा गर्न गाह्रो भएको तथा प्रेश मिशिनको आयुमा समेत असर परेकोले न्यूजप्रिन्ट कागज खरिद गरिने बोलपत्र आह्वानको सूचनामा "Europian Origion Standared Newsprint Paper" भन्ने वाक्यांश राखि बोलपत्र आह्वान गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा गोरखापत्र संस्थानको मिति २०७१/७/२ को पत्रबाट राय माग भई आएको ।

राय परामर्शको व्यहोरा:

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४ को देहाय दफाहरूमा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य र सेवाको विवरण तयार गर्दा सम्वद्ध वस्तुगत प्राविधिक तथा गुणस्तर विशेषता र कामको आधारमा तयार गर्नु पर्ने । यस्ता विशेषताहरू स्पष्टरूपमा बुझिने गरी उल्लेख गर्ने अर्को उपाय नभएको अवस्थामा मात्र कुनै खास ब्राण्ड, ट्रेडमार्क, नाम, पेटेण्ट, डिजाइन, प्रकार उत्पति वा उत्पादकको नाम उल्लेख गरी "सो सरह" भन्ने शब्दहरू उल्लेख गर्न सकिने प्रावधान भएकोले सोही बमोजिम न्यूजप्रिन्ट कागजको गुणस्तर कायम राख्न बोलपत्र सम्वन्धी कागजातमा उल्लेख गर्न उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।०८।१४)**

**४२. राय परामर्श माग भएको विषय:**

Telephone Hybrid Two Lines Individual module type खरिद गर्न माग भएको बोलपत्र कागजातमा Origin of Country को बारेमा उल्लेख नगरिएको । बोलपत्र पेश गर्दा Country of Origin USA भनि उल्लेख गरेको आपूर्ति गर्दा

Country of Origin China उल्लेखित सामान ल्याएकोमा स्वीकार गर्न मिल्ने वा नमिल्ने भनि रेडियो प्रसार सेवा विकास समिति, सिंहदरबार, काठमाण्डौको मिति २०७१/८/२३ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

माल सामान आपूर्तिको लागि संझौता भई सम्झौता कार्यान्वयनको चरणमा पुगेको र कानूनी द्विविधा परेको नदेखिदा राय दिईरहनु नपर्ने ।

**(निर्णय मिति : २०७१।०९।०६)**

**४३. राय परामर्श माग भएको विषयः**

ADB Guid line को बुँदा नं. १८.५ मा "Government blacklist does not apply to the consulting service under ADB-financed selection" भनि उल्लेख भएको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (२) मा कालो सूचीमा राखिएको फर्म, संस्था वा कम्पनीले तोकिएको अवधि सम्म सार्वजनिक निकायको खरिद कारबाहीमा भाग लिन नसक्ने प्रावधान रहेकोले ADB Guid line सँग बाझिन गएकोले कालो सूचीमा राखिएको प्रस्तावदातालाई खरिद प्रक्रियमा सहभागि गराउन मिल्ने वा नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ उपदफा (१) को खण्ड (ख) मा नेपाल सरकार र दातृ पक्ष बीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका (प्राक्योरमेन्ट गाईडलाइन्स) अनुरुप खरिद गर्ने अवस्थामा यस कार्यालयले थप राय दिई रहनु नपर्ने ।

**(निर्णय मिति : २०७१।०८।२१)**

**४४. राय परामर्श माग भएको विषयः**

बोलपत्र सूचनामा उल्लेखित बोलपत्रदाताको ग्राह्यता सम्वन्धी कागजात (फर्म दर्ता/नविकरण प्रमाणपत्र, भ्याट/प्यान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा नेपाली नागरिकताको प्रमाणपत्र) बोलपत्र साथ पेश नगरी बोलपत्र खरिद गर्दा पेश गरेको, बोलपत्रमा स्वघोषणापत्र संलग्न नभएको, सात वटा आइटम मध्य दुई वटाको नमूना पेश नगरेको अवस्था छ। बोलपत्रदाताको ग्राह्यता सम्वन्धी कागजात बोलपत्र खरिद गरेको अवस्थामा नै पेश गरेकोलाई मान्न मिल्ने वा नमिल्ने, नमूना अनिवार्य पेश हुनु पर्ने वा नपर्ने ?

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद निमयमावली, २०६४ को नियम ४० बमोजिमको बोलपत्रदाताको ग्राह्यता सम्वन्धी कागजात बोलपत्र पेश गर्ने अन्तिम म्याद भन्दा अगाडिनै पेश गरेको अवस्थामा मुल्यांकनमा समावेश गर्न सकिने। स्वघोषण पत्र (Self Declaration Letter) समेत बोलपत्र दर्ता गर्ने समयावधि भित्रै पेश गरेको हुनु पर्ने । नमूनाको हकमा बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुने ।

**(निर्णय मिति : २०७१।०८।२३)**

**४५. राय परामर्श माग भएको विषयः**

विगत वर्ष देखिनै हवाई साधानको मर्मत, खरिद तथा ओभरहल गर्ने कार्यको लागि सूचीकृत हुन पेश गरेको कागजातहरू अनेत्र फाईलमा संलग्न हुन गएको हुँदा भूलवस मूल्यांकन भै सूचीकृत हुन छुट हुन गएको । एक पटक सूचीकृत हुन छुट भएको फर्महरू पुनः सूचीकृत हुन सक्ने वा नसक्ने भनि रक्षा मन्त्रालय, खरिद व्यवस्थापन शाखा सिंहदरवार, काठमाण्डौको मिति २०७१/८/१६ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ (१) को खण्ड (क) बमोजिमको कार्यविधि अपनाई खरिद गरिएको अवस्थामा सोही कार्यविधि बमोजिम अपनाउने । सूचीकृत हुन माग भएको सूचनामा उल्लेखित अवधि भित्रै दर्ता हुन आएको फर्मको मूल्यांकन गर्न छुट हुन गएको विषय सार्वजनिक निकायको आन्तरिक कार्य प्रणालीगत त्रुटी देखिएकोले यसमा कुनै राय दिई रहनु नपर्ने । **(निर्णय मिति : २०७१।०८।२९)**

**४६. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार गर्दा नियम ११ (२) मा उल्लेख भएको आधारहरू मध्ये कुनै एकलाई आधार लिने वा सबै मध्ये न्यूनतम दरलाई आधार लिने वा सबैको औषत दरलाई आधार लिने

सो वारेमा स्पष्ट नसकिएको भनि बि. पि. कोइराला स्वस्थ विज्ञान प्रतिष्ठान, धरान को मिति २०७१/८/८ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

मालसामानको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (२) बमोजिम संभव भए सम्म सबै आधारहरू लिई लागत अनुमान तयार गर्ने ।

(निर्णय मिति : २०७१।०८।२३)

**४७. राय परामर्श माग भएको विषयः**

दरभाउपत्र माग गर्दा तीनवटा दर्ता हुन आएको सबै भन्दा कम कबोल अंक भएको दरभाउपत्रदाताले सूचनामा माग गरेको धरौटी रकम रु. २९०००/- पेश नगरी रु. २५,०००।- मात्र पेश गरेको हुँदा मूल्यांकनमा समावेश गर्न मिल्ने वा नमिल्ने भनि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, नवलपरासीको मिति २०७१/८/१९ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमवली, २०६४ को नियम ८४ (३) को खण्ड (ख) जमानत अबश्यक पर्नेमा सो को किसिम, रकम, र समयावधि सूचनमा उल्लेख गर्नु पर्ने प्रावधान भएको हुदाँ सो बमोजिम नभएको जमानत मान्य नहुने ।

(निर्णय मिति : २०७१।०८।२३)

**४८. राय परामर्श माग भएको विषयः**

EOI बाट तीन वटा परामर्शदाताहरू छनौट भएकोमा ती मध्ये एउटा फर्मको साझेदार ERMC (P) Ltd सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा राखेको हुँदा सार्वजनिक खरिद ऐनको दफा ३० (५) मा साधारणतया ३ देखि ६ वटा आसयदातालाई छनौट गरी संक्षिप्त सूची तयार गर्नु पर्ने र यसरी छनौट भएका सँग प्रस्ताव माग गर्नु पर्ने व्यवस्था रहेको । कालो सूचीमा परेको परामर्शदाता हटाउदा दुई वटा मात्र परामर्शदाता हुने भएकोले प्रस्ताव माग गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा विद्युत विकास विभाग, काठमाण्डौको मिति २०७१/८/१५ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

संक्षिप्त सूचीमा रहेको एक परामर्शदाताको एउटा साझेदार ERMC (P) Ltd सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा राखेकामा सम्मानित सर्वोच्च अदालतको मिति २०७१/८/१६ मा जारी भएको अन्तरिम आदेशमा "प्रस्तूत निवेदनको सम्वन्धमा सुविधा सन्तुलनको दृष्टिकोणले मिति २०७१/७/२१ को निर्णय हाल कार्यन्वयन नगर्नु नगराउनु" भनि अन्तरिम आदेश जारी भएकोले हाललाई उक्त परामर्शदाता कालो सूचीमा नरहेको ।

(निर्णय मिति : २०७१।०८।२३)

**४९. राय परामर्श माग भएको विषयः**

ईविडिङ्गबाट बोलपत्रमा भाग लिने निर्माण व्यवसायी फर्महरूलाई सक्कल कागजात पेश गर्न समयावधि दिई पत्राचार गरेकोमा दुईवटा फर्मले समयसीमा भित्र सक्कल कागजात पेश गर्न नसक्ने वेहोरा देखाई कार्यालयमा पत्राचार गरेकोले मूल्यांकनकै चरणबाट त्यस्ता फर्मलाई अयोग्य गरी अगाडि बढ्न मिल्ने वा नमिल्ने भनि जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोकको मिति २०७१/८/५ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

तोकिएको समयावधि भित्र सक्कल कागजात पेश नगर्ने बोलपत्रदातालाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ को उपदफा (१) बमोजिमको कारबाही हुने व्यहोरा स्मरण गराउदै पुनः एक पटक निश्चित समयावधि दिई कागजात माग गरी मूल्यांकनमा समावेश गरी कारबाही अगाडि बढाउन उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।०८।२४)**

**५०. राय परामर्श माग भएको विषयः**

पेश हुन आएको दरभाउपत्रको BOQ मा अंक र अक्षर फरक हुन आएको । Item wise रेट उल्लेख नगरी जम्मा रकम मात्र उल्लेख गरेको तथा Item Wise रेट मात्र उल्लेख गरी अक्षरमा उल्लेख नगरी जोड जम्मा नगरेको अवस्थामा मूल्यांकन गर्न द्विविधा भएकोले उपयुक्त राय सुझावको लागि प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रम, जावलाखेल, ललितपुरको मिति २०७१/८/१४ को पत्रबाट लेखि आएको ।

**राय परामर्शको व्यहोराः**

बोलपत्र फारममा दिएको निर्देशन बमोजिम भए वा नभएको निक्यौंल गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (२) को खण्ड (ख) बमोजिम परीक्षण गर्ने निर्देशन बमोजिम नभएको दरभाउपत्र सोही ऐनको दफा २४ बमोजिम हुने । सार्वजनिक निकायबाट खरिद गरिएकै दरभाउपत्र फारममा दररेट भरी पेश गरे वा नगरेको समेत हेर्नु पर्ने ।

**(निर्णय मिति : २०७१।०९।०६)**

**५१. राय परामर्श माग भएको विषयः**

सात वटा सिलबन्दी दरभाउपत्र पेश हुन आएकोमा ६ वटा सिलबन्दी दरभाउपत्रदाताले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (२) को खण्ड (ङ) बमोजिमको लिखित रूपमा गरेको घोषण पेश नगरेको र एउटा मात्र सिलबन्दी दरभाउपत्रदाताले पेश गरेकोले मूल्यांकन प्रक्रिया अगाडि बढाउन मिल्ने वा पुनः अर्को सूचना प्रकाशन गर्ने द्विविधा भएको भनि क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, नेपालगञ्ज, बाँकेको मिति २०७१/८/९ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (३क) बमोजिम तीन वटा भन्दा बढी संख्यमा दरभाउपत्र दाखिला भएको अवस्थामा प्राप्त दरभाउपत्रको पूर्णताको परीक्षण गरी मूल्यांकन प्रक्रिया अगाडि बढाउन सकिने ।

(निर्णय मिति : २०७१।०९।१३)

**५२. राय परामर्श माग भएको विषयः**

बोलपत्र फारम खरिद गर्दा फर्म दर्ता प्रमाणपत्र (इजाजत पत्र) पेश गरेको तर बोलपत्र फारम दर्ता गर्दा फर्म दर्ता प्रमाणपत्र पेश नगरेकोलाई मान्यता दिन मिल्छ वा मिल्दैन र फर्म दर्ताको प्रमाण पत्रमा निर्माण सम्वन्धी कार्य गर्ने भनिएकाले ढुवानी सम्वन्धी कार्यमा भाग लिन सक्ने वा नसक्ने भनि जिल्ला कृषि विकास कार्यालय, भोजपुरको मिति २०७१/८/१६ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति भित्रै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२) बमोजिमको बोलपत्रदाताको ग्राह्यता सम्वन्धी कागजात पेश गरेको हुनु पर्ने । फर्म दर्ता र कारोवारको अनुमति तथा PAN दर्ता सम्वन्धमा सम्बन्धित निकायमा सम्पर्क राख्नु उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।०९।०६)**

**५३. राय परामर्श माग भएको विषयः**

परामर्शदाताले विभिन्न मितिमा पटक/पटक मूल्य समायोजनको लागि माग गरेकोले मूल्य समायोजन गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा द्विविधा भएको भनि व्यवसायिक कृषि तथा व्यापार आयोजनाको मिति २०७१/८/४ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक निकायले खरिद सम्झौता गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (२) बमोजिम उल्लेखित शर्तहरू खरिद सम्झौतामा उल्लेख गर्न सकिने प्रावधान रहेको छ । मूल्य समायोजन सम्वन्धी विषय सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ (१) बमोजिम खरिद सम्झौतामा उल्लेख भए बमोजिम हुने ।

(निर्णय मिति : २०७१।०९।०६)

**५४. राय परामर्श माग भएको विषयः**

सबै भन्दा घटी सिलबन्दी दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र फारममा राशन स्केल अनुसार प्रतिघोडा इकाई दरको महलमा लेखिएको रकम तथा जम्मा महलमा लेखिएको रकम अंक फरक परेको र निजले पेश गरेको दरभाउपत्रको चारवटा आईटम लागत अनुमानित अंक भन्दा सत प्रतिशत बढी पेश गरेकोमा संभौता गर्न सकिने वा नसकिने भनि महानगरीय ट्राफिक प्रहरी महाशाखा, रामशाहपथले राय माग गरेको ।

**राय परामर्शको व्यहोरा:**

सम्झौताको विषयको प्रसंग प्राप्त बोलपत्रहरूको ऐन/नियममा उल्लेख भए अनुसार परीक्षण तथा मूल्यांकन गरी मूल्यांकन समितिले आफ्नो प्रतिवेदनमा सिफारिस समेत गर्नुपर्ने प्रावधान रहेकोले ती प्रकृयाहरू मार्फत नै सार्वजनिक निकायले निर्णय गर्न सक्ने हुँदा यस सम्बन्धमा थप रायको आबश्यक नभएको ।

**(निर्णय मिति : २०७१।०९।०४)**

**५५. राय परामर्श माग भएको विषय:**

बोलपत्र आह्वान भए अनुसार रित पूर्वक पर्न आएका बोलपत्रहरू विभिन्न कारणले Validity Period भित्र मूल्यांकन हुन नसकेकोले पुनः Validity Period को लागि म्याद थप गर्न भनिएकोमा एक कम्पनीले मात्र म्याद थप गरेकोले सोही कम्पनी सिफारिस भएकोमा बोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा जिल्ला विकास समितिको कार्यालय, बारा, कलैयाको मिति २०७१/८/१५ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २० को देहाय उपदफाहरूमा भएको व्यवस्थामा कुनै द्विविधा नदेखिएको हुँदा थप राय दिइरहनु नपर्ने

**(निर्णय मिति : २०७१।०९।११)**

**५६. राय परामर्श माग भएको विषय:**

मिति २०७१/७/२० मा बोलपत्र सूचना प्रकाशित गरिएको र सो बमोजिम १२ वटा बोलपत्रहरू बिक्रि समेत भएको । लागत अंक साठी लाख भन्दा बढी भएकोले e-Bidding बाट समेत बोलपत्रमा भाग लिन पाउने गरी सूचनाको म्याद ३० दिन बढाउदा बिक्रि भएका बोलपत्रहरू फिर्ता गर्नु पर्ने वा कायम राख्न मिल्ने द्विविधा भएको भनि पर्सा वन्यजन्तु आरक्ष कार्यालयको मिति २०७१/८/२८ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

हार्डकपिको माध्यमबाट मात्र बोलपत्रमा भाग लिन पाउने गरी भएको सूचनालाई संशोधन गरी e-Bidding को माध्यमबाट समेत बोलपत्रमा भाग लिन पाउने गरी सूचनाको म्याद ३० दिन कायम गर्दा पहिले विक्रि भइसकेको बोलपत्र कागजातहरूलाई समेत मान्यता दिन उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।०९।१३)**

**५७. राय परामर्श माग भएको विषय:**

पसल कवलहरू भाडामा लगाउन सूचना प्रकाशन भएको । सम्पदाहरूको संरक्षण सम्वर्द्धनमा स्थानीय वासिन्दाहरूको भूमिकालाई मध्यनजर गरी स्थानिय वासिन्दाहरूलाई ग्राह्यता दिने व्यवस्था गर्न यस कार्यालयको राय हनुमानढोका दरवार संग्रहालय विकास समितिको मिति २०७१।०९।१४ को पत्रबाट माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

पसल कवलहरू भाडामा लगाउने बिषयहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (क), (ग), (घ) र (च) को परिभाषा आर्कषण हुने नदेखिएकोले राय दिईरहनु नपर्ने । यस सम्वन्धमा अन्य प्रचलित नेपाल कानून र त्यहाँबाट स्विकृत पट्टा बहालमा लगाउने सम्वन्धी कागजात बमोजिम निर्णय लिनु उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।०९।२२)**

**५८. राय परामर्श माग भएको विषय:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) सँग सम्वन्धित अनुसूची १ बमोजिम व्यवस्था भएको वर्क चार्ट स्टाप र अन्य सानातिना खर्चको लागि ५ प्रतिशत कन्टिन्जेन्सी रकमबाट आयोजना कार्यान्वयनको लागि चौकिदार, सुपरभाईजर, ल्यावटेक्निसियन, ल्याव असिस्टेन्ट आदीको लागि खर्च व्यहोर्न सकिने वा नसकिने सम्वन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, ववरमहल, काठमाण्डौको मिति २०७१।०९।०३ पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) सँग सम्वन्धित अनुसूची १ मा व्यवस्था भए अनुसार २.५ प्रतिशत वर्क चार्ट खर्च र २.५ प्रतिशत सानातिना अन्य खर्चको लागि कन्टिन्जेन्सी रकमको व्यवस्था गरिने भएको हुँदा आयोजना कार्यान्वयनको लागि उल्लेखित वर्क चार्टमा उल्लेखित स्टापको लागि खर्च गर्न सकिने देखिन्छ ।

**(निर्णय मिति : २०७१।०९।२२)**

**५९. राय परामर्श माग भएको विषयः**

E-Submision गर्ने बोलपत्रदाताले ७ दिन भित्र Hard Copy पेश गर्नु पर्ने अन्यथा मूल्यांङ्कनमा समावेश गरिने छैन भनि बोलपत्र सूचनामा उल्लेख भएकोमा सबै भन्दा न्यून कबोल अंक भएको बोलपत्रदाताले बोलपत्र खुलेको ३२ दिन पछि मूल्यांकनको क्रममा Hard Copy पेश गरेको हुँदा मूल्यांकनको लागि समावेश गर्न सकिने वा नसकिने सम्वन्धमा सडक विभाग, डिभिजन सडक कार्यालय, बिराटनगर, मोरङ्गको मिति २०७१/९/१३ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

बोलपत्र सम्वन्धी सूचनामा अन्यथा लेखिएको भएता पनि बोलपत्र पेश गर्नु पर्ने स्थानमा बोलपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समयभित्रै निर्धारित ढाँचामा पेश भएको बोलपत्रलाई पुष्टी गर्ने कागजात आवश्यकता अनुसार बोलपत्र मूल्यांकन गर्नु अगाडि माग्न सकिने ।

(निर्णय मिति : २०७१।०९।२२)

**६०. राय परामर्श माग भएको विषयः**

जे. भि. सम्झौतामा Lead Partner र Second Partner एक किसिमले तोकिएको र सो भन्दा विपरीत हुने गरी Second Partner ले Lead Partner भई सही छाप गरेको र Lead Partner ले Second Partner भई सहि छाप गरेको हुँदा यस्तो J. V. Agreement लाई मान्यता दिन मिल्ने वा नमिल्ने भनि तनहुँ हाइड्रोपावर लिमिटेड, थपाथली, काठमाण्डौको मिति २०७१/९/९ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

J. V. Agreement Paper मा द्विविधा भएको विषयमा सम्वन्धित सार्वजनिक निकायले नै एकीन गर्नु पर्ने देखिएको ।

(निर्णय मिति : २०७१।०९।२४)

**६१. राय परामर्श माग भएको विषयः**

EoI बाट छनौट भएका छ वटा परामर्शदाताहरू मध्ये ४ वटा परामर्शदाताबाट मिति २०७१/८/२६ मा प्रस्ताव प्राप्त भएको र मूल्यांकनको क्रममा रहेको । प्रस्ताव पेश गर्ने मध्ये Lahmayer Internation GmBH, Germany लाई TRACTEBEL Engineering S.A. ले मिति २०७१/९/८ मा खरिद गरेको हुँदा दुबै कम्पनी गाभिएको अवस्थामा एउटै कम्पनीको दुई वटा प्रस्ताव हुन जाने भएकोले TRACTEBEL Engineering S.A. को प्रस्ताव फिर्ता पाउँ भनि मिति २०७१/९/११ मा पत्र पठाएको र यसरी खरिद भएको कुनै पनि प्रमाण पेश नगरेको । यस्तो अवस्थामा प्रस्ताव फिर्ता दिन मिल्ने वा नमिल्ने भनि बुढीगंगा जलविद्युत आयोजना (विद्युत विकास विभाग) को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८ बमोजिम प्रस्ताव फिर्ता लिन सक्ने प्रक्रिया बाहेक अन्य अवस्थामा प्रस्ताव फिर्ता लिन पाउने व्यवस्था नभएको ।

(निर्णय मिति : २०७१।०९।२५)

**६२. राय परामर्श माग भएको विषयः**

ई विडिङ्ग मार्फत बोलपत्र पेश गरेको कागजातलाई पुष्ट्याई गर्ने कागजात अनिबार्य रूपमा पेश गर्न भनिएकोमा पेश नगरेको अवस्थामा द्विविधा भई चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालबाट मिति २०७१/९/१७ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

तोकिएको समयावधि भित्र सक्कल कागजात पेश नगर्ने बोलपत्रदातालाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ को उपदफा (१) बमोजिम आचरण विपरीतको कार्य हुने । आचरण विपरीत काम गर्नेलाई कालो सूचीमा राख्ने कारबाही हुने

व्यहोरा स्मरण गराउदै पुनः एक पटक निश्चित समयावधि दिई कागजात माग गरी मूल्यांकनमा समावेश गरी कारबाही अगाडि बढाउन उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।०९।२५)**

**६३. राय परामर्श माग भएको विषयः**

सम्झौता सम्पन्न भई केही सामान समेत आपूर्ति भई सकेको हकमा विश्व बैंकले Misprocurement भएको भनि जानकारी गराई सकिएको विषयमा बाँकी सामान लिने वा नलिने तथा भुक्तानी गर्ने वा नगने द्धिविधा भई स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौबाट मिति २०७१/९/१६ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ (१) खण्ड (ख) बमोजिम दातृ निकायको Guidelines बमोजिम खरिद कारबाही हुने विषयमा यस कार्यालयले राय दिइरहनु नपर्ने ।

**(निर्णय मिति : २०७१।०९।२५)**

**६४. राय परामर्श माग भएको विषयः**

छपाई सम्वन्धी कार्यको लागि माग भएको बोलपत्रको सूचनामा बोलपत्र जमानतको मान्य अवधि ६ महिनाको माग भएको । एक बोलपत्रदाताको जमानतको मान्य अवधि कम भएको पाइयो । निजको कबोल अंक अन्य भन्दा कम रहेको र जमानत अवधि थप गर्न दिएमा थप गर्न तयार रहेकोमा थप गर्न मिल्ने वा नमिल्ने भनी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५४ बमोजिमको बोलपत्र मान्य हुने अवधिमा नियम ५३ अनुसार ३० दिन थप गरी बोलपत्र जमानतको मान्य अवधि कायम हुनुपर्नेमा त्यसो नभई ६ महिनाको बोलपत्र जमानत हुनुपर्ने भनि सूचनामा माग भएको कारणले कानून बमोजिम मान्य अवधि भएको बोलपत्र जमानत अमान्य गर्न नमिल्ने ।

**(निर्णय मिति : २०७१।०९।२५)**

**६५. राय परामर्श माग भएको विषयः**

विभिन्न ४ वटा सिंचाई आयोजनाको लागि Single Stage Double Envelope पद्धतिबाट बोलपत्र आह्वान गरिएकोमा कार्यालयबाट खरिद गरिएको बोलपत्र कागजात पेश गरेको नपाइएको र प्राविधिक प्रस्ताव साथ बोलपत्र जमानत पेश गरेको नपाइएको तर आर्थिक प्रस्तावमा बोलपत्र जमानत छ भनिएको हुँदा यस्ता बोलपत्रहरू मूल्याङ्कन गर्न मिल्ने वा नमिल्ने आवश्यक रायको लागि पूर्वाञ्चल सिंचाई विकास डिभिजन नं. ३ को मिति २०७१।०९।१६ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (२) को खण्ड (द) मा बोलपत्र सम्वन्धी कागजात तयार गर्दा प्राविधिक क्षमतालाई प्रमाणित गर्ने कागजात तथा आर्थिक प्रस्ताव (बोल अंक) एउटै खाममा पेश गर्नुपर्ने व्यहोरा उल्लेख गर्नु पर्ने प्रावधान विपरीत Single Stage Double Envelope पद्धतिबाट बोलपत्र माग गरेको देखिन्छ । प्रक्रिया नै गलत भएको अवस्थामा राय दिई रहनु नपर्ने ।

**(निर्णय मिति : २०७१।०९।२७)**

**६६. राय परामर्श माग भएको विषयः**

ई विडिङ्ग गर्ने बोलपत्रदाताले योग्यता सम्वन्धी कागजात पेश नगरी ई विडिङ्गबाट कागजातलाई पुष्ट्याई गर्न हार्डकपी माग गरेको बखत पेश गरेकोमा मान्य हुने वा नहुने भनि प्रखर परोपकार मिशन नेपाल, सोनापुर-४ बाँके को मिति २०७१।०९।१७ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

विद्युतिय माध्यमद्धारा बोलपत्र पेश गर्ने बोलपत्रदाताको हकमा बोलपत्र सम्वन्धी कागजातमा जुन-जुन कागजातहरू बोलपत्रदाताले अनिवार्य रूपमा विद्युतिय माध्यमद्धारा पेश गर्नु पर्ने भनिएका छन् सोही बमोजिमको कागजातलाई पुष्ट्याई गर्ने कागजात हार्डकपी मार्फत पनि पेश गर्न सकिने कुराहरू बोलपत्र सम्वन्धी कागजातमा अनिवार्य रूपमा उल्लेख गरिएको

हुनुपर्ने । अनिवार्य रूपमा विद्युतिय माध्यमद्धारा पेश गर्नु पर्ने भनिएका कागजात पेश नगर्ने बोलपत्रदाताहरूसंग हार्ड कपी मागी मूल्याङ्कन गर्न नहुने ।

**(निर्णय मिति : २०७१।०९।२७)**

**६७. राय परामर्श माग भएको विषय:**

अनलाइनबाट ४ (चार) वटा बोलपत्र फर्म दाखिला हुन आएको । यस मध्ये दुई थान बोलपत्रदाता फर्मको प्रोपाइटर एउटै व्यक्ति देखिन आएको र दुबै फर्मको घोषण पत्रमा समेत एउटै व्यक्तिको हस्ताक्षर रहेकोले मान्य हुने वा नहुने भनि वी. पी. कोइराला स्वस्थ्य विज्ञान प्रतिष्ठान, धरानबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० (क) बमोजिम बोलपत्रदाता व्यक्तिगत रूपमा एक भन्दा बढी बोलपत्रमा संलग्न भए वा नभएको सम्वन्धमा पूर्णताको परीक्षण गर्नु पर्ने सो बमोजिम नभएको बोलपत्र उपर कारबाही नहुने हुँदा बोलपत्रदाता फर्मको नाम अलग/अलग भएपनि प्रोपाईटर एउटै व्यक्ति रहेको बोलपत्र उपर कारबाही नहुने ।

**(निर्णय मिति : २०७१।१०।०९)**

**६८. राय परामर्श माग भएको विषय:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम आर्थिक बर्षको शुरुमा मौजुदा सूची तयार नगरेकोमा हाल आएर सिस्टम Upgrade/Replace का लागि आवश्यक परामर्शदाता नियुक्तीका लागि आ. व. ०७१/७२ को लागि हाल मौजुदा सूची तयार गर्न सक्ने वा नसकिने आबश्यक जानकारी नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिंहदरवार प्लाजाबाट माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ उपनियम (३) बमोजिम मौजुदा सूचीको व्यवस्था आर्थिक वर्षको प्रारम्भमा तयार नगरेको अवस्थामा आवश्यकता अनुसार मौजुदा सूची तयार गर्न बाधा नहुने ।

**(निर्णय मिति : २०७१।१०।०९)**

**६९. राय परामर्श माग भएको विषय:**

General Works Experiance मा "Construction Experiences for at least ten year prior to the applications submission deadline" राखिएकोमा संयुक्त उपक्रमको Lead Partner को १० वर्ष भन्दा बढी Gerneral Experiance भएको तर Secondary Partner को १० वर्ष नभएकोमा मान्यता दिन मिल्ने वा नमिल्ने भनि डिभिजन सडक कार्यालय, नेपालगंजबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

General Works Experiance १० वर्ष माग गरिएकोमा एकल वा संयुक्त उपक्रम बनाई बोलपत्रमा भाग लिएकोमा प्रत्येक साझेदारले तोकिएको न्यूनतम Works Experiance अनिबार्य रूपमा पूरा गरेको हुनुपर्ने ।

**(निर्णय मिति : २०७१।१०।०९)**

**७०. राय परामर्श माग भएको विषय:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम फरक/फरक प्रकृतिको कामको लागि छुट्टै निवेदन दिई एउटा फर्म, संस्था फरक/फरक प्रकृतिको काममा सूचीकृत भएको अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१) को खण्ड (ख) बमोजिम एउटै फर्मलाई फरक फरक प्रकृतिको काम गराउन मिल्ने वा नमिल्ने भनि सिंचाई विभाग, जावलाखेल, ललितपुरबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक/पटक गरी सीमा भन्दा वढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न सकिने छैन भनी स्पष्ट व्यवस्था भएको थप व्याख्या गरिरहनु नपर्ने ।

**(निर्णय मिति : २०७१।१०।०९)**

**७१. राय परामर्श माग भएको विषयः**

राशन ठेक्का बन्दोवस्त को लागि दरभाउपत्र माग गरिएकोमा ८ वटा दरभाउपत्र पेश हुन आएको मध्ये ७ वटा फर्महरूले दरभाउपत्रको सूचनामा माग गरिएका सबै कागजातहरू एंव नमूना पेश नगरिएको र एउटा फर्म (एम. वि. कन्सट्रक्सन) को सबै कागजात तथा नमूना पेश भएको र लागत अनुमान भन्दा कम दररेट भएको तर अन्य फर्मको भन्दा बढी दररेट रहेको । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८९ (५) बमोजिम सबै भन्दा घटी दरभाउपत्र स्वीकृत गर्नु पर्नेछ भन्ने प्रावधान भएकोले द्विविधा भई उप क्षेत्रीय अस्पताल, डडेलधुराबाट मिति २०७१/१०/९ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८९ (५) अनुसार राशन ठेक्का बन्दोवस्त को लागि दरभाउपत्र वा बोलपत्र कागजातको परीक्षण र मूल्यांकन पश्चात छनौट भएका सारभूत रूपमा प्रभावग्राही दरभाउपत्र वा बोलपत्र मध्येको न्यूनतम दरभाउपत्र वा बोलपत्र स्वीकृत गर्नु पर्ने देखिन्छ ।

**(निर्णय मिति : २०७१।१०।१९)**

**७२. राय परामर्श माग भएको विषयः**

स्कीम मिल्क पाउडर खरिदको लागि Qualification Criteria मा "The manufacturer of skim milk power originated in India should be approved establishment by Export Inspection Agency (EIA) India and the bidder should submit the copy of certificate of EIA, India along with tender to be qualified bidder" भनि बोलपत्र कागजातमा उल्लेख भएकोमा सबै भन्दा कम कबोल अंक भएको बोलपत्रदाताले Qualification Criteria मा उल्लेख गरिए बमोजिम certificate पेश नगरी Export Inspection Agency (EIA) India बाट certificate लिने प्रक्रियामा रहेको भनि उल्लेख भई आएकोले मूल्यांकन समावेश गर्न मिल्ने वा नमिल्ने भनि दुग्ध विकास संस्थान, लैनचौर काठमाण्डौबाट मिति २०७१/१०/२५ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) (ख) बमोजिम बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको पूर्णताको परीक्षण गरी सोही ऐनको दफा २५ बमोजिम मूल्यांकन सम्वन्धित सार्वजनिक निकायले नै गर्नु पर्ने । (निर्णय मिति : २०७१।११।०१)

**७३. राय परामर्श माग भएको विषयः**

Particular Technical Specification को Criteria मा उल्लेख भए बमोजिम HRC-55 सम्वन्धी विवरण सिलबन्दी बोलपत्र कागजात दाखिला गर्दा समावेश नगरी आयोजनाबाट अन्य कागजातको स्पष्टीकरण गरेका कागजातको साथ HRC-55 सम्वन्धी विवरण Typing mitake को कारण छुट हुन गएको । आयोजनाले माग गरेकै अनुरुपको HRC-55 सामान आफूले दिने भनि मूल्यांकनको क्रममा पत्र पेश गरेको हुँदा द्विविधा भई सिंचाइ विभाग, जावलाखेल, ललितपुरबाट मिति २०७१/१०/२७ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (घ) बमोजिम बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित प्राविधिक स्पेशिफिकेशन अनुरुप बोलपत्र सारभूत रूपमा प्रभावग्राही भए वा नभएको परीक्षण गर्नु पर्ने र सोही दफाको उपदफा (५) अनुसार परीक्षणको सिलसिलामा प्राप्त जानकारीबाट बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न सकिने छैन भन्ने प्रावधानलाई मध्यनजर गरी सम्वन्धित सार्वजनिक निकायले नै निर्णय लिनु उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।११।०६)**

**७४. राय परामर्श माग भएको विषयः**

मेशिनरी औजार खरिद सम्वन्धी दाखिला हुन आएको बोलपत्र कागजातमा मेशिन औजारको मोडल एवं पार्टसहरूको खुलस्त विवरण यकिन गरी पेश नगरेकोले सम्वन्धित बोलपत्रदाता सँग पुनः अफरसिट र पार्टसहरूको जानकारी माग गर्न मिल्ने वा नमिल्ने भनि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाण्डौबाट मिति २०७१/११/३ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (घ) बमोजिम बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित प्राविधिक स्पेशिफिकेशन अनुरुप बोलपत्र सारभूत रूपमा प्रभावग्राही भए वा नभएको परीक्षण गर्नु पर्ने र सोही दफाको

उपदफा (५) अनुसार परीक्षणको सिलसिलामा प्राप्त जानकारीबाट बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न सकिने छैन भन्ने प्रावधानलाई मध्यनजर गरी सम्वन्धित सार्वजनिक निकायले नै निर्णय लिनु उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।११।०८)**

**७५. राय परामर्श माग भएको विषय:**

बोलपत्र कागजातमा Intruction to Bidder Clause 14 को सि. नं. १ मा Bid of Form Mandatory (अनिवार्य) भनि उल्लेख भएकोमा Bid of Form बोलपत्र कागजातमा संलग्न नभएको अवस्थामा द्विविधा भएको भनि डिभिजन सडक कार्यालय, दाङ, घोराहीबाट मिति २०७१/७/२ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) बमोजिम बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको बोलपत्र मूल्यांकन गर्नु अघि निर्क्यौल गर्न बोलपत्र परीक्षण गर्नु पर्ने । सोही दफाको उपदफा (४) बमोजिम बोलपत्रदाता संग आबश्यक जानकारी माग गर्न सक्ने र उपदफा (५) अनुसार परीक्षणको सिलसिलामा प्राप्त जानकारीबाट बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न सकिने छैन भन्ने प्रावधानलाई मध्यनजर गरी सम्वन्धित सार्वजनिक निकायले नै निर्णय लिनु उपयुक्त हुने ।

(निर्णय मिति : २०७१।११।०८)

**७६. राय परामर्श माग भएको विषय:**

बोलपत्र कागजातमा पेश गर्नु पर्ने लेखा परिक्षण प्रतिवेदन विगत ५ आर्थिक वर्षको माग गरिए बमोजिम पेश नभई कर चुक्ता प्रमाणपत्र आ. व. (०७०/७१) पेश हुन आएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (४) बमोजिम बोलपत्र परीक्षणको सिलसिलामा माग गरी मूल्यांकनमा समावेश गर्न सकिने वा नसकिने द्विविधा भई अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराबाट मिति २०७१/११/६ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) बमोजिम बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको निर्क्यौल गर्न बोलपत्र मूल्यांकन गर्नु अघि सम्वन्धित सार्वजनिक निकायले बोलपत्र परीक्षण गर्नु पर्ने र सो परीक्षणको सिलसिलामा ऐनको दफा २३ (५) को प्रतिकुल नहुने गरी सोही ऐनको दफा २३ (४) बमोजिम बोलपत्रदाता संग आबश्यक जानकारी माग गर्न सकिने ।

**(निर्णय मिति : २०७१।११।११)**

**७७. राय परामर्श माग भएको विषय:**

Cotton shirt cloth, Cotton pant cloth, Navy blue chusta cloth, Woollen blanket खरिदका लागि बोलपत्र कागजातको Qualification Criteria मा "Bidder must have a munimum of last 3 years (F/Y 2068/069, 069/70, 070/71) specific experience in the supply of similar Goods and related services of nature, quantity and quoted amount to any security organizations or any government organizations of Nepal." पेश गर्नु पर्ने अथवा "Bidder shall submit line of credit from "A" class commercial Bank equivalent to quoted amount. Line of credit which is without specific purpose and photocopy shall not be accepted." पेश गर्नु पर्ने भनि उल्लेख गरिएकोमा आपूर्ति गर्नु पर्ने सबै आइटमको नाम उल्लेख नभएता पनि Line of credit पुगेका फर्महरूलाई मूल्यांकनमा समावेश गर्न सकिने वा नसकिने द्विविधा भई प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौबाट मिति २०७१/११/६ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) बमोजिम बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको निर्क्यौल गर्न बोलपत्र मूल्यांकन गर्नु अघि सम्वन्धित सार्वजनिक निकायले बोलपत्र परीक्षण गर्नु पर्ने र सो परीक्षणको सिलसिलामा आवश्यकता अनुसार ऐनको दफा २३ (५) को प्रतिकुल नहुने गरी सोही ऐनको दफा २३ (४) बमोजिम बोलपत्रदाता संग आबश्यक जानकारी माग गर्न सकिने ।

**(निर्णय मिति : २०७१।११।१२)**

**७८. राय परामर्श माग भएको विषयः**

वोलपत्रदाताले बोलपत्र कागजात साथ पेश गरेको बैंक जमानतमा संवोधन गर्दा श्री जिल्ला वन कार्यालय दोलखा भनि लेखिएको र उक्त बैंक जमानतको व्यहोरामा श्री डिभिजन सडक कार्यालय दोलखा र नन्द वक्स गण रामेछापले दावि गरेको वखत बैंकले भुक्तानी गर्ने भनि बोलपत्र जमानतमा उल्लेख भएको हुँदा बोलपत्र मूल्यांनमा द्विविधा भई जिल्ला वन कार्यालय, दोलखाको मिति २०७१/१०/१४ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

नेपाल बैंक लिमिटेड, चरिकोटको मिति २०७१/९/२३ को पत्रबाट श्री सागर एण्ड सिसिर कन्स्ट्रक्सन/सप्लायर्स (प्रो. हरि बहादुर श्रेष्ठ) को नाममा जारी भएको विडवण्ड पत्रको व्यहोरामा कम्प्युटर प्रिन्ट गर्दा अन्यथा हुन गएको भनि श्री जिल्ला वन कार्यालय चरिकोटबाट दाविपत्र प्राप्त हुन साथ विड वण्डमा उल्लेखित रकम उपलब्ध गराउने भनि पत्र लेखिएको देखिदा यसैलाई Bid Security प्राप्त भएको मानि अन्य परीक्षण गर्न सकिने ।

(निर्णय मिति : २०७१।११।१२)

**७९. राय परामर्श माग भएको विषयः**

छनौट भएको आशयपत्रमा उल्लेखित विज्ञहरूको नामावली (वायोडाटा) पूर्ण प्रस्ताव पेश गर्दा विज्ञहरूको नामावली (वायोडाटा) विना सूचना परिवर्तन भै आएकोले मूल्यांकन गर्न मिल्ने वा नमिल्ने भनि कृषि विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौको मिति २०७१/११/१ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण समेतका आधारमा छनौट भएका आशायदाताले पूर्ण प्रस्ताव पेश गर्दा प्रमुख जनशक्तिको वैयक्तिक विवरण परिवर्तन भै आएकोमा स्वीकार्य नहुने ।

(निर्णय मिति : २०७१।११।१२)

**८०. राय परामर्श माग भएको विषयः**

आ. व. ०७०/७१ देखि आइटमगत रूपमा मूल्यांकन गर्ने गरिएकोमा गुणस्तरीय र किफाइती मूल्यमा सामान उपलब्ध हुने देखिन्छ । आइटमगत रूपमा मूल्यांकन गर्दा आपूर्तिकर्ताहरू उत्साहित हुने नगरेको साथै आइटमगत रूपमा मूल्यांकन गर्न समेत कठिन कार्य भएको तापनि लटमा मूल्यांकन गर्दा कतिपय आइटमहरू गुणस्तरहीन सामान भए पनि स्वीकार गर्नुपर्ने अवस्था भएकोले गुणस्तरको सुनिश्चिता हुने देखिदैन यसर्थ Packagewise/Slicewie or Itemwise मध्ये कुन प्रकृया अवलम्वन गर्न सकिने हो भनि शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाण्डौको मिति २०७१/१०/१८ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

Packagewise/Slicewie or Itemwise कसरी खरिद गर्ने भन्ने विषय खरिदको प्रकृति र विधि अनुसार फरक फरक हुन सक्ने हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (२) को खण्ड (झ) अनुसार बोलपत्र सम्वन्धी कागजात तयार गर्दा नै खरिद गर्ने मालसामान छुट्टा छुट्टै समूह र प्याकेज बनाई खरिद गर्नु पर्ने भएमा त्यस्तो समूह र प्याकेज र सोको मूल्यांकन गर्ने तरिका उल्लेख गरी सार्वजनिक निकायले खरिद कारबाही अगाडि बढाउन सक्ने ।

(निर्णय मिति : २०७१।११।१२)

**८१. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ उपदफा (२) (क) अनुसार वोलपत्र सम्वन्धी कागजातको Clause no. 23.2 बमोजिम बोलपत्रमा Original र copy पेश गर्नुपर्ने भनि उल्लेख भएकोमा Original मात्र पेश गरेकोले मूल्यांकन गर्न नसकिएको भनि प्रशासकीय अदालत, सिंहदरवार, काठमाण्डौको मिति २०७१/११/११ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

राय माग गरेको पत्रमा Original र copy पेश गर्नुपर्ने उल्लेख भएता पनि बोलपत्र कागजातको Bid Data Sheet को ITB 22.1 मा In additiona to the original of the Bid, The number of copies is nil उल्लेख भएको देखिएकोले कार्यालयले Copy नै माग गरेको नदेखिएकोले थप राय दिइरहनु नपर्ने ।

**(निर्णय मिति : २०७१।११।१२)**

**८२. राय परामर्श माग भएको विषयः**

प्राथमिक स्वास्थ्य चौकी निर्माण कार्यको लागि छनौट भएको जे. भि. फर्मको एक साझेदारले मोविलाईजेशन पेश्की समेत लिई सकेको अवस्थामा जे. भि. सम्झौता तथा कम्पनीको अख्तियारनामा सहित सम्पूर्ण कागजात नक्कली हस्ताक्षर गरी पेश गरेको भनि निवेदन दिएकोले द्विविधा भई शहरी विकास तथा भवन निर्माण विभाग, काठमाण्डौ डिभिजन, काठमाण्डौको मिति २०७१/१०/४ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

नक्कली हस्ताक्षर गरी कागजात पेश गरेको हो वा होइन सम्वन्धित कार्यालयबाट नै एकीन गरी झुट्टा ठहरेमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानून बमोजिम कारबाही गर्न सकिने ।

**(निर्णय मिति : २०७१।११।१२)**

**८३. राय परामर्श माग भएको विषयः**

बोलपत्र दाखिला गर्ने अन्तिम समय मिति २०७१/१०/८ गते १२ बजे रहेको उक्त समयमा बोलपत्र पेश गर्ने क्रममा हुलहुज्जत भई बोलपत्र पेश गर्न नपाएको भनि दोलखा निर्माण व्यवसायी संघले च्यातिएका बोलपत्र फारम संलग्न गरी उक्त ठेक्का रद्द गरी पाउँ भनि निवेदन दर्ता गराएकोले ठेक्का रद्द गर्न सकिने वा नसकिने भनि डिभिजन सडक कार्यालय, चरिकोट, दोलखाबाट मिति २०७१/१०/१८ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ (७) बमोजिम सुरक्षाको प्रवन्ध माग गरेमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयले अनिवार्य रूपमा सुरक्षाको व्यवस्था तुरुन्त मिलाई दिनु पर्नेछ भन्ने प्रावधान अनुसार हुने ।

**(निर्णय मिति : २०७१।११।१३)**

**८४. राय परामर्श माग भएको विषयः**

दरभाउपत्र माग गरी अटोमेटिक फिडर भएको फोटोकपी आपूर्ति गर्न सम्झौता भएको सम्झौता बमोजिमको ७ दिनको म्यादमा आपूर्ति नगरेकोले २१ दिनको म्याद थप माग गरेको सो बमोजिम थप म्यादमा पनि सामान आपूर्ति नगरेकोले ७ दिन भित्र सामान आपूर्ति गर्न भनिएकोमा सो समय पनि गुज्रे पछि आपूर्तिकर्ताले IEC को सामान स्टक नभएकोले EIC ले ३, ४ हप्ता भित्र सामान उपलब्ध हुने सोही अनुसार सामान आपूर्ति गर्ने भनि म्याद मागेकोले द्विविधा भई कृषि प्रसार निर्देशनालय हरिहरभवन, ललितपुरबाट मिति २०७१/१०/१५ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सम्झौताको म्याद थप सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा व्यवस्था भए बमोजिम सम्वन्धित सार्वजनिक निकायले निर्णय गर्न उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।११।१३)**

**८५. राय परामर्श माग भएको विषयः**

बोलपत्रदाताले पेश गरेको BoQ मा "माथि उल्लेख गरेको जम्मा रकम मध्ये ३४.५०% दररेटमा काम गर्नेछु" भन्ने वाक्यांश लेखिएकोमा द्विविधा भएको भनि क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, भागेतडा, दिपायल, डोटीको मिति २०७१/११/४ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

कुनै बोलपत्रदाताले Discount offer गर्दा Letter of Bid मा स्पष्ट संग उल्लेख गर्नु पर्ने व्यवस्था रहेकोले सोही अनुसार गर्ने ।

**(निर्णय मिति : २०७१।११।१३)**

**८६. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम आसयपत्रको सूचना दिईएको सात दिनको समयावधि भित्र कुनै पनि उजुरी नपरेको र सम्झौता नहुँदै सार्वजनिक खरिद अनुगमन कार्यालयबाट कालो सूचीमा राखिएको सूचना प्रकाशन भएको हुँदा कालो सूचीमा रहेको फर्म संग सम्झौता गर्न नमिल्ने भनि दोश्रो नं. को निर्माण फर्मले उजुरी गरेकोले द्विविधा भई

बनेपा-सिन्धुली-बर्दिवास सडक योजना, थपाथली, काठमाण्डौको मिति २०७१/११/८ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१) बमोजिम कालो सूचीमा राखिएको बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले कालो सूचीमा राखिएको अवधिसम्म खरिद कारबाहीमा भाग लिन सक्ने छैन ।

(निर्णय मिति : २०७१।११।१५)

**८७. राय परामर्श माग भएको विषय:**

e-Bidding बाट बोलपत्रमा भाग लिने निर्माण व्यवसायीले बोलपत्र आव्हानको सूचना प्रकाशन भएको मिति २०७१/९/२९ गते अगावै मिति २०७१/६/२३ मा बोलपत्र फारम खरिद बापतको बैंक भौचर खरिद गरेको देखिदा सारभूत रूपमा प्रभागग्राही नदेखिएको भनि दोश्रो न्यूनतम कबोल अंक भएको निर्माण व्यवसायी फर्मलाई आशयको सूचना जारी गरेकोमा न्यून कबोल अंक भएको फर्मले आफ्नो नाममा आशय जारी हुनु पर्ने भनि निवेदन दिएकोले ऐन नियममा प्रष्ट नभएको भनि म. प. डिभिजन सडक कार्यालय नं. ४, सुर्खेतबाट मिति २०७१/१०/२१ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० को खण्ड (घ) वमोजिम सम्वन्धित बोलपत्रदाता आफैले खरिद गरेको बोलपत्र सम्वन्धी कागजात भरी पेश गरे वा नगरेको परीक्षण गर्नु पर्ने प्रावधान रहेको । सूचना प्रकाशन हुनु अगाडिको बैंक भौचर बोलपत्रदाताले पेश गरेकोमा उक्त बैंक भौचर कसको नामको हो ? कुन प्रयोजनको लागि रकम जम्मा भएको हो ? सूचना प्रकाशन हुनु अगाडि नै बोलपत्र खरिदको बैंक भौचर हुनु पर्ने कारण आदी वारेमा बैंकसँग एकिन गरी तहाँबाटै निर्णय हुन उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।११।१५)**

**८८. राय परामर्श माग भएको विषय:**

निर्माण कार्याको लागि पेश हुन आएको बोलपत्रदाताले BoQ मा एउटा आइटमको दररेट उल्लेख गर्दा अंकमा रु. १५७००/- र अक्षरमा "पन्ध्र सात सय" उल्लेख गरेको हुँदा द्विविधा भई खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, नवलपरासीबाट मिति २०७१/११/१२ मा पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (९) बमोजिम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिनु पर्ने । तर, BoQ मा उल्लेखित रु. १५,७००/- लाई अक्षरमा उल्लेख गर्दा वाक्यंशको कुनै अर्थ नलाग्ने गरी "पन्ध्र सात सय" लेखेको देखिदा बोलपत्र कागजातको ITB 31 अनुरुप भए नभएको एकीन गरी Arithmatic errors correction गर्न सकिने ।

**(निर्णय मिति : २०७१।११।२५)**

**८९. राय परामर्श माग भएको विषय:**

दमकल खरिद सम्वन्धमा पेश हुन आएका बोलपत्रदाताको वार्षिक कारोबार मूल्यांकन गर्दा नेपाल राष्ट्र बैंकको इण्डेक्सलाई आधार मान्न सकिन्छ वा सकिदैन भनि फिदिम नगरपालिका कार्यालय, फिदिम, पाँचथर को मिति २०७१/११/११ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (५) बमोजिम बोलपत्रको मूल्यांकन बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नुपर्ने उल्लेख भए अनुसार बोलपत्र कागजातमा तोकिएको आधार र तरिका बमोजिम मूल्यांकन गर्नु पर्ने ।

**(निर्णय मिति : २०७१।११।२५)**

**९०. राय परामर्श माग भएको विषय:**

श्री शान्ति तथा पुनःनिर्माण मन्त्रालय, शान्ति कोषको सहयोगमा नेपाल प्रहरीको भौतिक संरचना निर्माण कार्यको लागि भएको ठेक्का संभौताको अन्तिम चरणमा पुगेको अन्तिम भुक्तानीको लागि निर्माण व्यवसायीले ईन्सुरेन्स, ल्याव टेष्ट, बैंक कमिसन, एजबिल्ट ड्रईङ तथा उद्घाटन शिलालेख आदिको समेत विल पेश गरेकोले भुक्तानी दिन द्विविधा भई जिल्ला प्रहरी कार्यालय, चितवनबाट मिति २०७१/११/११ मा राय माग भएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक निकायले बिल विजकको भुक्तानी खरिद सम्झौताको अधिनमा रही तोकिए बमोजिम दिनु पर्ने प्रावधान रहेको हुँदा सार्वजनिक निकायले सम्झौतामा उल्लेख भए अनुसार भुक्तानी सम्वन्धमा निर्णय लिन उपयुक्त हुने ।

(निर्णय मिति : २०७१।११।२५)

**९१. राय परामर्श माग भएको विषयः**

दमकल खरिद सम्वन्धमा पेश हुन आएका बोलपत्रदाताको वार्षिक कारोबार मूल्यांकन गर्दा नेपाल राष्ट्र बैंकको इण्डेक्सलाई आधार मान्न सकिन्छ वा सकिदैन भनि ताप्लेजुङ नगरपालिका कार्यालय, ताप्लेजुङको मिति २०७१/११/१० को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (५) बमोजिम बोलपत्रको मूल्यांकन बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नुपर्ने उल्लेख भए अनुसार बोलपत्र कागजातमा तोकिएको आधार र तरिका बमोजिम मूल्यांकन गर्नु पर्ने ।

(निर्णय मिति : २०७१।११।२५)

**९२. राय परामर्श माग भएको विषयः**

प्रतिष्ठानले निर्धारण गरेको लागत अंक भन्दा १८.७८ प्रतिशत न्यून अंक कबोल गर्ने बोलपत्रदाताले वाकिटकी सम्वन्धी प्रमाणपत्र पेश नगरेको र सम्पूर्ण कागजात भएको बोलपत्रदाताको अनुमानित लागत अनुमान १.६४ प्रतिशत बढी रहेकोले निर्णय गर्न द्विविधा परेको भनि वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, नेपालको मिति २०७१/११/१८ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

पेश हुन आएका बोलपत्रहरूको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को देहाय उपदफाहरूमा उल्लेखित विषयका सम्वन्धमा निर्क्यौल गर्न मूल्यांकन गर्नु अघि बोलपत्र परीक्षण गर्नु पर्ने र सोही ऐनको दफा २५ को उपदफा (५) बमोजिम बोलपत्र कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार मूल्यांकन गर्नु पर्ने । लागत अनुमान भन्दा १.६४ प्रतिशत बढी भएको सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (१) (ख) बमोजिम न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभूत रूपमा बढी हो वा होइन सम्वन्धित सार्वजनिक निकायले निर्क्यौल गरी निर्णय गर्नु उपयुक्त हुने ।

(निर्णय मिति : २०७१।१२।०५)

**९३. राय परामर्श माग भएको विषयः**

निर्माण योजनाको गत आ.व. मा ठेक्का बन्दोवस्त भएको र चालु आ.व. मा निर्माण आईटम समेत सट्टापट्टा गर्नु पर्ने अवस्थामा सम्वन्धित जिल्लाको दररेटमा गत आ.व. र चालु आ.व. को दररेट फरक परेको कुन आ.व. लाई आधार मानी भेरिएशन गर्न सकिने द्विविधा भई मध्य क्षेत्रीय प्रहरी कार्यालय, हेटौडा, मकवानपुरबाट मिति २०७१/११/१३ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को अधिनमा रही भेरिएशन आदेश जारी गर्नु पर्ने ।

(निर्णय मिति : २०७१।१२।०८)

**९४. राय परामर्श माग भएको विषयः**

खरिद कार्य सम्पन्न भई भुक्तानी नदिदै विभागमा दर्ता हुन आएको गाडी पहिला अर्केको नाममा नमसारी भएको जानकारी खुल्न आएको र कम्पनीले भुलवस यस्तो हुन गएको ७ दिन भित्र नयाँ गाडि उपलब्ध गराउने भनेको हुँदा फिर्ता गरी नयाँ गाडी लिन सकिने वा नसकिने द्विविधा परेको भनि वातावरण विभाग, कुपण्डोल, ललितपुरको मिति २०७१/११/२८ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ को देहाय उपदफाहरूमा उल्लेख भए अनुसार आपूर्ति गरिएका मालसामानहरू अस्वीकार्य भएमा फिर्ता गर्न सकिने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ को उपदफा (२) (छ) बमोजिम मालसामान स्वीकार हुने शर्तहरू सम्झौता उल्लेख हुने हुँदा सोही बमोजिम हुने ।

**(निर्णय मिति : २०७१।१२।०८)**

**९५. राय परामर्श माग भएको विषयः**

कर चुक्ता प्रमाणपत्र मूल्यांकनको क्रममा माग गर्न सकिने वा नसकिने बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदाताको सही मात्र भएको छाप नभएकोले द्विविधा परेको भनि जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड, सानोठिमी, भक्तपुरको मिति २०७१/११/२८ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) (ख) बमोजिम बोलपत्र कागजातमा बोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सही छाप भए वा नभएको कुरा बोलपत्र परीक्षणको क्रममा निर्क्यौल गर्नु पर्ने सो बमोजिम नभएमा मूल्यांकनमा समावेश नहुने । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० बमोजिम सार्वजनिक निकायले बोलपत्रकागजातमा पेश गर्नु पर्ने कानूनी ग्राह्यता सम्बन्धी कागजात पेश नगरेमा सोही नियमको उपनिय (४) बमोजिम हुने ।

**(निर्णय मिति : २०७१।१२।०८)**

**९६. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६७ अनुसार बोलपत्र स्वीकृत गर्ने अधिकार लागत अनुमान ३ करोड भन्दा माथि रहेकोमा बोलपत्रदाताले कबोल गर्दा ३ करोड भन्दा कम भएको अवस्थामा राजपत्रांकित द्वितीय श्रेणीको कार्यालय प्रमुखले बोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने द्विविधा परेको भनि जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. ६, नेपालगञ्जको मिति २०७१/१२/४ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (छ) मा "बोलपत्र" को परिभाषा गरिएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६७ को उपनियम (१)(ख) मा उल्लेख भए अनुसार बोलपत्र स्वीकृत गर्ने अधिकार हुने ।

(निर्णय मिति : २०७१।१२।०८)

**९७. राय परामर्श माग भएको विषयः**

चिट्ठीपत्र पार्सलको लागि दर्ता हुन आएको तीन थान दरभाउपत्र मध्य सबै भन्दा कम कबोल अंक भएको दरभाउपत्रदाताले आ.व. ०७०/७१ को करचुक्ता प्रमाणपत्र पेश नगरी आ.व. ०७०/७१ को आय विवरण कर कार्यालयमा बुझाएको प्रमाण पेश गरेको र स्वघोषण (Self Declaration) पेश नगरेकोमा मूल्यांकनमा समावेश गर्न सकिने वा नसकिने द्विविधा परेको भनि राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र, टेकु, काठमाण्डौको मिति २०७१/११/१७ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६४ को नियम ४० को उपनियम (२) (घ) बमोजिम आन्तरिक राजश्व विभागबाट कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजात र सोही उपनियमको खण्ड (ङ) बमोजिमको स्वोघोषणा बोलपत्रदाताको ग्राह्यता (ईलिजिविलिटी) को आधार हुने भएकोले यस्ता कागजात पेश नगरेको अवस्थामा सोही नियमको उपनियम (४) बमोजिम गर्नु पर्ने ।

(निर्णय मिति : २०७१।१२।०८)

**९८. राय परामर्श माग भएको विषयः**

सडक, ढल तथा वातावरण सुधार कार्यको लागि सबै भन्दा कम दररेट उल्लेख गर्ने रौताहा/दाप्चा/धर्म एस. जे. भि. को बोलपत्र स्वीकृत भई सम्झौताको कारबाही सम्पन्न नहुदै जे. भि. मध्ये दाप्चा निर्माण सेवा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट कालो सूचीमा राखिएको सूचना प्रकाशन भएको हुँदा सम्झौता गर्न द्विविधा भई पशुपति क्षेत्र विकास कोष, संचालक परिषद्, काठमाण्डौको मिति २०७१/१२/३ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१) बमोजिम कालो सूचीमा राखिएको बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले ऐनको दफा ६३ (२) बमोजिम कालो सूचीमा रहेको अवधिसम्म खरिद कारबाहीमा भाग लिन सक्ने छैन ।

**(निर्णय मिति : २०७१।१२।०८)**

### ९९. राय परामर्श माग भएको विषयः

भवन निर्माणको लागि न्यूनतम सारभूत प्रभावग्राही बोलपत्रदातालाई सम्झौताको लागि पत्र लेखिएकोमा पत्रमा उल्लेखित म्याद भित्र कार्यसम्पादन जमानत सहित सम्झौताको लागि निवेदन दर्ता हुन आएकोमा सम्झौता नहुदै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) (ग) बमोजिम कालो सूचीमा राखिएको सूचना प्रकाशन भएकोले निज संग सम्झौता गर्न नमिल्ने हुनाले निजको जमानत जफत हुने वा नहुने र दोश्रो न्यूनतम सारभूत प्रभावग्राही बोलपत्रदातासंग सम्झौताको प्रक्रिया अगाडि बढाउन मिल्ने वा नमिल्ने भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखराको मिति २०७१/१२/९ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (५) बमोजिम न्यूनतम सारभूत प्रभावग्राही बोलपत्रदातालाई सम्झौताको लागि पत्र लेखिएकोमा पत्रमा उल्लेखित अवधिमा सम्झौता गर्न नआएमा मात्र जमानत जफत हुने प्रस्तुत सन्दर्भमा जमानत जफत गर्न उपयुक्त नहुने । कालो सूचीमा परेको कारणबाट सम्झौता गर्न योग्य नभएको अवस्थामा यी बाहेक अन्य बोलपत्रदाताहरू मध्ये न्यूनतम मूल्यांकित सारभूत प्रभावग्राही बोलपत्रदाता संग सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक निकायले प्रक्रिया अगडि बढाउन बाधा नपर्ने ।

**(निर्णय मिति : २०७१।१२।१२)**

### १००. राय परामर्श माग भएको विषयः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ (१) मा बैंक जमानत नगदै वा बाणिज्य बैंकले जारी गरेको तोकिएको रकम बरावरको जमानत हुनु पर्नेछ भन्ने प्रावधान विपरीत राशन ठेक्का बन्दोवस्तको लागि माग गरिएको सूचनामा धरौटी वापतको रकम कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने र बैंक ग्यारेन्टी वा नगदलाई मान्यता दिइने छैन भनि उल्लेख गएकोले द्विविधा भई जिल्ला वन कार्यालय, गोरखाको मिति २०७१/१२/२ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ (१) मा बैंक जमानत नगदै वा बाणिज्य बैंकले जारी गरेको तोकिएको रकम बरावरको जमानत हुनु पर्नेछ भन्ने प्रावधान रहेको हुँदा सोही बमोजिम कार्यन्यन गर्नुपर्ने ।

**(निर्णय मिति : २०७१।१२।१२)**

### १०१. राय परामर्श माग भएको विषयः

एउटा बोलपत्रदाताको ID अर्कै बोलपत्रदाताले प्रयोग गरी e-Bid गरेकोमा मन्यता दिन मिल्ने वा नमिल्ने र बोलपत्र सूचना प्रकाशन भएको मिति भन्दा अगाडिको मितिको बोलपत्र खरिद बापतको बैंक भौचर पेश गरेको अवस्थालाई मान्यता दिन मिल्ने वा नमिल्ने सम्वन्धमा डिभिजन सडक कार्यालय, काठमाण्डौ-१ को मिति २०७१/१२/१ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० को खण्ड (घ) बमोजिम बोलपत्रको पूर्णताको परीक्षण गर्दा सम्वन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्वन्धी कागजात भरी पेश गरे वा नगरेको परीक्षण गर्नु पर्ने प्रावधान रहेकोले अन्यका ID प्रयोग गरी पेश गरिएको बोलपत्र मान्य नहुने । सूचना प्रकाशन हुनु अघिनै दाखिला भएको बैंक भौचरको सम्बन्धमा के प्रयोजनको लागि दाखिला गरेको एकीन गरी सम्वन्धित सार्वजनिक निकायले उपयुक्त निर्णय गर्नु पर्ने ।

**(निर्णय मिति : २०७१।१२।१५)**

### १०२. राय परामर्श माग भएको विषयः

संग्रहालयको छाना मर्मत गर्ने कार्यको लागि e-Bid को मध्यमबाट बोलपत्रमा भाग लिने नागार्जुन कन्स्ट्रक्सन प्रा. लि. को पेज नं. १ देखि १०७ सम्मका कागजात डाउनलोड गरी प्रिन्ट समेत गरी मुचुल्का गरिएको । मूल्यांकनको क्रममा पेज नं. १ देखि १०८ सम्मको कागजात अपलोड भएको देखियो र बोलपत्रदाताको उक्त सबै कागजात अपलोड गरेको भन्ने भनाई रहेकोले समस्या उत्पन्न भई राष्ट्रिय संग्रहालय, छाउनी, काठमाण्डौको मिति २०७१/११/२७ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

www.bolpatra.gov.np को Sytem log, Bidder को Profile analysis तथा Consultant को राय सहितको Document analysis बाट बोलपत्रदाताले बोलपत्र Submission गर्ने अन्तिम मिति र समय पश्चात Bank Credit Document upload गरेको देखिएकोले दाखिला गर्ने अन्तिम मिति भन्दा पछि Upload गरेको document को मन्यता नहुने ।

**(निर्णय मिति : २०७१।१२।१५)**

**१०३. राय परामर्श माग भएको विषयः**

विनियोजित भएको ६० लाख रुपैयाबाट दमकल खरिदको लागि आह्वान भएको बोलपत्र सम्वन्धी कागजातमा Annual Turnover सम्वन्धमा "The Bidder is requird to submit documentary evidence audited balance sheet showing that bidder's annual turnover more than NRs 20 million whinin last three years" भन्ने मूल्यांकनको आधार तोकिएकोमा केही बोलपत्रदाताले यस्तो आधार तोकिनु नहुने भनि निवेदन दिएकोले द्विविधा भई विर्तामोड नगरपालिका कार्यालय, विर्तामोड, झापाको मिति २०७१/१२/४ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ (१) अनुसार मालसामान आपूर्ति सम्वन्धी खरिद कारबाहीमा भाग लिने बोलपत्रदाताको योग्यताको आधार निर्धारण गर्दा उक्त उपनियममा उल्लेख भएको कुराहरू मध्ये आबश्यकता अनुसार कुनै वा सबै कुराहरूलाई विचार गरी निर्धारण गर्दा प्रतिस्पर्धामा संकुचन नहुने तर्फ पनि विशेष ध्यान दिनुपर्ने ।

विवाद समाधानको हकमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ (२) बमोजिम यस कार्यालयले थप राय दिइरहनु नपर्ने ।

**(निर्णय मिति : २०७१।१२।१५)**

**१०४. राय परामर्श माग भएको विषयः**

Special Conditions of Contract (SCC) मा Price Adjustment को व्यवस्था नभएता पनि काबु बाहिरको परिस्थिति सिर्जना भएको हुँदा निर्माण कार्यको सम्झौता १४ महिनाको ढिलाई भएको र निर्माण व्यवसायी द्वारा मूल्य समायोजन गराई पाउँ भन्ने निवेदन पेश गरेको सम्वन्धमा लमही नगर विकास समिति, दाङ्गको मिति २०७१/११/१८ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम तयार गरिएको संझौताका शर्तहरूको अधिनमा रही सम्झौता कार्यान्वयन हुने ।

**(निर्णय मिति : २०७१।१२।१५)**

**१०५. राय परामर्श माग भएको विषयः**

बोलपत्र मूल्यांकन सम्बन्धमा देहायको विषयमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धनगढी, कैलालीको मिति २०७१/११/३ को पत्रबाट राय माग भई आएको ।

१. बोलपत्र जमानतको ढाँचा उपलब्ध गराइएकोमा सो बमोजिम नभएकोमा मान्य हुने वा नहुने ।
२. ई विडिङ्ग गर्नेको हकमा ५ दिन भित्र हार्डकपी माग गरेकोमा हार्ड कपि नवुझाएकोमा मूल्यांकनमा समावेश गर्न सकिने वा नसकिने र धरौटी जफत गर्ने वा नगर्ने ।
३. बोलपत्रमा संशोधन पेश गर्दा Above/Below के भनेको स्पष्ट उल्लेख नगरेको अवस्थामा कुनलाई मन्यता दिने
४. ई विडिङ्ग गर्ने एक बोलपत्रदाताको बोलपत्र सम्वन्धी कागजात बोलपत्र खोल्ने दिन डाउनलोड नभएको र PPMO मा पत्राचार भएपछि डाउनलोड भएको हुँदा मूल्यांकनमा समावेश गर्न मिल्ने वा नमिल्ने ।

**राय परामर्शको व्यहोराः**

१. सार्वजनिक निकायले बोलपत्र कागजातमा उल्लेख भए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (२) (ड) बमोजिम उल्लेख भएको बोलपत्र जमानतको रकम, किसिम, मान्य ढाँचा र मान्य अवधि अनुसार भए वा नभएको एकिन गरी निर्णय गर्ने ।

२. तोकिएको समयावधि भित्र सक्कल कागजात पेश नगर्ने बोलपत्रदातालाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ को उपदफा (१) बमोजिम आचरण विपरीतको कार्य हुने व्यहोरा स्मरण गराउदै निश्चित समयावधि दिई पुनः कागजात माग गरी मूल्यांकनमा समावेश गरी कारबाही अगाडि बढाउन उपयुक्त हुने ।
३. कुनै बोलपत्रदाताले Discount offer गर्दा Letter of Bid मा स्पष्ट संग उल्लेख गर्नु पर्ने व्यवस्था रहेकोले सोही अनुसार हुनु पर्ने ।
४. बोलपत्र दाखिला गर्ने अन्तिम समय सम्म e-bidding system बाट दाखिला हुन आएका बोलपत्रहरू corrupt document हरूको कारणले नखुलेको अवस्थामा डाउनलोड भएपछि मान्यता दिन सकिने ।

**(निर्णय मिति : २०७१।१२।१५)**

**१०६. राय परामर्श माग भएको विषयः**

ई विडिङ्ग गर्ने एक बोलपत्रदाताको बोलपत्र सम्बन्धी कागजात बोलपत्र खोल्ने दिन डाउनलोड नभएको र PPMO मा पत्राचार भएपछि डाउनलोड भएको हुँदा मूल्यांकनमा समावेश गर्न मिल्ने वा नमिल्ने भनि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कञ्चनपुरको मिति २०७१/११/४ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

बोलपत्र दाखिला गर्ने अन्तिम समय सम्म e-bidding system बाट दाखिला हुन आएका बोलपत्रहरू corrupt document हरूको कारणले नखुलेको अवस्थामा डाउनलोड भएपछि मान्यता दिन सकिने ।

**(निर्णय मिति : २०७१।१२।१५)**

**१०७. राय परामर्श माग भएको विषयः**

दरभाउपत्र दस्तुर बापत राजश्व खातामा जम्मा गर्नु पर्ने रकम धरौटी खातामा जम्मा गरेको देखिएकोले निजको दरभाउपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने । यस सम्वन्धमा निजले भुलवस राजश्व खातामा जम्मा गर्नु पर्नेमा धरौटी खातामा जम्मा हुन गएकोले दरभाउपत्रको मूल्यांकनमा समावेश नगरी पाउँ भन्ने निवेदन समेत पेश गरेकोमा जिल्ला विकास समितिको कार्यालय, बाँकेको मिति २०७१/११/१७ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

जुन प्रयोजनको लागि दस्तुर बुझाउनु पर्ने हो सोही प्रयोजनका लागि उल्लेखित खातामा दस्तुर बुझाउनु पर्ने हुन्छ । अन्य खातामा जम्मा भएको रकम सम्वन्धित खातामा ल्याउन मिल्ने वा नमिल्ने बैंक संग समन्वय गरी एकिन गर्नु उपयुक्त हुने । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० (४) बमोजिम एक पटक पेश गरेको दरभाउपत्र संशोधन र फिर्ता नहुने प्रावधान रहेको ।

**(निर्णय मिति : २०७१।१२।१५)**

**१०८. राय परामर्श माग भएको विषयः**

सर्जिकल सामान खरिद सम्वन्धी शिलबन्दी दरभाउपत्र स्वीकृत गर्दा प्याकेजको रूपमा स्वीकृत नगरी आइटममा वाइज बोल कबोल अंक मध्ये न्यूनतम मूल्यको आधारमा स्वीकृत गरिने छ भन्ने व्यवस्था गरिएकोमा केही आइटममा एउटै अंकको दररेट कबोल गरेकोमा कुन दरभाउपत्रदाताको दररेट स्वीकृत गर्ने द्विविधा भएको भनि जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीको मिति २०७१/१२/१ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) र (३) बमोजिम परीक्षण गर्नुपर्ने र ऐनको दफा २५ को उपदफा (५) अनुसार बोलपत्रको मूल्यांकन बोलपत्र सम्वन्धी कागजातमा उल्लेख भएको आधार र तरिका बमोजिम गर्नु पर्ने ।

**(निर्णय मिति : २०७१।१२।१६)**

**१०९. राय परामर्श माग भएको विषयः**

पुल निर्माणको लागि सुरु सम्झौता अंक रु. ११,२३,५७,४१२।- मा नेपाल सरकार मन्त्रिपरिषद्बाट भेरिएशन आदेश भई संशोधित ठेक्का अंक १४,८४,३०,८७३।५५ कायम हुन आएको । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ (३) मा मुल्य समायोजन सामान्यतया शुरु सम्झौता मूल्यको २५ प्रतिशत भन्दा बढी हुने छैन भन्ने प्रावधान रहेको हुँदा मुल्य

समायोजन गर्दा भेरिएशन आदेश भएको अंकलाई गणना गर्न मिल्ने वा नमिल्ने भनि डिभिजन सडक कार्यालय, पाल्पाको मिति २०७१/११/२६ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ (३) मा मुल्य समायोजन सामान्यतया शुरु सम्झौता मूल्यको २५ प्रतिशत भन्दा बढी हुने छैन भन्ने स्पष्ट उल्लेख भएको हुँदा कुनै द्विविधा नरहेको ।

**(निर्णय मिति : २०७१।१२।१९)**

**११०. राय परामर्श माग भएको विषय:**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल बाट निम्न बिषयमा राय माग गरिएको ।

१. मौजुदा सूची तयार गर्दा कुनै किसिमको शर्त राखि सुचिकृत गर्न गराउन हुने वा नहुने ?

२. शर्त राखि सुचीकृत भएको खरिदको प्रकृति अनुसारको आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकले सार्वजनिक निकायले आह्वान गरेको खरिद प्रकृया सहभागी हुन पाउने वा नपाउने ?

३. सार्वजनिक निकायमा दर्ता गराएको बोलपत्र "स्वीकृत गर्ने वा नगर्ने अधिकार ....सुरक्षित रहने" भनि टेण्डर डकुमेन्टमा उल्लेख गरेकै आधारमा बोलपत्र नखोली फिर्ता गर्न पाउने वा नपाउने ?

४. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २२ बमोजिमको प्रक्रिया अवलम्वन गर्न बाध्य हुने वा नहुने ?

**राय परामर्शको व्यहोरा:**

१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ (१) बमोजिम सार्वजनिक निकायले विभिन्न खरिद सम्वन्धी सूचनाको अभिलेख राख्ने प्रयोजनको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको छुट्टा छुट्टै मौजुदा सूची तयार गर्नुपर्ने व्यवस्था रहेको हुँदा शर्त सम्वन्धी कुनै व्यवस्था नरहेको ।

२. सिलबन्दी दरभाउपत्र, बोलपत्र वा प्रस्तावमा भाग लिनको लागि मौजुदा सूचीमा रहे वा नरहे पनि कसैलाई बञ्चित गर्न नमिल्ने ।

३. बोलपत्र अस्वीकृत गर्ने वा खरिद कारबाही रद्द गर्ने सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (१) मा उल्लेख भएको अवस्था बाहेक अन्य कारणले गर्न सक्ने व्यवस्था नभएको ।

४. ऐनको दफा १९ बमोजिम बोलपत्र पेश गर्ने अन्तिम मिति र समय समाप्त हुनु अघि बोलपत्रदाताले फिर्ता माग गर्न सक्ने । बोलपत्र फिर्ता माग नगरेको अवस्थामा बोलपत्र कागजातमा "स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहने" भनि उल्लेख गरेकै आधारमा ऐनमा उल्लेख भएको प्रावधान विपरित हुने गरी सार्वजनिक निकायले बोलपत्र नखोली फिर्ता गर्न नमिल्ने ।

५. ऐनको दफा २२ बमोजिमको प्रक्रिया पुऱ्याउनु पर्ने बाध्यात्मक व्यवस्था भएको ।

**(निर्णय मिति : २०७१।१२।१९)**

**१११. राय परामर्श माग भएको विषय:**

बोलपत्रमा भाग लिने निर्माण व्यवसायी श्री अमर/खड्का जे. भि. को नाममा जारी भएको बोलपत्र जमानतमा श्री अमर/खड्ककृष्ण जे. भि. भनि बैंकले उल्लेख गरेकोमा पुनः बैंक बाट त्रुटी सच्याइएकोमा मान्य हुने वा नहुने सम्बन्धमा डिभिजन सडक कार्यालय, नेपालगंज, बाँकेको मिति २०७१/११/८ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोरा:**

बोलपत्र जमानत जारी गर्ने बैंक नेपाल बंगालादेश बैंक नेपालगञ्ज शाखाको मिति २०७१/१२/२ को पत्रबाट "श्री अमर/खड्का जे. भि. बाँके हुनु पर्नेमा भुलवस श्री अमर/खड्काकृष्ण जे. भि. हुन गएको" विषयमा बैंकसँग एकीन गरि आबश्यक निर्णय गर्ने ।

**(निर्णय मिति : २०७१।१२।१९)**

**११२. राय परामर्श माग भएको विषय:**

औषधी आपूर्तिको लागि बोलपत्र ई-विडिङ मार्फत भाग लिने रारा मेडिकल फर्माको बोलपत्र बोलपत्र खोल्ने दिन प्रतिनिधिहरूको रोहवरमा खोल्दा BOQ प्राप्त नभएकोले यसमा के कसो भएको हो खुलाई दिनु र इ विडिङ दाखिला भए वा नभएको जानकारी

प्राप्त कसरी हुने भनि जिल्ला जनस्वस्थ्य कार्यालय, भरतपुर, चितवनको मिति २०७१/१२/१० को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

www.bolpatra.gov.np प्रणलीमा भएको व्यवस्था अनुसार Bid opening गर्दा Download हुने Bid Submission Report मा Bidder ले upload गरेको सबै कागजात संलग्न हुने व्यवस्था भएको । e-Bid मार्फत बोलपत्र दाखिला भए वा नभएको सम्वन्धमा Bid opening गर्दा opening page मा No Bid submitted देखिएमा सो Bid मा e -Bid पेश नभएको बुझिने ।

**(निर्णय मिति : २०७१।१२।१९)**

**११३. राय परामर्श माग भएको विषयः**

इ-विडिङ मार्फत भाग लिने बोलपत्रदाताले Price adjustment table समावेश नगरेको हुँदा त्यस्तो बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएको मान्न सकिने वा नसकिने भनि कोशी पम्प, चन्द्र नहर सिंचाई व्यवस्थापन डिभिजन नं. २ को मिति २०७१/१२/५ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) र (घ) बमोजिम भए वा नभएको निर्क्यौल गर्न मूल्यांकन समितिले बोलपत्र परीक्षण गरी गर्नु पर्ने ।

**(निर्णय मिति : २०७१।१२।१९)**

**११४. राय परामर्श माग भएको विषयः**

भवन निर्माण कार्यको लागि शिलबन्दी सूचनाको बुदा नं. ५ मा बोलपत्र शर्त रहित, केरमेट नभएको, यस कार्यालयले उपलब्ध गराएको कागजातमा कुनै थपघट वा द्रष्टव्य नलेको हुनुपर्नेछ भनि उल्लेख भएकोमा दुई थान बोलपत्रको BoQ मा एउटा बोलपत्रदाताले उल्लेखित दररेटमा ३४ प्रतिशत घटीमा निर्माण कार्य गर्न मञ्जुर छु भनेको र अर्को बोलपत्रदाताले We can do the above work at 37% (Thirty seven) below than the each quoted rate भनि उल्ल्ेख भएकोले द्बिविधा भई प्लाण्ट क्वारेण्टाईन चेकपोष्ट, मोरङ्ग, विराटनगरको मिति २०७१/१२/८ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९ को उपनियम (४) (ग) बमोजिम बोलपत्रमा कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको व्यहोरा खोली मुचुल्का तयार गरी त्यस्तो मुचुल्कामा उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिको दस्तखत गराउनु पर्ने व्यवस्था भए बमोजिम छुट दिन गरिएको प्रस्ताव प्रमाणित भई सकेको अवस्थामा त्यस्तो छुट प्रस्तावलाई बोलपत्रको मुल्यांकनमा मान्यता दिन उपयुक्त हुने ।

**(निर्णय मिति : २०७१।१२।१९)**

**११५. राय परामर्श माग भएको विषयः**

श्री व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समिति, संसदभवन, सिंहदरवारबाट जटही जनकपुर सडक योजनाको लागि बोलपत्र पेश गर्ने बोलपत्रदाता M/S ZIEC-Pappu JV बाट व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समिति समक्ष गरेको उजुरीको सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट उपलब्ध गराएको जबाफ अध्ययन गरी राय सुझाव माग भएको ।

**राय परामर्शको व्यहोराः**

१. ZIEC-Pappu J/V ले सडक विभागको मिति २०७१/९/१० मा प्रकाशित (जटही जनकपुर सडक योजना) बर्दीवास महत्तोरीको वोलपत्र ठेक्का नं. 337124/Trip/JJ/071/72-01 र ठेक्का नं. 337124/Trip/JJ/071/72-02 विषयमा व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समिति समक्ष गरेको उजुरीको सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०७१/१२/४ को पत्रबाट पेश गरेको जवाफको विषयमा अध्ययन गर्दा खरिद प्रक्रियामा दुई पक्ष वीच विवाद उत्पन्न भएको देखिन्छ । खरिद प्रक्रियामा उत्पन्न भएको विवादको विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ (२) बमोजिम यस कार्यालयको संलग्नता हुन नहुने ।

२. बोलपत्रदाताले सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद-६ को दफा ४७ (१) बमोजिम सार्वजनिक निकायले खरिद कारबाही वा निर्णय गर्दा कुनै त्रुटी गरेमा वा पालना गर्नु पर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण देखाई सम्वन्धित सार्वजनिक निकायमानै निर्णयको पुनरावलोकनको निवेदन सोही दफाको उपदफा (३)

बमोजिम दिन सक्ने व्यवस्था रहेको छ। यसरी निवेदन दिदा पनि सम्बन्धित सार्वजनिक निकायले पुनरावलोकनको लागि दिएको निवेदनमा कुनै निर्णय नदिएमा वा दिएको निर्णयमा चित्त नबुझेमा ऐनको दफा ४९ बमोजिम सार्वजनिक खरिद पुनरावलोकन समिति समक्ष पुनरावलोकनको लागि दफा ५० (१) को अवधि भित्र निवेदन दिन सक्ने कानूनी व्यवस्था रहेकोमा बोलपत्रदाताले सार्वजनिक निकाय समक्ष निवेदन सम्म पेश गरेको सोको निर्णय नहुँदै यस सम्वन्धमा सक्षम निकाय नभएको भनि सम्मानीत व्यवस्थापिका-संसद, सार्वजनिक लेखा समितिमा उजुरी गरेको देखिन्छ।

३. सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम सार्वजनिक निकाय समक्ष दिएको निवेदन उपरको निर्णयमा चित्त नबुझेमा यो सम्वन्धी सक्षम निकाय सार्वजनिक खरिद पुनरावलोकन समिति समक्ष निवेदन दिनुपर्नेमा सार्वजनिक खरिद पुनरावलोकन समिति समक्ष त्यस्तो कुनै पुनरावलोकनको लागि निवेदन परेको नदेखिएको ।

**(निर्णय मिति : २०७१।१२।३०)**

**११६. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) तथा ८४ (४) अनुसार रु. २५ हजार देखि ५ लाख सम्मको निर्माण कार्य मौजुदा सूचीमा रहेको फर्महरू सँग सोझै खरिद गर्न सकिने प्रावधान रहेको छ। तर स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७६ (१) तथा ७७ (१) अनुसार रु. १ लाख ५० हजार देखि १० लाख सम्मको निर्माण कार्य गर्दा सिलबन्दी दरभाउपत्रबाट गर्नु पर्ने व्यवस्था रहेको देखिन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ को प्रावधान बमोजिम खरिद गर्न सक्ने वा नसक्ने द्विविधा भई जिल्ला विकास समितिको कार्यालय, कास्कीको मिति २०७१/१२/१८ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

स्थानिय निकाय पनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ख) (४) बमोजिम सार्वजनिक निकायको परिभाषा भित्र नै रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को परिपालना गर्नु पर्ने ।

सर्वाजनिक खरिद ऐन, २०६३ को दफा ७५ को उपदफा (२) बमोजिम खरिद सम्वन्धी कानूनी व्यवस्था यो ऐन सँग बाझिएको हद सम्म यस ऐन अनुकूल हुने गरी स्वतः संशोधन भएको मानिनेछ भनि उल्लेख भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ अनुरुप नै खरिद प्रक्रिया हुनुपर्ने ।

**(निर्णय मिति : २०७१।१२।३०)**

**११७. राय परामर्श माग भएको विषयः**

परामर्शदाता छनौटको लागि RFP माग गर्दा Manpower को लागि The discription of curriculam vita of all experts has to be certified by respective expert भन्ने बाक्यांश लेखिएको हुँदा प्राविधकि प्रस्तावसंग पेश भएका विशेषज्ञको व्यक्तिगत विवरणमा सम्बन्धित विशेषज्ञको दस्तखत हुनुपर्ने हो वा प्रस्तावदाता वा निजको अधिकार प्राप्त व्यक्तिबाट सहिछाप भए पुग्ने हो वा होईन भन्ने द्विविधा भएको तथा प्रस्ताव मूल्याङकन सम्पन्न भई मिति २०७१/१२/१७ को गोरखा पत्र दैनिकमा स्वीकृत गर्ने आशयको सूचना समेत प्रकाशन भएकोमा कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय, हरिहर भवन, ललितपुरबाट मिति २०७१।१२।२७ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

मूल्याङ्कन प्रक्रिया सम्पन्न भई स्वीकृत गर्ने आशयको सूचना समेत प्रकाशित भएको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ उपदफा २ मा सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो कार्यालय बाहेक अन्य सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्बन्धमा उत्पन्न कुनै विवाद समाधान गर्ने छैन भन्ने व्यवस्था भएकोले राय दिई रहनु नपर्ने ।

**(निर्णय मिति : २०७१।१२।३०)**

**११८. राय परामर्श माग भएको विषयः**

बोलपत्र दाखिला गर्ने श्री प्रधान कन्स्ट्रक्सनको कार्य अनुभव डाफे/सुनौला खिम्ती जे. भि. ले सम्झौता गरेको सम्पूर्ण कामको सब कन्ट्राक्टर भई गरेको कार्य अनुभव पेश हुन आएको छ र उक्त कार्यको आयकर समेत दाखिला गरेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३० उपनियम (१) (ख) बमोजिम सब-कन्ट्रयाक्टरबाट काम गराउने भए अधिकतम प्रतिशत बोलपत्र सम्वन्धी कागजातमा उल्लेख गर्नुपर्ने व्यवस्था रहेको हुँदा सम्पूर्ण काम गरेको कार्य अनुभव गणना गर्न मिल्ने वा नमिल्ने द्विविधा भई डिभिजन सडक कार्यालय, काठमाण्डौ १ बाट मिति २०७१/१२/२२ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ को उपनियम (१) (क) बमोजिम सब-कन्ट्रयाक्टरको रूपमा काम गरेको अनुभव बोलपत्र सम्वन्धी कागजातमा निर्धारण गर्न सकिने । यसरी निर्धारण भए अनुसार पेश हुन आएको सब-कन्ट्रयाक्टरको रूपमा काम गरेको अनुभव एकीन भएको अवस्थामा गणना गर्न बाधा देखिदैन ।

**(निर्णय मिति : २०७२।०१।१०)**

**११९. राय परामर्श माग भएको विषयः**

प्रहरी प्रधान कार्यालय, नक्सालबाट देहायको बिषयमा राय माग गरिएको :

१. पोशाक खरिदको भेरिएशन जारी गर्न सार्वजनिक खरिद नियमावलीको ११८ (ग) आकर्षित हुने वा नहुने ?

२. दुई वटा सामान खरिद गर्न सम्झौता भएको एउटा सामान आबश्यक नभएकोले सो सामान बराबरको कुल रकम आबश्यक सामानको परिमाण बढाई खर्च गर्न मिल्ने वा नमिल्ने ?

३. बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित स्पेशिफिकेशन भन्दा एडभान्स टेक्नोलोजी भएको मेशिनरी सामान उत्पादक कम्पनीले उपलब्ध गराउने अनुरोध भई आएको र सम्वन्धित प्राविधिकले पनि उपयुक्त हुने राय पेश गरेकोमा सम्झौता भई सकेको अवस्थामा स्पेशिफिकेशन परिबर्तन गरी एडभान्स टेक्नोलोजिको स्पेशिफिकेशन भएको सामान खरिद गर्न मिल्ने वा नमिल्ने द्बिविधा भएको ।

**राय परामर्शको व्यहोराः**

१. पोशाक खरिदको भेरिएशन सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ग) मा मालसामानको परिभाषा अध्ययन गरी निर्णय गर्ने ।

२. सम्झौता बमोजिमको सामान थप घट गर्नु पर्ने अवस्थामा समेत सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ आकर्षित हुने देखिन्छ ।

३. स्पेशिफिकेशन परिबर्तन गरी एडभान्स टेक्नोलोजिको स्पेशिफिकेशन भएको सामान खरिद सम्वन्धमा उक्त सामानको कार्य सञ्चालन तथा कार्य सम्पादन, वारेन्टी समयावधि र अपरेटिङ्ग कष्ट समेतलाई मध्य नजर गरी सार्वजनिक निकाय स्वयंले उपयुक्त निर्णय लिनुपर्ने ।

**(निर्णय मिति : २०७२।०१।१०)**

**१२०. राय परामर्श माग भएको विषयः**

इक्वीपमेन्टहरू खरिदको लागि आह्वान भएको बोलपत्र मिति २०७१/७/११ मा खोलिएकोमा हाल सम्म मूल्यांकन कार्य टुङ्गो नसकेकोले मूल्यांकन समितिले थप कति दिन सम्म म्याद थप गर्न सक्छ ऐन नियममा स्पष्ट व्यवस्था नभएको भनि व्यवसायिक कृषि तथा व्यापार आयोजना, महाराजगंज, काठमाण्डौको मिति २०७२/१/४ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

१. बोलपत्रको मूल्यांकनको प्रतिवेदन पेश गर्ने सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६६ र बोलपत्र वा प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना दिने अवधि सम्वन्धमा नियम ५४क. मा स्पष्ट नै रहेकोले थप राय दिइरहनु नपर्ने ।

२. बोलपत्र खोलिएको करीव ६ महिना अवधिमा पनि बोलपत्र मूल्यांकन कार्य सम्पन्न नगरी गंभीर लापरवाही भएको तर्फ सार्वजनिक निकायका प्रमुखको ध्यानाकर्षण गराइन्छ ।

३. बोलपत्रको मूल्यांकनको क्रममा Technical Specification एकीन हुन समय लागेकोले मूल्यांकन समितिले समयमा कार्य सम्पन्न गरी प्रतिवेदन दिन नसकेको र मूल्यांकन प्रक्रिया जारी रहेको भन्ने विषयमा यस कार्यालयमा स्पष्ट जानकारी पठाउने ।

**(निर्णय मिति : २०७२।०१।१०)**

**१२१. राय परामर्श माग भएको विषयः**

Contruction Power को लागि सव स्टेशन तथा ३३ के. भि. प्रसारण लाइन निर्माण गर्नको लागि आह्वान भएको बोलपत्र मूल्यांकनको चरणमा रहेको अवस्थामा उक्त सामान एक/एक थान थप गर्नु पर्ने आबश्यक भएको भनि मूल्यांकन को चरणमा

लेखि अएको । उक्त बोलपत्रको सम्झौता समेत भई कार्यन्वयनको चरणमा रहेको अवस्थामा भेरिएशन आदेशबाट परिमाण थप गर्न मिल्ने वा नमिल्ने भनि तनहुँ हाइड्रोपावर लिमिटेड, थापाथली, काठमाण्डौबाट मिति २०७२/१/२ मा राय माग भई आएको।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ को उपदफा (२) खण्ड (ट) बमोजिम भेरिएशन आदेश जारी गर्न सकिने भए सोको व्यवस्था सम्झौतामा उल्लेख हुनुपर्ने र भेरिएशन आदेश सार्वजनिक खरिद ऐन २०६३ दफा ५४ र नियमावली, २०६४ को नियम ११८ को प्रावधान बमोजिम हुने ।

(निर्णय मिति : २०७२।०१।१०)

**१२२. राय परामर्श माग भएको विषयः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ र नियमावली, २०६४ को नियम ५८ मा बोलपत्र फिर्ता तथा संशोधनको प्रावधान भएको तर एक पटक दाखिला गरेको बोलपत्र कति पटक संशोधन गर्न सकिने स्पष्ट उल्लेख नभएको हुँदा द्विविधा भई प्रविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, सानोठिमी, भक्तपुरबाट मिति २०७२/१/६ मा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ र नियमावली, २०६४ को नियम ५८ मा उल्लेखित प्रावधान बमोजिम बोलपत्र तथा प्रस्ताव फिर्ता तथा संशोधन एक पटक मात्र गर्न सकिने ।

**(निर्णय मिति : २०७२।०१।१०)**

**१२३. राय परामर्श माग भएको विषयः**

Ajamber Nirman Sewa ले www.bolpatra.gov.np मार्फत Submission गरेको बोलपत्र मिति २०७१/१२/४ गते दिनको २.०० बजे खोल्दा Download हुन नसकेकोले यस्तो बोलपत्रको सम्वन्धमा के गर्न सकिन्छ भनि जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. ३ बारा, परवानीपुरको मिति २०७१/१२/५ को पत्रबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

विद्युतीय सञ्चारको माध्ययमबाट Submission भएको बोलपत्र सम्वन्धी कागजात Download हुन नसकिएको अवस्था उक्त बोलपत्र सम्वन्धी कागजात www.bolpatra.gov.np को System बाट Recover गर्दा Recover हुन नसकेका Power of atterney र Joint venture agreement document बोलपत्रमा भाग लिनु भन्दा अगाडि गरिएको थियो वा थिएन एकीन गरी सम्वन्धित सार्वजनिक निकायले नै निर्णय गर्न सक्ने ।

**(निर्णय मिति : २०७२।०१।२२)**

**१२४. राय परामर्श माग भएको विषयः**

कुनै आइटममा दररेट नभरेको तथा कर चुक्ता प्रमाणपत्र बोलपत्र खरिद गर्दा पेश गरेको तर बुझाउने बेलामा छुटेको अवस्थामा उक्त बोलपत्र मुल्याङ्कन सम्वन्धमा लोक सेवा आयोग, केन्द्रिय कार्यालयबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

१. "सार्वजनिक निकायले मालसामान खरिदका लागि उल्लेख गरेको मालसामान मध्ये कुनै आइटमको दररेट नभरेको भन्ने सम्वन्धमा सार्वजनिक खरिद ऐनको दफा २३ को उपदफा १ को खण्ड (ख) बमोजिम भए नभएको परिक्षण गरि एकिन गर्ने।"

२. "बोलपत्र कागजात खरिद गर्नका लागि सार्वजनिक निकायले अनिवार्य गरिएको कुनै कागजात बोलपत्र कागजात खरिद गर्ने समयमा नै बोलपत्रदाताले पेश गरिसकेको भए सोही कागजात बोलपत्र पेश गर्ने बेलामा छुटेको भए पनि सोही आधारमा प्रतिस्पर्धाबाट बञ्चित गराउन उपयुक्त नहुने ।"

**(निर्णय मिति : २०७२।०२।२४)**

**१२५. राय परामर्श माग भएको विषयः**

Manufacturing Authorization Letter माग गरिएकोमा Authorized Distributor को Authorization Letter पेश भएकोलाई मान्यता दिन मिल्ने वा नमिल्ने सम्वन्धमा राष्ट्रिय योजना आयोगको सचिवालयबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

बोलपत्र सम्वन्धी कागजातमा Maunfacturing Company को Authorization Letter पेश गर्ने व्यवस्था भएकोमा सम्वन्धित Manufacturing Company ले Authorization Letter जारी गर्ने अधिकार दिएको Authorized Distributor भएको अवस्थामा सो Distributor ले अन्य कम्पनीलाई Authorization Letter जारी गरेको अधिकार भएका मात्र प्रतिस्पर्धा बढाउने उद्देश्यले स्वीकार गर्न सकिने अन्यथा बोलपत्र कागजातमा उल्लेख भएकोमा Manufacturing Company बाटै जारी भएको MAL हुनु पर्ने स्पष्ट गरिएको ब्यहोरा लेखि पठाउने ।

**(निर्णय मिति : २०७२।०२।२४)**

**१२६. राय परामर्श माग भएको विषयः**

मालसामान आपूर्तिकर्ताबाट सप्लाई रकमको १.५ प्रतिशतले हुन आउने रकम अग्रिम आय कर बापत कट्टा गरी भुक्तानी गर्ने प्रक्रिया विदेशी सप्लायर्स वा कम्पनीको हकमा समेत लागु गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

आपूर्तिकर्तालाई भुक्तानी दिंदा अग्रिम आयकर कट्टी गर्ने सम्वन्धमा सम्झौतामा उल्लेख भएको शर्तलाई दृष्टिगत गर्नु पर्ने र यस सम्बन्धमा थप कुनै दुबिधा भए आन्तरिक राजश्व विभागबाट राय लिन उपयुक्त हुने ।

**(निर्णय मिति : २०७२।०२।२५)**

**१२७. राय परामर्श माग भएको विषयः**

मौजुदा सूची तयार गर्दा काठमाण्डौ जिल्लाको हकमा कोष तथा लेखा नियन्त्रण कार्यालयले जिल्लाका लागि एकमुष्ठ सूचिकृत गर्ने वा समन्वय कार्यालय वा प्रत्येक भुक्तानी केन्द्र (इकाई कार्यालय) बाट तयार गर्ने भन्ने बिषयमा दुबिधा उत्पन्न भएको भनी महालेखा नियन्त्रण कार्यालय, अनामनगरबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन अध्यादेश, २०७१) को दफा ६ मा थप भएको ६'क' अर्न्तगत उपदफा (१) तथा (३) मा उल्लेख भए बमोजिम मौजुदा सूची अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वा सो अर्न्तगतको इकाई कार्यालयको हुनेछ भन्ने व्यवस्था भएकोले सम्बन्धित कार्यालयलाई तोकिएको कार्यक्षेत्रगत जिम्मेवारी अनुसार हुने ।

**(निर्णय मिति : २०७२।०२।२६)**

**१२८. राय परामर्श माग भएको विषयः**

बोलपत्र जमानत पेश गर्दा बोलपत्रमा उपलब्ध गराइएको Format मा This Bank guarantee Shall not be withdrawn or released merely upon return of the original guarantee by the Bidder unless notified by you for the release of the guarantee भन्ने हरफहरू छुट भएकोले त्यस्तो बोलपत्रलाई मूल्याङ्कनमा समावेश गर्न सकिने वा नसकिने भन्ने सम्वन्धमा डिभिजन सडक कार्यालय, काठमाण्डौबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक निकायबाट जारी गरिएको Standard Bidding Documents मा उल्लेख गरिएका प्रावधान अनुसार भए वा नभएको एकिन गरि सार्वजनिक निकायबाट नै निर्णय लिन उपयुक्त हुने ।

**(निर्णय मिति : २०७२।०२।३२)**

**१२९. राय परामर्श माग भएको विषयः**

काठमाण्डौ जिल्लाका हकमा मौजुदा सूची अद्यावधिक गर्ने जिम्मेवारी कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रत्येक भूक्तानी केन्द्र (इकाई कार्यालयहरूको) को हो वा जिल्लाका लागि एउटै निकायबाट एकमुष्ठ सूचिकृत गर्ने व्यवस्था गर्नुपर्ने हो भन्ने सम्वन्धमा महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद (पहिलो संशोधन) अध्यादेश, २०७१ को दफा ६क. बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय वा सो को इकाई कार्यालयले मौजुदा सूची तयार गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेकाले देहाय अनुसार गर्न उपयुक्त हुने ।

१. मौजुदा सूचीमा दर्ता हुन चाहाने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकहरूले इकाई कार्यालय भएको जिल्लाको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयको समन्वय कार्यालय वा इकाई कार्यालयहरू मध्ये कुनै एक कार्यालयमा निवेदन दिन सक्ने गरी व्यवस्था मिलाउने ।
२. कोष तथा लेखा नियन्त्रक कार्यालयको समन्वय कार्यालय वा कुनै पनि इकाई कार्यालयले तयार गरेको मौजुदा सूची सो जिल्ला भरीका सबै कार्यालयहरूले प्रयोग गर्न सकिने ।
३. कोष तथा लेखा नियन्त्रक कार्यालयको समन्वय कार्यालय वा इकाई कार्यालयहरूले तयार गरेको मौजुदा सूचीको विवरण ती कार्यालयहरूको र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईटमा राख्ने व्यवस्था समेत मिलाउने ।

**(निर्णय मिति : २०७२।०२।३२)**

**१३०. राय परामर्श माग भएको विषयः**

नेपाल नागरिक उड्डयन प्राधिकरणको च.नं. १९०, मिति २०७२।०२।२६ को पत्रबाट सन् २०१२ मा Internet प्रविधिबाट Aeronautical Information आदान प्रदान गर्नका लागि आवश्यक पर्ने ATS Message Handling Systam (AMHS) प्रणाली रु. ९,२३,२५,५७२।- मा खरिद गरि सो मा प्रयोग हुने AIM को लागि पुनः ४ करोड ६० लाख खर्च गरेको उल्लेख छ । फेरी सोही Dynamic Part लाई रु. ५ करोड ५० लाख बराबर मुल्यमा सोझै खरिद प्रकृयाबाट खरिद गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (५) बमोजिम प्रोपराइटरी मालसामान सोझै खरिद गर्दा साविक सम्झौता मूल्यको ३० (तीस) प्रतिशत मूल्य सम्म खरिद गर्न सकिने प्रष्ट कानूनी व्यवस्था रहेकोमा सो को प्रतिकुल हुने गरी सम्झौता मूल्यको ३० (तीस) प्रतिशत भन्दा बढी सोझै खरिद गर्न नमिल्ने ।

(निर्णय मिति : २०७२।०२।३२)

**१३१. राय परामर्श माग भएको विषयः**

रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपालको च.नं. ९१, मिति २०७२।०३।०३ पत्रबाट O&M Survey गर्न परामर्शदाता नियुक्तिका लागि प्रस्ताव माग गरेकोमा २ वटा मात्र परामर्शदाताको प्रस्ताव प्राप्त भएकोले सोलाई मान्यता दिई मुल्याङ्कन गर्न मिल्ने/नमिल्ने सम्वन्धमा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (८) तथा नियम ७० को उपनियम (७) बमोजिम मौजुदा सूचीभन्दा बाहिरबाट पनि परामर्शदाता छनौट गर्न सकिने तथा पहिलो पटकको सूचनामा २ वटामात्र परामर्शदाताको प्रस्ताव प्राप्त भएमा नियम ७० बमोजिम तोकिएको प्रक्रिया अवलम्वन गर्नु पर्ने स्पष्ट कानूनी व्यवस्था रहेको हुँदा थप राय दिनरहनु नपर्ने ।

**(निर्णय मिति : २०७२।०३।०३)**

**१३२. राय परामर्श माग भएको विषयः**

गोरखापत्र संस्थान, काठमाण्डौको च.नं. २९०६, मिति २०७२।०२।३२ को पत्रबाट अन्तराष्ट्रिय बोलपत्र आव्हानको सूचना प्रकाशित गरेकोमा एक थान बोलपत्र प्राप्त भयो र उक्त बोलपत्र फाराममा बोलपत्रदाताले हस्ताक्षर गरी छाप लगाएको तर बोलपत्र फारमको तोकिएको स्थानमा मूल्य उल्लेख नगरी बोलपत्रदाताले आफ्नो Letter Pad मा मूल्य उल्लेख गरि बोलपत्र पेश गरेको हुँदा सोलाई मूल्याङ्कनमा समावेश गर्न सकिने वा नसकिने भन्ने सम्वन्धमा राय माग माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) बमोजिम बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पुर्ण भए वा नभएको तथा पूर्णताको परीक्षण गरी सोही ऐनको दफा २५ बमोजिम मूल्याङ्कन सम्वन्धित सार्वजनिक निकायले नै गर्नुपर्ने ।

**(निर्णय मिति : २०७२।०३।०६)**

**१३३. राय परामर्श माग भएको विषयः**

डिभिजन सडक कार्यालय, बुटबलको च.नं. १००१, मिति २०७२।०३।०१ को पत्रबाट बोलपत्र पेश गर्दा बोलपत्रदाताले संशोधन गरि कार्यालयबाट जारी गरेको BOQ नभरी पुरानै BOQ भरी BID गरेकोमा त्यस्तो बोलपत्रदाताको बोलपत्रलाई मूल्याङ्कनमा समावेश गर्न सकिने वा नसकिने भन्ने सम्वन्धमा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) बमोजिम बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदातालाई दिइएको निर्देशन अनुरुप बोलपत्र पुर्ण भए वा नभएको तथा पुर्णताको परीक्षण गरी सोही ऐनको दफा २५ बमोजिम मुल्याङ्कन सम्वन्धित सार्वजनिक निकायले नै गर्नुपर्ने ।

(निर्णय मिति : २०७२।०३।०६)

**१३४. राय परामर्श माग भएको विषयः**

श्री गडीमाई नगरपालिका कार्यालय जीतपुरको संख्या २०७१/७२, च.नं. १९९०, मिति २०७२।०२।३२ को पत्रबाट कार्य अनुभवमा २ वटा भवन सम्बन्धी कार्य गरेको हुनु पर्नेमा एउटा नेपाल सरकारको भवन बनाएको र अर्को ज्योति ग्रुपको काठमाण्डौको गोदाम तथा कार्यालय भवन बनाएको अनुभव पेश गरेकोमा प्रस्तुत बोलपत्रदाताको बोलपत्र ग्राह्य हुने वा नहुने सम्वन्धमा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

बोलपत्रदाताले पेश गरेको कार्य अनुभव सम्वन्धमा सो को आधिकारिकता पुष्टि गर्ने कागजात र प्रमाण भए नभएको एकिन गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) बमोजिम सम्वन्धित सार्वजनिक निकायबाट नै निर्णय हुनु पर्ने ।

(निर्णय मिति : २०७२।०३।०८)

**१३५. राय परामर्श माग भएको विषयः**

श्री जिल्ला विकास समितिको कार्यालय काभ्रेपलाञ्चोकको पत्र संख्या २०७१/७२, च.नं. १९३३, मिति २०७२।०३।०१ को पत्रबाट बोलपत्रदाता Bidding Document को ITB 21.1 बमोजिम Non Responsive देखिएको तर सो बोलपत्रदाताको कबोल अंक सबैभन्दा कम रहेकोले त्यस्तो बोलपत्रदातालाई मूल्याङ्कनमा समावेश गरी छनोट गर्न सकिने वा नसकिने भन्ने सम्वन्धमा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ बमोजिम रित नपुगेको बोलपत्र उपर कारबाही गरिने छैन भनी उल्लेख भएकोले रीत पुगे नपुगेको सम्वन्धमा सम्वन्धित सार्वजनिक निकायले नै यकिन गरि निर्णय गर्नु पर्ने ।

(निर्णय मिति : २०७२।०३।०८)

**१३६. राय परामर्श माग भएको विषयः**

World Bank को अनुदान सहयोगमा संचालित Irrigation Water Resource Management Project (WRMP) अर्न्तगत कर्णाली, गण्डकी, ववई नदीको वेसीन योजना तयार गर्ने सिलसिलामा परामर्शदाता छनोट सम्वन्धमा भएको खरिद प्रक्रिया रद्ध गरी पुनः नयाँ खरिद प्रक्रिया अगाडि बढाउने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०७१।१२।१० भएको निर्णय कार्यान्वयन गर्ने कि हाल World Bank बाट लेखि आए बमोजिम प्रस्तुत खरिद प्रकृयालाई नै अगाडी बढाउने सम्बन्धमा राय माग गरेको ।

**राय परामर्शको व्यहोराः**

नेपाल सरकार र दातृ पक्ष बीच भएको सम्झौता बमोजिम हुने खरिदमा सो पक्ष (दातृ निकाय) को खरिद निर्देशिका (Procurement Guidelines) अनुरुप खरिद हुने व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) मा स्पष्ट रहेको ।

**(निर्णय मिति : २०७२।०३।१५)**

**१३७. राय परामर्श माग भएको विषयः**

नेपाल नागरिक उड्डयन प्राधिकरणको पत्र संख्या २०७१/७२, च.नं. ५८२, मिति २०७२।०३।०६ को पत्रबाट सार्वजनिक खरिद (पहिलो संशोधन) अध्यादेश, २०७१ लागु हुन भन्दा पुर्व नै बोलपत्र दरभाउपत्र आव्हानको सूचना प्रकाशित भई सोही बमोजिम कार्य सम्पादन जमानत माग गरिएकोमा हाल ऐन संशोधन भई सो कार्यसम्पादन जमानतको व्यवस्थामा समेत संशोधन भएकाले यस्तो अवस्थामा कुन व्यवस्था लागु हुने भनी राय माग भएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद (पहिलो संशोधन) अध्यादेश, २०७१ मिति २०७१।१२।२९ देखी लागु भई कार्यान्वयनमा रहेको हुँदा संशोधन भएका बिषयका हकमा अध्यादेश बमोजिम नै हुने ।

**(निर्णय मिति : २०७२।०३।१५)**

**१३८. राय परामर्श माग भएको विषयः**

डिभिजन सडक कार्यालय, नुवाकोटको च.नं. ९९७, मिति २०७२।०३।०७ को पत्रबाट बोलपत्रको अन्तिम मितिमा सिलबन्दी बोलपत्र साथ छुट्टै साधारण खाममा Discount Letter Attach गरी पेश गरेकोमा त्यस्तो Discount Letter लाई मान्यता दिई मुल्याङ्कन गर्न मिल्ने/नमिल्ने सम्बन्धमा राय माग गरेको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८ को उपदफा (१) बमोजिम निर्धारित ढाँचामा पेश नगरेको तथा सार्वजनिक खरिद (पहिलो संशोधन) अध्यादेश, २०७१ को दफा १९ बमोजिम तोकिएको समयावधि नाघि प्राप्त भएको Discount Letter लाई रित पुर्वक प्राप्त भएको मान्न नसकिने कानूनी व्यवस्था रहेका हुँदा प्रस्तुत बिषयमा सम्वन्धमा सार्वजनिक निकायबाट नै परिक्षण गरि निर्णय गर्नु पर्ने ।

**(निर्णय मिति : २०७२।०३।१७)**

**१३९. राय परामर्श माग भएको विषयः**

सुनसरी मोरङ सिंचाई योजना, विराटनगरको च.नं. ६१, मिति २०७२।०३।१५ को पत्रबाट सुनसरी मोरङ सिंचाई योजना अर्न्तगत ठेक्का प्याकेजमा बोलपत्र साथ Manufacture Authorization Letter पेश नगरेको बोलपत्रलाई मान्यता दिई मूल्याङ्कन गर्न मिल्ने/नमिल्ने सम्वन्धमा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

प्रस्तुत बिषयमा बोलपत्र मूल्याङ्कन भई बोलपत्र स्विकृतिको आशय पत्रको सूचना समेत जारी भई सकेको अवस्था देखिदा सो निर्णय उचर चित्त नबुझ्ने पक्षले निवेदन दिन सक्ने छुट्टै प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा तोकिएको हुँदा त्यस्तो बिषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (२) बमोजिम यस कार्यालयबाट राय पठाउन उपयुक्त नहुने ।

**(निर्णय मिति : २०७२।०३।२३)**

**१४०. राय परामर्श माग भएको विषयः**

रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपालको च.नं. ९१, मिति २०७२।०३।०३ को पत्रबाट O&M Survey गर्न परामर्शदाता नियुक्तिका लागि मौजुदा सूची नभएकाले खुल्ला प्रस्ताव माग गरेकोमा २ वटा मात्र परामर्शदाताको प्रस्ताव प्राप्त भएकोले सोलाई मान्यता दिई मुल्याङ्कन गर्न मिल्ने/नमिल्ने सम्वन्धमा राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (८) मौजुदा सूचीमा नरहेका बोलपत्रदाता वा प्रस्तावदातालाई सार्वजनिक निकायबाट आव्हान भएको सिलबन्दी दरभाउपत्र, बोलपत्र वा प्रस्तावमा भाग लिन बञ्चित गर्न पाइने छैन भन्ने कानूनी व्यवस्था भएबाट खुल्ला रूपमा प्रस्ताव आव्हान गरी परामर्श सेवा खरिद गर्न सकिने ।

**(निर्णय मिति : २०७२।०३।२३)**

**१४१. राय परामर्श माग भएको विषयः**

परामर्शदाता कार्यालयले उपलब्ध गराएको आर्थिक प्रस्ताव फारममा आर्थिक प्रस्ताव पेश नगरी प्रस्तावदाता आफैले कार्यालयको ढाँचामा प्रस्ताव भरी पेश गरेकोलाई मूल्याङ्कनमा समावेश गर्न सकिने नसकिने सम्वन्धमा विशेष आर्थिक क्षेत्र विकास समिति, बबरमहल, काठमाण्डौबाट राय माग भई आएको ।

**राय परामर्शको व्यहोराः**

प्रस्तावदाता आफैले कार्यालयले तोकेको ढाँचामा पेश गरेको आर्थिक प्रस्तावलाई मूल्याङ्कनमा समावेश गर्न सकिने ।

(**निर्णय मिति : २०७२।०३।२५**)

भाग-४

# आ.व. २०७२/७३ का राय परामर्शहरू

## १. निर्माण कार्यसंग सम्बन्धित राय परामर्श

मितिः २०७२।०४।२६

**राय परामर्श माग गर्ने निकाय** : कलैया नगरपालिका कार्यालय, बारा ।

**राय माग गरिएको विषयः**

सबैभन्दा कम अंक कबोल गर्ने प्रस्तावदाताले आ.व. २०७०।७१ को कर चुक्ता प्रमाणपत्र पेश नगरेकोले सो फर्मसँग उक्त कागजात माग गरी स्वीकृत गर्न सकिने वा नसकिने ।

**राय तथा परामर्श :**

प्रस्तुत विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (क) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२) को खण्ड (घ) मा स्पष्ट कानुनी व्यवस्था रहेकोले द्विविधा हुनु पर्ने नदेखिएको ।

मितिः २०७२।०४।२६

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला प्रशासन कार्यालय, भोजपुर ।

**राय माग गरिएको विषयः**

सम्झौताको GCC को Clause 45 मा SCC मा उल्लेख भए अनुसार मूल्य समायोजन गर्न सकिने भनी उल्लेख भएको तर उक्त सम्झौताको सो Clause हरूमा मुल्य समायोजन गर्न मिल्ने/नमिल्ने उल्लेख नभएकाले मुल्य समायोजन गर्न मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्शः**

यसमा सम्झौता पत्र (Contract Documents) मा उल्लेख भएका प्रावधान अनुसार मुल्य समायोजन सम्बन्धमा सार्वजनिक निकायबाट नै निर्णय हुनु पर्ने ।

मितिः २०७२।०४।२६

**राय परामर्श माग गर्ने निकाय** : शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, काभ्रेपलान्चोक ।

**राय माग गरिएको विषयः**

कुनै वोलपत्रदाताले कार्यालयबाट उपलब्ध गराएको र कार्यालयको छाप र दस्तखत भएको बोलपत्र कागजातको कार्य परिकार्य सूचिमा दररेट नभरेको र कागजातमा कार्यालयको वेभसाइटबाट डाउनलोड गरेको भरी पेश गरेकोले सो बोलपत्रलाई मान्यता दिन सकिने वा नसकिने ।

**राय तथा परामर्शः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० को खण्ड (ग) र (घ) मा स्पष्ट कानुनी व्यवस्था भएकोले यस सम्बन्धमा द्विविधा हुनु पर्ने नदेखिएको ।

मिति : २०७२।०५।१७

**राय परामर्श माग गर्ने निकाय** : श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

**राय माग गरिएको विषयः**

निर्वाचन कार्यालय मोरङ्गको कार्यालय भवन निर्माणको भेरिएसन आदेश मन्त्रिपरिषद्बाट स्वीकृत गर्ने प्रयोजनार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रस्ताव पठाईएकोमा उक्त कार्यालयबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको राय परामर्श समावेश भई आएमा निर्णय प्रकृयामा लैजान आवश्यक हुने ।

**राय तथा परामर्श :**

"सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (१) वमोजिम खरिद सम्झौता गरि कार्य शुरु भई सकेपछि प्राविधिक कारणले परिमाँणमा थपघट गर्नु परि १५ प्रतिशत भन्दा बढि भेरिएसनको आदेश गर्दा सार्वजनिक खरिद नियमवालीको नियम ११८ को उपनियम (२) को प्रावधान बमोजिम सार्वजनिक निकायको हकमा सार्वजकि खरिद ऐन २०६३ को दफा २(ख) को

उपखण्ड १ वमोजिम  नेपाल सरकार समक्ष पेश गर्ने भन्ने स्पस्ट व्यवस्था भएकोले सोही बमोजिम मन्त्रिपरिषदमा पेश गरि निर्णय गर्नु पर्ने" ।

**राय परामर्श माग गर्ने निकाय** : शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय चितवन ।

**राय माग गरिएको विषय:**

ई-विडिङ्गको मार्फतवाट बोलपत्र दर्ता गरेको बोलपत्रदाताले वोलपत्र खरिदका लागि राजश्व दाखिला नभएको तर कार्यालयको नाममा टि.टि गरेको भौचर पेश गरेको र बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म उक्त रकम कार्यालयमा दाखिला नभएकोले उक्त फर्मलाई मूल्याङ्कनको प्रक्रियामा समावेश गर्ने या नगर्ने द्विविधा परेको ।

**राय तथा परामर्श :**

बोलपत्र दाखिला गर्ने निर्धारित समय सिमाभित्र तोकिए वमोजिम राजश्व प्राप्त नभएको बोलपत्र फर्मलाई मूल्याङ्कनमा समावेश गर्न नसकिने ।

मिति: २०७२।०६।१२

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला विकास समितिको कार्यालय, रोल्पा ।

**राय माग गरिएको विषय:**

चपिघाट खोला मोटरेवल पुल निर्माण कार्यको लागि पर्न आएका e-submission मार्फत वोलपत्रको power of Attorney मा मिति तथा लिने दिनेको हस्ताक्षर नभएको तर Hard copy मा लिने दिनेको हस्ताक्षर समेत भएको power of Attorney प्राप्त भएकोले उक्त बोलपत्रलाई मूल्याङ्कनमा समावेश गर्ने या नगर्ने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(२) को खण्ड (ख) र उपदफा ३ वमोजिम तथा दफा २४ वमोजिम बोलपत्रउपर कारवाही नहुने वाहेक ऐनको दफा २५ बमोजिम बोलपत्र मूल्याङ्कनको लागि समावेश गर्नु पर्ने ।

मिति: २०७२।०६।१२

**राय परामर्श माग गर्ने निकाय** : सुदुर पश्चिमाञ्चल विश्वविद्यालय ।

**राय माग गरिएको विषय:**

आ. व. ०६९/७० मा भवन निर्माणको लागि विस्तृत ईन्जिनियरिङ्ग डिजाईन गरेको फर्मवाट monitoring and construction supervision सम्वन्धी कार्यका लागि आ.व ०७१/७२ मा भएको बोलपत्रमा संक्षिप्त सूचिमा परेकाले उक्त फर्म सो प्रकृयामा सहभागी हुन मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श**

सार्वजनिक खरिद  नियमवाली २०६४ को नियम ७३ (झ) को व्यवस्थालाई दृष्टिगत गरि निर्क्योल गर्नु पर्ने ।

मिति: २०७२।०६।१५

**राय परामर्श माग गर्ने निकाय** : शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय ओखलढुङ्गा ।

**राय माग गरिएको विषय:**

ओखलढुङ्गा जिल्लाका विभिन्न स्वास्थ्य चौकीहरूको भवनहरू निर्माणको बोलपत्र मुल्याङ्कनको क्रममा केही द्विविधा परेको भनि देहायको व्यहोराको वुँदा नं नं १, २ र ३ को सन्दर्भमा राय परामर्श माग भएको ।

१. कार्यालयवाट जारी गरिएको Bidding Document मा Applicable, Price Adjustment Table लाई Mandatory भनि उल्लेख गरिएकोमा उक्त Condition पुरा नगर्ने वोलपत्रदातालाई मूल्याङ्कनमा समावेश गर्ने वा नगर्ने ।

२. कार्यालयवाट जारी गरिएको Bidding Document मा  construction schedule shall be submitted भनि उल्लेख गरिएकोमा  E- bid मा Work Schedule पेश नभएको उक्त वोलपत्रदातालाई मूल्याङ्कनमा समावेश गर्ने वा नगर्ने ।

३. वोलपत्रदाताले कार्य परिकार्य सूचिको अन्तिम पानामा  We are offering ten percent discount at Quoated कार्य परिकार्य  सूचि rate excluding VAT amount लेखेको साथै  We offer fourteen percent discount to Quoated rate work of our कार्य परिकार्य सूचि rate of above mention rate भनि छुट्टै Discount Letter समेत पेश गरेकोमा मूल्याङ्कनमा द्विविधा भई राय परामर्श माग गरेको ।

**राय तथा परामर्श :**

वोलपत्रको परिक्षण गर्दा बुँदा नं १, २ र ३ को हकमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा २ (ख) वमोजिम भए नभएको सम्वन्धित निकायवाटै निर्क्योल हुनु पर्ने ।

मितिः २०७२।०६।१९

**राय परामर्श माग गर्ने निकाय** : शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय ईलाम ।

**राय माग गरिएको विषयः**

सार्वजनिक खरिद ऐन, २०६३ को प्रथम संशोधनले व्यवस्था गरे वमोजिमको समय २४ घण्टा अगावै पेश भएको वोलपत्र संशोधन वा फिर्ताको निवेदन सम्वन्धमा कुन व्यवस्था आकर्षित हुने ?

**राय तथा परामर्श :**

- सार्वजनिक खरिद अध्यादेश, २०७१ मिति २०७२।०३।२१ बाट निश्कृय भई सकेको अवस्थामा प्रचलित कानूनमा रहेका प्रावधानहरू नै मान्य हुने ।
- मिति २०७२।०३।२१ गते खारेज भईसकेको सार्वजनिक खरिद अध्यादेश, २०७१ का प्रावधान मिति २०७२।०३।३१ गतेको वोलपत्रमा राख्नु नै सारभूतरूपमा कानून विपरित हुने ।

मितिः २०७२।०६।१९

**राय परामर्श माग गर्ने निकाय** : काठमाडौं महानगरपालिका कार्यालय ।

**राय माग गरिएको विषयः**

Key Experience मा Asphalt concrete work 400 cum पेश गर्नु पर्नेमा Premix को कागजात पेश गरेको बोलपत्रलाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श :**

माग गरि आएको राय परामर्शको विषय कानूनी द्विविधासंग सम्वन्धीत नभई प्राविधिक विषय देखिएकाले यसमा राय परामर्श दिईरहनु नपर्ने ।

मितिः २०७२।०७।२२

**राय परामर्श माग गर्ने निकाय** : हुलाकी राजमार्ग आयोजना, मिनभवन, काठमाण्डौ ।

**राय माग गरिएको विषयः**

हुलाकी राजमार्ग आयोजना निर्देशनालयवाट खोलिएको HRP/३३७२२४४/०७२/७३/UR-००९ को बोलपत्रमा निर्माण व्यवसायी Pappu Mrit Sanjiwani संयुक्त उपक्रमवाट E-Bid को माध्यमवाट वोलपत्र दर्ता गर्दा एकै दिनमा दुईवटा डिस्काउन्ट लेटर समावेश भएकोमा कुन डिस्काउन्ट लेटरलाई मूल्याङ्कनमा समावेश गर्ने भनि राय परामर्श माग भएको ।

**राय तथा परामर्श :**

बोलपत्रदाताले बोलपत्रसाथ पेश गरेको दुईवटा डिस्काउन्ट लेटर मध्येमा जुन वढी छ त्यसैलाई मान्यता दिई बोलपत्र मूल्याङ्कन गर्न उपयूक्त हुने ।

मितिः २०७२।०७।२३

**राय परामर्श माग गर्ने निकाय** : चन्द्रपुर नगरपालीका कार्यालय, चन्द्रनिगाहपुर, रौतहट

**राय माग गरिएको विषयः**

ठेक्का नं ४/०७१/७२ मा ppmo वाट जारी गरेको standard bid document को section 2.4.2 specific experience को a) Contracts of similar size and nature को joint venture section अर्न्तगत each partner मा not applicable हुनु पर्नेमा कार्यालयले जारी गरेको Tender Document df At least one contracts with in Ten Years रहन गएकोले एउटा मात्र योग्यता पुगेको Tender Firm लाई मूल्याङ्कन गर्न सकिने वा नसकिने ?

**राय तथा परामर्श :**

सार्वजनिक खरिद अनुगमन कार्यालयवाट जारी गरिएको SBD को Section २.४.२ मा भएको व्यवस्था भन्दा तात्वीक फरक पर्ने गरि Contracts of Similar size & Nature मा ब्यवस्था गरि वोलपत्र आब्हान गरिएको सर्न्दभमा यस कार्यालयले राय दिई रहनु नपर्ने ।

मिति: २०७२।०७।२३

**राय परामर्श माग गर्ने निकाय** : मध्यमाञ्चल सिचाई विकास डिभिजन नं ६, बसुन्धरा, काठमाण्डौ ।

**राय माग गरिएको विषय:**

लामाचौर सिंचाई सव प्रोजेक्ट जितपुरफेदी, काठमाण्डौको लागी वोलपत्र आव्हान गरिएकोमा नियमानुसार पर्न आएका ४ थान वोलपत्रहरू मध्ये ३ वटा फर्म प्राविधिक मूल्याङ्कनमा असफल भएका र प्रस्तावित बोलपत्रमध्ये एउटा मात्र वोलपत्रलाई आर्थिक प्रस्ताव खोल्दा लागत अनुमान भन्दा १.३८ प्रतिशत कम बोलकवोल गर्ने वोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने ?

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६७(१) (ख) वमोजिम हुने खरिदको विषयमा दातृ पक्षको निर्देशिका वमोजिम हुने ।

मिति: २०७२।०७।२४

**राय परामर्श माग गर्ने निकाय** : मध्यमाञ्चल क्षेत्रिय सडक निर्देशनालय, डिभिजन सडक कार्यालय, काठमाडौ १ ।

**राय माग गरिएको विषय:**

Contract Document को Specific experience मा उल्लेख गरिए वमोजिमको एउटा मात्र पार्टनरको Experience ले मात्र नपुगेको सम्वन्धमा मूल्याङ्कन गर्न सकिने नसकिने ?

**राय तथा परामर्श :**

सार्वजनिक खरिद अनुगमन कार्यालयले मिति २०१४ मा जारी गरेको निर्माण खरिद सम्वन्धी National Competitive Bidding (NCB) को Section iii Evaluation & Qualification Criteria को बुँदा नं 2.4.2 Specific construction Experience को सर्न्दभमा संयुक्त उपक्रमको हकमा संयुक्त उपक्रमको रूपमा बोलपत्रदाता सहभागी भएको छ भने, कुनै एकको अनुभव भए पुग्ने प्रष्ट ब्यवस्था भएकोले यस सम्वन्धमा सार्वजनिक निकायले बोलपत्र कागजात तयार गर्दा उक्त प्रावधान विपरित हुने गरि सवैको अनुभव चाहिने भनि प्रावधान राख्न नसकिने र यसरी गरिएको परिवर्तन सारभूत रूपमा फरक भएको समेत मानिने ।

मिति: २०७२।०७।२४

**राय परामर्श माग गर्ने निकाय** : श्री भवन प्रविधि अनुसन्धान तथा तालीम केन्द्र हेटौडा, मकवानपुर ।

**राय माग गरिएको विषय:**

वोलपत्रमा सहभागी वोलपत्रदाताले टर्न ओभरमा निजि संघ संस्थासंग सम्पन्न गरेको कार्यको विवरण पेश गरेमा सो कागजातलाई मान्यता दिई मुल्याङ्कन गर्न मिल्ने वा नमिल्ने ?

**राय तथा परामर्श :**

वोलपत्रदाताले पेश गरेको कार्य अनुभव सम्वन्धमा सो को आधिकारिकता पुष्टी गर्ने कागजात र प्रमाण भए नभएको एकिन गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) वमोजिम सार्वजनिक निकायवाटै निर्णय हुनु पर्ने ।

मिति: २०७२।०८।०८

**राय परामर्श माग गर्ने निकाय** : पूर्व क्षेत्रिय प्रहरी कार्यालय, रानी, बिराटनगर ।

**राय माग गरिएको विषय:**

यस कार्यालयको मिति २०७२।०६।०८ गते गोरखापत्रमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार बोलपत्र खरिद दस्तुर राष्ट्रिय बाणिज्य बैंङ्क शाखा कार्यालय, ठमेल काठमाण्डौ मार्फत राजश्व खातामा जम्मा गरेता पनि हाल सम्म उक्त राजश्व खाता नम्वरमा राजश्व रकम दाखिला नभएकोले सो बोलपत्रलाई मान्यता दिन मिल्ने वा नमिल्ने र बोलपत्र दाताहरूले सम्वन्धित प्रहरी कार्यालयकै नाममा जारी भएको विड वण्ड पेश गर्नु पर्नेमा प्रहरी प्रधान कार्यालय आवास तथा भौतिक परियोजना महाशाखाको नाममा जारी भएको विड वण्ड मान्न सकिने वा नसकिने ।

**राय तथा परामर्श :**

१. वोलपत्र खरिद बापतको राजश्व सम्वन्धित राजश्व खातामा जम्मा भए नभएको सम्वन्धीत कार्यालयवाटै निक्यौंल गरि निर्णय गर्नु पर्ने ।

२. बोलपत्रदाताले बोलपत्र साथ पेश गर्नुपर्ने बोलपत्र जमानत सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा २ (ग) बमोजिम हुनु पर्ने ।

मितिः २०७२।८।१०

**राय परामर्श माग गर्ने निकाय** : सिक्टा सिंचाई आयोजना, नेपालगञ्ज, बाँके ।

**राय माग गरिएको विषयः**

मिति २०७२।०५।०९ र २४ गतेको द काठमाण्डौ पोष्टको सूचना बमोजिम त्यस आयोजनाको डुण्डुवा शाखा नहरको निर्माण कार्यका लागी अन्तराष्ट्रिय स्तरको निर्माण ब्यवसायी मार्फत निर्माण गराउने उद्देश्यले पुर्व योग्यता सम्वन्धी आब्हान www.bolpatra.gov.np को माध्यमवाट गरिएकोमा अपलोड गरिएका बोलपत्र फारामहरू खोल्ने क्रममा गलत लिंकमा क्लिक हुन गई दाखिला हुन गएका पुर्व योग्यता सम्वन्धी प्रस्तावहरू डाउनलोड गरि मुचुल्का गर्न छुट हुन गएकोले उक्त प्रस्तावहरूको मुल्याङ्कन प्रक्रिया अगाडी बढाउन समस्या भएको ।

**राय तथा परामर्श :**

पुर्व योग्यता सम्वन्धी प्रस्ताव खोल्दा कानून बमोजिम अपनाउनु पर्ने प्रक्रिया अवलम्वन गर्नु पर्ने र उक्त प्रस्ताव निर्धारित समयभित्रै पेश हुन आए नआएको एकिन गरी निर्धारित समयभित्रै पेश भएका छुट प्रस्तावहरू पुनः डाउनलोड गरि मुल्याङ्कन प्रक्रियामा समावेश गर्न उपयुक्त हुने ।

मितिः २०७२।०८।१०

**राय परामर्श माग गर्ने निकाय** : शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, मोरङ्ग ।

**राय माग गरिएको विषयः**

मिति २०७२/०३/३० को बोलपत्र आब्हानको सूचना नं. ०३/०७१/७२ अनुसार ठेक्का नं. DUDBC/Morang /Works/NCB/09/071/72 Construction of Primary Helth Care Center Building at Mangalbare, Urlabari -6 Morang को बोलपत्र मुल्याङ्कनको क्रममा (१) Power of Attorney दिएको तर Power of Attorney प्राप्त गर्ने ब्यक्तिको दस्तखत नभएको, (२) ५ बर्षको अनुभव माग गरेकोमा अनुभव पेश गरेको तर लेखापरीक्षण नभएको र कर चुक्ता गरेको प्रमाणपत्र पेश गरेको (३) Contract of similar size and Nature कार्य अनुभवको योग्यता माग गरिएकोमा हाल ८० प्रतिशत कार्य सम्पन्न भएको भन्ने राष्ट्रपतिको कार्यालय, काठमाण्डौले दिएको पत्र पेश गरेकोमा मूल्याङ्कनमा समावेश गर्न सकिने वा नसकिने ।

**राय तथा परामर्श** :

१) सार्वजनिक खरिद ऐन, २०६३ को दफा १८ बमोजिम हुनुपर्ने ।

२) बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिए बमोजिम हुनुपर्ने ।

३) सम्वन्धित कार्यालयवाटै एकिन गर्नुपर्ने ।

मितिः २०७२।०८।१०

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।

**राय माग गरिएको विषयः**

भवन निर्माण कार्यको लागि The Kathmandu Post मा सूचना प्रकाशन गरि बोलपत्र आब्हान गरिएकोमा पेश भएका बोलपत्रहरूमध्ये एउटा बोलपत्र दुईवटा फर्म संलग्न भएको जे.भी. को तर्फवाट बोलपत्र फाराम खरिद गरि जे.भी. कै तर्फबाट दर्ता गरेको तर बोलपत्रसाथ पेश गरेको बोलपत्र जमानत जे.भी.मा संलग्न फर्म मध्ये एउटा मात्र फर्मको नाममा जारी गरिएको अवस्थामा उक्त बोलपत्रलाई  मूल्याङ्कनमा समावेश गर्न सकिने वा नसकिने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ को उपनियम (७) मा स्पष्ट ब्यवस्था भएकोले थप राय दिईरहनु नपर्ने ।

मिति: २०७२।०८।१०

**राय परामर्श माग गर्ने निकाय** : मध्यमाञ्चल क्षेत्रिय सडक निर्देशनालय, डिभिजन सडक कार्यालय, काठमाडौ १ ।

**राय माग गरिएको विषय:**

ठेक्का नं DROMKTM/३३७१४९४/०७१/७२/०९८ मा Contract Document को Specific experience मा उल्लेख गरिए वमोजिमको एउटा मात्र पार्टनरको Experience ले मात्र नपुगेको सम्वन्धमा मूल्याङ्कन गर्न सकिने नसकिने ।

**राय तथा परामर्श :**

वोलपत्र सम्बन्धी कागजातमा स्पस्ट व्यवस्था भएकाले यस सम्वन्धमा थप राय दिई रहनु नपर्ने ।

मिति: २०७२।०९।२०

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौ ।

**राय माग गरिएको विषय :**

मिति २०७२/०५/२८ मा प्रकाशित बोलपत्र आब्हानको सूचना अनुरुप जे.भि मा प्राप्त ३ वटा बोलपत्र फर्म मध्ये २ वटाले घोषणपत्र पेश गरेको र एउटा फर्मले घोषणपत्र पेश नगरेकोमा मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श :**

Power of Attorney पाएको फर्मले Letter of Bid मा हस्ताक्षर गरेको भए मूल्याङ्कनको लागी ग्राहय हुने ।

मिति: २०७२।०९।२०

**राय परामर्श माग गर्ने निकाय** : श्री जिल्ला प्राविधिक कार्यालय, झापा ।

**राय माग गरिएको विषय:**

शिलवन्दी बोलपत्रको सर्न्दभमा वोलपत्रदाताले अन्तिम बोलपत्र पेश गर्ने समय २०७२।०८।०२ गते प्राविधिक कारणले रा.बा. वैङ्ग थापाथली काठमाडौको Ref 521, Bid Security No 50\10 भएको फोटोकपी तथा प्रतिवद्धता सहित मिति २०७२।०७।०३ गते सक्कलै पेश गरेकोमा उक्त जमानत पत्रलाई मान्यता दिन मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र बोलपत्र सम्वन्धी कागजातको बोलपत्रदतालाई निर्देशन १९ मा प्रष्ट व्यबस्था भएकोले थप राय दिईरहनु नपर्ने ।

मिति: २०७२।०९।२०

**राय परामर्श माग गर्ने निकाय** : श्री जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय नं ७ महेन्द्रनगर, काठमाडौं ।

**राय माग गरिएको विषय :**

बोलपत्रदाताले आफुले पेश गरेको वि.व.क्यू मा घटी या बढी केही उल्लेख नगरी १५ प्रशितले दररेट संशोधन गरी पाउन भनि निवेदन दिएकोमा घटी वढी के मान्ने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ ले अंगिकार गरेको मितव्ययिता र मूल्य सार्थकताको सिद्धान्त बमोजिम बोलपत्र शंसोधनको क्रममा घटी या बढी उल्लेख नगरी प्रतिशत मात्र लेखी बैधानिक रूपमा पेश भएको बोलपत्र प्रस्ताव मूल्याङ्कन प्रयोजनको लागी घटी कायम हुने गरी मूल्याङ्कन गर्न उपयूक्त हुने ।

मिति: २०७२।१०।०३

**राय परामर्श माग गर्ने निकाय** : श्री भवन निर्माण संभार डिभिजन कार्यालय अनामनगर, काठमाडौं ।

**राय माग गरिएको विषय:**

महालेखा परिक्षकको नयाँ भवन निर्माणको लागी भएको पूर्व योग्यता निर्धारण गर्न आव्हान गरिएको सूचना वमोजिम पर्न आएका प्रस्तावहरूको मूल्याङ्कन गर्ने क्रममा एकल विदेशी कम्पनीवाट समेत प्रस्ताव पेश हुन आएकोमा द्विविधा परेको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३८ र ४० मा प्रष्ट व्यवस्था भएकोले सोही प्रावधान वमोजिम गर्नुपर्ने ।

मितिः २०७२।१०।०३

**राय परामर्श माग गर्ने निकाय** : श्री घरेलु तथा साना उधोग कार्यालय, मोरङ्ग ।

**राय माग गरिएको विषयः**

म्याद थप गरिएकोमा थप गरिएको समयावधिको कामको पनि मूल्य समायोजन पाउनु पर्ने भनि निर्माण व्यबसायीले माग गरेकोमा मूल्य समायोजन दिन मिल्ने नमिल्ने ।

**राय तथा परामर्श :**

थप म्यादको समयावधिको लागी कामको मूल्य समायोजन निर्माण व्यवसायीलाई नदिने भनि सम्वन्धीत कार्यालयवाटै निर्णय भईसकेको अवस्थामा यस कार्यालयवाट थप राय दिईरहनु नपर्ने ।

मिति :२०७२।१०।२८

**राय परामर्श माग गर्ने निकाय** : श्री का. उ. खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगर ।

**राय माग गरिएको विषयः**

बोलपत्रलाई निर्देशन तथा बोलपत्र तथ्याङ्कको बुँदा १४.५, बुँदा १३.८, तथा बोलपत्र सम्बन्धी कागजात सेक्सन ४ मा मूल्य समायोजन सम्बन्धी Indices तथा weightings समेत भर्न लगाई मूल्य समायाजन हुने किसिमको भाषा र अर्को तर्फ PCC को वुँदा १३.८ मा "The Contract Prices shall be fixed during Contract Execution" भनि मूल्य समायोजन नगरिने भाषा भएकाले बोलपत्रदाताले मूल्य समायोजन सम्बन्धी व्यवस्था के हो ? प्रष्टता खोजेको सन्दर्भमा ठेक्का सम्झौता गर्दा कुन प्रावधान राख्ने भन्ने द्धिविधा उत्पन्न भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६७ (१) (ख) वमोजिम हुने खरिदको विषयमा दातृ पक्षको निर्देशिका बमोजिम हुने ।

मिति :२०७२।१०।२९

**राय परामर्श माग गर्ने निकाय** : श्री सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

**राय माग गरिएको विषय :**

यस मन्त्रालय अन्तर्गत एशियाली विकास बैंकको अनुदान सहयोगमा संचालित सासेक सूचना राजमार्ग अन्तर्गत नियुक्त भएका निर्माण व्यवसायी ICRAFT Co.LTD ले गर्न निर्माण तथा सप्लाइ सम्बन्धी कामको सुपरभिजन गर्न नियुक्त परामर्शदाता TCIL/TMS को भेरिएसन हडताल, चक्काजाम, महाभुकम्प लगायतका विभिन्न कारणले गर्दा १५ प्रतिशत भन्दा बढी भएको र ए.डि.वि.को स्वीकृती तथा सहमतिमा सो भेरिएसन मन्त्रालयबाट स्वीकृत भएको अवस्था रहेको र यसरी मन्त्रालयबाट स्वीकृत भएको १५ प्रतिशत भन्दा बढीको भेरिएसनलाइ म.ले.प.बाट वेरुज औल्याइएको छ। सो परामर्शदाताको पुनः भेरिएसन गर्नु पर्ने भएकोले पहिले कै प्रकृया अवलम्वन गर्न द्धिविधा हुन गएकोले सार्वजनिक खरिद ऐनको दफा ६७ कस्तो अवस्थामा प्रयोग गर्ने तथा सो दफा अवलम्वन गरेको अवस्थामा १५ प्रतिशत भन्दा बढीको भेरिएसन स्वीकृतीको निम्ति नेपाल सरकार समक्ष पेश गर्नुपर्ने नपर्ने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ (१) (ख) ले गरेको व्यवस्थाको बिषयमा कुनै राय परामर्श दिन नपर्ने ।

मिति :२०७२।१०।२९

**राय परामर्श माग गर्ने निकाय** : श्री नेपाली सेना, जगदल गण, छाउनी, काठमाडौं ।

**राय माग गरिएको विषय :**

मिति २०७२।०९।२८ को शिलवन्दी दरभाउपत्र आव्हान सूचना बमोजिम दरभाउपत्रदाताहरूले अनिवार्य रूपमा संलग्न हुनुपर्ने कागजातहरू मध्ये फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्र प्रतिलिपी पेश गर्नुपर्नेमा नगरेको अवस्थामा वैधानिक हुने वा रित नपुगेको भनि बदर गर्न मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र दफा २५ तथा तहा कार्यालयवाट जारी गरिएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित प्रावधान अनुरुप गर्नु पर्ने ।

मितिः २०७२।११।०६

**राय परामर्श माग गर्ने निकाय** : श्री स्था.पू.वि. तथा कृषि सडक विभाग, सस्पेन्सन वृज डिभिजन, श्रीमहल, पुल्चोक ।

**राय माग गरिएको विषय :**

१) सम्झौता गर्न आउन पत्र लेखिसकेपछि सम्झौता गर्न नसकिने व्यहोराको निवेदन पेश गर्न निर्माण व्यवसायीलाई धरौटि जफत गर्ने सम्बन्धमा ऐनमा व्यवस्था भएको तर थप कारवाही सम्बन्धमा प्रस्तावदाताको लागि मात्र भनिएको हो वा निर्माण व्यवसायीको हकमा पनि लागु हुने हो द्धिविधा भएको ।

२) उक्त निर्माण व्यवसायीको धरौटि जफत मात्र गरे हुने हो वा निजलाई कालासूचिमा राख्न सिफारीस गर्नु पर्ने वा नपर्ने सम्बन्धमा ।

**राय तथा परामर्श :**

प्रस्तुत विषयमा जम्मा वोलपत्रदाताहरूको संख्या र दोस्रो न्यूनतम वोलकवोल गर्ने वोलपत्रदाताको वोलकवोल रकम सम्वन्धी विवरण खुलाई पठाउन लेखी पठाउने ।

मितिः २०७२।११।१३

**राय परामर्श माग गर्ने निकाय** : श्री ललितपुर उप-महानगरपालिका कार्यालय, पुल्चोक, ललितपुर ।

**राय माग गरिएको विषय :**

शिलबन्दी बोलपत्र आव्हान गरि पेश हुन आएका ५ थान बोलपत्रहरू (१) शिवालय विल्डर्स प्रा.लि., पोखरी चौर ८, काभ्रेको कबोल अंक भ्याट समेत ६,१७,९७३।३० , (२) न्यू वाराही निर्माण सेवा, थापागाउँ, ललितपरको कबोल अंक भ्याट समेत रु.१३,४३,०६८।३८, (३) ॐ साही निर्माण सेवा, बुंगमती ८, ललितपरको कबोल अंक भ्याट समेत रु.१३,४६,२६३।९६, (४) कान्तिपुर भ्याली कन्स्ट्रक्सन, इमाडोल ३, ललितपरको कबोल अंक भ्याट समेत रु.१३,४०,४०७।४० र (५) एन्जल कन्स्ट्रक्सन, च्यासल, ललितपरको कबोल अंक भ्याट समेत रु.१५,०३०८९।५७ मध्ये शिवालय बिल्डर्स प्रा.लि.को बोलपत्र फराम e-Bidding मार्फत पेश भएको र निज प्रा.लि.ले यस कार्यालयको सूचनाको बुँदा नं. १ अनुसार बोलपत्र फाराम वापतको रकम आन्तरिक श्रोत खातामा जम्मा गरि बोलपत्र पेश गर्नु पर्नेमा धरौटी खातामा बोलपत्र फाराम वापतको रकम जम्मा गरि पेश गरेको हुदा उक्त बोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श :**

प्रस्तुत विषयमा उक्त वोलपत्रदातावाट जम्मा हुन आएको रकम धरौटी खातावाट आन्तरिक श्रोत खातामा जम्मा गरि उक्त वोलपत्रलाई मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मितिः २०७२।११।१७

**राय परामर्श माग गर्ने निकाय** : श्री जिल्ला प्रहरी कार्यालय, मुस्ताङ ।

**राय माग गरिएको विषय :**

e-Submission मा दुई वटा टेण्डर Submit भएकोमा Dragon Construction Pvt.Ltd ले पेश गरेको BOQ with rate amount and total amount नाममा दुई वटा File upload देखिएको र Download गर्दा एउटा File को 0 byte अर्को File को 4.12Mb देखिएको तर खोल्दा File नखुली The File is damaged and could not be repaired देखा परेको अवस्थामा उक्त फर्मले हार्डकपी पेश गरेको हुँदा मूल्याङ्कन प्रकृयामा समावेश गर्ने वा नगर्ने विषयमा द्धिविधा उत्पन्न भएको ।

**राय तथा परामर्श :**

वोलपत्र सम्वन्धि कागजात upload गर्ने जिम्मेवारी सम्वन्धित वोलपत्रदाताको नै भएकोले वोलपत्रदाताले ई विडिङ्ग मार्फत पेश गरेको फाईल अपलोड गर्दानै कोरप्टेड भएको देखिन आएकोले अपूर्ण कागजात पेश भएको वोलपत्रलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(२) को (ख) र ऐ.ऐनको दफा २४ वमोजिम मूल्याङ्कन प्रकृयामा समावेश गर्न नसकिने ।

मितिः २०७२।११।१७

**राय परामर्श माग गर्ने निकाय** : श्री आन्तरिक राजश्व कार्यालय, क्षेत्र नं १, काठमाडौं ।

**राय माग गरिएको विषय :**

यस कार्यालयमा पर्न आएका बोलपत्रमध्ये एल आई के इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. को कार्य अनुभवका सन्दर्भमा जिल्ला प्रहरी कार्यालय रसुवाबाट प्राप्त हुन आएको पत्रमा निर्माण कार्य पहिला नै सम्पन्न भएको (२०७१।१२।२२ गते कार्य सम्पन्न

भएको) तर २०७२ साल बैशाख १२ गते गएको भूकम्पको कारण क्षती पुगेकोले सोही भवन मर्मतको लागि प्रहरी प्रधान कार्यालयबाट खटिई आउनु भएका प्राविधिकबाट भएको लागत ईष्टिमेट अनुसार १५८ व.मि. (Fiber Working Works) फाइवर वारकिङ र ग्राउटीङ गर्ने कार्य समेत अमानतमा उक्त प्रा.लि. वाट नै सम्पन्न भएको भन्ने व्यहोराको जानकारी प्राप्त भएको हुदा उक्त पत्रमा उल्लेखित कार्य अनुभवलाई वोलपत्र सम्बन्धी कागजातमा माथी उल्लेखित अनुभवको योग्यता पुरा गरेको मानी निज वोलपत्रदाताको वोलपत्रलाई सारभूतरूपमा प्रभावग्राही मानी स्वीकृत गर्न मिल्ने, नमिल्ने ।

**राय तथा परामर्श :**

तहावाट जारी गरिएको वोलपत्र कागजातको दफा २.४.२ को (ब) मा उल्लेखित प्रावधान अनुरुप At least (1) contracts of Similar size and Nature भित्र अमानतमा सम्पन्न गरेको कार्य अनुभवलाई गणना गर्न नमिल्ने ।

मिति: २०७२।११।१८

**राय परामर्श माग गर्ने निकाय** : श्री मध्यमाञ्चल क्षेत्रिय सडक निर्देशनालय, डिभिजन सडक कार्यालय, नुवाकोट ।

**राय माग गरिएको विषय :**

Power of Attorney को मिति JV Agreement भन्दा १ महिना पछाडी रहेको हुँदा पेश भएको JV Agreement लाई योग्य मानि Bid Evaluation Process अगाडि बढाउन सकिने/नसकिने ?

**राय तथा परामर्श :**

तहाँ कार्यालयको मिति २०७२।०९।०७ को सूचना बमोजिमको ठेक्का नं ५१/०७२/७३ मा प्राप्त वोलपत्र मध्ये वर्ल्डवाईड/जलुकेनि जे.भि. ले वोलपत्र सम्वन्धी कागजात अपलोड गर्ने क्रममा संयुक्त उपक्रम सम्झौताको कागजातमा मिति २०७२।१०।०४ हुनु पर्नेमा भुलवस पौष ४ हुन गएको भनि संशोधनको निवेदन समेत दिएको भनि तहाको मिति २०७२।११।११ को च.नं ६६८ को पत्रवाट समेत खुल्न आएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५८ वमोजिम संशोधनको म्याद भित्रै उक्त संयुक्त उपक्रमवाट संशोधनको निवेदन दर्ता गरेको भए मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मिति: २०७२।११।१८

**राय परामर्श माग गर्ने निकाय** : श्री भन्सार विभाग, आर्थिक प्रशासन शाखा, त्रिपुरेश्वर, काठमाडौं

**राय माग गरिएको विषय :**

बोलपत्र सम्बन्धी कागजातको कार्य परिमाण सूचीमा रेट उल्लेख गर्ने महल अंक र अक्षरको लागि अलग अलग नभएको कारणले वा बोलपत्रदाताले कार्य परिमाण सूचिमा अंक मात्र दर रेट उल्लेख गरेको कारणले सो बोलपत्र रीत पूर्वक हुन्छ हुँदैन?

**राय तथा परामर्श :**

प्रस्तुत विषयमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २४ मा वोलपत्र उपर कारवाही नहुने बारे गरेको व्यवस्थामा वोलपत्र फारामको दररेट महलमा अंक मात्र उल्लेख गरेकोमा मूल्याङ्कन गर्न रितपूर्वक नमिलेको भनि उल्लेख नगरेकाले उक्त वोलपत्रलाई समेत मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मिति: २०७२।११।२७

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला विकास समितिको कार्यालय, कालीकोट ।

**राय माग गरिएको विषय :**

मिति २०७२।११।११ मा e-bidding मार्फत दर्ता हुन आएका बोलपत्रहरूको हकमा सक्कलै कागजातहरू ७ दिनको कार्यालय समयभित्र पेश गर्ने मिति २०७२।११।११ गते सम्बन्धित बोलपत्रदाताहरूलाई पत्राचार गरिएकोमा मजदुर कन्स्ट्रक्सन, सुर्खेतले आठौं दिनको १०:०० बजे सक्कलै कागजात (Hard Copy) पेश गर्न ल्याएको र तोकिएको म्यादभित्र सक्कल कागजातहरू पेश नहुँदा कार्यालयले उक्त कागजातहरू दर्ता गर्न नसकेकोले सो बोलपत्र मूल्याङ्कन प्रकृयामा समावेश गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा ।

**राय तथा परामर्श :**

तहा कार्यालयबाट जारी गरिएको बोलपत्र कागजातमा संलग्न सूचनाको १२ नं मा ईलेक्ट्रोनिक बिडिङ्ग मार्फत दर्ता हुन आएका बोलपत्रहरूको हकमा बोलपत्र खुल्ला भएको मितिले ७ दिन भित्र हार्डकपी पेश गर्नु पर्ने छ अन्यथा मूल्याङ्कन प्रकृयामा समावेश गरिने छैन भनि उल्लेख गरेकाले बोलपत्र कागजातमा उल्लेख भए बमोजिम नै गर्नु पर्ने ।

मिति :२०७२।११।३०

**राय परामर्श माग गर्ने निकाय** : श्री नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाडौं ।

**राय माग गरिएको विषय :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११४(६) मा उल्लेख निर्माण व्यवसायीले सम्झौतामा उल्लेखित समयावधि भित्र कार्य सम्पादन नगरेका कारणले पेश्की फछ्र्यौट हुन नसकेमा सार्वजनिक निकायले बैक जमानतबाट पेश्की फर्छिने र निजबाट त्यस्तो पेश्की रकमको सयकडा दश प्रतिशत ब्याजसमेत असुलउपर गर्नुपर्ने उल्लेख भएकोमा फछ्र्यौट हुन बाँकी पेश्कीको दश प्रतिशत ब्याज लिने हो वा शुरुको कुल पेश्की रकमको कुल पेश्की रकमको दश प्रतिशत ब्याज लिने हो एकिन गर्न नसकिएको।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) वमोजिम सम्झौतामा उल्लेखित समयावधि भित्र कार्य सम्पादन नगरेका कारण सार्वजनिक निकायले बैंक जमानतवाट पेश्कीको दश (१०) प्रतिशत व्याज लिने सम्वन्धमा प्रष्ट व्यवस्था भएकाले सोही वमोजिम गर्नु पर्ने ।

मितिः २०७२।१२।०२

**राय परामर्श माग गर्ने निकाय** : श्री गढीमाई नगरपालिका कार्यालय, जितपुर बारा ।

**राय माग गरिएको विषय :**

ठेक्का नं. MU/GAD/NCB/ORKS/01/072-73 मा श्रेष्ठ निर्माण सेवाले दर्ता गराउनुभएको तर बिडर प्रतिनिधिहरू बिच ठेक्का खोल्ने क्रममा प्राविधिक कारणबस उक्त फर्मको कभरमा ठेक्का नं.२ उल्लेख भएको व्यहोरा बिडरहरूबाट आएकोले उक्त बोलपत्र ठेक्का १ मा खोल्न नपाउने जस्ता बिरोध आएकाले उक्त बोलपत्रको छुटटै मुचुल्का उठाई राखीएकोमा उक्त बोलपत्रलाई नियमानुसार ठेक्का नं.१ वा २ मध्ये कुनमा राखी प्राविधिक तथा आर्थिक मूल्याङ्कन गर्ने सम्बन्धमा ।

**राय तथा परामर्श :**

प्रस्तुत विषयमा वोलपत्रदाताले पेश गरेको वोलपत्र कागजातको खाममा वोलपत्र खोल्ने क्रममा ठेक्का नं २ उल्लेख हुन गएको भनि राय परामर्श माग गरेकोमा त्यस कार्यालयको दर्ता रजिष्टरमा र वोलपत्र कागजातमा जुन ठेक्का नं उल्लेख भएको छ सोही अनुसार कारवाही अगाडी वढाउनु पर्ने ।

मितिः २०७२।१२।०२

**राय परामर्श माग गर्ने निकाय** : श्री जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुर ।

**राय माग गरिएको विषय :**

कार्यालयले बोलपत्र कागजातमा समावेश गरेको भन्दा फरक पारी पेश भएको बोलपत्र जमानत मान्य नहुने भनि दोश्रो घटी अंकको बोलपत्रदाता थानी जगदम्बा जे.भि.ले तहा सार्वजनिक खरिद अनुगमन कार्यालय कानून शाखाबाट च.नं.२० मिति २०७१।४।४ को राय सम्बन्धमा सडक विभाग बबरमहल काठमाडौलाई सार्वजनिक निकायले तोकिएको ढाँचा अनुसार पेश नभएको बोलपत्र जमानतलाई मान्यता दिन नमिल्ने भनि राय दिईएको पत्रको छाया प्रति यस कार्यालयलाई उपलब्ध गराएकोले घटी बोलकबोल गरेकोले बोलपत्र स्वीकृतका लागि सिफारिश गर्न समस्या परेको ।

**राय तथा परामर्श :**

प्रस्तुत विषयमा वोलपत्रदाताले वोलपत्र साथ पेश गरेको वैङ्क जमानतमा त्यस कार्यालयवाट जारी गरिएको वोलपत्र सम्वन्धी कागजातमा तोकिएको शर्तहरू फरक नपरेको र वैङ्क जमानत निशर्त रूपमा जारी गरे, नगरेको सो एकिन गरि शर्तहरू फरक नपरेको र वैङ्क जमानत निशर्त रूपमा जारी गरिएको अवस्थामा उक्त वैङ्क जमानत मान्य हुने ।

मितिः २०७२।१२।०२

**राय परामर्श माग गर्ने निकाय** : श्री पशु प्रजनन कार्यालय, लहान, सिराहा ।

**राय माग गरिएको विषय :**

दोस्रो चौमासिक लक्ष्य अनुसार अधुरो अफिस भवन फिनिसिङ्ग पहिलो तल्ला कार्यको लागि बोलपत्र आव्हान गरिएको र निर्धारित समयवाधि भित्र प्राप्त बोलपत्रहरूको तुलनात्मक विवरण तालिका बनाई मूल्यांकन कार्यको प्रारम्भ गर्दा खरिद कारवाहीमा भाग लिन योग्य भएको भनी सम्बन्धित दरभाउपत्रद्धारा गरिएको लिखित घोषणपत्र नभएको ।

**राय तथा परामर्श :**

प्रस्तुत विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयवाट नमुनाको रूपमा जारी गरिएको वोलपत्र सम्वन्धी कागजात प्रयोग गरी तहा कार्यालयवाट जारी गरिएको वोलपत्र सम्वन्धी कागजातमा पनि स्वघोषणा को व्यवस्था राखिएको भए र वोलपत्रदाताले समेत कार्यालयवाट नियमानुसार खरिद गरि लगेको वोलपत्र कागजात पेश गर्दा उक्त स्वघोषणाको महलमा समेत दस्तखत गरी पेश गरेको अवस्थामा मूल्याङ्कनमा समावेश गर्न सकिने ।

मितिः २०७२।१२।०४

**राय परामर्श माग गर्ने निकाय :** श्री सशस्त्र वन रक्षक तालीम केन्द्र, टिकौली, चितवन ।

**राय माग गरिएको विषय :**

कार्यालय भवन निर्माण कार्यको लागि बोलपत्र आव्हान भै खोली मूल्याङ्कन गर्दा ई-विडिङ्गबाट परेको दुईवटा बोलपत्र मध्ये एउटा बोलपत्रको टि.टि.मार्फत बोलपत्र फारम दर्ता भई २०७२।१०।२० मा खोलिने बोलपत्रमा टि.टि.मार्फत २०७२।१०।१८ मा नै कार्यालयको राजश्व खाता रहेको रा.वा.बैंक, भरतपुरमा पछि जम्मा गरेको देखिन्छ । बैंकले समयमा राजश्व खातामा जम्मा नगरी दिएको कारण सारभूत रूपमा प्रभावग्राही रहेको को ५ वटा बोलपत्र मध्ये व्रम्हायणी कामाख्या निर्माण सेवा प्रा.लि.जे./भि, चावहिलको कबोल अंक (मू.अ.क. बाहेक) ७१,५७,९२५।०९ रहेको र निज भन्दा तल्लो जि.एस.आर/आकाश निर्माण सेवा जे./भि., भरतपुरको कबोल अंक (मू.अ.क. बाहेक) ८४,००,९३४।२६ रहेकोले पहिलो भन्दा दोश्रोको कबोल अंकमा १२,४३,००९।१७ को रकम सरकारबाट बढी खर्च हुने देखिदा बैंकको लापरवाहिको कारण पहिलो बोलपत्रदातालाई मूल्याङ्कनमा समावेश गर्न द्विविधा परेको ।

**राय तथा परामर्श :**

प्रस्तुत विषयमा उक्त वोलपत्रदातावाट जम्मा हुन आएको राजश्व रकम टि.टि मार्फत त्यस कार्यालयको राजश्व खाता रहेको वैङ्कमा जम्मा गरेको प्राप्त कागजातवाट देखिन आएकोले उक्त वोलपत्रलाई समेत मूल्याङ्कन प्रकृयामा समावेश गर्नुपर्ने ।

मितिः २०७२।१२।११

**राय परामर्श माग गर्ने निकाय :** श्री जिल्ला प्राविधिक कार्यालय, सिन्धुली ।

**राय माग गरिएको विषय :**

ठेक्का नं. DTO/Sindhuli/08/072/73 जि.वि.स/जि.प्रा.का. सिन्धुली भवन निर्माण गर्न ५ वटा Hard Copy बोलपत्र फारम बिक्री भएकोमा यस कार्यालयमा Hard Copy एक वटा मात्रदर्ता हुन आएको बोलपत्र श्री कन्काई/थापा जे.भी., क.न.पा. ६, सिन्धुलीको बोलपत्र प्रारम्भिक परीक्षण गर्दा निजले पेश गरेको प्राईम कमर्सियल बैंक लि., सिन्धुली शाखाद्धारा जारी भएको बोलपत्र जमानत पत्र जिल्ला प्राविधिक कार्यालय सिन्धुलीको नाममा जारी हुनुपर्नेमा जिल्ला विकास समितिको कार्यालय, सिन्धुलीको नाममा जारी भएको देखिएको हुँदा यस कार्यालयलाई बोलपत्र मूल्याङ्कन गर्ने सन्दर्भमा उक्त बोलपत्र मान्य हुने, नहुने कुरामा द्विविधा हुने भएको ।

**राय तथा परामर्श :**

जिल्ला प्राविधिक कार्यालय जिल्ला बिकास समितिको कार्यालय अर्न्तगतकै सार्वजनिक निकाय भएको भए तालुक अड्डाको नाममा जारी गरिएको बोलपत्र जमानत स्वीकार गर्न सकिने ।

मितिः २०७२।१२।११

**राय परामर्श माग गर्ने निकाय :** श्री सिचाई तथा जलश्रोत ब्यवस्थापन आयोजना, आयोजना संयोजकको कार्यालय, हरिहर भवन, ललितपुर ।

**राय माग गरिएको विषय :**

वोलपत्रदाताले यस आयोजनाबाट जारी गरिएको सक्कल प्रति बोलपत्र कागजातको केही पृष्ठहरूमा मात्र बोलपत्रदाताको छाप लगाई बोलपत्रदाताको अधिकार प्राप्त प्रतिनिधिले सही गरेको तर बाँकी सम्पर्ण पृष्ठहरूमा बोलपत्रदाताको छाप मात्र लगाईएकोले बोलपत्र उपर कारवाही हुने कि नहुने भन्ने सन्दर्भमा ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद अनुगमन कार्यालयवाट यसै प्रकृतीको समस्यामा कृषि विकास बैंकको मितिः २०७०।०६।१४ को पत्रको सम्वन्धमा देहाय बमोजिमको राय परामर्श प्रदान गरिसकेकोले प्रस्तुत विषयमा पनि सोही बमोजिम हुनुपर्ने ।

**देहाय :**

बोलपत्र सम्वन्धी महत्वपूर्ण कागजातहरू बोलपत्र फाराम, बोलपत्रदाताले कवोल गरेको दररेट तथा स्वघोषणा पत्रमा बोलपत्रदाताको अनिवार्य सहिछाप आवश्यक देखिन्छ । सानातिना फरकको कारणले प्रतिस्पर्धालाई संकुचित गर्न उपयूक्त नहुने ।

मितिः २०७२।१२।११

**राय परामर्श माग गर्ने निकाय** : श्री भैरहवा भन्सार कार्यालय, बेलहिया, रुपन्देही ।

**राय माग गरिएको विषय :**

मूल्याङ्कन समितिले प्रारम्भिक परीक्षणमा बैंक ग्यारेन्टी, कम्पनी रजिष्ट्रेशन, बिजनेश रजिष्ट्रेशन, पान भ्याट रजिष्ट्रेशन, कर चुक्ता प्रमाण पत्र, पावर अफ एटरर्नी अफ बिड सिग्नेचरी, डिक्लेरेशन लेटर, क्वालिफिकेशन इन्फरमेशन जस्ता कुराहरू बोलपत्रले मागे अनुसारनै पेश गरेको तर बिल अफ क्वान्टिटि भर्दा २ नं. ठेक्कामा ३ नं. ठेक्काको र ३ नं. ठेक्कामा २ नं. ठेक्काको भरेर पेश गरेको । ई-बिडिङबाट पेश भएको डकुमेन्टमा उल्टो भए पनि हार्डकपीमा पेश गरेको बिबरणहरू ठेक्का नम्बर अनुसार नै रहेको पाइएको तर इबिडिङमा २ नं. को ३ नं. मा र ३ नं. को २ नं. मा उल्टो पाल्टो गरी भरेको पाइएकोले मूल्याङ्कन समितिले निजको बोलपत्र प्रारम्भिक परीक्षणबाट हटाइएकोले मूल्याङ्कन प्रकृयामा समावेश मिल्ने, नमिल्ने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा ४ को व्यवस्था अनुरुप सम्वन्धीत बोलपत्रदातासंग र तहा कार्यालयवाट ई.विडिङ्ग प्रकृयामा प्रयोग गरिएको पोर्टलको आधिकारिक निकायसंग जानकारी माग गरि तहा कार्यालयबाटै बोलपत्रको परिक्षण गरि निर्णय गर्नुपर्ने ।

मितिः २०७२।१२।१२

**राय परामर्श माग गर्ने निकाय** : श्री क्षेत्रीय कृषि तालिम केन्द्र, खजुरा, बाँके ।

**राय माग गरिएको विषय :**

रांका कन्सट्रक्सन निर्माण सेवा, तातोपानी-१, जुम्लाले कबोल गरेको अंक ३१,०५,५३६।०७ (भ्याट बाहेक) को २.५ प्रतिशतले हुन आउने बोलपत्र जमानत मात्र रु.७७,६३०।- जफत हुनु पर्ने र बाँकी बोलपत्र जमानत रु. ५३,३७०।- आफुले फिर्ता पाउनु पर्ने भनी यस कार्यालयमा निवेदन पेश गरेको, स्वीकृत लागत अनुमान अनुसार कार्यालयले माग गरेको बोलपत्र जमानत सबै जफत हुने वा रांका कन्सट्रक्सन निर्माण सेवा, तातोपानी-१, जुम्लाले माग गरे अनुसार बोलपत्रदाताले कबोल गरेको कबोल अंक को २.५ प्रतिशतमात्र बोलपत्र जमानत जफत हुने भन्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा स्पष्ट व्यवस्था नभएकोले जफत गरेको जायज छ वा निजको माग गरे अनुसार धरौटी रकम फिर्ता गर्न पर्ने हो सो सम्बन्धमा तँहाको परामर्श आवश्यक परेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा १ को (ङ) अनुसार राय परामर्श माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (५) र नियमावली २०६४ को नियम ५३(१) मा स्वीकृत लागत अनुमान रकमको २ देखि तिन प्रतिशत रकमको बोलपत्र जमानत उल्लेख गर्नु पर्ने भनि प्रष्ट ब्यवस्था भएकाले तहा कार्यालयबाट जारी भएको बोलपत्र आव्हानको सूचना र बोलपत्र कागजातमा बोलपत्र जमानत बापत उल्लेख गरिएको बोलपत्र जमानत रकमनै जफत गर्नु पर्ने ।

मितिः २०७२।१२।२३

**राय परामर्श माग गर्ने निकाय** : श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार ।

**राय माग गरिएको विषय :**

परामर्शदाताको म्याद थपको कारणले बढ्न जाने लागत भेरिएसन हो वा होइन र कुन निकायबाट स्वीकृत हुन पर्ने भनि राय परामर्श माग भएको ।

**राय तथा परामर्श :**

नेपाल सरकार र दातृ पक्ष विच भएको सम्झौता वमोजिम हुने सार्वजनिक खरिद प्रकृयामा सो पक्षको खरिद निर्देशिकामा उल्लेख भए अनुरुप खरिद कारवाही अघि बढाउनु पर्ने सार्वजनिक खरिद ऐन २०६३ को दफा ६७ (१) (ख) मा व्यवस्था भएकाले सो सम्वन्धमा थप राय दिईरहनु नपर्ने ।

मितिः २०७२।१२।२३

**राय परामर्श माग गर्ने निकाय :** श्री मानसिक अस्पताल, ललितपुर ।

**राय माग गरिएको विषय :**

१) सबै भन्दा कम अंक कबोल गर्ने श्री गोम्वो कन्स्ट्रक्सनको बैंङ्क जमानतको म्याद बोलपत्र खोलिएको मिति २०७२।१०।१८ गतेदेखि १२० दिन हुनुपर्नेमा मिति २०७३।२।१५ सम्म ११८ दिनमात्र रहेको अगवा २ दिन कम भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६१ (६) बमोजिम मूल्याङ्कनको लागि योग्य हुने वा नहुने । २) दोस्रो कम कबोल गर्ने फर्मको अन्य सबै प्रकृया पगेको भएतापनि स्वघोषणा पत्र नभएको मूल्याङ्कनको लागि योग्य हुने वा नहुने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ (५) मा सार्वजनिक निकायले वोलपत्रको मान्य अवधि भित्र खरिद सम्झौता गरि सक्नुपर्नेछ । कुनै कारणवस सो म्यादभित्र खरिद सम्झौता गर्न नसकिने भएमा रित पुगेका सवै वोलपत्रदाताहरूलाई वोलपत्रको मान्य हुने अवधि बढाउन पत्र पठाउनु पर्नेछ भन्ने व्यवस्था गरेकाले र सार्वजनिक निकायलाई थप मान्य अवधि माग गर्न कानुनतः नरोकेकोले, वोलपत्रदाताले तोकिएको रकमको १२० दिन मान्य अवधि भएको बैङ्क जमानत पेश गरेको अवस्थामा उक्त वोलपत्रलाई मूल्याङ्कन प्रकृयामा समावेश गर्न वाधा नपर्ने र आवश्यक परे तत्काल कार्यालयवाट बोलपत्र जमानतको थप मान्य अवधि समेत माग गर्न सकिने र वोलपत्र कागजात साथ स्वघोषणा अनिवार्य पेश गर्नु पर्ने ।

मितिः २०७२।१२।२३

**राय परामर्श माग गर्ने निकाय :** श्री खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, इटहरी, सुनसरी ।

**राय माग गरिएको विषय :**

न्यूनतम भन्दा बढि बोल कबोल अंकको बोलपत्र स्वीकृत गर्दा नेपाल सरकारलाई बढि व्ययभार पर्ने र कम बोलकबोल अंकको स्वीकृत गर्दा दफा ६२(ख) बमोजिम आचरण पालना नगरेको देखिएकोले द्विविधा भएको भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा (४) मा सार्वजनिक निकायले बोलपत्र को परिक्षण गर्ने सिलसिलामा बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सक्ने छ भन्ने व्यवस्था भएकाले कार्यालयबाटै उक्त बोलपत्रदातासंग लिखित जानकारी माग गरी मूल्याङ्कन प्रक्रियामा समावेश गर्न सकिने र ऐ. ऐनको दफा ६२ विपरीतको आचरण गरेको ठहरेमा नियमावली २०६४ को नियम १४१ बमोजिम कारवाही अघि बढाउनपर्ने ।

मितिः २०७२।१२।२३

**राय परामर्श माग गर्ने निकाय :** श्री हुलाकी राजमार्ग आयोजना, नेपालगञ्ज, बाँके ।

**राय माग गरिएको विषय :**

योजना कार्यालयबाट आव्हान भएको एउटा ठेक्कामा पर्न आएका बोलपत्रहरूमा दुई वटा फर्मको सम्पूर्ण अधिकार एउटै व्यक्तिलाई दिएका पाईएको उक्त बोलपत्रहरूलाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने कि नमिल्ने ?

**राय तथा परामर्श :**

दुई वटा फर्मको हकमा एउटैलाई सम्पूर्ण अधिकार प्रदान गरि बोलपत्र कागजात पेश गर्ने कार्य सार्वजनिक खरिद ऐन २०६३ को प्रस्तावना बिपरित हुने भएकाले उक्त बोलपत्रहरूलाई मूल्याङ्कन प्रकृयामा समावेश गर्न नसकिने ।

मितिः २०७२।१२।२३

**राय परामर्श माग गर्ने निकाय :**श्री सुनसरी मोरङ्ग सिचाइ योजना, विराटनगर ।

**राय माग गरिएको विषय :**

Kumar Asish (J/V) को Letter pad मा बोलपत्र खरिदको निवेदनमा Agent बाला फर्म Asish Nirman Sewa Pvt.Ltd को छापलाई Authorized Agent Asish ले दिएको निवेदनमा Kumar Asish J.V को छाप नभएको भनी मौखिक उजुरी वा सिकायत गरिएको राय माग भएको ।

**राय तथा परामर्श :**

बोलपत्र कागजात खरिद गर्ने व्यक्ति र फर्म आधिकारीक रूपमा एउटै भए नभएको सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २३(४) बमोजिम कार्यालयबाटै जानकारी माग गरी एउटै भएको अवस्थामा मूल्याङ्कन प्रकृयामा उक्त फर्मलाई समावेश गर्न सकिने ।

मितिः २०७२।१२।३०

**राय परामर्श माग गर्ने निकाय** : श्री डिभिजन सडक कार्यालय, विदुर, नुवाकोट ।

**राय माग गरिएको विषय :**

Bid Document मा फर्म Qualified हुन networth positive हुनुपर्ने criteria भएकोमा sole entity को networth negative तर उक्त फर्मले उपरोक्त आ.ब.हरूमा अन्य साझेदार फर्मसंग JV गर्दाको audited balance sheet समेत पेश गरेकोले उक्त JV networth लाई मूल्याङ्कनमा समावेश गर्न सकिने वा नसकिने स्पष्ट नभएको ।

**राय तथा परामर्श :**

बोलपत्रदाताले पेश गरेको ब्यालेन्स सिटमा उक्त वर्षको नाफा, घाटा सम्पति तथा दायित्व निजको हिस्सा रजिर्स्टड लेखापरिक्षकवाट परिक्षण भएको प्रमाणित कागजात पेश भएको अवस्थामा जे.भि नेटवर्थबाट सम्वन्धीत कम्पनीले आफनो हिस्सा बमोजिम प्राप्त गरेको सम्पती, दायित्व र नाफा घाटा समेत मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मितिः २०७३।०१।०७

**राय परामर्श माग गर्ने निकाय** : श्री सिंचाइ विकास सब-डिभिजन, कुश्मा, पर्वत ।

**राय माग गरिएको विषय :**

१२ थान बोलपत्र फाराम खरिद भएको र दर्ता जम्मा ३ वटा मात्र भएकोमा २ वटा फर्मले वि.ओ.क्यू नभरेर नै पेश गरेको र पेश भएको मध्ये एउटा मात्र वोलपत्रको कवोल रकम पनि लागत अनुमान भन्दा १.१५ प्रतिशत मात्र कमि देखिएको जस्ता कृयाकलापले मूल्याङ्कन प्रकृयामा द्धिविधा भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ को उपदफा २(च) अनुरुपको मिलेमतो भए/नभएको एकिन गरि सम्वन्धीत कार्यालय प्रमुखले मूल्याङ्कन प्रकृयामा समावेश गर्न सक्ने ।

मितिः २०७३।०१।०७

**राय परामर्श माग गर्ने निकाय** : श्री विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम (DRILP-AF), जावलाखेल, ललितपुर ।

**राय माग गरिएको विषय :**

जिल्ला विकास समिति, विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रमको पुरानो काम (ठेक्का नं. DRILP/KALIKOT/RB/NCB/05, सम्झौता मिति 28 December, 2008) मा राजेन्द्र निर्माण सेवा प्रा.लि. डडेल्धुराले किर्ते अग्रिम बैंक जमानत पेश गरि पेश्की रकम लिएको र हाल सो फर्मले पुन यस आयोजनाद्धारा निर्माणधीन सडक खण्ड (ठेक्का नं. DRILP-AF/KKT/HSSC/NCB/01, सम्झौता मिति २०७२।०६।१३ ) मा काम गरिरहेकोले हाल सम्म सम्पन्न कामको भुक्तानी गर्न सकिने वा नसकिने र उक्त फर्मलाई के कस्तो कारवाही प्रकिया अगाडि बढाउनु पर्ने ।

**राय तथा परामर्श :**

सडक खण्डमा गरेको निर्माण कार्यको भुक्तानी गर्ने, नगर्ने र म्याद थप गर्ने विषय सम्वन्धीत कार्यालयको नै जिम्मेवारी भएकाले यस कार्यालयवाट राय प्रदान गरिरहनु नपर्ने ।

मितिः २०७३।०१।२०

**राय परामर्श माग गर्ने निकाय** : श्री जिल्ला विकास समितिको कार्यालय, बाँके, नेपालगञ्ज ।

**राय माग गरिएको विषय :**

टेण्डर दाखिला गर्ने अन्तिम म्याद मिति ०७२।१२।१३ गते दिनको १२ बजे र टेण्डर खुला गर्ने समय ०७२।१२।१३ गते दिनको १३:०० बजे राखिएकोमा e-Bidding तर्फ उक्त समयमा सो ठेक्कामा कुनै Bid Response गरेको नदेखिएको तर कुन्सालिङ कन्स्ट्रक्सन प्रा.लि. ले e-Bid गरेको Complain दावि गरे पछि सोही दिन सांझ पुनः www.bolpatra.gov.np Log on गरी हेर्दा सो कम्पनीको नाममा Bid Response भएको देखिएकोले मूल्याङ्कन प्रकृयामा समावेश गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा द्धिविधा भएको ।

**राय तथा परामर्श :**

ठे.नं २३/०७२/७३ को टेन्डर प्रकृयामा कुन्सालिङ कन्सट्रक्सन प्रा.लि ले तोकिएको समयावधि भित्रै ई.विड गरेको व्यहोरा सूचना प्रविधि शाखावाट जाँचवुझ गर्दा देखिन आएकोले उक्त वोलपत्रदाताको वोलपत्र समेतलाई वोलपत्र मूल्याङ्कनको प्रकृयामा समावेश गर्न मिल्ने ।

मितिः २०७३।०१।२१

**राय परामर्श माग गर्ने निकाय** : श्री जिल्ला वन कार्यालय, रामेछाप ।

**राय माग गरिएको विषय :**

बोलपत्रसाथ पेश हुन आएको जमानत प्रतिलीपी (फोटोकपी) साथै निर्धारित ढाँचामै हुनुपर्ने नपर्ने स्पष्ट उल्लेख नभएको कारणले मूल्याङ्कनमा समावेश गर्ने, नगर्ने द्विविधा भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को (२) (ग) र २४ को खण्ड (घ) मा स्पष्ट व्यवस्था भएकाले यस सम्बन्धमा राय दिईरहनु नपर्ने ।

मिति: २०७३।०१।२७

**राय परामर्श माग गर्ने निकाय** : श्री खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भक्तपुर ।

**राय माग गरिएको विषय :**

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा बोलपत्रदाताले दररेट उल्लेख गर्दा दररेट महलको अक्षर र अंक दुवैमा स्पष्ट हुने गरी लेख्नु पर्नेछ र अंक महलमा उल्लेख गरेको दररेटहरू स्पष्ट नभएमा अक्षर महलको दररेटलाई मान्यता दिइने छ भन्ने मात्र व्यवस्था भएको देखिन्छ । तर दररेट उल्लेख गर्दा अंक महलमा स्पष्ट उल्लेख गरेको तर अक्षर महलमा उल्लेख भएको दररेट स्पष्ट नहुने अवस्थामा कुन प्रक्रिया अपनाउने भन्ने कहि कतै स्पष्ट व्याख्या भएको नदेखिएको ।

**राय तथा परामर्श :**

तहा कार्यालयबाट जारी गरिएको बोलपत्र सम्बन्धि कागजातको बि.ओ.क्यु. को अंकको महलमा कबोल रकमको अंक प्रष्ट रूपमा उल्लेख गरेको अवस्थामा मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मिति: २०७३।०१।२७

**राय परामर्श माग गर्ने निकाय** : श्री महानगरीय ट्राफिक प्रहरी महाशाखा, रामशाहपथ काठमाण्डौं ।

**राय माग गरिएको विषय :**

प्रस्तावित तला थप निर्माण कार्यको लागत ईस्टिमेट (मू.अ.कर. र कन्टिजेन्सी बाहेक) रु २,१२,४३,३०८।१२ अक्षेरेपी दुई करोड बाहृ लाख त्रिचालिस हजार तिन सय आठ रुपैया पैसा बाहृ मात्र) भन्दा २३.२७% ले घटिमा उक्त निर्माण कार्यहरू रु. १,६२,९९,०८४।१२ (अक्षेरेपी एक करोड बैसट्ठी लाख उनानसय हजार चौरासी रुपैया बयानब्बे पैसा मात्र) मा दिइएको डिजाईन र स्पेसिफिकेशन अनुसार सम्पन्न गर्ने गरी सबै भन्दा घटि प्रस्ताव पेश गर्ने एच.टि.सी.कन्स्ट्रक्सन प्रा.लि., काठमाडौंको प्रस्ताव आएको र उक्त प्रस्तावमा सेनेटरीको आईटम नं. ९ को लागत स्टिमेट रु. २०००।- भएको आईटमको दररेट छुट हुन गएको पाईएकोले उक्त प्रस्ताव नियमानुसार स्वीकृत गर्न मिल्छ वा मिल्दैन ।

**राय तथा परामर्श :**

तहा कार्यालयबाट जारी गरिएको बोलपत्र सम्बन्धि कागजातको बोलपत्रदतालाई निर्देशन १४ मा र यस कार्यालयबाट जारी गरिएको Standard Bid Document सम्वन्धि नमुना कागजतको Preamble of Bill of Quantites को ५ नं मा प्रष्ट रूपमा उल्लेख गरेको अवस्थामा सोही बमोजिम मूल्याङ्कन गर्नु पर्ने ।

मिति: २०७३।०१।२७

**राय परामर्श माग गर्ने निकाय** : श्री मध्यपश्चिमाञ्चल क्षेत्रिय सडक निर्देशनालय, डिभिजन सडक कार्यालय, सुर्खेत ।

**राय माग गरिएको विषय :**

खोलिएका बोलपत्रहरू मध्ये ठेक्का नं. ११२. ०७२।०७३ को ठेक्कामा शिलबन्दी बोलपत्र दाखीला गर्ने निर्माण व्यवसायी श्री दाप्चा आशिष जे.भि., सुर्खेतले यस कार्यालयमा पेश गरेको सक्कल Priced Bill of Quantities Item no(B) 6 मा दर रेट महल मध्ये अक्षर महल खाली रहेको र अंक महलमा उल्लेखित रेटमा नेपाली वा अग्रेंजी कुन लिपिमा हो एकिन गरि बोलपत्र मूल्याङ्कन गर्न कठिनाई परेको ।

**राय तथा परामर्श :**

तहा कार्यालयबाट जारी गरिएको बोलपत्र सम्बन्धि कागजातको कार्य परिकार्य सूचिको ६ नं मा बोलपत्रदाताले १०,४४०।- वोलकवोल रकम उल्लेख गरेको अवस्थामा सोही रकमलाई आधार मानि मूल्याङ्कन गर्न सकिने ।

मिति: २०७३।०१।२७

**राय परामर्श माग गर्ने निकाय** : श्री नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम, चितवन ।

**राय माग गरिएको विषय :**

बोलपत्र आव्हान गरिएकोमा श्री मनास्लु ट्रेडिङ्ग कर्न्सन, मनमैजु ३, काठमाण्डौले बोलपत्रमा माग गरिएको मध्ये चार वटा प्याकेजको लागि बोलपत्र पेश गरेको र बोलपत्र जमानत बापतको रकम चारवटै प्याकेजको एकमूष्ट बैंक जमानत पेश गरेको हुनाले उक्त बैंक जमानत मान्य हुने वा नहुने ।

**राय तथा परामर्श :**

तहा कार्यालयबाट आव्हान गरिएको बोलपत्र सम्बन्धि सूचनाको विभिन्न प्याकेजको फरक, फरक प्याकेज अनुरुप वोलपत्र जमानत पेश गर्नुपर्नेमा सवै प्याकेजको कूल रकम जोडी एउटै वोलपत्र जमानत पेश भएको अवस्थामा सो वोलपत्रलाई मूल्याङ्कन प्रकृयामा समावेश गर्न मिल्ने ।

मितिः २०७३।०१।२७

**राय परामर्श माग गर्ने निकाय** : श्री मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति, गेटा, कैलाली ।

**राय माग गरिएको विषय :**

Compensation (क्षतिपूर्ति) दिन मिल्ने-नमिल्ने, दिन मिल्ने भए के कति मिल्ने र कुन कुन अवस्थामा कुन आधारमा कुन पकृया वा पद्धती अपनाई दिने, के, के Item मा दिने आदि जस्ता विषय सार्वजनिक खरिद ऐन र नियमावलीले नसमेटेको कारण निर्माण व्यवसायीले दावी गरेका निम्न माग बारे सम्बोधन गर्न कठिनाई उत्पन्न भएको ।

**देहाय :**

- सम्झौताको General Condition of Contract अन्तर्गत Compensation Events मा गरिएको व्यवस्था बमोजिम निर्माण व्यवसायीलाई नेपाल राष्ट्र बैंकको Index बमोजिम सम्पुर्ण Item हरूमा माग बमोजिमको १७ प्रतिशत दररेट बृद्धि गर्न मिल्न वा नमिल्ने,
- घर भाडा, औजार, कर्मचारी खर्च, प्रशासनिक खर्च आदिका क्षतिपूर्ति (Compensation) दिन मिल्ने वा नमिल्ने,
- SCC को ४५ मा रहेको Price Adjustment लाई SCC ले नपाउने गरिएको अवस्थामा Price Adjustment सुविधा दिन मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श :**

तहा कार्यालयबाट जारी गरिएको बोलपत्र सम्बन्धि कागजातमा मूल्य समायोजनको व्यबस्था नभएको तर वुँदा नं ४२ मा क्षतिपूर्ति सम्वन्धि व्यवस्था गरेको अवस्थामा बोलपत्र सम्वन्धि कागजातमा उल्लेख गरेको प्रावधान बमोजिम बोलपत्रदाताले लगेको पेश्की मोविलाईजेसन रकम समेतलाई मध्यनजर गर्दै कार्यालय र बोलपत्रदाता बिच सम्वाद तथा सहकार्यको माध्यमबाट बोलपत्र सम्वन्धि कागजातको वुँदा नं ४२ बमोजिम घरभाडा, कर्मचारीको तलब भत्ता लगायतका बिषयमा मात्र क्षतिपूर्ति प्रदान गर्न सकिने तर नया दररेट नै कायम हुने गरि क्षतिपूर्ति प्रदान गर्न नसकिने।

मितिः २०७३।०१।२७

**राय परामर्श माग गर्ने निकाय** : श्री लम्कीचुहा नगरपालिका कार्यालय, भल्का, कैलाली ।

**राय माग गरिएको विषय :**

अंक र अक्षरमा दररेट भरेको फरक परेमा अक्षरलाई मान्यता दिईनेछ भनिएको हुँदा उक्त रेखा निर्माण सेवाले दर्ता गरेको ठेक्का नं. ०२।२०७२।०७२ र ठेक्का नं.०३।२०७२।०७२ को BoQ मा दररेट अंकमा मात्र लेखिएको हुनाले उक्तानुसारको ठेक्का बदर गरी पाउँ भनी शाही कन्स्ट्रक्सन सर्भिसको निवेदन प्राप्त हुन आएको सन्दर्भमा रेखा निर्माण सेवाले ठेक्का नं. ०२।२०७२।०७२ र ठेक्का नं.०३।२०७२।०७२ को BoQ मा दररेट अंकमा मात्र लेखिएको, स्वघोषण पत्र संलग्न रहेको, Power of Attorney को फोटोकपी संलग्न रहेको, उक्त ठेक्काको अनुमानित लागत रकम भन्दा उक्त निर्माण सेवाले कम रकम कबुल गरेको देखिन आएको हुँदा उक्तानुसारको ठेक्का स्वीकृत गर्न सकिने वा नसकिने ।

**राय तथा परामर्श :**

तहा कार्यालयबाट जारी गरिएको बोलपत्र सम्बन्धि कागजातमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ भनि प्रावधान भएकोमा अंकमा प्रष्ट रूपमा कार्य परिकार्य सूचि कवोल रकम खुलाएको भए अक्षरमा कार्य, परिकार्य सूचि नभरेको भनि वोलपत्र रद्ध गर्न नसकिने ।

मितिः २०७३।०१।२८

**राय परामर्श माग गर्ने निकाय** : श्री राष्ट्रिय क्षयरोग केन्द्र, ठिमि, भक्तपुर ।

**राय माग गरिएको विषय :**

पुनरावेदन अदालत पाटनको फैसाला अनुरुप विभागीय निर्णय भई पुनः उक्त ठेक्का कार्य गराउन बाँकी अन्य बोलपत्रदाताको बोलपत्र मूल्याङ्कन गर्ने कममा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५३ को उपनियम ५ अनुसार स्वीकृत लागत अनुमान भित्र रहेका बोलपत्रदाताहरूलाई Bid validity period and Bid Bond थपका लागि पत्राचार हुँदा तत्कालीन अवस्थामा बोलपत्र पेश गर्ने मध्ये Contech गौरी पार्वती बन्दना भगवती जे.भी.र जे.भी.प्रतिभा ईण्डस्ट्रिज प्रा.लि. र श्रेष्ठ कन्स्ट्रक्सन प्रा.ली. ले गत आ.व.मा पेश गरेको दररेटका आधारमा महंगीमा तथा डलर बृद्धिका कारण सो लागतमा निर्माण कार्य गर्न नसक्ने भनी लिखित निवेदन पेश गरि Bid validity period थप नगरेका तथा Samanantar/Chakreshwori/Suryachandra JV र Danphe Construction ले Bid validity period थप गरि कार्य गर्न मञ्जुर भई निवेदन पेश गरेको हुँदा सो मध्ये न्युन लागतको Samanantar/Chakreshwori/Suryachandra JV को बोलपत्र मूल्याङ्कन गर्दा सारभूत रूपमा प्रभावग्राही देखिन आएको तर उक्त जे.भी. ले प्रस्ताव गरेको रकम रु. २८,९७,४५,०२०।५३ विभागीय स्वीकृत लागत अनुमान भित्र रहेता पनि कार्य गर्न नसक्ने भनी पत्र पेश गर्ने JV प्रतिभा ईण्डस्ट्रिज प्रा.लि. र श्रेष्ठ कन्स्ट्रक्सन प्रा.ली.को बोलपत्रमा पेश भएको प्रस्तावित रकम भन्दा रु. ३,४४,२४,००२.१० ले बढी रहेकोले यस सम्बन्धमा चालु आ.व. २०७२।७३ को जिल्ला दररेट लिई तुलनात्मक अध्ययन गर्न शहरी विकास तथा भवन डिभिजन कार्यालय भक्तपुरलाई पत्राचार गर्दा प्राप्त लागत अनुमान हालको स्वीकृत लागत अनुमान भन्दा करिब ९.१६ प्रतिशतले बढन जाने समेत देखिएको हुँदा यस्तो अवस्थामा सारभुत रूपमा प्रभावग्राही न्युन लागतको Samanantar/Chakreshwori/Suryachandra JV को बोलपत्र स्वीकृत गरी ठेक्का कार्य गराउन मिल्ने नमिल्ने सम्बन्धमा द्विविधा भएको ।

**राय तथा परामर्श :**

तहा कार्यालयबाट जारी गरिएको बोलपत्र सम्बन्धि कागजातमा उल्लेख गरिएको प्रावधान तथा सार्वजनिक खरिद ऐन, २०६३ र नियमवाली २०६४ को व्यवस्था अनुरुप न्यूनतम सारभूत रूपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गर्न सकिने ।

मितिः २०७३।०१।३०

**राय परामर्श माग गर्ने निकाय** : श्री शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमि, भक्तपुर ।

**राय माग गरिएको विषय :**

श्री निशान पलान्चोक जे.भि.,गट्ठाघर-१५, भक्तपुरले मिति २०७३।०१।१४ गते दर्ता गरेको निवेदनमा कृषि विकास बैंक लि., शाखा कार्यालय, भक्तपुरको संलग्न छायाकपी अनुसारको पत्र यस केन्द्रमा उपलब्ध गराएको हुँदा निर्णय गर्न कठिनाई भएको ।

**राय तथा परामर्श :**

तहा कार्यालयबाट जारी गरिएको बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भए बमोजिम बोपत्रदाताले पेश गरेको कृषि विकास वैङ्क गट्ठाघर, भक्तपुरको वैङ्क जमानतमा प्रष्टरूपमा बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १५० दिनको प्रत्याभूति गरिने छ भनि उल्लेख साथै वैङ्क जमानतबारे थप पुष्टयाई समेत गरेको संलग्न कागजातबाट देखिन आएकाले बोलपत्र मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मितिः२०७३।०२।१०

**राय माग गर्ने निकाय** : जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर ।

**राय माग गरिएको विषय :**

बोलपत्रदाता श्री Swachhanda/ Waiba Lama J/V को बोलपत्र जमानत जफत गरी श्री Ajambari Nirman/ Shanti J/V लाई सिफारिस गर्ने हो सो सम्बन्धमा द्विविधा उत्पन्न भएकोले उक्त ठेक्का मूल्याङ्कनको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको राय/सुझावको आवश्यकता महशुस भई राय/सुझावको माग भएको ।

e-Bid बाट प्राप्त बोलपत्रदाता श्री Swachhanda/ Waiba Lama J/V ले बोलपत्र सूचना अनुसार मिति २०७३।०१।१५ मा सम्पूर्ण कागजातको Sealed hard copy यस विभागमा पेश गर्नुपर्नेमा मिति २०७३।०१।१६ गते दररेटमा त्रुटि भएको र अन्तिम घडीमा उक्त बोलपत्रदाताले संशोधन गर्न खोज्दा Server hang हुन गई संशोधन गर्न नसकेको कुरा उल्लेख गर्दै BOQ मूल्याङ्कन नगरी फिर्ता गरिदिनु हुन भनी निवेदन पेश गरेकोले मूल्याङ्कनमा द्विविधा भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ को व्यवस्था बिपरित आचरण गरे, नगरेको तहा कार्यालयबाटै निर्क्योल गरि जमानत मात्र जफत वा अन्य कारवाही गर्ने, नगर्ने निर्णय गर्नुपर्ने साथै एउटा मात्र बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पुन : बोलपत्र आव्हान गर्न सकिने छैन भन्ने व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(२) मा भएको ।

मिति: २०७३।०२।१४

**राय परामर्श माग गर्ने निकाय** : श्री सिचाई विकास डिभिजन, कपिलवस्तु, तौलिहवा ।

**राय माग गरिएको विषय :**

तहा कार्यालयका website: www.ppmo.gov.np मा राखिएको सिलबन्दी दरभाउको Standard Bidding Document को Section II. Instruction to Bidders का बुँदा नं. ३, One Bid Per Bidder मा उल्लेख भएको व्यहोरा "Each Bidders shall submit only one quotation. A bidder who submits more than one quotation shall cause all the quotation with the Bidders participation to be disqualified", यस कार्यालयबाट मिति २०७३।०१।२८ मा प्रकाशित सिलबन्दी दरभाउपत्र दाखिला हुन आएको कारणले मात्र उक्त दरभाउपत्रहरू योग्य हुने/नहुने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४०(५) को व्यवस्था बमोजिम न्यूनतम मूल्याङ्कित दरभाउपत्र स्वीकृत गर्नुपर्ने तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ बमोजिम योग्य बोलपत्रदातालाई खरिद प्रकृयामा सहभागि हुन बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने ।

मिति: २०७३।०२।१६

**राय परामर्श माग गर्ने निकाय** : श्री जिल्ला प्राविधिक कार्यालय, तैलिहवा, कपिलवस्तु ।

**राय माग गरिएको विषय :**

Bidding Document मा उल्लेख भएको Section III : Evaluation and Qualification Criteria को Specifie Construction Experience को (a) Contracts of Similar Size and Nature मा उल्लेखित Participation as Prime contractor, management contractor, or subcontractor, in at least 2 (two) road construction contracts within the last 5 (five) years, each with a value of at least NRs. 8,40,00,000.00 excluding VAT that have been successfully or are substantially completed and that are similar to the proposed works. The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as described in Section V, works requirements भनि उल्लेख भएकोमा त्रुटि सच्याउने अवधिलाई समेत कार्य सम्पन्न अवधि मान्न सकिने हो या होइन ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६७ को (१) (ख) बमोजिम गर्नुपर्ने ।

मिति : २०७३।०२।२६

**राय परामर्श माग गर्ने निकाय** : श्री जिल्ला विकास समितिको कार्यालय, जिल्ला आयोजना कार्यालय, जाजरकोट ।

**राय माग गरिएको विषय:**

मिति २०७३।०१।२४ गते खोलिएको ठेक्कामा श्री लोहोनी एण्ड ब्रदर्श/एम.पि कन्सट्रक्सन जे.भि नेपालगंज २ बाँकेले बोलपत्र पेश गर्ने अन्तिम समयसिमा भित्र संशोधन प्रस्ताव e-bid Opening गर्दा नदेखिएकाले संशोधन प्रस्ताव पेश गरे नगरेको भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद अनुगमन कार्यालयको, सूचना प्रविधि शाखाबाट प्राप्त राय अनुसार निज श्री लोहोनी एण्ड ब्रदर्श/एम.पि कन्सट्रक्सन जे.भि नेपालगंज २ बाँकेले तोकिएको समय भित्रै संशोधन प्रस्ताव पेश गरेको ।

मिति : २०७३।०२।२७

**राय परामर्श माग गर्ने निकाय** : श्री कृषि तथा वन विज्ञान विश्वविद्यालय, रजिष्टारको कार्यालय, चितवन ।

**राय माग गरिएको विषयः**

Annex Building निर्माण कार्यको लागि e–Bidding मार्फत बोलपत्र आव्हानको दोस्रो पटकको सूचना प्रकाशित गर्दा समेत दर्ता हुन आएका दुईवटा बोलपत्र मध्ये सोवर्ण निर्माण सेवा/एन.डी निर्माण सेवा जे.भि ले तोकिएको शर्तहरू पुरा नगरेको र अर्को बिश्वास कन्सट्रक्सन प्रा.लि/एम.पि निर्माण सेवा जे.भि ले न्यूनतम बोलकवोल गरेको तर सात दिनभित्र हार्डकपि बुझाउनु पर्ने भनि सूचनामा उल्लेख गरेपनि सात दिन पश्चात मात्र हार्ड कपि पेश गरेकाले मूल्याङ्कनमा समस्या परेको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३, दफा २५ र दफा २६ को उपदफा (२) को व्यवस्था अनुसार सम्वन्धित निकायको मूल्याङ्कन समितिबाट नै निर्णय गर्नु पर्ने ।

मिति : २०७३।०२।३०

**राय परामर्श माग गर्ने निकाय** : श्री नेपाल प्रहरी अस्पताल, आर्थिक प्रशासन शाखा, महाराजगंज, काठमाडौं ।

**राय माग गरिएको विषयः**

त्यस कार्यालयको विभिन्न निर्माण तथा मर्मत कार्यका लागि गोप्य सिलबन्दी दरभाउपत्र आव्हान गरेकोमा दरभाउपत्र खरिद गर्दा आवधिक ईजाजतपत्र, आय कर प्रमाणपत्र, मूल्यअभिवृद्धि करदर्ता प्रमाणपत्र लगायत नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्नुपर्नेमा उक्त नेपाली नागरिकताको प्रमाणपत्र पेश नगरेको बोलपत्रदाताको बोलपत्र मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने वा नसकिने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र दफा २५ बमोजिमको मापदण्ड पुरा गरेको अवस्थामा दफा २३ को उपदफा (४) बमोजिम बोलपत्रदातासंग आवश्यक जानकारी माग गरि मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मिति : २०७३।०२।३०

**राय परामर्श माग गर्ने निकाय** : श्री नेपाल प्रहरी अस्पताल, आर्थिक प्रशासन शाखा, महाराजगंज, काठमाडौं ।

**राय माग गरिएको विषयः**

त्यस कार्यालयको विभिन्न निर्माण तथा मर्मत कार्यका लागि गोप्य शिलबन्दी दरभाउपत्र आव्हान गरेकोमा दरभाउपत्रमा बोलपत्र जमानतको ढाँचा लगायतको अधिकांश विवरण अङ्ग्रेजी भाषामा रहेकोमा नेपाली भाषामा लेखिएको वोलपत्र जमानत पेश गरेको अवस्थामा मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने वा नसकिने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र दफा २५ बमोजिमको मापदण्ड पुरा गरेको अवस्थामा दफा २३ को उपदफा (४) बमोजिम बोलपत्रदातासंग आवश्यक जानकारी माग गरि मूल्याङ्कन प्रकृयामा समावेश गर्नुपर्ने ।

मितिः २०७३।०२।३२

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला विकास समितिको कार्यालय, मोरङ्ग, विराटनगर ।

**राय माग गरिएको विषय :**

कार्यालयबाट जारी गरिएको Bid Document को Section-IV Bidding forms/letter of Bid को बुँदा नं. (e) मा बोलपत्र मान्य रहने अवधि ९० दिन स्पष्ट रूपमा तोकिएकामा निर्माण व्यवसायीले सो अवधिलाई परिवर्तन गरी Insert validity period as specified in ITB 18.1 उल्लेख गरेको ।

ITB 12.1 मा The forms must be completed without any alternation to the text and no substitutes shall be accepted. All blank spaces shall be filled in with the information requested भनी उल्लेख गरिएको छ ।

ITB 29.2 मा A substantially responsive bid is one that meets the requirements of the bidding Document without material deviation, reservation, or omission भनी स्पष्टका साथ उल्लेख गरिएको छ ।

ITB 29.4 मा If a bid is not substantially responsive to the requirements of Bidding Document, it shall be rejected by the Employer and may no subsequently be made responsive by correction of the material deviation, reservation, or omission उल्लेख गरिएको छ ।

यस अवस्थामा बोलपत्र completeness परिक्षणमा responsive भयो वा भएन भन्ने सम्बन्धमा द्विविधा भएको भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (ख) बमोजिम बोलपत्र सम्वन्धी कागजातमा बोलपत्रदातालाई दिएइको निर्देशन अनुरुप बोलपत्र पूर्ण भए वा नभएको निर्क्योल गर्न बोलपत्र मूल्याङ्कन गर्नु अघि सम्वन्धीत सार्वजनिक निकायले बोलपत्र परिक्षण गर्नु पर्ने र सो परिक्षणको सिलसिलामा ऐनको दफा २३ (५) को प्रतिकुल नहुने गरि सोही ऐनको दफा २३ को उपदफा (४) बमोजिम बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सकिने ।

मितिः २०७३।०३।०५

**राय परामर्श माग गर्ने निकाय** : अत्तरिया नगरपालिका कार्यालय, कैलाली ।

**राय माग गरिएको विषय :**

बोलपत्रको सूचना नं १, २ र ३/०७२।७३ को तिनवटै बोलपत्रमा न्यूनतम सारभूतरूपमा प्रभावग्राही श्री श्रीपुर बिल्डर्स प्रा.ली, अ.न.पा ६, कैलालीको बोलपत्र स्वीकृत भएको तर बोलपत्र स्वीकृत गर्ने आशयको समयावधि भित्रै उक्त निर्माण प्रा.ली. ले बोलपत्र को सूचना नं २ र ३/०७२।७३ को विभिन्न कारण देखाई काम गर्न नसक्ने त्यसको धरौटी जफत गरिपाँउ तर बोलपत्र सूचना नं १/०७२।७३ को सम्झौता गरि पाँउ भनि निवेदन दिएकाले बोलपत्रको सूचना बमोजिम कालोसूचिमा राख्न, उक्त प्रा.ली संग सम्झौता गर्न र दोस्रो तथा तेस्रो बोलपत्रदातासंग सम्झौता गर्न मिल्ने/नमिल्ने द्विविधा परेको ।

**राय तथा परामर्श :**

१. बोलपत्र सम्बन्धि सूचनाको ठेक्का नं. ०१/०७२/७३ को हकमा न्यूनतम सारभूतरूपमा प्रभावग्राही बोलपत्रदातासँग सम्झौता गर्न मिल्ने ।
२. बोलपत्र सम्बन्धि सूचनाको ठेक्का नं. ०२/०७२/७३ र ०३/०७२/७३ लगायत अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ को उपदफा (२) मा उल्लेखित आचरण गरे नगरेको सम्वन्धीत निकायबाटै निर्क्यौल गरि सार्वजनिक खरिद नियमवाली २०६४ को नियम १४१ बमोजिमको कारवाही गर्नुपर्ने ।

मितिः २०७३।०३।०५

**राय परामर्श माग गर्ने निकाय** : त्रिभुवन विश्वविद्यालय रजिष्टारको कार्यालय, सामान्य प्रशासन महाशाखा, किर्तिपुर ।

**राय माग गरिएको विषय :**

त्यस कार्यालय र आशिष/श्रृखला/किरातेश्वर जे.भि बिच चार तला परिक्षा भवन चौबिस महिनाभित्र सम्पन्न गर्ने गरि सम्झौता भएकोमा कार्य शुरु भएको १० महिनाभित्र मूल्य समायोजन (Price Escalation) माग गरेकोमा मूल्य समायोजन बापतको रुकम पन्ध्र महिना अवधि पश्चातको दिने वा हाल दश महिना भित्रको अवधिमा नै (Price Escalation) मूल्य समायोजन दिन मिल्ने, नमिल्ने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ र सार्वजनिक खरिद नियमवाली २०६४ को नियम ११९ बमोजिम मूल्य समायोजन गरि भुक्तानी गर्न मिल्ने ।

मितिः २०७३।०३।५

**राय परामर्श माग गर्ने निकाय** : सिंहदरवार वैद्यखाना विकास समिति, अनामनगर, काठमाडौं ।

**राय माग गरिएको विषय :**

त्यस समितिको कम्पाउण्ड वाल निर्माण कार्यका लागि शिलवन्दी दरभाउपत्र आव्हान गरिएकोमा जम्मा २१ वटा वोलपत्रदाताले शिलवन्दी दरभाउपत्र दाखिला गरेकोमा सात वोलपत्रदाताले शिलवन्दी दरभाउपत्र खरिद गर्ने बेलामै सूचना बमोजिम पेश गर्नुपर्ने कागजातहरू क्रमश संघ संस्था फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण्पत्र र अनुभव देखिने कागजातपत्र, स्वघोषणा लगायतका कागजातहरू पेश गरेको तर शिलबन्दी दरभाउपत्र दर्ता गर्ने समयमा पेश नगरेकाले मूल्याङ्कन गर्न समस्या भएको भनि राय माग भएको ।

यसै प्रकृतिको विषयमा मिति २०७२।०२।२४ गते लोकसेवा आयोग, केन्द्रीय कार्यालय, काठमाडौंलाई राय नं २ मा देहाय बमोजिमको राय दिईएको ।

**राय तथा परामर्श :**

बोलपत्र सम्वन्धी कागजात खरिद गर्नका लागि सार्वजनिक निकायले अनिवार्य गरिएको कुनै कागजात बोलपत्र कागजात खरिद गर्ने समयमा नै बोलपत्रदाताले पेश गरिसकेको भए सोही कागजात बोलपत्र पेश गर्ने बेला छुटेको भए पनि सोही आधारमा प्रतिस्पर्धाबाट बञ्चित गराउन उपयूक्त नहुने ।

मितिः २०७३।०३।५

**राय परामर्श माग गर्ने निकाय** : पर्यटन कार्यालय, काँकडभिटा, झापा ।

**राय माग गरिएको विषय :**

त्यस कार्यालयको मिति २०७३।१।१८ गते प्रकाशित बोलपत्रको सूचना बमोजिम प्राप्त पाँच थान बोलपत्र मध्ये विरुवा कन्सट्रक्सन प्रा.ली ले यस कार्यालयको नाममा वैङ्क जमानी पत्र जारी गर्नु पर्नेमा संस्कृति पर्यटन तथा नागरिक उडयन मन्त्रालयको नाममा वैङ्क जमानी पत्र जारी गरेको वैङ्क जमानी पत्र पेश गरेकोले उक्त बोलपत्रलाई मूल्याङ्कन गर्न समावेश गर्न मिल्ने/नमिल्ने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६७ अनुरुप बोलपत्र स्वीकृत गर्ने सार्वजनिक निकायहरू मध्ये तालुक कार्यालय वा अन्तर्गतको बोलपत्र जारी गर्ने सार्वजनिक निकायको नाममा जारी भएको बोलपत्र जमानत स्वीकार गर्न सकिने तर बोलपत्र सम्वन्धी कागजातमा उल्लेख गरेको कामको उद्धेश्यमा नै फरक पर्ने गरि वा ठेक्का नं नै उल्लेख नगरि जारी गरिएको वा निशर्त रूपमा जारी नगरिएको बोलपत्र जमानतलाई स्वीकार गर्न नसकिने ।

मितिः २०७३।०३।०९

**राय परामर्श माग गर्ने निकाय** : सिंचाई विकास डिभिजन, धनकुटा ।

**राय माग गरिएको विषय :**

त्यस कार्यालयले मितिः २०७३/०२/२३ मा खोलिएको ठेक्का नं. IDDDKT/MIP/OKIP/NCB-2 को E-Procurement मार्फत ठेक्का हाल्ने क्रममा १. बोलपत्रदाता श्री सफल/जोशी जे.भि.ले बोलपत्र सूचना र बोलपत्र कागजातमा उल्लेख भए बमोजिम टेन्डर फारम खरिदको बैंक भौचर पेश नगरेको तर पछि Hard Copy पेश गर्ने क्रममा भने पेश गरेको २. बोलपत्रदाता श्री सारासृष्टि/खनाल जे.भि. ले बोलपत्र कागजातमा उल्लेख भए बमोजिम जे.भि. एग्रिमेन्ट पावर अफ एटोर्नी र बैंक जमानी पत्र क्रेडिट लाइन पेश नगरेको तर पछि Hard Copy पेश गर्ने क्रममा भने पेश गरेको उक्त जे.भि. हरूलाई बोलपत्र मूल्याङ्कनमा समावेश गर्न मिल्ने/नमिल्ने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र दफा २५ बमोजिमको मापदण्ड पुरा गरेको अवस्थामा दफा २३ को उपदफा (४) बमोजिम बोलपत्रदातासंग आवश्यक जानकारी माग गरि मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मितिः २०७३।०३।०९

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला प्राविधिक कार्यालय, संखुवासभा, खांदबारी ।

**राय माग गरिएको विषय :**

त्यस कार्यालयले क) सूचना तथा Bid Document अनुसार Bid security Period 150 days हुनुपर्ने ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५४ (क) को आधारमा (९०+३०=१२० दिन) हुन सक्ने । उक्त बोलपत्रहरूलाई मूल्याङ्कन प्रक्रियामा समावेश गर्न मिल्ने/नमिल्ने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५३ र ५४ बमोजिम बोलपत्र जमानत र बोलपत्र मान्य अवधि पुगेको अवस्थामा बोलपत्र मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मितिः २०७३।०३।१९

**राय परामर्श माग गर्ने निकाय** : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौं ।

**राय माग गरिएको विषय :**

भक्तपुर जिल्लाको सूर्यविनायकमा निर्माण हुन गै-रहेको राष्ट्रिय प्राणी उद्यान क्षेत्रको तारवारको लागि बोलपत्र आव्हान भएकोमा बोलपत्रदाताले Letter of Bid नभरेको तर सहि-छाप लगाएको हुँदा उक्त बोलपत्रलाई मूल्याङ्कनमा समावेश गर्ने/नगर्ने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

बोलपत्र सम्बन्धी सक्कल कागजात झिकाई हेर्दा बोलपत्र सम्बन्धी कागजातको सम्पूर्ण पानामा बोलपत्रदाताको सही छाप भएको देखिएकाले Letter of Bid नभरेको आधारमा मात्र बोलपत्र अप्रभावग्राही भएको भन्न नमिल्ने ।

मितिः २०७३।०३।१९

**राय परामर्श माग गर्ने निकाय** : साँफेबगर नगर पालिका कार्यालय, साँफेबगर, अछाम ।

**राय माग गरिएको विषय :**

सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश को बुँदा नं. १७ अनुसार कार्यसम्पादन जमानत लिई सम्झौता गरिएकोमा हाल निर्माण व्यबसायी, स्वाँर/सावद/सनलाईट जे.भी. ले हाल उक्त अध्यादेश खारेज भईसकेकोले कवोल अङ्को ५ प्रतिशतले हुने कार्य सम्पादन जमानत वाहेक बढी दाखिला भएको रकमको कार्यसम्पादन जमानत फुकुवा गरी पाउँ भनि निवेदन दिएकाले निवेदन माग बमोजिम कार्यसम्पादन जमानत फुकुवा गर्न मिल्ने वा नमिल्ने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ बमोजिम बोलपत्र सम्बन्धी कागजातको शर्त बमोजिम सम्झौता भईसकेकोमा सम्झौता अनुसार कार्यसम्पादन नभएसम्म कार्यसम्पादन जमानत फिर्ता गर्न नमिल्ने ।

मिति : २०७३।०३।२८

**राय परामर्श माग गर्ने निकाय** : श्री जिल्ला विकास समितिको कार्यालय खलंगा, प्यूठान ।

**राय माग गरिएको विषय :**

जिल्ला विकास समितिको कार्यालय, प्यूठान र श्याम सुन्दर निर्माण सेवा बीच स्वर्गद्धारीमा धर्मशाला निर्माणको लागि मिति २०७१।०३।०६ मा सम्झौता भए पश्चात साइट उपलब्ध हुन नसके पछि नया स्थान धरमपानी भन्ने ठाउँमा उक्त धर्मशाला निर्माण गर्नका लागि स्थान परिवर्तन गरिएको र सो सम्बन्धमा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागको निर्देशन समेतको आधारमा परिवर्तीत स्थानमा निर्माण कार्य अगाडि बढाईएको हो, (क) लागत अनुमान तयार गर्दा पहिले निर्धारण भएको स्थानमा मेसिन जान नसक्ने हुँदा BoQ को तत्कालिन दररेट एवं कबोल अंक मान्छेद्वारा खन्ने दर अनुसार उल्लेख भएको तर स्थान परिवर्तीत भएको स्थानमा मेसिन मार्फत कार्य भएको । Drawing, Design मा कुनै परिवर्तन हुँदा माटो खन्ने काम BoQ मा उल्लेखित भएको परिमाण ७२६०.३५ घन मिटर भन्दा थप परिमाण ७५१२.९५ घन मिटर खन्नुपर्ने अवस्था श्रृजना भई सो थप परिमाणको भुक्तानी दर सम्बन्धमा द्धिविधा भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ दफा ५४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(२) मा स्पष्ट व्यवस्था भएकोले थप राय दिईरहनु नपर्ने ।

मितिः २०७३।०३।३१

**राय परामर्श माग गर्ने निकाय** : पर्यटन कार्यालय, काकरभिट्टा झापा ।

**राय माग गरिएको विषय :**

बोलपत्र सूचनाको म्याद भित्र पेश हुन आएका ५ थान बोलपत्रहरू मध्ये १) हिमदुङ्ग एण्ड थोकर प्रा.लि.ले पेश गरेको बोलपत्र साथ बैंक जमानत पेश नगरेको २) बिरुवा कन्सट्रक्सन प्र.लि.ले बोलपत्रसाथ पेश गरेको बैंक जमानी पत्र यस कार्यालयका नाउँमा नभै संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका नाउँमा जारी भएको तथा ठेक्का नं. समेत उल्लेख नभएको ३) मचिन्द्र निर्माण सेवा म्याङ्गलुङ्ग ९ तेह्रथुमले च.नं.७४६ मिति २७ मे २०१६ मा निजका नाउँमा जारी भएको कार्यानुभवको प्रमाण पत्रको बुँदा नं.३ को (e) मा RCC.1:2:4 Works 420 cum उल्लेख भएकोमा 420 को शुरुको अंकमा ४ हातले थप गेरेको देखिदा सम्बन्धित कार्यालयबाट पुष्टयाइँ माग गर्दा 20 cum मात्र भएको स्पष्ट हुन आएको । ४) मचिन्द्र निर्माण सेवाले तेह्रथुम जिल्ला अदालतको भवन निर्माण कार्य सम्पन्न गरेको रु.३७९८३८४४।६१ सहित मुख्य कार्यको परिमाण समेत

खुलेको तर पत्रमा मचिन्द्र निर्माण सेवाको नाम उल्लेख नरहेको र तेह्रथुम जिल्ला अदालतको च.नं.९४५ मिति २०७०।३।३१ को अर्को पत्रमा खानी कुन्सालिङ्ग हिमालयम जे.भी.का सव- कन्ट्रेक्टर मचिन्द्र निर्माण सेवाले सोही भवन निर्माण कार्य सोही लागत रु. ३७९८३८४४।६१ मा सम्पन्न गरेको तर कामको परिमाण उल्लेख नभएको भनि राय माग भएको ।

राय तथा परामर्श :

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३० मा स्पष्ट व्यवस्था भएकाले सोही ब्यवस्था बमोजिम गर्नुपर्ने ।

## २. परामर्श सेवासंग सम्बन्धित राय परामर्श

मिति : २०७२।०५।१७

**राय परामर्श माग गर्ने निकाय** : श्री नेपाल बैङ्क लिमिटेड, प्रधान कार्यालय, धर्मपथ, काठमाण्डौ ।

राय माग गरिएको विषयः

Core Banking Software खरिद सम्बन्धी प्रक्रिया अनुरुप पेश हुन आएका EOI मध्ये EOI Evaluation Committee को मूल्याङ्कनका आधारमा तीनवटा फर्म छनौट गरी उक्त तीन वटा फर्मलाई मिति २०७१।११।२५ मा ९० दिनको अवधी दिई प्रस्ताव पेश गर्न सूचना दिइएकोमा सूचना गरिएको प्रस्ताव पेश गर्नुपर्ने अन्तिम दिनमा २ वटा कम्पनीको तर्फबाट ९० दिनको म्याद नवढाएमा Bid मा सहभागी नहुने भनी जानकारी गराएकोले संक्षिप्त सूचिमा परेका फर्म कम्पनी मध्ये एउटा मात्र फर्मको प्रस्ताव पेश भएकोमा खोली मूल्याङ्कन गर्न मिल्ने वा नमिल्ने ।

राय तथा परामर्श :

"सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ को उपदफा (२) मा यस सम्वन्धमा स्पस्ट उल्लेख गरिएको हुनाले सम्वन्धीत सार्वजनिक निकाय स्वयंले सो वमोजिम निर्णय लिन उपयुक्त हुने" ।

मितिः २०७२।०६।१९

**राय परामर्श माग गर्ने निकाय** : राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र, टेकु, काठमाण्डौं ।

राय माग गरिएको विषयः

परामर्शदाता छनौटका लागि आशयपत्र माग गर्दा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र समेत पेश गर्नु पर्ने भनिएकोमा केहि गैर सरकारी संस्थाहरूवाट उक्त मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र पेश नभएकोमा आयकर दर्ता प्रमाणपत्रको आधारमा छनौट गर्न सकिने या नसकिने ।

राय तथा परामर्श :

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० तथा ७७ (२) (ग) को प्रावधान अनुसार हुनुपर्ने ।

मितिः २०७२।०६।१९

**राय परामर्श माग गर्ने निकाय** : अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समिति ।

राय माग गरिएको विषयः

एक प्रस्तावदाताले सार्वजनिक निकायले उपलब्ध गराएको Technical Proposal Submission Form मुताविक नपाईएकोले उक्त प्रस्तावलाई सारभूतरूपमा प्रवाभग्राही मान्ने/नमान्ने ।

राय तथा परामर्श :

सार्वजनिक खरिद नियमवाली २०६४ को नियम ५४ वमोजिम वोलपत्र वा प्रस्ताव मान्य हुने अवधि ९० दिनको हुने भनि स्पस्ट व्यवस्था भएकोमा सो प्रावधान विपरित बोलपत्र/प्रस्ताव मान्य अवधि १८० दिन राखेको देखिन आएकोले ध्यनाकर्षण गरिएको छ र उल्लेखित विषयमा प्रतिस्पर्धालाई संकुचित नहुने गरि सम्वन्धीत निकायवाटै निर्क्योल गर्नुपर्ने ।

मितिः २०७२।०७।२४

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला विकास समितिको कार्यालय, म्याग्दी ।

राय माग गरिएको विषयः

५ वर्षे आवधिक जिल्ला विकास योजना तर्जुमा गर्नको लागी परामर्शदाता छनौट गर्ने क्रममा प्राविधिक तथा आर्थिक रुपले योग्य भई छनौट भएको परामर्शदातासंग सम्झौता गर्दा कार्यसम्पादन जमानत वापतको रकम राख्नु पर्ने/नपर्ने ?

**राय तथा परामर्श** :

परामर्श सेवाको लागी जारी भएको आशय पत्र तथा प्रस्ताव सम्वन्धित कागजातमा सो कार्यको लागी कार्यसम्पादन जमानत लिने व्यवस्था उल्लेख नभएको ।

मितिः २०७२।०७।२४

**राय परामर्श माग गर्ने निकाय** : नलसिंह गाड जलविद्युत आयोजना विकास समिति, काठमाण्डौ ।

**राय माग गरिएको विषयः**

Updating of feasibility study, Detailed Engineering Survey & Design and Environmental Impact Assessment Studies of Nalsing Gad Hydropower Project, Nepal (Storage Project- 410 MW) RFP No 01.2014/15 को लागी आव्हान गरिएको प्राविधिक एवं आर्थिक प्रस्ताव मध्ये स्थानिय परामर्शदाताले original / International प्रस्तावदाताले Dizital signature पेश गर्ने भनि RFP मा व्यवस्था गरेकोमा हाल उजुरी परेकाले Dizital signature लाई मान्यता दिन मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ वमोजिम कुनै पनि नियामक निकायमा परेको उजुरी सम्वन्धमा यस कार्यालयवाट राय प्रदान गर्न नमिल्ने ।

मितिः २०७२।०८।१०

**राय परामर्श माग गर्ने निकाय** : सुदर पश्चिम विकास आयोगको सचिवालय, डोटी ।

**राय माग गरिएको विषयः**

परामर्श सेवाको लागि प्रस्ताव आब्हान गरिएकोमा प्राविधिक प्रस्तावमा दुईवटा परामर्शदाता छनौट भएको र आर्थिक प्रस्ताव खोल्दा एउटा परामर्शदाताले पेश गरेको प्रस्तावमा अंक र अक्षरमा रकम फरक परेको तथा अक्षरमा उल्लेख गरेको रकम दुई पटक लेखिएको र प्रष्ट हुन नसकिएको तथा आर्थिक प्रस्ताव खोलिसकेपछि प्रस्तावदाताले प्राविधिक त्रुटीवस अक्षरमा गलत लेखिन गएकोले अंकमा उल्लेख गरेको रकम कायम गरि पाँउन निवेदन समेत पेश गरेकोले मूल्याङ्कनमा द्विविधा परेको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८० को उपनियम (२) मा स्पष्ट ब्यवस्था भएकोले थप राय दिई रहनु नपर्ने ।

मितिः २०७२।०९।२०

**राय परामर्श माग गर्ने निकाय** : श्री बन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार काठमाडौं ।

**राय माग गरिएको विषयः**

RFP Document मा Date- Feb २०१६ हुनुपर्नेमा Feb २०१५ हुन गएकोमा Technical र Financial Purposal खोली सकेको अवस्थामा प्रस्ताव स्वीकृत गर्न सकिने या नसकिने ।

**राय तथा परामर्श** :

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६७ को (१) (ख) बमोजिमको खरिदको हकमा यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।

मितिः २०७२।०९।२०

**राय परामर्श माग गर्ने निकाय** : श्री राष्ट्रिय एडस तथा यौन रोग नियन्त्रण केन्द्र ।

**राय माग गरिएको विषय :**

लागत अनुमान भन्दा वढी प्रस्ताव पेश गरेको अवस्थामा परामर्शदातासंग वार्ता गर्न सकिने या नसकिने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ३७ तथा नियमावली २०६४ को नियम ८१ मा स्पष्ट व्यबस्था भएकोले थप राय दिईरहन नपर्ने ।

मितिः २०७२।०९।२०

**राय परामर्श माग गर्ने निकाय** : श्री सिंचाई विभाग, मझौला सिचाई आयोजना जावलाखेल, ललितपुर ।

**राय माग गरिएको विषय:**

परामर्श सेवाको लागी प्राप्त ८ वटा आशयपत्र मध्ये दुईवटामा JV भएको फर्मले JV वाट फिर्ता भएको अवस्थामा आशयपत्र मूल्याङ्कनमा द्धिविधा भएको ।

**राय तथा परामर्श :**

परामर्शदाताको आशयपत्रको सूचि तयार गर्ने कममा कुनै एक परामर्शदाताले छनौट प्रकियावाट अलग हुन चाहेमा संक्षिप्त सूचि तयार गरिने आशयपत्र मूल्याङ्कनमा वाँकी फर्महरूलाई मात्र पनि मूल्याङ्कनमा राख्न सकिने ।

मितिः २०७२।०९।२७

**राय परामर्श माग गर्ने निकाय** : नलसिंह गाड जलविधुत आयोजना विकास समिति, काठमाण्डौ ।

**राय माग गरिएको विषय:**

त्यस आयोजनावाट गरिरहेको Updating of feasibility study, Detailed Engineering Survey & Design and Environmental Impact Assessment Studies of Nalsing Gad Hydropower Project, Nepal (Storage Project ४१०) MW) RFP No ०१.२०१४।१५ को लागी आव्हान गरिएको आर्थिक एवं प्राविधिक प्रस्तावको सूचना सम्वन्धमा पर्न आएका प्रस्तावहरू मध्ये प्राविधिक एवं आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गर्ने कममा केही द्धिविधा परेको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३५ तथा नियमावली, २०६४ को नियम ८० र ८१ मा आर्थिक प्रस्तावको मूल्याङ्कन सम्वन्धमा प्रष्ट व्यवस्था भएकोले यस कार्यालयवाट थप राय दिईरहनु नपर्ने ।

मितिः २०७२।१०।०३

**राय परामर्श माग गर्ने निकाय** : श्री शिक्षण अस्पताल, महाराजगंज काठमाडौं ।

**राय माग गरिएको विषय:**

प्रारम्भिक अध्ययन गरि लागत अनुमान र प्राविधिक विवरण सहितको प्रतिवेदन पेश गरे पश्चात सोही शिर्षकको कार्यान्वियनका लागी सार्वजनिक सूचनाद्धारा आव्हान गरिने वोलपत्रमा सोही कम्पनीले भाग लिन पाउने वा नपाउने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३८ मा प्रष्ट व्यवस्था भएकोले सोही प्रावधान वमोजिम गर्नुपर्ने ।

मिति :२०७२।१०।२९

**राय परामर्श माग गर्ने निकाय** : श्री सुदूर पश्चिम विकास आयोगको सचिवालय, दिपायल, डोटी ।

**राय माग गरिएको विषय :**

त्यस सचिवालयबाट समग्र सामाजिक आर्थिक विकास सम्बन्धी मध्यकालिन दृष्टिकोण तथा विषयगत विकास नीति र दिर्घकालिन योजना तर्जुमा कार्य सम्बन्धी अध्ययन कार्यको लागि आशयपत्र तथा सूचना आव्हान भई दुइवटा प्रस्तावदाताहरूको कूल प्राप्ताङ्कमा एउटाको ७०.६० र अर्कोको ७७.५२ हुन आएकोले फर्म छनौट गर्न द्धिविधा भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ मा स्पस्ट व्यवस्था भएकाले सोही अनुरुप र तहा कार्यालयवाट जारी गरिएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित प्रावधान अनुरुप तहा सचिवालयबाटै निर्क्योल गर्नुपर्ने ।

मिति :२०७२।१०।२९

**राय परामर्श माग गर्ने निकाय** : श्री रेडियो प्रसार विकास समिति, रेडियो नेपाल, सिंहदरवार, काठमाडौं ।

**राय माग गरिएको विषय :**

यस मन्त्रालय अन्तर्गत एशियाली विकास बैंकको अनुदान सहयोगमा संचालित सासेक सूचना राजमार्ग अन्तर्गत नियुक्त भएका निर्माण व्यवसायी ICRAFT Co. LTD ले गर्ने निर्माण तथा सप्लाइ सम्बन्धि कामको सुपरभिजन गर्न नियुक्त परामर्शदाता TCIL/TMS को भेरिएसन हडताल, चक्काजाम, भहाभुकम्प लगायतका विभिन्न कारणले गर्दा १५ प्रतिशत भन्दा बढी भएको र ए.डि.वि.को स्वीकृती तथा सहमतिमा सो भेरिएसन मन्त्रालयबाट स्वीकृत भएको अवस्था रहेको र यसरी

मन्त्रालयबाट स्वीकृत भएको १५ प्रतिशत भन्दा बढीको भेरिएसनलाइ म.ले.प.बाट वेरुजु औल्याइएको छ। सो परामर्शदाताको पुनः भेरिएसन गर्नु पर्ने भएकोले पहिले कै प्रकृया अवलम्वन गर्न द्विविधा हुन गएकोले सार्वजनिक खरिद ऐनको दफा ६७ कस्तो अवस्थामा प्रयोग गर्ने तथा सो दफा अवलम्वन गरेको अवस्थामा १५ प्रतिशत भन्दा बढीको भेरिएसन स्वीकृतीको निम्ति नेपाल सरकार समक्ष पेश गर्नुपर्ने, नपर्ने सम्बन्धमा ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र दफा २५ मा स्पस्ट व्यवस्था भएकाले र तहा कार्यालयवाट जारी गरिएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित प्रावधान अनुरुपनै निर्क्योल गर्नु पर्ने विषय भएकाले यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।

मितिः २०७२।११।१६

**राय परामर्श माग गर्ने निकाय** : श्री सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

**राय माग गरिएको विषय :**

दातृ निकाय ADB संगको अनुदान सम्झौता उल्लेखित (अनुदान सम्झौताको अंग Report to Director को बुँदा नं.४१) प्रावधान अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था अनुरुप आयोजनाको परामर्श सेवा सम्बन्धी भेरियशन आदेश स्वीकृत गर्ने प्रयोजनको लागि आकर्षित हुने वा नहुने र ऐनको उक्त दफा ६७ उपदफा १ को खण्ड (ख) को प्रावधानको प्रयोग सम्बन्धमा लेखा परिक्षण प्रश्चात द्विविधा हुन गएको ।

**राय तथा परामर्श :**

दातृ पक्षको खरिद निर्देशिकामा उल्लेख भएकोमा उक्त निर्देशिका बमोजिम र उल्लेख नभएको विषयमा सार्वजनिक खरिद ऐन, नियमावलीको व्यवस्था बमोजिम हुने ।

मितिः २०७२।१२।११

**राय परामर्श माग गर्ने निकाय** : श्री जल तथा मौसम विज्ञान विभाग, नागपोखरी, नक्साल, काठमाडौं ।

**राय माग गरिएको विषय :**

सार्वजनिक खरिद ऐन, २०६३ तथा सोको नियमावली, २०६४ को नियम १८ बमोजिम तयार भएको सूचिकृत भित्रबाट खरिद प्रकृया अगाडि बढाउने प्रयोजनार्थ सिताराम कन्सल्टेन्सी संग ऐ. को दफा ३१ बमोजिम आशय माग गरिएकोमा विभागमा कागजात बुझाउदा सितारा कन्सल्टेन्सीको नामबाट कागजात प्राप्त हुन आएकोले खरिद एकाईको विवरणमा भिडाउँदा सितारा कन्सल्टेन्सी नै भएको तर सूचिकृत हुँदा टाइपको त्रुटिले सिताराम भै नाममात्र फरक भएको कारण मूल्याङ्कन द्विविधा भएको ।

**राय तथा परामर्श :**

प्रस्तुत विषय प्रशासनिक समस्या भएको र प्राबिधिक भुल तथा मानविय त्रुटी अर्न्तगत पर्ने भएकाले यस सम्वन्धमा तहा कार्यालयबाटै निर्णय गर्नुपर्ने ।

मितिः २०७२।१२।१६

**राय परामर्श माग गर्ने निकाय** : श्री जिल्ला विकास समितिको कार्यालय, मन्थली, रामेछाप ।

**राय माग गरिएको विषय :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(३) (क) मा तीनवटा भन्दा कम दरभाउपत्र पेश भएमा उक्त दरभाउपत्र नखोली पुनः दास्रो पटक सूचना प्रकाशित गरि दरभाउपत्र माग गर्नु पर्ने व्यवस्था उल्लेख भएको छ। परामर्श सम्बन्धी कार्यको लागि यस्तो व्यवस्था भएको नपाईएकोले दरभाउपत्र माग गर्ने सम्बन्धी दफा नै आकर्षित हुने देखिएको र पेश भएको परामर्श सम्बन्धी प्रस्ताव मध्ये प्राविधिक प्रस्ताव खोलिएको कारण यस कार्यालयको मिति २०७२।११।०४ को निर्णयबाट उल्लेखित कार्यको पेश भएको माथि उल्लेखित परामर्शदाताहरूको प्रस्ताव पत्र रद्ध गरी यस कार्यालयमा सूचिकृत भएको परामर्शदाता मध्ये ६ वटा परामर्शदातासंग सिधै प्रस्तावपत्र माग गरी कार्य गराउने गरी निर्णय भए अनुसार सूचिकृत मध्येको ६ वटा फर्मलाई पत्रचार गरी प्रस्तावपत्र विक्रि गरेकोमा काष्ठमण्डप कन्सल्टेन्सी प्रा.लि.वाहेक अन्य ५ वटाले प्रस्तावपत्र पेश गरी प्राविधिक प्रस्ताव समेत खोली दुवै सडकका लागि होमल्याण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.को मात्र प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा ९५ अंक प्राप्त गरि पास भएको र दुवै सडकको कार्य एउटै जनशक्ति प्रयोग गरेर तोकेको समय सीमा भित्र कार्य गर्न सक्ने नसक्ने वा थप जनशक्ति र कार्य योजनाको सुनिश्चितता माग गर्ने मूल्याङ्कन समितिको मिति २०७२।१२।३ को शिफारिस अनुसार यस कार्यालयको उक्त पत्र लेखी सकेको । सार्वजनिक खरिद ऐनको दफा ४७ उपदफा १ बमोजिम

पुनरावलोकनको लागि निवेदन यस कार्यालयमा मिति २०७२।१२।८ मा दर्ता गराएकोले अव उक्त निर्णयहरू पुनरावलोकन गरि पुन: सूचना आव्हान गरी काम गराउने वा यस कार्यालयको दोस्रो निर्णयनुसार मौजुदा सूचिमा रहेको बाट मागेको प्रस्तावलाई नै पूर्ण रुप दिई कार्य बढाउन मिल्ने, नमिल्ने ।

राय तथा परामर्श :

सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को प्रावधान अनुरुप खरिद प्रकृया गरेको नदेखिएकोले उक्त खरिद प्रकृया रद्ध गरि सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को प्रावधान वमोजिम कारवाही अघि वढाउनु पर्ने ।

मितिः २०७३।०३।०९

**राय परामर्श माग गर्ने निकाय** : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं ।

राय माग गरिएको विषय :

World Bank बाट two stage bidding मार्फत Turnkey solution प्रक्रिया recommendation भई आएको छ । यस विभागबाट hardware, software, networking services र capacity development गरि चार भागमा टुक्राई खरिद गर्ने विकल्प प्रस्तुत रहेको थियो । यस किसिमको खरिद प्रक्रियामा two stage bidding विधि अवलम्बन गर्न हुन्छ/हुँदैन भनि राय माग भएको ।

राय तथा परामर्श :

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६७ को उपदफा २ (ख) को व्यवस्था बमोजिम नेपाल सरकार र दातृ पक्ष बीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेन्ट गाईडलाइन्स) अनुरुप खरिद गर्नु परेमा सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेन्ट गाईडलाइन्स) बमोजिम गर्नुपर्ने ।

## ३. मालसामान खरिदसंग सम्बन्धित राय परामर्श

मितिः २०७२।०४।२६

**राय परामर्श माग गर्ने निकाय** : नेपाल विद्युत प्राधिकरण ।

राय माग गरिएको विषय:

क) बोलपत्रदाता JV को एउटा Partner (head) ले मात्र बोलपत्र सम्बन्धी कागजात खरिद गरी उक्त पूर्व सम्मिलित दुई फर्महरूले JV बनाई सोही बोलपत्र सम्बन्धी कागजात भरी दर्ता गराएको बोलपत्र मान्य हुने वा नहुने ।

ख) Manufacturer ले जारी गरेको Manufacturers Authorication, JV को फर्मको सट्टामा head partner को नाममा जारी भएकोमा सो मान्य हुने नहुने सम्बन्धमा राय माग भएको ।

राय तथा परामर्श:

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२) को खण्ड (घ) बमोजिम सम्बन्धित ब्यक्ति, फर्म, संस्था वा कम्पनी आफैले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात भरी पेश गरे वा नगरेको परीक्षण गर्नु पर्ने र सो बमोजिम नभएको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ को खण्ड (घ) बमोजिम कारबाही नहुने ।

मितिः २०७२।०४।२६

**राय परामर्श माग गर्ने निकाय** : श्री वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, खुमलटार ललितपुर ।

राय माग गरिएको विषय:

क) परामर्शदाता ३ वटा संस्थाहरूले मिलेमतो गरि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(२) को (च) विपरितको कार्य गरेकाले सार्वजनिक खरिद नियमवाली २०६४ को नियम १४१ वमोजिम कालोसूचिमा राख्ने/नराख्ने सम्वन्धमा द्विविधा भएको ।

राय तथा परामर्श:

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१) को खण्ड (क) मा ऐनको दफा ६२ बमोजिमको आचरण विपरीत काम गरेको प्रमाणित भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को उपदफा (१) बमोजिम प्रक्रिया पुरा गरी कालोसूचिमा राख्न सम्बन्धित कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने स्पष्ट कानूनी ब्यवस्था रहेको हुँदा यसमा द्विविधा नदेखिएको ।

मितिः २०७२।०५।३१

**राय परामर्श माग गर्ने निकाय** : शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, वैतडी ।

**राय माग गरिएको विषयः**

जिल्ला कारागार कार्यालय बझाङ्गको भवन निर्माण कार्यको आशयपत्र जारी भई सम्झौतापत्रको लागि पत्राचार गर्दा कार्य सम्पादन जमानत प्रचलित कानून बमोजिम या अध्यादेश बमोजिम माग गर्ने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद (पहिलो संसोधन) अध्यादेश, २०७१, मिति २०७२।०३।२१ बाट निष्कृय भएकोले प्रचलित कानून वमोजिम गर्ने ।

मितिः २०७२।०५।३१

**राय परामर्श माग गर्ने निकाय** : सडक विभाग, बवरमहल, काठमाडौं ।

**राय माग गरिएको विषयः**

सार्वजनिक निर्माणको खरिद सम्झौता मूल्य र वोलपत्र अंक भन्नाले मूल्य अभिवृद्धि कर सहित वा रहित भन्ने सम्वन्धमा द्विविधा भएको ।

**राय तथा परामर्श :**

सम्झौतापत्रमा उल्लेख भए वमोजिम हुने भएकाले थप राय दिई रहनु नपर्ने ।

मितिः २०७२।०५।३१

**राय परामर्श माग गर्ने निकाय** : नेपाल नागरिक उड्डयन प्राधिकरण ।

**राय माग गरिएको विषयः**

एशियाली विकास बैङ्कको ऋण सहयोगमा संचालित आयोजनाको लागि वोलपत्रदाता छनौट भई सम्झौता गरि कार्यारम्भ समेत भैसकेको अवस्थामा एशियाली विकास बैंङ्कले उक्त फर्मलाई Anti Coruption Policy वमोजिम Temporary suspension गरिएकोले यस बैंङ्कको कुनै पनि सहयोगमा संचालित आयोजनाहरूमा सो फर्मलाई संलग्न नगराउने आशयको पत्र प्राप्त भएकाले ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६७ (१) ख वमोजिम सञ्चालन हुने सार्वजनिक खरिद प्रकृयामा थप राय दिई रहनु नपर्ने ।

मितिः २०७२।०६।१२

**राय परामर्श माग गर्ने निकाय** : नेपाल खाद्य संस्थान, सिंहदरवार प्लाजा, भद्रकाली ।

**राय माग गरिएको विषयः**

अघिल्लो आर्थिक वर्षमा शुरु भएको राशन खरिद (चामल) को प्रक्रिया यस आर्थिक वर्ष २०७२/०७३ मा वोलपत्र स्वीकृत गर्नुपर्ने अवस्था भएकाले सो अनुसार गर्न मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम (१) बमोजिम सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही शुरु गर्नु नसकिने तथा उपनियम (२) को खण्ड (क) मा बहुवर्षीय सम्झौता बमोजिम गरिने खरिदको हकमा पहिलो वर्षको लागि आवश्यक बजेट व्यवस्था भएपछि अन्य वर्षको लागि खरिद कारबाही गर्न रोक नलगाएको कानुनी व्यवस्थाको आधारमा प्रस्तुत विषयका सम्बन्धमा सार्वजनिक निकायबाट नै निर्णय हुनु पर्ने देखिएकाले थप राय दिई रहनु नपर्ने ।

मितिः २०७२।०६।१९

**राय परामर्श माग गर्ने निकाय** : प्रहरी प्रधान कार्यालय नक्साल, काठमाडौं ।

**राय माग गरिएको विषयः**

१. मूल्याङ्कनको क्रममा स्वदेशी तथा विदेशी उत्पादक कम्पनिले उत्पादन क्षमताका सम्वन्धमा पेश गरेका उद्योग विभाग, घरेलु तथा साना उद्योगले प्रदान गरेको प्रमाणपत्र र कम्पनिको लेटरहेडमा उल्लेखित क्षमता सम्वन्धमा ।

२. Tax Invoice तथा नगदी रसिदलाई मान्यता दिने सम्वन्धमा ।

३. विदेशी कम्पनीका Letter of Head र स्वदेशी कम्पनिको Chamber of Commerce को Certificate of Origine का कागजात पेश भएकोमा मान्यता दिने सम्वन्धमा ।

<u>राय तथा परामर्श :</u>

१. उत्पादन क्षमता जनाउने कागजात, नेपाल सरकारले तोकेको निकायवाट जारी गरिएको वा प्रमाणित वा उत्पादन क्षमता खुलाईएको कागजात समेतलाई आधार मान्न उपयूक्त हुने ।

२. शूल्क तिरेको रसिद आवश्यक परेको अवस्थामा परिक्षण कार्यको लागि कर विजकवाट समेत रकम वुझाएको देखिने अवस्थामा मूल्याङ्कनमा समावेश गर्न सकिने ।

३. मालसामान उत्पति मुलूकका सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको मालसामानको नमूना कागजातको बोलपत्रदतालाई निर्देशनको खण्ड no. 5.2 मा स्पस्ट व्यवस्था गरेकाले थप राय आवश्यक नपर्ने ।

मितिः २०७२।०६।१९

**राय परामर्श माग गर्ने निकाय :** नेपाल प्रहरी अस्पताल ।

<u>राय माग गरिएको विषयः</u>

साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड चालु आर्थिक वर्षको मौजुदा सूचिमा समावेश नभएकोले उक्त संस्थावाट सोझै सम्झौता गरि औषधी खरिद गर्न मिल्ने वा नमिल्ने साथै सोझै वार्षिक खरिद सिमा ३ लाख भन्दा वढी हुन सक्ने वा नसक्ने ।

<u>राय तथा परामर्श :</u>

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ तथा नियमावली २०६४ को नियम ८५ मा स्पस्ट व्यवस्था गरिएको हुँदा उक्त प्रावधानहरूको अधिनमा रही खरिद कार्य गर्नुपर्ने ।

मितिः २०७२।०७।१६

**राय परामर्श माग गर्ने निकाय :** प्रहरी प्रधान कार्यालय नक्साल, काठमाण्डौ ।

<u>राय माँग गरिएको विषय :</u>

मालसामान खरिद गर्दा कार्यालयवाट तोकिएको फरमेट (ढाँचा) वमोजिम वित्तिय श्रोत सम्वन्धी फाराम नभरेको सम्वन्धमा पूर्णताको परिक्षणमा पूर्ण भएको मान्न मिल्ने/नमिल्ने ।

<u>राय तथा परामर्शः</u>

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा २(ख) र उपदफा ३ (घ) अनुसार वोलपत्र मूल्याङ्कन गर्नु अघि बोलपत्र परिक्षण गरि एकिन गर्नु पर्ने व्यवस्था रहेकोले सोहि अनुसार परिक्षण गर्न उपयुक्त हुने ।

मितिः २०७२।०७।२४

**राय परामर्श माग गर्ने निकाय :** श्री वी.पी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरी ।

<u>राय माग गरिएको विषयः</u>

प्रतिष्ठानको e-Bidding Process मा Bidder प्रा.ली समेत रहेकोमा एकल फर्म र सोही व्यक्तिहरू समेत रहेको साझेदारी फर्मको विचमा प्रतिस्पर्धा देखाएकोले उक्त फर्महरूलाई मूल्याङ्कन गर्न सकिने, नसकिने ।

<u>राय तथा परामर्श :</u>

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा स्पस्ट व्यवस्था भएकाले थप राय दिईरहनु नपर्ने ।

मितिः २०७२।०७।२४

**राय परामर्श माग गर्ने निकाय :** शहिद गंगालाल हृदयरोग केन्द्र ।

<u>राय माग गरिएको विषयः</u>

त्यस केन्द्रमा आवश्यक पर्ने Stent (Drug Eluting and Barametal) वोलपत्रको माध्यामवाट खरिद गर्ने क्रममा प्राविधिक रूपमा योग्य देखिन आएका २ वटा वोलपत्रमा बराबर ईकाई दररेट प्राप्त भएकोले मूल्याङ्कन गर्न द्विविधा भएको ।

**राय तथा परामर्श :**

वोलपत्रको माध्यमवाट खरिद गर्ने क्रममा प्राविधिक रूपमा योग्य देखिन आएका २ वटा वोलपत्रमा वरावर ईकाई दररेट प्राप्त भएको अवस्थामा कसरी मूल्याङ्कन गर्ने भनि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमवाली, २०६४ मा कुनै व्यवस्था नभएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(२) र दफा ६५(२) को प्रतिवन्धात्मक वाक्यलाई समेत ध्यानमा राखी श्री शहिद गंगालाल हृदयरोग केन्द्रवाट सिफारिश गरि पठाएका उपयूक्त विकल्पहरू मध्ये उत्तम विकल्प वा गोप्य शिलवन्दीको माध्यामवाट उक्त दूईवटा वोलपत्रदातालाई घटाघटको माध्यमवाट दरभाउ पेश गर्न लगाउने कुन उपयूक्त हुन्छ सो सम्वन्धमा सार्वजनिक खरिद ऐन, २०६३ संसोधन नहुदा सम्मको लागी नीतिगत निर्णय गर्न आवश्यक भएकोले नीतिगत निर्णयको लागी नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नको लागी सक्कलै फाईल पठाउने ।

मितिः २०७२।०८।२४

**राय परामर्श माग गर्ने निकाय** : श्री चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल ।

**राय माग गरिएको विषयः**

२०७२/०७/१९ गते १२ वजेसम्म टेण्डर दर्ता हुनु पर्नेमा e-Tender मार्फत सूचना प्रकाशित भए बमोजिम PPMO Site Expired भएको देखाएकोले गोप्य शिलवन्दि दरभाउ वोलपत्र सम्वन्धमा के गर्ने ।

**राय तथा परामर्श :**

e-Bid र Hard Copy Submission गर्ने समय फरक पर्न गएको देखिएकोले e-Bid र Hard Copy Submission गर्ने समय एउटै हुनु पर्ने भनि स्मरण गराउने ।

मितिः २०७२।०८।२४

**राय परामर्श माग गर्ने निकाय** : श्री नेपाली सेना, कार्यरथी विभाग, सैनिक स्वास्थ्य महानिर्देशनालय, जंगी अड्डा ।

**राय माग गरिएको विषयः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा भएको व्यवस्था वमोजिम ५० प्रतिशत रिटेन्सन मनि फिर्ता गर्ने सम्वन्धमा आपूर्तिकर्ताको लागी समेत हो होईन द्विविधा परेको ।

**राय तथा परामर्श :**

सम्झौतापत्रमा उल्लेख गरिएको भए सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम १२४ मा आपूर्तिकर्ता समेत भनि स्पस्ट व्यवस्था गरेकाले सोही वमोजिम भुक्तानी गर्नुपर्ने ।

मितिः २०७२।०८।२४

**राय परामर्श माग गर्ने निकाय** : श्री शिक्षण अस्पताल महाराजगंज, काठमाडौ ।

**राय माग गरिएको विषयः**

बोलपत्र आब्हान बमोजिम वोलपत्रमा उल्लेखित प्रावधान अनूरुप country of origin फरक परेमा आपूर्तिकर्ताबाट country of Origin फरक परेको सामान स्वीकार गर्न सकिने वा नसकिने ?

**राय तथा परामर्श :**

सम्झौता कार्यान्वयन गर्ने जिम्मेवारी सम्वन्धित सार्वजनिक निकायको हुने भएकाले यस कार्यालयवाट राय दिईरहनु नपर्ने ।

मितिः २०७२।०८।२४

**राय परामर्श माग गर्ने निकाय** : श्री स्वास्थ्य सेवा विभाग, आपुर्ति व्यवस्था महाशाखा टेकु, काठमाण्डौ ।

**राय माग गरिएको विषयः**

आपुर्ति व्यवस्था महाशाखा र Alpha Medicine Distributer विच भएको Multi year contract वमोजिम जम्मा ४ वटा आईटमहरू मध्य ३ वटा आईटम Specification मा तोकिए वमोजिम भएको र एक (१) वटा तोकिए वमोजिमको नभएकोले Partially contract Termination को लागी दिएको भुक्तानी सम्वन्धमा कसरी असूलउपर गर्ने भनि राय परामर्श माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ को उपनियम (२) को खण्ड (ख) र (ग) मा प्रष्ट व्यवस्था भएकोले थप राय दिईरहनु नपर्ने ।

मिति: २०७२।०९।२०

**राय परामर्श माग गर्ने निकाय** : प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।

**राय माग गरिएको विषय:**

घोडा संख्या ८ को लागि मिति २०७२/०७/१२ को बोलपत्र आव्हानको सूचना पश्चात २०७२/०७/२३ गते नेपाली सेनावाट थप १० वटा घोडाहरू प्राप्त भएकाले २०७२/०७/१२ को बोलपत्र आव्हानको सूचना बमोजिम छनौट भएको वोलपत्रदातासंग उक्त थप घोडाहरू समेतको लागी सम्झौता गर्न मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श :**

तहाँ कार्यालयबाट जारी बोलपत्र सम्वन्धी कागजातको बोलपत्रदतालाई निर्देशन ३५ मा स्पस्ट व्यवस्था गरेको देखिएकाले यस सम्वन्धमा थप राय दिईरहनु नपर्ने ।

मिति: २०७२।०९।२०

**राय परामर्श माग गर्ने निकाय** : श्री स्वास्थ्य सेवा विभाग, आपुर्ति महाशाखा टेकु, काठमाण्डौ ।

**राय मांग गरिएको विषय:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को (२) (ख) र (घ) तथा उपदफा (३), (४) र (५) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ वमोजिम एक आईटममा भएको सम्झौता वमोजिम भुक्तानी गरिएको रकम स्पेसिफिकेशन बमोजिमको सामान आपूर्ति नभएको अवस्थामा असूल उपर सप्लायर्सवाट गर्न मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श :**

खरिद सम्झौता सम्वन्धी कागजातमा उल्लेखित दायित्व पालना गर्ने गराउने जिम्मेवारी सम्वन्धीत सार्वजनिक निकायको हुने भएकाले यस कार्यालयको राय आवश्यक नपर्ने ।

मिति :२०७२।१०।२९

**राय परामर्श माग गर्ने निकाय** : श्री प्रहरी प्रधान कार्यालय, प्रवन्ध शाखा, नक्साल, काठमाडौं ।

**राय माग गरिएको विषय :**

माल सामान खरिद सम्बन्धीको बोलपत्र फारममा In order to insecure the quality of the products, Bidder/Manufacturer are required to submit authentic SGS (socite General de Survellance) or ITS (Internet Testing Service) test report of the sample being submitted with bidding documents mentioning name of Bidder/Manufacturer and product name on test report उल्लेख गरेकोमा Thickness of vamp, quarter and counter: 2.2 mm उल्लेलख भएको परिक्षण प्रतिवेदनको Result मा Fail लेखि आएकोले पुनः सम्बन्धित परिक्षण गर्ने निकायलाई पत्रचार गर्दा 1.8mm-2mm भन्दा 2.2mm गुणस्तरीय भनि लेखि आएको हुदा उक्त फरकलाई सानातिना फरक (minor Deviation) मानि मूल्याङ्कन प्रकृयामा अगाडि बढाउन मिल्ने/नमिल्ने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र दफा २५ मा स्पष्ट व्यवस्था भएकाले यस कार्यालयवाट राय दिई रहनु नपर्ने ।

मिति :२०७२।१०।२९

**राय परामर्श माग गर्ने निकाय** : स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखा, टेकु, काठमाडौं ।

**राय माग गरिएको विषय :**

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना भए पश्चात उक्त सूचना उपर स्लाइस नं. १ देखि ५ को हकमा घनघश्या ढुवानी सेवा प्रा.लि. ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम यस विभाग समक्ष पुनरावलाकनको लागि निवेदन पेश गरेकोमा उक्त निवेदनमा उल्लेखित व्यहोरामा छलफल हुँदा अन्य सार्वजनिक निकाय (सशस्त्र प्रहरी बल) को ढुवानीको सम्बन्धमा श्री अदिति ट्रान्सपोर्ट, काठमाडौं (प्रोपाइटर भरत कुमार थापा) ले भ्रष्टाचार जन्य कार्य गरेको तथा भ्रष्टचार जन्य कार्यमा मिलेमतो गरेको भनि उक्त अदिति ट्रान्सपोर्ट, काठमाडौं तथा प्रोपाइटर भरत कुमार थापा विरुद्ध अख्तियार दुरुप्रयोग अनुसन्धान आयागले मिति २०७२।१०।१८ को विशेष अदालतमा आरोप पत्र दर्ता गराएको अ.दु.अ.आ.को २०७२।१०।१८ को विज्ञप्तीबाट जानकारी प्राप्त भएकोले सवैधानिक निकायबाट निज अदिति टान्सपोर्ट, काठमाडौंको ढुवानी सेवा सम्बन्धमा

विश्वसनियता कायम हुन नसकेको देखिएको सन्दर्भमा उत्पन्न भएको परिस्थितीको कारणले उक्त फर्मसग सम्झौता गरी ढुवानी सेवा लिन सकिने नसकिने विषयमा द्विविधा भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६१,६२ र ६३ (१) (घ) को व्यवस्था अनुरुप भए नभएको सम्वन्धमा ऐ. ऐनको दफा ७१ बमोजिम गठित मूल्याङ्कन समितीको सिफारिश बमोजिम गर्नु पर्ने ।

मिति :२०७२।१०।२९

**राय परामर्श माग गर्ने निकाय :** श्री राष्ट्रिय पशु प्रजनन् केन्द्र, कास्की, पोखरा ।

**राय माग गरिएको विषय :**

यस केन्द्रमा दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरी जानकारी गराइएको अवस्थामा मिति २०७२।८।३ गते श्री कार्की कृषि सामाग्री भण्डार पोखरा १८, कास्कीले दरभाउपत्रदाता श्री दिपशिखा भेटेरिनरी सेन्टर डि.जी. ट्रेड एण्ड सप्लायर्सका प्रोप्राइटर श्री गीता रानाभाट सम्बन्धि कार्यालय अर्थात यस केन्द्रमा प.से.प्रा. (रा.प.अनं.प्र. श्रेणी) का श्री दिपक रानाभाटकी पत्नी भएकोले श्री गीता रानाभाटको नाउँमा दर्ता रहेको श्री दिपशिखा भेटेरिनरी सेन्टर, पोखरा १७ को नाउँमा दरभाउपत्र स्वीकृत गरि निजामती सेवा ऐन, २०४९ तथा निजामति सेवा नियमावली, २०५० ले निर्दिष्ट गरेको निजामति कर्मचारीले प्रत्यक्ष वा अप्रत्यक्ष व्यापार व्यवसाय गर्न नपाउने प्रावधान रहेकोमा सो को वर्खिलाप हुने गरी आफ्नै कार्यालयले आव्हान गरेको बोलपत्रमा उक्त पशु प्रजनन केन्द्रमा प्रा.स. पदमा कार्यरत कर्मचारी श्री दिपक रानाभाटकी श्रीमती गीता रानाभातको नाममा दर्ता रहेको श्री दिपशिखा भेटेरिनरी सप्लायर्सको नाउँमा कर्मचारी समेतको मिलोमतोमा दरभाउपत्र स्वीकृत गराएकोले उक्त काम निजामति कर्मचारी ऐन र नियमावली समतका विपरीत रहेको हुँदा उक्त स्वीकृती टेण्डर बदर गरी पाउँ भनी श्री मोहन वहादर कार्कीले मिति २०७२।०८।०३ मा यस केन्द्रमा निवेदन गराउन सक्नेगरी दरभाउपत्र पेश भएको व्यहोरा अनुरोध छ । श्री दिपशिखा भेटेरिनरी सेन्टर, पोखरा १७, विरौटाको दरभाउपत्र स्वीकृत गर्न वा उक्त फर्म भन्दा बढी अर्थात दोश्रो घटी श्री कार्की कृषि सामाग्री भण्डार, पोखरा १८ को दरभाउपत्र स्वीकृत गर्न सम्बन्धमा द्विविधा पर्न गएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६१ (च) ६२ र ६३ (१) (घ) को व्यवस्था अनुरुप भए नभएको सम्वन्धमा ऐ. ऐनको दफा ७१ बमोजिम गठित मूल्याङ्कन समितीको सिफारिश बमोजिम गर्नु पर्ने र सार्वजनिक खरिद ऐन २०६३ को दफा ६१ (च) ६२ र ६३ (१) (घ) को व्यवस्था बिपरितको कार्य गरेको भए दफा ६३ र प्रचलित अन्य कानुन बमोजिमको कारवाहीको प्रकृया अघि बढाउनु पर्ने ।

मिति :२०७२।१०।२९

**राय परामर्श माग गर्ने निकाय :** श्री रेडियो प्रसार विकास समिति, रेडियो नेपाल, सिंहदरवार , काठमाडौं ।

**राय माग गरिएको विषय :**

बोलपत्र आव्हान गर्दा Water Cooling System वा Air Cooling System मध्येबाटै खरिद गर्ने भनि सूचनामा उल्लेख नभएको र Technical specification मा मात्रै Air Cooling System उल्लेख भएकोले Water Cooling System को जेनरेटरको पनि बोलपत्र पेश भएको र स्वीकार गरेको अवस्था र स्थिति रहेको कारण न्युन मुल्य भएको Water Cooling System को जेनरेटरको बोलपत्र प्राप्त भएको तर समितिको निर्णयानुसार Air Cooling System खरिद गर्ने भएको देखिएको हुँदा सो जेनरेटरको न्युनतम मुल्य भ्याट वाहेक रु. ३४,५१,३२७- कायम भएको र सो रकम को भन्दा रु. ९,६१,३२७४३ आधिक देखिएकोले खरिद गर्न समस्या उत्पन्न भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र दफा २५ मा स्पस्ट व्यवस्था भएकाले र तहा कार्यालयवाट जारी गरिएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित प्रावधान अनुरुप नै निर्क्योल गर्नु पर्ने विषय भएकाले यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।

मिति: २०७२।११।०६

**राय परामर्श माग गर्ने निकाय :** श्री जनसंख्या तथा वातावरण मन्त्रालय, कानुन तथा फैसला कार्यान्वयन शाखा ।

**राय माग गरिएको विषय :**

वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, खुमलटारले दुर्गम जिल्लाहरूमा Electro Mechanical Equipment हेलिकप्टरबाट ढुवानी गर्ने सम्बन्धी बोलपत्र आव्हान हुदा बोलपत्र दाखिला गर्ने अन्तिम मिति Bidding Document मा १६ अगष्ट २०१५ भई वितरण भएको र बोलपत्र आव्हानको सूचना प्रकाशित हुँदा १७ अगष्ट २०१५ भई राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन भएकोमा छनौट भएको बोलपत्र १७ अगष्ट २०१५ मा दर्ता भएको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी समेत

परेको छ । सूचना प्रकाशन भएको मिति बोलपत्र सम्बन्धी कागजातमा उल्लेख मिति मध्ये कुनचाही मितिलाई आधिकारिक भन्ने भन्ने सम्बन्धमा द्विविधा हुन गएको ।

**राय तथा परामर्श :**

बिवाद उत्पन्न भई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत अनुसन्धानको क्रममा रहेको भन्ने तहावाट प्रेषित पत्रमा नै उल्लेख भएको हुँदा यस कार्यालयवाट राय प्रदान गर्न उपयूक्त नहुने ।

मितिः २०७२।११।१३

**राय परामर्श माग गर्ने निकाय** : श्री प्रहरी प्रधान कार्यालय, प्रवन्ध शाखा, नक्साल, काठमाडौं ।

**राय माग गरिएको विषय :**

मालसामान खरिद गर्न स्वीकृत बोलपत्रदाता प्रिन्सिपल कम्पनीसंग सामान खरिदको सम्झौता भई नेपाल राष्ट्र बैंक मार्फत उक्त कम्पनीले तोकेको विदेश स्थित बैंकको नाममा प्रतितपत्र खोल्ने क्रममा उक्त विदेश स्थित बैंकले नेपाल राष्ट्र बैंकले पठाएको प्रतितपत्र उक्त देश र बैंकको कानून/नियमाअनुसार स्वीकार गर्न नसकेको जानकारी नेपाल राष्ट्र बैंकमा पठाए पश्चात सम्बन्धित प्रिन्सिपल कम्पनीले बोलपत्र पेश गर्दाका बखत आपूर्ति गरिने मालसामानको उत्पादक कम्पनी भनी तोकेको कम्पनी र उक्त कम्पनीले तोकेको बैंकको नाममा प्रतितपत्र खोलि प्रतितपत्र स्वीकार गर्न उत्पादक कम्पनी, प्रिन्सिपल कम्पनी र स्थानिय एजेन्ट समेत मञ्जुर भई खरिद कर्तालाई प्रतितपत्र संसोधनको लागि लेखि आएको हुँदा सम्झौता गरिएको प्रिन्सिपल कम्पनीको सट्टा उत्पादक कम्पनीले भुक्तानी पाउने गरी प्रतितपत्र संसोधन गरी खरिद गर्न मिल्ने वा नमिल्ने भनि राय परामर्श माग भएको ।

**राय तथा परामर्श :**

श्री महालेखा नियन्त्रकको कार्यालय र नेपाल राष्ट्र बैंक संग सम्वन्धित देखिएकाले उक्त निकायहरूसंग रायसुझाव माग गर्नु पर्ने ।

मितिः २०७२।११।१६

**राय परामर्श माग गर्ने निकाय** : श्री राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरवार, काठमाडौं ।

**राय माग गरिएको विषय :**

१७ वटा प्याकेजहरूमा कुल रु. ५०,००,५६६।४० लागत इष्टिमेट स्वीकृत गरी प्रस्ताव आव्हान गरिएकोमा रु. ३,०३,४०५।- को प्याकेजमा एक मात्र प्रस्ताव पेश हुन आएकोले सो प्रस्तावलाइ मूल्याङ्कनमा समावेश गरी प्रस्तावित संस्थाबाट सेवा प्राप्त गर्ने हुने वा नहुने विषयमा द्विविधा भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ३६ को व्यवस्थाको बिपरित नदेखिएको अवस्थामा प्राप्त प्रस्तावलाई मूल्याङ्कन गर्न बाधा नपर्ने ।

मितिः२०७२।११।२३

**राय माग गर्ने निकाय** : स्वास्थ्य सेवा विभाग, टेकु ।

**राय परामर्श माग गरिएको विषय :**

रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन भई खरिद सम्झौता गर्ने क्रममा स्वदेशी बोलपत्रदाताले विदेशी मुद्रामा कबोल गरेको सन्दर्भमा सोहि मुद्राको बराबरको आवश्यक नेपाली रुपैयामा Performance Security पेश गरेको हुँदा नेपाली रुपैयाको Performance Security मान्य हुने वा नहुने द्विविधा उत्पन्न भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६७ (१) (ख) वमोजिम हुने सार्वजनिक खरिद प्रक्रियामा नेपाल सरकार र दातृ पक्ष विच भएको सम्झौता वमोजिम सो पक्षको खरिद निर्देशिका अनुरुप गर्नु पर्ने भएकाले थप राय दिईरहनु नपर्ने ।

मिति :२०७२।११।३०

**राय परामर्श माग गर्ने निकाय** : श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।

**<u>राय माग गरिएको विषय :</u>**

Length of Rib of Hand cuff of vest र Length of Rib of Leg cuf of trouser को परीक्षणमा गर्ने संस्थाले टुङ्गाई दिएको भनि मिति २०७२।११।१६ मा निवेदनसाथ पेश गरेको हुँदा सो लाई मूल्याङ्कनको क्रममा समावेश गरी मूल्याङ्कन गर्न मिल्ने वा नमिल्ने भनि राय माग भएको ।

**<u>राय तथा परामर्श :</u>**

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र बोलपत्र कागजातमा उल्लेखित विषयहरूमा द्विविधा परेको नदेखिएको तर मूल्याङ्कनको क्रममा प्राविधिक परिक्षण आदि कुराहरू सम्बन्धित निकायको बोलपत्र मूल्याङ्कन समितिबाट निर्क्यौल गर्नुपर्ने देखिएकोले यस कार्यालयबाट राय दिई रहनु नपर्ने ।

मितिः २०७२।१२।०१

**राय परामर्श माग गर्ने निकाय** : श्री कृषि सामाग्री कम्पनी लिमिटेड, कुलेश्वर, काठमाडौं ।

**<u>राय माग गरिएको विषय :</u>**

न्यूनतम दररेट उल्लेख गर्ने बोलपत्रदाता Wilson Wilson International Trading Pvt.Ltd, Singapore ले पेश गरेको Manufacturer Certificate मा AICL को नाम र बोलपत्र सूचना नं. उल्लेख नभएको र "Offered by Wilson International Trading Pvt.Ltd" उल्लेख गरेको देखिन्छ । Certificate of Analysis Use मा AICL को नाम र सूचना नं. उल्लेख गरी उत्पादक कम्पनीको नाम उल्लेख नगरेको देखिएको हुँदा मूल्याङ्कन गर्न मिल्ने वा नमिल्ने विषयमा द्विविधा उत्पन्न भएको ।

**<u>राय तथा परामर्श :</u>**

प्रस्तुत विषयमा उक्त वोलपत्रदाता Wilson International Trading Pvt. Ltd, Singapore वाट पेश हुन आएको वोलपत्रमा, वोलपत्र परिक्षण गर्ने सिलसिलामा केही अपुग भएको देखिई सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ (४) वमोजिम तहा कार्यालयवाट मिति २६।०२।२०१६ को Ref. no. २८९ र २९० तथा Ref. no. २८४ र २८५ वाट प्रमाणपत्र जारी गर्ने कम्पनीको नाममा Varification on Certificate of Analysis and Certificate of Agriculture Use तथा Varification on Manufacture Certificate माग गरेकोमा उक्त कम्पनीहरूवाट समेत प्रमाणीकरण भई आएको यस कार्यालयमा राय परामर्शको लागी पेश हुन आएका कागजातवाट देखिएकोले उक्त वोलपत्रलाई समेत मूल्याङ्कन प्रकृयामा समावेश गर्नु पर्ने ।

मितिः २०७२।१२।११

**राय परामर्श माग गर्ने निकाय** : श्री नेपाली सेना, प्रबन्ध तथा संभाररथी विभाग, सैनिक सामाग्री प्राप्ति निर्देशनालय, प्राप्ति महाशाखा, जङ्गी अड्डा ।

**<u>राय माग गरिएको विषय :</u>**

व्यवसाय इजाजत पत्र पेश नगरेको बोलपत्रदाताको बोलपत्र स्वीकार गर्न मिल्ने, नमिल्ने सम्बन्धमा ।

**<u>राय तथा परामर्श :</u>**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम २(ख) निर्माण व्यवसायीले निर्माण व्यवसाय सञ्चालन गर्ने उद्देश्यले निर्माण व्यवसायी सम्वन्धी प्रचलित कानुन बमोजिम प्राप्त गरेको प्रमाणपत्रलाई बुझाउने हुँदा मालसामान आपूर्तिको हकमा ऐ. नियमावलीको नियम ४० को उपनियम २ को (क) आकर्शित हुने हुँदा सो बमोजिमको कागजात पेश गरेको भए मूल्याङ्कन प्रकृयामा उक्त बोलपत्रलाई समेत समाबेश गर्न सकिने ।

मितिः २०७२।१२।११

**राय परामर्श माग गर्ने निकाय** : श्री व्यवस्थापिका-संसद, उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समिति, व्यवस्थापिका संसद सचिवालय, सिंहदरबार, काठमाडौं

**<u>राय माग गरिएको विषय :</u>**

सार्वजनिक खरिद ऐनको दफा ४१ (१) (ग) को प्रावधानमा व्यवस्था भए बमोजिम खरिद गरिने मालसामान आपूर्ति गर्ने अधिकार एउटा मात्र आपूर्ति कर्ता संग भएको र अन्य उपयुक्त विकल्प नभएको भन्ने कानूनी प्रावधान आकर्षित हुन्छ वा हुदैन पशुपति हाइनर्जी विस्कुट भन्ने ट्रेडमार्कले एक मात्र उत्पादक कम्पनी भनि सोझै खरिद गर्ने र बाह्र बर्षिय ठेक्का लगाउने विषय सार्वजनिक खरिद ऐनको कानूनी प्रावधान, मर्म र भावना अनूकुल हुने वा होइन ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले खुल्ला रूपमा बोलपत्र आव्हान गर्नुपर्ने र योग्य बोलपत्रदाताहरूलाई त्यस्तो खरिद प्रकृयामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने भनि प्रष्ट व्यवस्था भएकाले एक मात्र उत्पादक कम्पनी भनि सोझै खरिद गर्ने र बहुबर्षिय ठेक्का लगाउने विषय सार्वजनिक खरिद ऐनको कानुनी प्रावधान, मर्म र भावना बिपरित हुने ।

मितिः २०७२।१२।१४

**राय परामर्श माग गर्ने निकाय** : श्री नेपाली सेना, बहु व्यवसाय उद्योग (पहिरन सामाग्री शाखा), कालीकास्थान ।

**राय माग गरिएको विषय :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा २ बमोजिम परिक्षण गर्दा उक्त फर्मको सार्वजनिक खरिद नियमावलीको नियम ४० को उपनियम २ को खण्ड (ख) बमोजिम व्यवसाय दर्ता इजाजत पत्र पेश नगरेको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम २(ख) निर्माण व्यवसायीले निर्माण व्यवसाय सञ्चालन गर्ने उद्देश्यले निर्माण व्यवसायी सम्वन्धी प्रचलित कानुन बमोजिम प्राप्त गरेको प्रमाणपत्रलाई बुझाउने हुदा मालसामान आपूर्तिको हकमा ऐ. नियमावलीको नियम ४० को उपनियम २ को (क) आकर्शित हुने हुँदा सो बमोजिमको कागजात पेश गरेको भए मूल्याङ्कन प्रकृयामा उक्त बोलपत्रलाई समेत समाबेश गर्न सकिने ।

मितिः २०७२।१२।१६

**राय परामर्श माग गर्ने निकाय** : श्री पोखरा विश्व विद्यालय, परिक्षा नियन्त्रण कार्यालय, कास्की, नेपाल ।

**राय माग गरिएको विषय :**

सिलबन्दी दरभाउपत्र खोल्दा न्यूनतम बोल कबोल गर्ने दरभाउपत्रदाताले दरभाउपत्र फराम साथ अनिवार्य रूपमा संलग्न गर्नुपर्ने भनि उल्लेख भएको खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको, सम्बन्धित पेशा व्यवसाय सम्बन्धि कसूरमा आफुले सजाय नपाएको भनि उल्लेख भएको स्वघोषणापत्र संलग्न नगरेको र अन्य दरभाउपत्रदाताको कबोल रकम कार्यालयको स्वीकृत लागत अनमान भन्दा बढी भएको अवस्था सिर्जना भएको छ । यस खरिद कारवाहीलाई रद्ध गरी अर्को प्रकृया शुरु गर्दा बैशाख ८ गते आयोजना हुने दीक्षान्त समारोहका लागि फोल्डर खरिद गर्ने कार्य सम्पन्न हुन नसक्ने भई दीक्षान्त समारोह नै प्रभावित हुन जाने भएकाले जसरी पनि फोल्डर खरिद गर्नका लागि के गर्न सकिन्छ भनि राय माग भएको ।

**राय तथा परामर्श :**

मिति २०७२।१२।१४ प.सं ०७२/७३ च.नं २८३ को पत्र प्राप्त भई ब्यहोरा अवगत भयो । प्रस्तुत विषयमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम शिलवन्दी दरभाउपत्र आव्हानको प्रकृया पुरा गरेको नदेखिदा उक्त शिलवन्दी दरभाउपत्र नै रद्ध हुने ।

मितिः२०७२।१२।१७

**राय माग गर्ने निकाय** : नेपाली सेना, प्रबन्ध तथा संभार रथी विभाग, सैनिक सामाग्री प्राप्ति निर्देशनालय, प्राप्ति महाशाखा, जङ्गीअड्डा ।

**राय माग गरिएको विषय :**

आपूर्तिकर्ता कम्पनी M/S Sap Services Pvt.Ltd, Singapore ले आफ्नो कम्पनीको बदला बोलपत्रमा उल्लेख गरेको आफ्नो उत्पादक कम्पनी M/S China North Industries Corporation (NORINCO), China को नाममा प्रतितपत्र खोलि दिन यस विभागमा अनुरोध गरेको । साथै, उक्त अनुरोध पत्रका साथ उत्पादक कम्पनी M/S China North Industries Corporation (NORINCO), China ले स्वीकार गर्ने र आफनो पनि सामान आपूर्तिमा पूर्ण जिम्मेवारी रहने भनि दिएको Declaration Letter पनि समावेश गरेकोले उत्पादक कम्पनीको नाममा प्रतितपत्र खोल्न मिल्ने/नमिल्ने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

श्री महालेखा नियन्त्रकको कार्यालय र नेपाल राष्ट्र बैङ्क संग सम्वन्धित देखिएकाले उक्त निकायहरूसंग राय परामर्श माग गर्नु पर्ने ।

मितिः २०७२।१२।२३

**राय परामर्श माग गर्ने निकाय** : श्री जिल्ला स्वास्थ्य कार्यालय, जुम्ला ।

**राय माग गरिएको विषय :**

१) बोलपत्र बिक्री गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको र सूचनामा ३० औं दिन भित्र खरिद गरिसक्नु पर्ने भनिएको अवस्थामा ३१ औं दिनमा बोलपत्र बिक्री गर्न मिल्ने थियो वा नमिल्ने ?

२) बोलपत्र मिति २०७२।१२।१४ गते खोल्नु पर्नेमा सो दिन जिल्ला प्रशासनको मौखिक निर्देशनमा रोकिएको । अब उप्रान्त दर्ता भैसकेका बोलपत्रलाई निरनतरता दिई ऐन कानून बमोजिम खोल्न मिल्ने वा नमिल्ने ?

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को प्रावधान बमोजिमको प्रकृया पुरा गरेको नदेखिदा उक्त बोलपत्र प्रकृयानै रद्ध हुने ।

मिति:२०७३।०१।८

**राय माग गर्ने निकाय** : चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, महाबौद्ध ।

**राय माग गरिएको विषय :**

१) National Electric Tech Pvt. Ltd. EMG/NCV-EP System को बोलपत्र पेश गर्दा "Unit Price 3 EXW (in NRS) लाई सच्चाई INR बनाई रकम उल्लेख गरेको ।

२) Bipolar Coutery with vessel sealing system for urology को बोलपत्र पेश गर्दा "Unit Price -1 EXW (in NRS) लाई सच्चाएर Uro($) बनाई रकम उल्लेख गरेको ।

**राय तथा परामर्श :**

प्रस्तुत विषयहरूमा क्रमश : EMG/NCV-EP System को बोलपत्र पेश गर्दा "Unit Price 3 EXW (in NRS) लाई सच्चाई INR बनाई रकम उल्लेख गरेको बोलपत्र पेश गरेको र Bipolar Coutery with vessel sealing system for urology को बोलपत्र पेश गर्दा "Unit Price-1 Exw (in NRS) लाई सच्चाई Uro($) बनाई रकम उल्लेख गरेको बोलपत्र पेश गरेको आधिकारिक मान्यता पाउने, नपाउने राय माग भई आएको सम्बन्धमा तहा कार्यालयवाट जारी गरिएको वोलपत्र सम्वन्धि कागजातमा उल्लेख गरेको प्रावधान र सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा (२) को (ख) बमोजिम मूल्याङ्कन गर्न सकिने ।

मिति: २०७३।०१।२२

**राय परामर्श माग गर्ने निकाय** : श्री प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम, तिलगङ्गा, काठमाडौं ।

**राय माग गरिएको विषय :**

- Bid Document मा तीन वर्षको अवधिमा कुनै एक सम्झौता (Single Contract) रु. ६० लाख बराबरको हुनुपर्ने शर्त भएकोमा JV मा बोलपत्र पेश गर्ने बोलपत्रदाताहरूमध्ये एउटा कम्पनीको मात्र रु. ६० लाख Single Contract भएको देखिएको अन्य २ वटा कम्पनीको नभएको ।
- Bid Document मा Manufacturing Authorization Letter पेश गनुपर्ने शर्त रहेमा Joint Venture मा बोलपत्र पेश गर्ने बोलपत्रदाताको Manufacturing Authorization Letter, JV (Joint Venture) को नाममा नभई त्यो भित्रको कुनै एउटा कम्पनीको नाममा मात्र रहेको देखिन्छ, जुन कम्पनीको अनुभव ६ वर्षको छैन र Average Annual Turnover पनि ७३ हजार ६ सय ६६ मात्र रहेको छ, जुन Bid Document मा माग गरेबमोजिम (एक करोड पचास लाख) भन्दा कम रहेको अवस्थामा मूल्याङ्कन गर्न द्धिविधा भएको ।

**राय तथा परामर्श :**

पत्रमा उल्लेख गरिएको कार्यानुभव र सरदर बार्षिक कारोवार विषयको सम्वन्धमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को उपदफा (५) वमोजिम तहा कार्यालयबाट जारी गरिएको बोलपत्र सम्वन्धि कागजातको मूल्याङ्कन प्रावधान अनुरुप नै मूल्याङ्कन गर्नु पर्ने र Manufacturing Authorization Letter को सर्न्दभमा संयुक्त उपक्रम वा एकल बोलपत्रदाताको नाममा जारी गरिएको अवस्थामा मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मिति: २०७३।०१।२७

**राय परामर्श माग गर्ने निकाय** : श्री कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर ।

**राय माग गरिएको विषय :**

आपूर्तिकर्ता सँग पत्राचार गर्दा आपूर्तिकताको तर्फबाट पेपर कागजात र Indian Standard को कागजात पेश गरेको ( कागजातको फोटोकपी संलग्न छ) र अन्य निकायमा +- 2.5 percent सम्म स्विकार गर्न सकिने व्यवस्था रहेको भन्ने जानकारी सहित सो सम्बन्धि कागजात पेश गरेको र कोषमा आपूर्ति गरिएको पेपर India बाट नै खरिद गरिएकोले सो को आधारमा सिलबन्दी दरभाउपत्र स्वीकार गर्नुपर्ने आपूर्तिकर्ताको माग रहेको सन्दर्भमा उक्त लुज पेपर स्वीकार गर्न मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श :**

तहा कार्यालयबाट जारी गरिएको बोलपत्र सम्बन्धि कागजातमा उल्लेख गरेको प्रावधान तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र दफा २५ बमोजिम वोलपत्र परिक्षण र मूल्याङ्कन गर्नु पर्ने ।

मितिः २०७३।०२।०४

**राय परामर्श माग गर्ने निकाय** : श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।

**राय माग गरिएको विषय :**

वोलपत्र सूचनाको आधारमा अधिकृत बिक्रेता श्री अरुण इन्टरकन्टिनेन्टल ट्रेडर्सबाट मारुती सुजुकीको Wagnor कारको लागि एक मात्र बोलपत्र प्राप्त भएको र प्राप्त बोलपत्रमा तोकिएको स्पेसिफिकेशन पूरा गरेको देखिएको भनी बोलपत्र अनुसारको सवारी साधन खरिद गर्न सकिने राय सहित बाह्य विज्ञबाट प्रतिवेदन समेत बोर्डमा प्राप्त भैसकेको मा खरिद गर्न सकिने वा नसकिने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(२) मा प्रष्ट व्यवस्था भएकाले सोही प्रावधान अनुरुप गर्नुपर्ने ।

मितिः २०७३।०२।११

**राय परामर्श माग गर्ने निकाय** : श्री प्रहरी प्रधान कार्यालय, नक्शाल, काठमाडौं

**राय माग गरिएको विषय :**

बोलपत्रको पुर्णताको परिक्षण गर्दा तुलनात्मक रूपमा कम मुल्य पेश गर्ने कोलपत्रदाताले माथि उल्लेख गरेबमोजिमका पुर्णताका कागजात पेश नगरेको अवस्थामा उक्त बोलपत्र सफल वा असफल के मान्ने भन्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२३) का उपदफा (४) र दफा २७ बमोजिम मूल्याङ्कन गर्दा सानातिना फरकको रूपमा ग्राह्य मान्ने कि नमान्ने सम्बन्धमा द्धिविधा भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र दफा २५ मा स्पस्ट व्यवस्था भएकाले सोही व्यवस्था अनुरुप सम्वन्धित निकायको बोलपत्र मूल्याङ्कन समितिबाटै मूल्याङ्कन प्रतिवेदन लिई मूल्याङ्कन गर्नु पर्ने विषय भएको ।

मितिः २०७३।०२।११

**राय परामर्श माग गर्ने निकाय** : श्री विदुर नगरपालिका कार्यालय, विदुर, नुवाकोट ।

**राय माग गरिएको विषय :**

एम.ए डब्लु. मुभर्स प्रा.लि. (JCB Brand) र आई.एम.ई.अटोमोटिभ्स प्रा.लि. (Escorts Brand) को दई वटा फर्मबाट बोलपत्र दर्ता भई मिति २०७३/०१/२७ मा खोली बोलपत्र अध्ययन गर्दा आई.एम.ई.अटोमोटिभ्स प्रा.लि. (Escorts Brand) ले पेश गरको बोलपत्रमा नगरपालिकाले माग गरेको ७५'+-५% हर्षपावरमा ७३ हर्षपावरको बोलपत्र ३५,७९,०००।०० कबोल गरेको तर नियमानुसार १२० दिनका बैंक जमानतपत्र पेश गुर्न पर्नमा ११५ दिनको बैंकजमानतपत्र पेश गरेको कारण उक्त फर्मको बोलपत्र स्वतः अमान्य हुने देखिन्छ र अर्को बोलपत्रदाता आई.एम.ई.अटोमोटिभ्स प्रा.लि. (Escorts Brand) ले नगरपालिकाले तोकेको प्राविधिक स्पेसिफिकेशनमा ७५'+-५% हर्षपावरमा २० हर्षपावरको रु. ३७,४९,०००।०० कबोल गरी नगरपालिकाको स्पेसिफिकेशनमा तोकेको भन्दा बढी ९० हर्षपावरको (बढी क्षमता भएको) पेश गरेको छ। उक्त ९० हर्षपावरको व्याकहो प्राविधिक (ने.वि.प्रा.देवीघाट उत्पादन केन्द्रका मेकानिकल ईन्जिनियर) दृष्टिकोणले कार्यालयले माग गरेको स्पेसिफिकेशनमा ७५'+-५% भन्दा स्पेसिफिकेशनको रहेको तर कार्य क्षेत्रमा काम प्रयोग गर्न बाधा अड्चन नहुने व्यहोरा प्राप्त भएको र नगरपालिकाको प्राविधिक ईष्टिमेट रु. ३९,००,०००।०० भित्र समेत रहेको छ । यस्तो अवस्थामा

आई.एम.ई.अटोमोटिभ्स प्रा.लि. (Escorts Brand) को ९० हर्षपावरको रु. ३७,४९,०००।०० को ब्याकहोलोडरको शर्त राखि वा नगरपालिका बैठकबाट निर्णय गराई वा अन्य कुनै उपयुक्त आधारले बोलपत्र स्वीकृत गर्न सकिने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र दफा २५ मा स्पस्ट व्यवस्था भएकाले सोही ब्यवस्था अनुरुप सम्वन्धित निकायको बोलपत्र मूल्याङ्कन समितिबाटै मूल्याङ्कन प्रतिवेदन लिई मूल्याङ्कन गर्नु पर्ने बिषय भएको ।

मिति: २०७३।०२।११

**राय परामर्श माग गर्ने निकाय :** श्री जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुर, महेन्द्रनगर ।

**राय माग गरिएको विषय :**

श्री के.डि. भागेश्वर सप्लायर्स, धनगढी, कैलालीले ABC Transformer Pvt. Ltd, Noida, India द्धारा निर्मित ट्रान्सफर्मर नेपालमा परिक्षण गरी उपलब्ध गराउने र दोश्रो न्यूनतम कम कबोल अंक पेश गर्ने सप्लायर्स श्री ट्रान्सफर्मर नेपाल, काठमाडौंले नेपालमा उत्पादन गरि नेपालमा नै परिक्षण गर्ने कागजात पेश गरेको सन्दर्भमा पहिलो न्यूनतम अंक कबोल गर्ने बोलपत्रदातालाई छनौट नगरी दोश्रो छनौट गर्नु पर्ने कारणले द्विविधा पर्न गएको ।

**राय तथा परामर्श :**

तहा कार्यालयवाट मिति २०७२।१२।१९ गते प्रकाशित सूचना अनुरुप जारी गरिएको बोलपत्र सम्वन्धी कागजातको खण्ड ३४ मा भएको ब्यवस्था बमोजिम तहा कार्यालयवाटै निर्णय गर्नु पर्ने ।

मिति: २०७३।०२।११

**राय परामर्श माग गर्ने निकाय :** श्री पशु विकास फार्म, जिरी, दोलखा ।

**राय माग गरिएको विषय :**

बोलपत्र मूल्याङ्कन समितिको प्रारम्भिक प्रतिवेदन अनुसार उक्त डुप्लेक्स क्वाटर निर्माण गर्न शिवा खिम्ती कन्स्ट्रक्सनको नामबाट मात्र बोलपत्र परेको र उक्त बोलपत्रमा निम्न अनुसार रकम फरक परेको हुनाले बालपत्र स्वीकृत गर्न नसकिने जानकारी प्राप्त भयो । साथै उक्त ठेक्का नं. ४ को लागि बोलपत्र ६३ वटा भएकोमा शिवा खिम्ती कन्स्ट्रक्सन मैजुवहाल-७, काठमाडौको नामबाट १ (एक) वटा बोलपत्र मात्र दर्ता हुन आएको र लागत अनुमान भन्दा रु.४८७ बढी हुन गएकोले मूल्याङ्कन प्रकृया समावेश गर्न मिल्ने नमिल्ने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को प्रावधान अनुरुप तहा कार्यालयबाटै निर्णय गर्ने विषय भएको ।

मिति: २०७३।०२।११

**राय परामर्श माग गर्ने निकाय :** श्री सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरवार ।

**राय माग गरिएको विषय :**

हुलाक सेवा विभागले सन् २०१७।२०१३ को लागि हुलाक टिकट छपाइ गर्न नेदरल्याण्ड स्थित Joh. Enschede Stamps B.V Security Press संग सम्झौता गरि टिकट आपूर्ति हुँदै गरेको अवस्थामा उक्त Security Press लाई बारम्बर सम्झौता अनुसारको कार्य गर्न हुलाक सेवा विभागले पत्राचार गर्दा समेत उक्त प्रेसले गरेको ठेक्का तोड्ने निर्णय पुनरावलोकन नगरेकोले हुलाक सेवा विभागले उक्त प्रेस सँग गरेको हुलाक टिकट सम्बन्धी सम्झौता तोडी निजले राखेको कार्य सम्पादन जमानत जफत गरी कालो सूचीमा राख्न तहाँ कार्यालयमा सिफारिस सहित पत्राचार गरि सकिएको छ । उक्त अवस्थाबाट तत्काललाई हुलाक टिकट छाप्ने कार्य अवरुद्व हुन गएको र हाल मौज्दातमा रहेको हुलाक टिकटले अबको करिब २/३ महिनाको माग मात्र धान्ने देखिन्छ । उक्त हुलाक टिकट छपाई कार्यलाई बालपत्र मार्फत सुधार गर्ने हुलाक सेवा विभागले May 12 2016 अन्तराष्ट्रिय स्तरको बोलपत्र आव्हान गरी खरिद प्रक्रिया अगाडि बढाई सकेको छ । उक्त बोलपत्र प्रक्रिया सुचारु रुपले अगाडि बढेको खण्डमा सामान्य अवस्थामा करिब ८।९ महिना पछि बाट मात्र टिकट आपूर्ति सहज हुन सक्दछ । बोलपत्र प्रक्रियामा अवरोध आउन लगायतका असामान्य अवस्था आएको खण्डमा टिकट आपूर्ति हुने समय अझ बढन जाने हुन्छ । यस्तो अवस्थामा कम्तीमा पनि करिब ७ महिनासम्म हुलाक टिकट अभाव हुन जाने अवस्था देखिन्छ । हुलाक टिकट अभावका कारण हुलाकबाट प्रदान हुने अधिकांश सेवामा अवरोध पुग्दछ साथै हुलाक टिकट प्रयोग हुने अन्य सार्वजनिक सेवामा समत बाधा पुग्ने जाने हुन्छ । यस्तो अवस्थामा हुलाक टिकटको केही परिमाण तत्काल छोटो प्रक्रियाबाट गर्न पर्ने आवश्यकता देखिएकाले विशेष परिस्थितीको अवस्था बमोजिम खरिद गर्न सकिने नसकिने ।

**राय तथा परामर्श :**

टेन्डर प्रकृया अघि बढाईसकेको अवस्थामा बोलपत्र सम्वन्धी प्रकृया पुरा भई सम्झौता पश्चात सामान आपूर्ति हुने समयलाई मध्यनजर गरि उक्त सामान आपूर्ति गर्न लाग्ने समयावधिसम्मको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ तथा नियमावली २०६४ को नियम १४५ बमोजिम कारावाही अगाडी वढाउन सकिने ।

मितिः २०७३।०२।१६

**राय परामर्श माग गर्ने निकाय** : श्री प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, आर्थिक प्रशासन शाखा ।

**राय माग गरिएको विषय :**

बोलपत्रको पुर्णताको परिक्षण गर्दा तुलनात्मक रूपमा कम मुल्य पेश गर्ने बोलपत्रदाताले माथि उल्लेख गरे बमोजिमका पुर्णताका कागजात पेश नगरेको अवस्थामा उक्त बोलपत्र सफल वा असफल के मान्ने भन्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२३) का उपदफा (४) र दफा २७ बमोजिम मूल्यांकन गर्दा सानातिना फरकको रूपमा ग्राह्य मान्ने कि नमान्ने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र दफा २५ मा स्पस्ट व्यवस्था भएकाले सोही व्यवस्था अनुरुप सम्वन्धित निकायको बोलपत्र मूल्याङ्कन समितिबाटै मूल्याङ्कन प्रतिवेदन लिई मूल्याङ्कन गर्नुपर्ने ।

मितिः २०७३।०२।१६

**राय परामर्श माग गर्ने निकाय** : श्री राष्ट्रिय वाणिज्य बैंङ्क लि., केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग ।

**राय माग गरिएको विषय :**

राष्ट्रिय वाणिज्य बैंकले ४ करोड पाना अर्धकट्टी सहितको MICR चेक छपाई तथा आपूर्ति कार्यका अन्तराष्ट्रिय स्तरको बोलपत्र आव्हान गरेको र सोही बमोजिम प्राप्त भएका बोलपत्रहरू मिति २०७३/०२/११ गतेका दिन खोलिएको । यो बोलपत्रहरू खोल्नुभन्दा अगावै बैंकको सम्बन्धित विभागबाट उत्पन्न विविध कारणहरू दर्शाई ठूलो परिमाणका चेकहरू तत्काल वितरण गर्न आवश्यक भएकोले तुरुन्त छपाई तथा आपूर्ति गर्नका लागि अनुरोध भई आएको । एउटै प्रकृतिको कार्यका लागि अन्तराष्ट्रिय स्तरको बोलपत्र आव्हान भई बोलपत्र खोलिसकेको र सो बोलपत्रको मध्यमबाट चेकहरू छपाई गरी आपूर्ति हुन अझै केही समय (कम्पनीमा १२६ दिन तथा बढीमा १५६ दिन लाग्न सक्ने) लाग्ने अवस्था एवम् सम्बन्धित विभागबाट माग भई आए बमोजिमका परिमाणका चेकहरू तत्काल छपाई नगर्दा बैंकको व्यवसाय एवम् साखमा भारी गिरावट आउन सक्ने सम्भावित विशेष परिस्थितिमा बोलपत्रको माध्यमबाट माग भएका चेकहरू आपुर्ति हुने समय सम्मको अवधिका लागि पुग्ने गरी केही परिमाणका चेकहरू सार्वजनिक खरिद ऐन, २०६३ का परिच्छेद १० को दफा ६६ विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम खरिद गर्न मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा (२) को (द) अनुरुप ऐ. ऐनको दफा ६६(२) को ब्यवस्था बमोजिम गर्नुपर्ने ।

मितिः २०७३।०२।२१

**राय परामर्श माग गर्ने निकाय** : श्री अर्थ मन्त्रालय, सिंहदरवार ।

**राय माग गरिएको विषय :**

एकमुष्ट खरिद सूचना जारी भएकोमा कम प्रस्ताव गर्ने आपूर्तिकर्तावाट मोटरसाईकल मात्र लिन सकिने/नसकिने र मापदण्ड पुरा नगरेको अवस्थामा एउटै सूचनामा माग गरिएको स्कुटर सो भन्दा निकटतम कम दर प्रस्ताव गर्ने आपूर्तिकर्तावाट खरिद गर्न सकिने, नसकिने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐनको दफा २७(१) र दफा २५ बमोजिम न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि छनौट गर्नुपर्ने र सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ६१ मा बोलपत्र मूल्याङ्कन सम्वन्धी स्पस्ष्ट व्यवस्था भएकाले एकमुष्ठ खरिद सूचना जारी गरेको अवस्थामा नियम ६१ को प्रकृया पुरा गरेर खरिद गर्नु पर्ने ।

मितिः २०७३।०२।२५

**राय परामर्श माग गर्ने निकाय** : श्री गृह मन्त्रालय, सिंहदरवार ।

**राय माग गरिएको विषय:**

नेपाल प्रहरी UN FPU मिशन डार्फर सुडानको लागि Armoured Perssonnel Carrier खरिद गर्न बोलपत्र समेत स्वीकृत भई चार थान APC हरू खरिद प्रक्रियामा रहेको छ । Bank of Baroda, Hongkong ले प्रतितपत्र Advise गर्न अस्वीकार गरे पश्चात् APC निर्माता कम्पनी, प्रिन्सिपल कम्पनी र स्थानीय एजेन्ट तीनवटै पक्ष निर्माता कम्पनीबाटै APCs आपुर्ति गर्ने गरी निर्माता कम्पनीको नाउँमा प्रतितपत्र खोल्न सहमत भएको पत्र प्राप्त भएको भनी नेपाल प्रहरीबाट लेखी आएकोले APC निर्माता कम्पनी China North Industries Corp (NORINCO), China को नाउँमा प्रतितपत्र खोल्न मिल्छ वा मिल्दैन ।

**राय तथा परामर्श :**

नेपाल प्रहरीको UN FPU मिसन डार्फर सुडानको लागि Armoured Perssonnel Carrier खरिद सम्वन्धमा राय माग भएकोमा, खरिद सम्झौता भईसकेपछि सो सम्झौता कार्यान्वयन गर्ने प्रयोजनको लागि आवश्यकतानुसार प्रतितपत्र खोल्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७(२) को अधिकार प्रयोग गरि बनेको सुरक्षा, सामरिक वा प्रतिरक्षा सामाग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ को दफा २० बमोजिम तहा मन्त्रालयबाटै निर्णय भई सम्झौता कार्यान्वयन हुनुपर्ने राय भएको र यसै प्रकृतिको विषयमा नेपाली सेना जङ्गी अड्डालाई मिति २०७२।१२।११ मा यस कार्यालयबाट दिईएको रायको प्रतिलिपि समेत यसैसाथ संलग्न गरि पठाईएको ।

मिति: २०७३।०२।२६

**राय परामर्श माग गर्ने निकाय** : श्री कार्यकारी निर्देशक, नेपााल विधुत प्राधिकरण, दरवारमार्ग काठमाडौं ।

**राय माग गरिएको विषय:**

वस्तु उत्पादकहरूले असन्तुष्टि जनाई आयातित वस्तुमा लाग्ने भन्सार महसुल समावेश नगरिने तर स्वदेशी उत्पादकले आवश्यक कच्चा पदार्थको पैठारीको बखत भन्सार तिरी बुझाई सकिने हुँदा आयातित वस्तुको हकमा भन्सार महसुलरहित बोलपत्र मूल्याङ्कन विधि कायम गरेबाट स्वदेशी उद्योगलाई मर्का परेको भनी लिखित तथा मौखिक गुनासाहरू प्राप्त भएकोले मूल्याङ्कन प्रकृयामा द्बिविधा भएको ।

**राय तथा परामर्श :**

यस कार्यालयबाट नियमितरूपमा हुने निगरानी तथा अनुगमन र कार्यालयमा प्राप्त गुनासो र उजुरी सुनुवाई समेतको आधारमा अध्ययन गरि देहाय बमोजिमको राय परामर्श पठाईएको ।

**देहाय:**

१. सार्वजनिक खरिद ऐन २०६३ को दफा १५ मा अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आव्हान गर्ने अवस्था निर्धारण गरेको छ । सो अवस्थाहरू बाहेकका अन्य अबस्थाहरूमा राष्ट्रिय स्तरको बोलपत्र आव्हान गर्नु पर्ने ब्यवस्थालाई कडाईका साथ लागू गर्नुपर्ने ।
२. सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ को उपदफा (३) र (४) को ब्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्नुपर्ने ।
३. तहा कार्यालयबाट जारी गरिएका बोलपत्र सम्वन्धि कागजातहरू यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात अनुरुप भएको नपाईएकाले नमुना बोलपत्र सम्बन्धी कागजात अनुरुपको एउटै स्तरयूक्त बोलपत्र सम्वन्धी कागजात तयार गरि उपयोगमा ल्याउनु पर्ने ।
४. सार्वजनिक खरिद ऐनको दफा २५(२) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ ले बोलपत्रको मूल्याङ्कन, बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित आधार र तरिका अनुरुप मात्र गर्नु पर्ने र ऐ.नियमावलीको नियम ६१(२) ले बोलपत्र मूल्याङ्कन र तुलना गर्दा मूल्य अभिवृद्धि कर बाहेकको कवोल अंक कायम गरि तुलना गर्नुपर्ने ब्यवस्था गरेकोमा तहा प्राधिकरणबाट जारि गरिएको बोलपत्र सम्वन्धि कागजातहरू अध्ययन गर्दा ऐन र नियमावलीको सो ब्यवस्था बोलपत्र सम्वन्धी कागजातहरूमा गरेको पाईएन अतः त्यस्ता बोलपत्र सम्वन्धी कागजातहरू पुनरावलोकन गर्नुपर्ने ।

मिति : २०७३।०२।२६

**राय परामर्श माग गर्ने निकाय** : श्री पाटन संयुक्त क्याम्पस, पाटनढोका ,ललितपुर ।

__राय माग गरिएको विषय:__

मिति २०७२।०६।१७ को सूचनानुसार सवैभन्दा कम रकम रु. ५,४५,६५७८० भ्याट सहित बोलकवोल गर्ने उज्जैन कन्सट्रक्सनले हालसम्म पनि सम्झौता गर्न नआएकाले रु. ११,७५,५३९।- भ्याट सहित बोलकवोल गर्ने दोस्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न सकिने वा नसकिने भनि राय माग भएको ।

__राय तथा परामर्श :__

सार्वजनिक खरिद ऐन २०६३ को दफा २७, दफा ६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ मा स्पस्ट व्यवस्था भएकाले राय दिईरहनु नपर्ने ।

मिति : २०७३।०२।२६

**राय परामर्श माग गर्ने निकाय** : श्री राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरवार ।

__राय माग गरिएको विषय:__

मिति April ०५, २०१६ मा प्रकाशित Non–The Destructive Test Equipement को ठेक्कामा Waves Group Nepal बाट चिनिया कम्पनीको सामग्री उपलब्ध गराउने उल्लेख गरेको तर GCC Clause ५.१ तथा ५.२ मा उल्लेखित Qualification चिनिया भाषामा भएकाले मूल्याङ्कनमा समस्या परेको ।

__राय तथा परामर्श :__

बोलपत्र कागजातको GCC खण्ड ५.१ तथा ५.२ मा प्रष्ट व्यवस्था भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा (४) मा भएको व्यवस्था बमोजिम आवश्यक जानकारी माग गरि मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मिति : २०७३।०२।२७

**राय परामर्श माग गर्ने निकाय** : श्री प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान बिभाग, आर्थिक प्रशासन शाखा, नक्साल, काठमाडौं ।

__राय माग गरिएको विषय:__

Equipement of SOCO Kit Box and Fingerprint Kit Box खरिदका लागि भएको बोलपत्रको सूचनानुसार तुलनात्मक रूपमा कम मूल्य पेश गर्ने बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजातको ITB १२.१(ज)मा उल्लेख गरे बमोजिम SOCO Camera को Catlogue पेश नगरेको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ बमोजिम सारभूत रूपमा मान्य हुने वा नहुने ।

__राय तथा परामर्श :__

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ तथा दफा २५ को व्यवस्था अनुसार सम्वन्धित निकायको मूल्याङ्कन समितिबाट नै ऐ ऐनको दफा २३ को उपदफा (४) र दफा २५ को उपदफा (२) को स्पष्टिकरणलाई समेत ख्याल गरि निर्णय गर्नु पर्ने ।

मितिः २०७३।०२।३२

**राय परामर्श माग गर्ने निकाय** : श्री रक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

__राय माग गरिएको विषय :__

नेपाली सेनाको लागि आवश्यक Yag Laser Machine थान १ (एक) आ.व २०७१।७२ मा खरिदको लागि बोलपत्रदाता कम्पनी M/S Carl Zesis India(Banglore) Pvt.Ltd., India को बोलपत्र स्वीकृत गरी प्रतितपत्र खोल्ने स्वीकृतको लागि मन्त्रालयमा प्राप्त भएकोमा नेपाल सरकार (सचिवस्तर) मिति २०७२।०२।१७ को निर्णयानुसार बोलपत्रदाता कम्पनीको नाममा Euro 20,869.00 को प्रतितपत्र खोल्ने स्वीकृति प्रदान गरिएकोमा नेपाली सेनाबाट उक्त सामग्रीको Country of Origin जर्मनी भएको र कवोल अंक Euro भएको एंव जर्मनीबाटै Shipment गर्दा सहज हुने भएकोले Principal Company M/S Carl Zesis Meditee AG, Germany को 100% Subsidiary कम्पनी M/S Carl Zesis India (Banglore) Pvt.Ltd., India भएको भनी Principal Company M/S Carl Zesis Meditee AG, Germany को नाममा Euro 20,869.00 को प्रतितपत्र खोल्ने स्वीकृति माग भएकोले शत प्रतिशत स्वामित्व रहेको बोलपत्रदाता कम्पनीको मुख्य कम्पनीको नाममा प्रतितपत्र खोल्न मिल्ने/नमिल्ने द्विविधा भएकोले मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने वा नसकिने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

नेपाल प्रहरीको UN FPU मिसन डार्फर सुडानको लागि Armoured Perssonnel Carrier खरिद सम्वन्धमा राय माग भएकोमा, खरिद सम्झौता भईसकेपछि सो सम्झौता कार्यान्वयन गर्ने प्रयोजनको लागि आवश्यकतानुसार एल.सि खोल्न सार्वजनिक खरिद ऐन २०६३ को दफा ६७(२) को अधिकार प्रयोग गरि बनेको सुरक्षा, सामरिक वा प्रतिरक्षा सामाग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ को दफा २० बमोजिम तहा मन्त्रालयबाटै निर्णय भई सम्झौता कार्यान्वयन हुनुपर्ने राय भएको र यसै प्रकृतिको विषयमा नेपाली सेना जङ्गी अड्डालाई मिति २०७२।१२।११ मा यस कार्यालयबाट दिईएको रायको प्रतिलिपि समेत यसैसाथ संलग्न गरि पठाईएको व्यहोरा लेखि पठाउने ।

मिति: २०७३।०२।३२

**राय परामर्श माग गर्ने निकाय** : श्री पशुपन्छी विकास मन्त्रालय, सिहंदरबार, काठमाडौं ।

**राय माग गरिएको विषय** :

मेसिन, औजार (कम्प्यूटर, फयाक्स, ल्यापटप, प्रिन्टर लगायत) को खरिदमा सार्वजनिक खरिद नियमावलीको नियम ६१ (६) बमोजिम बोलपत्र सम्बन्धी कागजात अनुसार माग गरिएको गत ३ वर्षको Average annual turnover गणना प्रयोजनको लागि नेपाल राष्ट्र बैंकको अद्यावधिक मूल्य सूचकांक अनुसार कारोवार मूल्य समायोजन गर्न मिल्ने नमिल्ने साथै नियम ६१ (६) अनुसार Turnover नपुगेको विषयलाइ सानातिना फरक मानी निर्णय गर्न सकिने, नसकिने सम्बन्धमा के गर्ने भन्ने द्विविधा परेको भनि राय परामर्श माग गरिएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम २६(२) मा राष्ट्रिय निर्माण व्यवसायीको हकमा उपनियम (१) को खण्ड (ख) र (ग) को रकम गणना गर्दा मूल्य अभिवृद्धिकर बापतको रकम कटाई हुन आउने रकम मात्र गणना गरिनेछ र त्यस्तो रकमलाई नेपाल राष्ट्र बैंकको अद्यावधिक मूल्य सूचकांक अनुसार समायोजन गरिनेछ भन्ने व्यवस्था भएकोमा मालसामान खरिदको व्यवस्थाको हकमा समेत सो सिद्धान्त लागु गर्न सकिने साथै सो बमोजिम मूल्याङ्कन गरि सबै बोलपत्रलाई समान अवसर प्रदान गरि मूल्याङ्कन गर्नु पर्ने ।

मिति: २०७३।०२।३२

**राय परामर्श माग गर्ने निकाय** : पशु प्रजनन कार्यालय, लाहान ।

**राय माग गरिएको विषय :**

न्यूनतम कबोल अंक भएको बोलपत्रदाताले BOQ भर्दा ट्रकको Make र Model नभरेको, Technical Specification को Offered Specification महलमा केही नलेखेको, Brochure/Catalogue संलग्न नराखेको साथै विवेक अटोमोबाइल्स प्रा.लि., बिराटनगरले महेन्द्रा कम्पनीको ट्रक यस फर्मलाई दिन इच्छुक रहेको पत्र रहेको तर सो ट्रकको Model नखुलेको, उक्त ट्रक यस कार्यालयलाई उपलब्ध गराउने प्रयोजनको लागि हो वा होइन नखुलेकोले मूल्याङ्कनमा द्विविधा परेको भनि राय माग भएको ।

**राय तथा परामर्श :**

बोलपत्र सम्वन्धी कागजातमा Manufacturing company को Authorization Letter पेश गर्ने व्यवस्था भएकोमा सम्वन्धीत Manufacturing company लै Authorization Letter जारी गर्ने गरि Authorization Distributer लाई अधिकार प्रदान गर्ने गरेको अवस्थामा सो Distributer ले अन्य कम्पनीलाई Authorization Letter जारी गरेको भएमा मात्र प्रतिस्पर्धा बढाउने उद्धेश्यले स्वीकार गर्न सकिने अन्यथा बोलपत्र कागजातमा उल्लेख गरेकोमा Authorization Distributer बाटै जारी भएको Manufacturing company को Authorization Letter हुनु पर्ने । साथै अन्य बिषयको हकमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा (४) बमोजिम सम्बन्धीत निकायबाटै निर्क्योल गर्नु पर्ने ।

मिति: २०७३।०२।३२

**राय परामर्श माग गर्ने निकाय** : हेटौडा अस्पताल, मकवानपुर ।

**राय माग गरिएको विषय :**

न्यानो झोला (लुगासेट) खरिदको लागि बोलपत्र आब्हान गरिएकोमा e-Bidding मार्फत www.bolpatra.gov.np बाट समेत दर्ता गर्न सकिने प्रावधान अनुरुप सान्यो ईन्टरनेशनल प्रा.ली, काठमाडौले e-Bidding मार्फत सम्पूर्ण प्रकृया पुरा गरेको

तर हार्डकपि पेश गर्दा दररेट फरक रहेको र वैङ्क ग्यारेन्टी सम्वन्धी कुनै कागजात पेश नगरेकाले द्धिविधा परेको भनि राय माग भएको ।

**राय तथा परामर्श :**

१) सार्वजनिक निकायबाट जारी गरिएको बोलपत्र सम्वन्धी सूचना र बोलपत्र सम्वन्धी कागजातमा e-Bidding मार्फत बोलपत्र दाखिला गर्न सकिने व्यवस्था गरेता पनि हार्डकपि पेश गर्ने सम्वन्धमा केही उल्लेख नगरेकाले हार्डकपी बोलपत्र मान्य नहुने र e-Submission लाई मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

२) तर आगामी दिनमा यसरी बोलपत्र आव्हान गर्दा बोलपत्र सम्बन्धी कागजातको बिवरणमा e-Submission मार्फत बोलपत्र पेश गर्ने बोलपत्रदाताले हार्डकपि सम्वन्धमा पुरा गर्नुपर्ने दायित्वको बारेमा पनि स्पस्ट निर्देशन उल्लेख गरेको हुनुपर्ने ।

मितिः २०७३।०२।३२

**राय परामर्श माग गर्ने निकाय** : शखंरापुर नगरपालिका कार्यालय ।

**राय माग गरिएको विषय :**

त्यस कार्यालयमा प्राप्त स्थानीय विकास शुल्क कोष तर्फबाट स्वीकृत खानेपानी आयोजना सुन्टोल पुखुलाछी साँखु को लागि High Density Polythyene Pipes खरिद गर्न बोलपत्र आव्हान गरिएकोमा बोलपत्रको परीक्षण गरी मूल्याङ्कनको लागि छनौट भएका दुई वटा बोलपत्रदाताको बोलपत्रहरू मूल्याङ्कन गर्दा लागत स्टिमेट अंक भन्दा बढी देखिन आएकोले उक्त बोलपत्र स्वीकृत वा अस्विकृत गर्न द्धिविधा उत्पन्न भएको भनि राय परामर्श माग भएको ।

**राय तथा परामर्श :**

पेश हुन बोलपत्रहरूको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को देहाय उपदफाहरूमा उल्लेखित विषयका सम्बन्धमा निर्क्योल गर्न अघि बोलपत्र परीक्षण गर्नु पर्ने र सोही ऐनको दफा २५ को उपदफा (५) बमोजिम बोलपत्र कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार मूल्यांकन गर्नु पर्ने । लागत अनुमान भन्दा १.६४ प्रतिशत बढी भएको सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (१) (ख) बमोजिम न्यूनतम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभूत रूपमा बढी हो वा होइन सम्बन्धित सार्वजनिक निकायले निर्क्योल गरी निर्णय गर्नु उपयूक्त हुने ।

मितिः २०७३।०३।०३

**राय परामर्श माग गर्ने निकाय** : महानगरिय प्रहरी बृत्त, बौद्ध, काठमाडौं ।

**राय माग गरिएको विषय :**

त्यस कार्यालयको सि.सि क्यामरा थान चार लगायत अन्य सामान खरिदको लागि सिलवन्दी दरभाउ पत्रको सूचना प्रकाशन गरिएकोमा तोकिएको समयावधि भित्र रितपूर्वक दुईवटा मात्र शिलवन्दी दरभाउपत्र दर्ता हुन आएकाले दोस्रो पटक सूचना प्रकाशन गर्दा सात दिनको समयावधि राख्न मिल्ने, नमिल्ने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० को उपदफा ३ र सार्वजनिक खरिद नियमवाली २०६४ को नियम ८४ को उपनियम (३क) बमोजिम सात दिने सूचना प्रकाशन गर्ने ब्यवस्था नरहेको ।

मितिः २०७३।०३।०३

**राय परामर्श माग गर्ने निकाय** : महानगरिय प्रहरी कार्यालय, रानीपोखरी, काठमाडौं ।

**राय माग गरिएको विषय :**

त्यस कार्यालयको सि.सि टि.भि क्यामरा मोनिटरिङ्ग तथा रेकर्डिङ्ग सिस्टम अपग्रेडका लागि आवश्यक पर्ने उपकरणहरू खरिदको लागि सिलवन्दी दरभाउ पत्रको सूचना प्रकाशन गरिएकोमा तोकिएको समयावधि भित्र रितपूर्वक दुईवटा मात्र शिलवन्दी दरभाउपत्र दर्ता हुन आएकाले दोस्रो पटक सूचना प्रकाशन गर्दा सात दिनको समयावधि राख्न मिल्ने, नमिल्ने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० को उपदफा ३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम ३(क) बमोजिम सात दिने सूचना प्रकाशन गर्ने ब्यवस्था नरहेको ।

मितिः २०७३।०३।०९

**राय परामर्श माग गर्ने निकाय** : नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौं ।

**राय माग गरिएको विषय :**

Bid Document मै Currency of Bid बारे फरक फरक प्रावधान हुन गएको अवस्थामा बोलपत्र प्रस्तावदाताहरूले Price Schedule (Bill of Quantities) को Supply and Delivery खण्डमा कसैले Foreign Currency (FC) र कसैले Nepali Currency मा कबोल गरेको अवस्थामा कुन मुद्रालाई आधार लिई बोलपत्र मूल्याङ्कन गर्नु पर्ने हो ? Bid Document को कुन प्रावधान अर्थात् Price Schedule(Bill of Quantities), Instruction to Bidders, SCC, GCC अनुसार Currency of Bid and Payment लिइदा उपयुक्त हुने हो भनि राय माग भएको ।

**राय तथा परामर्श :**

१) सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ बमोजिम तोकिएका कुराहरू तथा यस कार्यालयबाट जारी गरिएको बोलपत्र सम्बन्धी नमुना अनुरुप बोलपत्र सम्बन्धी कागजात तयार गर्नुपर्ने र यस कार्यालयबाट जारी गरिएको बोलपत्र सम्बन्धी नमुना अनुरुप बोलपत्र सम्बन्धी कागजात तयार नगरिएको अवस्थामा सम्बन्धित निकायलाई द्विविधा भएको विषयमा यस कार्यालय राय दिन वाध्य नहुने ।

२) विदेशी मुद्रा र नेपाली मुद्राको हकमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६१ मा भएको व्यवस्था बमोजिम गर्नुपर्ने ।

मितिः २०७३।०३।०९

**राय परामर्श माग गर्ने निकाय** : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी भक्तपुर ।

**राय माग गरिएको विषय :**

(क) सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ उपदफा २ को (ग) मा उल्लिखित व्यहोरा अनुसार बैंक जमानतको अवधि केन्द्रले १२० दिन तोकेकोमा निज रुची पेपर प्रा.लि. को बोलपत्र दाखिला गर्दा ९० दिनको बैंक जमानीपत्र पेश गरेको र बोलपत्र खोलिसकेपछि निज बोलपत्रदाताले बैंकको त्रुटीका कारण बैंक जमानी पत्रको Validity Period ९० दिनको हुन गएकोले १२० दिन अवधिकै कायम भएको दावी गरी बैंकको पत्रसहितको निवेदन केन्द्रमा दर्ता गराएकोले उक्त बोलपत्र परीक्षणमा सफल भए/नभएको र उक्त बोलपत्रको मूल्यांङ्कन गर्न मिल्ने/नमिल्ने ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा २ (ख) अनुसार बोलपत्रदाताको सहीछाप सम्बन्धमा बोलपत्रदाता श्री एभरेष्ट पेपर मिल्स प्रा.लि. को Price Schedule / Letter of Bid form मा मात्र सहीछाप भएको तर पुरै Bid Document मा सहीछाप नभएकोले उक्त बोलपत्रको परिक्षणमा सफल हुने/नहुने र उक्त बोलपत्रको मूल्यांङ्कन गर्न मिल्ने/नमिल्ने भनि राय परामर्श माँग भएको ।

**राय तथा परामर्श :**

तहाँ केन्द्रबाट राय परामर्श माग गर्दा समस्या समाधान गर्न सार्वजनिक निकायलाई लागेको उपयुक्त उपाय सहितको सिफारिस कानून सम्मत देखिन आएकोले उल्लेखित दुवै बोलपत्रदाताहरूको बोलपत्रलाई मूल्याङ्कन प्रक्रियामा समावेश गर्न सकिने ।

मितिः २०७३।०३।०९

**राय परामर्श माग गर्ने निकाय** : प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।

**राय माग गरिएको विषय :**

त्यस कार्यालयको मितिः २०७३/०१/१४ गतेको खरिद सम्बन्धी सूचनामा एजेन्सी दर्ताको प्रमाणपत्र माग गरिएको तर बोलपत्रदाताले उक्त प्रमाणपत्र पेश नगरेको अवस्थामा उक्त बोलपत्रहरूलाई मूल्याङ्कन प्रक्रियामा समावेश गर्न मिल्ने/नमिल्ने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ र १० मा बिदेशी बोलपत्रदाताले बोलपत्र पेश गर्दा नेपाल राज्यमा आफनो कुनै ऐजेन्ट नियूक्त गरे वा नगरेको कुरा खुलाउनु पर्ने र एजेन्ट नियूक्त गरेको अवस्थामा मात्र एजेन्टको सम्वन्धमा तोकिए बमोजिमको बिवरण उल्लेख गर्नु पर्ने व्यबस्था रहेको छ । मालसामान खरिदको हकमा बिदेशी बोलपत्रदाताले ऐजेन्ट नियूक्त

गर्नु पर्ने बाध्यात्मक व्यबस्था नभएकाले यस सम्वन्धमा एकिन गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ बमोजिम गर्नु उपयूक्त हुने ।

मितिः २०७३।०३।१०

**राय परामर्श माग गर्ने निकाय** : प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।

**राय माग गरिएको विषय :**

त्यस कार्यालयको मिति २०७२/१२/१९ गतेको खरिद सम्बन्धी सूचना अनुरुप पेश हुन आएका बोलपत्रदाता मध्ये एउटा बोलपत्रदाताले आशयपत्र उपर चित्त नबुझि यस कार्यालयमा, सार्वजनिक खरिद अनुगमन कार्यालय र गृह मन्त्रालयमा समेत उजुरी निवेदन दिएको र सम्झौताका लागि पत्राचार समेत गरिसकेकोमा सम्झौता गर्न मिल्ने/नमिल्ने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

प्रस्तुत विषयमा Green IT-Tech One संयुक्त उपक्रमले यस कार्यालयमा दिएको निवेदन उपर निर्देशक मनिष भट्टराईको संयोजकत्वमा खटिएको अनुगमन टोलिले पेश गरेको प्रतिवेदन यसै साथ राखि पठाइएको छ साथै तहा कार्यालयको कम्प्यूटर निर्देशनालयको प्रतिवेदन समेतलाई अध्ययन गरि निर्क्योल गर्नुपर्ने व्यहोरा लेखि पठाउने ।

मितिः २०७३।०३।१५

**राय परामर्श माग गर्ने निकाय** : प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान शाखा ।

**राय माग गरिएको विषय :**

त्यस कार्यालयको मिति २०७२/१२/३० को बोलपत्र सम्वन्धी सूचना अनुसार Equipement of SOCO Kit Box and Fingerprint Kit Box खरिदको लागि माँग गरिएका सामाग्रीहरूमध्ये कुनै एक सामानको हकमा कुनै एक बोलपत्रदाताले Specification अनुसारको सामान दिने Complaint उल्लेख गरेको तर फरक फरक दुई वटा Catlouge पेश गरेको अवस्थामा Specification अनुसारको दिने सामान कुन हो भनि थप जानकारी माग गर्दा बोलपत्रदाताको तर्फबाट Specification अनुसारकै भन्दा फरक Catalogoue अनुसारको सामान दिएको अवस्थामा द्विविधा भएको भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ को उपदफा २(घ) अनुसार बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित प्राविधिक स्पेशिफिकेशन अनुसार बोलपत्र सारभूत रूपमा प्रभावाग्राही भए नभएको एकिन गरि ऐनको दफा २५ को उपदफा (५) अनुसार मूल्याङ्कन गर्न उपयूक्त हुने ।

मिति : २०७३।०३।१९

**राय परामर्श माग गर्ने निकाय** : धौलागिरी अञ्चल अस्पताल, बागलुङ्ग ।

**राय माग गरिएको विषय :**

त्यस कार्यालयको मिति २०७३।०२।०१ को सूचना अनुसार ५२ KVA सोलारको खरिद प्रक्रियामा पेश हुन आएका ५ वटा वोलपत्रहरू मध्ये सबै भन्दा कम वोलकवोल गर्ने बोलपत्रदाताले पेश गरेको बोलपत्र सम्बन्धी कागजातमा BoQ लगायत कुनै पनि कागजातमा सही छाप नभएको, RST Certificate समावेश नभएको, ईन्भर्टरको क्षमता समेत कम भएको र कार्य अनुभव पनि नभएको साथै दोस्रो वोलपत्रदाताको वोलकवोल रकम लागत अनुमान भन्दा १६.५५ प्रतिशत बढी भएको अवस्थामा सबै भन्दा कम वोलकवोल गर्ने वोलपत्रदाता संग थप कागजात माग गरी उक्त बोलपत्रलाई मूल्याङ्कन प्रक्रियामा समावेश गर्न मिल्ने/नमिल्ने भनि राय माग भएको ।

**राय तथा परामर्शः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा २(ख) र २(घ) अनुसार वोलपत्र कागजातमा उल्लेख भए अनुरुप परीक्षण गर्दा वोलपत्र सारभूतरूपमा प्रभावग्राही भएको अवस्थामा मात्र दफा २५ अनुसार मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मितिः २०७३।०३।१९

**राय परामर्श माग गर्ने निकाय** : भू तथा जलाधार संरक्षण विभाग, बबरमहल, काठमाडौं ।

**राय माग गरिएको विषय :**

विभागको लागि मोटरसाईकल र स्कुटर खरिद गर्न मिति २०७३।०२।१७ मा बोलपत्र आव्हानको सूचना गरिएकोमा बोलपत्र कागजात खरिद गर्न पाउने अन्तिम मिति २०७३।३।१४ गते सम्म २ वटा आपूर्तिकर्ताले बोलपत्र कागजात खरिद गरेको र बोलपत्र दर्ता गर्ने अन्तिम दिन २०७३।३।१५ गते २ वटा बोलपत्र दर्ता हुन आएकामो बोलपत्र आव्हानको सूचना, बोलपत्र कागजातको विड डाटा सिटको ITB 21.1 मा बोलपत्र जमानतको मान्य अवधि बोलपत्र दर्ता गर्ने अन्तिम मिति (२०७३।३।१५) देखि १२० दिन बोलपत्र मान्यअवधि (९० दिन र सो भन्दा ३० दिन बढि २०७३।२।१०) सम्मको अवधिको माग गरिएकोमा बोलपत्र मूल्याङ्कनको क्रममा एउटा बोलपत्रदाताले पेश गरेको बोलपत्र जमानतको मान्य अवधि ११४ दिन मिति २०७३।३।१५ देखि २०७३।७।४ सम्मको मात्र पाइएको तर उक्त बोलपत्र जमानत बैंकले मिति २०७३।२।३० मा जारी गरेको देखिदा २०७३।७।४ सम्म जारी गरेको मिति देखि १३१ दिन रहेको देखिएकाले सोही कारणबाट उक्त बोलपत्रलाई मूल्याङ्कनमा समवेश गर्न मिल्ने वा नमिल्ने भनि राय माग भएको।

**राय तथा परामर्श:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५३ (५) मा सार्वजनिक निकायले वोलपत्रको मान्य अवधि भित्र खरिद सम्झौता गरि सक्नुपर्नेछ । कुनै कारणवस सो म्यादभित्र खरिद सम्झौता गर्न नसकिने भएमा रित पुगेका सवै वोलपत्रदाताहरूलाई वोलपत्रको मान्य हुने अवधि बढाउन पत्र पठाउनु पर्नेछ भन्ने व्यवस्था गरेकाले र सार्वजनिक निकायलाई थप मान्य अवधि माग गर्न कानुनत : नरोकेकोले, वोलपत्रदाताले तोकिएको रकमको १२० दिन मान्य अवधि भएको वैङ्क जमानत पेश गरेको अवस्थामा उक्त वोलपत्रलाई मुल्याङ्कन प्रकृयामा समावेश गर्न वाधा नपर्ने र आवश्यक परे तत्काल कार्यालयवाट बोलपत्र जमानतको थप मान्य अवधि समेत माग गर्न सकिने ।

मितिः २०७३।०३।२६

**राय परामर्श माग गर्ने निकाय** : सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल ।

**राय माग गरिएको विषय :**

सिलबन्दी दरभाउपत्र मार्फत कम्पयुटर तथा प्रिन्टरको खरिद कार्य सम्बन्धमा पेश भएका आपूर्तिकर्ताहरूको दरभाउपत्र मूल्याङ्कन गर्ने प्रयोजनको लागि उक्त कम्पयुटर आपूर्ति तथा बिक्रि गर्न सम्बन्धित सिलबन्दी दरभाउपत्रवालाहरूले कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाणपत्र, कर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको अतिरिक प्रचलित कानून अनुसार वाणिज्य विभागबाट जारी भएको ईजाजत पत्र अनिवार्य रूपमा आवश्यक पर्ने या नपर्ने भन्ने विषयमा राय माग भएको ।

**राय तथा परामर्श:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमवाली २०६४ को नियम ४० मा स्पस्ट व्यवस्था भएकाले सोही बमोजिम गर्नुपर्ने ।

मिति : २०७३।०३।२८

**राय परामर्श माग गर्ने निकाय** : श्री राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र सिंहदरबार, काठमाडौं ।

**राय माग गरिएको विषय :**

राष्ट्रिय परिचयपत्र प्रणाली स्थापना गर्ने कार्यको लागि एशियाली विकास बैंकको अनुदान सहयोगमा संचालित अन्तराष्ट्रिय बोलपत्रको प्राविधिक र आर्थिक मूल्याङ्कन सम्पन्न गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत एशियाली विकास बैंकको सहमती प्राप्त भै सकेको छ र सो बमोजिम न्यून मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता Morpho, France को बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृत गर्ने आशयको सूचना जेष्ठ ३१, २०६३, The Rising Nepal मा प्रकाशित गरिएको थियो । उक्त मितिबाट सात दिन भित्र सार्वजनिक खरिद ऐनको दफा ४९ बमोजिम कुनै पनि बोलपत्रदाताहरूबाट निवेदन प्राप्त हुन नआएकोले छनौट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरि बोलपत्र कागजात (Bid Document) मा उल्लेख भए बमोजिमको अवधी भित्र खरिद सम्झौता गर्न आउने गरि उक्त बोलपत्रदाता Morpho, France लाई 20 june 2016 मा Acceptance पठाई सकिएको अवस्थामा Morpho, France ले कम्पनीको नाम Safran Identity and Security रहने गरि परिवर्तन भएको व्यहोरा जानकारी गराएकोले सम्झौता लगायत यस पछिका अन्य काम कारवाही Safran Identity and Security को नामबाट गर्न मिल्ने, नमिल्ने भनि राय माग भएको ।

**राय तथा परामर्शः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को (१) (ख) बमोजिम नेपाल सरकार र दातृ पक्ष बीच भएको सम्झौता बमोजिम खरिद गर्नु परेमा सो पक्षको खरिद निर्देशिका (प्रोक्योमेन्ट गाईडलाइन्स) अनुरुप खरिद गर्नु पर्ने ।

## ४. विविध राय परामर्श

मिति : २०७२।०५।१७

**राय परामर्श माग गर्ने निकाय** : श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाण्डौ ।

**राय माग गरिएको विषयः**

SBD को Section II को २.४.२ Qualification Criteria मा कुनै एक पार्टनरकले तोकिएको अनुभव पुरा गरेमा योग्य हुने व्यवस्था गरिएको JV ले कम्तीमा २५ प्रतिशत अनुभव पुऱ्याउनुपर्ने अवस्थामा प्रतिस्पर्धा सिमित र संकुचित हुने देखियो अतः SBD को Section II को २.४.२ को प्रावधान वोलपत्र सम्बन्धी कागजात तयार गर्ने सार्वजनिक निकायले फेरवदल गर्न सकिन्छ/सकिदैन ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद अनुगमन कार्यालयले मिति २०१४ मा जारी गरेको निर्माण खरिद सम्वन्धी National Competitive Bidding) (NCB) को Section iii Evaluation & Qualification Criteria को बुँदा नं 2.4.2 Specific construction Experience को सर्न्दभमा संयुक्त उपक्रमको हकमा संयुक्त उपक्रमको रूपमा बोलपत्रदाता सहभागी भएको छ भने, कुनै एकको अनुभब भए पुग्ने प्रष्ट ब्यवस्था भएकोले यस सम्वन्धमा सार्वजनिक निकायले बोलपत्र कागजात तयार गर्दा उक्त प्रावधान विपरित हुने गरि सवैको अनुभव चाहिने भनि प्रावधान राख्न नसकिने र यसरी गरिएको परिवर्तन सारभूत रूपमा फरक भएको समेत मानिने ।

मिति :२०७२।०५।३०

**राय परामर्श माग गर्ने निकाय** : श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौं ।

**राय माग गरिएको विषयः**

लिलामी प्रक्रिया विद्युतीय माध्यमबाट गर्न सक्ने की नसक्ने ।

**राय तथा परामर्श :**

ऋण असुली न्यायाधिकरणले विद्युतीय लिलामी गर्ने या नगर्ने तहाँ न्यायाधिकरणको क्षेत्राधिकारको विषय भएको साथै सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ लिलामी कार्यको लागि आकर्षित नहुने ।

मितिः २०७२।०८।१०

**राय परामर्श माग गर्ने निकाय** : जल तथा मौसम विज्ञान विभाग, नक्शाल, काठमाण्डौ ।

**राय माग गरिएको विषयः**

त्यस कार्यालयको Monitoring Network for Water Quality and sediment monitoring Network सम्वन्धी कार्य गर्नका लागी प्रस्ताव माग गरेकोमा कार्यालयवाट उपलब्ध गराइएको RFP फर्म पेश नगरि आफ्नै ढाँचामा तयार गरि आशयपत्र पेश गरेकोमा सो आशयपत्रलाई मान्यता दिन सकिने वा नसकिने ।

**राय तथा परामर्श :**

सम्वन्धित निकायवाट प्रदान गरिएका प्रस्ताव सम्बन्धित कागजात, प्रस्तावदाताले पेश गरेको प्राविधिक र आर्थिक प्रस्तावसंग संलग्न नगरेको अवस्थामा पनि मूल्याङ्कन गर्न वाधा नपर्ने ।

मितिः २०७२।०८।२४

**राय परामर्श माग गर्ने निकाय** : उच्च माध्यामिक शिक्षा परिषद्, काठमाण्डौ ।

**राय माग गरिएको विषयः**

उत्तरपुस्तिका छपाई तथा ढुवानी सम्वन्धी सिलबन्दी सूचनाको शर्त नं ४ (ङ) अर्न्तगत ०७१/७२ को करचुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गर्नु पर्ने भनि माग भएकोमा आन्तरिक राजश्व विभागको कर दाखिला गर्ने म्याद २०७२ मंसिर २५ गते सम्म थप गरेको भनि कर चुक्ताको प्रमाणपत्र पेश नगर्ने बोलपत्रदाताको बोलपत्र ग्राहय हुन्छ हुदैन ?

**राय तथा परामर्श :**

०७१/७२ को कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाण मध्ये कुनै एक भए पुग्ने भनि तहाबाट प्रकाशित सूचनामा नै उल्लेख भएकाले थप राय दिईरहनु नपर्ने ।

मितिः २०७२।०९।२०

**राय परामर्श माग गर्ने निकाय** : श्री उद्योग मन्त्रालय, सिंहदरवार काठमाडौं ।

**राय माग गरिएको विषयः**

आ.ब ०७२/७३ को बजेट बक्तव्यको वुँदा नं ४२ मा उल्लेख रहेको व्यवस्था कार्यान्वयन गर्ने सर्न्दभमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को पालना गर्न पर्ने या नपर्ने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा को २ को (ख) बमोजिमको परिभाषा भित्र पर्ने/नपर्ने र सरकारी सञ्चित कोषवाट खर्च हुने/नहुने बारे स्पष्ट खुलाई पठाउन माग गर्ने ।

मितिः २०७२।०९।२०

**राय परामर्श माग गर्ने निकाय** : श्री प्रमाणीकरण नियन्त्रकको कार्यालय, सिंहदरवार, काठमाडौं ।

**राय माग गरिएको विषयः**

सार्वजनिक खरिद ऐन, २०६३ लाई संसोधन गर्न बनेको अध्यादेश, २०७१ को दफा २७ को उपदफा ४ बमोजिमको धरौटी लिई सम्झौता बमोजिमको सम्पूर्ण कार्य भैसकेको अवस्थामा हाल अध्यादेश खारेज भएकोले विद्यमान कानून बमोजिम वैङ्क ग्यारेन्टी फुकुवा गर्न मिल्ने, नमिल्ने ।

**राय तथा परामर्श :**

सम्झौता भई सम्झौता कार्यन्वयनको चरणमा पुगी सकेकोमा शर्त बमोजिम सम्वन्धीत पक्षहरूले दायित्व यथावत  परिपालना गर्नु पर्ने भएकाले थप राय दिईरहन नपर्ने ।

मितिः २०७२।०९।२०

**राय परामर्श माग गर्ने निकाय** : श्री नेपाल विधुत प्राधिकरण, कुलेखानी तेश्रो जलविद्युत आयोजना ।

**राय माग गरिएको विषय :**

National Urban consumer Price Index अनुसार हुन आउने रकम शुरु सम्झौता मुल्यको २५ प्रतिशत भन्दा वढी हुने भए पनि मूल्य समायोजन गर्न सकिने या नसकिने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ बमोजिम र करार सम्वन्धी कागजातमा भएको व्यवस्था वमोजिम तहा कार्यालयवाटै निर्णय गर्नु पर्ने ।

मिति :२०७२।१०।२९

**राय परामर्श माग गर्ने निकाय** : श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं ।

**राय माग गरिएको विषय :**

बोलपत्रदाताको अनुभव १० वर्षको हुनुपर्ने भन्ने शर्तको सम्बन्धमा Pre-bid Meeting मा बोलपत्रदाताहरूको राय माग हुँदा प्राप्त भएको राय यसै पत्रसाथ संलग्न राखि पठाइएको छ, साथै बोलपत्रको सूचनाको र बोलपत्रहरूको बैठकको माइन्युटको फोटोकपी समेत संलग्न गरि पठाइएको छ । उक्त १० वर्षको प्रावधानलाई सो भन्दा कम के कति वर्ष वा ५ वर्ष सम्म गर्न सकिने वा नसकिने भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खदि ऐन, २०६३ को दफा ७ को (३) (ख) र दफा १० (४) मा स्पस्ट व्यवस्था भएकाले यस कार्यालयबाट राय दिईरहनु नपर्ने ।

मिति :२०७२।१०।२९

**राय परामर्श माग गर्ने निकाय** : भू-सूचना तथा अभिलेख विभाग, बबरमल, काठमाडौं ।

**राय माग गरिएको विषय :**

यस विभागबाट मौजुदा सूचिमा सूचिकृत परामर्शबाट परामर्श सेवा अन्तर्गत Data Audit DLTS database with system development (REP Number 03/CS/2072/073) कार्यको लागि प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान गरिएकोमा प्राविधिक प्रस्ताव स्वीकृत भएको परामर्शदाताहरूको मिति २०७२।१०।२१ गते खोलिएको आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा १. Unit Price per parcel production in Words Column मा Eight lakh Eighty Four Thousands Nine Hundred

Fifty five and eighty five and eighty paisa only लेखि सोही टेवलको तल In Words: Five lakh and Fify Thousands only उल्लेख भएको अवस्थामा मूल्याङ्कनको आधार लिने कबोल अंकको विषयमा द्विविधा परेको । २. आर्थिक प्रस्ताव पेश गरेको पत्रमा परामर्शदाताको आधिकारीक व्यक्तिको सही र दस्तखत नभएको । ३. विभागको स्वीकृत लागत अनुमान भन्दा रु. ७९५०।०० बढी कबोल गरिएको अवस्थामा बोलपत्र मूल्याङ्कन गर्न द्विविधा भएको भनि राय परामर्श माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र दफा २५ मा स्पस्ट व्यवस्था भएकाले र तहा कार्यालयवाट जारी गरिएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित प्रावधान अनुरुप नै निर्क्योल गर्नुपर्ने ।

मिति : २०७२।११।०२

**राय परामर्श माग गर्ने निकाय :** श्री व्यवस्थापिका संसद, सार्वजनिक लेखा समिति, काठमाडौं ।

**राय माग गरिएको विषय :**

खानेपानी तथा सरसफाई मन्त्रालयको बेरुजु छलफल उपसमितिको बैठकमा छलफल हुँदा काठमाडौं उपत्यका खानेपानी सेवा क्षेत्र विकास कार्यक्रम (के.यु.के.एल.) को म.ल.प. प्रतिवेदन २०७० को क्रम संख्या ४३ को सम्बन्धमा मिति ०७२।९।३० मा छलफल हुँदा सो सम्बन्धमा पछिल्लो सम्झौता अनुसार भुक्तानी नेपाली वा संशोधन अनुसार दुवै मुद्रामा दिन मिल्ने वा नमिल्ने ।

**राय तथा परामर्श :**

प्रस्तुत विषय सार्वजनिक खरिद ऐन २०६३ को दफा ६७ (१) को (ख) को क्षेत्रमा पर्ने भई सार्वजनिक खरिद ऐनको प्रकृया अपनाउनु नपर्ने तर सम्वन्धित सार्वजनिक निकायले दातृ पक्षको खरिद निर्देशिका (Procurement Guideline) पालना गर्नु पर्ने देखिन्छ । सार्वजनिक निकायले वोलपत्र सम्वन्धि कागजात तयार गर्दा सम्झौतामा उल्लेख हुने र वोलपत्रदाताले पाउने विनिमय र सो को दर सम्वन्धी सुविधा जस्ता कुराहरू स्पस्ट उल्लेख गर्नु पर्दछ । सो सम्झौता गर्दा समेत वोलपत्र सम्वन्धी कागजातमा उल्लेखित विषयहरू छुटाउनु हुदैन यदी छुटेको भए दातृ पक्षको निर्देशिका प्रयोग हुनेको हकमा दातृ पक्षको सहमति लिएर सम्झौता संसोधन समेत गर्न सकिने अवस्था रहन्छ । अत : प्राप्त कागजातको आधारमा अध्ययन गर्दा सम्झौतामा नपरेको भए पनि दातृ पक्षवाट सम्झौता संसोधन गरी वैदेशिक मुद्रामा भुक्तानी भईसकेको विषय भएकाले खरिद सम्झौता भई खरिद सम्झौता कार्यान्वयनको दायित्वको द्विपक्षिय विवादित विषयमा यस कार्यालयवाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ६५ (२) को व्यवस्था अनुरुप राय प्रदान गर्न कानुनसम्मत नहुने ।

मितिः २०७२।१२।११

**राय परामर्श माग गर्ने निकाय :** श्री वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय, बानेश्वर, काठमाडौं ।

**राय माग गरिएको विषय :**

वार्षिक कार्यक्रममा वैदेशिक रोजगारमा जान चाहने १०००० जनालाई तालिम प्रदान गर्ने लक्ष्य राखि वैदेशिक रोजगार मूलक सीप विकास तालीम कार्यक्रममा एकमुष्ट रकम रु. १५,००,००,०००।- (अक्षरेपी रु. पन्ध्र करोड) विनियोजन भएको छ । उक्त तालीम सञ्चालन गर्नको लागि विभिन्न तालीम प्रदायक संस्थाहरूसंग आशयपत्र माग गरी जम्मा १०७ वटा आशयपत्र सूचिकृत गरिएको छ । वार्षिक कार्यक्रममा विनियोजित रकमबाट तालीमको प्रभावकारिता र व्यवहारिकताको लागि समेत देहाय बमोजिमका १२ वटा ट्रेडहरूमा तालीम दिने संख्या र रकम छुटयाई सूचिकृत संस्थाबाट विषयगत रूपमा प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी तालीम सञ्चालन गर्न लागिएकोले सो कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) को अनुकुल हुने वा नहुने भन्ने सम्बन्धमा द्विविधा उत्पन्न भएको ।

**राय तथा परामर्श :**

प्रस्तुत विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० बमोजिम खुल्ला रूपमा आशयपत्र माग गरि सकेको अवस्थामा ऐ. ऐनको दफा ३१ बमोजिम संक्षिप्त सूचि तयार गरि संक्षिप्त सूचिमा परेका आशयपत्रदाताहरूसंग प्रस्ताव माग गर्न सकिने ।

मितिः २०७२।१२।१४

**राय परामर्श माग गर्ने निकाय :** श्री सुदूर पश्चिमाञ्चल विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय ।

**राय माग गरिएको विषय :**

सार्वजनिक खरिद अनुगमन कार्यालय सँग परामर्श लिने भनि राय दिएकोले मिति 11th march 2016 मा जारी भएको प्रभु बैंक बबरमहल काठमाडौंबाट Advance payment Gurantee No.AP00100237273 को 30th November 2016 सम्मकै म्याद भएको बैंक ग्यारेन्टीबाट 6th April 2015 मा Ref No 2613 Advance payment Gurantee No. 50/02 को 30th November 2016 सम्म म्याद भएको बैंक ग्यारेन्टी प्रतिस्थापन हुन सक्छ वा सक्दैन र 6th April 2015 मा Ref No 2613 को 30th November 2016 सम्म म्याद भएको राष्ट्रिय बाणिज्य बैंकको माथि उल्लेखित रकमको बैंक ग्यारेन्टी फुकुवा गर्न मिल्छ वा मिल्दैन ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (४) बमोजम ऐ.ऐनको दफा ५२ अनुरुप खरिद सम्झौता भई सकेको अवस्थामा राष्ट्रिय वाणिज्य वैङ्क, महेन्द्रनगर शाखाबाट जारी गरिएको बैंङ्क जमानत प्रतिस्थापन गरि अर्को वैङ्कबाट जारी गरिने वैङ्क ग्यारेन्टी स्वीकार गर्दा सारभूत रूपमा फरक पर्ने नपर्ने तहा कार्यालयबाटै निर्णय गर्ने बिषय भएको ।

मितिः २०७२।१२।१५

**राय परामर्श माग गर्ने निकाय** : श्री सागरनाथ वन विकास परियोजना, सर्लाही ।

**राय माग गरिएको विषय :**

आएको बोलपत्रहरूको सम्बन्धमा टेण्डर फारममा उल्लेख गरिएका शर्त तथा प्रचलित नियम बाझिएको हुनाले सो सम्बन्धमा कुनलाई प्राथमिकता दिने विषयमा द्विविधा भएको भनि राय माग भएको ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ मा बोलपत्र जमानत बापत पेश हुने रकम नगदै वा वाणिज्य वैङ्कले जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत हुनुपर्ने भनि प्रष्ट व्यवस्था गरेकाले तहा कार्यालयबाट जारी गरिएको सूचना बमोजिम वाणिज्य वैङ्कले जारी गरेको सो रकम बराबरको बोलपत्र जमानतको कागजात पेश गरेको अवस्थामा मूल्याङ्कन प्रकृयामा उक्त बोलपत्रलाई समावेश गर्न सकिने ।

मितिः २०७२।१२।१६

**राय परामर्श माग गर्ने निकाय** : श्री काठमाण्डौ उपत्यका खानेपानी ब्यवस्थापन बोर्ड, थापाथली, काठमाण्डौ ।

**राय माग गरिएको विषय :**

Standard Bid Document को Bid security format मा भएको "This Gurantee is the subject to the Uniform Rules of Demand Gurantee, ICC Publication No.758" हुनुपर्नेमा "This Gurantee is subject to the Uniform Rules of demand Gurantee, ICC Publication No.458" उल्लेख भएका हुँदा उक्त फर्मको बोलपत्रलाई मूल्याङ्कनमा समावश गर्ने सम्बन्धमा द्विविधा उत्पन्न्ले तँहाको राय सुझावको अनुरोध ।

**राय तथा परामर्श :**

तहा कार्यालयबाट जारी गरिएको बोलपत्र कागजातको विड सेकुरिटी बैंङ्क जमानत फर्मको नमुनामा ICC Publication No 758 उल्लेख गरिएको भएतापनि उल्लेखित शर्तहरूमा सारभूत रूपमा फरक नपरेको अवस्थामा उक्त ४५८ उल्लेख गरि पेश भएको वैङ्क जमानत सहितको बोलपत्रलाई मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मितिः २०७२।१२।२९

**राय परामर्श माग गर्ने निकाय** : श्री जिल्ला विकास समितिको कार्यालय, कास्की ।

**राय माग गरिएको विषय :**

सार्वजनिक खरिद ऐनको दफा ५४ को व्यवस्था तथा सोही ऐन अन्तर्गतको स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५० सार्वजनिक ऐनको दफा ५४(३) सँग मात्र सम्बन्धित हो होइन ?

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ तथा दफा ५४ (१) को व्यवस्था वमोजिम ऐ. ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) वमोजिमको हकमा नेपाल सरकार र अन्यको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायवाट निर्णय भए बमोजिम भेरिएशन आदेश जारी गर्न सक्नेछ ।

मिति: २०७३।०१।२१

**राय परामर्श माग गर्ने निकाय** : श्री राष्ट्रिय सहकारी विकास बोर्ड, पुल्चोक, ललितपुर ।

**राय माग गरिएको विषय :**

१२ देशका विभिन्न संस्थाहरूबाट प्रतिनिधित्व हुने सो कार्यक्रम संचालनका क्रममा होटल खर्च मात्र (होटलबास खर्च, विहानको खाजा, दिउसोको खाना, बेलुकीको खाना तथा कायक्रम संचालनका लागि संचार उपकरण) प्राप्त दररेट अनुसार अनुमानित करिब २० लाख खर्च हुने देखिन्छ । सार्वजनिक खरिद ऐन तथा नियमावली समेत समे सम्बन्धमा स्पष्ट व्यवस्था नभएको हुँदा उक्त कायक्रम संचालनका लागि होटल छनौट गर्दा के कस्तो खरिद प्रकिया अपनाई छनौट गर्न उपयुक्त हुन्छ ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८२ बमोजिम रु. एक लाख सम्म सार्वजनिक निकायको प्रमुख आफैले र सो भन्दा माथिको रकमको हकमा एक तह माथिको अधिकारीको स्वीकृतिले सोझै वार्ताबाट खरिद गर्न सकिने ।

मिति: २०७३।०१।२२

**राय परामर्श माग गर्ने निकाय** : श्री जल तथा मौसम विज्ञान विभाग, नक्साल, काठमाडौं ।

**राय माग गरिएको विषय :**

यस विभागबाट लुक्ला विमानस्थल नजिक स्वचालित मौसम मापन केन्द्र स्थापना गरी सर्वसाधारण सरोकारवालालाई मौसम सम्बन्धी जानकारी गराउन अति आवश्यक भएको कुरालाई ध्यानमा राखी त्यस क्षेत्रमा जग्गा खरिद गर्न अति आवश्यक देखिएको तथा नेपाल सरकार स्रोततर्फ रु. २०,००,०००।- बीस लाख रुपैया विनियोजन समेत भएकाले जग्गा प्राप्तिका लागि बोलपत्रको माध्यमबाट खरिद गर्न सकिने/नसकिने ।

**राय तथा परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ संग सम्वन्धित नभई जग्गा प्राप्ति ऐन, २०३४ को क्षेत्राधिकारको विषय भएकाले सो बमोजिम कारवाही बढाउनु पर्ने ।

मिति: २०७३।०१।३०

**राय परामर्श माग गर्ने निकाय** : श्री ललितपुर उप-महानगरपालिका कार्यालय, पुल्चोक, ललितपुर ।

**राय माग गरिएको विषय :**

कार्यालयको निर्णयमा ३० जना सुरक्षाकर्मीको मासिक रु. १३०००।- (भ्याट समेत) मा नबढ्ने गरि २ वर्षको लागि खरिद गर्ने निर्णय भएकोमा सूचनामा अवधि सम्बन्धमा स्पष्ट नखुलेको ।

**राय तथा परामर्श :**

तहाँ कार्यालयबाट प्रकाशन गरिएको शिलवन्दी बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित सुरक्षा सेवा तहाँ कार्यालयको स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रहि खरिद गर्नुपर्ने भएमा बढिमा एक बर्ष अवधिको लागि सेवा सम्झौतामा लिन सकिने ।

मिति: २०७३।०३।०९

**राय परामर्श माग गर्ने निकाय** : श्रम तथा रोजगार मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

**राय माग गरिएको विषय :**

त्यस मन्त्रालयबाट विभिन्न भाषाका रेडियो जिङ्गलहरूको पचार प्रसार गर्नका लागि सूचिकृत भएका संस्थाहरूबाट प्रस्ताव माग गर्दा प्राप्त चार वटा प्रस्तावहरू मध्ये दुई वटा दरभाउपत्र पेश गर्ने बोलपत्रदाताले पेश गरेका सिलवन्दी दरभाउपत्र खुल्ला प्रस्तावको रूपमा प्राप्त हुन आएकोले मूल्याङ्कन गर्न मिल्ने, नमिल्ने भनि राय माँग भएको ।

**राय तथा परामर्श :**

१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० को उपदफा (३) तथा सार्वजनिक खरिद नियमवाली २०६४ को नियम ८४ सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गर्दा सात दिनको अवधि तोकी सूचना दिने व्यवस्था नरहेको ।
२. आगामि दिनहरूमा राय परामर्श माग गर्दा यस कार्यालयबाट तोकिएको ढाँचामा लेखि राय परामर्श माग गर्नुपर्ने भनि लेखि पठाउने ।

मिति: २०७३।०३।०९

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला विकास समितिको कार्यालय, भद्रपुर झापा ।

<u>**राय माग गरिएको विषय :**</u>

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५९ मा बोलपत्र खोल्ने विधि बारे उल्लेख भएतापनि कुनै ठेक्कामा प्राप्त बोलपत्रहरू खोली मुचुल्का तयार भईसकेपछि सोही दिन देखा नपरेको विद्युतीय बोलपत्र अर्को दिन देखापरी खोली मुचुल्का तयार गरी सो बोलपत्रलाई समेत मूल्याङ्कनमा समावेश गर्न सकिने वा नसकिने कुरा स्पष्ट हुन नसकेको ।

<u>**राय तथा परामर्श :**</u>

तहा कार्यालयबाट बोलपत्र खोल्ने समयको System मा बोलपत्र खोल्ने मिति 16-06-2016,13:00 बजे रहेकोले उक्त मिति र समय भन्दा अगाडि बोलपत्र खोल्न नसकिने भएकाले मुचुल्का तयार पश्चात देखा परेको विद्युतिय बोलपत्र तोकिएको समय अवधि भित्रै दर्ता भएको देखिन आएकाले उक्त बोलपत्रलाई मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मिति : २०७३।०३।१९

**राय परामर्श माग गर्ने निकाय** : साँफेबगर नगरपालिका कार्यालय, साँफेबगर, अछाम ।

<u>**राय माग गरिएको विषय :**</u>

सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश को बुँदा नं. १७ अनुसार कार्यसम्पादन जमानत लिई सम्झौता गरिएकोमा हाल निर्माण व्यबसायी, स्वाँर/सावद/सनलाईट जे.भी. ले हाल उक्त अध्यादेश खारेज भईसकेकोले कवोल अङ्कको ५ प्रतिशतले हुने कार्य सम्पादन जमानत वाहेक बढी दाखिला भएको रकमको कार्यसम्पादन जमानत फुकुवा गरी पाउँ भनि निवेदन दिएकाले निवेदन माग बमोजिम कार्य सम्पादन जमानत फुकुवा गर्न मिल्ने वा नमिल्ने भनि राय माग भएको भनि राय परामर्श माँग भएको ।

<u>**राय तथा परामर्शः**</u>

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ बमोजिम बोलपत्र सम्बन्धी कागजातको शर्त बमोजिम सम्झौता भईसकेकोमा सम्झौता अनुसार कार्य सम्पन्न नभए सम्म कार्य सम्पादन जमानत फिर्ता गर्न नमिल्ने ।

## भाग-५

# आ.व. २०७३/७४ का राय पराशर्महरू

मिति :२०७३।०४।०६

**राय परामर्श माग गर्ने निकाय** : डिभिजन सडक कार्यालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

Withdraw पत्रमा रहेको आधिकारिक व्यक्तिको दस्तखत र bidding Document मा भएको दस्तखत फरक फरक आधिकारिक व्यक्तिको दस्तखत भएको बोलपत्र मान्ने, नमान्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र दफा २५ बमोजिमको मापदण्ड पुरा गरेको अवस्थामा दफा २३ (४) बमोजिम बोलपत्रदातासंग आवश्यक जानकारी माग गरी सम्बन्धित कार्यालयबाटै निर्क्यौल गर्नुपर्ने ।

मिति : २०७३।०४।१२

**राय परामर्श माग गर्ने निकाय** : त्रि.वि.रजिष्ट्रारको कार्यालय, कीर्तिपुर ।

**राय माग गरिएको बिषय :**

भवन निर्माण गर्ने कार्य १८ महिनामा पुरा गर्नुपर्ने गरी सम्झौता गरी मूल्य समायोजन सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को प्रतिकुल नहुने गरी विभिन्न मितिमा हाल सम्मको Price Escalation वापतको रकम भुक्तानी गरी पाउँ भनी निवेदन दिनु भएको भएता पनि हालसम्म निर्माण व्यवसायीलाई रकम भुक्तानी नगरिएको साथै Bidding Document को Section-II को Bid Data Sheet ITB 14.6 मा The Prices Quoted by the Bidder "shall be" subject to adjustment during the performance of the Contract र ४५ मा Price Adjustment व्यवस्था गरिएको छ यस अवस्थामा मूल्य समायोजन गरी रकम दिन मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र दफा २५ बमोजिमको मापदण्ड पुरा गरेको अवस्थामा दफा २३(४) बमोजिम बोलपत्रदातासंग आवश्यक जानकारी माग गरी सम्बन्धित कार्यालयबाटै नि्क्यौल गर्नुपर्ने ।

मिति : २०७३।०४।१२

**राय परामर्श माग गर्ने निकाय** : सिंचाइ विकास डिभिजन, कपिलवस्तु ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ पहिलो संशोधन भई प्रमाणीकरण भई सकेको अवस्थामा नँया संशोधन अनुसार साविक बमोजिम आव्हान गरिएको बोलपत्र सूचना तथा डकुमेन्टमा संशोधन गर्नुपर्ने वा नपर्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०७३ मिति २०७३ असार ३० गते देखि लागु भई कार्यान्वयनमा रहेको हुँदा संशोधन भएका विषयहरूका हकमा संशोधित ऐन बमोजिम नै हुने ।

मिति : २०७३।०४।१२

**राय परामर्श माग गर्ने निकाय** : चिकित्सा शास्त्र अध्ययन संस्थान, डीनको कार्यालय, महाराजगंज, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

भवनको मर्मत सम्भार तथा Retrofiting कार्य समेत मिति २०७३।०१।१४ को बैठकको निर्णयानुसार रद्द गरी पुनः खुल्ला बोलपत्र आव्हान गर्ने सिफारिस भए बमोजिम मिति २०७३।०२।२६ र २७ मा क्रमशः डीन कार्यालय र अन्तराष्ट्रिय छात्रावास भवनको Retrofiting कार्यका लागि ३० दिनको म्याद दिई खुल्ला बोलपत्र आव्हान गरिएता पनि तोकिएको समयभित्र दर्ता भएको सबै बोलपत्रहरू नियमानुसार खोल्दा इष्टिमेट रकम भन्दा ५.३३५ (डीन कार्यालय भवन) र ७.२४५ (अन्तराष्ट्रिय छात्रावास भवन) बढी रकम बोल/कबोल गरेको देखिएको हुँदा बढी (इष्टिमेट रकम भन्दा बढी) रकम सम्बन्धमा के गर्ने र बोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सारभूत रूपमा प्रभावग्राही न्युनतम मूल्याङ्कित बोलपत्र लागत अनुमान भन्दा सारभूत रूपमा घटी वा बढी भएको वा नभएको कुरा सम्बन्धित सार्वजनिक निकायले नै निर्क्यौल गर्ने विषय भएकाले राय दिइरहनु नपर्ने ।

मिति : २०७३।०४।१८

**राय परामर्श माग गर्ने निकाय :** पशु सेवा विभाग, ललितपुर ।

**राय माग गरिएको बिषय :**

बस भाडामा लिने सम्बन्धी कार्यकोलागि मिति २०७३।०२।२३ मा सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशन गरिएकोमा एउटा मात्र दरभाउपत्र पेश हुन आएकोले मिति २०७३।०३।०७ मा पुनः दोश्रो पटक सूचना आव्हान गर्दा थप तीन वटा दरभाउपत्र पर्न आएकोमा सार्वजनिक खरिद २०६३ को दफा २४ र ४० तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा एउटै व्यक्तिले दुईवटा कारोवार दर्ता गरी दुवै कारोवारको नामबाट दरभाउपत्रमा भाग लिन पाउने, नपाउने सम्दर्भमा दरभाउपत्र मूल्याङ्कनको चरणमा जटिलता उत्पन्न भएको ।

**राय परामर्श :**

पेश भएका संलग्न कागजातहरूलाई अध्ययन गर्दा शिलबन्दी दरभाउपत्रको प्रकृयामा त्रुटी देखिएको र शिलबन्दी दरभाउपत्रदाताहरू बीचमा समेत स्वार्थ बाझिएको देखिएकाले शिलबन्दी दरभाउपत्र सम्बन्धी प्रकृया रद्द गर्नु उपर्युक्त हुने ।

मिति : २०७३।०४।१८

**राय परामर्श माग गर्ने निकाय :** सिंचाइ विकास डिभिजन, कपिलवस्तु ।

**राय माग गरिएको बिषय :**

हाल सार्वजनिक खरिद ऐन २०६३ पहिलो संशोधन भई प्रमाणीकरण भई सकेको अवस्थामा नयाँ संशोधन अनुसार साविक बमोजिम आव्हान गरिएको बोलपत्र सूचना तथा डकुमेण्टमा संशोधन गर्नुपर्ने वा नपर्ने सम्बन्धमा द्धिविधा पर्न गएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन २०७३ मिति २०७३ असार ३० गते देखि लागु भई कार्यान्वयनमा रहेको हुँदा संशोधन भएका विषयहरूका हकमा संशोधित ऐन बमोजिम हुने ।

मिति : २०७३।०४।१८

**राय परामर्श माग गर्ने निकाय :** नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

एशियाली विकास बैंकको परामर्श सेवा सम्बन्धी निर्देशिकाः the Guidelines on the Use of Consultants by Asian Development Bank and its Borrowers (2013, as amended from time to time) को paragraph 2.38 मा, “Where international NGOs are included with consulting firms on shortlists for loan consultants, the QBS (Quality Based Selection) method will be used.” भनी उल्लेख भएको साथै Loan Agreement तथा Schedule 4 को 1. मा “The procurement of Goods, Works and Consulting Services shall be subject to and governed by the Procurement Guidelines, and the Consulting Guidelines, respectively” भनी उल्लेख भएकाले यस्तो अवस्थामा EOI माग गरिएको सूचनामा उल्लेख भएको छनौट प्रकृया QCBS बाट QBS छनौट प्रकृयामा जान मिल्ने/नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को (१) (ख) बमोजिम नेपाल सरकार र दातृ पक्ष बीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योमेन्ट गाईडलाइन्स) अनुरुप खरिद गर्नु परेमा सो पक्षको खरिद निर्देशिका (प्रोक्योमेन्ट गाईडलाइन्स) अनुरुप गर्नुपर्ने ।

मिति : २०७३।०४।२०

**राय परामर्श माग गर्ने निकाय :** तम्घास-सिमलटारी-प्यूठान सडक आयोजना, गुल्मी ।

**राय माग गरिएको बिषय :**

विद्यमान अवस्थामा बोलपत्रहरू मूल्याङ्कन गरी अन्तिम निर्णयका लागि पेश भएको अवस्थामा तत्कालीन खरिद ऐन २०६३ मा उल्लेखित प्रावधान लागु हुने वा सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०७३ को प्रावधान लागु हुने हो द्विविधा पर्न गएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०७३ मिति २०७३ असार ३० गते देखि लागु भइ कार्यान्वयनमा रहेको हुँदा संशोधन भएका विषयहरूका हकमा संशोधित ऐन बमोजिम नै हुने ।

मिति : २०७३।०४।२०

**राय परामर्श माग गर्ने निकाय** : डिभिजन सडक कार्यालय, मिनभवन, काठमाडौं-१ ।

**राय माग गरिएको बिषय :**

सिवाको/बस्नेत जे.भी.बाट e-bid मार्फत withdraw गरेको तर Power of Attorney सिवाको कस्ट्रक्सन कम्पनी प्रा.ली र बस्नेत निर्माण सेवाबाट तोकिएको आधिकारिक प्रतिनिधिको दस्तखत नरहेको बोलपत्र पेश भएको छ । withdraw पत्रमा रहेको आधिकारिक व्यक्तिको दस्तखत र bidding Document मा भएको दस्तखत फरक फरक आधिकारिक व्यक्तिको दस्तखत भएको बोलपत्र मान्ने, नमान्ने विषयमा द्विविधा रहेको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र दफा २५ बमोजिमको मापदण्ड पुरा गरेको अवस्थामा दफा २३ को उपदफा (४) बमोजिम बोलपत्रदातासंग आवश्यक जानकारी माग गरि सम्बन्धित कार्यालयबाटै निर्क्यौल गर्नुपर्ने ।

मिति : २०७३।०४।२०

**राय परामर्श माग गर्ने निकाय** : डिभिजन सडक कार्यालय, मिनभवन, काठमाडौं-१ ।

**राय माग गरिएको बिषय :**

रौतह/देविथान जे.भी. बोलकबोल गरेको रकम सबै भन्दा कम रहेकोले e-submission मा information नरहेको र हार्ड कपिमा पेश हुँदा छुट हुन गएको कागजात समेत समावेश गरिएकोले हार्ड कपिमा रहेको qualification को आधारमा बोलपत्र मूल्याङ्कन गर्ने वा नगर्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र दफा २५ बमोजिमको मापदण्ड पुरा गरेको अवस्थामा दफा २३ को उपदफा (४) बमोजिम बोलपत्रदातासंग आवश्यक जानकारी माँग गरी सम्बन्धित कार्यालयबाटै निर्क्यौल गर्नुपर्ने ।

मिति : २०७३।०४।२७

**राय परामर्श माग गर्ने निकाय** : जनसंख्या तथा वातावरण मन्त्रालय, वातावरण विभाग ।

**राय माग गरिएको बिषय :**

एकातर्फ नेपाल सरकार मजदुरहरूको लागि तोकेको न्यूनतम मासिक पारिश्रमिक भन्दा कम हुने गरी पेश हुन आएको प्रस्ताव स्वीकृत गर्दा संघसस्थाले मजदुरहरूको न्यूनतम पारिश्रमिक घटाई दिएको कुरालाई सार्वजनिक निकायले समर्थन गरेको देखिने अवस्था रहेको हुँदा न्यूनतम पारिश्रमिक भन्दा कम हुने गरी पेश गरेको प्रस्ताव स्वीकृत नहुने व्यहोरा प्रस्तावमै उल्लेख गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

प्रस्तुत विषय सम्बन्धित सार्वजनिक निकायबाटै निर्क्यौल गर्नुपर्ने भएकाले यस कार्यालयबाट राय दिइरहनु नपर्ने ।

मिति : २०७३।०४।२७

**राय परामर्श माग गर्ने निकाय** :सिहंदरबार सचिवालय पुनः निर्माण समिति, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

भवन निर्माण कार्य खरिद ऐन २०६३ को व्यवस्था अनुसार मिति २०७३।०३।०१ मा सूचना गरी बोलपत्र प्रकृया सञ्चालन गरिएको । सूचना कार्यक्रम अनुसार बोलपत्र बुझाउने अन्तिम मिति २०७३।०३।३१ गते १२:०० बजे र खोल्ने मिति २०७३।०३।३१ गते २:०० बजे भए अनुसार सो बोलपत्र खोल्ने कार्य समेत सम्पन्न भएको छ । यसै विचमा सार्वजनिक खरिद ऐन २०६३ मा संशोधन भई २०६३ आषाढ ३० देखि लागु भएकोले यस बोलपत्रम संशोधन आकर्षित हुने नहुने ?

**राय परामर्श :**

सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०७३ मिति २०७३ असार ३० गते देखि लागु भई कार्यान्वयनमा रहेको हुँदा संशोधन भएका विषयहरूका हकमा संशोधित ऐन बमोजिम हुने ।

मिति : २०७३।०४।२७

**राय परामर्श माग गर्ने निकाय :** प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौं ।

**राय माग गरिएको बिषय :**

नँया FPU Mission को लागि खरिद गर्नुपर्ने Major Equipment मध्ये APC Wheeled Infantry Carier Unarmed (Class-II) को खरिदको हकमा "सुरक्षा सामरिक वा प्रतिरक्षा सामाग्री आपूर्ति गर्ने कार्यविधि २०६४" बमोजिम सूचिकृत आपूर्तिकर्ताहरूबाट मात्र आपूर्ति गर्नुपर्ने भने बमोजिम गत आ.व. ०७२/०७३ मा सूचिकृत कम्पनीहरू समेतबाट लागत अनुमान दर रेट संकलन गरि लागत अनुमान तयार गर्ने कार्य अगाडि बढिरहेको वर्तमान अवस्थामा उक्त AOC को खरिद कार्य चालु आ.व. ०७३/०७४ मा गर्नुपर्ने भएकोले यस अवस्थामा गत आ.व. २०७२/०७३ मा सूचिकृत आपूर्तिकर्ताहरू मध्येबाट खरिद प्रकृया शुरु गर्न सकिन्छ वा सकिदैन वा यस आ.व. ०७३/०७४ मा नँया सूचिकृत कम्पनीहरू मध्येबाट खरिद कार्य गर्नुपर्ने हो ? तथा यस आ.व. ०७३/०७४ का लागि सुरक्षा सामरिक वा प्रतिरक्षा सामाग्री आपूर्तिको सूचि दर्ता सम्बन्धी सुचना प्रकाशन भई मूल्याङ्कन प्रकृया पुरा भईनसकेको र खरिद प्रकृयाको लागि स्पेशिफिकेसन एंव लागत अनुमानको तयारी प्रकृया गत आ.व. २०७२/०७३ मा नै थालनी गरिसकिएको वर्तमान अवस्थामा APC Wheeled Infantry Carier Unarmed (Class-II) को लागत अनुमान अघिल्लो आ.व.२०७२/०७३ मा सूचिकृत कम्पनीहरू समेत मार्फत संकलित लागत अनुमान दर रेटको आधारमा लागत अनुमान तयार गर्न सकिन्छ वा पुनः नयाँ प्रकृया शुरु गरि लागत अनुमान तयार गर्नुपर्ने हो ?

**राय परामर्श :**

सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०६३ को दफा ६ को उपदफा ४ बमोजिम मौजुदा सूचि अद्यावधिक गरी लागत अनुमान तयार गर्नुपर्ने ।

मिति : २०७३।०४।२७

**राय परामर्श माग गर्ने निकाय :** पहाडी साना किसानका लागि अनुकूलन आयोजना, हात्तीसार, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

Baseline Study and Vulnerability Assessment को परामर्श सेवाको लागि मिति मे ०९, २०१६ मा EOI का लागि सूचना प्रकाशित भई प्राप्त EOI को मूल्याङ्कन गरी दातृ निकाय (IFAD) बाट समेत No Objection प्राप्त गरी short listed भएको छ वटा फर्महरूलाई जुन १२, २०१६ मा RFP issue गरिएकोमा ती छ वटा फर्महरू मध्ये चार वटा फर्महरूले मात्र समय भित्र प्रस्ताव पेश गरेको । यसरी प्राप्त प्राविधिक प्रस्तावहरूको मूल्याङ्कन गर्ने क्रमको शुरुआतमै standard RFP document को Instruction to consultant को ४.२ मा "An authorized representative of the Consultants shall initial all pages of the original Technical Financial Proposals. The authorization shall be in the form of a written power of attorney accompanying the Proposal" उल्लेख भए बमोजिम एउटा फर्मको प्राविधिक प्रस्तावको एउटा पृष्ठमा सहि नभएको, दोस्रो फर्मको प्राविधिक प्रस्तावको सबै पृष्ठमा छाप नभएको तर सहि नभएको, दोस्रो फर्मको प्राविधिक प्रस्तावको सबै पृष्ठमा छाप नभएको तर सहि नभएको, तेस्रो फर्मको प्राविधिक प्रस्तावको सबै पृष्ठमा छाप नभएको तर सहि नभएको तथा चौथो फर्मको प्राविधिक प्रस्तावको सबै पृष्ठमा छाप नभएको । माग गरिए अनुसार एउटा पार्टनरको भ्याट दर्ता, अर्को पार्टनरको आयकर बुझाएको प्रमाण र एक पार्टनरको Written statement of declaration समेत नभएको अवस्थामा प्राविधिक प्रस्तावको मूल्याङ्कन कार्य अगाडि बढ्न नसकेको र सम्पूर्ण प्रस्ताव non responsive हुने अवस्था भएकोले के गर्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को (१) (ख) बमोजिम नेपाल सरकार र दातृ पक्ष बीच भएको सम्झौता बमोजिम खरिद गर्नु परेमा बमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योमेन्ट गाईडलाइन्स) अनुरुप खरिद गर्नु पर्ने ।

मिति : २०७३।०४।२७

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला प्राविधिक कार्यालय, धनकुटा ।

**राय माग गरिएको बिषय :**

Section III Evaluation and Qualification Criteria को 2.3 Financial Situation अन्तर्गत 2.3.1 मा उल्लेख भएको Historical Fianncial Performance मा जानकारी माग गरिएको Audited Balance Sheets and income Statements for the last three (3) years भनिएकोमा बोलपत्रदाताले आ.व. २०७१/०७२ को लेखा परिक्षण प्रतिवेदन बाहेक आ.व. २०७०/०७१, ०६९/०७० लगायत विगत आ.व. का लेखा प्रतिवेदन पेश गरेको। २) विड डकुमेन्टमा उल्लेखित BID Security (Bank Guarantee) को Standard format मा Bank Gurantee पेश गर्नुपर्नेमा नेपालीमा शर्तसहित बैंक जमानी पत्र पेश गरेको। बैंक जमानी पत्रको प्रतिलिपी यसै पत्रसाथ संलग्न गरिएको छ। माथि उल्लेखित दुईवटा अवस्थामध्ये पहिलो अवस्थाको हकमा आ.व. २०७१/०७२ को लेखा परिक्षण प्रतिवेदनलाई छोडेर आ.व.२०७०/०७१, ०६९/०७० र २०६८/०६९ का लेखा परिक्षण प्रतिवेदनलाइ आधार मानि मूल्याङ्कन अगाडि बढाउन मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र दफा २५ बमोजिमको मापदण्ड पुरा गरे नगरेको सम्बन्धित कार्यालयबाटै निर्क्यौल गर्नुपर्ने साथै शर्त सहितको बैंक जमानत र बोलपत्र कागजातमा तोकिएको शर्त पुरा नगरेको बोलपत्र मान्य नहुने।

मिति : २०७३।०४।२७

**राय परामर्श माग गर्ने निकाय :** निजामती किताबखाना, हरिहरभवन ललितपुर।

**राय माग गरिएको बिषय :**

कार्यालयको स्वीकृत बहुबर्षिय कार्यक्रम "PIS" लाई Re-Engineering गरि Government Enterprise Architecture मा लैजान Software Development गर्ने, Data Migration गर्ने एवं Installation तथा Development गर्ने सम्बन्धी कार्य परामर्श सेवा खरिदको माध्यमबाट गर्ने स्वीकृत वार्षिक कार्यक्रम एवं निर्णय बमोजिम आवश्यक कार्य सुरु गरिएको छ। परामर्श सेवा खरिद कार्य दक्ष एवं पद्दतिसम्मत बनाउने उद्देश्यले सेवा खरिदका लागि आवश्यक कागजातहरू यस विभागबाट विभिन्न चरणमा सम्बन्ध निकायसंग सल्लाह एवं परामर्श गरी तयार गरिएको र सो अनुरुप आशयपत्र आव्हानको सूचना प्रकाशित भई ६ वटा परामर्शदाताहरूबाट आशयपत्र समेत प्राप्त भएको अवस्थामा परामर्श सेवा खरिद कार्य अझ व्यवस्थित होस भन्ने हेतुले राय माग भएको।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ र नियमाली २०६४ तथा यस कार्यालयको website www.ppmo.gov.np मा राखिएको परामर्श सेवा सम्बन्धी (Standard Bid Document) नमुना कागजातमा भएको व्यवस्था अनुरुप आवश्यक प्रकृया अपनाउनु पर्ने।

मिति : २०७३।०४।२७

**राय परामर्श माग गर्ने निकाय :** नेपाल विद्युत प्राधिकरण, रामेछाप गर्ज्याङ खिम्ती १३२ के.भी. प्रसारण लाईन आयोजना।

**राय माग गरिएको बिषय :**

आयोजनाको बोलपत्र प्रकृयामा World Bank को Standard Bidding Document for Precurement of Plant Design, Supply, and Installation April 2015 दस्ताबेज प्रयोग गरि बोलपत्र आव्हान गर्ने स्वीकृती सम्बन्धमा Turnkey बोलपत्र दस्ताबेज सार्वजनिक खरिद अनुगमन कार्यालयको website मा नरहेको हुँदा यस आयोजनाको खरिद प्रकृया World Bank को Standard Bidding Document for Precurement of Plant Design, Supply, and Installation April 2015 प्रयोग गरि अन्तराष्ट्रिय स्तरको बोलपत्र आव्हान गरि निर्माण कार्य अगाडि बढाउने तयारी गरेको छ। नेपाल सरकारको बजेट रहेको साथै उपरोक्त अनुसारको निर्माण कार्य छोटो समयमै सम्पन्न गर्नुपर्ने भएकोले के गर्ने ?

**राय परामर्श :**

Turnkey बोलपत्रको माध्यमबाट खरिद प्रकृया गर्न तत्काल सो Standard Bidding Document तयार गरि यस कार्यालयबाट स्वीकृत गरि लागु गर्ने गरि हाल एक पटकलाई मात्र World Bank को Standard Bidding Document for Precurement of Plant Design, Supply, and Installation April 2015 को प्रयोग गरि बोलपत्र आव्हान गर्न सकिने।

मिति : २०७३।०४।२७

**राय परामर्श माग गर्ने निकाय :** विशेष आर्थिक क्षेत्र विकास समिति, बबरमहल काठमाडौं।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन संशोधनको परिप्रेक्षमा साठी लाख माथि र रु. दुई करोड भित्रको लागत अनुमान भएको निर्माण कार्यको सूचनामा लागत अनुमान खुलाउनु पर्ने वा नपर्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०७३ को दफा १० (५) मा भएको व्यवस्था अनुरुप निर्माण कार्यको प्रकृति अनुसार लागत अनुमान खुलाउने, नखुलाउने विषयमा सम्बन्धित निकायबाट निर्क्यौल गर्नुपर्ने ।

मिति : २०७३।०४।२७

**राय परामर्श माग गर्ने निकाय :** त्रि.वि.रजिष्ट्रारको कार्यालय, कीर्तिपुर ।

**राय माग गरिएको बिषय :**

त्रि.वि. व्यवस्थापन संकाय अन्तर्गत स्कूल अफ मेनेजमेण्टको लागि प्रशासनिक भवन तथा कक्षाकोठाको भवन निर्माण गर्ने कार्य १८ महिनामा पुरा गर्नुपर्ने गरी सम्झौता गरी मूल्य समायोजन सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को प्रतिकुल नहुने गरी विभिन्न मितिमा हाल सम्मको Price Escalation वापतको रकम भुक्तानी गरी पाँउ भनी निवेदन दिनु भएको भएता पनि हालसम्म निर्माण व्यवसायीलाई रकम भुक्तानी नगरिएको साथै Bidding Document को Section-II को Bid Data Sheet ITB 14.6 मा The Prices Quoted by the Bidder "shall be" subject to adjustment during the performance of the Contract र 45 मा Price Adjustment व्यवस्था गरिएको छ यस अवस्थामा मूल्य समायोजन गरी रकम दिन मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा स्पष्ट व्यवस्था भएकाले यस सम्बन्धमा राय दिईरहनु नपर्ने ।

मिति : २०७३।०५।१२

**राय परामर्श माग गर्ने निकाय :** बृहत्तर जनकपुरक्षेत्र विकास परिषद्, धनुषा ।

**राय माग गरिएको बिषय :**

माध्यमिकी परिक्रमा पहाडवस्थल सुधार कार्य जलेश्वरको बोलपत्रको सूचना आव्हान गर्दा तत्कालिन अवस्थामा लागू रेहेको सार्वजनिक खरिद ऐन २०७३, बमोजिम रु. ६० लाख भन्दा माथी रहेकोले बोलपत्र आव्हान गर्नु भन्दा अघि पूर्व योग्यता सम्बन्धी कागजातको लागि छुट्टै सूचना हुनुपर्नेमा सो नभई एउटै सूचनामा पूर्व योग्यताको माग भई सूचना प्रकाशन भएको हुँदा वर्तमान अवस्थामा संशोधित सार्वजनिक खरिद ऐन २०७३ लागू भैसकेको अवस्थामा बोलपत्र स्वीकृतीका लागि पेश भएको हुँदा सो सम्दर्भमा कुन ऐन प्रभावग्राही हुने तथा स्वीकृती गर्न कुनै बाधा व्यवधान भए, नभएको ?

**राय परामर्श :**

सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन २०७३ मिति २०७३ असार ३० गते देखि लागु भई कार्यान्वयनमा रहेको हुँदा संशोधन भएका विषयहरूका हकमा संशोधित ऐन बमोजिम हुने ।

मिति : २०७३।०५।१२

**राय परामर्श माग गर्ने निकाय :** नेपाल ट्रष्टको कार्यालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

१. एउटा फर्मको नाउँमा बोलपत्र खरिद गरेको JV मा खरिद नगरेको सम्बन्धमा खरिद गरेका कम्पनीरफर्महरू विच बोलपत्र दर्ता गर्दा JV मा जान पाउने वा नपाउने, २. एउटा कम्पनी भित्र अन्य कम्पनीहरू रहेको अवस्थामा बोलपत्र खरिद गरेको कम्पनी र कम्पनी भित्रका अन्य कम्पनी संग जेभीमा बोलपत्र दर्ता गर्न पाउने वा नपाउने, ३. बोलपत्र खरिद गरेका कम्पनीले बोलपत्रै खरिद नगरेका अन्य कम्पनीसंग जेभी गरी बोलपत्र दर्ता गर्न पाउने वा नपाउने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को कानुनी दायरा भित्र लिजमा दिने सम्बन्धी विषय नपर्ने तर सैद्धान्तिक रूपमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८ मा संयुक्त उपक्रम सम्बन्धी व्यवस्था भएकाले सोही व्यवस्था अनुरुप गर्नुपर्ने ।

मिति : २०७३।०५।१२

**राय परामर्श माग गर्ने निकाय** : नेपाल आयल निगम लिमिटेड, हवाई इन्धन डिपो, सिनामंगल ।

**राय माग गरिएको बिषय** :

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७५(२) मा भएको वयवस्था अनुसार निगमको आर्थिक प्रशासन तथा खरिद सम्बन्धी विनियमावली २०६४ मा भएका व्यवस्थाहरू बाझिएमा वा फरक परेमा के गर्ने, कुन ऐन, नियम वा विनियम अनुसार कार्य गर्ने भन्ने द्विविधा र अष्पष्टता रहेको तथा सार्वजनिक खरिद ऐनको दफा ७५(२) ले उल्लेख गरेको प्रावधान अनुसार निगमको आर्थिक प्रशासन तथा खरिद सम्बन्धी विनियमावली २०६४ का कतिपय व्यवस्थाहरू अन्य कुराका अतिरिक्त सोझै खरिद सम्बन्धी प्रावधान विनियम ५० को (१) सोही ऐन अन्तर्गतको नियमावली २०६४ को नियम ८५ (१) संग बाझिएको ।

**राय परामर्श** :

सार्वजनिक खरिद ऐन २०६३ को दफा ७५(२) मा भएको व्यवस्था बमोजिम "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) (ख) बमोजिमको सार्वजनिक निकायहरूका खरिद सम्बन्धी कानूनी व्यवस्था यो ऐन संग बाझिएको हदसम्म यस ऐन अनूकुल हुने गरी स्वतः संशोधन भएको मानिने छ" भन्ने व्यवस्था भएकाले बाझिएको हद सम्म सार्वजनिक खरिद ऐन नियमावलीको व्यवस्था लागु हुने ।

मिति : २०७३।०५।१२

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला विकास समितिको कार्यालय, महोत्तरी ।

**राय माग गरिएको बिषय** :

नदीजन्य पदार्थ बिक्री सम्बन्धी ठेक्का सम्बन्धमा मिति २०७३।०४।२७ गते बसेको जिल्ला राजश्व परामर्श समितिको बैठकबाट "अन्य खोला र माथिल्लो रातो खोलाबाट नदीजन्य पदार्थ सम्बन्धी ठेक्कामा पहिलो बोल कबोल अंक सकार गरेका फर्म । कम्पनीले तोकिएको म्यादभित्र सम्झौता गर्न सूचना प्राप्त गरी हालसम्म सम्झौता गर्न नआएको, सोही सूचनाको दोश्रो कबोल अंक सरकार गर्ने फर्मको र पहिलो बोल कबोल गर्ने अंक बीच अस्वावभिक अन्तर रहेको हुदा सो सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसंग लिखित राय परामर्श लिई आवश्यक कारवाही बढाउन जि.वि.स.लाई अनुरोध गर्ने" निर्णय भएको ।

**राय परामर्श** :

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को कानुनी दायरा भित्र नदीजन्य पदार्थ ठेक्का दिने सम्बन्धी विषय नपर्ने तर सैद्धान्तिक रूपमा तोकिएको म्याद भित्र सम्झौता गन सूचना जारी भए पश्चात सम्झौता गर्न नआउने बोलकबोलदाताको धरौटी रकम जफत गर्ने र उक्त बोलकबोलदाताको फर्मलाई कालोसूचिमा राख्ने प्रकृया अघि बढाउने ।

मिति : २०७३।०५।१३

**राय परामर्श माग गर्ने निकाय** : नेपाल धितोपत्र बोर्ड, ललितपुर ।

**राय माग गरिएको बिषय** :

नेपाल सरकारको स्वीकृती लिई हालसम्म सार्वजनिक खरिद ऐन, २०६३ को आधारमा नेपाल धितोपत्र ऐन, २०६३ को दफा ११३ बमोजिम नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०६३ कार्यान्वयनमा ल्याई खरिद कार्य भइरहेको छ । हाल सार्वजनिक खरिद ऐन २०७३ कार्यान्वयनमा आएकाले सो ऐन तथा सार्वजनिक खरिद (तेस्रो संशोधन) नियमावली बमोजिम बोर्डको खरिद नियमावलीमा संशोधन गर्न केही समय लाग्ने तथा हाल सार्वजनिक खरिद ऐन २०७३ र बोर्डको नियमावलीमा केही व्यवस्था फरक देखिएको पृष्ठभूमिमा तत्काल खरिद गर्नुपर्दा सार्वजनिक खरिद नियमावली बमोजिम नै गर्ने वा बोर्डको खरिद नियमावली बमोजिम खरिद प्रकृया अगाडि बढाउने भन्ने विषयमा द्विविधा भएको ।

**राय परामर्श** :

सार्वजनिक खरिद ऐन २०६३ को दफा ७५(२) मा भएको व्यवस्था बमोजिम "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (२) को खण्ड (ख) बमोजिमको सार्वजनिक निकायहरूका खरिद सम्बन्धी कानूनी व्यवस्था यो ऐनसंग बाझिएको हदसम्म यस ऐन अनूकुल हुने गरी स्वतः संशोधन भएको मानिने छ" भन्ने व्यवस्था भएकाले बाझिएको हद सम्म सार्वजनिक खरिद ऐन नियमावलीको व्यवस्था लागु हुने ।

मिति : २०७३।०५।२१

**राय परामर्श माग गर्ने निकाय** : भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग, पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना (पश्चिम खण्ड), दाङ ।

**राय माग गरिएको बिषय :**

डि.पि.आर.को लागि सेवा लिने क्रममा आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गर्दा सबैभन्दा बढी उच्चतम अंक ल्याउने परामर्शदाता फर्मले प्रस्ताव गरेको लागत स्वीकृत लागत अनुमान भन्दा बढी भई छनोटमा समस्या परेकोले उक्त समस्या, समस्याका कारण र यस आयोजनालाई लागेको उपयुक्त उपाय सहितको ताहाबाट स्वीकृत ढाँचा बमोजिमको विवरण भरी निम्न कागजातहरू साथ राखी रायको लागि पठाईएको र सार्वजनिक खरिद ऐन २०६३ को दफा (३६) (१) र (ख) मा लागत अनुमान र उपलब्ध बजेटभन्दा छनौट भएको प्रस्तावदाताको लागत सारभुतरूपमा बढी भएमा सार्वजनिक निकायले सम्पूर्ण प्रस्ताव अस्वीकृत गर्न वा खरिद कारवाही रद्द गर्न सम्ने व्यवस्था रहेको तथा सार्वनजिक खरिद ऐन २०६३ को दफा (३७) (१) मा प्रस्तावदातासंग कार्य क्षेत्रगत शर्त र प्रस्तावित सेवाको कार्यक्षेत्र, प्रगति प्रतिवेदन, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने सुविधा विषयमा वार्ता गर्न सकिने प्रावधान रहेको ले के गर्ने ?

**राय परामर्श :**

तँहा कार्यालयबाट तयार गरिएको बोलपत्र सम्बन्धी कागजातको बिड डाटा सिटको सेक्सन ४५.१ मा Prices shall be adjusted for fluctuations in the cost of inputs only if provided for in the scc भनि उल्लेख गरेको र Special Conditions of Contract को GCC ४५.१ मा The Contract shall not subject to price adjustment in accordance GCC clause 45 भनि स्पष्ट रूपमा उल्लेख गरेकोले यस विषयमा राय दिनु नपर्ने ।

मिति : २०७३।०५।२६

**राय परामर्श माग गर्ने निकाय :** आयुर्वेद चिकित्सालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

तीनजना सुरक्षा गार्ड र स्वीपर पद ४ जनाको आपूर्ति सिलबन्दी दरभाउपत्र माग गरी गर्नको लागि प्रति सुरक्षा गार्ड रु. १२,०००।०० र प्रति स्वीपर रु. ११,८३४।०० स्टीमेट रकम स्वीकृत गराइ गोरखापत्र दैनिकमा मिति २०७३।०४।३१ गते प्रकाशित सूचना अनुसार सुरक्षा गार्ड तथा स्वीपरको आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको १५ दिने सूचना बमोजिम दर्ता हुन आएको फर्महरूको दररेटलाई मिति २०७३।०५।१४ गते खोली मुचुल्का तयार गरी मिति २०७३।०५।१५ गतेको निर्णयबाट मूल्याङ्कन समिति गठन गरीएको र सो समितिबाट दरभाउपत्रहरू छानविन गर्दा सबभन्दा कम रकम कबोल सुरक्षा गार्डको लागि रु. ७,८००।०० र स्वीपरको लागि रु. ७,३००।०० ए.वान नेशनल सेक्युरिटी सर्भिस प्रा.लि. चावहिल ७ काठमाडौंलाई स्टीमेट रकम भन्दा घटी कबोल भएको रकमको आधारमा पहिलो १५५ घटीको ५ प्रतिशत र त्यसपछि वाकी घटी रकमको ५०५ ले हुने धरौटी रकम सम्बन्धित दरभाउपत्र दातासंग माग गरी निजबाट सो धरौटी रकम समेत पेश भइ सकेको छ । अब यस चिकित्सालयले सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनं सहित) को नियम ९५ (६) बमोजिम निज दरभाउपत्रदातासंग समभ्मौता गर्न हालको श्रमिकको न्यूनतम पारीश्रमिक रु. ९,७००।०० दिनुपर्ने प्रावधानले वाधा गर्छ कि गर्दैन ?

**राय परामर्श :**

न्यूनतम पारिश्रमिकको विषय सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को क्षेत्राधिकार भित्र नपर्ने भएकाले यस कार्यालयबाट राय दिन नपर्ने ।

मिति : २०७३।०६।०५

**राय परामर्श माग गर्ने निकाय :** राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति, ललितपुर ।

**राय माग गरिएको बिषय :**

१) यस समितिको आ.व. २०७२/७३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत समितिको केन्द्रिय भवन निर्माणको लागि बजेट व्यवस्था रहे अनुसार सो को इस्टिमेट बनाई बोलपत्रको सम्पूर्ण कागजात तयार गरी आशयपत्र माग गरियो । प्राप्त प्रस्तावको मूल्याङ्कन गरी छनौट भएका प्रस्तावदाताबाट REP माग गरियो, REP को Evaluation criteria मा त्रुटि देखिएकाले विवाद उत्पन्न भई खरिद प्रकृया टुगिंन नसकेको । यस आ.व. मा पनि केन्द्रिय भवन निर्माणको लागि बजेट व्यवस्था रहेको । हाल खरिद प्रकृया अगाडि बढाउन गराउन Evaluation criteria को त्रुटि पुनः REP माग गर्न मिल्ने वा नमिल्ने ?

२) यस समितिको आ.व. २०७२।७३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सामाजिक परिचालन कार्यक्रम २७ वटा एन जि ओ मार्फत गराईएको । एन जि ओ हरूको छनौट आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७० अनुसार १०

लाख भन्दा बढीको सेवा खरिद प्रकृया अपनाई गरिएको। सम्झौताको म्याद १ वर्षको रहेको र सो म्याद २०७३ बैशाखमा सकिएको । सम्झौतामा कार्य मूल्याङ्कनको आधारमा थप १२ महिना थप्न सकिने प्रावधान रहेको । सो प्रावधानलाई टेकी २ महिनाको लागि म्याद थपी असाढ मसान्त सम्म पुर्याईएको । यस आ.व. २०७३/७४ को वार्षिक स्वीकृत कार्यक्रममा पनि सामाजिक परिचालन कार्यक्रम रहेको र यस कार्यक्रम सञ्चालनको लागि आ.व. २०७२/७३ मै छनौट भएका २७ वटा एन जि ओ मार्फत गराउन मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

१. मामिला नं.१ को हकमा पूर्ववत गरेको वोलपत्र सम्वन्धी प्रकृयालाई रद्ध गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम तोकिए बमोजिमको कुनै एक विधि अपनाएर खरिद गर्नु पर्ने ।

२. आर्थिक वर्ष २०७२/७३ मा छनौट भएका गैर सरकारी संस्था मार्फत सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ वा नियमावली २०६४ को नियम ९९ बमोजिम तोकिए बमोजिमको कुनै एक विधि नअपनाई आ.व. २०७३/७४ मा स्वतः कार्यक्रम संचालन गर्न दिन नमिल्ने ।

मिति : २०७३।०६।०५

**राय परामर्श माग गर्ने निकाय :** श्री शैक्षिक जनशक्ति विकास केन्द्र, भक्तपुर ।

**राय माग गरिएको बिषय :**

श्री निशान पलान्चोक जे.भि.,गट्ठाघर-१५, भक्तपुरले मिति २०७३।०१।१४ गते दर्ता गरेको निवेदनमा कृषि विकास बैंक लि. शाखा कार्यालय, भक्तपुरको संलग्न छायाकपी अनुसारको पत्र यस केन्द्रमा उपलब्ध गराएको हुँदा निर्णय गर्न कठिनाई भएको ।

**राय परामर्श :**

तहा कार्यालयबाट जारी गरिएको बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भए बमोजिम बोपत्रदाताले पेश गरेको कृषि विकास वैङ्क गट्ठाघर, भक्तपुरको वैङ्क जमानतमा प्रष्टरूपमा बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि १५० दिनको प्रत्याभूति गरिने छ भनि उल्लेख साथै वैङ्क जमानतबारे थप पुष्टयाई समेत गरेको संलग्न कागजातबाट देखिन आएकाले बोलपत्र मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने ।

मिति : २०७३।०६।०५

**राय परामर्श माग गर्ने निकाय :** त्रि.वि.शिक्षण अस्पताल, महाराजगंज ।

**राय माग गरिएको बिषय :**

यस शिक्षण अस्पतालमा हाल सञ्चालनमा रहेको अक्सिजन प्लान्ट ज्यादै पूरानो भई केही वर्षदेखि अक्सिजन उत्सर्जनमा कमी आएका कारण आई.सी.यु. शल्यक्रिया कक्ष तथा वार्डहरूमा भर्ना भएका नाजुक अवस्थाका विरामीहरूलाई कठिनाई पर्न गएका कारण कतिपय स्थानहरूमा महङ्गो रकम (करिब दैनिक ४५,०००,००।- को थप अक्सिजन सिलिण्डर) खर्च गरी सिलिण्डरबाट अक्सिजनको आपूर्ति हुँदै आएको व्यहोरा अनुरोध छ । अस्पतालमा पर्याप्त मात्रामा अक्सिजनको आपूर्ति व्यवस्था मिलाउन नेपाल सरकारबाट विनियोपजत रकमबाट १००० लि. प्रति मिनट र ५०० लि. प्रति मिनट क्षमताका दुईवटा अक्सिजन प्लान्ट खरिद गरी जडान गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सोको नियमावली २०६४ को प्रक्रिया अनुरुप मिति २०७१ फागुन २ गते सार्वजनिक सूचनाद्धारा बोलपत्र आव्हान गरिएको थियो । हाल जडान कार्य सम्पन्न हुने क्रममा उक्त अक्सिजन प्लान्टको प्राविधिक विवरण तयार गर्ने, लागत अनुमान गर्ने र प्रावधिक मूल्याङ्कन गर्ने कार्यका लागि गठित प्राविधिक उप-समिबाट गरिएको निरीक्षण क्रममा प्लान्टहरूको अवलोकन गर्दा दुईवटा प्लान्टहरू मध्ये १००० लि. प्रति मिनटको प्लान्टको मोडेल नं. Orlane 1500SA हुनुपर्नेमा स्टिकरमा मोडेल नं. Orlane 1500 मात्र लेखिएको पाइए पश्चात् स्थानीय आपूर्तिकर्तासंग मौखिक जानकारी माग गर्दा Proforma Invoice र Commercial Invoice अनुसार नै सामान आपूर्ति भएको तर भूलबस स्टिकरमा मोडेल नं. Orlane 1500 हुन गएको भनी लिखित जानकारी दिएको र अस्पतालबाट माग गरिएको 95 % ± 1% Purity आपूर्ति गर्ने जिम्मेवारी कम्पनीको रहने हुँदा अक्सिजन प्लान्ट सञ्चालन गर्ने अनुमतिका लागि माग गर्दै लिखित जानकारी दिएको सन्दर्भमा यस अस्पतालको प्राविधिक उप-समितिबाट गरिएको विस्तुत निरीक्षण क्रममा Technical Specification र Proformance Invoice मा उल्लिखित विवरण निम्न कुराहरू फरक पाइएको भनी लिखित जानकारी प्राप्त भएको व्यहोरा तथा उल्लिखित नमिलेका कुराहरूका बावजुद प्राविधिक उप-समितिबाट "मेशिन नचलाइकन प्राविधिक विवरण टेन्डर अनुसार भए/नभएको यकिन साथ भन्न नसकिने भएकाले मेशिनहरू Testing Mode मा चलाउनका लागि

निर्णय भएर कार्यादेश पश्चात् मात्र Test गर्ने ।" उल्लिखित विवरण बमोजिम जडान भई सञ्चालन गर्न सकिने अवस्थामा रहेका उक्त अक्सिजन प्लान्टहर सञ्चालन गरी अस्पतालबाट माग भए बमोजिमको गुणस्तर मापन गर्न सकिने/नसकिने ?

१. जडान सम्पन्न भएको Oxygen Plant लाई परीक्षणका रूपमा Testing Mode मा चलाउन सकिन्छ, सकिदैन ?

२. अस्पतालको Technical Specification मा तोके बमोजिम पलान्टले ९५±1% Oxyzen उत्पादन गरेमा Technical Speficification मा भएको Discrepancy कै कारण आपूर्तिकर्तालाई नियमानुसार जरिवाना गर्न सकिने, नसकिने ?

**राय परामर्श :**

१. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५(१) को प्रावधान अनुरुप जडान सम्पन्न पश्चात परिक्षण गर्न सकिने ।

२. Technical Specification मा तोके बमोजिम पलान्टले ९५±1% Oxyzen उत्पादन नभएमा नियमावलीको नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति दावी गर्न सकिने ।

मिति : २०७३।०६।११

**राय परामर्श माग गर्ने निकाय :** नेपाली सेना, जंगी अड्डा ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८८ बमोजिम जिल्लागत रूपमा लागत अनुमान तयार गर्दा म.ले.प.को प्रतिवेदनले सुविधा र भौगोलिग पहुँच समान भएका जिल्लाहरू (काठमाडौं, भक्तपुर र ललितपुर) मा लागत अनुमान दरमा विविधता देखिएकोले लागत अनुमान यर्थाथ फरक बनाउनु पर्ने भनी प्रतिकृया जनाएको र लागत अनुमान फरक भए जस्तै सोही आ.व. मा जिल्लागत ठेक्का बन्दोवस्त हुँदा ललितपुरको लागि रु. ९५।१९, काठमाडौंको लागि ९४।९३ र भक्तपुरको लागि ९७।११७ कायम हुने गरी दररेट समेत फरक फरक स्वीकृत भएको । सुविधा र भौगोलिग पहुँच समान भएका काठमाडौं उपत्यका भित्रका जिल्लाहरूमा समान दररेट कायम गर्नको लागि ३ जिल्लाको एउटै ठेक्का बन्दोवस्त गर्दा मात्र सम्भव हुने देखिएकोले सो गर्न मिल्ने वा नमिल्ने ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८८ (१) अनुसार राशन व्यवस्थाको लागि प्रत्येक सार्वजनिक निकायले लागत अनुमान तयार गर्नुपर्ने र नियम ८८ (२) बमोजिम को समितिबाट लागत अनुमान स्वीकृत गराउनु पर्ने व्यवस्था समेत रहेको हुँदा उक्त व्यवस्थाको साथै खर्च गर्ने अख्तियारी र बजेटलाई समेत दृष्टिगत गरेर मात्र ठेक्का वन्दोवस्त गर्न उपयुक्त हुने ।

मिति : २०७३।०६।११

**राय परामर्श माग गर्ने निकाय :** नेपाली सेना, जंगी अड्डा ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद एनेको उपरोक्त दफा ५९ मा संशोधन भई थप भएको उपदफा (९) मा भएको उपरोक्त प्रावधान सोही दफाको उपदफा (११) मा निर्माण कार्यको लागि माग गरिएको खुला बोलपत्रको माध्यमबाट भएको सम्झौताको हकमा मात्र लागु हुनेछ भनी उल्लेख भएकोले उपरोक्त उपदफा (९) सार्वजनिक खरिद ऐनको परिच्छेद-८ राशन खरिद सम्बन्धी व्यवस्था अनुरुप भएको राशन खरिद सम्झौताको हकमा लागु हुने नहुने भन्ने सम्बन्धमा द्धिविधा उत्पन्न भएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (९) र (११) अनुसार सम्झौता अन्त्य भएमा त्यस्तो सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्नका लागि आर्थिक प्रस्ताव माग गर्न सकिने विषय निर्माण कार्यका लागि माग गरिएको खुला बोलपत्रको माध्यमबाट भएको सम्झौताको हकमा मात्र लागु हुने हुँदा राशन आपूर्तिमा लागु नहुने ।

मिति : २०७३।०६।११

**राय परामर्श माग गर्ने निकाय :** शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, बाँके ।

**राय माग गरिएको बिषय :**

क्षेत्रीय कारागार निर्माण कार्यको ठेक्का सम्झौता गर्न सबै भन्दा न्यून अंक कबोल गर्ने (लागत अनुमान अंकमा २७.७७) निर्माण व्यवसायी श्री रसुवा पप्पु जे.भी. पी.सि.टावर, तिनकुने काठमाडौंलाई सार्वजनिक खरिद ऐन २०६३ (प्रथम संशोधन)

को दफा २७ को उपदफा ४ बमोजिमको धरौटी रकम माग गरिएकोमा निज निर्माण व्यवसायीले ऐन संशोधन पूर्वको खरिद नियमावली २०६४ बमोजिम धरौटी माग गर्नुपर्ने र संशोधित ऐन लागु हुने नहुने ?

**राय परामर्श :**

सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०६३ असार ३० गते देखि लागु भई कार्यान्वयनमा रहेको हुँदा संशोधन भएका विषयहरूका हकमा संशोधित ऐन बमोजिम नै हुने ।

मिति : २०७३।०६।११

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला विकास समिति, कपिलवस्तु ।

**राय माग गरिएको बिषय :**

ठेक्का सम्झौताका General Condition of Contract को Clause no. 46 तथा Special Condition of contract को ४६.१ र ४३.४ मा Price Adjustment Amount 25% of Initial Contract हुने भनी उल्लेख भएको । GCC को ४६.१ को ४६.१ मा उल्लेखीत बुँदा बमोजिम SCC मा Price Adjustment गर्ने Item को Cost Input उल्लेख गर्नु पर्नेमा उल्लेख भएको तर SCC मा Cost of Input उल्लेख नभएको कारणले मूल्य समायोजन भूक्तानी गर्नका लागि द्विविधा उत्पन्न भएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावलीको नियम ११९(१) र (२) मा मुल्य समायोजन सम्बन्धमा स्पष्ट व्यवस्था भएकोले थप राय दिई राख्नु नपर्ने ।

मिति : २०७३।०६।११

**राय परामर्श माग गर्ने निकाय** : गरिबी निवारण कोष, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

६१ वटा ल्यापटप खरिदको लागि राष्ट्रिय स्तरको बोलपत्र आव्हान गरिएको थियो । सो आव्हानबाट जम्मा १० वटा फर्मबाट बोलपत्रहरू पेश भएका छन् । सो फर्महरूमध्ये "Information Technology Store Pvt.Ltd." मात्र लागत अनुमान भन्दा कमको रकम राखि प्रस्ताव पेश गरेको छ भने बाँकी ९ वटा फर्मले लागत अनुमान भन्दा रकमको प्रस्ताव गरेको छ । बोलपत्रमा माग भए बमोजिम "manufacturing Authorization Letter" भने उक्त फर्मले पेश गरेको बोलपत्रमा समावेश गरिएको पाईएन । सो फर्मबाट प्रस्ताव गरिएको ल्यापटपको Specification भने कोषले तयार पारेको Specification संग मेल भएको देखिन्छ । तसर्थ, लागत अनुमान भन्दा एउटा मात्रै lowest Bidder भएको स्थितिमा, बोलपत्र खोलिसकेपछि सो फर्मसंग "manufacturing Authorization Letter" माग गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र २५ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६० र ३१ मा बोलपत्र परीक्षण तथा मूल्याङ्कन सम्बन्धमा स्पष्ट व्यवस्था गरेको हुँदा सोही अनुसार कार्यान्वयनका लागि थप राय आवश्यक नपर्ने ।

मिति : २०७३।०६।११

**राय परामर्श माग गर्ने निकाय** : नेपाली सेना, जंगी अड्डा ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८८ बमोजिम जिल्लागत रूपमा लागत अनुमान तयार गर्दा म.ले.प.को प्रतिवेदनले सुविधा र भौगोलिग पहुँच समान भएका जिल्लाहरू (काठमाडौं, भक्तपुर र ललितपुर) मा लागत अनुमान दरमा विविधता देखिएकोले लागत अनुमान यर्थाथ फरक बनाउनु पर्ने भनी प्रतिकृया जनाएको र लागत अनुमान फरक भए जस्तै सोही आ.व.मा जिल्लागत ठेक्का बन्दोवस्त हुँदा ललितपुरको लागि रु. ९५।१९, काठमाडौंको लागि ९४।९३ र भक्तपुरको लागि ९७।११७ कायम हुने गरी दररेट समेत फरक फरक स्वीकृत भएको । सुविधा र भौगोलिग पहुँच समान भएका काठमाडौं उपत्यका भित्रका जिल्लाहरूमा समान दररेट कायम गर्नको लागि ३ जिल्लाको एउटै ठेक्का बन्दोवस्त गर्दा मात्र सम्भव हुने देखिएकोले सो गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८८ को उपनियम (१) अनुसार राशन व्यवस्थाको लागि प्रत्येक सार्वजनिक निकायले लागत अनुमान तयार गर्नुपर्ने र नियम ८८ को उपनियम (२) बमोजिम को समितिबाट लागत अनुमान स्वीकृत गराउनु पर्ने व्यवस्था समेत रहेको हुँदा उक्त व्यवस्थाको साथै सार्वजनिक निकायले प्राप्त गरेको खर्च गर्ने अख्तियारी र बजेटलाई समेत दृष्टिगत गरेर मात्र ठेक्का वन्दोवस्त गर्न उपयुक्त हुने ।

मिति : २०७३।०६।११

**राय परामर्श माग गर्ने निकाय** : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

निर्माण कार्यको लागि यस कार्यालयबाट बोलपत्र प्रकाशित गर्ने कार्य मात्र सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०७३ लागु हुनु भन्दा अगाडि भएको । बोलपत्र खरिद गर्ने लगायत बोलपत्र दर्ता गर्ने र त्यस पछिका खरिद प्रकृयाहरू सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०७३ नेपाल राजपत्रमा प्रकाशित भई लागु भए पश्चात भए गरेको र हाल दर्ता हुन आएका बोलपत्रहरूको मूल्याङ्कन कार्य भै रहेकोमा चार वटा बोलपत्रदाताहरू मध्ये श्री Ammar Pappu JV तीनकुने, काठमाडौंको तर्फबाट शिलबन्दी बोलपत्र दर्ता गरे पश्चात् बोलपत्र दर्ता गर्ने अन्तिम मिति २०७३।०२।२३ गते १२ः०० बजे सम्म रहेकोमा सोही दिन अन्तिम समय भन्दा ५ मिनेट अगाडि (११:५५ बजे) संशोधन प्रस्ताव दर्ता गराएको देखिएको र सार्वजनिक खरिद पहिलो संशोधन) ऐन, २०७३ को दफा १९ को उपदफा (१) मा “विद्युतीय सञ्चारको माध्यमबाट बोलपत्र पेश गरिने बाहेक कूनै बोलपत्रदाताले आफुले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अनितम समय समाप्त हुनु भन्दा चौबीस घण्टा अगावै सिलबन्दी निवेदन दिनु पर्नेछ” भन्ने उल्लिखित भउको हुँदा मूल्याङ्कन समितिलाई बोलपत्र मूल्याङ्कन गर्ने कार्य साविक सार्वजनिक खरिद ऐन, २०६३ मा भएको व्यवस्था अनुसार गर्ने वा सार्वजनिक खरिद पहिलो संशोधन) ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम गर्ने भन्ने सम्बन्धमा द्विविधा उत्पन्न भएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ मिति २०७३।०३।३० मा नै पहिलो संशोधन भई सकेको हुँदा तत् पश्चात दर्ता हुने र खोलिने बोलपत्रको हकमा संशोधित ऐन अनुसार नै कार्यान्वयन गर्नुपर्ने ।

मिति : २०७३।०६।११

**राय परामर्श माग गर्ने निकाय** : सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, नुवाकोट ।

**राय माग गरिएको बिषय :**

भवन निर्माण गर्ने सन्दर्भमा ठेक्का सम्झौताको SCC मा "The contract is subject to price adjustment" उल्लेख भएकोमा डिभिजन कार्यालयबाट निर्माण व्यवसायीलाई १५ महिना पछि तीन/तीन अवधिको मात्र price escalation दिइएकोमा निर्माण व्यवसायीलाई विवाद समाधानको लागि नेपाल मध्यस्थता परिषद (NEPCA) मा निवेदन दिइएकोमा जिलिङ्ग स्वास्थ्य चौकी भवनको लागि Adjucator को 24 may 2015 को निर्णय र जिल्ला स्वास्थ्य कार्यालय धादिङ्ग भवनको Adjucator को 12 may 2015 को निर्णयानुसार पुरै ठेक्का अवधिको Price adjustment गर्नुपर्ने निर्णय भएकोमा सहरी विकास तथा भवन निर्माण विभागको मिति २०७३।०३।३० को निर्णयानुसार राय माग गरिएको ।

**राय परामर्श :**

मूल्य समायोजन भूक्तानी सम्बन्धमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ र खरिद सम्झौता बमोजिम हुने भएकोले थप राय दिई राख्नु नपर्ने ।

मिति : २०७३।०७।०३

**राय परामर्श माग गर्ने निकाय** : डिभिजन सडक कार्यालय, कास्की ।

**राय माग गरिएको बिषय :**

डिभिजन सडक कार्यालय, पोखराबाट आ.ब. ०७२/०७३ मा सूचना नं. ११/०७२/०७३ ठेक्का नं. DROPKR/337123/072/73-124 को लागि ठेक्का आह्वान भएकोमा एक मात्र बोलपत्र Ashish/Fewa/Nayabato JV बाट Hardcopy मा प्राप्त भएको र प्राप्त बोलपत्रको आधारमा योग्यता मूल्याङ्कन गर्दा Eligibility तथा Qualification को सम्पूर्ण योग्यता पुरा गरेको र सारभूत रूपमा प्रभावग्राही देखिएकोले Ashish/Fewa/Nayabato JV को नाममा ठेक्का

स्वीकृत भई कार्य गरिरहेको छ। आ.ब. ०७२/०७३ मा नै सूचना नं. १९/०७२/०७३ आह्वान भएको ठेक्का नं. DROPKR/337123/072/73-124 को लागि एघार वटा (e-submission सहित) बोलपत्र प्राप्त भएकोमा Ashish/Fewa/Nayabato JV बाट e-submission बोलपत्र प्राप्त भई सबै भन्दा बढी घटि ठेक्का अंक कबोल गरेकोमा आवश्यक योग्यताको प्रमाणपत्र समावेश नगरेको र अघिल्लो सूचनाको ठेक्कामा पेश भएको योग्यताको प्रमाणपत्र मूल्याङ्कनमा समावेश गर्ने/नगर्ने ?

**राय परामर्श :**

बोलपत्र कागजातको ITB 21 मा e-submission section मा e-submission आवश्यक प्रकृया र पेश गर्नुपर्ने कागजात सम्बन्धमा र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(५) मा बोलपत्र मूल्याङ्कन सम्बन्धमा स्पष्ट व्यवस्था भएको यस कार्यालयबाट थप राय दिइरहनु नपर्ने । साथै उक्त बोलपत्र कागजातको Evaluation and Qualification Criteria को 2.4.2 मा कार्यालयबाट जारी गरेको Standard Bid Document बमोजिम नभएकोले आवश्यक ध्यानआकर्षण गराईएको ।

मिति : २०७३।०७।०४

**राय परामर्श माग गर्ने निकाय :** सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरबार ।

**राय माग गरिएको बिषय :**

March 31,2015 देखि April 30,2015 सम्म LD नलगाई म्याद थप भएको र April 30, 2015 पश्चात् 30June, 2015 सम्म LD लगाई म्याद थप भएको अवस्थामा उक्त अवधिमा महाभूकम्प तथा पराकम्पनको कारण काबु बाहिरको परिस्थिति सृजना भएकोले निर्माण व्यवसायीले काम संचालन गर्न नसकेको हुँदा त्यस्तो अवस्थामा LD लगाउने वा नलगाउने द्विविधा परेको, (ख) परामर्शदातृ संस्थाको सिफारिसमा BOQ को कुनै Item मा LD लगाउने र कुनै Item मा LD नलगाउने उल्लेख भएकोले BOQ को आंशिक Item मा मात्र LD लगाउन मिल्ने/नमिल्ने द्विविधा रहेको, (ग) आम हडताल, नाकाबन्दी, नेपाल बन्दको अवस्थामा निर्माण कार्य गर्न नसक्ने अवस्थामा निर्माण व्यवसायीलाई LD लगाई म्याद थप गर्न मिल्ने/नमिल्ने, (घ) एक पटक LD लगाई म्याद थप गरिसके पछि पुन सोही कार्यमा LD नलगाई म्याद थप गर्न सकिने वा नसकिने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७(ख) बमोजिम उक्त खरिद प्रकृया दातृ निकाय एसियाली विकास बैंकको खरिद निर्देशिका बमोजिम हुने र सार्वजनिक खरिद ऐन, २०६३ कार्यान्वयन नहुने हुँदा सम्बन्धित दातृ निकायबाट राय लिनु पर्ने यस कार्यालयबाट राय दिइ रहनु नपर्ने ।

मिति : २०७३।०७।१७

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला प्रहरी कार्यालय, पर्सा ।

**राय माग गरिएको बिषय :**

कार्यालय तथा ब्यारेक भवन निर्माणको लागि यस कार्यालय र श्री टौदह कन्स्ट्रक्सन, चाल्नाखेल ५, काठामाडौं बीच मिति २०७२।०२।१३ गते भएको निर्माण ठेक्का सम्झौता बमोजिम निर्माण व्यवसायीको लापरवाहीका कारण निर्माण प्रगती हासिल नभएकोले यस कार्यालयको मिति २०७३।०६।१३ गतेको निर्णले ठेक्का रद्ध गरिएकोमा हाल निर्माण कार्यका लागि नयाँ बोलपत्र आव्हान गरि टेण्डर प्रकृया समेत भईसकेको हुँदा निर्माण स्थलमा रहेको निर्माण सामाग्री तथा Formwork मा सामाग्री SBD को GCC 61.1 बमोजिम के-कसरी व्यवस्थापन गर्नुपर्ने हो सो सम्बन्धमा अन्यौलता भएको साथै उक्त ठेक्का सम्झैता रद्ध गरिएको निर्माण कम्पनी श्री टौदह कन्स्ट्रक्सन, चालनाखेल ५, काठमाडौंको अनुरोधमा कृषि विकास बैंक लि. शाखा कार्यालय कालीमाटी शाखाबाट जारी गरिएको कार्यसम्पादन पत्र नं. PB/103/0140/5121/015 को रु. ५,८९,७६५।- (पाँच लाख उन्नानब्बे हजार सात सय पैसठी) मात्रको जमानत वापतको रकम यस कार्यालयमा झिकाई सकिएको हुँदा उक्त रकम सरकारी राजस्व खातामा दाखिला गर्ने वा अन्य कुनै खातामा जम्मा गर्नुपर्ने हो अन्यौल भएको ।

**राय परामर्श :**

बोलपत्र कागजातको General Condition of Contract को ६१.१ बमोजिम उक्त दफामा उल्लेखित स्वामित्वमा लिनुपर्ने । स्वामित्वमा लिने र अन्य प्रकृयाको लागि आर्थिक कार्यविधि ऐन २०५५ बमोजिम तथा महालेखा नियन्त्रक कार्यालयसंग राय लिई गर्नुपर्ने ।

मिति : २०७३।०७।२४

**राय परामर्श माग गर्ने निकाय :** गरिबी निवारण कोष, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

कोषमा दर्ता भएका सामुदायिक संस्थाहरूको External Audit गर्न Audit फर्म आवश्यक भएकोले यस कोषबाट मिति २०७३।०५।११ गते Audit फर्मको लागि गोरखापत्रमा आशयपत्र माग गरिएको थियो । सो आशयपत्र माग गर्दा प्रस्तावदाताबाट आ.ब.२०७२।७३ को करचुक्त प्रमाणपत्र पेश गर्नु पर्ने भनिएको थियो । सो विज्ञापनबाट निर्धारित समयसीमा भित्र जम्मा १२ वटा फर्मको आशयपत्र दर्ता भयो । जसमध्ये जम्मा ४ वटा फर्मले मात्र २०७२/७३ को कर चुक्ता प्रमाणपत्र पेश गरिएको पाईयो । प्रतिस्पर्धा वढाउनको लागि कोषले आ.ब. २०७१/७२ को कर चुक्ता प्रमाणपत्र पेश गरेका फर्मलाई पनि योग्य फर्म बनाई प्रस्तावना माग खोजेकोले अन्य कागजात अनुसार योग्य भएको अवस्थामा आ.ब. २०७१/०७२ को कर चुक्ता प्रमाणपत्रको आधारमा सो फर्मलाई योग्य बनाउन मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७०(७) मा "उपनियम (१) बमोजिम सूचना बमोजिम आशयपत्र पेश नगर्ने ख्याति प्राप्त परामर्शदातासंग सम्पर्क गरी निजको नाम संक्षिप्त सूचिमा समावेश गर्न सकिने" व्यवस्था भएको र आशयपत्र पेश गर्ने समयावधिमा आ.व.२०७२/७३ को कर चुक्ता गर्ने समयावधि बाँकी नै रहेकोले अन्य फर्मलाई पनि संक्षिप्त सूचिमा समावेश गर्न सकिने ।

मिति : २०७३।०७।२४

**राय परामर्श माग गर्ने निकाय :** गौर नगरपालिका कार्यालय, रौतहट ।

**राय माग गरिएको बिषय :**

आ.व.२०७२/७३ को करचुत्ता प्रमाणपत्र पेश गर्ने बोलपत्रदाताको कबोल अंक घटी र ०७१/७२ को करचुक्ता प्रमाणपत्र पेश गर्नेको बढी भई कुन करचुक्ता र जमानतलाई मान्यता दिई स्वीकृत वा अस्वीकृत गर्ने ?

**राय परामर्श :**

सार्वजनिक जग्गा भाडामा दिने विषय सार्वजनिक खरिद भित्र नपर्ने हुँदा यस कार्यालयले राय दिईरहनु नपर्ने ।

मिति : २०७३।०७।२४

**राय परामर्श माग गर्ने निकाय :** जल तथा मौसम विज्ञान विभाग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

आर्थिक दायित्व केही हदसम्म न्यूनिकरण होस भन्नाका लागि सूचना प्रकाशनका लागि सहयोगी भूमिका निर्वाह गर्न फर्महरू बीच एक आपसमा प्रतिस्पर्धा गराई न्यून भन्दा न्यून रकम पेश गर्ने एउटै फर्मलाई वार्षिक सूचना प्रकाशनको सम्झौता गर्नको लागि समेत सार्वजनिक सूचना प्रकाशन गर्न कानूनी तथा प्राविधिक दृष्टिकोणबाट उपयुक्त भए/नभएको ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा "सार्वजनिक निकायले दश लाख रुपैंयाँ भन्दा बढी लागत अनुमान भएको मालसामान वा सेवा खरिद गर्दा वा बीस लाख रुपैंयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्नेछ" भन्ने उल्लेख भएकोले सूचना प्रकाशनको सम्बन्धी सेवा खरिदको लागि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम गर्न सकिने ।

मिति : २०७३।०८।०९

**राय परामर्श माग गर्ने निकाय :** नेपाली सेना, जंगी अड्डा ।

**राय माग गरिएको बिषय :**

आर्थिक वर्ष ०७३/७४ रासन ठेक्का वन्दोवस्तको क्रममा बोलपत्र पेश गर्ने अन्तीम मिति र समय भन्दा ५ मिनेट अगाडि संशोधनको निवेदन पेश गर्ने बोलपत्रदाताको संशोधन निवेदन दर्ता भई अन्य बोलपत्रको साथमा सो समेत खोल्ने कार्य भएकोले उक्त संशोधन पत्र मान्य हुने/नहुने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ उपदफा (१) अनुसार विद्युतीय सञ्चारको माध्यमबाट बोलपत्र पेश गरिने बाहेक कुनै बोलपत्रदाताले आफुले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनु भन्दा २४ घण्टा अगावै शिलबन्दी निवेदन दिनुपर्ने व्यवस्था भएकोले सोही अनुसार कार्यान्वयन गर्ने ।

मिति : २०७३।०८।०९

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला स्वास्थ्य कार्यालय, खोटाङ ।

**राय माग गरिएको बिषय :**

औषधी खरिदका लागि बोलपत्रदाताले पेश गरेको बोलपत्रको मूल्याङ्कन गरी हेर्दा ४ वटा बोलपत्रदाता मध्ये प्रत्येक बोलपत्रदाताबाट कुनै न कुनै कागजात अपूर्ण राखेको पाइएको । साथै प्रतिइकाई मूल्य मात्र भरेको, सहिछाप नगरेको तथा औषधीको दररेट बढी भरेको अवस्थामा मूल्याङ्कन गर्न द्विविधा भएको ।

**राय परामर्श :**

बोलपत्र कागजातमा उल्लेख भएको व्यवस्थालाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को प्रावधान अनुसार परिक्षण गरी सोही ऐन को दफा २५ बमोजिम मूल्याङ्कन गर्ने कार्यको जिम्मेवारी सम्बन्धित कार्यालयकै हुने हुँदा सोही अनुसार एकिन गरि कार्यान्वयन गर्ने ।

मिति : २०७३।०८।०९

**राय परामर्श माग गर्ने निकाय** : नेपाली सेना, जंगी अड्डा ।

**राय माग गरिएको बिषय :**

विपद व्यवस्थापन क्षमता अभिवृद्धिको लागि Medium Helicopter गोटा-१ खरिद गर्ने प्रयोजनार्थ बोलपत्र आव्हान गरिएकोमा ५ थान बोलपत्र बिक्री भएको तथा १ थान मात्र दर्ता भएको र सो बोलपत्रको प्राविधिक र आर्थिक प्रस्ताव खोलि हेर्दा लागत अनुमान भन्दा बढी अंक कबोल गरेको देखिएको । एउटा मात्र बोलपत्रदाता भएको अवस्थामा Price Negotiation गरी लागत अनुमानको परिधिभित्र नै रही प्रकृया अगाडि बढाउन मिल्ने/नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ मा प्रतिस्पर्धाको माध्यमबाट गरिने मालसामान खरिदमा Price Negotiation गर्न सक्ने प्रावधान नरहेकोले Price Negotiation गर्न नमिल्ने ।

मिति : २०७३।०८।०९

**राय परामर्श माग गर्ने निकाय** : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय , काठमाडौं ।

**राय माग गरिएको बिषय :**

धरहराको पुनर्निर्माण सम्बन्धमा भेरियसन स्वीकृति सम्बन्धमा ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन) को दफा ५४ मा भेरियसन सम्बन्धमा स्पष्ट व्यवस्था भएकोले सो सम्बन्धमा थप राय दिईराख्नु नपर्ने ।

मिति : २०७३।०८।१३

**राय परामर्श माग गर्ने निकाय** : नेपाली सेना, जंगी अड्डा ।

**राय माग गरिएको बिषय :**

बोलपत्र पेश गर्नुपूर्व नै म्याद समाप्त भई नविकरण नभएको फर्म/संस्था/कम्पनी बोलपत्र पेश गर्न योग्य एंव ग्राह्रय हुने/नहुने ?

**राय परामर्श :**

फर्म संस्था वा कम्पनीको प्रमाणपत्र वा इजाजतपत्र वा नविकरण, योग्यता वा इजाजतपत्र/प्रमाणपत्र जारी गर्ने निकायबाटै जानकारी लिनु पर्ने भएकोले यस कार्यालयबाट थप राय दिईराख्नु नपर्ने ।

मिति : २०७३।०८।१५

**राय परामर्श माग गर्ने निकाय** : तुलसीपुर नगरपालिका कार्यालय, दाङ ।

**राय माग गरिएको बिषय :**

पहिलो न्युन अंक कबोल गर्ने जे.भी. बोलपत्रदाता मध्ये एक पार्टनरको Specific Construction experience (a) Commercial Building/Institutional नपुग भएको, Bid Document मा one partner को मात्र Specific

Construction experience हुनुपर्नेमा Bid Document मा all partners must meet requirement हुन गएको र पहिलो र दोश्रो न्यून अंक कबोल गर्ने बोलपत्र विचको फरक करिब १,१०,००,०००।०० भन्दा बढि भएको कारण न.पा. लाई थप व्यवभार पर्न जाने भएकाले पहिलो न्यून अंक कबोल गर्ने बोलपत्रलाई स्वीकृत गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३(पहिलो संशोधन) को दफा २५ (५) मा स्पष्ट व्यवस्था भएकोले सो सम्बन्धमा थप राय दिई राख्नु नपर्ने । साथै बोलपत्र कागजात तयार गर्दा यस कार्यालयबाट जारी गरिएको Standard Bid Document अनुसार तयार गर्नुहुन ध्यानाकर्षण गरिएको ।

मिति : २०७३।०८।१६

**राय परामर्श माग गर्ने निकाय :** दमक नगरपालिका कार्यालय, झापा ।

**राय माग गरिएको बिषय :**

यस नगरपालिकाबाट आ.व. २०७१/०७२ र आ.व. २०७२/०७३ मा ठेक्का सम्झौता र सूचनाको बुँदा नं. ८ मा ठेक्का सम्बन्धमा प्रचलित कानुन अनुसारका बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार पक्षबाट बुझाउनु पर्ने छ भनि उल्लेख गरिएको हुदा निजले माग गरे बमोजिम मु.अ.कर को रकम फिर्ता दिन मिल्ने/नमिल्ने ?

**राय परामर्श :**

आय ठेक्काको विषय सार्वजनिक खरिदको विषय नभएको र सो यस कार्यालयको कार्यक्षेत्र भित्र नपर्ने हुँदा राय प्रदान गर्न नसकिने ।

मिति : २०७३।०८।२०

**राय परामर्श माग गर्ने निकाय :** बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवन ।

**राय माग गरिएको बिषय :**

अस्पतालको विभिन्न शिर्षकहरूमा सरसामानहरूको लागि बोलपत्र (E-Tender) आव्हानको सूचना बमोजिम पेश भएका कागजातहरू बोलपत्र मूल्याङ्कन समितिले अध्ययन तथा मूल्याङ्कन गरी आंशिक स्वीकृतिको लागि मात्र सिफारिस भएकोले सेवा अवरुद्ध हुन सक्ने भएको कारण ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को प्रावधान अनुसार परिक्षण गरी सोही ऐन को दफा २५ बमोजिम मूल्याङ्कन गर्ने कार्यको जिम्मेवारी सम्बन्धित कार्यालयकै हुने हुँदा सोही अनुसार एकिन गरि कार्यान्वयन गर्ने ।

मिति : २०७३।०८।३०

**राय परामर्श माग गर्ने निकाय :** सूचना प्रविधि विभाग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

विभागबाट सुरक्षा सेवा खरिदका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(३) बमोजिम बोलपत्र आव्हान गरिएकोमा प्राप्त प्रस्तावहरू मध्ये सबैभन्दा कम कबोल भएको फर्मबाट कुल कबोल अंक र अक्षरमा फरक पर्न गएको देखियो । कुल कबोल अंकको हिसाव साप्ताहिक र मासिक इकाइ दरसंग मिलेको, मासिक इकाइको अंक र अक्षर मिलेको भएतापनि कुल अंक र कुल अक्षर नमिलेको अवस्थामा त्यस्तो बोलपत्रलाई थप मूल्याङ्कन गर्दा केलाई आधार मान्न उपयुक्त हुन्छ ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ (८) मा अंकगणितिय त्रुटी सच्याउने सम्बन्धमा स्पष्ट व्यवस्था भएकोले तहा कार्यालयबाटै निर्णय हुन ।

मिति : २०७३।०८।३०

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला पशु सेवा कार्यालय, बर्दिया ।

**राय माग गरिएको बिषय :**

यस कार्यालयबाट बोलपत्र आव्हानको सूचना प्रकाशित गर्दा बैंक जमानीयपत्र (विड वण्ड) ९० दिनको मागिएको तर विडिङ्ग डकुमेन्टमा बोलपत्रको मान्य अवधी १२० दिन राखि सूचना आव्हान गरिएकोमा निर्माण व्यवसायीहरूले बोलपत्र साथ बैंक

जमानी पत्र (विड वण्ड) पेश गर्दा केही निर्माण व्यवसायीले ९० दिन र केही निर्माण व्यवसायीले १२० दिन पेश गरी निर्णय प्रकृयामा द्विविधा पर्न गएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम मा बोलपत्र मान्य हुने अवधि ९० दिन र बोलपत्र जमानतको अवधि बोलपत्र मान्य हुने अवधि भन्दा ३० दिन बढी अर्थात १२० दिन हुनुपर्ने स्पष्ट कानूनी व्यवस्था भएकोले कार्यालयले थप राय दिईराख्नु नपर्ने । साथै तहा कार्यालयले जारी गरेको सूचना र बोलपत्र कागजातमा बोलपत्र मान्य हुने अवधि र बोलपत्र जमानतको अवधि गल्ति उल्लेख भएकोले यस सम्बन्धमा तहा कार्यालयबाट निर्णय गर्नुहुन ।

मिति : २०७३।०८।३०

**राय परामर्श माग गर्ने निकाय :** जल तथा मौसम विज्ञान विभाग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

विभागको भवन गर्न खोलिएका बोलपत्रमा ६ वटा फर्महरूले बोलपत्र वुझाएकोमा एउटाले विद्युतिय माध्यम (E-Bidding) बाट र अन्य बाँकी ५ वटाले सिलबन्दी बोलपत्र बुझाएको अवस्थामा रहेकोमा विभागमा भवन निर्माण सम्बन्धी प्राविधिक जनशक्ति अभावका कारण स्वीकृत मूल्याङ्कन मापदण्डका आधारमा प्राविधिक तथा आर्थिक प्रस्ताव अध्ययन परीक्षण गर्नका लागि यसै भवनको विस्तृत डिजाइन तथा सुपरीवेक्षण समेतको जिम्मा लिएको परामर्शदातृ फर्म श्री Creative Design Architects Pvt. Ltd संग समन्वय गरी समिति समक्ष प्राप्त मूल्याङ्कन प्रतिवेदन पश्चात पुनः परीक्षण गर्दा ६ वटा फर्महरूमध्ये एउटा फर्ममा शुरुमा प्राप्त प्रस्ताव खोल्दा मुचुल्कामा नसच्याइएको व्यहोरा उल्लेख भएको तर समितिले पुनः परीक्षण गर्ने क्रममा Bill of Quantity को दररेटमा दुई ठाउँमा सच्याई सहिछाप तथा फर्मको छाप समेत भएको सन्दर्भमा मूल्याङ्कन गर्न प्राविधिक कठिनाई देखिएकोले फर्मको सिलबन्दी भएको Copy समेत विभागसंग मौजुदा भएको अवस्थामा सो समेत रुजु गरी मूल्याङ्कन गर्न वाधा अवरोध हुने/नहुने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६७ (१) (ख) मा नेपाल सरकार र दातृ पक्ष बीच सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका (Procurement Guidelines) अनुरुप खरिद गर्नुपरेमा सार्वजनिक खरिद ऐन २०६३ को प्रकृया अपनाउनु नपर्ने भन्ने व्यवस्था भएकोले दातृ निकायको खरिद निर्देशिका बमोजिमका खरिदमा यस कार्यालयले राय प्रदान गर्न नसक्ने ।

मिति : २०७३।०८।३०

**राय परामर्श माग गर्ने निकाय :** पशु सेवा विभाग, केन्द्रीय जैविकी उत्पादन प्रयोगशाला, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (२) सार्वजनिक खरिद नियमावली २०६४ नियम १२७ बमोजिम काबु बाहिरको परिस्थिति साथै सुविस्ताका आधारमा खरिद सम्झौताको अन्त्य गर्न सकिने अवस्था भएकोले सो को आधारमा तेस्रो कबोल अंक पेश गर्ने बोलपत्रदाता भण्डारी सर्जिकल हाउसलाई दिन मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

बोलपत्र आव्हान गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ बमोजिम तयार गर्नुपर्ने बोलपत्र कागजात तयार नगरी price Schedule मात्र राखि बोलपत्र आव्हान भएको र खरिद सम्झौता गर्दा पनि कार्यालयले दुई पानाको आफनै किसिमको सम्झौतापत्र तयार गरी सम्झौता गरेको देखिएकोले यस सम्बन्धमा यस कार्यालयबाट कुनै राय प्रदान गर्न नसकिने साथै बोलपत्र आव्हान गर्दा र खदि सम्झौता गर्दा यस कार्यालयले तयार गरेको नमुना बोलपत्र कागजात बमोजिम गर्न ध्यानाकर्षण गरिन्छ ।

मिति : २०७३।०८।३०

**राय परामर्श माग गर्ने निकाय :** कोष तथा लेखा नियन्त्रक कार्यालय, उदयपुर ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ (९) मा अंक र अक्षरमा उल्लेखित रकम फरक परेमा अक्षरलाई मान्यता दिनुपर्ने भनी व्यवस्था भएको तर अक्षरमा लेखिएको शब्दहरूमा अर्थ लगाउन नसकिने अवस्थामा के गर्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन दफा २३ (९) मा बोलपत्रदाताले बोलपत्रमा उल्लेख गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ भन्ने लेखिएको भएतापनि अक्षरमा लेखिएको अस्पष्ट र कुनै अर्थ दिने छैन र अंकमा लेखिएको स्पष्ट छ तथा अन्य Sub-Total बाट Cross Check गर्दा सोहि रकम नै आउने अवस्थामा अंकमा लेखिएको रकमलाई मान्यता दिन सकिने ।

मिति : २०७३।०९।३

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला विकास समितिको कार्यालय, दार्चुला ।

**राय माग गरिएको बिषय :**

यस जिल्ला विकास समितिको कार्यालय, दार्चुलाले खरिद प्रकृयाको क्रममा बोलपत्र आव्हान गरी आशयको सूचना प्रकाशन गरि खरिद प्रकृया अगाडि बढाउदा निर्णयमा त्रुटी भइ आफुले पेश गरेको बोलपत्रको दररेट तुलनात्मक तालिकामा एवम् मूल्याङ्कन प्रकृयामा समावेश नभएकोले बोलपत्र पुनर्मूल्याङ्कनको लागि श्री महादेव निर्माण सेवाका प्रोपाइटर भगत सिंह एतुवालले उक्त बोलपत्र पुनर्मूल्याङ्कन गरी पाउन माग गरेकोले ।

**राय परामर्श :**

यस सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय निर्माण व्यवसाय प्रवर्द्धन शाखाको च.नं. ८८ मिति २०७३।०८।२४ को पत्र बमोजिम गर्नुहुन ।

मिति : २०७३।०९।०५

**राय परामर्श माग गर्ने निकाय :** डिभिजन सडक कार्यालय, रुकुम ।

**राय माग गरिएको बिषय :**

Bill of Quantities को आईटमको इकाई दर नभरी खाली छोडी बोलपत्र पेश भएको खण्डमा के हुने भन्ने कुरा एन नियममा प्रष्ट व्यवस्था नभएकोले के गर्ने?

**राय परामर्श :**

बोलपत्र कागजातको र ITB 14.2/Preamble of Bill of Quantity को A.5 मा स्पष्ट व्यवस्था भएकोले थप राय दिइरहनु नपर्ने ।

मिति : २०७३।०९।०५

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला आयोजना कार्यालय, रोल्पा ।

**राय माग गरिएको बिषय :**

मिभिङ्ग-बडाचौर-हार्जङ-सिउरी-ग्राम सडक स्तरोन्नती कार्यको लागि श्री कनकाई इन्टरनेशनल विल्डर्स प्रा.लि.,सुरङ्गा, झापासंग सम्झौता भएकोमा उक्त निर्माण कम्पनीले श्री जनक खड्का प्रोपाइटर रहेका जानकी निर्माण सेवालाई सम्पूर्ण निर्माण कार्यका लागि सब-कन्ट्रयाक्टरमा तोकी स्वीकृतिको लागि निवेदन दिएकोमा सब-कन्ट्रयाक्टरमा उक्त ठेक्का के कसरी र के को आधारमा दिन मिल्ने सम्बन्धमा ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ३० मा सब-कन्ट्रयाक्टरमा काम गराउने सम्बन्धमा स्पष्ट व्यवस्था भएकोले थप राय दिई राख्नु नपर्ने ।

मिति : २०७३।०९।०५

**राय परामर्श माग गर्ने निकाय :** सुख्खा क्षेत्र खानेपानी तथा सरसफाइ आयोजना, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

दुई वटा बोलपत्र मध्ये श्री कन्काई महादेव खिम्ती-स्वामीनारायण जे.भि, सुनसरीले सबै भन्दा कम रु. २२,१०,०९,०४९।४० (भ्याट समेत) कबोल गरेको जुन विभागिय ईष्टिमेट अंक रु. २२,४०,१३,०६३।०५ भन्दा रु. ३०,०४,०१५।६५ कम भएको तर Bid Document मा Net Worth को हकमा विगत पाँच वर्षको अवधिमा हरेक पार्टनरहरूको धनात्मक (Positive) भएको हुनुपर्नेछ भन्ने उल्लेख भएकोमा श्री महादेव खिम्ती जे.भि.बाट पेश गरिएको Document मा आ.व.२०७०/७१ र २०७१/०७२ को Net Worth ऋणात्मक (Negative) देखिएको हुँदा उक्त निर्माण कम्पनीको बोलपत्र स्वीकृत गर्न मिल्ने/नमिल्ने ?

**राय परामर्श :**

Evaluation and Qualification Criteria को 2.3.1 को Historical Financial Performance मा बोलपत्रदाता आर्थिक अवस्थाको Current Soundness को मूल्याङ्कन सम्बन्धमा सोहि दफाको Note 1 मा उल्लेख भएकोले सो सम्बन्धमा थप राय दिई राख्नु नपर्ने ।

मिति : २०७३।०९।११

**राय परामर्श माग गर्ने निकाय** : चिकित्सा शास्त्र अध्ययन संस्थान, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

१) श्री Super Shine International Pvt.ltd. ले सम्झौता गर्न आउदा राखिएको Performance Bond जफत गरी दोश्रो कम रकम कबोल गर्ने फर्मलाई काम लगाउन सकिने वा नसकिने ?

२) सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को दफा १२८ मा सम्झौता भंग गर्न सकिने उल्लेख भएको तर त्यस पछि Performance Bond जफत गर्ने वा नगर्ने ?

३) सम्झौता बमोजिम कार्य नगर्ने फर्मलाई Performance Bond जफत गरी कालोसूचिमा राख्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

कार्य सम्पादन जमानत जफत गर्ने र कालोसूचिमा राख्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (८) मा र दफा ६३ (१) (ग) मा यस सम्बन्धी स्पष्ट व्यवस्था उल्लेख भएको हुँदा थप राय दिन नपर्ने ।

मिति : २०७३।०९।११

**राय परामर्श माग गर्ने निकाय** : पोखरा विश्वविद्यालय, कास्की ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन २०६३ बमोजिम प्राप्त भएका बोलपत्रहरू खोली खरिद प्रकृया अगाडि बढाउने वा पोखरा विश्वविद्यालय खरिद नियमावली २०७२ बमोजिम पुनः बोलपत्रको सूचना प्रकाशित गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ को व्यवस्थासंग पोखरा विश्वविद्यालय खरिद नियमावली २०७२ बाझिन गएको सम्बन्धमा के गर्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ (२) मा केही बोलपत्रहरू वा एउटा मात्र बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पुनः बोलपत्र आव्हान गर्न सकिने छैन भनी स्पष्ट उल्लेख भएको हुँदा एउटा मात्र बोलपत्र परे पनि खोलेर मूल्याङ्कन गर्नुपर्ने ।

मिति : २०७३।०९।१२

**राय परामर्श माग गर्ने निकाय** : महानगरीय ट्राफिक प्रहरी, रामशाहपथ ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ८ को नियम ८९ (६) बमोजिम फर्मको बोलपत्र रद्द गर्न मिल्ने/नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८९ (६) मा सो सम्बन्धमा स्पष्ट व्यवस्था भएकोले तहाँ कार्यालयबाट निर्णय हुने ।

मिति : २०७३।०९।१२

**राय परामर्श माग गर्ने निकाय** : नेपाल नागरिक उड्डयन प्राधिकरण, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

नेपाल सरकारका सम्पूर्ण निकायहरूको खरिद कार्यको लागि सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक नियमावली २०६४ बमोजिम हुँदै आएकोमा, साविकको खरिद ऐन २०६३ मुल ऐनको दफा ५ मा रु. २५,०००।- सम्मको सामान तथा सेवा खरिद गर्नका लागि लागत अनुमान स्वीकृत गराउन नपर्ने भन्ने भएकोमा हाल उक्त ऐनमा रु. १००,०००।- सम्म सामान तथा सेवा खरिद लागत अनुमान स्वीकृत गर्न नपर्ने भनी संशोधन भएको हुँदा रु. १००,०००।- सम्म सामान तथा सेवा खरिद गर्नको लागि सिधै खरिद आदेशद्धारा हुन सकिने हो वा साविक नियमावली अनुसार सुचीकृत भएका कम्तिमा ३ वटा फर्मबाट दरभाउ प्रस्ताव माग गरि प्राप्त प्रस्ताव मध्ये उपयुक्त फर्मबाट खरिद गर्नुपर्ने हो ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रूपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने स्पष्ट उल्लेख भएकोले थप राय आवश्यक नपर्ने ।

मिति : २०७३।०९।१२

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला स्वास्थ्य कार्यालय, खोटाङ्ग ।

**राय माग गरिएको बिषय :**

औषधी खरिद सम्बन्धी प्रकाशित बोलपत्रको सम्बन्धमा ४ वटा बोलपत्रहरू दर्ता भएकोमा सि.नं. १ र २ ले आवश्यक सबै कागजातहरू पेश नगरेको, सि.नं. ३ र ४ मध्ये सि.नं. ३ ले फर्म खरिद गर्ने सम्बन्धमा सम्पूर्ण कागजात पेश गरेको तर बोलपत्र पेश गर्दा भने ती कागजात संलग्न नगरेको तथा सि.नं. ४ मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपी पेश नगरेको साथै सि.नं. ३ को बोलपत्रदाताले पेश गर्दा कागजातहरू संलग्न नगरेको तर निजले न्यूनतम दररेट (कम दररेट) पेश गरेको र सि.नं.४ ले एउटा कागजपत्र पेश नगरेको र मूल्य बढी कबोल गरेको अवस्थामा ३ वा ४ मध्ये कुन बोलपत्रदातालाई स्वीकृत गर्न मिल्ने वा अन्य कुनै विकल्प हुने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा (२३) र २५ मा उल्लेख भए अनुसार बोलपत्र परीक्षण र बोलपत्र मूल्याङ्कन गर्ने कार्य सार्वजनिक निकायकै भएको हुँदा सोही अनुसार परीक्षण र मूल्याङ्कन गरी एकिन गर्ने ।

मिति : २०७३।०९।१२

**राय परामर्श माग गर्ने निकाय :** वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान ।

**राय माग गरिएको बिषय :**

प्रतिष्ठानको कलेज अफ डेन्टल सर्जरीका विभिन्न विभागहरूमा रहेका Dental Chair हरू पुरानो भई जिर्ण हुदै गएको र नयाँ Dental Chair हरू खरिदको माग भई आएको अवस्थामा पुराना Dental Chair हरूको व्यवस्थापनको लागि सार्वजनिक खरिद ऐनको पहिलो संशोधनमा "Buy back Method" को व्यवस्था भए अनुसारको कार्यको लागि ऐनको दफा ८ (१०) को स्पष्टिकरण मा "निश्चित समय पछि औचित्यहीन हुने वा जनस्वास्थ्य वा वातावरणको दृष्टिले लिलाम गर्न वा भण्डारण गरी राख्न नमिल्ने वा प्रयोग गर्न नहुने अवस्थाका मालसामान वा मेसिनरी औजार तोकिए बमोजिम मूल्याङ्कन गरी सम्बन्धित उत्पादक वा आपूर्तिकर्तालाई फिर्ता दिई लिने बिधी सम्झनुपर्छ" भन्ने व्यवस्था अनुसारको कार्यको प्रतिकृयाको लागि "तोकिएको मूल्याङ्कन" भन्नाले के, कस्तो बिधी अपनाउनुपर्ने हो साथै सम्बन्धित आपुर्तिकर्ताहरूबाट कुन बिधी अपनाई आपुर्तिको प्रकृया गर्नुपर्ने हो ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१घ मा नयाँ लिने पुरानो दिने विधि बारे उल्लेख भइसकेको हुँदा सोही अनुसार कार्यान्वयन गर्ने ।

मिति : २०७३।०९।१३

**राय परामर्श माग गर्ने निकाय :** बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग, पुल्चोक, ललितपुर ।

**राय माग गरिएको बिषय :**

आयोगको लागि ३ थान मोटर साईकल खरिद गर्न शिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा दर्ता हुन आएका ३ थान सिलबन्दी दरभाउपत्र मध्ये दुई थानमा बैंक जमानत पत्र नै संलग्न नरहेको मूल्याङ्कन प्रकृयामा समावेश गर्न नसकिने भई बांकी एक थान दरभाउपत्र मात्र मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने अवस्था छ । तर प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा दर्ता हुन आएको सिलबन्दी दरभाउपत्रहरू मध्ये एक थान मात्र मूल्याङ्कन प्रकृयामा समावेश गरी सारभूत रूपमा प्रभावकारी देखिन आएमा सो दरभाउ पत्र स्वीकृत गर्न सकिने/नसकिने स्पष्ट उल्लेख भएको नपाईएको यो पत्र लेखिएको छ । उल्लेख भए बमोजिम पेश हुन ३ (तीन) थान सिलबन्दी दरभाउपत्रहरू मध्ये एक थान मात्र सिलबन्दी दरभाउपत्र सारभूत रूपमा प्रभावग्राही भएमा त्यस्तो सिलबन्दी दरभाउपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ (३क) अनुसार सिलबन्दी दरभाउपत्र आव्हान गर्दा पहिलो पटक तीनभन्दा कम सिलबन्दी दरभाउपत्र पेश हुन आएमा मात्र दोस्रो पटक आव्हान गर्नु पर्ने उल्लेख भएको हुँदा ३ थान सिलबन्दी दरभाउपत्र दर्ता भएको अवस्थामा मूल्याङ्कन प्रकृयामा लानु पर्ने ।

मिति : २०७३।०९।१४

**राय परामर्श माग गर्ने निकाय** : डिभिजन सडक कार्यालय, दाङ ।

**राय माग गरिएको बिषय :**

ठेक्का सम्झौता अनुसार ठेक्का अन्त्य भएको अवस्थामा Employer's additional cost को लागि बाँकी रहेको कामको २५% Contracter बाट असुल गर्ने प्रावधान रहेको तर सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०६३ दफा ५९ (८) मा, उपदफा ७ बमोजिम सम्झौता अन्त्य भएमा सो कामबापत राखिएको पुरै जमानत जफत हुनेछ र सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ । यसरी द्विविधा उत्पन्न भएकोले पहिलो सम्झौता गर्दाको प्रावधान अनुसार निर्माण व्यवसायबिाट बाँकी कामको २५% असुल उपर गर्ने हो वा संशोधित सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०६३ बमोजिम बाँकी रहेको पुरै कार्य बराबरको रकम असुल उपर गर्नुपर्ने हो?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को पहिलो संशोधन पूर्व खरिद सम्झौता भई कार्यान्वयनमा रहेका खरिद सम्झौताको हकमा खरिद सम्झौता कागजातमा व्यवस्था भए बमोजिम गर्नुपर्ने ।

मिति : २०७३।०९।१४

**राय परामर्श माग गर्ने निकाय** : कोष तथा लेखा नियन्त्रक कार्यालय, सल्यान ।

**राय माग गरिएको बिषय :**

आर्थिक प्रस्ताव हुवहु मिलेको आधारमा निजहरूको आपसी मिलेमतो भएको भन्न मिल्ने वा नमिल्ने साथै हुबहुको स्थितिलाई निजहरूको आपसी मिलेमतो भन्न मिल्ने प्रयास आधार मान्न सकिएमा अब उप्रान्त खरिद कार्य कुन चरणबाट पुन शुरु गर्ने ?

**राय परामर्श :**

राय माग गर्दा भर्नुपर्ने विवरण संलग्न गरी सम्बन्धित कार्यालयबाट राय माग गर्न लगाउने ।

मिति : २०७३।०९।१४

**राय परामर्श माग गर्ने निकाय** : शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, ओखलढुङ्गा ।

**राय माग गरिएको बिषय :**

बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा २४ घण्टा पछि बोलपत्र दर्ता गरी उक्त बोलपत्रसंगै नदेखिने गरी Discount Letter पेश गर्ने बोलपत्रदाताको बोलपत्रलाई मान्यता दिई बोलपत्र मूल्याङ्कनमा समावेश गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित योग्यताका आधार पुरा नगर्ने बोलपत्रदातालाई बोलपत्र मूल्याङ्कनमा समावेश गरिएको भन्ने अर्थ लाग्ने हो? वा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनु भन्दा २४ घण्टा पछि बोलपत्र दर्ता गरी उक्त बोलपत्रसंगै नदेखिने गरी Discount Letter पेश गर्ने बोलपत्रदातालाई बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित योग्यताका आधार पुरा नगरेको मानी बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम बोलपत्र जमानत जफतको कारवाही अगाडि बढाउन उपयुक्त हुने ?

**राय परामर्श :**

बोलपत्रदाताले बोलपत्र पेश गर्दा सिलबन्दी खामको बाहिरी भागमा नदेखिने गरी अर्कै सिलबन्दी खामभित्र छुट (discount) दिएको भन्ने सम्बन्धमा कार्यालयले मिति २०७३।०६।२० मा बोलपत्र खोल्दा तयार गरेको मुचुल्कामा सम्बन्धित बोलपत्रदाताले Quoted दरमा २३% (तेइस प्रतिशत) छुट (discount) दिएको उल्लेख गरी सबै उपस्थित प्रतिनिधिले दस्तखत गरेको, छुट सहितको बोलपत्र कागजात बोलपत्र दर्ता गर्दा नै एकै पटक प्राप्त भएको र सम्बन्धित बोलपत्रदाताले पेश गरेको खामको बाहिरी भागमा समेत फिर्ता र संशोधन बारे उल्लेख गरेको नदेखिएको हुँदा उक्त बोलपत्र मूल्याङ्कनमा समावेश गर्न उपयुक्त हुने ।

मिति : २०७३।०९।१७

**राय परामर्श माग गर्ने निकाय** : हुलाकी राजमार्ग आयोजना, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन २०६३ को संशोधनको दफा १९ मा उल्लेख भए अनुसार E-Bid बाहेकको बोलपत्रमा Modification गर्न पेश गर्ने समय भन्दा २४ घण्टा अगावै सिलबन्दी निवेदन दिनुपर्नेमा बोलपत्रदाता Lama-Danfe-Kanchanjunga J/V ले बोलपत्र खोल्ने दिन (२०७३।०७।२८) को मिति १०:२६ मा Modification (Bid security Extension) दर्ता गरेको थियो । उक्त Modification को विषय स्पष्ट रूपमा Bid Security Extension भनि उल्लेख गरिएकोले पहिलो दर्ता भइसकेको Bid को Bid Security time मात्र बढाईएको हुँदा उक्त Modification दर्ता गरिएको र मुचुल्कामा उल्लेख गरी सो Modification खोलिएको हो । उक्त ठेक्काको Comperative Chart बनाउँदा Lama-Danfe-Kanchanjunga J/V नै Lowest Bidder हुन आएको छ । तर Modification ले Bid Price मा कुनै फरक नपारेको हुँदा सरकारी हानी नोक्सानी समेत नहुने भएकोले Lowest Bidder को बोलपत्र नै स्वकिृत गर्न उचित देखिएकोले ?

**राय परामर्श :**

बोलपत्रदाता श्री Lama-Danfe-Kanchanjunga J/V ले मिति २०७३।०७।०५ मा बोलपत्र दाखिला गरेको र आयोजनाले मिति २०७३।०७।१८ मा बोलपत्र दाखिला गर्ने म्याद पुन थप गरी मिति २०७३।०७।२८ कायम गरेको देखिएको बोलपत्रदाताले बोलपत्र दाखिला गर्ने अवधि थप गर्नु अगावै बोलपत्र दाखिला गरेको र बोलपत्र दाखिला गर्दाको समयमा बोलपत्र जमानतको अवधि पर्याप्त नै रहेको । बारम्बार बोलपत्र दाखिला गर्ने समयावधि वृद्धि गरेको कारण बोलपत्र जमानतको समयावधि नपुग भएको र बोलपत्रदाताले बोलपत्र जमानतको समयावधि वृद्धि गर्न बोलपत्र जमानतको संशोधनपत्र दर्ता गराएको देखिन्छ । तसर्थ उक्त बोलपत्र जमानतको समयावधि थप भएको पत्रलाई बोलपत्र संशोधनको रूपमा नलिई बोलपत्र मूल्याङ्कनमा समावेश गर्नुपर्ने ।

मिति : २०७३।०९।१८

**राय परामर्श माग गर्ने निकाय** : राष्ट्रिय परीक्षा बोर्ड, भक्तपुर ।

**राय माग गरिएको बिषय :**

बोलपत्र आव्हान सम्बन्धी सूचनाको बुँदा नं. ३ बमोजिम बोलपत्र फाराम बापतको दस्तुर राष्ट्रिय परीक्षा बोर्डको च.हि.नं. १३ मा दाखिला गर्नुपर्नेमा सूचनाको बुँदा नं. ४ मा उल्लेखित बोर्डको धरौटी खाता च.हि.नं. १५ मा दाखिला गरेकोमा च.हि.नं. १५ मा जम्मा भएको रकम बोर्डको च.हि.नं. १३ मा ट्रान्सफर गरी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना लिईएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्न सकिने वा नसकिने?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० (घ) बमोजिम सम्बन्धित बोलपत्रदाता आफैले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात भरी पेश गरे वा नगरेको परीक्षण गर्नु प्रावधान रेहेको । यसर्थ, Bid Purchase वापतको भौचर कसको नाममा खरिद गरिएको छ ? कुन प्रयोजनको लागि खरिद भएको हो ? कुन मितिमा जम्मा गरेको हो ? एकिन गरी सार्वजनिक निकायले आव्हान गरेको सूचना बमोजिमकै ठेक्का नं.को लागि सम्बन्धित बोलपत्रदाताले नै खरिद गरेको रहेछ भने धरौटी खातामा जम्मा भएको रकम राजश्व खातामा सार्न लगाई मूल्याङ्कनमा समावेश गर्न सकिने ।

मिति : २०७३।०९।२२

**राय परामर्श माग गर्ने निकाय** : नेपाल खाद्य संस्थान, प्रधान कार्यालय ।

**राय माग गरिएको बिषय :**

संस्थानको शाखा कार्यालय सुर्खेत देखि डोल्पाको सहतारा सम्म स्थलमार्गबाट खाद्यबस्तु ढुवानीको लागि बोलपत्र आवहान गरिएको, मूल्याङ्कन पश्चात आशयको सूचना समेत प्रकाशित गरिएकोमा बोलपत्रदाताले अपि गपि ढुवानी सेवाको नाममा बोलपत्र खरिद गरी चन्द्र सूर्य निर्माणको नामबाट बैंक ग्यारेण्टी बनाई बोलपत्र दर्ता गरी कानुन सम्मत नभएको भनी निवेदन दिएको तथा कार्यालयबाट दुवै फर्मको प्रोप्राइटर एउटै व्यक्ति भएको र न्यूनतम कबोल अंक भएकोले छनौट गरिएको । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ (६) बमोजिम सानातिना फरक भएकोले मूल्याङ्कन समितिले छनौट गरी स्वीकृतीको लागि सिफारिस गरिएको हुँदा सानातिना फरक हो वा होइन ? ।

**राय परामर्श :**

एउटा फर्मबाट खरिद गरेको बोलपत्र अर्को फर्मबाट दर्ता गर्ने व्यवस्था नभएको र दुवै फर्मको प्रोप्राइटर एउटै व्यक्ति हुनु भनेको स्वार्थ बाझिने (कन्फिलिक्ट अफ इन्ट्रेष्ट) अवस्था भएकोले त्यस्तो बोलपत्र उपर कारवाही गर्न नमिल्ने ।

मिति : २०७३।०९।२२

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला जन स्वास्थ्य कार्यालय, गोरखा ।

**राय माग गरिएको बिषय :**

१) औषधी तथा औषधी जन्य सामाग्री खरिदको लागि बिक्री भएको बोलपत्र संख्या २२ मध्ये पर्न आएको शिलबन्दी बोलपत्र थान ६/६ वटा बोलपत्र मध्य फिर्ता माग भएको बोलपत्र थान २ बाँकी शिलबन्दी बोलपत्र थान ४ मध्ये रितपुर्वक पर्न आएका बोलपत्र थान १ को बोलपत्र समेत लागत अनुमानित रकम रु. ३०,२५,९३९।६० भन्दा बढी रु. ३०,५९,३५०।०० बढी देखिन आएको रु. ३३,४१०।४० साथै आकाश मेडिसियन डिष्ट्रीव्यूटरले मिति २०७३।०८।०९ मा टेण्डर खोसिएको भनी यसै कार्यालयलाई सम्बोधन गरी जिल्ला प्रशासन कार्यालय गोरखामा निवेदन गरेको ।

२) सारभुत रूपमा प्रभावकारी भन्ने शब्दको व्याख्या बुझ्न कठिन परेको र के कति रकम अन्तरलाई सारभुत रूपमा प्रभावकारी भन्न मिल्ने उल्लेख नभएको दास्रो पटक सूचना प्रकाशित गर्दा दिनुपर्ने समयावधि उल्लेख भएको नपाइएको सम्बन्धमा ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (१) (ख) अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभूत रूपमा बढी नभएमा मात्र बोलपत्र स्वीकृत गर्न सक्ने व्यवस्था छ । लागत अनुमान भन्दा सारभूत रूपमा बढी भन्ने विषय कुनै अंक वा प्रतिशतको आधारमा नतोकिएकोले सार्वजनिक निकायले नै आवश्यक विश्लेषण गरी एकिन गर्नु पर्ने । बोलपत्र खोसिएको र उजुरी सम्बन्धमा के कस्तो प्रशासकीय कारवाही भएको हो सो समेत सम्बन्धित निकायमा समन्वय गरी सार्वजनिक निकायले नै एकिन गर्ने ।

मिति : २०७३।०९।२८

**राय परामर्श माग गर्ने निकाय** : सिंचाई विकास सव-डिभिजन, पर्वत ।

**राय माग गरिएको बिषय :**

MRIT SANJIWOPNI को सट्टा MRIT SANJIWIOM भएको अवस्थामा उक्त फर्मले पेश गरेको आर्थिक प्रस्तावको मूल्याङ्कन प्रकृया अगाडि बढाउन मिल्ने वा नमिल्ने तथा छाप सम्बन्धी भेटिएको त्रुटीको विषयमा ।

**राय परामर्श** :

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (२) मा बोलपत्र परीक्षण गर्दा निर्क्यौल गर्नुपर्ने विषय र ऐनको दफा २३ (४) र (५) मा बोलपत्र परीक्षण गर्ने सिलसिलामा बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था भएकोले उक्त व्यवस्थाको अधिनमा रहि तहा कार्यालयबाटै निर्णय गर्नुहुन ।

मिति : २०७३।१०।०३

**राय परामर्श माग गर्ने निकाय** : भू-सूचना तथा अभिलेख विभाग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

१) बोलपत्रदाताबाट बोलपत्र सम्बन्धी कागजात तोकिएको Brand Model मा उल्लेखित Technical Specification विभागको स्वीकृत Specification बमोजिम नभएको तर न्यून मूल्याङ्कित बोलपत्र भएमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ (२) (घ) आकर्षित हुने वा नहुने ?

२) सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ (२) (घ) बमोजिम सारभूतरूपमा प्रभावग्राही नभएको बोलपत्र न्यून मूल्याङ्कित भएको र बोलपत्रदातासंग कुनै स्पष्टिकरण माग नभएको अवस्थामा बोलपत्रदाताबाट ध्यानाकर्षण पत्र पेश गरेको अवस्थामा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ (२) को खण्ड (छ) आकर्षित हुने वा नहुने ?

३) बोलपत्रदाताबाट बोलपत्रमा कबोल गरिएको Brand Model बोलपत्र खोलिसके पश्चात: न्यून मूल्याङ्कित हुने अवस्थामा विभागको स्वीकृत Specification संग मेलखाने गरी संशोधन गर्न पाउने वा नपाउने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० (४) तथा ऐ.ऐनको दफा २५ (५) मा बोलपत्र मूल्याङ्कन गर्दा लिनुपर्ने आधार तथा ऐनको दफा २३ (४) र (५) मा बोलपत्र परीक्षण गर्ने सिलसिलामा बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सक्ने सम्बन्धी व्यवस्था भएको । सोहि अनुसार सार्वजनिक निकायबाटै निर्णय गर्न उपयुक्त हुने ।

मिति : २०७३।१०।०९

**राय परामर्श माग गर्ने निकाय :** शिक्षण अस्पताल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन २०६३ दफा ३१ बमोजिमको प्रस्ताव माग गरी प्रतिस्पर्धा गराउने कार्यमा Need Assesment को जिम्मेवारी पूरा गरेको फर्म सहभागी हुन पाउने/नपाउने ?

**राय परामर्श :**

अस्पतालको Hospital Information System (HIMS) को Need Assesment कार्यमा संलग्न आशयपत्रदाता (परामर्शदाता) सोही System को लागि आव्हान भएको Expression of Interest (EOI) मा आशयपत्रदाताको रूपमा संलग्न हुनु स्वार्थ बाझिने देखिने हुँदा संलग्न हुन मिल्ने देखिदैन ।

मिति : २०७३।१०।०९

**राय परामर्श माग गर्ने निकाय :** पशु सेवा विभाग, ललितपुर ।

**राय माग गरिएको बिषय :**

कार्यालयको लागि स्टेशनरी सामानहरूको लागि बोलपत्र आव्हान गरिएकोमा मिति २०७३।०९।२२ भित्र ४ वटा बोलपत्र पर्न आएको र निजले बोलपत्र पेश गर्दा कर चुक्ताको प्रमाणपत्र पेश गरेको नदेखिएको तर यस विभागबाट सार्वजनिक सूचना प्रकाशित गर्दा आ.व. २०७२/७३ को कर चुक्ता प्रमाणपत्र माग गरिएको हुदा उक्त न्युनतम दररेट पेश गर्ने डायना ट्रेडर्सको कर चुक्ताको प्रमाणपत्र माग गर्न वा कर चुक्ता प्रमाणपत्र बेगर नै बोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र २५ मा उल्लेख भए अनुसार बोलपत्र परीक्षण र मूल्याङ्कन गर्ने कार्य सार्वजनिक निकायकै भएको हुँदा सोही अनुसार परीक्षण र मूल्याङ्कन गरी सारभूत रूपमा प्रभावग्राही भए, नभएको एकिन गर्ने ।

मिति : २०७३।१०।०९

**राय परामर्श माग गर्ने निकाय :** सामुदायिक ग्रामीण विद्युतीकरण विभाग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्र दर्ता गर्ने मितिमा Hardcopy दर्ता बोलपत्रदाताले बोलपत्र दर्ता गरेको लगत्तै बोलपत्र दर्ता गर्ने समय समाप्त हुनु भन्दा केही समय अगाडि मात्र उक्त Discount letter दर्ता गरेकोले सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको ऐनको प्रावधान बमोजिम तोकिएको सिमाभित्र Discount letter दर्ता भएको नपाईएको उक्त पत्र नखोलिएको सम्बन्धमा कानुन विभाग, ने.वि.प्रा.को राय बमोजिम उक्त Discount letter खोल्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा १९ (१) मा विद्युतीय सञ्चारको माध्यमबाट बोलपत्र पेश गरिने बाहेक बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा चौबिस घण्टा अगावै सिलबन्दी निवेदन दिनुपर्नेछ भन्ने व्यवस्था भएकोले सोहि बमोजिम गर्नुहुन ।

मिति : २०७३।१०।१४

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला प्राविधिक कार्यालय, सर्लाही ।

**राय माग गरिएको बिषय :**

कार्यालय भवन निर्माण कार्यको खरिद प्रकृया शुरु गर्नका लागि रु. २,९६,००,०००।०० लागत अनुमान स्वीकृत भई टेण्डर आव्हान गर्ने अवस्थामा, सार्वजनिक खरिद नियमावली, २०६४ को मिति २०७३।०९।०४ मा भएको संशोधन बमोजिमको नमुना

Bid Document नपाईएकोले टेण्डर आव्हान गर्दा दुविधा उत्पन्न भएको साथै २ करोड भन्दा कम लागत अनुमान भएका तर बहु वर्षिय योजनामा कुन खरिद प्रकृया अपनाएर खरिद कारवाहि अगाडि बढाउने नबढाउने?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली २०६४ को चौथो संशोधन बमोजिम हुने गरी तयार गरिएका नमुना बोलपत्र कागजात यस कार्यालयको वेभसाइट www.ppmo.gov.np मा उपलब्ध रहेको र बहु वर्षिय ठेक्काका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ लाई आधार मानी गर्ने ।

मिति : २०७३।१०।१४

**राय परामर्श माग गर्ने निकाय :** घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, धनकुटा ।

**राय माग गरिएको बिषय :**

जिल्लामा संचालन गरिने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम बजेट रु. २२,६०,०००।- को कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गरि मूल्याङ्कन गरी मिति २०७३।०९।०३ गते सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) प्रयोजनको लागि प्राविधिक तथा आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गर्दा मिति २०७३।०९।०६ गते प्रथम वैकल्पिक संस्था श्री माउन्टेन मल्टीपल ट्रेनिङ्ग सेन्टर प्रा.लि., बसुन्धरा, काठमाडौंले प्रस्ताव मूल्याङ्कन पुनरावलोकन गरिपाउँ भन्ने सम्बन्धमा के गर्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ (१) बमोजिम प्राप्त भएको निवेदनको सम्बन्धमा सोही दफाको (६) मा व्यवस्था भए बमोजिम गर्ने ।

मिति : २०७३।१०।१४

**राय परामर्श माग गर्ने निकाय :** जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, ललितपुर ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावलीको चौथो संशोधन, २०७३ मिति २०७३।०९।०४ मा जारी हुन पूर्व यस विभाग अन्तर्गतका डिभिजन, सव-डिभिजन तथा आयोजना कार्यालयहरूबाट रु. २ करोड भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यको लागि बोलपत्र आव्हान गरी उल्लेखित मिति पछि बोलपत्र खोलेकोमा उल्लेखित संशोधनमा दुई करोड देखि एक अर्बसम्मको निर्माण कार्यको खरिद प्रकृयामा एक चरण दुई खाम प्रणाली अवलम्बन गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरिएकोले मूल्याङ्कन प्रकृया अगाडि बढाउन समस्या परेको सम्बन्धमा के गर्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को मिति २०७३।९।४ मा चौथो संशोधन भएको र सोही नियमावलीको नियम १ (२) मा "यो नियम तुरुन्त प्रारम्भ हुनेछ" भन्ने व्यवस्था भएकोले थप राय दिईराख्नु नपर्ने ।

मिति : २०७३।१०।१४

**राय परामर्श माग गर्ने निकाय :** पाटन नगरपालिका कार्यालय, बैतडी ।

**राय माग गरिएको बिषय :**

उक्त बोलपत्र सार्वजनिक खरिद (चौथो संशोधन) नियमावली २०७३ को नियम ३१(ङ) (२) अनुसारको व्यवस्था हाल भई सकेकोमा उक्त आव्हान गरिएको बोलपत्र मिति २०७३ माघ १२ गते खोल्नुपर्ने गरी पुरानै पद्धती अनुसार आव्हान गरिएको साथै रु. एक करोड बराबरको कार्य आषाढ १५ गते सम्म गर्न नसकिएकोमा रकम फ्रिज जाने व्यवस्था भएको र बोलपत्र प्रकाशनमा समेत न्यून आय भएको यस नगरपालिकाले पुनः बोलपत्र आव्हान गर्दा लागत समेत बढ्न जाने भएकोले उक्त बोलपत्र रद्द गरी नयाँ पद्धती अनुसार पुनः बोलपत्र आव्हान गर्ने वा पुरानै बोलपत्र आव्हान बमोजिम अगाडि बढ्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को मिति २०७३।९।४ मा चौथो संशोधन भएको र सोही नियमावलीको नियम १ (२) मा "यो नियम तुरुन्त प्रारम्भ हुनेछ" भन्ने व्यवस्था भएकोले थप राय दिईराख्नु नपर्ने ।

मिति : २०७३।१०।१४

**राय परामर्श माग गर्ने निकाय :** श्रम तथा रोजगार मन्त्रालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

मन्त्रालयको स्वीकृत कार्यक्रम वैदेशिक रोजगारमा जाने/गएका व्यक्तिका परिवार लक्षित सचेतना कार्यक्रम (प्रचारप्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण) मा रु. २१ लाख विनियोजन भएको र उक्त कार्यक्रम १) राष्ट्रिय स्तरका पत्रत्रिकाबाट रु. २ लाख ५० हजार २) रेडियो नेपाल तथा एफ.एमहरू बाट रु. ५ लाख ३) टेलिभिजन च्यानलबाट रु. ७ लाख ५० हजार र ४) ब्रोसिएरबाट रु. ५ लाख गरी बाँडफाँड गरिएको हुनाले अब मन्त्रालयले शिलबन्दी बोलपत्ररदरभाउपत्र आव्हान गर्दा कुन विधि छनौट गर्ने द्विविधा उत्पन्न भएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (२), दफा ९ र दफा ४१ (१) को खण्ड (घ२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ (ङ) र नियम ८४ (१) मा गरिएको व्यवस्था समेतका आधारमा सार्वजनिक निकायबाटै निर्णय हुन ।

मिति : २०७३।१०।१४

**राय परामर्श माग गर्ने निकाय :** कृषि सामग्री कम्पनी लिमिटेड, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐनमा कार्य अनुभव र औसत कारोबार अंक (Turn Over) को सम्बन्धमा स्पष्ट व्यवस्था उल्लेख नभएकोले प्रकाशित बोलपत्र आव्हानको सूचनामा उल्लेख भए अनुसारको उक्त न्यूनतम अंक कबोल गर्ने बोलपत्रदाताको कारोबार अंक रु. ४,५०,००,०००।- हुनु पर्नेमा रु.२,४६,६०,२१५।४२ को मात्र पेश गरेकोले नपुग देखिएको मूल्याङ्कन गर्ने क्रममा द्विविधा उत्पन्न भएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० (४) र दफा २५ (५) मा स्पष्ट व्यवस्था भएकोले थप राय दिईराख्नु नपर्ने ।

मिति : २०७३।१०।१४

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला प्राविधिक कार्यालय, उदयपुर ।

**राय माग गरिएको बिषय :**

कार्यालय अन्तर्गत निर्माण कार्य खरिदको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयद्धारा तयार गरिएको Standard Bidding Document तयार गरी विद्युतीय माध्यमद्धारा समेत बोलपत्र दर्ता गर्ने गरी मिति २०७३।०९।१२ गते खोलिएकोमा हाल मिति २०७३।०९।०४ मा सार्वजनिक खरिद (चौथो संशोधन) नियमावली २०७३ को नियम ३१ ङ अनुसार प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग पेश गर्ने गरी बोलपत्र सम्बन्धी कागजात तयार र मूल्याङ्कन गर्ने कार्य संशोधन भएको हुँदा सूचना प्रकाशित हुँदा तयार गरिएको बोलपत्रको कागजातमा भएको मूल्याङ्कनको व्यवस्था अनुसार मूल्याङ्कन गर्न मिल्ने वा नमिल्ने ? बोलपत्रको मूल्याङ्कन कार्यमा द्विविधा भएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को मिति २०७३।९।४ मा चौथो संशोधन भएको र सोही नियमावलीको नियम १ (२) मा “यो नियम तुरुन्त प्रारम्भ हुनेछ” भन्ने व्यवस्था भएकोले थप राय दिईराख्नु नपर्ने ।

मिति : २०७३।१०।१४

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला विकास समितिको कार्यालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

काठमाडौं जिल्ला विकास समितिको नाममा चन्द्रगिरी नगरपालिका वलम्वुमा रहेको वलम्वु विकास केन्द्रको खाली जग्गा मध्ये १५ रोपनी जग्गा भाडामा दिने कार्यका लागि शिलबन्दी प्रस्ताव आव्हानका लागि तोकिएको समयावत्रि भित्र पर्न आएका रितपूर्वकको प्रस्तावहरू कार्यालय एवं प्रस्तावक/प्रतिनिधिहरूको रोहवरमा खोलिएको । उक्त प्रस्ताव खोल्दा उल्लेखित पर्न आएका प्रस्तावहरूको प्रारम्भिक अध्ययन गर्दा श्री सूर्य बहादुर तामाङ्गले पेश गरेको प्रसतावको खाम भित्र भएको फाराममा श्यामसुन्दर महर्जन, मनमैंजु ३ काठमाडौंको प्रस्ताव भएको र श्यामसुन्दर महर्जनको नामको प्रस्तावको खाम भित्र सूर्य वहादुर तामाङ्ग, हल्दे कालिका ३, नुवाकोटको प्रस्ताव संलग्न भएको पाइएको । उल्लेखित सम्पूर्ण प्रस्तावदाता मध्ये श्यामसुन्दर महर्जनको कबोल रकम सबै भन्दा बढी रु. ३२,००,०००।०० (रु. वत्तिस लाख मात्र भएको) पाइएकोले सो स्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा कानूनी द्विविधा भएको साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ तथा सार्वजनिक खरिद नियमावली

२०६३ को नियम ६० मा भएको व्यवस्थामा खाममा र प्रस्तावमा नाम फरक परेको सन्दर्भमा स्पष्ट व्याख्या नभएकोले कार्यालय निर्णय गर्न द्विविधा भएको खाम परेकोमा प्रस्ताव मान्य हुने/नहुने ?

**राय परामर्श :**

सार्वजनिक जग्गा भाडामा दिने कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ बमोजिम सार्वजनिक खरिदको परिभाषा भित्र नपर्ने नभएकोले यस कार्यालयको कार्य क्षेत्र भित्र नपर्ने हुँदा राय प्रदान गर्न नसकिने ।

मिति : २०७३।१०।१४

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला युवा समितिको कार्यालय, स्याङ्जा ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद (चौथो संशोधन सहित) नियमावलीको नियम ९४ (११) बमोजिम "सार्वजनिक निकायले उपनियम (१) बमोजिम घर जग्गा भाडामा लिंदा काठमाडौं उपत्यकाभित्र वार्षिक पन्ध्र लाख रुपैयासम्म र काठमाडौं उपत्यका बाहिर वार्षिक पांच लाख रुपैयासम्म भाडा तिर्नुपर्ने गरी भाडामा लिंदा वा विशेष परिस्थितिमा घर जग्गा भाडामा लिनुपरेमा घरधनीसंग सोझै वार्ता गरी घर जग्गा भाडामा लिन सक्नेछ" साथै यस कार्यालयमा वार्षिक ५ लाख रुपैंया सम्ममा २ जना व्यक्तिहरूलाई करारमा नियुक्ति गर्नु परेको हुंदा सो सम्बन्धमा १५ दिने सूचना निकाल्नु पर्ने वा नपर्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ लाई दृष्टिगत गर्दा वार्षिक पाँच लाख रुपैंयासम्म भाडा तिर्नुपर्ने गरी घर जग्गा भाडामा लिनुपर्ने अवस्थामा जिल्ला स्तरको सार्वजनिक निकायले आफ्नो सूचना पाटी र जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति तथा कोष तथा लेखा नियन्त्रण कार्यालयको सूचना पाटीमा कम्तीमा सात दिनको अवधि दिई प्रस्ताव माग गर्ने र प्राप्त प्रस्तावदाता (घर धनी) संग सोझै वार्ता गरी सबैभन्दा उपयुक्त र मितव्ययी प्रस्ताव छनौट गर्न उपयुक्त हुने ।

मिति : २०७३।१०।१४

**राय परामर्श माग गर्ने निकाय** : फ्लोरिकल्चर एशोसिएसन नेपाल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

यस संस्थाले बोलपत्र माग गरिएकोमा निधारित तोकिएको समयावधी भित्र पर्न आएको बोलपत्र उपर मूल्याङ्कन गर्ने क्रममा बोलपत्रदाताहरूको निधारित योग्यता परीक्षण गर्दा बोलपत्रदाताको प्रतिष्ठा र वित्तिय क्षमता प्रमाणित गर्न विगत ३ वर्षको लेखा परिक्षण गरिएको वासलात बोलपत्रमा समावेश गरिएको हुनुपर्नेछ भनि तोकिएकोमा २ वर्षको मात्र वासलात पेश भएकोले सो मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र २५ मा उल्लेख भए अनुसार बोलपत्र परीक्षण र मूल्याङ्कन गर्ने कार्य सार्वजनिक निकाय कै भएको हुंदा सोही अनुसार परीक्षण र मूल्याङ्कन गरी बोलपत्र सारभूत रूपमा प्रभावग्राही भए नभएको एकिन गर्ने ।

मिति : २०७३।१०।१४

**राय परामर्श माग गर्ने निकाय** : बालकल्याण गृह, पर्सा ।

**राय माग गरिएको बिषय :**

बालकल्याण गृह, पर्सामा आश्रित बालकहरूको खाद्यान्न बन्दोबस्तका लागि मिति २०७३।०८।२१ मा ३० दिनको म्याद दिई सिलबन्दी बोलपत्र आवहान गरिएकोमा यसै अवधि भित्रै सार्वजनिक खरिद नियमावली संशोधन भई मालसामान खरिदको हकमा १० लाखको सीमा बढाई २० लाख (दरभाउको हकमा) बनाईएको हुंदा अब यस कार्यालयको सूचना प्रकाशित भैसकेको अवस्थामा संकलित बोलपत्रहरूलाई दरभाउपत्र वा बोलपत्र कुन प्रकृयामा अघि बढाउँदा उपयुक्त होला ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१) अनुसार वीस लाख रुपैंया सम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने व्यवस्था रहेको हुँदा सार्वजनिक निकायले सोही अनुसार कार्यान्वयन गर्न सक्ने ।

मिति : २०७३।१०।१४

**राय परामर्श माग गर्ने निकाय :** त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद (चौथो संशोधन) नियमावली, २०६४ मूल नियमावलीको नियम ५ पछि नियम ५ (क) थप गरिएको ५ क, मालसामान, निर्माण कार्य र सेवाको विवरण स्वीकृत गर्नुपर्ने व्यवस्था गरेको र नियम १४ बमोजिम लागत अनुमान स्वीकृत गर्ने व्यवस्था भएकोमा नियम ५ क बमोजिको विवरण स्वकिृत गर्ने र मूल नियमावलीको नियम १४ मा वयवस्था भए अनुसारको लागत अनुमान स्वीकृत गर्ने एकै तहको अधिकार प्राप्त गर्ने अधिकारी भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ भन्ने व्यवस्था उल्लेखित भएको हुंदा एकै निकायको कार्यालय प्रमुखबाट मूल नियमावलीको नियम ५क. बमोजिम मालसामान निर्माण कार्य र सेवाको विवरण स्वीकृत गर्ने र मूल नियमावलीको नियम १४ मा व्यवस्था भए अनुसारको लागत अनुमान स्वीकृत गर्न सक्ने अवस्था नदेखिएकोले द्विविधा उत्पन्न भएको ।

**राय परामर्श :**

सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५० (१), (२), (३) र (४) को परिधि भित्र रही आवश्यक्ता अनुसार अधिकार प्रत्यायोजन गर्न सकिने व्यवस्था भएकोले यस सम्बन्धी निर्णय सार्वजनिक निकाय आफैले गर्नुपर्ने ।

मिति : २०७३।१०।१४

**राय परामर्श माग गर्ने निकाय :** वीर अस्पताल, कामठाडौं ।

**राय माग गरिएको बिषय :**

यस निकायबाट Hospital General Chemical सम्बन्धी बोलपत्र आव्हान भएकोमा e-bidding मार्फत ३ वटा कम्पनीले बोलपत्र पेश गरेकोमा २ वटा कम्पनीले Price Schedule मा मूल्य नगरी Annex मै मूल्य भरेको र एउटाले बैंक भौचर मार्फत Bid Document खरिद गरि भरेको तथा एउटा कम्पनीले Online Submission का क्रममा BOQ नभरेको भनी उक्त Tender पुनरावलोकन गरी पाउँ भनी निवेदन दिएको ।

**राय परामर्श :**

राय माग गरिएको विषय सार्वजनिक खरिद ऐन वा सो ऐन अन्तर्गत बनेको नियम, निर्देशिकामा उल्लिखित कुराको विषयमा द्विविधाको विषय नभई विवाद समाधानको विषय देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ (२) अनुसार यस कार्यालय विवाद समाधानमा संलग्न हुन नमिल्ने ।

मिति : २०७३।११।०६

**राय परामर्श माग गर्ने निकाय :** सडक विभाग ।

**राय माग गरिएको बिषय :**

उपरोक्त बिषयमा सडक विभागको प.सं. २०७३/०७४, च.नं. ७२, मिति २०७३।१०।२६ बाट Procurement of Works, Standard Bid Document मा Sec III, Qualification Requirements को Clause 2.4.2 (b) Construction Experience in key activities मा key Activities हरू Technical Note मा प्रष्ट पारी In Case of joint venture, at least one partner of J.V. must have completed the activities Stated in one Contract उल्लेख गरी बोलपत्र सम्वन्धी कागजातको Technical Note संशोधन हुन माग भई आएको ।

**राय परामर्श :**

हाल यस कार्यालयबाट जारी भएका Procurement of Works, Standard Bid Document को 2. Qualification Criteria, 2.4 Experience, 2.4.2 Specific Construction Experince को 2.4.2. (b) Construction Experince in key Activities मा Production Rate(s) गणना गर्दा Multiple Contracts लाई गणना गर्न सकिने व्यवस्था भएकोले संशोधन गरिरहन नपर्ने ।

मिति : २०७३।११।०६

**राय परामर्श माग गर्ने निकाय :** सशस्त्र प्रहरी बल प्रधान कार्यालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

संशोधित सार्वजनिक खरिद ऐनको दफा १० (५) अनुसार कुनै योग्यता आवश्यक नपर्ने तथा बोलपत्र कागजातको Egilibility Requirement को e मा VAT तथा PAN Registration प्रमाणपत्र पेश गर्नुपर्ने भनिएकोमा PAN मा मात्रै दर्ता भएको प्रमाणपत्र पेश गरेकोमा के हुने ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ (१) र (२) अनुसार बीस हजार रुपैंया देखिको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा स्थानीय लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीहरू मात्र खरिद गर्नुपर्ने स्पष्ट व्यवस्था गरेकोले सोही अनुसार कार्यान्वयन गर्ने ।

मिति : २०७३।११।१८

**राय परामर्श माग गर्ने निकाय** : क्षेत्रीय कृषि तालिम केन्द्र, धनुषा ।

**राय माग गरिएको बिषय :**

यस कार्यालयबाट मूल्याङ्कन हुँदा ITB 24.1 (b) (General) को आधारमा यस कार्यालयको ईमेलबाट मिति २०७३।०९।२५ समय विहान ११:४३ मा डिस्काउन्ट पत्र गराएकोले त्यसलाई मान्यता दिई मूल्याङ्कन गरिएको र उक्त आधार हेर्दा ITB 24.1 (b) (General) र Bid data Sheet (Section II) को ITB 24.1 (i) (a)(bb) मा कुरा वाझिएकोले ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ (५) मा "बोलपत्र वा प्रस्तावदाताले आफूले पेश गरेको बोलपत्र वा प्रस्ताव फिर्ता लिन वा संशोधन गर्नु पर्दा बोलपत्र वा प्रस्ताव पेश गर्दा जुन माध्यमबाट बोलपत्र वा प्रस्ताव पेश गरेको हो सोहि माध्यमबाट माग फिर्ता वा संशोधन गर्न सक्नेछ र फरक माध्यमबाट पेश गरेको निवेदन उपर कारवाहि हुने" भनी स्पष्ट व्यवस्था भएकोले थप राय दिइरहनु नपर्ने ।

मिति : २०७३।११।१७

**राय परामर्श माग गर्ने निकाय** : बाणगंगा सिंचाइ व्यवस्थापन डिभिजन, कपिलवस्तु ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली, २०७३ (चौथो संशोधन) नियम ३१ ङ, अनुसार Single Stage Two Envelope System बाट गरिएकोमा मिति २०७३।११।१० गते Hard Copy बाट २ बटा निर्माण व्यवसायीले Bid गरेको र Online Bid बाट कुनै पनि Bid पर्न नआएको तथा Hard Copy बाट पर्न आएको Bid मध्ये प्राकृतिक निर्माण प्रा.लि. सिद्धार्थनगर ९, रुपेन्दहीले Two Envelope System अन्तर्गत आफुले पेश गरेको प्राविधिक बोलपत्रमा Company Profile र BOQ समेत भरी पेश भएको साथै उक्त निर्माण व्यवसायले छुट्टै सिलबन्दी आर्थिक प्रस्ताव समेत पेश गरेको हुँदा निजको प्राविधिक बोलपत्र मूल्याङ्कन गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

यस कार्यालयबाट जारी गरिएको Single Stage Two Envelope System को Standard Bid Document को ITB 25.1 मा प्राविधिक बोलपत्र र आर्थिक बोलपत्र एकै खाममा राखेको अवस्थामा उक्त बोलपत्रलाई अस्वीकार गरिने भनी स्पष्ट व्यवस्था भएकोले थप राय दिन आवश्यक नदेखिएको ।

मिति : २०७३।११।१७

**राय परामर्श माग गर्ने निकाय** : खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, कञ्चनपुर ।

**राय माग गरिएको बिषय :**

मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी सारभुतरूपमा प्रभावग्राही २ गोटा बोलपत्रहरूलाई तुलनात्मक चार्ट बनाई हेर्दा सगरमाथा, भिमेश्वर, एशियन जे.भि. को ५४.६२% ले घटी देखियो । जम्मा निर्माण कार्यको कुल ल.ई. रु. २५३११५७४।- (भ्याट बाहेक) रहेको र हाल उक्त निर्माण व्यवसायीलाई आशयपत्र जारी गरी ठेक्का सम्झौता गर्न आउने पत्र पठाएको अवस्था रहेको छ र बोलपत्र आव्हान हुँदा e-bidding बाट नै गरीएको तर डबल खाम प्रणली अवलम्बन नगरीएकोले ठेक्का पट्टा सम्झौता गरी प्रकृया अगाडि बढाउन मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद (चौथो संशोधन) नियमावली, २०७३ को नियम १ (२) मा "यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ" भन्ने स्पष्ट रूपमा उल्लेख भएकाले थप राय दिन आवश्यक नदेखिएको ।

मिति : २०७३।११।१७

**राय परामर्श माग गर्ने निकाय** : भूमिगत जल सिंचाइ विकास डिभिजन कार्यालय, सर्लाही ।

**राय माग गरिएको बिषय :**

१) प्रथम पटक प्रकाशित सूचना बमोजिम पेश हुन आएको दरभाउपत्रले दोश्रो पटक पनि निरन्तरता पाउने वा उक्त दरभाउपत्रदाताले नयाँ खरिद गरि पुन पेश गर्नुपर्ने ?

२) पेश हुन आएको दरभाउपत्रले निरन्तरता पाएमा बैंक जमानी पत्रको थप गर्नुपर्ने समय सिमा सम्बन्धमा के गर्ने ?

३) प्रथम पटक प्रकाशित सूचना बमोजिम पेश हुन आएको दरभाउपत्र दोश्रो पटक निरन्तरता दिने अवस्था नभएमा दरभाउपत्रदाताले सक्कल बैंक जमानीपत्र माग गर्न आएमा उपलब्ध गराउन मिल्ने वा नमिल्ने ? माथि उल्लेखित विषय प्रष्ट नहुँदा पुन दरभाउपत्र प्रकाशन गर्न समस्या भएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ८४ मा पुनः सिलबन्दी दरभाउपत्र आव्हान गर्दा पहिले दाखिला भएका बोलपत्रलाई निरन्तरता दिने कुरा उल्लेख नभएकोले पहिले पेश भएका सिलबन्दी दरभाउपत्र सम्बन्धित सिलबन्दी दरभाउपत्रदातालाई फिर्ता गरि पुनः सिलबन्दी दरभाउपत्र आव्हान गर्ने ।

मिति : २०७३।११।१८

**राय परामर्श माग गर्ने निकाय** : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

निर्धारित समयमा प्राप्त भई खोलिएको ३ वटा बोलपत्रहरू मध्ये International Business Network P.Ltd and Astrophysics INC (Consorirtium) ले पेश गरेको Bid Security पत्रको व्यहोरामा Bid Validity Period भन्दा २८ दिन पछि सम्म कायम रहने भनि उल्लेख भएको तर बैंक जमानतको Expiry Date 02 May 2016 हुनेछ भनी उल्लेख गरिएकोले सोही नम्बर र मितिको पत्रबाट Expiry Date भुलबस 02 May 2016 हुन गएको हुँदा 02 May 2017 कायम गरिएको र सिलबन्दी प्रस्तावमा पेश भएको बैंक जमानतको Expiry Date त्रुटी (Error) भएको भनी बोलपत्र खोलिसकेपछि अर्कोपत्रबाट संशोधन गरी प्राप्त भएको उक्त बोलपत्र जमानतलाई रित पूर्वक मान्न मिल्ने वा नमिल्ने ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ६७ (१)(ख) अनुसार नेपाल सरकार र दातृ पक्ष बीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेन्ट गाईडलाइन्स) अनुरुप खरिद गर्नुपरेमा सोही बमोजिम हुने ।

मिति : २०७३।११।१९

**राय परामर्श माग गर्ने निकाय** : राष्ट्रिय सतर्कता केन्द्र, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

प्रस्ताव आव्हान सम्बन्धी कागजातको Information to Technical Auditors/Forms को बुँदा नं.१२.२ र मिति २०७३।०९।१८ मा प्रकाशित सूचनाको बुँदा नं. ५ बमोजिम आ.व. २०७२।०७३ को कर चुक्ता प्रमाण पत्र संलग्न नराखी प्रस्ताव पेश गरेको हुँदा मूल्याङ्कनमा सहभागी नगराइएकोमा प्रस्तावदाता साप वाटर एण्ड इनर्जी डेभलोपर्स प्रा.लि. ले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (२) (घ) अनुरुप नभएको भनी ऐनको ४७ बमोजिम निवेदन दिएको हुनाले के गर्ने?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (२) को खण्ड (घ) मा स्पष्ट व्यवस्था भएकोले थप राय दिन नपर्ने ।

मिति : २०७३।११।१९

**राय परामर्श माग गर्ने निकाय** : नेपाली सेना, जङ्गी अड्डा, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

राशन सिदा आपूर्ति गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र नियमावली, २०६४ को नियम ९० मा ठेक्का सम्झौता भंग भएको अवस्थामा आपूर्तिकर्ताबाट खरिद सम्झौताको शर्त बमोजिम राशन आपूर्ति सूचारु हुन नसकेको र राशन उपभोग गर्ने बारे व्यवस्था नभएको साथै सो समस्या समाधानका लागि सरकारी रकमबाट खरिद गर्ने र सम्झौता उलंघन गर्ने आपूर्तिकर्ताबाट सो रकम असुल गरी राजस्व दाखिला गर्ने सम्बन्धमा ।

**राय परामर्श :**

राशन आपूर्ति सुचारु हुन नसकेको र खरिद सम्झौता समेत भंग भइ नसकेको उल्लेख भएको हुँदा सम्झौता कार्यान्वयनमा जोड दिनुपर्ने विषय देखिन्छ, सम्झौता उलंघन भएको अवस्था र सम्झौता भगं भएको अवस्थामा मात्र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९० आकर्षित हुने ।

मिति : २०७३।११।१९

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला प्रहरी कार्यालय, धनुषा ।

**राय माग गरिएको बिषय :**

कार्यालयको आफ्नै परिसरमा नँया निर्माण हुने ब्यारेक भवन तथा मातहतमा रहेको सिमा प्रहरी चौकी लग्मा धनुषाको भवन तथा शौचालयको निर्माण सम्बन्धमा सार्वजनिक खरिद नियमावलीको नियम ३१ ङ (२) बमोजिम बोलपत्र आव्हान गरि मिति २०७३।११।१८ गते नियम ५९.१ बमोजिम प्राविधिक प्रस्तावहरूको खाम मात्र खाली परिक्षणको क्रममा प्राविधिक प्रस्तावहरूसंग माग गरे बमोजिमको बैंक जमानत संलग्न नरहेकोमा सोहि बमोजिम खोलुवा मुचुल्का तयार गरिएको तर बोलपत्रदाताहरूका प्रतिनिधिहरूबाट माग गरे बमोजिमको बैंक जमानत आर्थिक प्रस्तावको छुट्टै शिलबन्दी खाममा रहेको भनि मुल्याङ्कन समितिमा जानकारी गराएको सम्बन्धमा उक्त प्रस्तावहरूलाई आर्थिक मूल्याङ्कनको लागि सारभूत रूपमा प्रभावग्राहि बोलपत्र मानिने वा नमानिने ?

**राय परामर्श :**

यस कार्यालयबाट जारी गरेका Single Stage Two Envelope Procedure को Standard Bid Document Bid Price मा कुन कुन कागजात रहने भन्ने स्पष्ट रूपमा उल्लेख भएको र सो बमोजिम भए नभएको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ बमोजिम तहाँ कार्यालयबाटै परिक्षण हुन ।

मिति : २०७३।११।१९

**राय परामर्श माग गर्ने निकाय :** बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, चित्तवन ।

**राय माग गरिएको बिषय :**

Branchytherapy Machine 1 Unit खरिद सम्बन्धमा आवेदन दिएका दुईवटा फर्महरू मध्ये एक कम्पनीले USD मा Price कोड गरिएको, बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल मूल्याङ्कन समितिले दुईवटा कम्पनीहरू मध्ये कुनै एक कम्पनीलाई सिफारिस नगरेको कारण निर्णय गर्न ढिलाई भएको र दुई कम्पनीहरू मध्ये कुनै एक कम्पनी सिफारिस भएमा कानूनी रूपमा ठिक हुन्छ वा हुदैन?

**राय परामर्श :**

बोलपत्र मूल्याङ्कन समितिले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६६ बमोजिम बमोजिम मूल्याङ्कन गरी सारभूत रूपमा न्युन मूल्याङ्कित बोलपत्र छनौट गरी प्रतिवेदन पेश गर्नुपर्ने र बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्र कागजातमा उल्लेखित शर्त बमोजिम गर्नुपर्नेछ ।

मिति : २०७३।११।२३

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला निर्वाचन कार्यालय, म्याग्दी ।

**राय माग गरिएको बिषय :**

बोलपत्र सूचना प्रकाशन गरिसकेपछि मात्र web portal बारेमा जानकारी हुन आएकोले e-bidding को लागि यस कार्यालयको आफ्नै web portal नभएको अवस्थामा भवन डिभिजन कार्यालय, बाग्लुङको web portal कायम राखि खरिद प्रकृया अगाडि

बढाउन सकिने हो या कार्यालयले उक्त सूचना रद्द गरेर आफ्नै पोर्टल दर्ता गरी पुनः बोलपत्र सूचना प्रकाशित गर्नुपर्ने हो भनी द्विविधा भएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ६९ (१) मा सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद ऐनको दफा ६९ को प्रयोजनको लागि एउटा मात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्नेछ भनी उल्लेख भए अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सञ्चालित विद्युतीय खरिद प्रणालीबाट मात्रै खरिद प्रकृया अगाडि बढाउनु पर्ने ।

मिति : २०७३।११।२३

**राय परामर्श माग गर्ने निकाय** : राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्रको सूचना प्रकाशन हुनु भन्दा अगावैको मितिमा जम्मा गरेको जमानत बोलपत्र स्वीकृत प्रकृयामा मान्य हुने वा नहुने भन्ने विषय सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा स्पष्ट व्यवस्था भएको नपाईएको हुनाले ।

**राय परामर्श :**

बोलपत्र आव्हान भईसकेपछि सो बोलपत्रको प्रयोजनका बोलपत्र जमानत प्राप्त भएको हो, होइन? एकिन गरी निर्णय गर्न उपर्युक्त हुने ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय** : कोष तथा लेखा नियन्त्रक कार्यालय, कास्की ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५(३) बमोजिम सन्तोषजनक नभएकोले निजको बोलपत्र अस्वीकृत गरी लागत अनुमान भन्दा ३१.३४ प्रतिशत कम अंक कबोल गरी पेश गर्ने दोस्रो बोलपत्रदाता मोनालिसा निर्माण सेवा पोखरा ६, कास्कीलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (१) बमोजिम स्वीकृतिका लागि छनौट गरी प्रतिवेदन पेश हुन आएको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम मिति २०७३।१०।०३ गते दोस्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना समेत यस कार्यालयबाट प्रकाशित गरिएको र निज ६१.९९ प्रतिशत घटी कबोल गरी अस्वीकृत भएको जे.के.निर्माण सेवा, पोखरा १७, कास्कीको धरौटी जफत गर्नुपर्ने हो वा होइन या अन्य कुनै जरिवाना वा कारवाहि गर्नुपर्ने हो वा होइन ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २५ अनुसार बोलपत्र परिक्षण र मूल्याङ्कन गर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ बमोजिम विशेष मूल्याङ्कन गरी एकिन गर्ने विषय समेत सार्वजनिक निकायकै दायित्व भित्र पर्ने हुँदा सोही अनुसार एकिन गर्ने ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय** : गुठी संस्थान, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

जग्गा भू-बहालमा लगाउन सूचना प्रकाशित भई प्राप्त हुन आएका बोलपत्रहरूमध्ये मूल्याङ्कन समितिको बैठकबाट छनौटमा परेका व्यक्ति बोलपत्र सम्झौता (करार) हुनु अगावै मृत्यू भएको अवस्थामा निजको बोलपत्र अस्वीकृत गरी धरौटी फिर्ता गर्ने र दोश्रो बढी रकमको बोलपत्र स्वीकृति गर्न मिल्ने, नमिल्ने ?

**राय परामर्श :**

जग्गा भाडामा लगाउने विषय सार्वजनिक खरिदको विषय नभएकोले सो सम्बन्धमा यस कार्यालयबाट राय प्रदान गर्न नसक्ने ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय** : कृषि विकास बैंक लिमिटेड, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बैंकको अचल सम्पत्ति व्यवस्थापन कार्यविधि, २०६८ मा उल्लेख भए अनुसार संस्था तथा कम्पनीको बोलपत्रको हकमा VAT, PAN मा दर्ता नभएका संस्थाहरूको बोलपत्र अस्वीकृत गर्नुपर्ने छ भनी उल्लेख भएकोले बोलपत्र सूचनामा कम्पनी तथा संस्थाको लागि VAT, PAN मा दर्ता भएको प्रमाण पेश गर्नुपर्ने र व्यक्तिका हकमा नागरिकता पेश गर्नुपर्ने उल्लेख गरिएको र हाल मूल्याङ्कन गर्दा व्यक्तिगत बोलपत्रमा समेत VAT, PAN मा दर्ता हुनुपर्ने, नपर्ने द्विविधा भएकोले VAT, PAN मा दर्ता नभएको व्यक्तिगत बोलपत्रलाई सारभूतरूपमा प्रभावग्राही हुने, नहुने ?

**राय परामर्श :**

जग्गा लिलाममा लगाउने विषय सार्वजनिक खरिदको विषय नभएकोले सो सम्बन्धमा यस कार्यालयबाट राय प्रदान गर्न नसक्ने ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय** : मेचीनगर नगरपालिका कार्यालय, झापा ।

**राय माग गरिएको बिषय :**

कार्यालयबाट बोलपत्र आव्हानको सूचना अनुसार म्यादभित्र E-Bid मार्फत पर्न आएको बोलपत्रदाताले बोलपत्रमा Mandatory Document भनि उल्लेख भएको Letter of Bid कागजात बोलपत्र फाराममा उल्लेख नगरेको, पछि ७ दिन भित्र Hard Copy बुझाउनुपर्ने समयमा Letter of Bid कागजात बुझाएको हुँदा उक्त बोलपत्रलाई मूल्याङ्कन प्रकृयामा समावेश गर्न मिल्ने, नमिल्ने ?

**राय परामर्श :**

यस कार्यालयबाट जारी गरेको निर्माण कार्यका बोलपत्र सम्बन्धी कागजातको ITB 21.1 मा Bidders Submiting Bids Electronically मा e-bid Submission मा Letter of Bid लाई “Mandatory” गरेकोले e-bid गर्दा "Letter of Bid upload" नगरेकोमा बोलपत्रलाई Non-responsive Bid मानिने ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय** : वीरगंज उपमहानगरपालिका कार्यालय, वीरगंज ।

**राय माग गरिएको बिषय :**

जन सहभागितामा आधारित सौर्य सडक बत्ति जडान कार्यक्रम सम्बन्धी आपूर्तिकर्ता छनौट गर्ने वारेको बोलपत्र सूचना अनुसार प्राप्त हुन आएका ३ थान बोलपत्रहरू सूचनाको शर्तहरूको बुँदा नं. ८ मा उल्लेख भए अनुसार आर्थिक तथा प्राविधिक प्रस्तावहरू छुट्टाछुट्टै खाममा राखि एउटै खाममा शिलबन्दी गरी पेश गर्नुपर्ने उल्लेख रहेकोमा प्राप्त ३ वटै बोलपत्रहरूको आर्थिक र प्राविधिक प्रस्तावहरू अलग अलग खाममा नभई एकै ठाउँ एउटै खाममा राखि पेश हुन आएको व्यहोरा बोलपत्र खोल्दा देखिन आएकोले उक्त बोलपत्रहरूको प्रकृया अगाडि बढाउने वा वदर गर्ने के उचित हुने ?

**राय परामर्श :**

सौर्य सडक बत्ति आपूर्तिको विषय परामर्श सेवा खरिदको विषय भित्र नपर्ने र मालसामान खरिदमा प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै माग गर्ने कानूनी व्यवस्था नभएकोले सार्वजनिक खरिद ऐन नियम विपरीत नहुने गरी मात्र कार्यान्वयन गर्नुपर्ने ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय** : नेपाल ट्रष्टको कार्यालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

ट्रष्टको स्वामित्वमा रहेको काठमाडौं महानगरपालिका वडा नं.३१ कमलादी स्थित कित्ता नं.३२८२ को २-४-२-० रोपनी जग्गा ३० वर्षको लागि लिजमा दिनको लागि सिलबन्दी बोलपत्र माग आव्हान गरिएकोमा प्राप्त बोलपत्रहरूमध्ये प्राविधिक प्रस्ताव स्वीकृत भई आर्थिक प्रस्तावको मूल्याङ्कनमा समावेश भएका पार्टीहरूको लिज डकुमेण्टमा आर्थिक प्रस्तावमा उल्लेख हुनुपर्ने भनि तोकिएको summary of Lease offer मा (A) Total Building Construction costs (B) Total Amenities and Services Installation Costs and (C) Total Lease Amount Offered to Pay on Incremental basis मध्ये आर्थिक प्रस्तावमा (C) Total Lease Amount Offered to Pay on Incremental basis मात्र संलग्न गरी (A) र (B) मा उल्लेखित कागजात संलग्न नगरेको बोलपत्रलाई लिज प्रतिस्पर्धामा संलग्न गराउन नियम संगत रहन्छ वा रहदैन, लिज

प्रतिस्पर्धामा Lease Offer मा उल्लेखित तिनै (३) प्रकारका कागजात संलग्न हुनुपर्छ वा तिन प्रकारका कागजातमध्ये कुनै एकमात्र उल्लेखित विवरण भरेको कागजात रहेपनि नियम संगत हुन्छ वा हुदैन ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ (१)(ङ) अनुसार यस कार्यालयले सार्वजनिक खरिद ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिकामा उल्लेखित कुनै कुराका सम्बन्धमा मात्र राय दिने हुँदा जग्गा लिजमा दिने विषयको राय यस कार्यालयको क्षेत्राधिकार भित्र नपर्ने ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय** : नापी विभाग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

विभागबाट Branded Desktop Computer खरिद सम्बन्धी बोलपत्र आव्हान भई निर्धारित मिति भित्र ८ वटा बोलपत्रहरू दर्ता भएकोमा उक्त बोलपत्रहरू मूल्याङ्कन समितिमा मूल्याङ्कनका लागि पेश भई समितिबाट बोलपत्रहरूको परिक्षणको क्रममा देहाय बमोजिम अवस्था देखिन आएको हुँदा उक्त बोलपत्रदाता म्याक्स इन्टरनेशनल, पुतलीसडक, काठमाडौंको बोलपत्रमा बोलपत्रदाताले कबुल गरेको बोल अंकमा उक्त ७ प्रतिशत छुटलाई गणना गर्ने, नगर्ने भन्नेमा द्विविधा हुन गएको हुँदा यस अवस्थामा के गर्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २५ अनुसार बोलपत्र परिक्षण र मूल्याङ्कन गर्ने दायित्व सार्वजनिक निकायकै भएको हुँदा सोही अनुसार एकिन गर्ने । यस कार्यालयले मिति जुलाई २०१० मा जारी गरेको नमूना कागजात NCB Goods को ITB Clause 27.3 मा छुट (Discount) लाई मूल्याङ्कन गर्ने आधार बारे स्पष्ट उल्लेख गरेको हुँदा उक्त बुँदालाई समेत दृष्टिगत गरी एकिन गर्ने ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय** : गरिबी निवारण कोष, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

कोषमा प्रयोग कम्प्यूटर, ल्यापटप, प्रिन्टर, फ्याक्स, टेलिफोन जस्ता उपकरणहरूको मर्मत संभारका लागि सूचना प्रकाशन गरि कोटेशन आव्हान गरेकोमा उक्त आव्हान बमोजिम ९ वटा फर्मले कोटेशन फाराम खरिद गरेको र ४ वटाबाट मात्र कोटेशन दर्ता हुन आएको साथै Price Schedule फर्ममा Quantity Input र Rate गुणन गरि जम्मा रकम पेश गर्नु पर्नेमा एउटा फर्मले इकाई दरमा नै जम्मा रकम गरि कोटेशन पेश गरेकोले कोटेशन मूल्याङ्कनमा अफ्ठेरो उत्पन्न भएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २५ अनुसार बोलपत्र परिक्षण र मूल्याङ्कन गर्ने दायित्व सार्वजनिक निकायकै भएको हुँदा सोही अनुसार एकिन गर्ने ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय** : नेपाली सेना, जङ्गी अड्डा, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

आपूर्तिकर्ताले उपलब्ध गराएको र युनिटले बजार खरिद गरेको राशन आईटमहरूको परिमाण अलग अलग महलमा खुलाई भुक्तनी गर्दा व्यारेकले अशुल उपर गर्नुपर्ने रकमको व्यारेकको नाममा र आपूर्तिकर्ताले पाउने रकमको आपूर्तिकर्ताको नाममा छुट्टाछुट्टै चेक बनाई भुक्तानी गर्न मिल्ने, नमिल्ने ? साथै आपूर्तिकर्ताको आपूर्ति नगरी हर्जाबाधा पारेको राशन सामग्रीहरू बजार खरिद गरी उपभोग गरेकोमा अशुल उपर गरिने रकमको भुक्तानीमा मु.अ.कर थप गर्ने, नपर्ने ?

**राय परामर्श :**

राय परामर्श माग गरिएको विषय सार्वजनिक खरिद ऐन वा यस ऐन अन्तर्गत वनेको नियम निर्देशिकामा उल्लिखित कुनै कुराको दुविधाको विषय भन्दा पनि भुक्तानी र हर्जाना अशुल उपर गर्नुपर्ने विषय देखिएको हुँदा यस विषयमा खरिद सम्झौतामा उल्लेख भए अनुसार सार्वजनिक निकाय आफैले एकिन गरी कार्यान्वयन गर्न उपयुक्त हुने ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय** : बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवन ।

**राय माग गरिएको बिषय :**

Brachytherapy Machine 1 Unit खरिद सम्बन्धमा आवेदन दिएका दुईवटा फर्महरू मध्ये एक कम्पनीले USD मा Price कोड गरेको पाइयो, वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल मूल्याङ्कन समितिले दुईवटा कम्पनीहरू मध्ये कुनै एक कम्पनीलाई सिफारिस नगरेको कारण निर्णय गर्न ढिलाई भएको र दुई कम्पनी मध्ये कुनै एक कम्पनी सिफारिस भएमा कानूनी रूपमा ठिक हुन्छ वा हुदैन ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २५ अनुसार परिक्षण र मूल्याङ्कन गर्न दायित्व सार्वजनिक निकायकै भएको हुँदा सोही अनुसार एकिन गर्न उपयुक्त हुने ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय** : नेपाल प्रहरी अस्पताल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

(१) साझा स्वास्थ्य सेवा संस्था लिमिटेडलाई सार्वजनिक निकायको रूपमा लिन सकिन्छ, सकिदैन ? (२) सार्वजनिक निकायको रूपमा लिन सकिन्छ भने सार्वजनिक खरिद नियमावलीको नियम ८५ को ५ (क) अनुसार उक्त सहकारी संस्थासंग औषधीजन्य सामान सोझै खरिद गर्दा उक्त नियमावलीको १ (क) अनुसार एक आर्थिक वर्षमा २० लाख सम्मको सिमा भित्र रहनु पर्ने वा सो भन्दा बढी रकमको औषधीजन्य सामान सिधै खरिद गर्न सकिन्छ, सकिदैन ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को (ख) को २ ,६ र ७ को परिभाषा भित्र पर्ने सार्वजनिक निकायको हकमा ऐनको दफा ४१ (१) को (घ१) अनुसार एक सार्वजनिक निकायले अर्को सार्वजनिक निकायसंग कुनै खरिद गर्नु परेमा सोझै खरिद गर्न सक्ने व्यवस्था रहेको र यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) मा २० लाख रुपैंया सम्मको औषधीजन्य मालसामान सोझै खरिद गर्न सक्ने व्यवस्था सोही नियम ८५ (१ख) को प्रतिवधात्मक व्यवस्थाको अधिनमा रहि कार्यान्वयन गर्न सकिने ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय** : जनसंख्या तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० बमोजिम आशयपत्र माग गरिएकोमा त्रिभुवन विश्वविद्यालय जनसंख्या अध्ययन केन्द्रिय विभागबाट आशयपत्र पेश भएकोले आर्थिक ऐन, २०६३ को अनुसूचि १ को मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ (३) संग सम्बन्धित कर छुट हुने वस्तु तथा सेवाहरू अन्तर्गत भाग ६ मा विद्यालय, विश्वविद्यालयहरूबाट हुने अनुसन्धान सम्बन्धी कार्यहरू तथा वस्तु वा सेवाको कारोबारमा कर लाग्ने छैन भनी उल्लेख भएको हुँदा यस मन्त्रालयबाट माग भए बमोजिम आशयपत्र पेश गर्ने सोही विभागले प्रचलित कानून अनुसार मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने हो वा होइन ?

**राय परामर्श :**

पेश भएको विषयमा नियम १९ (२) (ख) मा मूल्य अभिवृद्धि कर नलाग्ने मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त नगरेका व्यक्ति, फर्म, संस्था वा कम्पनी समेत खरिद गर्न सकिने प्रावधान रहेकोले व्यहोरा स्पष्टै भएको ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय** : डिभिजन सडक कार्यालय, काठमाडौं-१ ।

**राय माग गरिएको बिषय :**

कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन गर्ने क्रममा ईविड मार्फत पेश भएका बोलपत्रहरू upload गर्दा सम्बन्धित निर्माण व्यवसायीहरूबाट Line of Credit सम्बन्धी ठेक्कामा upload नगरी एक अर्को ठेक्कामा cross upload गरेको पाइएको सन्दर्भमा बोलपत्र आव्हानको सूचना एउटै भएको र निर्माण व्यवसायी पनि एउटै परेको कारणले एक अर्कोमा cross upload गरेको हुँदा मूल्याङ्कनको लागि समावेश गर्न सकिने वा नसकिने ?

**राय परामर्श :**

प्रस्तुत बोलपत्रको सूचना तथा e-bid सम्बन्धी कुनै पनि कार्य यस कार्यालयबाट संचालित विद्युतीय खरिद प्रणाली प्रयोग गरी गरेको नदेखिएकोले सो सन्दर्भमा कुनै राय दिन नसकिने ।

e-bid को लागि प्रयोग गरिने अन्य कार्यालयको विद्युतीय खरिद प्रणाली बारे यस कार्यालयलाई जानकारी नहुने र यस कार्यालयबाट संचालित विद्युतीय खरिद प्रणाली प्रयोग गरेको अवस्थामा मात्र राय दिन मिल्ने ।

मिति : २०७३।११।३०

**राय परामर्श माग गर्ने निकाय :** सिंचाइ विकास डिभिजन, दोलखा ।

**राय माग गरिएको बिषय :**

EGP II Phase System लागु भइसकेको सन्दर्भमा Hard Copy Bidding गर्ने कि नगर्ने भन्ने द्विविधा उत्पन्न भएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) बमोजिम "सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रकृयामा विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सक्नेछ" भनी स्पष्ट उल्लेख भएको साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५(१) (ख) को अधिकार प्रयोग गरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको "विद्युतीय खरिद प्रणाली सञ्चालन मार्गनिर्देशिका, २०७३ को ३४(१) अनुसार" यो प्रणालीको प्रयोग गरी अनलाइन खरिद गर्ने सार्वजनिक निकाय वा बोलपत्रदाता वा प्रस्तावदाता वा आपूर्तिकर्ताले यस प्रणालीको मात्र प्रयोग गरी खरिद कारवाहीमा भाग लिन सक्नेछन्" भनी व्यवस्था भएकाले e-GP Phase II प्रणाली मार्फत खरिद कारवाही गर्दा खरीद कार्यको सबै प्रकृयामा विद्युतीय खरिद प्रणाली मात्रको प्रयोग गर्न सकिने ।

मिति : २०७३।१२।०८

**राय परामर्श माग गर्ने निकाय :** वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय, नयाँ बानेश्वर, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (२) (ग) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१(६) मा फरक कुरा देखिएकोले न्यून दररेट रकम कबोल गरेता पनि मनकामना एडभरटाइजिङ्ग एजेन्सीको दररेट स्वीकृत गर्ने वा नगर्ने ?

**राय परामर्श :**

बोर्डको आफनै धरौटी र राजस्व खाता भएको अवस्थामा राजस्व खाताबाट धरौटी खातामा स्थानान्तर गरेको एकिन गरी प्रकृया अगाडि बढाउनु ।

मिति : २०७३।१२।१०

**राय परामर्श माग गर्ने निकाय :** मध्य पश्चिमांचल क्षेत्रीय अस्पताल, सुर्खेत ।

**राय माग गरिएको बिषय :**

सिलबन्दी दरभाउपत्र साथ दर्ता भएको जमानी पत्रको मिति २ दिन अगाडिको रहेकोले सो बैंक जमानी सम्बन्धमा सम्बन्धित बैंकसँग जानकारी माग गर्न मिल्ने वा नमिल्ने? बैंकबाट सशोधन जमानत पत्र प्राप्त भएमा दरभाउपत्रलाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने नमिल्ने?

**राय परामर्श :**

बैंक जमानी पत्रमा उल्लेखित मिति सम्बन्धमा बैंकसँग एकिन गर्नुपर्ने बिषय भए एकिन गर्न बाधा नपर्ने ।

मिति : २०७३।१२।१०

**राय परामर्श माग गर्ने निकाय :** नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०७३ को दफा ९४ (१) (च) मा पन्ध्र प्रतिशत देखि माथिको भेरिएशन आदेश सो निकायले सर्वोच्च कार्यकारी निकायले जारी गर्न सक्नेछ भन्ने व्यवस्था भएकोमा नेपाल विद्युत प्राधिकरणको हकमा पन्ध्र प्रतिशतभन्दा माथिको भेरिएशन आदेश जारी गर्नुपर्दा सञ्चालक समिति वा संस्था प्रमुख (कार्यकारी निर्देशक) मध्ये कसले सो अधिकार प्रयोग गर्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०६३ को दफा ५४ (१) (च) मा दफा २ को खण्ड (ख) को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकायको हकमा पन्ध्र प्रतिशत देखि माथिको भेरिएशन सो निकायको सर्वोच्च कार्यकारी निकायले सोही दफाको उपदफा (२) को अधिनमा रहि भेरिएशन आदेश जारी गर्न सक्ने उल्लेख भएकोले सोही अनुसार कार्यान्वयन गर्नुपर्ने ।

मिति : २०७३।१२।१०

**राय परामर्श माग गर्ने निकाय** : स्थानिय पूर्वाधार विकास तथा कृषि सडक विभाग, ललितपुर ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ङ को उपनियम (४) मा प्राविधिक प्रस्ताव खोली सारभूत रूपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्ने तथा उपनियम (५) मा योग्यताका सबै आधारमा सफल हुने बोलपत्रको आर्थिक प्रस्ताव खोल्नुपर्ने प्रावधान भएकोमा प्राविधिक प्रस्ताव मूल्याङ्कनका लागि आवश्यक पर्ने कागजातहरू Joint Venture Agreement, Letter of Technical Bid का लागि उक्त खाम खोल्दा Letter of Price Bid सार्वजनिक हुने भएकोले सो खामलाई नखोलि सबै प्रतिनिधिहरूको रोहवरमा अर्को खाममा सिलबन्दी गरी लाहाछाप समेत गरी राखिएकोमा प्राविधिक प्रस्तावको मूल्याङ्कनको क्रममा सो खामलाई के गर्ने भन्ने विषयमा द्विविधा भएको ।

**राय परामर्श :**

प्राविधिक प्रस्तावको मूल्याङ्कनमा उतिर्ण भई छनौट भएका बोलपत्रदाताको मात्र आर्थिक प्रस्ताव खोलिने हुँदा सोही प्रकृयाको अधिनमा रही आर्थिक प्रस्ताव खोल्ने समयमा मात्र Letter of Price Bid भएको खामसंगै खोल्न उपयुक्त हुने ।

मिति : २०७३।१२।१०

**राय परामर्श माग गर्ने निकाय** : क्षेत्रीय आयुर्वेद चिकित्सालय, दाङ्ग ।

**राय माग गरिएको बिषय :**

निर्माण व्यवसायीहरूबाट दर्ता हुन आएका बोलपत्रहरू निम्नानुसारको बैक ग्यारेन्टी तथा बोल कबोल अंक पेश भएकोमा रु. २० लाख भन्दा माथिको बोलपत्रको सूचना प्रकाशित गर्दा, बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिनको म्याद भएको बैंक ग्यारेन्टी माग गर्नुपर्नेमा ७५ दिनको मात्र माग भएको र सबै भन्दा कम अंक कबोल गर्ने निर्माण व्यवसायी श्री विश्वकर्मा निर्माण सेवा, दाङ्गबाट ८८ दिनको मात्र म्याद भएको बैंक ग्यारेन्टी पेश भएको हुँदा समयाभावले अर्को सूचना प्रकाशित गरी कार्य सम्पन्न गर्न नसकिने अवस्था भएकोले यहि बोलपत्र स्वीकृतिको लागि के गर्न सकिन्छ ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५४ (क) मा दश करोड रुपैयाँ सम्म लागत अनुमान भएको बोलपत्र वा परामर्श सेवाको प्रस्तावको लागि ९० दिन बोलपत्र मान्य हुने अवधि चाहिने र सोही नियमावली को नियम ५३ (२) मा बोलपत्र जमानतको मान्य अवधि बोलपत्रको मान्य अवधि भन्दा कम्तीमा ३० दिन बढीको हुनुपर्ने स्पष्ट रूपमा उल्लेख भएको हुँदा सोही अनुसार कार्यान्वयन गर्नु पर्ने अन्यथा उल्लेख भएको नियम संगत नदेखिने ।

मिति : २०७३।१२।१०

**राय परामर्श माग गर्ने निकाय** : मध्य पश्चिमांचल क्षेत्रीय अस्पताल, सुर्खेत ।

**राय माग गरिएको बिषय :**

मिति २०७३।१०।१० गते सिलबन्दी दरभाउपत्र साथ दर्ता भएको जमानी पत्रको मिति २ दिन अगाडिको रहेकोले सो बैंक जमानी सम्बन्धमा सम्बन्धित बैंकसंग जानकारी माग गर्न मिल्ने वा नमिल्ने ? बैंकबाट संशोधन जमानत पत्र प्राप्त भएमा दरभाउपत्रलाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

बैंक जमानी पत्रमा उल्लेखित मिति सम्बन्धमा बैंकसंग एकिन गर्नुपर्ने विषय भए एकिन गर्न वाधा नहुने ।

मिति : २०७३।१२।१०

**राय परामर्श माग गर्ने निकाय** : मिथिला नगरपालिका कार्यालय, धनुषा ।

**राय माग गरिएको बिषय :**

ठूला पूर्वाधार कार्यक्रमको ढल्केवर विश्वकर्मा चौक पक्की सडक निर्माणका लागि माग गरेको बोलपत्रहरू मूल्याङ्कन गर्दा सबै भन्दा कम आर्थिक प्रस्ताव भएको जय गणेश निर्माण सेवा जनकपुर-७ को बोलपत्रमा निजले Bill of Quantity Sheet मा दररेट उल्लेख गरी उक्त सिटको तल नोटमा उल्लेखित दररेटमा ७ प्रतिशत बढीमा काम गर्नेछु भनी लेखेको र सोही विड डकुमेन्टको लेटर अफ विड पानामा पनि कुल अंक ८२,८३,९५३।५० को २० प्रतिशत घटीमा कामकाज गर्नेछु भनि उल्लेख गरेको हुँदा यी दुवै सिट मध्ये कुनलाई आधारमानी निर्णय गर्ने सो कुरामा द्विविधा भएको ।

**राय परामर्श :**

एउटै बोलपत्र कागजातमा बोल अंकको ७ प्रतिशत बढी र २० प्रतिशत घटीमा काम गर्ने उल्लेख हुनु र बोलपत्र खोलेको मुचुल्कामा केरमेट सहित ७ प्रतिशत बढीको मात्र उल्लेख भएको देखिदा द्विविधायुक्त विषयलाई आधार मानी मूल्याङ्कन गर्न औचित्यपूर्ण नहुने । बोलपत्र कागजात र मुचुल्कामा उल्लेख भएको विषय कसरी फरक भयो भन्ने विषयमा समेत आन्तरिक छानवीन गर्न त्यस कार्यालयको ध्यानाकर्षण समेत गरिएको छ ।

मिति : २०७३।१२।१३

**राय परामर्श माग गर्ने निकाय :** डिभिजन सडक कार्यालय, मोरङ्ग ।

**राय माग गरिएको बिषय :**

Two Envelope Bidding Procedure बाट ठेक्का आव्हान गरिएकोले ITB 21 अनुसार Technical Bid एउटा खाममा सिल भरि र Financial Bid अर्को खाममा सिल गरि "सिल गरिएका Technical Bid तथा सिल गरिएका Financial Bid लाई एउटा खाममा राखि सिल गरि दर्ता गराउनु पर्नेमा" केहि Bidder हरूले "सिल गरिएको Technical Bid तथा सिल गरिएको Financial Bid छुट्टा छुट्टै" (तर एकै दिन) दर्ता गर्ने अन्तिम समय २०७१।१२।११ गते १२ बजे भित्र दर्ता गराईएको पाईएकोले त्यसरी दर्ता भएका बोलपत्रहरूलाई मूल्याङ्कन कार्यमा समावेश गर्ने वा नगर्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को ३१ (ङ) मा स्पष्ट व्यवस्था भएकोले सोही बमोजिम गर्ने ।

मिति : २०७३।१२।१८

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला समन्वय समितिको कार्यालय, चितवन ।

**राय माग गरिएको बिषय :**

आन्तरिक आय खातामा दाखिला नभै नेपाल सरकारको केन्द्रीय राजस्व खातामा दखिला भएकोले (सूचनामा उल्लेख नभएको अवस्थामा) उक्त बोलपत्रलाई सूचनाका शर्त अनुकूल अर्थात ग्राहय बोलपत्र मान्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

बोलपत्र आव्हानको सूचना तथा बोलपत्र कागजातमा उल्लेख गरिएको कार्यालय र खातामा बाहेक अन्य कार्यालय र खातामा जम्मा गरिएको रकमलाई मान्यता दिन नमिल्ने ।

मिति : २०७३।१२।१८

**राय परामर्श माग गर्ने निकाय :** पशु प्रजनन कार्यालय, लाहान ।

**राय माग गरिएको बिषय :**

न्यूनतम कबोल अंक भएको बोलपत्रदाताले BOQ भर्दा बोलपत्रको सूचना अनुसार कबोल रकमको दररेट अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गरेकाले यस्तो अवस्थामा BOQ मा दररेट उल्लेख गर्दा अंकमा उल्लेख नगरेको र अक्षरमा उल्लेख गरेको तथा BOQ को दररेटमा अंक र अक्षर दुबै उल्लेख गर्नुपर्छ वा अंक र अक्षर मध्ये कुनै एक मात्र उल्लेख गरे हुन्छ ?

**राय परामर्श :**

BOQ मा अक्षरमा नलेखि अंकमा मात्र रकम उल्लेख गरिएको अवस्थामा मिलेमतो गरी सहजै अंकको अगाडि/पछाडि थप गर्न सकिने अवस्था हुने हुँदा Sub Total, Grand Total, Letter of Bid को उल्लेख भएको रकम समेतको Varification गरी तहाँ कार्यालयबाटै निर्णय गर्नुहुन ।

मिति : २०७३।१२।१८

**राय परामर्श माग गर्ने निकाय** : सिंचाइ विकास सब-डिभिजन कार्यालय, डोल्पा ।

**राय माग गरिएको बिषय :**

सिलबन्दी बोलपत्रबाट पर्न आएका २ वटा र ई बिडिङबाट पर्न आएका ५ वटा गरि जम्मा ७ वटा बोलपत्रहरू मध्ये ई बिडिङबाट पर्न आएका बोलपत्रदाताहरूको कबोल अंक सिलबन्दी बोलपत्रको कबोल अंक भन्दा कम भएको तर सात दिन भित्र सक्कल कागजातहरू पेश गर्नु पर्नेमा पेश नगरेकोले अब के गर्ने ?

**राय परामर्श :**

बोलपत्र सूचना तथा बोलपत्र कागजातमा उल्लेख भए बमोजिम गर्ने ।

मिति : २०७३।१२।१८

**राय परामर्श माग गर्ने निकाय** : विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सेवा करारमा रहेका तोकिएका कर्मचारीहरूबाट खरिदको संयोजक भई सो कार्य गर्न मिल्छ वा मिल्दैन ?

**राय परामर्श :**

सेवा करारमा रहेका कर्मचारीहरूलाई खरिदको संयोजकको जिम्मेवारी दिन उपयुक्त नहुने ।

मिति : २०७३।१२।२०

**राय परामर्श माग गर्ने निकाय** : जिल्ला प्राविधिक कार्यालय, पर्वत ।

**राय माग गरिएको बिषय :**

ठेक्का सम्झौता गर्दा, निर्माण व्यवसायीले लागत अनुमान भन्दा घटीमा बोलपत्र पेश गरेकाले, सार्वजनिक खरिद नियमावली संशोधन बमोजिम ५ प्रतिशत भन्दा थप कार्य सम्पन्न जमानत माग गरी सम्झौता गरिएकोमा, हाल निर्माण व्यवसायीले ५ प्रतिशतलाई यथावत राखी, सो भन्दा थप पेश भएको कार्य सम्पन्न जमानत फुकुवा गरी पाउँ भनी यस कार्यालयमा निवेदन दिएकोमा थप कार्य सम्पन्न जमानत फुकुवा गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ को उपदफा (२) (ढ १) अनुसार बोलपत्रदाताले लागत अनुमान भन्दा १५ (पन्ध्र) प्रतिशत सम्म कम अंक कबुल गरेमा कबुल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको ५० प्रतिशत हुन आउने रकम कबुल अंकको ५ प्रतिशतमा थप गरि कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था उल्लेख भएबाट कार्य सम्पादन जमानत रकम एकिकृत रूपमा राख्नु पर्ने स्पष्ट छ । तर्सथ कार्यसम्पादन जमानत रकमलाई त्रृटी सच्याउने अवधि समाप्त नभएसम्म टुक्राएर फुकुवा गर्न उपयुक्त नहुने ।

मिति : २०७३।१२।२०

**राय परामर्श माग गर्ने निकाय** : जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं.२०, बाँके ।

**राय माग गरिएको बिषय :**

बोलपत्र किताबको Section I (ITB) को दफा २१ मा Letter of Bid "Mandatory" भनिएको तर बोलपत्रको मूल्याङ्कन गर्दा Letter of Bid पाना पूर्णरूपमा नभरिएको देखिएकोले तसर्थ Letter of Bid लाई Mandatory मान्ने कि नमान्ने र उक्त बोलपत्रलाई सारभूत रूपमा प्रभावग्राही मान्ने कि नमान्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९ (४) (छ) मा बोलपत्र खोली मुचुल्का तयार गर्दा समेत बोलपत्र फाराम (लेटर अफ बिड) र मूल्य सूची (प्राइस सेड्युल) मा बोलपत्रदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए वा नभएको उल्लेख गर्नुपर्ने प्रावधान रहेको हुँदा उक्त विषय बोलपत्र मूल्याङ्कनमा समेत हेरी प्रभावग्राही भए नभएको एकिन गर्न उपयुक्त हुने ।

मिति : २०७३।१२।२०

**राय परामर्श माग गर्ने निकाय** : मत्स्य अनुसन्धान केन्द्र, कास्की ।

**राय माग गरिएको बिषय :**

चौकिदार घर निर्माणको लागि सिलबन्दी दरभाउपत्र आव्हान गर्दा तिन वटा मात्र सिलबन्दी दरभाउपत्र प्रस्ताव निर्धारित मितिमा पेश भई दरभाउ खोलिदा एक वटा दरभाउपत्रमा प्रस्तावको सही र छाप नभएको तथा दरभाउपत्र जमानत पनि अन्य कार्यालयको नाममा भै फरक भएकोले सो प्रस्ताव मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने साथै नमिल्ने भए बाँकी २ वटा प्रस्तावलाई आधार मानी निर्माण प्रकृया बढाउन मनासिव हुने वा नहुने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २५ अनुसार बोलपत्र परिक्षण र मूल्याङ्कन गरी एकिन गर्ने दायित्व सार्वजनिक निकायकै भएको हुँदा सोही अनुसार एकिन गर्ने ।

मिति : २०७३।१२।२०

**राय परामर्श माग गर्ने निकाय :** भूमिगत जल सिंचाइ विकास डिभिजन, सर्लाही ।

**राय माग गरिएको बिषय :**

(१) प्रथम पटक प्रकाशित सूचना बमोजिम पेश हुन आएको दरभाउपत्रको दोश्रो पटक पनि निरन्तरता पाउने वा उक्त दरभाउपत्रदाताले नयाँ खरिद गरि पुनः पेश गर्नुपर्ने ?

(२) पेश हुन आएको दरभाउपत्रले निरन्तरता पाएमा बैंक जमानी पत्रको थप गर्नुपर्ने समय सिमा सम्बन्धमा के गर्ने ?

(३) प्रथम पटक प्रकाशित सूचना बमोजिम पेश हुन आएको दरभाउपत्र दोश्रो पटक निरन्तरता दिने अवस्था नभएमा दरभाउपत्रदाताले सक्कल बैंक जमानीपत्र माग गर्न आएमा उपलब्ध गराउन मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सिलबन्दी दरभाउपत्र आव्हान भएकोमा पहिलो पटक आवश्यक संख्या नपुगे उक्त प्रकृया रद्द गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (३ क) बमोजिम नयाँ रूपमा सूचना प्रकाशित गर्ने ।

मिति : २०७३।१२।२०

**राय परामर्श माग गर्ने निकाय :** श्री नेपाली सेना, जङ्गी अड्डा, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन र नियमावलीमा भएका कतिपय प्रावधानहरूमा राशन खरिद सम्झौताको अन्त्य हुनुभन्दा अघि र अन्त्य भएपश्चात गर्नुपर्ने भुक्तानी एवं हर्जाना असुल उपर सम्बन्धमा स्पष्ट व्यवस्था नभएको कारण द्विविधा परेकोले ।

**राय परामर्श :**

(क) चेक भूक्तानीको विषयमा यस कार्यालयबाट राय उल्लेख गरि राख्न नपर्ने ।

(ख) भुक्तानीमा मु.अ.कर थप गर्ने, नगर्ने विषयमा आन्तरिक राजस्व विभागसँग समन्वय गर्न उपयुक्त हुने ।

(ग) कार्य सम्पादन जमानतबाट असुल गर्न मिल्ने, नमिल्ने विषयमा सार्वजनिक खरिद ऐन नियममा सम्झौता रद्द भईसकेपछि दायित्वको व्यवस्थापन गर्ने विषयमा उल्लेख भए अनुसार कार्यान्वयन गर्न उपयुक्त हुने ।

(घ) हर्जना वापत असुल उपर भए पछि राजस्व दाखिला गर्न मिल्ने, नमिल्ने विषयमा महालेखा नियन्त्रक कार्यालयसंग समन्वय गर्न उपयुक्त हुने ।

(ङ) मु.अ.कर थप गर्ने, नगर्ने सम्बन्धमा आन्तरिक राजस्व विभागमा समन्वय गर्न उपयुक्त हुने ।

(च) भुक्तानीमा धरौटी कट्टी गर्ने, नगर्ने विषयमा सम्झौतामा उल्लेख भए अनुसार गर्न उपयुक्त हुने

(छ) कार्य सम्पादन जमानत अलग अलग नभई एकिकृत रूपमा राखिने हुँदा सोही अनुसार कार्यान्वयन हुने ।

मिति : २०७३।१२।२०

**राय परामर्श माग गर्ने निकाय :** खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

(क) गुणस्तर र लागत विधि अनुसार परामर्श सेवा खरिदको लागि सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदाताहरूसँग सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३७ (१) अनुसार वार्ता गर्दा आर्थिक प्रस्तावमा उल्लेख गरे बमोजिम पेशाविद्हरूको पारिश्रमिक

सम्बन्धमा वार्ता गरी बजेट सिमा भित्र कार्य गर्नेगरी प्रस्ताव छनौट गर्न सकिने वा नसकिने ? (ख) तालिम लगायतका खर्चहरू सोधभर्ना हुने प्रकृतिका खर्चहरूमा पर्छ वा पर्दैन ?

**राय परामर्श :**

(क) को सम्बन्धमा पेशाविद्को पारिश्रमिक सम्बन्धमा वार्ता हुन सकिने ।

(ख) को सम्बन्धमा TOR मा जे उल्लेख गरिएको छ सोहि अनुसार गर्ने ।

मिति : २०७३।१२।२०

**राय परामर्श माग गर्ने निकाय :** गरिबी निवारण कोष, ताहाचल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

कुनै फर्मले Sub Consultant राखि प्रस्तावना पेश गरेको सम्बन्धमा प्रस्तावना पेश गर्ने फर्म/संस्थाको सट्टा Sub Consultant को मूल्य अभिवृद्धि कर विजक प्रयोग गरी भुक्तानी गर्ने गरी सेवा खरिद गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

(१) विश्व बैंकको खरिद निर्देशिका अनुसार हुने खरिदमा सोही अनुसार गर्ने ।

(२) दातृ निकायको निर्देशिकामा उल्लेख नभएका कुराहरू नियमावली, २०६४ को नियम ८७(क) बमोजिम हुने ।

मिति : २०७३।१२।२१

**राय परामर्श माग गर्ने निकाय :** खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, चितवन ।

**राय माग गरिएको बिषय :**

Bid Bond Verification मा ढिलाइ भएकोले यस कार्यालयबाट Tender IFB NO. WSSDO/Chitwan/CFWSSP/02/073/074 का सबै Contractor को Technical Proposal खोल्न नसकिएको हुँदा यस प्रकृतिको त्रुटि भएको अवस्थामा के गर्ने?

**राय परामर्श :**

e-Gp System बाट बोलपत्र दाखिला गर्ने क्रममा बोलपत्रदाताले बोलपत्र जमानत जारी गर्ने बैंक गलत छनौट गर्दा गल्ती गरेको कारण मुचुल्कामा बोलपत्र जमानत पत्र जारी गर्ने बैंक भन्दा फरक बैंक उल्लेख भएको देखिन्छ । यस प्रकार सम्बन्धित बोलपत्रदाताले e-Gp System मा Bid Submission को सही प्रकृया अपनाएको नदेखिएकोले निजको बोलपत्र मूल्याङ्कनमा समावेश गर्न नमिल्ने ।

मिति : २०७३।१२।२१

**राय परामर्श माग गर्ने निकाय :** प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बिगत द्वन्दमा नेपाल प्रहरीको क्षती भएका संरचनाहरू पुनःनिमार्ण गर्ने क्रममा तेस्रो चरण अन्तर्गत इलाका प्रहरी कार्यालय सिंगटी दोलखा र प्रहरी चौकी डाँडाँगाउँ रसुवामा निर्माण भई रहेको अवस्थामा मिति २०७२ साल बैशाख १२ गतेको बिनाशकारी भुकम्प र ऐ. २९ गते आएको शक्तिशाली पराकम्पनबाट पूर्ण रूपमा क्षती ग्रस्त हुन गएको र सो निमार्ण गर्ने निमार्ण व्यवसायी श्रृंखला/एल.आई.के. जे.भि.ले भूकम्प जानु पूर्व भए गरेका कामको मुल्याङ्कन गरी भुक्तानी पाउँ भनि सम्बन्धीत जिल्ला प्रहरी कार्यालयहरूमा निवेदन दिएकोले निज निमार्ण व्यवसायीले गरेको कामको मुल्याङ्कन गरी भुक्तनी दिन मिल्छ मिल्दैन ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को पच्छिेद-७ मा स्पष्ट व्यबस्था भएकोले सोही बमोजिम गर्ने ।

मिति : २०७३।१२।२२

**राय परामर्श माग गर्ने निकाय :** त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

Hospital Information Management System Software निर्माणका लागि प्रथम पटक सूचना प्रकाशित गर्दा तीन वटा आशयपत्रदाताले भाग लिएकोमा तीमध्ये एउटा आशयपत्रदाता Need Assessment गरी DPR तयार गर्न समेत भाग

लिएकोमा स्वार्थ बाँझिने काम रहने हुँदा बाँकी दुईवटा मात्र रहँदा पुन EOI माग गरिएकोमा पहिलो पटक भाग लिएकोले पुनः भाग लिन नपर्ने भनि निवेदन दिएको अवस्थामा समावेश गर्न मिल्ने, नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० (७) बमोजिम सूचना बमोजिम आशयपत्र पेश नगर्ने ख्याति प्राप्त परामर्शदातासँग सम्पर्क गरी निजको नाम संक्षिप्त सूचिमा समावेश गर्न सकिने प्रावधान कार्यान्वयन गर्ने नगर्ने विषय सार्वजनिक निकाय आफैले एकिन गर्न उपयुक्त हुने ।

मिति : २०७३।१२।२२

**राय परामर्श माग गर्ने निकाय :** भिमदत्त नगरपालिका, कञ्चनपुर ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (३) (क) र (ख) बमोजिम बोलपत्रको पूर्णताको परिक्षण तथा दफा २४ बमोजिम कारवाही नहुने बोलपत्र बाहेक अन्य बोलपत्रहरूको ऐनको दफा २५ बमोजिम बोलपत्र मूल्याङ्कन गर्न मिल्ने वा नमिल्ने एवं ऐनको दफा २६ (२) लागु गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

बोलपत्र खोल्ने क्रममा बोलपत्रदाताको प्रतिनिधिले एउटा बोलपत्र खोसी लगेको देखिएकोले उक्त ठेक्का रद्द गर्ने र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ (२) (घ) को आचरण विपरीत कार्य गर्ने बोलपत्रदाताले ऐनको दफा ६३ (१) (क) बमोजिम कालोसूचिमा राख्ने प्रकृया अगाडि बढाउने साथै बोलपत्र खोल्ने क्रममा पर्याप्त सुरक्षा र सर्तकता अपनाउन नसकेको र आफ्नो जिम्मेवारी पुरा नगरेको देखिएकोले आवश्यक छानवीन गर्न सम्बन्धित मन्त्रालयलाई लेखि पठाउने ।

मिति : २०७३।१२।२२

**राय परामर्श माग गर्ने निकाय :** नेपाल इन्टरमोडल यातायात विकास समिति, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

समितिले कञ्चनपुर जिल्लाको दोधारा चाँदनी क्षेत्रमा सुख्खा वन्दरगाह निर्माण गर्न परामर्श सेवाका लागि EOI गरी RFP मागेकोमा मूल्याङ्कन गर्दा व्यवसाय दर्ता इजाजतपत्र बारेमा द्विविधा भएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियामावली, २०६४ को नियम ४० (२)(ख) अनुसार व्यवसायी दर्ता इजाजतपत्र आवश्यक भए कामको प्रकृति अनुसार सो काम गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र आवश्यक पर्ने नपर्ने तहाँ कार्यालयबाटै एकिन गर्ने ।

मिति : २०७३।१२।२४

**राय परामर्श माग गर्ने निकाय :** राप्ती उप-क्षेत्रीय अस्पताल, विकास समिति, दाङ ।

**राय माग गरिएको बिषय :**

खरिद नियमावली, २०६४ को नियम ५३ (१) मा बोलपत्र जमानत रकम नगदै वा वाणिज्य बैंकले जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत भनि उल्लेख भएका छाँयाप्रति वा सक्कलप्रति भनि किटान नभएकोले बोलपत्र परिक्षण गर्न द्विविधा भएको ।

**राय परामर्श :**

यस कार्यालयबाट जारी गरिएको Standard Bid Document Procurement of Works (NCB) 2017 को Instructions to Bidders को ITB 19.1 मा सो सम्बन्धमा स्पष्ट व्यवस्था भएकोले सोही बमोजिम गर्नुहुन ।

मिति : २०७३।१२।२४

**राय परामर्श माग गर्ने निकाय :** विशेष आर्थिक क्षेत्र विकास समिति, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

समितिसँग परामर्श कार्यको लागि सम्झौता गरेका परामर्शदाताहरूले सो इन्सोरेन्स सम्बन्धमा कुनै पनि बिमा संस्थाले प्रकृया बारे ठोस निर्णय दिन नसकेको भनि निवेदन पेश गरेकोले पेशागत दायित्व बिमाको प्रकृया बारे ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१ बमोजिम पेशागत दायित्व बिमा सम्बन्धी व्यवस्था भए बमोजिम बिमा गराउने र उक्त बिमा विना कम्पनीहरू मार्फत गराउन सकिने ।

मिति : २०७३।१२।२४

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला प्रहरी कार्यालय, पर्सा ।

**राय माग गरिएको बिषय :**

ठेक्का सम्झौता रद्द गरि नयाँ ठेक्का व्यवस्थापन मार्फत समेत निर्माण कार्य सम्पन्न गर्न सकिने अवस्था नरहेकोले सो निर्माण व्यवसायीलाई के-केस्ता कारवाही प्रकृया अगाडि बढाउन सकिन्छ ?

**राय परामर्श :**

खरिद सम्झौता तथा सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद-७ मा व्यवस्था भए बमोजिम गर्ने ।

मिति : २०७३।१२।२८

**राय परामर्श माग गर्ने निकाय :** पशुपति क्षेत्र विकास कोष, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

महालेखा नियन्त्रक कार्यालय, कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको सूचनालाई आधार लिई नेपाल सरकारलाई तिर्न बुझाउन बाँकी वक्यौता देखिएको भनि राम/पाथफाईण्डर जे.भि.बाट योग्यता ठहर गरी छनौट दावी गर्दै उजुरी पर्न आएकोले यस सम्बन्धमा दावी उजुर लाग्ने/नलाग्ने के हो ?

**राय परामर्श :**

बोलपत्र कागजातमा उल्लेख भएको बोलपत्रदाताको ग्राहयताको आधार बमोजिम गर्नु हुन ।

मिति : २०७४।०१।०३

**राय परामर्श माग गर्ने निकाय :** सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजना, ललितपुर ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३५ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८० मा आर्थिक प्रस्ताव मूल्याङ्कन गर्ने सम्बन्धी प्रावधान भएता आर्थिक प्रस्ताव, प्राविधिक प्रस्ताव र Terms of reference सँग तालमेल नमिलेमा के गर्ने भन्ने उल्लेख नगरेकोले आर्थिक प्रस्ताव मूल्याङ्कन गर्ने क्रममा द्विविधा उत्पन्न भएको ।

**राय परामर्श :**

त्यहाँ च.नं.२५०, मिति २०७३।१०।१२ गतेको पत्रबाट Impact Study of integrated crop & water management program of IW/2/Np कार्यको लागी पेश भएका आसयपत्र दाताहरूको प्रस्ताव सम्बन्धमा राय माग भएकोमा कानुन बमोजिम त्यहाबाटै निणर्य हुनुपर्ने देखिएको ।

मिति : २०७४।०१।०५

**राय परामर्श माग गर्ने निकाय :** नेपाल खानेपानी संस्थान, शाखा कार्यालय, बुटवल ।

**राय माग गरिएको बिषय :**

कार्यालयमा दर्ता भएको पाईप लाइन विस्तार कार्यको शिलबन्दी दरभाउपत्र मुचुल्का भै मूल्याङ्कन गर्ने क्रममा निर्माण व्यवसायीद्धारा BOQ मा दररेट अंक र अक्षरमा उल्लेख गरेको जम्मा रकम र VAT रकमको महल खाली राखेको हुँदा मूल्याङ्कन गर्न पेश भएका दररेट VAT (१३%) सहितको मान्ने हो या भ्याट बाहेकको हो ?

**राय परामर्श :**

बोलपत्र कागजात तयार गर्दा BOQ मा जुन किसिमले दररेट भर्ने गरी तयार गरिएको सोही बमोजिम नै तहाँ संस्थानबाटै निर्णय हुन ।

मिति : २०७४।०१।०५

**राय परामर्श माग गर्ने निकाय :** आयुर्वेद विभाग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्रदाताको योग्यता सम्बन्धमा बोलपत्र आव्हानको सूचनामा बोलपत्र खरिदको लागि औषधी व्यवस्था विभागमा थोक कारोवार अनुमति प्राप्त हुनुर्पोमा खरिद गर्दा थोक ईजाजत प्राप्त भएको र बोलपत्र दर्ता गर्न पूर्व थोकबाट खुद्रामा परिणत भएको बोलपत्र मूल्याङ्कनमा फर्म समावेश हुने वा नहुने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को बमोजिम तहाँ विभागबाटै परीक्षण हुन ।

मिति : २०७४।०१।०५

**राय परामर्श माग गर्ने निकाय :** कमलामाई नगरपालिका, सिन्धुली ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (५) मा (३) को अवधिभित्र कार्य सम्पादन दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी सो भन्दा लगतै पछिको अर्को न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्नुपर्नेछ भनी उल्लेख भएको अवस्थामा निकेत निर्माण सेवा, जलेश्वर ४, महोत्तरीबाट म्याद समाप्त भए पश्चात सम्झौताको लागि निवेदन प्राप्त भएको हुँदा निजसँग सम्झौता गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा स्पष्ट व्यवस्था भएकोले सोही बमोजिम गर्नुहुन । साथै कानुनमा नै स्पष्ट भएको विषयलाई समयमा कार्यान्वयन नगरी किन राय माग गरिएको हो स्पष्ट गरी पठाउने ।

मिति : २०७४।०१।०५

**राय परामर्श माग गर्ने निकाय :** राष्ट्रिय पशु प्रजनन् केन्द्र, कास्की ।

**राय माग गरिएको बिषय :**

उक्त Map Enterpreneurs Pvt.Ltd., ले ई विड गर्दा छुटेको भनिएको २८ मार्च २०१७ मा सिटिजन्स बैंक ईन्टरनेशनल लि.बाट जारी गरिएको बैंक ग्यारेन्टी यस केन्द्रको इमेल मार्फत यस कार्यालयमा पठाएको हुदा उक्त विषयमा ऐन वा नियमावलीमा व्यवस्था नभएकोले यसरी ई विड गर्दा छुटेको भनि पछि प्राप्त भएको बैंक ग्यारेन्टी मूल्याङ्कन प्रकृयामा समावेश गर्न हुने वा नहुने ?

**राय परामर्श :**

यो विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५८ मा स्पष्ट व्यवस्था भएकोले थप राय दिन आवश्यक नभएको ।

मिति : २०७४।०१।०५

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला आयोजना कार्यान्वयन ईकाई, मकवानपुर ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ (क) बमोजिम सिलबन्दी भई नआएको बोलपत्र उपर कारवाही नहुने भनि उल्लेख भएकोले उक्त शंकरमाली निर्माण सेवा प्रा.लि.को लाहाछाप विना स्टिच लगाई बन्द गरिएको अवस्थाको आर्थिक प्रस्ताव खोलि खरिद कार्य अगाडि बढाउन हुने वा नहुने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २(६), दफा २२, २३, २४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९ र नियम ३१ (ङ) मा स्पष्ट व्यवस्था भएकोले थप राय दिनु नपर्ने ।

मिति : २०७४।०१।०५

**राय परामर्श माग गर्ने निकाय :** डिभिजन सडक कार्यालय, सुर्खेत ।

**राय माग गरिएको बिषय :**

डिभिजन सडक कार्यालय, सुर्खेतको प.सं. ०७३।७४, च.नं. १४४८, मिति २०७३।१२।११ गतेको पत्रानुसार उपरोक्त समस्याका कारण निज बोलपत्रदाताको बोलपत्र प्राविधिक प्रस्तावमा नै आर्थिक प्रस्तावको कुरा उल्लेख भएकोमा सारभुतरूपमा उक्त

बोलपत्रको प्राविधिक प्रस्ताव प्रभावग्राही हुने, नहुने निर्णयमा पुग्न सकिएन त्यस कारण उक्त बोलपत्रदातालाई प्रभावग्राही मानी आर्थिक प्रस्ताव खोल्नका लागि सूचना दिने वा प्राविधिक प्रस्तावमा असफल भएको जानकारीको लागि ।

**राय परामर्श :**

प्राविधिक मूल्याङ्कनमा आवश्यक नपर्ने कागजात समावेश भएकै कारणले मात्र प्राविधिक मूल्याङ्कन बाधा नपर्ने ।

मिति : २०७४।०१।०७

**राय परामर्श माग गर्ने निकाय :** सैनामैना नगरपालिका, रुपन्देही ।

**राय माग गरिएको बिषय :**

१) सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २३ (४) मा सार्वजनिक निकायले यस दफा बमोजिम बोलपत्रको परिक्षण गर्ने सिलसिलामा बोलपत्रदातासँग आवश्यक कागजातहरू माग गर्न सक्नेछ भनी उल्लेख भएको र सोही दफाको उपदफा ५ मा सार्वजनिक निकायले उपदफा ४ बमोजिम माग गरेको जानकारी सम्बन्धित बोलपत्रदाताले सार्वजनिक निकायलाई दिनु पर्नेछ र त्यसरी जानकारी दिदा बोलपत्रको मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न सकिने छैन भनी उल्लेख गरेकोले उक्त बोलपत्रदातालाई प्रतिनिधिको आधिकारिता सम्बन्धमा माग गरी बोलपत्रको मूल्याङ्कन गर्न सकिने हो वा होइन ?

२) सोही ठेक्काको दोश्रो कवोल गरेको बोलपत्रदाता ए.पी.कन्स्ट्रक्सनको कम्पनी प्रोफाइल बोलपत्र प्रस्ताव साथ संलग्न नगरेको तर यसै नगरपालिकाले एकै समयमा आव्हान गरेको अन्य बोलपत्रसाथ पेश गरेको र उक्त प्रोफाइल कार्यालयसँग रहेकोले एकै समयमा आव्हान गरिएको बोलपत्र प्रस्तावहरू मध्येबाट एक प्रस्तावबाट अर्को प्रस्तावको लागि मूल्याङ्कनमा समावेश गर्न मिल्छ वा मिल्दैन ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३, २४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० मा व्यवस्था भए बमोजिम तहाँ कार्यालयबाटै परीक्षण हुन ।

मिति : २०७४।०१।०८

**राय परामर्श माग गर्ने निकाय :** सुदूरपश्चिम विकास आयोगको सचिवालय, डोटी ।

**राय माग गरिएको बिषय :**

सुदूरपश्चिम विकास आयोगको सचिवालयबाट जिल्लाको प्राकृतिक श्रोत नक्साङ्कन, विश्लेषण कार्यक्रमको लागि आशयपत्र माग गरी ४ वटालाई संक्षिप्त सूचिमा समावेश गरिएको र ती परामर्शदाताबाट ३० दिनको म्याद दिई प्रस्ताव माग गरिएकोमा एक वटा प्रस्तावदाताबाट मात्र प्रस्ताव पेश भएकोले के गर्ने भन्ने द्विविधा पर्न गएको ।

**राय परामर्श :**

उपरोक्त कार्यका लागि ४ वटा आशयपत्र संक्षिप्त सूचिमा दर्ता भएको अवस्थामा ४ वटै परामर्शदाताबाट प्रस्ताव माग गरेकोमा एक वटा मात्र प्रस्ताव दर्ता हुन आउनुमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ बमोजिम भए नभएको एकिन गरि तहाँबाटै निर्णय गर्ने ।

मिति : २०७४।०१।०८

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला समन्वय समितिको कार्यालय, संखुवा-सभा ।

**राय माग गरिएको बिषय :**

जिल्ला समन्वय समितिको कार्यालय संखुवासभा, खाँदवारी, संखुवा-सभाको प.सं. ०७३।७४, च.नं. १६४१, मिति २०७४।०१।०५ गतेको पत्रानुसार बुँदा नं. २ मा उल्लेख भएका कागजात e-submission मा पेश गरेको पाइएकोले रसिद जारी गर्दा उक्त कागजात पेश नभएकोले जारी भएको रसिद मान्य हुने वा नहुने ?

**राय परामर्श :**

बोलपत्र कागजात र बोलपत्र सूचना बमोजिम त्यहींबाट टुंगो लगाउने ।

मिति : २०७४।०१।०८

**राय परामर्श माग गर्ने निकाय :** कैलाली भन्सार कार्यालय, कैलाली ।

**राय माग गरिएको बिषय :**

कार्यालयले प्रकाशित गरेको सूचना तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइटमा राखिएको सूचनामा उल्लेख गरिएको बैंक देखि बाहेक अन्य बैंकबाट राजस्व दाखिला गरि पेश गरिएको रितपूर्वकको मानी छनौट प्रकृयामा समावेश गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

बोलपत्र सूचना तथा बोलपत्र कागजातमा उल्लेख भए बमोजिम त्यहींबाट टुंगो लगाउने ।

मिति : २०७४।०१।१३

**राय परामर्श माग गर्ने निकाय :** पशु उत्पादन निर्देशनालय, ललितपुर .

**राय माग गरिएको बिषय :**

कार्यालयबाट तरल नाईट्रोजन कन्टेनर, मदरकन्टेनर, ए आई रेफी, सेन्सिङ गन खरिद सम्बन्धी बोलपत्र आवहान भएकोमा Manufacturer Authorization Letter Company ले दुई वटा Supplier लाई दिएको खण्डमा के गर्ने ?

**राय परामर्श :**

"सार्वजनिक निकायले बोलपत्र साथ Bidder ले उत्पादक कम्पनीबाट Manufacturer Authorization Letter लिने र पेश गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५(३) मा व्यवस्था भएकोले सोही अनुसार सम्बन्धित निकायले नै एकिन गरी निर्णय गर्नुपर्ने ।" .

मिति : २०७४।०१।१३

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला समन्वय समितिको कार्यालय, चितवन ।

**राय माग गरिएको बिषय :**

स्थानिय स्वायत्त शासन ऐन अनुसार बोलपत्र वापतको दस्तुर यस कार्यालयको आन्तरिक आय खातामा दाखिला नभई नेपाल सरकारको केन्द्रीय राजस्व खातामा दाखिला भएकोले (सूचनामा उल्लेख नभएको अवस्थामा) उक्त बोलपत्रलाई सूचनाका शर्त अनुकुल अर्थात् ग्राह्य बोलपत्र मान्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

बोलपत्र आव्हानको सूचना (संशोधित सूचनामा समेत) मा उल्लेख भए भन्दा अन्य खातामा दाखिला भएको रकमलाई मान्यता दिन नमिल्ने ।

मिति : २०७४।०१।१३

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला प्राविधिक कार्यालय, खोटाङ ।

**राय माग गरिएको बिषय :**

सबै भन्दा कम कबोल गर्ने बोलपत्रदाताको बोलपत्रको मान्य अवधि १२० आवश्यक पर्नेमा ११९ दिन मात्र पुगेकोले १ दिन कम भएको बोलपत्रलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) (ग) बमोजिम मूल्याङ्कनको लागि छनौट गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (२) (ग) मा स्पष्ट व्यवस्था भएकोले थप राय प्रदान गर्न आवश्यक नदेखिएको ।

मिति : २०७४।०१।१३

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला समन्वय समितिको कार्यालय, धादिङ ।

**राय माग गरिएको बिषय :**

आदर्श क्याम्पस गजुरीको भवन (ठेक्का नं. EOI/AADARSHA/BLDB/DHADING/01/073/74) निर्माण कार्यको बोलपत्र आव्हानको सूचना जारी भएकोमा सो अवधिमा राजस्वसमेत बैंकमार्फत जम्मा हुन नसकेकोले कार्यालयले रसिद नं. ११७८, मिति २०७३।१२।१६ बाट बोलपत्र दस्तुर e-bidding प्रयोजनको लागि भन्ने व्यहोरा समेत खुलाई रु. ५०००।- को नगदी रसिद Sivako/Basnet JV को नाममा जारी गरिएकोमा सोही रसिद संलग्न राखि Online Bidding मार्फत पेश गरिएको उक्त बोलपत्रदाताको बोलपत्रको Online Technical Evaluation गर्न प्राविधिक कठिनाई भएको .

**राय परामर्श :**

बोलपत्र सूचना तथा कागजातमा e-submission गर्दा बोलपत्र खरिद वापतको रकम नगदमा दाखिला गर्न सकिने व्यवस्था भएको तथा स्थानिय तह कार्यान्वयनको विशेष परिस्थिति तथा संक्रमणकालिन अवस्था भएकोले यो पटकको लागि मात्र उक्त बोलपत्रमा e-submission गर्दा बोलपत्र खरिद वापतको रकम नगदमा बुझाएको नगदी रसिद पेश गरेको अवस्थामा पनि सो रसिदलाई मान्यता दिने ।

मिति : २०७४।०१।१३

**राय परामर्श माग गर्ने निकाय** : उत्तर-दक्षिण व्यापारिक मार्ग विस्तार आयोजना, ललितपुर ।

**राय माग गरिएको बिषय :**

Electronic submission विधिबाट प्राप्त बोलपत्रको रितपुर्वक प्राप्त प्राविधिक बोलपत्रलाई खोली मुचुल्का समेत गरी मूल्याङ्कन गर्दा सो बोलपत्रदाता प्राविधिक बोलपत्रमा Qualified भएको तथा सोही बोलपत्रदाताको Price Bid मूल्याङ्कन गर्दा प्राविधिक बोलपत्रसाथ प्राप्त Modification Letter मा उल्लेखित छुट (Discount) लाई मूल्याङ्कन प्रकृयामा समावेश गर्ने वा नगर्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ङ मा स्पष्ट व्यवस्था भएकोले सो सम्बन्धमा थप राय प्रदान गर्न आवश्यक नदेखिएको ।

मिति : २०७४।०१।१३

**राय परामर्श माग गर्ने निकाय** : सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजना, ललितपुर ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३५ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८० मा आर्थिक प्रस्ताव मूल्याङ्कन गर्ने सम्बन्धी प्रावधान भएता आर्थिक प्रस्ताव, प्राविधिक प्रस्ताव र Terms of reference सँग तालमेल नमिलेमा के गर्ने भन्ने उल्लेख नगरेकोले आर्थिक प्रस्ताव मूल्याङ्कन गर्ने क्रममा द्धिविधा उत्पन्न भएको ।

**राय परामर्श :**

Request for Proposal उल्लेख भएका प्रस्ताव मूल्याङ्कनका आधारहरू तथा Terms of reference बमोजिम तहाँ आयोजनाबाटै निर्णय हुन ।

मिति : २०७४।०१।१३

**राय परामर्श माग गर्ने निकाय** : विद्युत विकास विभाग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

विभागबाट Helicopter को सट्टा porter बाट गरिने ढुवानीले नतिजामा कुनै फरक नपार्ने भएकोले यसलाई सानातिना फरकको रूपमा लिई प्रस्तावलाई सारभूतरूपमा प्रभावग्राही प्रस्ताव (बोलपत्र) मान्ने कि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (२) (घ) बमोजिम कागजात नभएको भनि ऐनको दफा २६ (१) (क) बमोजिम खरिद कारवाही रद्द गर्न द्धिविधा भएको ।

**राय परामर्श :**

सामाग्री निर्धारित समय र गुणस्तरमा पुग्ने सुनिश्चिताको समेत विश्लेषण गरी तहाँ विभागबाटै निर्णय हुन ।

मिति : २०७४।०१।१३

**राय परामर्श माग गर्ने निकाय** : राष्ट्रिय अभिलेखालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

निर्माता कम्पनीसँग दुवै बोलपत्रदातालाई आधिकारिकताको पत्र दिएको हो वा होइन भन्ने जानकारी ईमेल मार्फत माग गरिएकोमा Royal Studio Good Sales लाई पहिले आधिकारिताको पत्र दिइएको र राष्ट्रिय अभिलेखालयको हालको खरिद कार्यको लागि Royal Studio Good Sales लाई नै आधिकारिता सुनिश्चित गरिदिएको भन्ने आशयको ईमेल प्राप्त भएको तर उक्त ईमेलमा Shree Batuk Bhairav Suppliers लाई दिएको आधिकारिताको विषयमा मौन रहेकोले निर्णयमा द्धिविधा भएको ।

**राय परामर्श :**

सार्वजनिक निकायले बोलपत्र साथ Bidder ले उत्पादक कम्पनीबाट Manufacturer Authorization Letter लिने र पेश गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५(३) मा व्यवस्था भएकोले सोही अनुसार सम्बन्धित निकायले नै एकिन गर्नुपर्ने ।

मिति : २०७४।०१।२०

**राय परामर्श माग गर्ने निकाय :** नेपाली सेना, क्याभलरी, सिहंदरबार ।

**राय माग गरिएको बिषय :**

तोकिएको अवधि भित्र बिक्री भएको ७ थान बोलपत्र मध्ये जम्मा ४ थान बोलपत्र दर्ता भई यस क्याभलरीमा गठिन खोलुवा समिति तथा उपस्थित बोलपत्रदाता वा प्रतिनिधिहरूको रोहवरमा खोलुवा गरिएकोमा खोलुवा भएका बोलपत्रहरूलाई मूल्याङ्कन समितिबाट परिक्षण गर्ने क्रममा बोलपत्र आव्हानको सूचना तथा बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्त एवं प्रावधान बमोजिम दानाघाँस आपूर्तिको अनुभवपत्र पेश नगर्ने रकमको हिसावले तुलनात्मक रूपमा अन्तरात्मक घटि दररेट कबोल गर्ने बोलपत्रदाता वा बोलपत्र आव्हानको सूचना तथा बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्त एवं प्रचलित सार्वजनिक खरिद ऐन र नियम अनुसार रीत पूर्वकको बोलपत्र पेश गर्ने रकमको हिसावले बढी दररेट कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि सिफारिस गर्ने भन्ने बारे द्विविधा भएको ।

**राय परामर्श :**

बोलपत्र परिक्षण र मूल्याङ्कन गर्ने दायित्व सार्वजनिक निकायकै भएको हुँदा प्रस्तुत राशन खरिदको मूल्याङ्कन सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८९ (५) लाई दृष्टिगत गरी सो अनुसार परिक्षण र मूल्याङ्कन गरी एकिन गर्न उपयुक्त हुने ।

मिति : २०७४।०१।२१

**राय परामर्श माग गर्ने निकाय :** पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय, डीनको कार्यालय, चितवन ।

**राय माग गरिएको बिषय :**

केही बोलपत्रहरू वा एउटा मात्र बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएको कारणले मात्र बोलपत्र अस्वीकृत गर्न वा पुन बोलपत्र आव्हान गर्न सकिने छैन भन्ने उल्लेख भएको भएता पनि सो बोलपत्रको स्वीकृती नियमानुसार कृषि तथा वन विज्ञान विश्वविद्यालयबाट हुनुपर्ने भएकोले एउटा मात्र बोलपत्र प्राप्त हुँदा सो बोलपत्र खोल्न सकिने हो वा होइन ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को (ख)(२) मा परिभाषित सार्वजनिक निकायहरूले सार्वजनिक खरिद ऐन, २०६३ अनिवार्य रूपमा पालना गर्नुपर्ने हुँदा सोही ऐनको दफा २६ मा यस बारे स्पष्ट उल्लेख भएको देखिएकोले थप राय आवश्यक नपर्ने ।

मिति : २०७४।०१।२१

**राय परामर्श माग गर्ने निकाय :** नेपाल विद्युत प्राधिकरण,प्रधान कार्यालय, काठमाण्डौं ।

**राय माग गरिएको बिषय :**

नेपाल विद्युत प्राधिकरणको हकमा पन्ध्र प्रतिशतभन्दा माथिको भेरिएशन आदेश जारी गर्नुपर्दा सञ्चालक समिति वा संस्था प्रमुख (कार्यकारी निर्देशक) मध्ये कसले सो अधिकार प्रयोग गर्ने हो?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ मा स्पष्ट व्यवस्था भएकोले थप राय प्रदान गरिरहनु नपर्ने ।

मिति : २०७४।०१।२९

**राय परामर्श माग गर्ने निकाय :** नेपाली सेना देवीदल गण, रुकुम ।

**राय माग गरिएको बिषय :**

घरेलु तथा साना उद्योग विकास समिति, दैलेख मल्ल कन्स्ट्रक्सन फर्म सम्मत् २०४८ साउन २२ गते प्राइभेट फर्म रजिष्टर गरि प्रमाण प्रत्र प्राप्त भएकोमा उक्त कार्यालय बाट मिति २०५९।१०।२ को निर्णय अनुसार साविक उद्देश्यमा राशन सम्बन्धी ठेक्का पट्टा गर्ने थप गरिएको तर घरेलु तथा साना उद्योग विकास समितिबाट कारोबार थप गरिएको पत्र पेश नगरेको हुँदा निजले वोलपत्रसाथ कारोबार थपको पत्र पेश गर्नु पर्ने वा नपर्ने ।

**राय परामर्श :**

संलग्न कागजातलाई दृष्टिगत गर्दा मल्ल कन्स्ट्रक्सनको नाममा बोलपत्र प्रक्रियामा सहभागि भएको देखिएको र बोलपत्रदाताले पेश गरेको आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र र आन्तरिक राजस्व विभागको स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर प्रमाण पत्रको प्रतिलिपिमा मल्ल कन्स्ट्रक्सन एण्ड सप्लायर्स उल्लेख भएको सन्दर्भमा यसरी कम्पनी दर्ता गर्ने, प्रमाणपत्र दिने, नाम तथा उदेश्य संशोधन र थप घट गर्ने निकायहरूसंग वास्तविकता एकिन गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ र २५ अनुसार बोलपत्र परिक्षण र मूल्याङ्कन गरी सार्वजनिक निकायले नै एकिन गर्न उपयूक्त हुने ।

मिति : २०७४।०२।०२

**राय परामर्श माग गर्ने निकाय** : नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, केन्द्रीय कार्यालय, ललितपुर ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ दफा २६ (१) (ख) मा न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राहि बोलपत्रको बोलअंक लागत अनुमान भन्दा सारभूत रूपमा बढि भएमा बोलपत्र अस्वीकृत गर्नुपर्ने भन्ने भएकोले खरिद गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

स्पष्ट भएको विषयमा थप राय आवश्यक नपर्ने ।

मिति : २०७४।०२।०३

**राय परामर्श माग गर्ने निकाय** : भरतपुर महानगरपालिका, चितवन ।

**राय माग गरिएको बिषय :**

पत्रानुसार Construction of Road from Milan Chowk-Ratapur-Purnmachowk road section black topped निर्माण कार्यकोलागि एक मात्र निर्माण व्यवसायी आशिष-अनेस्ट जे.भी.ले e-bidding मार्फत एक मात्र बोलपत्र पेश गरिएको निर्माण व्यवसायी eligible देखिन्छ साथै पेश गर्नु पर्ने qualification document समेत पेश गरेको देखिन्छ तर सार्वजनिक खरिद नियमावली संशोधनसहित २०७३ को दफा ३१ ङ (२) मा उल्लेख भए बमोजिम हुनुपर्ने आर्थिक र प्राविधिक छुट्टाछुट्टै प्रस्ताव पेश नभएको हुँदा सिधै रद्द गरि पुन बोलपत्र प्रकाशन गर्दा निर्माण व्यवसायीले कार्यालयको त्रुटी औंल्याई उजुर बाजुर गरेमा के हुने द्बिविधा पर्न गएको ।

**राय परामर्श :**

उक्त विषयमा राय प्रदान गर्न आवश्यक नदेखिएको ।

मिति : २०७४।०२।०३

**राय परामर्श माग गर्ने निकाय** : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, झापा ।

**राय माग गरिएको बिषय :**

कार्यालय अन्तर्गत संचालित लखनपुर सहलगानी खानेपानी तथा सरसफाई आयोजना (Contract ID-WSSDO. JHAPA 01-073-74, Tender issued on 06-03-2017 00:00) को बोलपत्र मूल्याङ्कन गर्ने Self Declaration Letter, कम्पनी दर्ताको प्रमाणपत्र, निर्माण व्यवसाय दर्ताको इजाजतपत्र तथा सोको नवीकरण, स्थानीय लेखा नं. (PAN) दर्ता प्रमाणपत्र लगायतका कागजातहरू पेश नभएकोले बोलपत्रको प्राविधिक मूल्याङ्कन गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र दफा २५ बमोजिम तहाँ कार्यालयबाटै बोलपत्र मूल्याङ्कन गर्नुहुन ।

मिति : २०७४।०२।१४

**राय परामर्श माग गर्ने निकाय** : डिभिजन सडक कार्यालय, नुवाकोट ।

**राय माग गरिएको बिषय :**

कार्यालयबाट आव्हान गरिएको एउटा बहुबर्षिय ठेक्कामा भाग लिएका बोलपत्रदाताहरू मध्ये तीन वटा कम्पनीहरूले संयुक्त उपक्रम गरी भाग लिएको एउटा J.V. बोलपत्रदाताको तीन वटा Partner हरू मध्ये एउटा Partner ('Construction Compnay (P.)Ltd.) ले पेश गरेको Power of Attorney Letter को व्यहोरामा उक्त कम्पनीको तीन जना Board of Director हरू मध्ये एउटा Director लाई Power of Attorney दिएको देखियो तर Power of Attorney Letter को Specimen Signature लेखेको ठाउँमा तथा Bid Document को अन्य कागजातमा उक्त कम्पनीको अर्को Director ले

सही गरेको देखिएको हुनाले उक्त लाई मान्यता दिई उक्त Power of Attorney Letter संयुक्त उपक्रमबाट भाग लिएको बोलपत्रदातालाई सारभुतरूपमा प्रभावग्राही मान्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को बोलपत्र परिक्षणमा यी विषयहरू स्पष्ट नै रहेकोले थप राय प्रदान गर्न आवश्यक नदेखिएको ।

मिति : २०७४।०२।१७

**राय परामर्श माग गर्ने निकाय :** खाँदवारी नगरपालिका, सङखुवासभा ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (३) अनुसार १ पटक उक्त आयोजनाको म्याद थप भएको र दाश्रो पटक म्याद थपको लागि निर्माण व्यवसायीले निवेदन दिएको तर सो अवधि २०७२ संसिर देखि २०७३ आषाढ २४ गते सम्मको म्याद हुन नसकेको कारण हाल भुक्तानी हुन नसकेको, हाल सम्ममा ३ जना कार्यकारी अधिकृत परिवर्तन भै सकेको अवस्थामा र निर्माण व्यवसायीले आफूले गरेको कामको भुक्तानी माग दावि गरेको सम्दर्भमा हाल कार्यरत कार्यकारी अधिकृतले उक्त अवधिको म्याद थप गर्ने र भुक्तानी गर्न कानूनत मिल्छ वा मिल्दैन ?

**राय परामर्श :**

म्याद थप र भुक्तानी गर्ने विषय सम्झौतासँग सम्बन्धित भएको हुँदा सम्झौता अनुसार कार्यान्वयन गर्न थप राय आवश्यक नपर्ने ।

मिति : २०७४।०२।१७

**राय परामर्श माग गर्ने निकाय :** बुटवल उप-महानगपालिका, बुटवल ।

**राय माग गरिएको बिषय :**

बोलपत्र खोल्ने मुचुल्कामा उल्लेख नभएको ४% Discount Offer लाई Consider नगरि बोलपत्र स्वीकृत गर्न दातृ निकायबाट निर्देशन भएको Dicount Offer लाई समावेश नगर्दा ल.ई. भन्दा बढी हुन जाने देखिएको साथै Discount Offer लाई समावेश नगर्दा जनसहभागिताको अंश समेत बढ्न जाने सहभागिता जुटाउन कठिन हुन जाने भएको ।

**राय परामर्श :**

(१) विश्व बैंकको खरिद निर्देशिका अनुसार हुने खरिदमा सोही अनुसार गर्ने ।

(२) दातृ निकायको निर्देशिकामा उल्लेख नभएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ (१) (ख) बमोजिम हुने ।

मिति : २०७४।०२।२३

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला प्राविधिक कार्यालय, सर्लाही ।

**राय माग गरिएको बिषय :**

छिमेकि जिल्लामा चालु आ.व.मा दररेट कायम गरिएकोमा सो दररेटलाई मध्यनजर राख्दै र सार्वजनिक खरिद नियमावली २०६४ मा श्रमिकहरूको ज्यालाको सम्बन्धमा संसोधनमा स्पष्ट व्यवस्था नभएको समयानुकुल कार्य गर्नमा सहजताको लागी दररेट परिमार्जन गर्नुपर्ने भएकोले ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६४ को नियम १४८ (४) बमोजिम निर्धारित दररेटको सूचना सम्बन्धित प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्रका सबै कार्यालयहरूमा पठाई सो को जनाउ मात्र सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएको तर यस कार्यालयको सहमति लिनु पर्ने व्यवस्था नभएकोले सोही अनुसार कार्यान्वयन गर्ने ।

मिति : २०७४।०२।२३

**राय परामर्श माग गर्ने निकाय :** नेपाल आयल निगम लिमिटेड, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त “क” वर्गको कमर्सियल बैंकबाट काउण्टर ग्यारेन्टी नभएको विड वण्ड संलग्न गरी पेश गन M/S Skytech Engineers Pvt.Ltd बोलपत्रमा उल्लेखित १२ के.एल को Aircraft Refueller Supply and

fabrication package को ४ थान Fabricaton तथा Supply गर्न निज Technically Qualified एंव Reliable Company भएको देखिएको हुनाले निजको टेण्डर प्रस्ताव Bid Bond को Counter Guarentee माग गरी Final Evaluation Process मा समावेश गर्न मिल्ने वा नमिल्ने ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६४ को नियम ५३ (४) मा विदेशी बैंकले जारी गरेको बोलपत्र जमानत नेपाल भित्रको वाणिज्य बैंकले प्रति-प्रत्याभूति (काउन्टर ग्यारेन्टी) गरेको हुनु पर्नेछ भन्ने स्पष्ट उल्लेख भएकोले थप रायको आवश्यक नपर्ने त्यहीबाट मूल्याङ्कन गर्ने ।

मिति : २०७४।०२।२९

**राय परामर्श माग गर्ने निकाय :** राष्ट्रिय सतकर्ता केन्द्र, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

कम्प्युटर, ल्याप्टप खरिद सम्बन्धी यस केन्द्रबाट प्रकाशित सूचनामा सिलबन्दी दरभाउपत्र यस केन्द्रमा बुझाउनु पर्नेछ भनी उल्लेख भएकोमा यस केन्द्रमा दरभाउपत्र खरिद एवं बिक्रिको लागि केन्द्रको आर्थिक प्रशासन शाखामा खरिद एवं बिक्री खाता राखिएको र दरभाउपत्रको फाराम खरिद कर्ताहरूलाई सिलबन्दी दरभाउपत्र आर्थिक प्रशासन शाखामा दर्ता गराउन मौखिक जानकारी गराइएकोमा आर्थिक प्रशासन शाखामा खरिद एवं बिक्रि खाता राखिएको र दरभाउपत्रको फाराम खरिद कर्ताहरूलाई सिलबन्दी दरभाउपत्र आर्थिक प्रशासन शाखामा दर्ता गराउन मौखिक जानकारी गराइएको सन्दर्भमा ३ वटा सिलबन्दी दरभाउपत्रहरू आर्थिक प्रशासन शाखामा समय समेत जनाई दर्ता भई दर्ता किताब बन्द भएको र एउटा सिलबन्दी दरभाउपत्र मूल दर्तामा समय नजनाई दर्ता भएको देखिएकोले मूल दर्ता किताबमा दर्ता भएको सिलबन्दी दरभाउपत्रलाई रितपूर्वक दर्ता भएको मान्न सकिने वा नसकिने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २२ मा बोलपत्र पेश गर्ने अन्तिम मिति र समय समाप्त भएको लगतै सोहि दिन बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित समय र स्थानमा सार्वजनिक निकायले तोकिए बमोजिम बोलपत्र खोल्नु पर्ने स्पष्ट उल्लेख भएको हुँदा सो भन्दा विपरीत हुने गरी अन्य दिन बोलपत्र खोल्न सक्ने व्यवस्था नदेखिएको र यस प्रकारको स्थिती दोहोरिन नदिने तर्फ पनि सजकता आवश्यक देखिएको ।

मिति : २०७४।०२।२९

**राय परामर्श माग गर्ने निकाय :** सुखीपुर नगर कार्यपालिकाको कार्यालय, सिराहा ।

**राय माग गरिएको बिषय :**

E-Bidding मार्फत बोलपत्र पेश गर्दा समग्र Bidding Document पेश गर्नुपर्ने वा BOQ मात्र पेश गर्दा हुने भन्ने विषयमा यकिन हुन नसकिएको ।

**राय परामर्श :**

बोलपत्र प्रकृयामा सहभागि भएपछि प्रकृया नटुङ्गिए सम्म, त्यसमा आवद्ध रहि रहनुपर्ने जिम्मेवारी र दायित्व बोलपत्रदाताको पनि रहन्छ तसर्थ कार्यालयले माग गरेको कागजात पेश नगर्नु भनेको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ अनुसार बोलपत्रदाता वा प्रस्तावदाताको आचरण विपरीत कार्य हुने स्मरण गराउँदै अन्तिम पटक निश्चित समय अवधि तोकेर Hard Copy माग गर्ने तत्पश्चात पनि प्राप्त नभए आवश्यक कारवाही गर्न उपयुक्त हुने ।

मिति : २०७४।०२।२९

**राय परामर्श माग गर्ने निकाय :** कृषि विकास बैंक लिमिटेड, मुख्य कार्यालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

यस कार्यालयबाट बोलपत्रदाता राजेन्द्र-के.एस.जे.भि. धनगडी-२ कैलालीको Specific Construction Experience नपुग भएको जानकारी दिएकोमा त्यस जे.भि.फर्मले पुन पत्र लेखि नेपालको प्रचलित सार्वजनिक खरिद ऐन तथा विनियमावली मुताविक संयुक्त उपक्रमको हकमा अनुभव गणना गर्दा जे.भि.पार्टनरको जे.भि. Aggrement को शेयरको आधारमा नभै प्रत्येक जे.भि. पार्टनरको जे.भि. शेयर जतिसुकै भए पनि कार्य अनुभव पूरै गणना हुने प्रष्ट व्यवस्था भएको भन्ने जिकिर रहेकोमा नेपालको प्रचलित सार्वजनिक खरिद ऐन तथा विनियमावलीमा त्यस्तो व्यवस्था रहेको नदेखिएको ।

**राय परामर्श :**

१) उक्त बोलपत्रको बोलपत्र सम्बन्धी कागजात (Bidding Document) यस कार्यालयबाट जारी गरिएको Standard Bidding Document बमोजिम नरहेकोले सो सम्बन्धमा यस कार्यालयबाट राय प्रदान गर्न नसकिने ।

२) बोलपत्र सम्बन्धी कागजात तयार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा Standard Bidding Document बमोजिम गर्न ध्यान आकर्षण गराइन्छ ।

मिति : २०७४।०२।२९

**राय परामर्श माग गर्ने निकाय :** क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय, पोखरा ।

**राय माग गरिएको बिषय :**

बोलपत्रदाताले e-GPII प्रकृयामा अन्य कागजातहरूसँगै पेश गरेको Bid Bond Gurantee ठिक देखिएको अवस्थामा सम्बन्धित बैंक वा कार्यालय स्वयंद्धारा बैंक ग्यारेन्टी ठिक/बेठीक प्रमाणित गरी पुनः अगाडि बढने व्यवस्था हुन सक्ने वा नसक्ने ?

**राय परामर्श :**

बैंक ग्यारेन्टी सम्बन्धी विवरण गलत प्रवृष्टी गरेको कारणबाट सम्बन्धित बैंकले Bank Gurantee Verification गर्न अस्वीकृत गरिसकेको अवस्था देखिएकोले थप राय आवश्यक नपर्ने ।

मिति : २०७४।०३।०५

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देही ।

**राय माग गरिएको बिषय :**

रायमाझी जगदम्बा नरसिंह संयुक्त उपक्रम जे.भि.लाई कालोसूचिमा राख्न नमिल्ने भनि सम्मानित सर्वोच्च अदालतमा विचाराधिनमा रहेकोले कालोसूचिमा रहेको मान्न नहुने हुँदा रायमाझी/प्रदिप जे.भि.ले खरिद कार्य गर्ने हक छ भनी निवेदन पेश गरेकोले निजको निवेदन उत्प्रेषण अदालतको अवहेलनामा हुँदै सम्मको सजाय तथा कारवाही गरि पाउँ भनि सर्वोच्च अदालतमा पठाएको निवेदन पत्र, ०७३-AP-०४३८ सर्वोच्च अदालतको अवहेलनमा मुद्दाको फोटोकपीहरू यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध भनी यस परिप्रेक्ष्यमा रायमाझी/प्रदिप जे.भि.सँग सम्झौता गरी खरिद कार्य अगाडि बढाउन द्विविधा उत्पन्न भएकोले सम्झौता गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ बमोजिम कालोसूचिमा रहेका फर्मको विवरण यस कार्यालयको website मा रहेको तथा सम्मानित सर्वोच्च अदालतले दिएको आदेशको व्याख्या यस कार्यालयबाट हुन नसक्ने ।

मिति : २०७४।०३।०५

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला समन्वय समितिको कार्यालय, सिरहा ।

**राय माग गरिएको बिषय :**

विद्युतीकरणको लागि ट्रान्सफरमर खरिद कार्यको लागि ६ वटा बोलपत्र पेश भएकोमा नेपाल इकरात इन्जिनियरिगं कम्पनी प्रा.लि.ले पेश गरेको बोलपत्रमा कार्यालयले उपलब्ध गराएको Bidding Document मा सही छाप भएको तर BOQ मा Rate उल्लेख नगरी उक्त कम्पनी प्रा.लि.ले आफ्नो Letter Pad मा बोलपत्र फाराममा उल्लेखित स्पेशिफिकेशन अनुसारको विद्युतीय सामग्रीहरू तल उल्लेखित मूल्यमा उपलब्ध गराउन मंजुर छु भनी खरिद गरिने मालसामानको मूल्य विवरण (Price Schedule for Goods) उल्लेख गरी पेश गरेकोमा उक्त बोलपत्रलाई रितपूर्वक भएको मान्यता दिने वा नदिने ?

**राय परामर्श :**

बोलपत्र कागजातमा उल्लेखित मूल्य विवरण (Price Schedule for Goods) कै समान ढाँचामा कम्पनीकै लेटर प्याडमा तयार गरी उक्त व्यहोरा सहित बोलपत्र कागजात पेश गर्दा खेरि नै सहिछाप गरी सँगै पेश गरेको अवस्था हो भने मूल्याङ्कन प्रकृयामा लान वाधा नहुने ।

मिति : २०७४।०३।०७

**राय परामर्श माग गर्ने निकाय :** जिल्ला प्रहरी कार्यालय, मकवानपुर ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ उपदफा (२) (ग) बमोजिम बोलपत्र साथ जमानत पेश गर्नु पर्ने भए बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको किसिम, अवधी र रकमको जमानत संलग्न भए वा नभएको परिक्षण गर्नुपर्नेछ भन्ने व्यहोरा साथै अनुगमन कार्यालयले तयार गरेको रु. बिस लाख देखि रु. दुई करोड रुपैया सम्मको SBD प्रयोग गरी यस कार्यालयबाट तयार गरिएको SBD को ITB को clause 12 मा Section 4 मा उपलब्ध गराइएको Bidding forms बमोजिम "The forms must be completed without any alternations to the text and no substitutes shall be accepted.All Blank spaces shall be filled in with the information requested and as required in the BDS भन्ने व्यहोराहरूको अध्ययन विश्लेषण गर्दा शिब सहारा जे.भी.को बोलपत्रको लागि पेश गरेको सिलबन्दी बोलपत्रमा बोलपत्रदातालाई दिईएको निर्देशन (ITB) को बोलपत्र पुस्तिकाको Bidding forms मा दिईएको Letter of Bid मा "The Bidder must accomplish the letter of Bids in its letterhead clearly showing the Bidder's complete name and address" उल्लेख भए बमोजिम निज निर्माण व्यवसायीले Letter of Bid पेश नगरेको/नभरेको हुनाले ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (२)(ग) तथा यस कार्यालयमा जारी गरिएको SBD मा सो सम्बन्धमा स्पष्ट व्यवस्था भएकोले थप राय आवश्यक नदेखिएको ।

मिति : २०७४।०३।१३

**राय परामर्श माग गर्ने निकाय :** घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, जाजरकोट ।

**राय माग गरिएको बिषय :**

कार्यालय भवन निर्माणका लागि तोकिएको समयमा शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयको E-Procurement Portal मा पर्ने आएका बोलपत्रहरूको हाल मूल्याङ्कन गर्ने क्रममा खड्का निर्माण सेवा, चिसापानी-०३, बाँके र मल्ल कन्स्ट्रक्सन, नारायण न.पा.०२, दैलेखले E-Bid Submission गर्दा प्राविधिक प्रस्तावमा खड्का निर्माण सेवा बाँकेले Modification Latter मा BOQ को नं.२ पेश गरेको देखियो र मल्ल कन्स्ट्रक्सन, नारायण न.पा.०२, दैलेखले Discount Latter मा ८ प्रतिशत Discount Offer पेश गरेको देखियो तर सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्राविधिक प्रस्तावमा नभई आर्थिक प्रस्तावमा Modification Latter र BOQ उल्लेख हुनुपर्नेमा सो नभएकोले उक्त फर्महरूको प्राविधिक प्रस्ताव सारभूतरूपमा प्रभावग्राही हुने, नहुने ?

**राय परामर्श :**

प्राविधिक मूल्याङ्कनमा आवश्यक नपर्ने कागजात समावेश भएकै कारणले मात्र प्राविधिक मूल्याङ्कन बाधा नपर्ने ।

मिति : २०७४।०३।१३

**राय परामर्श माग गर्ने निकाय :** कृष्णपुर नगरपालिकाको कार्यालय, कञ्चनपुर ।

**राय माग गरिएको बिषय :**

कार्यालय निर्माण गर्ने कार्यको बोलपत्र खरिद सम्बन्धी कारवाहीमा विद्युतीय खरिद प्रणालीबाट मात्र सहभागि हुन पाउने गरि Two Envelope System अधारित बोलपत्र सूचना प्रकाशित गरिएकोमा एउटा मात्र बोलपत्र पेश भएकोले बोलपत्रदाताको प्राविधिक प्रस्तावको (Technical Proposal) मूल्याङ्कन गर्दा Letter of Technical Bid को पहिलो पानामा अर्को कार्यालयको नाम लेखी सम्बन्धित बोलपत्रदाताको दस्तखत र छाप भएको र दोश्रो पानामा सम्बन्धित दोश्रो पानामा बोलपत्रदाताको दस्तखत र छाप भएकोले उक्त बोलपत्रको पूर्णताको परिक्षणमा समस्या परेको ।

**राय परामर्श :**

Letter of Technical Bid मा सम्बन्धित निकायलाई संबोधन नगरी अन्य निकायलाई संबोधन गरेको अवस्थामा सो Letter of Technical Bid लाई मान्यता दिन नमिल्ने ।

मिति : २०७४।०३।१५

**राय परामर्श माग गर्ने निकाय :** नापी विभाग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्रबाट आपूर्ति भएको Image Data सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ बमोजिम निरीक्षण गर्दा समितिले एक पटक निरीक्षण गरी प्रतिवेदन पेश गरी सकेको विषयमा पुनः निरीक्षण गर्नका लागि कानूनमा स्पष्ट व्यवस्था नभएकोले निरीक्षण गर्ने समितिले पुनः निरीक्षण गर्न मिल्ने हो वा होइन ?

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा मालसामानको निरीक्षण वा परीक्षण सम्बन्धमा स्पष्ट उल्लेख भएको हुँदा सोहि अनुसार सार्वजनिक निकायले नै एकिन गर्न उपयुक्त हुने ।

मिति : २०७४।०३।२६

**राय परामर्श माग गर्ने निकाय :** जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, ललितपुर ।

**राय माग गरिएको बिषय :**

Single Stage Two Envelope प्रकृयाद्धारा बोलपत्र आव्हान गरी Technical Bid खोली मूल्याङ्कन प्रकृया अगाडि बढाइएकोमा हाल आर्थिक प्रस्तावको लागि प्रकृया अगाडि बढाउन Instruments Rejected by Bank instruments approved by bank for bid doc fee and Bid Surity fee Respectively भनेर Status प्राप्त भएका सम्बन्धमा नेपाल बैंकमा छलफल गरी सम्पर्क गर्दा Bank को Computer को website मा निर्माण व्यवसायीले J/V गरी भौचर भरेकोमा एउटा मात्र व्यवसायीको नाम दखिएकोले Reject गरेको हो, System कै error हुन सक्छ भनेर जवाफ प्राप्त भएको तर निर्माण व्यवसायी भौचर J/V कै नाम भरेको प्रमाण निजहरूले upload गरेको document बाट देखिंदा उक्त समस्या समाधानको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा छलफल गरी समस्या समाधान गरी दिन अनुरोध भएकोमा यस सम्बन्धमा नेपाल बैंक लिमिटेड दाङ शाखाको प.सं.२७।८०।२२३ मिति २०७४।०३।०९ को पत्रमा विडहरूले बैंकमा बुझाएको तथा E-bidding गर्दा upload गरेको भौचर बैंकको अभिलेखमा देखिएकोले E-bidding को प्रकृया अगाडि बढाउन अनुरोध गरीएको साथै यसरी बैंकले PPMO को e-procurement system मा विडहरूको Bid Document Fee को भौचर Reject गरेको कारण उक्त बैंकले हाल आएर विडरहरूले बैंकमा बुझाएको तथा E-bidding गर्दा upload गरेको भौचर बैंकको अभिलेखमा देखिएको व्यहोरा उल्लेख गरे तापनि e-procurement System मा Financial Proposal खोल्ने लगायतका थप खरिद प्रकृया अगाडि बढाउन नमिल्ने ?

**राय परामर्श :**

यस कार्यालयबाट सञ्चालनमा ल्याइएको विद्युतीय खरिद प्रणालीमा कुनै समस्या नभइ प्रयोगकर्ता वा अधिकार प्राप्त अधिकारीले प्रणालीमा गरेको कार्यबाट हुने विषय तथा वाणिज्य बैंकहरूसँग भएको समझदारीपत्र (MOU) अनुसार बैंकिङ्ग कागजातको परीक्षण गरी Accept वा Reject गर्ने जिम्मेवारी बैंककै रहेकाले यस विषयमा थप बोली रहनु नपर्ने ।

मिति : २०७४।०३।२६

**राय परामर्श माग गर्ने निकाय :** वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान ।

**राय माग गरिएको बिषय :**

High End Video Endoscopy System with ERCP खरिद गर्नको लागि online बोलपत्र आव्हान गरिएको बोलपत्र खोल्ने अन्तिम दिनमा बोलपत्र खोल्दा Bidder list मा Himalayan Meditech Pvt.Ltd. को नाम दुई पटक देखिएको तर दुईटै Bidding को Document समान रहेकोमा एक भन्दा बढी पटक Bidding गरेको देखिएकोले उक्त Bidder लाई मूल्याङ्कनमा समावेश गर्न सकिने वा नसकिने ?

**राय परामर्श :**

प्रणालीको application server र database server बिच communication समस्या भई एकै जना प्रयोगकर्ताबाट एउटै बोलपत्रमा दुई पटक बोलपत्र प्राप्त भएतापनि बोलपत्रहरू समान भएको अवस्थामा उक्त बोलपत्र मूल्याङ्कनमा समावेश गर्न सकिने ।

मिति : २०७४।३।२७

**राय परामर्श माग गर्ने निकाय :** चलचित्र विकास बोर्ड, काठमाण्डौं ।

**राय माग गरिएको बिषय :**

ऐनमा आपूर्ति गरिने मालसामान बोलपत्रदाता आफैले नबनाउने वा उत्पादन नगर्ने भएमा त्यस्तो मालसामानको उत्पादकले बोलपत्रको लागि प्रस्ताव पेश गर्ने, मालसामान आपूर्ति गर्ने र जडान गर्ने सम्बन्धी अधिकार आफूलाई एक लौटीरूपमा रित

पुर्वक प्रदान गरेको कुरा प्रमाणित गर्ने कागजात बोलपत्रदाताले पेश गर्नु पर्नेछ" भन्ने उल्लेख गरेको तर आधिकारिक विक्रेताबाट दिएको Mal (Manufacture Authorization Letter) मान्यता दिन मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

बोलपत्र कागजातमा बोलपत्र साथ Manufacture Authorization Letter पेश गर्नु पर्ने उल्लेख भएको अवस्थामा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ (३) आकर्शित हुने भएकोले थप राय आवश्यक नपर्ने ।

भाग-६

# आ.व. २०७४/७५ का राय पराशर्महरू

मितिः २०७४/०४/०६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** दुग्ध विकास संस्थान, लैनचौर, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

स्कीम मिल्क पाउडर आपूर्तिकर्ता M/S Arian Laban Naghshe Jahan Co., Iran बाट उत्पादित धुलो दूध उक्त प्रिन्सीपलको सेल्स पार्टनर फरिदावाद, हरियाणा भारत स्थित को M/S Shasen Foods Pvt.Ltd. मार्फत पैठारी गरि संस्थानको सो धुलो दूध प्राप्त गरेपछि गुणस्तर जाँच परिक्षण पश्चात प्रतित पत्रबाट भुक्तानी हुने गरि निज M/S Shasen Foods Pvt.Ltd. मार्फत आयात गर्न संस्थान र M/S Arian Laban Naghshe Jahan Co., Iran बीच भएको खरिद सम्झौता संशोधन गर्न सक्ने व्यवस्था नभएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र माग गर्दाको अवस्थामा तयार गरिएको बोलपत्र कागजात र त्यसका शर्तहरु Supplier कम्पनीसँग भएको सम्झौता तथा सम्झौताका शर्तहरु समेतको विपरित नहुने गरी सम्झौता अनुसार नै कार्यान्वयन गर्नुपर्ने हुँदा सो सम्बन्धमा सार्वजनिक निकायले नै यकिन गर्नु उपयुक्त हुने।

मितिः २०७४/०४/०९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** नेपाली सेना, प्राप्ती महाशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, सम्भाररथी विभाग, जङ्गी अड्डा ।

**राय माग गरिएको बिषय :**

नेपाली सेना, प्राप्ती महाशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, सम्भाररथी विभाग, जङ्गी अड्डाबाट माग गरिएको उक्त विवरण सम्बन्धमा भारतीय राजदुतावासका 07 July, 2017 का पत्रसाथ संलग्न Goverment of India, Ministry of Commerce & Industry, Department of Commerce को पत्रमा M/S PEC Limited, India को सम्बन्धमा उल्लेख गरेको विवरण प्राप्त हुन आएको हुँदा उक्त कम्पनीसँग G to G प्रकृयाबाट खरिद गर्न कानून सम्मत् हुने वा नहुने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३।११।२५ को निर्णय अनुसार सुरक्षा वा प्रतिरक्षा सामग्री आपूर्ति सम्बन्धी कार्यविधि, २०६४ को दफा १६ बमोजिम गर्न खोजिएको खरिद सरकारबाट सरकारले (G to G प्रकृयाबाट टर्न की आधारमा) सोझै खरिद गर्न स्वीकृति दिएको देखिंदा सरकारबाट सरकारले खरिद गर्ने पक्षलाई दृष्टिगत गरी सार्वजनिक निकायले नै यकिन गर्न उपयुक्त हुने ।

मितिः २०७४/०४/१०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** कृषि विभाग, मत्स्य विकास केन्द्र, पिप्ले हेटौंडा ५, मकवानपुर ।

**राय माग गरिएको बिषय :**

यस कार्यमा संलग्न सम्बन्धित प्राविधिकहरुसँग परामर्श लिंदा बोरिगं सम्पन्न भएपछि इष्टिमेट र सम्पन्नताको आधारमा भुक्तानी दिन सकिने अन्यथा पाइलट होल र लगिग रिपोटको आधारमा मात्र भुक्तानी दिन मिल्ने भनि फरक फरक राय प्राप्त भएकोले भुक्तानीमा द्धिविधा भएका हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र कागजात तथा खरिद सम्झौता बमोजिम तहाँ केन्द्रबाटै निर्णय हुन ।

मितिः २०७४/०४/१०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** केन्द्रीय तरकारी बीउ उत्पादन केन्द्र, खुमलटार, ललितपुर ।

**राय माग गरिएको बिषय :**

केन्द्रीय तरकारी बीउ उत्पादन केन्द्र, खुमलटार, ललितपुरको प.सं.०७४।७५, च.नं. १०, मिति २०७४।०४।०२ पत्रानुसार यस कार्यालयको कार्यक्रम बमोजिम तरकारी उत्पादनका लागि हाइटेक ग्रीनहाउस निर्माण कार्यको टेण्डर आव्हान भई माली निर्माण सेवासँग कार्य सम्झौता भएकोमा उक्त ठेकेदारको कारणले ठेक्का रद्द गर्नुपर्ने अवस्था आएकोमा ऐनको दफा ५९ आकर्षित भएको देखियो तर के कसरी पत्राचार गर्ने र रकम असुली, ऐनको दफा ५९ उपदफा ३ (ख) आकर्षित हुने वा नहुने र थप कारवाहीको प्रकृया के हुने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ तथा खरिद सम्झौता बमोजिम गर्नुहुन साथै ऐन नियमावलीमा स्पष्ट भएको विषयमा त्यहीबाट कार्यान्वयन गर्नुहुन ।

मितिः २०७४/०४/१५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** व्यवस्थापिका संसद सचिवालय, संसद भवन, सिंहदरबार ।

**राय माग गरिएको बिषय :**

फ्रिफेब भवन निर्माण गर्ने सम्बन्धमा सचिवालयले तयार गरेको Bid Document को Section 3 का 4.2.2 a) मा रहेको Prefab Building Construction सम्बन्धी योग्यता राखेकोमा केही निर्माण व्यवसायीले Building Construction नै राख्नु पर्ने भन्ने माग गरेको हुँदा उक्त योग्यतामा राख्न मिल्ने वा नमिल्ने साथै सचिवालयले निर्माण गर्न लागेको समिति सभाकक्ष (फ्रिफेब भवन) को Bid Document मा नेपाल निर्माण व्यवसायी महासंघले सचिवालयका नाममा दिएको निवेदनका सम्बन्धमा सचिवालयले तयार गरेका Section 3 का 4.2.2 (b) को Construction Experience in Key Activities मा उल्लेख भएको BOQ Item मा करिब ८० प्रतिशत हुन आउने परिणाम मात्र कायम गर्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

फ्रिफेब भवन/Prefab Building Construction संरचनात्मक, यान्त्रिक र प्रविधिको दृष्टिले अन्य भवन निर्माणको कार्य भन्दा विलकुल अलग हो, होइन त्यसको ठोस आधार समेत यकिन गरेर मात्र बोलपत्रदाताको विशिष्टिकृत योग्यता आवश्यक पर्ने नपर्ने र कति माग गर्ने भन्ने कुरा यकिन गर्न उपयुक्त हुन्छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावना र ऐनको दफा १०(३) ले विशेष गरेर खरिद प्रकृयामा प्रतिस्पर्धा र समान अवसरको श्रृजना तथा बोलपत्र कागजातमा योग्यताका आधार उल्लेख गर्दा कुनै खासलाई मात्र भाग लिन सक्ने गरी लक्षित गर्ने वा भाग लिन नसकिने गरी विभेद गर्न नहुने स्पष्ट उल्लेख भएको हुँदा Construction Experience in Key Activities मा Pre-fab wall, Tubular Truss र CGI Sheet Proofing को quantity नै define गरी माग गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमूना बोलपत्र कागजात र ऐनको भावना विपरित हुने, नहुने तर्फ पनि सार्वजनिक निकायले ठोस आधार सहित यकिन गर्न उपयूक्त हुने ।

मितिः २०७४/०४/१९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** सहरी विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाई, बबरमहल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्रसाथ प्राप्त कागजातका आधारमा कुनै पनि बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि रहेको नदेखिएकोले बोलपत्रदाता बाहेक अन्यले दिएको उजुरी उपर कुनै कारवाही गर्नुपर्ने वा नपर्ने, Equipment र Manpower का सम्बन्धमा साना तिना भिन्नता मान्न सकिने वा नसकिने साथै प्राविधिक बोलपत्र मूल्याङ्कनमा चित्त नबुझेमा बोलपत्रदाताले आर्थिक बोलपत्र खोल्न आव्हान गरी दिएको सूचनाको अवधि भित्र मात्र वा आशय पत्र प्रकाशन भए पछि सो को अवधि भित्र मात्र वा दुवै अवधिमा उजुरी दिन पाउँछ ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

१. खरिद कारवाहीको निर्णय पुनरावलोकन सम्बन्धमा कस-कसले र कहिले निवदन दिन सक्ने भन्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा (१) मा स्पष्ट व्यवस्था भएकोले थप राय प्रदान गर्न आवश्यक नदेखिएको ।

२. बोलपत्रको मूल्याङ्कन गर्दा कस्तो भिन्नतालाई सानातिना भिन्नता मान्ने भन्ने सम्बन्धमा सानातिना भिन्नताको विषय प्रत्येक बोलपत्र सापेक्ष हुने हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनालाई निर्णयको सैद्धान्तिक मार्गदर्शनको रुपमा लिई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (२) र (३) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (६) मा व्यवस्था भए बमोजिम मूल्याङ्कन समिति तथा निर्णयकर्ताबाट विवेकपुर्ण हुनुपर्ने ।

मितिः २०७४/०४/१९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

अस्पतालसँग गरिएको सम्झैता बमोजिमको भा.रु. ३१,५०,०००।०० र स्थानीय आपूर्तिकर्ताको आफ्नै नाममा प्रतीतपत्र खोल्दा Arthroscopy System, (HD) को भा.रु. १८,४४,०१०।०० मा कम्पनीले आपूर्ति गरेको भए तापनि शल्यक्रियामा प्रयोग हुने उपकरण भएका कारण स्वास्थ्य मन्त्रालयबाट भन्सार कार्यालयको नाममा

भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट गर्न पत्राचार समेत भएकोमा यसबाट अस्पताललाई १ प्रतिशत अर्थात भा.रु. ३१,५००।०० आर्थिक दायित्व लाग्नेमा स्थानीय आपूर्तिकर्ता आफैले प्रतीतपत्र खोली आयात गरेको हुँदा यसरी अस्पताललाई आर्थिक दायित्व परेको छैन भने स्थानीय आपूर्तिकर्ता आफैले पूरा राजस्व भुक्तानी गरी सामान आयात भएकोमा अस्पतालसँग गरिएको सम्झौता बमोजिमको भा.रु. ३१,५००।०० को बाँकी ४० प्रतिशत रकम निर्माण कम्पनीको नाममा भुक्तानी दिने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सामान आपूर्ति र भुक्तानीको पक्ष सम्झौतामा उल्लेखित प्रावधान र शर्त अनुसार कार्यान्वयन गर्ने विषय भएको हुँदा सा अनुसार सार्वजनिक निकायले नै ठोस आधार सहित यकिन गर्ने तथा देहायका विषयहरुमा कार्यालयको ध्यानाकर्षण समेत गराइएको छ ।

(१) Arthroscopy Unit खरिदका लागि बोलपत्र आव्हान भई २०७१।१०।२३ मा नै प्रस्ताव प्राप्त भएको तर Bid Validity Period भित्र निर्णय प्रकृया नटुङ्गिाई ६ महिना पछि मात्र आशय पत्र जारी गरी सम्झौता गरेको देखियो ।

(२) २०७२ श्रावण २५ गते The Medical Solution (P) Ltd. सँग गरेको सम्झौतालाई दृष्टिगत गर्दा २०७२ कार्तिक मसान्त भित्र नै सामान आपूर्ति भइ सक्नुपर्नेमा एक वर्ष भन्दा बढी अवधि सम्म सामान आपूर्ति ढिलाई हुँदा पनि कार्यालयको तर्फबाट कुनै ठोस कुनै कारवाही भएको नदेखिएको।

(३) सामान आपूर्तिको लागि मिति २०७२।०४।२५ गते The Medical Solution (P) Ltd. सँग भएको सम्झौताको प्रकृया पुरा नहुँदै सम्झौताको १७ महिना पछि फेरि त्यही विषयमा खरिद ऐन/नियमको प्रावधान विपरीत मिति २०७३।०९।२८ नयाँ सम्झौता गरी शर्त विपरीत कार्यहरु गरेको देखियो । नयाँ सम्झौता कुन प्रकृयाबाट भयो यकिन नभएको ।

(४) मिति २०७२।०४।२५ गते भएको सम्झौता अनुसार सामान आपूर्ति भएको नदेखिएको र सम्झौता समेत बिचैमा त्यतिकै प्रकृया विहीन अवस्थामा रहेको देखिएकोले सो सम्झौता अनुसार भुक्तानी भएको ६० प्रतिशत रकम समेत अशुल उपर गर्नुपर्ने अवस्था देखिन आएको सन्दर्भमा बाँकी ४० प्रतिशत भुक्तानी गर्ने भन्ने प्रश्न उठने हुदैन ।

(५) मिति २०७२।०४।२५ गते त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल र The Medical Solution (P) Ltd. बीच भएको सम्झौतामा Arthroscopy Unit आपूर्तिका लागि भा .रु.३१,५००।०० मा सम्झौता भएकोमा आपूर्तिकर्ताले कसरी भा .रु.१८,४४,०१०।०० मा आपूर्ति गरेको हो यस पक्ष बारे यर्थाथ वस्तुस्थितिको अध्ययन गर्न समेत जरुरी देखिएको ।

मितिः २०७४/०४/२२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** नेपाली सेना, नेपाल क्याभल्री, नारायणहिटी व्यारेक ।

**राय माग गरिएको बिषय :**

बोलपत्र तयार गर्दा यस क्याभल्रीले दानाघाँस खरिद कार्यको लागि तयार भएको लागत अनुमान रकमको पचास प्रतिशत रकम Bid Data Sheet को दफा नं. ५.१ मा उल्लेख नगरी बोलपत्र तयार गर्ने र बोलपत्रदाताको विगत ३ वर्षको कारोबार मध्ये एक वर्षको सबैभन्दा राम्रो कारोबारको न्यूनतम् रकम उल्लेख गर्न

बोलपत्रदातालाई निर्देशन दिई सो रकम लागत अनुमानको पचास प्रतिशत भए/नभएको बोलपत्र मूल्याङ्कनको क्रममा मूल्याङ्कन गर्ने अथवा सो बाक्यको अन्य कुनै आशय हो भन्ने सम्बन्धमा द्विविधा पर्न गई बोलपत्र तयार गर्न कठिनाई भएको हुँदा सो सम्बन्धमा राय माग गरिएको।

**राय परामर्श :**

राशनमा Annual Turnover आवश्यक परी माग गर्नुपर्दा नमूना बोलपत्र कागजातको Bid data sheet को दफा नं. ५.१ मा विगत ३ वर्षको कारोबार मध्ये १ वर्षको सबैभन्दा राम्रो कारोबार रकम लागत अनुमानको न्यूनतम पचास प्रतिशत भन्ने तोकिएको हुँदा कार्यालयले आवश्यक्ता अनुसार सो भन्दा बढी पनि तोक्न सक्ने स्थिति भएकोले सो को आधारमा लागत अनुमानको रकम यकिन नहुने भएकोले यसमा समस्या नदेखिएको ।

मितिः २०७४/०४/३२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** जिल्ला प्राविधिक कार्यालय, काभ्रेपलाञ्चोक ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिम गठित दररेट निर्धारण समितिबाट जिल्ला दररेट निर्धारण गर्ने व्यवस्था भएको साथै हालै जारी भएको स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४(क) ९ को उपदफा २१ मा गाउँपालिका वा नगरपालिका क्षेत्र भित्र संचालन हुने कार्यक्रमहरुमा स्थान विशेषको आधारमा लागत कायम हुने गरी निर्माण सामाग्री तथा ज्यालाको दररेट निर्धारण गर्ने व्यवस्था भएको कारण द्विविधा उत्पन्न भएको हुँदा सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ दफा ६६ मा "स्थानीय तहको सार्वजनिक खरिद प्रकृया सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ" भन्ने व्यवस्था समेत भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिम गठित दररेट निर्धारण समितिले जिल्ला दररेट निर्धारण गर्ने विषयमा कुनै किसिमको द्विविधा नरहेको ।

मितिः २०७४/०५/०६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालय दरबारमार्ग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली, २०६४ (पाचौं संशोधन, २०७३।११।२६) को नियम ३१च अनुसार ऐनको दफा १५ बमोजिम पाँच अर्ब रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य सम्बन्धी अन्तराष्ट्रिय स्तरको बोलपत्रमा नेपाली बोलपत्रदाता पनि संयुक्त उपक्रम गरी सहभागी हुनुपर्ने देखिन्छ, तर PPMO को SBD (ICB) को प्रावधान BDS-ITB 4.1 (a) माथिको दायरामा रहेको अन्तराष्ट्रिय स्तरको बोलपत्रमा ITB 4.1 (a) " In the case of JV:" को हकमा मात्र लागु हुने देखिएकोले International (Foreign) एकल Bidder सहभागी हुन मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

Standard Bidding Document (ICB, Single Stage Two Envelope) को ITB 4.1 (a) तथा BDS को 4.1(a) मा उल्लेख गरिएको विषय सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१.च बमोजिमको व्यवस्था कार्यान्वयनको लागि गरिएकोले थप स्पष्ट गर्न आवश्यक नदेखिएको ।

मितिः २०७४/०५/१५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** वाणिज्य विभाग, बबरमहल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

वाणिज्य विभाग, बबरमहल, काठमाडौंको प.सं.०७४।७५, च.नं.८१, मिति २०७४।०५।०६ पत्रानुसार यस विभागले चालु आ.व. ०७४।७५ मा खरिद गर्न लागेको मसलन्द कार्यालय सामान तथा छपाइका सामानहरु खरिद गर्ने शिलसिलामा शिलबन्दी दरभाउपत्र माग गरि दर्ता हुन आएका ८ (आठ) वटा फारमहरु प्रतिनिधिहरुको रोहवरमा खोलिएकोमा ती मध्ये पि फोर सप्लायर्स नामक फर्मले पेश गरेको BOQ को आइटमवाइज दररेटमा अंक मात्र उल्लेख गरेको तर अक्षरमा उल्लेख नगरेकोले सो फर्मलाई मूल्याङ्कन प्रकृयामा समावेश नगराउनुहुन भनी शिलबन्दी दरभाउपत्र पेश गर्ने अर्को फर्म यूनिभर्सल ट्रेड एण्ड सप्लायर्सले निवेदन समेत दिएको अवस्थामा त्यसरी अक्षरमा दररेट उल्लेख नगर्ने फर्मलाई मूल्याङ्कन प्रकृयामा समावेश गर्न सकिने वा नसकिने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (९) मा बोलपत्रदाताले बोलपत्रमा उल्लेख गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ भन्ने उल्लेख भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को आशय बोलपत्रदाताले बोलपत्रमा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्ने देखिएको साथै प्रस्तुत बोलपत्र सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ अनुसार आचरण विपरीत कुनै किसिमको मिलोमतो भए नभएको एकिन गर्न समेत उपयुक्त हुने।

मितिः २०७४/०६/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, पर्सा ।

**राय माग गरिएको बिषय :**

Bidding Document को ITB Clause 12 बमोजिम र Section 4 मा उपलब्ध गराईएको Letter of Bid उल्लेख भए बमोजिम बोलपत्रदाताले आफ्नो Letterhead मा Letter of Bid पेश नगरी Sample Bid Form नै भरी पेश गरेको बोलपत्रलाई मान्यता दिन सकिने वा नसकिने तथा Sample Bid Form लाई मान्यता दिन सकिने भएको अवस्थामा उक्त Bid Form मा कुन कामका लागि बोलपत्र पेश गरेको हो नखुलेको, कति रकममा बोलपत्र कबोल गरेको हो नखुलेको, बोलपत्रको मान्य कति हो नखुलेको, बोलपत्रमा Discount छ छैन नखुलाएकोलाई मान्यता दिन मिल्ने वा नमिल्ने? सो सम्बन्धमा राय माग गरिएको।

**राय परामर्श :**

बोलपत्रदाताले आफ्नो Letterhead मा Letter of Bid छुट्टै पेश नगरी बोलपत्र कागजातमा रहेको Letter of Bid मा बोलपत्रदाताले दस्तखत र फर्मको छापलाई BOQ Form मा दररेट भरी बोलपत्र पेश गरेको अवस्थामा फर्मको छाप र दस्तखत Verification गरी सम्बन्धित बोलपत्रदाता भएको अवस्थामा त्यस्ता बोलपत्रदाताको बोलपत्रलाई मूल्याङ्कन गर्न नमिल्ने भन्न नसकिने ।

मितिः २०७४/०६/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** उद्योग विकाश शाखा, खलंगा जाजरकोट ।

**राय माग गरिएको बिषय :**

बोलपत्रदाताहरु खड्का निर्माण सेवा, चिसापानी ०३, बाँके र मल्ल कन्स्ट्रक्सन, नारायन न.पा. ०२, दैलेखको आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा :- १) मल्ल कन्स्ट्रक्सन, नारायन न.पा. २, दैलेखले यस अघि प्राविधिक प्रस्तावमा छुट प्रस्ताव पेश गरेको तर आर्थिक प्रस्तवमा उक्त छुट प्रस्ताव समावेश नगरेको हुँदा छुट प्रस्तावलाई आर्थिक प्रस्ताव मसल्याङ्कन गर्दा समावेश गर्ने वा नगर्ने ? २) खड्का निर्माण सेवा, चिसापानी ०३, बाँकेले यस अघि प्राविधिक प्रस्ताव पेश गरेको BOQ को पाना नं.२ को दररेट र हाल आर्थिक प्रस्तावमा पेश गरेको BOQ पाना नं.२ को दररेट फरक परेको हुनाले आर्थिक प्रस्तावमा पेश गरेको पानालाई समावेश गर्ने कि प्राविधिक प्रस्तावमा पेश गरेको पानालाई समावेश गर्ने ? ३) खड्का निर्माण सेवा, चिसापानी ०३, बाँकेले ई-विड मार्फत पेश गरेको BOQ को पाना नं.१३ मा सहि छाप नगरेको र बाँकी पाना नं. १४, १५, १६ र १७ पानाहरुमा छाप र प्रतिनिधिको हस्ताक्षर स्क्यान गरि पेश गरेको हुँदा उक्त पानाहरुलाई आर्थिक मूल्याङ्कनमा समावेश गर्ने कि नगर्ने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

आर्थिक प्रस्ताव र प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही हुने र प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गर्ने प्रकृया समेत सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) मा प्रकृयागत रुपमा उल्लेख भएकै छ । कुन कागजात सम्बन्धित र कुन कागजात असम्बन्धित भन्ने विषयमा यस कार्यालयबाट मिति २०७४।03।१३ मा राय प्रदान भैसकेको छ । खड्का निर्माण सेवाले पेश गरेको प्रस्तावको आइटम नं. ८, १० मा केरमेट भई दस्तखत नभएको आइटम नं. २३ मा ८००० मा ० (शुन्य) थप गरे जस्तो बनाई Eight लाई Eighty गरे जस्तो देखिने तर सहिछाप र मुचुल्कामा उल्लेख भएको नदेखिंदा यस सम्बन्धमा छानवीन गर्ने तथा मुचुल्कामा दस्तखत गर्नेहरु सबैलाई सूचना दिई दस्तखत र कागजात Verification गरी मिलोमतो भए नभएको यकिन गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३, २४ र २५ बमोजिम गर्न उपयुक्त हुने।

मितिः २०७४/०६/२५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** नापी विभाग, मिनभवन, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

(१) प्याकेज नं.३ का लागि दर्ता भएका ४ वटा बोलपत्रहरु मध्ये बोलपत्रदाता नेयोटेरिक नेपाल प्रा.लि.को बोलपत्रमा बोलपत्र सम्बन्धी कागजात (Bidding Documents) को Bid Submission form को Discount

offer मा N/A उल्लेख गरी सहिछाप गरेको साथै आफ्नो फर्मको Letter Head मा तयार गरेको Bid Submission form मा समेत N/A उल्लेख गरी सहिछाप गरेको तर बोलपत्र साथ संलग्न छुट्टै Discount Letter मा रु. २,२१,३०५।५०।- छुट दिने प्रस्ताव गरेको अवस्थामा उक्त छुटलाई गणना गर्ने वा नगर्ने ?

(२) प्याकेज नं. ६ का लागि दर्ता भएका ९ वटा बोलपत्रहरु मध्ये बोलपत्रदाता स्टार अफिस इन्टरनेशनलले बोलपत्र सम्बन्धी कागजात (Bidding Documents) को मूल्यसूचि (Price Schedule For Goods) मा रु. ८३,६८,७८०।- कबुल अंक उल्लेख गरेको तर Bid Submission form मा केही नभरी सहिछाप गरेको तथा छुट्टै तयार गरेको Bid Submission form मा कबुल अंक भरेतापनि सहिछाप नगरेको अवस्थामा उक्त कबुल अंकलाई मान्यता दिई मूल्याङ्कनमा समावेश गर्ने वा मान्यता नदिएर मूल्याङ्कनमा समावेश नगर्ने ? सो सम्बन्धमा द्धिविधा पर्न गएकोले राय माग गरिएको ।

**राय परामर्श :**

बोलपत्रदाताले पेश गरेको बोलपत्रको Bid Submission Form र Letter Head मा समेत Discount Offer N/A उल्लेख गरेको देखिएकोले निम्न विषयलाई दृष्टिगत गरी सार्वजनिक निकायले नै एकिन गर्न उपयुक्त हुने ।

(१) Discount Letter समावेश गरेको सम्बन्धमा बोलपत्र कागजातमा सो बारे उल्लेख गरेको नगरेको।

(२) शिलबन्दी बोलपत्र फाराम खोलेको मुचुल्कामा नेयोटेरिक नेपाल प्रा.लि. ले पेश गरेको बोलपत्रको हकमा Discount सम्बन्धमा पहिला छैन उल्लेख गरी पछि केरमेट गरी छुट उल्लेख गरेको जस्तो देखिएको तर केरमेटमा दस्तखत गरेको नदेखिएकोले यस सम्बन्धमा के भएको हो आन्तरिक छानवीन गरी पहिला सो विषयमा एकिन गरेर मात्र निर्णय गर्न उपयुक्त हुने ।

(३) मिति २०७४।५।०८ मा बोलपत्र खोल्दा मुचुल्कामा दस्तखत गरेका सबैलाई उपस्थितिको सूचना दिई ति सबै उपस्थिति जनाउनेहरुबाट उक्त विषयमा (मुचुल्कामा केरमेट गरी Discount उल्लेख गरेको) Re-confirm गराई सो लाई आधार बनाउने ।

मितिः २०७४/०६/२९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

यस अस्पतालबाट सार्वजनिक सूचना प्रकाशन गरी Syringe Pump को दरभाउपत्र आव्हान गरिएको थियो । उक्त दरभाउपत्रमा MES International ले डोर डेलिभरीबाट आपूर्ति गर्न प्रति Syringe Pump को रु. ७७,१४०।०० का दरले १० थानको रु. ७,७१,४००।०० कबोल गरेको तर भ्याट बाहेक वा भ्याट सहित भनी यकिन हुन नसकेकोले अस्पष्ट भएको विषयमा कबोल रकममा संशोधन नहुने गरी भ्याट सहित वा भ्याट बाहेकको रकम भनी आपूर्तिकर्ताबाट लिखित जानकारी माग गर्न सकिने वा नसकिने ? सो सम्बन्धमा द्धिविधा पर्न गएकोले राय माग गरिएको ।

**राय परामर्श :**

१. बोलपत्रदाताले मूल्य अभिवृद्धि कर लगायत सम्पूर्ण खर्चहरु सहित कुल मूल्य प्रस्तावित गर्नुपर्ने हुँदा प्रस्तावित मूल्यमा मूल्य अभिवृद्धि कर समावेश हुने ।

२. सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र कागजात प्रयोग भएको नदेखिएकोले त्यस तर्फ पनि सार्वजनिक निकायको ध्यानाकर्षण गराइएको छ ।

मितिः २०७४/०६/२९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, बैतडी ।

**राय माग गरिएको बिषय :**

शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, बैतडीको च.नं.१५२, मिति २०७४।०६।०४ को पत्रानुसार खाम्पाचे निर्माण सेवा प्रा.लि. सार्वजनिक खरिद ऐन, २०६३ को २७(३) बमोजिम १५ दिने अवधि भित्र सम्झौता गर्नको लागि आए पनि सो अवधिमा उक्त कम्पनी कालो सूचीमा रहेको र उक्त फर्मले १५ दिनको अवधि सम्म पनी कालो सूचीबाट हटेको प्रमाण पुर्याइ सम्झौता गर्न नियम ६३(२) बमोजिम योग्य नभएकोमा उक्त अवधि पश्चात खरिद ऐनकै २७(६) बमोजिम पुनः अर्को प्रभावग्राही बोलपत्रदाताहरुको नाममा बोलपत्र आशय निकालिएको सम्बन्धमा फेरी पहिलो हुने बोलपत्रदाता कानुन बमोजिम योग्य भई कालो सूचीबाट हटिसकेको कारण सोही बोलपत्रदाता खाम्पाचे निर्माण सेवा प्रा.लि. सँग सम्झौता गर्नुपर्ने वा सो बोलपत्रदातालाई २७(३) बमोजिम दिएको समय समाप्त भइसकेको र आशय पत्र समेत दिइसकेको दोश्रो हुने बोलत्रपदातालाई सम्झौता गर्न आउने पत्र प्रेषित गरी खरिद सम्झौता गर्नुपर्ने द्विविधा भएकोले राय माग गरिएको ।

**राय परामर्श :**

श्री खाम्पाचे निर्माण सेवा प्रा.लि.लाई मिति २०७४।०३।२८ मा यस कार्यालयबाट कालो सूचीमा राखिएको र श्री सम्मानिनत सर्वोच्च अदालतको मिति २०७४।०४।०६ का आदेश अनुसार कालो सूचीमा राख्ने निर्णय तत्कालको लागि यथास्थितिमा राख्ने गरी स्थगत गर्ने अन्तरिम आदेश जारी भएपछि उक्त कम्पनी कालो सूचीमा रहने विषय हाल स्थगन भएकोले यस कार्यालयबाट कालो सूचीमा राखेको निर्णय र सर्वोच्च अदालतको कालो सूचीमा राख्ने कार्य स्थगन गर्ने अन्तरिम आदेश बमोजिम गर्न उपयुक्त हुने।

मितिः २०७४/०७/०६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** अख्तियार दरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२ अनुसार ठूला र जटिल भनी निर्धारण गरेको निर्माण कार्य अन्तर्गत के कस्ता कार्यलाई समावेश गरिएको छ र माटो पुर्ने जस्तो कार्यलाई जटिल कार्यको रुपमा परिभाषित गरेको छ वा छैन ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

यस कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२ को उपदफा (१) अनुसार हालसम्म ठूला र जटिल निर्माण कार्य भनि तोकि नसकेको तर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ को उपनियम (४) अनुसार दुई करोड रुपैंया सम्मको लागत अनुमान भएको विद्युत गृह, टर्वाइन, पुल, सुरुङमार्ग, रेलमार्ग,

रञ्जुमार्ग, केवलकारमार्ग, बहुतले भवन वा सडक मार्ग जस्ता निर्माण कार्यलाई जटिल वा विशेष प्रकृतिको कार्यको रुपमा सैद्धान्तिक आधार तोकिएको ।

सार्वजनिक खरिद ऐन, २०६३ अनुसार ठूला र जटिल निर्माण कार्य भनि तोक्ने अधिकार सार्वजनिक खरिद अनुगमन कार्यालयलाई मात्र दिएको देखिएको र प्रस्तुत सन्दर्भमा माटो पुर्ने प्रकृतिको निर्माण कार्यलाई जटिल निर्माण कार्यको रुपमा उल्लेख गर्न सकिने कुनै प्रसंगिक आधार नदेखिएको ।

मितिः २०७४/०७/२२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, कास्की ।

**राय माग गरिएको बिषय :**

१) सार्वजनिक खरीद ऐन, २०६३ र पोखरा विश्वविद्यालय खरीद नियमावली २०७२ (संशोधन सहित) नियम ३१ ख मा कम्तिमा कति वटा उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताले सूचि दर्ताको लागि निवेदन दिएमा उक्त शिलबन्दि निवेदन खोली खरीद कारवाही अगाडि बढाउन सकिन्छ ?

२) उत्पादक वा अधिकृत विक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिबाट खरीद गर्ने कार्यविधिक २०७४ को दफा १२ बमोजिम कार्यालयमा दर्ता भएका उत्पादक कम्पनी वा त्यसको अधिकृत/आधिकारीक बिक्रेताले पेश गरेको स्पेशिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको (क्याटलग वा ब्रोसर) हेरी समान स्पेशिफिकेशन र गुणस्तर भएका उत्पादक कम्पनी वा त्यसको अधिकृत/आधिकारीक बिक्रेताहरुको मूल्याङ्कन गरी सुचि तयार गर्नको लागि सार्वजनिक खरिद ऐन, २०६३ ले व्यवस्था गरे अनुसारको मूल्याङ्कन समितिबाट नै मूल्याङ्कन गर्न सकिने वा नसकिने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सवारी साधन खरिदको लागि उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिबाट हुने खरिदमा उत्पादक कम्पनी वा त्यसको आधिकारीक विक्रेताको कतिवटा प्रस्ताव प्राप्त हुनुपर्छ भन्ने विषय प्रष्ट उल्लेख भइनसकेको अवस्थामा प्रतिस्पर्धालाई सुनिश्चित हुने गरी एकिन गर्न उपयुक्त हुने ।

मितिः २०७४/०७/२७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** नरदेवी आयुर्वेद चिकित्सालय, नरदेवी काठमाडौं ।

**राय माग गरिएको बिषय :**

कार्यालय प्रमुखबाट सम्झौताको लागि बोलाउने निर्णय भइ सकेको अवस्थामा सम्झौताको लागि ती दरभाउपत्रहरुलाई बोलाउने सन्दर्भमा एउटा फर्म मु.अ. करमा दर्ता भएको र चारवटा फर्मको मु.अ. करमा दर्ता नभै प्यान दर्ता मात्र भएको कारणले मु.अ. कर नलाग्ने आयुर्वेदिक औषधि खरिद गर्नको लागि सम्झौताको कारवाही अगाडि बढाउन सकिन्छ कि सकिदैन ? सो सम्बन्धमा राय माग गरिएको।

**राय परामर्श :**

संलग्न कागजात अनुसार शिलबन्दी दरभाउपत्र मिति २०७४।०७।०६ मा स्वीकृत नै गरिसकेको देखिएकोले यसमा थप राय उल्लेख गर्नुपर्ने आवश्यक नदेखिएको मूल्य अभिवृद्धि कर सम्बन्धमा सार्वजनिक खरिद

नियमावली, २०६४ को नियम १९ को उपनियम २ को (ख) लाई दृष्टिगत गरी थप जानकारीको लागि आन्तरिक राजस्व विभागमा सम्पर्क राख्न उपयुक्त हुने ।

मितिः २०७४/०७/२७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** राष्ट्रिय विधि-विज्ञान प्रयोगशाला, खुमलटार, ललितपुर ।

**राय माग गरिएको बिषय :**

श्री रानी सति ट्रेडिङ्ग कन्सर्नले उपलब्ध गरेको बोलपत्र अनुसारको सामाग्रीहरु प्रयोगशालाको लागि आवश्यक भएको Quantifiler Trio Kit को लागि Compatible नरहेको तथा उक्त बोलपत्रदाता नै सो कामको लागि Authorized agent नभएको भन्ने आशयको जानकारी उत्पादक कम्पनीको तर्फबाट प्राप्त भएको अवस्थामा कम कबोल अंक भएको उक्त बोलपत्र अस्वीकृत गरि रु. ३१,२५,२८९|- ले बढी कबोल अंक (जुन स्वीकृत लागत अनुमान भित्रै रहेको) भएको बोलपत्र स्वीकृत गर्न मिल्छ कि मिल्दैन ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) र (३) दफा २५ को उपदफा (२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (६) लाई समेत दृष्टिगत गरी सार्वजनिक निकायले नै निर्णय गर्न उपयुक्त हुने ।

मितिः २०७४/०८/०७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** झिमरुक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मच्छी, प्यूठान ।

**राय माग गरिएको बिषय :**

दरभाउपत्रदाताले मिति २०७४|५|२५ गते कबोल अंकको रकम भन्दा बढी रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको र विविध कारणले गर्दा कुनै पनि फर्मको दरभाउपत्र स्वीकृत हुन नसकेको, सोही कामको लागि मिति २०७४|०६|२९ गते दोश्रो पटक प्रकाशित शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना अनुसार पर्न आएको एक मात्र शिलबन्दी दरभाउपत्रमा तोकिएको धरौटी रकम दरभाउपत्र दाखिला/दर्ता गर्ने अवधिको बैंक जम्मा भौचर वा बैंक ग्यारेन्टी कुनै पनि समावेश नगरी उक्त दरभाउपत्रदाताले प्रथम पटक प्रकाशित सूचना अनुसार धरौटी वापत रकम जम्मा गरेको बैंक भौचरको प्रतिलिपि समावेश गरेको कारण उक्त भौचरलाई आधार मानि अन्य नियम पुगेमा बोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

शिलबन्दी दरभाउपत्रका लागि कार्यालयले बैंक जमानत वापत माग गरेको रकम बैंक जमानत वा सोही प्रयोजनका लागि कार्यालयले तोकेको धरौटी खातामा जम्मा गरेकोभौचर पेश गरेको हो, होइन एकिन गरी प्रकृयामा जान उपयुक्त हुने।

मितिः २०७४/०८/०७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** नापी विभाग, मिनभवन, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

प्याकेज नं. ३ का लागि दर्ता भएका ४ वटा बोलपत्रहरु मध्ये बोलपत्रदाता नेयोटेरिक नेपाल प्रा.लि.को बोलपत्रमा बोलपत्र सम्बन्धी कागजात (Bidding Documents) को Bid Submission form को Discount offer मा N/A उल्लेख गरी सहिछाप गरेको साथै आफ्नो फर्मको Letter Head मा तयार गरेको Bid Submission form मा समेत N/A उल्लेख गरी सहिछाप गरेको तर बोलपत्र साथ संलग्न छुट्टै Discount Letter मा रु. २,२१,३०५।५० छुट दिने प्रस्ताव गरेको । सो कुरा बोलपत्र खोलेको समयमा उपस्थित सबै बोलपत्रदाता प्रतिनिधिहरुलाई जानकारी गराउनुका साथै मुचुल्कामा समेत उल्लेख गरिएको । यस अवस्थामा उक्त छुटलाई गणना गर्ने वा नगर्ने ? सो सम्बन्धमा द्विविधा पर्न गएकोले राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा २ को (ख) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (६) मा उल्लेखित व्यवस्थालाई दृष्टिगत गरी सार्वजनिक निकायले नै यस सम्बन्धी निर्णय गर्न उपयुक्त हुने ।

मितिः २०७४/०८/११

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, नक्साल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

अन्तराष्ट्रिय स्तरको बोलपत्र (ICB) आव्हान गरी झिकिएका सामानहरु अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौंमा प्राप्त भएको हुँदा उक्त खरिद सम्झौता तथा बोलपत्र सम्बन्धी कागजातमा भएका उल्लेखित प्रावधानका बावजुत आपूर्तिकर्ताले नेपाल भित्र दायित्व सिर्जना हुने सम्पूर्ण कर तथा महसुल खरिदकर्ताले नै बहान गर्नुपर्ने भनि अडान लिएको हुँदा नियमानुसार को कसले भन्सार तिर्नुपर्ने हो ? यदि आपूर्तिकर्ताले नै उक्त महसुल तिर्नुपर्ने हो भने उक्त अवस्थामा आपूर्तिकर्ताले भन्सार नतिर्ने अडान लिएमा के कस्तो कानुनी प्रकृयाबाट अगाडि बढाउन सकिन्छ ? सो सम्बन्धमा द्विविधा पर्न गएकोले राय माग गरिएको ।

**राय परामर्श :**

प्रस्तुत विषय सम्झौता भई सम्झौता कार्यान्वयनको चरणमा देखिएकोले बोलपत्र कागजात र सम्झौतामा उल्लेखित प्रावधानलाई दृष्टिगत गरी सार्वजनिक निकायले नै एकिन गर्न उपयुक्त हुने ।

मितिः २०७४/०८/१२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** सिद्धार्थनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिद्धार्थनगर, रुपन्देही ।

**राय माग गरिएको बिषय :**

"Detailed Plan Development/Design of Gate and Park of Siddharthanagar Muncipality" कार्यको लागि 30 October 2017 मा Expression of Interest को सूचना जारी गरिएकोमा Detail TOR with EOI Template को Hard Copy छ वटा परामर्शदाताले यस कार्यालयमा निवेदन पेश गरी बुझि लिएको र सोही अनुसार प्रस्ताव

दर्ता हुन आएको तर एउटा फर्मले निवेदन पेश गरी बुझी नलगेको Detail TOR with EOI Templete प्रस्ताव पेश हुन आएको हुँदा निज परामर्शदाताको प्रस्तावलाई मूल्याङ्कनमा समावेश गर्न सकिने वा नसकिने ? सो सम्बन्धमा राय माग गरिएको।

**राय परामर्श :** Expression of Interest (EOI) को कागजपत्र सार्वजनिक निकायबाट वा विद्युतीय माध्यमबाट निशुल्क प्राप्त गर्न सकिने हुँदा तहाँ कार्यालयबाटै जारी गरिएको EOI हो/होइन एकिन गरि तहाँ कार्यालयबाटै जारी गरिएको भए मान्यता दिने ।

मितिः २०७४/०८/१४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** पशु क्वारेन्टाईन कार्यालय, वीरगंज ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन: २०६३ र नियमावली २०६४ को नियम ६० को उपनियम ग र घ अनुसार निज बोलपत्रदाताहरुले अधुरा कागजात पेश गरेको कारणले उक्त बोलपत्रलाई eligible मान्ने कि नमान्ने द्विविधा भएको साथै यस कार्यालयबाट जारी गरिएको bid document को instruction to bidder को सि.नं. २१ मा sealing and marking of bids को २१.१ b(iii) अनुसार नभएको अवस्थामा उक्त बोलपत्रहरुलाई eligible मान्ने कि नमान्ने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५९ को उपनियम (४) (छ) मा बोलपत्र खोल्दा मुचुल्कामा बोलपत्र फारम (letter of Bid) मा सहिछाप र दस्तखत भए नभएको उल्लेख गर्नुपर्ने व्यवस्थाबाट बोलपत्रदाताले letter of Bid अनिवार्य रुपमा पेश गर्नुपर्नेमा द्विविधा नदेखिने साथै यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजातमा विद्युतीय माध्मबाट बोलपत्र दाखिला गर्दा पनि letter of Bid पेश गर्नुपर्ने स्पष्ट रुपमा उल्लेख भएकोले थप राय प्रदान गर्न आवश्यक नदेखिने ।

मितिः २०७४/०८/१४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, स्वयम्भु, हलचोक, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

Standard Bidding Document को नमूना अनुरुप योग्यता निर्धारण गरेको । पूर्वको बैठक (Pre-bid Meeting) मा बोलपत्रदाताहरुले गरेका गुनासा अनुसार कार्यालय संशोधन र स्पष्टता गरेको । सो संशोधन पश्चात समेत गुनासाहरु प्राप्त भएकोले कार्यालय तर्फबाट संशोधन गरिएको । मूल्याङ्कनको क्रममा पत्र पत्रीकामा संशोधन गैर कानूनी भन्ने गुनासाहरु प्राप्त भएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र पेश गर्ने अवधि भित्रै कुनै संशोधन गर्नु परेमा संशोधन गर्न सक्ने तर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (३) अनुसार यसरी संशोधन गरेको विषय वा स्पष्ट गर्न वा संशोधन गर्न राष्ट्रिय स्तरको बोलपत्रको हकमा बोलपत्र पेश गर्ने

अवधि भित्रै राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन पनि गर्नुपर्ने व्यवस्था समेत भएको हुँदा उक्त कानूनी व्यवस्थालाई समेत दृष्टिगत गरी निर्णय गर्न उपयुक्त हुने ।

मितिः २०७४/०८/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** भूमिसुधार तथा व्यवस्थापन विभाग, आन्तरिक प्रशासन शाखा, बबरमहल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

मेकानिकल इन्जिनियरबाट तयार पारिएको स्पेशिफिकेशन स्वीकृत गरी राष्ट्रिय स्तरको बोलपत्र आव्हान गरे पश्चात एक मात्र बोलपत्र पेश हुन आएकोमा मूल्याङ्कन समितिबाट प्रतिस्पर्धा सिमित हुन गई बोलपत्र रद्द गर्ने सिफारिस भएको र मूल्याङ्कन समितिको सदस्यले प्रतिस्पर्धा सिमित भए, नभएको यकिन हुन साथै स्पेशिफिकेशनको आधारमा प्रतिस्पर्धा सिमित हुन गए, नगएको मापन पर्ने आधिकारीक आधार प्रमाण यकिन गर्न द्विविधा भएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा (४) को उपदफा (४), १० को उपदफा (३) र (४), सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (४) मा भएको व्यवस्था समेतलाई विश्लेषण गरी तहाँ विभागबाटै निर्णय हुन उपयुक्त हुने ।

मितिः २०७४/०९/११

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** धनकुटा नगर कार्यपालिका, उद्योग विकास शाखा, धनकुटा ।

**राय माग गरिएको बिषय :**

विद्युतीय खरिद प्रणाली (e-GP) मार्फत अनलाईनबाट मात्रै BID गर्न मिल्ने गरी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोमा सगरमाथा सुदिक्षा थुलुङ्ग जेभी दुवैको कागजात आ-आफ्नो बोलपत्र ID बाट अपलोड हुनुपर्नेमा सो नभई जेभी मध्येको १ वटा ID बाट मात्र दुवैको कागजात अपलोड भएको लिखित जानकारी बोलपत्रदाताले समयमा नै कार्यालयलाई गराएकोले उक्त बोलपत्रलाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

बोलपत्रदाताले प्रणाली मार्फत बोलपत्र पेश गर्दा संयुक्त उपक्रम (Joint Venture) को हकमा विद्युतीय खरिद प्रणाली निर्देशिका, २०७४ को दफा १६ को उपदफा (६) अनुसार गर्नुपर्ने हुँदा सोही अनुसार कार्यान्वयन गर्न उपयुक्त हुने।

मितिः २०७४/०९/१२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय** : श्री विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुर ।

**राय माग गरिएको बिषय :**

यस आयोगबाट उच्च शिक्षा सुधार परियोजनामा सहभागी उच्च शिक्षा संस्थाहरुलाई स्रोत परिचालन अनुदान उपलब्ध गराउने व्यवस्था अन्तर्गत दातृ निकायसँग छलफलका आधारमा उपभोक्ता समिति मार्फत निर्माण

कार्य गराउन सहमति दिन उपयुक्त नहुने निष्कर्ष अनुसार काम कार्यवाही भैरहेकोमा काठमाडौंमा शिक्षा क्याम्पसले राज्यका अन्य निकायबाट सहयोग लिंदा क्याम्पस संचालक समितिका अध्यक्षको संयोजकत्वमा गठित उपभोक्ता समिति मार्फत काम सम्पन्न गरी सोको फछ्र्यौट गर्ने गरेकोले यस आयोगबाट मात्र किन क्याम्पस संचालक समितिलाई उपभोक्ता समिति मान्न नसकिने भन्ने कारण उल्लेख गरी सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

क्याम्पस संचालक समिति र कार्यकारी बोर्ड नीति निर्देशन गर्ने निकाय समेत भएको हुँदा निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट खरिद गर्ने प्रयोजनका लागि क्याम्पस संचालक समितिलाई उपभोक्ता समिति वा लाभग्राही समुदायको रुपमा मान्न नसकिने ।

मितिः २०७४/०९/१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, स्वयम्भु, हलचोक, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

प्राविधिक उपसमितिले बोलपत्रदाताहरुले बोलपत्र पेश गरेका Catalogue लगायतका प्राविधिक पक्षहरुको अध्ययन गर्दा अन्य Parameter Specification बमोजिम रहेको Gross Vechile Weight(GVW) मा फरक परेको तर बोलपत्रको Specification महलमा Comply उल्लेख गरेको भनी प्रतिवेदनमा समावेश गरेको हुँदा बोलपत्रको मूल्याङ्कन गर्ने क्रममा यस कार्यालयको Specification सँग बोलपत्रदाताहरुको बोलपत्रसाथ पेश गरेका सवारी साधनको Catalogue उल्लेखित Technical Specification पूर्णरुपमा मेल नखाएको हुँदा बोलपत्र मूल्याङ्कनको क्रमा द्विविधा भएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (६) अनुसार बोलपत्र अस्वीकार गर्नु नपर्ने गरी प्राविधिक स्पेशिफिकेशन, विवरण, विशेषता आदि जस्ता कुराहरुमा सानातिना फरक पाईएमा तथा बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित क्षेत्र, गुणस्तर, विशेषता, शर्त, कार्य सम्पादन वा अन्य कुनै आवश्यकतामा तात्विक फरक र गम्भीर असर नपर्ने सार्वजनिक निकायलाई स्वीकार्य सानातिना फरक भएको बोलपत्रहरुलाई सारभूत रुपमा प्रभावग्राही मानिने उल्लेख भएको र यस्तो बोलपत्र मूल्याङ्कन गर्दा फरक भएको कुराको सम्भव भए सम्म मूल्य निकाली त्यस्तो मूल्य समेत बोलपत्र मूल्याङ्कनमा समावेश गर्नुपर्ने व्यवस्था भएको हुँदा सार्वजनिक निकायलाई स्वीकार्य सानातिना फरक हो होइन सार्वजनिक निकायले नै एकिन गरी निर्णय गर्नु उपयुक्त हुने ।

मितिः २०७४/०९/२०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** सडक विभाग, हुलाकी राजमार्ग निर्देशनालय, मिनभवन, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्रदाताले प्राविधिक बोलपत्र योग्यताको लागि पेश गरेको कार्य अनुभवको प्रमाण पत्र Amount NRs. 55,31,05,724.45 without VAT भएता पनि उक्त ठेक्काको "Core Road Works component" को Cost NRs. 68,75,251.00 मात्र रहेको भनी High Powered Committee for Intergrated Development of Bagmati Civilization, Kathmandu ले व्यहोरा खुलाएको छ । उक्त Certificate मा उल्लेख भएको Road Works component र अन्य कार्यहरु समेत Similar of works भएको तथा एक भन्दा बढी बोलपत्रदाता समावेश गराउँदा नेपाल सरकारलाई कम व्यवभार हुने देखिएको हुनाले यस आयोजनाको Evaluation committee बाट उक्त Certificate मान्य हुन भनी स्वीकृतीको लागि माथिल्लो निकायमा पेश गर्दा उल्लेखित ठेक्कामा Road works को कार्य न्यून रहेको भनी Specific Construction Experience को criteria पुरा नभएको भनी Evaluation Revisit गर्नका लागि फाइल फिर्ता भएकोले सबै कार्यहरु Road works कै हो कि होइन अन्यौलता श्रृजना भएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (५) र (७) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (४) लाई दृष्टिगत गरी कार्य अनुभव सम्बन्धमा तथ्यगत विश्लेषणको आधारमा सार्वजनिक निकायले नै एकिन गर्न उपयुक्त हुने ।

मितिः २०७४/०९/२०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** परराष्ट्र मन्त्रालय, आर्थिक प्रशासन शाखा, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्र आव्हानको सूचना प्रकाशन भई सूचना अनुसार म्याद भित्र २ वटा बोलपत्रहरु विधिवत रुपमा दर्ता हुन आएको र सो आएका बोलपत्रहरुको जाँच एवं परीक्षण गर्ने सिलसिलामा प्राविधिक परीक्षणमा योग्य नभएको, बोलपत्रदाताको अधिकार प्राप्त प्रतिनिधिलाई दिईएको अख्तियारनामाको कागजात पूर्ण नभएको र बोलपत्रमा उल्लिखित योग्यतासम्बन्धी शर्त पूरा गरेको प्रमाणित गर्ने कागजात पेश गर्न असमर्थ रहेको बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव मूल्याङ्कन गरिरहनु पर्ने वा नपर्ने ? सो सम्बन्धमा द्विविधा उत्पन्न भएको हुनाले राय माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र परीक्षण सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२), दफा २५ को उपदफा (५) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (४) र (६) लाई दृष्टिगत गरी तथ्यगत विश्लेषणको आधारमा सार्वजनिक निकायले नै एकिन गर्नुपर्ने ।

प्रस्तुत बोलपत्र सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (३) को प्रावधानसँग नबाझिने गरी प्रकृया थालनी भएको हो, होइन सो समेतलाई दृष्टिगत गर्न उपयुक्त हुने ।

मितिः २०७४/०९/२१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** नेपाल ए.पि.एफ. अस्पताल, बलम्बु काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्र कागजातको ITB 14.3 मा बोलपत्रदाताले बोल कबोल अंक लेटर अफ बिड वा Bill of Quantity मध्ये कुनै एकमा उल्लेख भएको हुनुपर्ने अन्यथा मूल्याङ्कनमा समावेश नहुने भनी उल्लेख भएकोमा बोलपत्रदाता श्री शुभश्री/बि.पि. कन्स्ट्रक्सन जे.भी., काठमाडौंले पेश गरेको हार्डकपी बोलपत्रमा लेटर अफ बिड वा Bill of Quantity मध्ये दुवैमा बोल कबोल अंक उल्लेख नगरेकोले मूल्याङ्कनमा समावेश नगरिएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (५) लाई दृष्टिगत गरी सार्वजनिक निकायले नै निर्णय गर्न उपयुक्त हुने ।

मितिः २०७४/०९/२६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंज, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्र मूल्याङ्कन गर्ने क्रममा निर्माण व्यवसायीबाट कार्यालयको लागत अनुमान भन्दा २६.१३% ले कम कबोल गरेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ अनुसार निर्माण कार्यको बोलपत्रको विशेष मूल्याङ्कन गरि दर विश्लेषण सहितको स्पष्टिकरण माग गरिएकोमा उक्त कम्पनीले सन्तोषजनक रुपमा स्पष्टिकरण पेश गरेको हुँदा बोलपत्र स्वीकृतको लागि सिफारिश गर्नुपर्ने कति प्रतिशत कार्य सम्पादन जमानत रकम माग गर्नुपर्ने हो स्पष्ट नभएको हुनाले सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ बमोजिम विशेष मूल्याङ्कन गरी उपनियम ३ बमोजिमको थप कार्य सम्पादन जमानत माग गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (४) बमोजिम कार्य सम्पादन रकममा थप गरी माग गर्ने ।

मितिः २०७४/०९/२६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** सुशील कोईराला पखर क्यान्सर अस्पताल, खजुरा, बाँके ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३९ ङ (२) मा व्यवस्था भए अनुसारको व्यहोरा बोलपत्र आव्हानको सूचनामा नखुलाईएको र बोलपत्रहरु खोल्दा नियम ५९(६) र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३२ बमोजिमको प्रकृया पुरा नगरी आर्थिक र प्राविधिक प्रस्ताव सँगसँगै खोलेकोले खरिद प्रयोजनका लागि आव्हान गरिएको बोलपत्र मूल्याङ्कन गरी स्वीकृतीको निम्ति प्रकृया अगाडि बढाउन मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

मालसामान खरिदको बोलपत्र आव्शान गर्दा तथा बोलपत्र दाखिला गर्दा आर्थिक प्रस्ताव र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै सिलबन्दी गरी बोलपत्र दाखिला गर्नुपर्ने व्यवस्था नरहेको ।

मितिः २०७४/१०/०७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** नेपाल धितोपत्र बोर्ड, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल सरकारको पूंजी बजारको स्वायत्त नियमन निकायको रुपमा २०५० सालमा स्थापना भएको यस बोर्डले आफ्नो कार्यालयको लागि भवन खरिद गर्नुपर्ने भएकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ४ को उपदफा (३) मा बोर्डले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, खरिद गर्न, बिक्री गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ भन्ने व्यवस्था रहेको जानकारी गराउँदै बोर्ड जस्तो निकायले कार्यालय प्रयोजनको लागि घरजग्गा खरिद गर्दा सार्वजनिक खरिद ऐन वा के कुन प्रकृयाबाट अगाडि बढ्न सकिने हो सो सम्बन्धमा आवश्यक राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

१. तोकिएकै ठाउँको र निश्चित घर जग्गा खरिद गर्ने हो भने जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम गर्दा उपयुक्त हुने ।
२. निश्चित क्षेत्र भित्रको घर जग्गा आवश्यक हुने अवस्थामा प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्न सकिने अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को खरिद कार्यविधि अवलम्बन गर्न बाधा नदेखिने ।
३. यसमा घर जग्गा बेच्ने/किन्ने संस्था/व्यक्ति, कार्यालयको आवश्यकता, बजेट, लागत अनुमान जस्ता विषयलाई पनि ध्यान दिनुपर्ने हुँदा काम कारवाहीमा पादर्शिता हुने गरी बोर्डले उल्लेखित व्यवस्थाहरुलाई ध्यान दिई निर्णय गर्न उपयुक्त हुने ।

मितिः २०७४/१०/०८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** कारागार व्यवस्थापन विभाग, कारागार कार्यालय, ललितपुर ।

**राय माग गरिएको बिषय :**

बोलपत्रको ३० दिनको सूचना सकिए पछि एकतिसौं दिनमा दिनको २ बजे उक्त बोलपत्र खोल्ने समयमा कल्पना ईन्टरप्राईजेज पोखराको कर चुक्ताको प्रमाणपत्र आ.व.२०७३/०७४ को नभइकन आ.व. २०७२।०७३ को भएको र बोलपत्र खोलीसकेपछि मात्र म्याद थपको कर चुक्ता प्रमाण पेश गरेको । उक्त बोलपत्रलाई तुलनात्मक गर्न मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२) मा उल्लेख भए बमोजिम बोलपत्र परीक्षण गरी निर्णय हुनुपर्ने देखिन्छ ।

मितिः २०७४/१०/०८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** डिभिजन सडक कार्यालय, बागलुङ ।

**राय माग गरिएको बिषय :**

Bidder ले Net-Worth को विवरण "Form FIN-1 Financial Situation" अनुसार पेश नगरी Balance Sheets हरु मात्र पेश गरेको हुँदा उक्त Balance Sheets हरु bidder ले गरेका सम्पूर्ण कार्यहरुको Financial Statements

हुन वा होईनन भन्ने कुरा एकिन गर्न नसकिने साथै bidder ले आफ्नो Net Worth Negative भएका Balance Sheets हरु पेश नगरेको हुन सक्ने सम्भावना समेत रहन्छ । पेश भएका Balance Sheets हरुलाई मात्र आधार मानि मूल्याङ्कन गर्दा bidder को Actual Net Worth Positive छ वा Negative छ एकिन गर्न नसकिने । "Form FIN-1 : Financial Situation" पेश नभएका कारण bidder लाई Disqualify गरेमा ऐन/नियम तथा bidding document अनुसार सहि हुन्छ वा हुँदैन भन्ने सम्बन्धमा निर्णय लिन कठिनाई परेको हुनाले सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित बोलपत्रदाताको योग्यताका आधारहरु तथा बोलपत्र मूल्याङ्कन सम्बन्धमा गरिएको व्यवस्था बमोजिम तहाँ निकायबाटै निर्णय हुन ।

मितिः २०७४/१०/०८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** हेटौंडा सिमेण्ट उद्योग लि., हेटौंडा, मकवानपुर ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (१) खण्ड (ख) मा न्युनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभूत रुपमा बढी भएमा बोलपत्र अस्वीकृत गर्न वा खरिद कार्यवाही रद्द गर्न सक्नेछ । भन्ने उल्लेख भएकोमा सारभूत रुपमा बढी (लागत अनुमान रकम भन्दा कति प्रतिशत सम्म बढीलाई सारभूत रुपमा बढी सम्झिने) भन्नाले के बुझने हो ? बोलपत्र अस्वीकृत वा खरिद कार्यवाही रद्द गर्न सक्नेछ भन्ने उल्लेख भएको हुँदा बोलपत्र अस्वीकृत गर्न वा खरिद कार्यवाही रद्द नगरी स्वीकृत गर्नको लागि उपयुक्त निकास दिन राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

खरिद ऐनको सन्दर्भमा यो विषय अत्यधिक चर्चामा रहेको जटिल तर यर्थाथमा आधारित विवेक प्रयोग गर्ने विषय हो। यस्ता वस्तुगत रुपमा कुनै निश्चित प्रतिशतले घटि वा बढी भएमा स्वीकार वा अस्वीकार गर्न सकिने नभई सम्बन्धित सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा लिइएका आधार तथा मूल्याङ्कनमा देखिएको परिवर्तनको अवस्थाको विश्लेषण गरी पुनः बोलपत्र गर्दा बजार मूल्यको कारणले वर्तमान न्यूनतम मूल्याङ्कित बोलपत्रदाताको कबोल अंकभन्दा कम हुन सक्ने अवस्था विश्लेषणबाट नदेखिएकोमा लागत अनुमान भन्दा बढी भए पनि स्वीकृत गर्न सकिने व्यवस्था हो। त्यसैगरी पुन: बोलपत्र आव्हान गर्दा लाग्ने थप प्रत्यक्ष खर्च, कामको जरुरीपनाको स्थिति समेतको विश्लेषण गरी स्पष्ट र मान्य कारण खुलाई सार्वजनिक निकायको प्रमुखले स्वीकृत गर्न सकिने ठाउँ कानूनले राखेको देखिन्छ । कति प्रतिशतसम्म बढी भएका बोलपत्र अस्वीकृत गर्न सकिने भनी उल्लेख गर्दा खरिद गर्ने निकायले कामको गहनता र यथार्थ अवस्थाको आधारमा आफ्नो विश्लेषण गरी विवेक प्रयोग गर्न सक्ने ठाउँ नरहने हुँदा खरिद कानूनमा यस्तो व्यवस्था भएको देखिदैन । ऐनको उद्देश्यमा विवेकपूर्ण ढगंबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने विषय रहेको हुनाले विद्यमान अवस्था र प्रस्तावित कामको गहनता विश्लेषण गरी देखिएका कारण र आधारहरु खुलाई निष्कर्षमा पुग्न सक्ने गरी भएको व्यवस्था हुनाले यसलाई प्रतिशतमा भन्न नमिल्ने हुनाले उपरोक्त

आधारमा लागत अनुमान भन्दा सारभूतरुपमा बढी भए/नभएको सार्वजनिक निकायका प्रमुखले यकिन गरी स्वीकृत/अस्वीकृत गर्नुपर्ने देखिन्छ ।

मितिः २०७४/१०/२१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** जिल्ला प्राविधिक कार्यालय, बबरमहल, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

तोकिएको कार्यालयको नाममा रहेको खाता र खाता नं. मा जम्मा नभएको रकमलाई मान्यता दिन मिल्ने वा नमिल्ने भन्ने बारेमा द्विविधा भएको साथै सार्वजनिक निकायको नाममा रहेको खातामा जम्मा नगरेको रकमलाई प्राप्त भएको रकम मान्न नमिल्ने देखिदा पूर्णता परिक्षणको क्रममा असफल भएको देखिन्छ, मान्यता नदिदा अर्कै खातामा भएपनि रकम दाखिला गरेको हुनाले सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र आव्हानको सूचना (संशोधित सूचनामा समेत) मा उल्लेख भए भन्दा अन्य खातामा दाखिला भएको रकमलाई मान्यता दिन नमिल्ने ।

मितिः २०७४/१०/१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** जिल्ला प्रहरी कार्यालय, आर्थिक प्रशासन शाखा, कञ्चनपुर ।

**राय माग गरिएको बिषय :**

मुचुल्काको समयमा उपस्थित समिति तथा सरोकारवाला व्यक्तिहरुले बिजुलिया बिलडर्सको सबै भन्दा कम कबोल अंक १,३१,७६,४०८।५३ भएको पाईएको र मालिका निर्माण सेवाले Letter of Bid मा उल्लेख भए अनुसार २२.६ प्रतिशत घटी गर्दा उक्त निर्माण सेवाको कबोल अंक सबै भन्दा कम हुन आउने भएकोले कुन चाहि दररेट समावेश गरी मूल्याङ्कन गर्ने हो ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

बोलपत्रदाताले प्रणालीमा बोलपत्र पेश गर्दाको बखतमा समावेश गरेका कागजातहरु तथा तिनमा भएका विवरणहरु पेश गरिसके पश्चात परिवर्तन गर्न नमिल्ने भएकोले Letter of Bid मा उल्लेख भए अनुसारको discount लाई समेत समावेश गरी मूल्याङ्कन गर्न उपयुक्त हुने ।

मितिः २०७४/१०/२२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** कावासोती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शिवमन्दिर, नवलपरासी ।

**राय माग गरिएको बिषय :**

प्राकृतिक श्रोतबाट प्राप्त हुने राजश्व संकलनको दर र प्रकृया प्रदेश कानुन बमोजिम हुने भनिएकोमा वर्तमान अवस्थामा प्रदेश कानुन नबनिसकेको अवस्थामा र उपलब्ध अन्य कानुनमा समेत एक मात्र बोलपत्रका सन्दर्भमा के गर्ने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

प्राकृतिक श्रोतबाट प्राप्त हुने राजश्व संकलनको लागि हुने ठेक्का प्रकृया सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ बमोजिम सार्वजनिक खरिदको परिभाषा भित्र नपर्ने नभएकोले यस कार्यालयको कार्य क्षेत्र भित्र नपर्ने हुँदा राय प्रदान गर्न नसकिने ।

मितिः २०७४/११/०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** गोश्वार हुलाक कार्यालय, सुन्धारा, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

बोलपत्र आव्हान सूचनामा बोलपत्र खोल्ने कार्य सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समय र स्थानमा खोलिने छ भनि सूचना प्रकाशित भएकोमा उक्त बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेको तर नेपाल सरकारको निर्णयानुसार मन्त्री परिषदको आकश्मिक निर्णयबाट भएको विदा र शनिवार वाहेक अन्य सार्वजनिक विदाका दिनमा समेत पनि यस कार्यालय खोली दैनिक कार्य संचालन हुने भएकोले प्रकाशित सूचना बमोजिम दर्ता भएका बोलपत्रहरु पनि तोकिएको मिति भित्र नै अर्थात ३१ औं दिन २०७४/१०/१६ मा खोलिएकोमा उक्त बोलपत्र सार्वजनिक विदाको दिनमा खोलिएको हुँदा रद्द गरि पुनः १५ दिने सूचना प्रकाशित गर्नुहुन विनम्र अनुरोध गर्दछु भनी उजुरी पर्न आएको हुँदा सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र सम्बन्धी काम कारवाहीको प्रयोजनका लागि नेपाल सरकारले तोकेको सार्वजनिक विदा सबै निकायमा लागु हुने ।

मितिः २०७४/११/०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** जल तथा उर्जा आयोगको सचिवालय, सिंहदरबार, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को उपदफा १(ख) मा "नेपाल सरकार र दातृ बीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेन्ट गाइडलान्स) अनुरुप खरिद गर्नुपरेमा यस ऐन बमोजिमको खरिद प्रकृिया अपनाउनु नपर्ने" उल्लेख भएको र विश्व बैंकको Consultant Guidelines को दफा 1.9 (d) मा "A consultant shall submit only one proposal, either individually or as a joint venture partner in another proposal.If a consultant, including a joint venture partner, submits or participates in more than one proposal, all such proposals shall be disqualified.This does not, however, preclude a consulting firm to participate as a sub-consultant, or an individual to participate as a team member, in more than one proposal when circumstances justify and if permitted by the REP" उल्लेख भएको र विश्व बैंकको सहमतिमा यस सचिवालयबाट स्वीकृत भएको Request For Proposal (REP) Document को Data Sheet को ITC को Clause Ref.11.1 मा "Participation of Sub-Consultants, Key Experts and Non-Key Experts-Yes" उल्लेख भएको सन्दर्भमा पनि यस अध्ययन कार्यको लागि एक परामर्शदातृ संस्थाले एक भन्दा बढी परामर्शदातृ संस्थाहरुसँग In association गर्न मिल्ने वा नमिल्ने,

(ख) नेपाल सरकार र दातृ पक्ष बीच भएको सम्झौताको म्याद भित्र खरिद गरिने कार्य सम्पन्न नहुने अवस्थामा दातृ निकायबाट मात्र नभई नेपाल सरकारबाट समेत श्रोत व्यहोर्नु पर्ने परिस्थिति सिर्जना भएको

अवस्थामा खरिद प्रकृया दातृ निकायको खरिद निकायको खरिद निर्देशिका र नेपालको सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ कुन आकर्षित हुने हो ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को उपदफा १(ख) बमोजिम नेपाल सरकार र दातृ पक्ष बीच भएको सम्झौता बमोजिम सो पक्षको खरिद निर्देशिका अनुरुप खरिद गर्नुपर्ने अवस्था बाहेक अन्यमा सार्वजनिक खरिद ऐन, २०६३ कै कार्यविधि पुरा गरी खरिद गर्नुपर्ने ।

मितिः २०७४/११/०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** नेपाल दूरसंचार प्राधिकरण, स्तरीकरण तथा पूर्वाधार विकास शाखा, कमलादी ।

**राय माग गरिएको बिषय :**

नेपाल दूरसंचार प्राधिकरणको खरिद विनियमावली, २०७३ को विनियम १०४(२) मा गुणस्तर र लागत बिधि मार्फत छनौट भएकाको हकमा पेशाबिदहरुको पारिश्रमिक सम्बन्धमा बार्ता हुन नसक्ने प्रावधान उल्लेख भएकोमा (सोधभर्ना हुने प्रकृतिका खर्च बाहेकका) प्राधिकरणबाट परामर्श सेवा खरिदका लागि छनौट भै सम्झौता समेत भैसकेको परामर्शदाता संस्थाले परामर्श सेवा प्रयोजनका लागि निजले REP मार्फत प्राधिकरण पेश गरेको आर्थिक प्रस्तावमा उल्लेखित Offer बमोजिम International Part मा Exempt of all local Taxes हुने गरी सम्झौता संशोधन गर्न मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

खरिद कारवाहीको प्रकृया अन्तिम रुपमा रहि सम्झौता समेत भैसकेको अवस्थामा पुनः बोलपत्र कागजातमा पेश भएको शर्त हेरी सम्झौता पुनरावलोकन गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था नभएको ।

मितिः २०७४/११/०८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** नेपाली सेना, काठमाडौं-तराई/मधेश द्रुत मार्ग, सडक आयोजना, जङ्गी अड्डा, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

(क) बोलपत्रदाताले पेश गरेको बोलपत्रहरुको आर्थिक प्रस्ताव खोलुवा गर्ने क्रममा Package No. 6 को हकमा दुवै (पुरानो र संशोधित) BOQ मा फरक फरक दर उल्लेख गरी Additional BOQ को रुपमा संशोधित BOQ सहित पेश गरेको निवेदन समेत Upload गरेकोमा उपरोक्त दुई BOQ मध्ये कुन BOQ लाई मूल्याङ्कनमा समावेश गर्ने वा दुवैलाई समावेश गर्ने?

(ख) Package No.7 को हकमा पुरानै BOQ मा दर उल्लेख गरी Upload गरेको सो सम्बन्धमा उपरोक्त पुरानै Upload लाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने ?

(ग) Package No.8 को हकमा नयाँ BOQ मा संशोधन गरिएका Item हरुको दररेटको बारेमा Modification in Financial Bid भन्ने पत्र समावेश गरी दररेट पेश गरेकोले उक्त BOQ लाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

(क) संशोधन गरिए बमोजिमको BOQ मा दररेट भरेर पेश भएको अवस्थामा उक्त BOQ लाई मान्यता दिई बोलपत्र मूल्याङ्कनमा समावेश गर्ने,

(ख) BOQ मा संशोधन भएको तर बोलपत्रदाताले संशोधन पूर्वकै BOQ मा दररेट भरी पेश गरेको अवस्थामा सो BOQ लाई मान्यता दिन नसकिने,

(ग) बोलपत्र कागजातमा संशोधन सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ तथा बोलपत्र सम्बन्धी कागजात ITB 24.1 मा स्पष्ट व्यवस्था भएकोले थप राय आवश्यक नदेखिएको,

(घ) यस कार्यालयबाट जारी गरिएको विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ को दफा ३५ बमोजिम २ करोड भन्दा बढीको निर्माण कार्यको खरिदमा विद्युतीय माध्यमको मात्र प्रयोग गर्नुपर्ने व्यवस्था भएको सो व्यवस्था कार्यान्वयन भएको नदेखिएको साथै विद्युतीय माध्यमद्धारा खरिदमा गरिने BOQ मा संशोधन गर्दा संशोधीत BOQ PDF को रुपमा Upload नगरी Online Tamplete मार्फत गर्नुपर्नेमा सो गरेको नदेखिएकोले ध्यानाकर्षण गराइएको ।

मितिः २०७४/११/१३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** सडक सुधार तथा विकास आयोजना, राम मन्दिर मार्ग, बत्तीसपुतली, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २(थ) मा भएको प्रावधान अनुसार उक्त जे.भी.ले पेश गरेको श्री मेलम्ची खानेपानी विकास बोर्डबाट जारी भएको मिति ११ सेप्टेम्बर २०१७, २ फेब्रुअरी २०१८ र ९ फेब्रुअरी २०१८ मा उल्लेखित विवरण अनुसार उक्त ठेक्काको Contract Value कति हुनुपर्ने हो ? द्विविधा भएको हुनाले राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २ (थ) मा "सम्झौता मूल्य (कन्ट्राक्ट प्राईस)" भन्नाले खरिद सम्झौतामा उल्लिखित खरिद मूल्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्झौता अन्तर्गत भेरिएशन आदेश जारी गरिएकोमा त्यस्तो आदेश बमोजिम भएको काम नाप जाँच गर्दा कायम भएको मूल्य र मूल्य समायोजन भएकोमा त्यस्तो समायोजनबाट कायम भएको खरिद मूल्य समेतलाई जनाउँछ" भन्ने व्यवस्था भएको र भेरिएसन रकम कायम गर्दा सम्झौता उल्लेखित परिमाणमा गरिएको परिवर्तन तथा नयाँ Item थप गरिएकोमा सो समेतलाई समावेश गरी गणना गर्ने ।

मितिः २०७४/११/१३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** पुष्पलाल (मध्य पहाडी) लोकमार्ग आयोजना, पूर्वी खण्ड, बुद्धनगर, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

(१) Multiple Contract Evaluation गर्दा संयुक्त कबोल अंक मानेर संयुक्त लगत इष्टिमेट भन्दा सारभूत रुपमा न्यूनतम छ वा छैन भनेर चेक गरेमात्र हुने हो वा Individually सबै बोलपत्रका कबोल अंकहरु

लगत इष्टिमेट भन्दा सारभूत रुपमा न्यूनतम मूल्याङ्कित हुनु पर्ने हो स्पष्ट नभएकोमा Combination को न्यूनतम Combination लाई सारभूत रुपमा प्रभावग्राही मान्न सकिने वा नसकिने,

(२) Combination 2 मा एउटा बोलपत्रदाताको कबोल अंक लगत इष्टिमेट भन्दा बढी भएको खण्डमा अर्को Combination 1 मा जान सकिने वा नसकिने (Combination 2 - Combination 1 भन्दा बढी भएतापनि),

(३) यदि Multiple Combination मा Individually सबै बोलपत्रका अंक लगत इष्टिमेट भन्दा कम हुनु पर्ने भन्ने निर्णय भएमा निर्माण व्यवसायी श्री स्वच्छन्द/खड्का कृष्ण/गाल्वा जे.भी.को लगत इष्टिमेट भन्दा ०.०७% ले बढी अर्थात रु.४,९१,१६६।३५ कबोल गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भन्न मिल्ने वा नमिल्ने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको।

**राय परामर्श :**

(क) उक्त बोलपत्रहरु Multiple Contract को प्रावधान बमोजिम मूल्याङ्कन गर्ने सम्बन्धमा Least cost combiantion अनुसार सारभूत रुपमा प्रभावग्राहीता मूल्याङ्कन गर्दा बोलपत्र सम्बन्धी कागजातमा भएको व्यवस्था र मूल्याङ्कनको आधारहरुलाई यकिन गरी मूल्याङ्कन प्रकृया अगाडि बढाउन उपयुक्त हुने ।

(ख) वस्तुगत रुपमा कुनै निश्चित प्रतिशतले घटी वा बढी भएमा स्वीकार/अस्वीकार गर्न सकिने नभई सम्बन्धित सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा लिईएका आधार तथा मूल्यहरुमा देखिएको परिवर्तनको अवस्थाको विश्लेषण गरी पुनः बोलपत्र गर्दा बजार मुल्यको कारणले वर्तमान न्यूनतम मूल्याङ्कित बोलपत्रदाताको कबोल अंकभन्दा कम हुन सक्ने अवस्था विश्लेषणबाट नदेखिएमा लागत अनुमान भन्दा बढी भए पनि स्वीकृत गर्न सकिने । त्यसै गरी पुनः बोलपत्र आव्हान गर्दा लाग्ने थप प्रत्यक्ष खर्च, कामको जरुरीपनाको स्थिती समेतको विश्लेषण गरी स्पष्ट र मान्य कारण खुलाई सार्वजनिक निकायको प्रमुखले स्वीकृत गर्न सक्ने ठाउँ कानूनले राखेको देखिन्छ । कति प्रतिशतसम्म बढी भएका बोलपत्र अस्वीकृत गर्न सकिने भनी उल्लेख गर्दा खरिद गर्ने निकायले कामको गहनता र यथार्थ अवस्थाको आधारमा विश्लेषण गरी विवेक प्रयोग गर्न ठाउँ रहने हुँदा खरिद कानूनमा यस्तो व्यवस्था भएको देखिदैन। सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्ने विषय रहेको हुनाले विद्यमान अवस्था र प्रस्तावित कामको गहनता विश्लेषण गरी देखिएका कारण र आधारहरु खुलाई निष्कर्षमा पुग्न सक्ने गरी व्यवस्था भएको हुनाले यसलाई प्रतिशतमा भन्न नमिल्ने । उपरोक्त आधारमा बोल अंक लागत अनुमानभन्दा सारभूत रुपमा बढी भए-नभएको सार्वजनिक निकायका प्रमुखले यकिन गरी स्वीकृत/अस्वीकृत गर्न सक्ने ।

मितिः २०७४/११/१४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, स्वयम्भु, हलचोक, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

यस कार्यालयबाट मिति २०७४।१०।२० मा गठन भएको बोर्डले मिति २०७४।०९।३० मा पेश गरेको प्रतिवेदनमा बोलपत्रदाता स्वामिनारायण निर्माण सेवा प्रा.लि., धरान-१०, सुनसरी र श्री आशिर्वाद निर्माण सेवा प्रा.लि. त्रियुगाले पेश गरेको कम्पनी प्रोफाइल तथा योग्यताको आधार सम्बन्धी केही कागजात च्यातिएको देखिएको

तर च्यातिएको बारे खोलुवा मुचुल्का, बोलपत्रदाताहरुको बोलपत्र सम्बन्धी प्राविधिक प्रस्ताव परीक्षण पुस्तिका तथा आर्थिक प्रस्ताव मूल्याकंन प्रतिवेदन समेतमा कहि कतै उल्लेख गरेको नपाईएको, बोलपत्रदाताहरुको योग्यताहरु निर्धारण गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद २ दफा ७ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद २ को नियम १६ बमोजिम खरिद अधिकारी तोकि जिम्मेवारी दिनुपर्ने भनी राय पेश भएको हुँदा प्रतिवेदनबाट औल्याइएका कुराहरुबाट थप प्रक्रिया अगाडि बढाउन असहज भएकोले उल्लेखित अवस्थाहरुका आधारबाट नियमानुसार आशयको पत्र प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्न मिल्ने वा नमिल्ने साथै उल्लेखित आधारहरुकै कारणबाट बोलपत्र रद्द गर्न मिल्ने भए के-कस्तो प्रक्रियाहरु पुरा गरी रद्द गर्न सकिन्छ ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

(१) यस कार्यालयबाट जारी गरिएको विद्युतीय खरिद प्रणाली निर्देशिका, २०७४ को दफा ३५ को उपदफा (३) बमोजिम दुई करोड भन्दा बढीको निर्माण खरिद कार्य गर्दा अनिवार्य रुपमा विद्युतीय खरिद प्रणालीको मात्र प्रयोग गरी खरिद गर्नुपर्ने व्यवस्था भएकोमा सो व्यवस्थाको परिपालना भएको नदेखिएकोले निर्देशिकाले अनिवार्य गरेको कुरा पालना गर्नुपर्ने ।

(२) बोलपत्र कागजातमा केहि कागजहरु च्यातिएको सम्बन्धमा च्यातिएको कागजात दर्ता भएको बोलपत्र खोल्ने मुचुल्कामा कागजात च्यातिएको विषय उल्लेख नभएको सम्बन्धमा तहाँ निकायबाटै अध्ययन गरी जिम्मेवार कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारवाही गर्नुहुन ।

(३) बोलपत्र रद्द सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ मा स्पष्ट व्यवस्था भएको।

मितिः २०७४/११/१४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** मध्य पश्चिमांचल क्षेत्रीय सडक निर्देशनालय, डिभिजन सडक कार्यालय, सुर्खेत ।

**राय माग गरिएको बिषय :**

बोलपत्रदाताले पेश गरेको बैंक भौचरको आधारमा बोलपत्र सम्बन्धी कागजहरु दिने वा नदिने तथा यस्तै प्रकारका बैंक भौचर राखी e-Bid गर्ने बोलपत्रदाताहरुको बोलपत्र मूल्याङ्कनको प्रकृयामा लाने वा नलाने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र सम्बन्धी कागजात सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद वापतको दस्तुर रकम बोलपत्र आव्हान हुनुभन्दा पहिलेको मितिमा दाखिला भएकोलाई मान्यता नदिने ।

मितिः २०७४/११/२०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** काठमाडौं चक्रपथ सुधार योजना, एकान्तकुना, ललितपुर ।

**राय माग गरिएको बिषय :**

बोलपत्रको प्राविधिक मूल्याङ्कन गर्ने क्रममा बोलपत्रदाता M/S Uma and Comapny/Shanti JV मध्ये Shanti Nirman Sewa को विद्युतीय खरिद प्रणाली निर्देशिका, २०७४ अनुसार डाउनलोड गर्दा Bussiness Registration, VAT/PAN Registration र Tax Clearance Certificate प्राप्त नभएको तथापी चालु आ.व. ०७४-

७५ मै आव्हान भएको ठे.नं. KRIP/3373274/074/75/01 र KRIP/3373274/ 074/75/02 मा सो जे.भी. को सम्पूर्ण कागजातहरु समावेश भई जे.भी. सँग सम्झौता भईसकेकोमा M/S Uma and Comapny/Shanti JV लाई ठे.नं. KRIP/3373274/074/75/05 मा Bussiness Registration, VAT/PAN Registration र Tax Clearance Certificate समावेश नभएको आधारमा प्राविधिक मूल्याङ्कनमा पास गर्न सकिने/नसकिने ? सो सम्बन्धमा राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

बोलपत्र सम्बन्धी कागजातमा आवश्यक भनी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २४ मा उल्लेख भएका कागजातहरु पेश भए नभएको यकिन गरी तहाँबाटै निर्णय हुन ।

मितिः २०७४/११/२१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** महानगरीय ट्राफिक प्रहरी महाशाखा, रामशाहपथ, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

Body Worn Digital Camera, Handheld Radar Gun र Digital Breath Analyser with Printer ३ वटा छुट्टाछुट्टै सामान प्याकेजगत रुपमा खरिद प्रकृया अगाडि बढाइएकोमा कुनै बोलपत्रदाताको बोलपत्रसाथ बोलपत्रदाताले रीतपूर्वक पेश गर्नुपर्ने केहि कागजात पेश नगरेको कुनैमा फर्मको छाप, दस्तखत नभएको तर बोल अंक घटी भएकोमा उक्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने भनी राय परामर्श माग भएको ।

**राय परामर्श :**

रीतपूर्वक दर्ता भएका बोलपत्रहरु प्रचलित सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम गठित बोलपत्र मूल्याङ्क समितिमा मूल्याङ्कनको लागि पेश गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र २४ तथा नियममा भएको व्यवस्था बमोजिम बोलपत्र मूल्याङ्कन समितिको समेत सिफारिशको आधारमा त्यहाँबाट नियमानुसार बोलपत्र स्वीकृत वा अस्वीकृत गर्न सकिने हुँदा सो बमोजिम त्यहाँबाटै निर्णय हुन ।

मितिः २०७४/११/२९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, स्वयम्भु, हलचोक, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) मा "सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रकृयामा विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सक्नेछ" भनी उल्लेख भएको साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४३(१) मा "सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ६९ को प्रयोजनाको लागि एउटा मात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना, संचालन र व्यवस्थापन गर्नेछ" भनी उल्लेख भएको र सोही बमोजिम मजकुर कार्यालयको अन्तरीम Portal : www.bolpatra.gov.np बाट मात्र e-bidding सम्बन्धी कार्य गर्ने गरिएकोमा यस कार्यालयबाट १७ किसिमका पोशाकहरु खरिद गर्न बोलपत्र आव्हान गर्दा बोलपत्रको सूचनामा बोलपत्रदाताहरुलाई सिलबन्दी बोलपत्र/e-bidding मध्ये कुनै एक माध्यमबाट बोलपत्र पेश गर्न अनुरोध गरिएकोमा विभिन्न संचार माध्यमहरुमा रु. ६० लाख भन्दा बढीको मालसामान खरिद गर्दा e-

bidding मात्र प्रयोग गरी खरिद नगरिएको भनी समाचार सम्प्रेषण भएकोले यस सम्बन्धमा केही द्बिविधा उत्पन्न भएकोले राय परामर्श माग गरिएको ।

**राय परामर्श :**

यस कार्यालयबाट जारी भएको विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ को दफा ३५ मा उल्लेख भए अनुसार रु. ६० लाख भन्दा बढीको मालसामान खरिदमा विद्युतीय माध्यमको मात्र प्रयोग गर्नुपर्ने व्यवस्था भए बाट त्यहाँबाट हुने खरिदमा विद्युतीय माध्यमको मात्र अनिवार्य प्रयोग गर्नुहुन जानकारी गराइन्छ । त्यहाँको चालु आ.व. २०७४/७५ को स्वीकृत खरिद योजना/कार्यक्रम बमोजिमको सामानहरु खरिद गर्न मिति २०७४।१०।०५ मा बोलपत्र आव्हानको सूचना प्रकाशित भई विद्युतीय माध्यम र बोलपत्रको सिलबन्दी फाराम दुबै माध्यमबाट बोलपत्र माग गरिएको र सो को मूल्याङ्कन समेत सम्पन्न भई बोलपत्र स्वीकृतिको आशयको सूचना समेत प्रकाशित भै सकेको अवस्थामा देश र जनताको लागि अहोरात्र सुरक्षामा खटिनु पर्ने प्रहरी कर्मचारीहरुलाई आधारभूत रुपमा उपलब्ध गराउनु पर्ने केही सामानहरु जस्तै बुट विगत ३ वर्ष देखि उपलब्ध गराउन नसकी रहेको अवस्थामा त्यहाँको आवश्यकता, जरुरता हेरी बोलपत्रको स्वस्थ प्रतिस्पर्धा, एवं सारभूत रुपमा प्रभावग्राही रहे नरहेको समेत पक्षमा त्यहाँबाट हुने बोलपत्रको विस्तृत परीक्षणबाट एकिन गरी बोलपत्र माथि प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आवश्यक कारवाही हुनुपर्ने यस कार्यालयको राय रहेको ।

मितिः २०७५/०१/०२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** राइनास नगरपालिका, नगर कार्यपालिका कार्यालय, तिनपिप्ले लमजुङ, ४ नं. प्रदेश ।

**राय परामर्श माग गरिएको बिषय :**

सिलबन्दी बोलपत्र आव्हानको सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये मानवीय असावधानीवश बाहिरी खाममा दर्ता हुन गएको बोलपत्रलाई कारवाही अगाडि बढाई मूल्यांकनमा समावेश गर्न सकिने वा नसकिने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ मा भएको व्यवस्था बमोजिम भै प्राप्त हुन आएका बोलपत्र उपर मात्र कारवाही नहुने प्रष्ट व्यवस्था भएको हुँदा रितपूर्वकको सिलबन्दी भई तोकिएको समयावधि भित्रै दर्ता भएको सिलबन्दी बोलपत्र भए मूल्यांकन प्रक्रियामा समावेश गर्नुपर्ने ।

मितिः २०७५/०१/०२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द, हलचोक, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

सिलबन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम पर्न आएका बोलपत्रदाताले माग गरिएको सामानको परिमाणमा प्रति इकाई मूल्यको अंक र अक्षरमा फरक पर्नुका साथै एक आइटम मात्रै माग भएकोमा जम्मा मूल्य अंकमा र जम्मा मूल्य अक्षरमा समेत फरक परेकोले प्रति इकाईको अक्षरलाई मान्यता दिने वा कुल रकमको अक्षरलाई

मान्यता दिने सम्बन्धमा द्धविधा भएको र सो को कारणले नै उल्लेखित फर्म सारभूत रुपमा प्रभावग्राही र न्यूनतम मूल्यांकित हुनेमा फरक पर्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा ८ र ९ मा अंक र अक्षरमा लेखिएको दररेटमा फरक परेमा अक्षरलाई मान्यता दिने भन्ने प्रष्ट व्यवस्था भएको हुँदा प्रति इकाईको अक्षरमा लेखिएको दररेटलाई नै आधार मानी बोलपत्र मूल्यांकन गर्ने सकिने ।

मितिः २०७५/०१/११

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** सिँचाई व्यवस्थापन निर्देशनालय, वाणगंगा सिंचाई व्यवस्थापन डिभिजन, कपिलवस्तु ।

**राय माग गरिएको बिषय :**

सार्वजनिक खरिद ऐन, २०६३ को पछिल्लो संशोधन, २०७४ को दफा ५५(१) मा भएको व्यवस्था भए अनुसार वोलपत्र कागजातमा मूल्य समायोजन र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२६ मा व्यवस्था भएको समय भन्दा अघि काम सम्पन्न गर्नेलाई पुरस्कार दिन सकिने भन्ने प्रावधान भुलवस छुट हुन गएको र हाल सो ठेक्कको वोलपत्र स्वीकृत भै ठेक्का सम्झौता गर्दा वोलपत्रदाता निर्माण व्यवसायी श्री रमन/प्राकृतिक/सिद्धार्थ जे.भी, सिद्धार्थनगर ९ भैरहवाले ठेक्का सम्भौतामा उक्त दुवै प्रावधान संलग्न राखी सम्झौता गराइ पाउँ भनि यस व्यवस्थापन डिभिजनमा निवेदन पेश गरेको हुँदा हाल ठेक्का सम्झौतामा सो प्रावधान राखी सम्झौता गर्न मिल्ने वा नमिल्ने ? सो सम्वन्धमा राय परामर्श माग भई आएको ।

**राय परामर्श :**

उक्त वोलपत्रको वोलपत्र सम्वन्धी कागजातको Instruction to Bidders (ITB) 14.6 मा स्पष्ट व्यवस्था भएकोले राय प्रदान गर्न आवश्यक नदेखिएको ।

मितिः २०७५/०१/१२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौंडा मकवानपुर ।

**राय माग गरिएको बिषय :**

उपमहानगरपालिका अन्तर्गत रहेका अस्पताल तथा वर्थिङ सेन्टरहरुमा सेवा लिने प्रसुती महिला एवं नवजात शिशुहरुलाई उपलव्ध गराउनुपर्ने न्यानो झोला खरिदका लागि त्यस कार्यालयवाट मिति २०७४/०९/१४ मा शिलवन्दी दरभाउपत्रको सूचना प्रकाशित भई न्यू पथिभरा सप्लायर्स, हेटौडाले सवैभन्दा कम दररेट पेश गरेको देखिएको, उक्त फर्मले पेश गरेको दर्ता अनुमति पत्र (पान दर्ता र घरेलु तथा साना उद्योग कार्यालयमा प्राईभेट फर्म दर्ताको) प्रमाण पत्रमा काठ चिरान तथा खरिद विक्रि गर्ने, फर्निचर उत्पादन तथा विक्रि वितरण, विविध निर्माण सामाग्रीको कारोवार गर्ने, विविध खाद्य सामाग्रीको कारोवार गर्ने, विविध वस्तुहरुको आयात निर्यातकर्ता, भवन निर्माण सामाग्री तथा हार्डवयेर सामानको खुद्रा व्यापार गर्ने भनी कारोवारमा उल्लेख भएको दखिएको, सो अवस्थामा उक्त फर्मले न्यानो कपडा आपूर्ति वा सप्लाई गर्न सक्ने वा नसक्ने सन्दर्भमा एकिन गर्न नसकिएको र उक्त सामानको शिलवन्दी दरभाउपत्रको प्रकाशित सूचनामा ईजाजत प्राप्त इच्छुक

फर्म/सप्लायर्सवाट दरभाउपत्र पेश गर्नुहुन भनी उल्लेख गरिएकोमा उक्त विषयमा खरीद निर्णय गर्न कठिनाई भएकोले सो सम्वन्धमा आवश्यक निर्देशनका लागि अनुरोध भई आएको ।

**राय परामर्श :**

फर्म दर्ता गर्ने निकायवाट आवश्यक जानकारी लिई तहाँ निकायवाटै आवश्यक निर्णय हुन ।

मितिः २०७५/०१/१५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** भरतपुर महानगरपालिकाको कार्यालय, चितवन ।

**राय माग गरिएको बिषय :**

Preparation of Comprehensive/Integrated Urban Development Plan कार्यको लागि पूर्ण भएका आशयपत्रहरुको मूल्याङ्कन गरी योग्यता कमका आधारका ६ वटा परामर्शदाताहरु छनौट भै आशयपत्र समेत दिइएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ बमोजिम प्रस्ताव (प्राविधिक र आर्थिक) का लागि ३० दिने सूचना दिई Request for Proposal माग गरिएकोमा पेश भएका ५ वटा फर्महरु मध्ये EOI / RFP मा प्रस्ताव गरेको manpower को CV एउटै व्यक्तिको आकर्शित हुने वा नहुने साथै प्रस्ताव गरिएको manpower को पदमा रिक्त गरी मूल्याङ्कन गर्न सकिने वा नसकिने ?

**राय परामर्श :**

१) खुला रुपमा आशयपत्र (EOI) मा प्रस्ताव गरिएको व्यक्ति र Request for Proposal मा प्रस्ताव गरिएको व्यक्ति उहिनै व्यक्ति हुनु आवश्यक नभएको ।

२) Lump-sum Contract लागि अह्वान गरिएको Request for Proposal (RFP) मा माग गरे बमोजिमको जनशक्ति पेश नभएको अवस्थामा RFP कागजातमा उल्लेखित प्रावधान, प्रस्तावदाताले पेश गरेको Work Mythology मा उक्त जनशक्तिको आवश्यकता आदि विषय विश्लेषण गरी तहाँ निकायबाटै निर्णय हुन ।

मितिः २०७५/०१/१५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** मेलम्ची खानेपानी विकास समिति, मध्यबानेश्वर, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

यस कार्यालयबाट आशयपत्र आव्हानको शुरु सूचनामा अन्तराष्ट्रियस्तरको आयोजना व्यवस्थापन परामर्शदाता (PMC) खरिद कार्यको लागि समूह, संगठन वा संयूक्त उपक्रमको (Joint Venture) को रुपमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था भए अनुसार In Association With को रुपमा खरिद प्रक्रिया शुरु गरिएको र संक्षिप्त सूचीमा छनौट भई परामर्श सेवाको लागि प्रस्ताव पेश गरेका ४ वटा परामर्शदाताहरु मध्ये दुईवटा परामर्शदाताहरुको समूहमा एउटै नेपाली परामर्शदाता दोहोरो रहन गएको छ साथै सोही नियमावलीको नियम ७० को उपनियम ११ मा भएको प्रतिवन्धात्मक वाक्यशंमा "संयूक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी गर्न सकिने छैन" भन्ने व्यवस्था भएकोले नियमावलीको दफा ७०(३) (ङ) २ र नियमावलीको नियम ७० को उपनियम ११ र In Association With भन्नु एउटै हो वा होइन ? सो सम्बन्धमा राय परामर्श माग भएको ।

**राय परामर्श :**

(क) प्रस्तावदाताले "In Association with" गरी प्रस्ताव पेश गर्दा संयुक्त उपक्रम (Joint Venture) अथवा Sub-Consultant को रुपमा प्रस्ताव पेश गर्न सक्ने र सो व्यहोरा प्रस्तावदाताहरु वीचको सम्झौतामा उल्लेख हुने ।

(ख) कुनै एक फर्म वा कम्पनी एउटा फर्म वा कम्पनी संग मात्र संयुक्तक्रम (JV) मा प्रस्ताव पेश गर्न सक्ने र एक भन्दा बढी फर्म संग JV गरी प्रस्ताव पेश भएमा Conflict of Interest हुने ।

(ग) यस कार्यालयबाट जारी गरीएको Standard Request for Proposal (RFP) Document बमोजिम सिद्धान्ततः एउटा फर्म वा कम्पनीले एक भन्दा वढी फर्म वा कम्पनी संग Sub-Consultant को रुपमा सहभागी भई प्रस्ताव पेश गर्न सक्ने र Standard Request For Proposal Document मा एक भन्दा वढी फर्ममा Sub-Consultant को रुपमा सहभागी हुन दिने/नदिने विषय RFP Document मा उल्लेख गर्नु पर्ने व्यवस्था रहेकोले उक्त खरिदको RFP Document मा गरिएको व्यवस्था, परामर्शदाताहरुवीचमा भएको सम्झौता समेतका आधारमा तहाँ निकायबाटै निर्णय हुन।

मितिः २०७५/०१/१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** जिल्ला प्रविधिक कार्यालय, कैलाली ।

**राय माग गरिएको बिषय :**

साविक जिल्ला विकास समितिको कार्यालय कैलाली र वाई.पी./गल्छी दुर्गा जे.भी., धनगढीका विच धनगढी उ.म.न.पा. को संतोषी टोलामा वडा नं. १ र २ जोड्ने कैलाली नालामा आर.सी.सी. पुल निर्माण कार्य खरिदका लागि २०७३।११।०६ गते भएको सम्झौता अवधी १५ महिना रहेको ठेक्का सम्झौता वमोजिम निर्माण कार्य संचालन गर्न सम्वन्धीत निर्माण व्यवसायीवाट ठेक्का सम्झौतामा निर्माण व्यवसायीलाई मूल्य समायोजन दिईने व्यवस्था लागू नरहेको भएता पनि निर्माणस्थलमा रहेका रुखहरु काट्न/हटाउन ढिला भएको कारणवाट कार्यालयले निर्माण ववसायी लाई निर्माण स्थल उपलव्ध गराउन नसकी निर्माण कार्य शुरु गर्न निर्माण व्यवसायी असमर्थ हुने परिस्थिति सृजना भएको हुँदा कार्यालयले मूल्य समायोजनको प्रावधान लागू गरी सो वापत हुन आउने थप रकम निर्माण व्यावसायीलाई भूक्तानी गर्नुपर्ने साथै सार्वजनिक खरिद नियमावली, २०६४ पाँचौ संशोधनको नियम १२६ वमोजिम निर्माण व्यवसायीले निर्धारित समयावधि अगावै ठेक्का सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न गरेमा वोनस रकम पाउनुपर्ने प्रावधान ठेक्का सम्झौतामा समावेश गर्न कार्यालयले छुटाएको हुँदा वोनस रकम भूक्तानी हुने प्रवधान पनि सम्झौतामा थप हुनुपर्ने आग्रह साथ निर्माण कार्य संचालन नगरिने लिखित शर्त सहित अस्विकार गरेको हुँदा सो सम्वन्धमा आवश्यक निर्णय गर्न आवश्यक राय उपलव्ध गराईदिन अनुरोध भई आएको ।

**राय परामर्श :**

(क) सो सम्बन्धमा Standard Bidding Document (SBD) को General Condition of Contract (GCC) को compensation Events मा व्यवस्था भएकोले थप राय प्रदान गर्न आवश्यक नरहेको ।

(ख) खरिद सम्झौता (Contract Agreement) मा समय भन्दा अघि काम सम्पन्न गर्नेलाई पुरस्कार दिने व्यवस्था नभएको अवस्थामा पुरस्कार रकम प्रदान गर्न नसकिने ।

(ग) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ को उपनियम (३) मा "सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही शुरु गर्नु हुँदैन।" भन्ने व्यवस्था भएकोमा निर्माणस्थलको व्यवस्था नगरी बोलपत्र आह्वान गरेको सम्बन्धमा ध्यानाकर्षण गराइएको ।

मितिः २०७५/०१/२०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** भीमेश्वर नगर कार्यपालिकाको कार्यालय, दोलखा ।

**राय माग गरिएको बिषय :**

नगरपालिकाले सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रसंग व्यवस्थापन करार गरी फोहोरमैलाको व्यवस्थापन गर्ने उद्देश्य राखेकोमा यस्तो प्रकृतिको खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को कुन विधि र प्रक्रियाबाट गर्ने हो भनी राय माग भई आएको ।

**राय परामर्श :**

सार्वजनिक निजी साझेदारी नीति, २०७२ वमोजिम तहाँ नगरपालिकाले प्रस्ताव गरेको "निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन" गर्ने विषय "सार्वजनिक निजि साझेदारी" को परिभाषा भित्र पर्ने देखिएको र सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निजी साझेदारी प्रकृयाबाट निजी क्षेत्रबाट काम गराउने विषय नसमेटिएकोले तहाँ निकायबाटै आवश्यक व्यवस्था हुन ।

मितिः २०७५/०१/२०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** गेरुवा गाउँ कार्यपालिकाको कार्यालय, बर्दिया ।

**राय माग गरिएको बिषय :**

गाउँपालिकाको लागि २ थान Tractor with Hydraulic Dump Trolley र १ थान Backhoe Loader खरिद गर्ने बोलपत्र आव्हान गरिएकोमा पेश हुन आएका बोलपत्रहरु मध्ये मुल्याङ्कन समितिले न्यूनतम मुल्याङ्कित, सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु क्रमानुसार सिफारिस गरेकोमा गाँउपालिकाको १९ औं वोर्ड बैठकले मुल्याङ्कन समितिबाट प्राविधिक र आर्थिक मूल्याङ्कनमा सफल बोलपत्रदाताहरु मध्येबाट नेपालभर सरकारी निकायमा सबैभन्दा बढी विक्रि भएका र बजार माग बढी भएका साथै सबै भन्दा बढी कर बुझाउने बोलपत्रदाताको बोलपत्र स्विकृत गर्ने भनि निर्णय भएको । यस सम्वन्धमा मुल्याङ्कन समितिबाट सिफारिस भै आएका न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्नु पर्ने वा गाँउपालिकाको १९ औं वोर्ड बैठकको निर्णय बमोजिम नेपालभर सरकारी निकायमा सबैभन्दा बढी विक्रि भएका र बजार माग बढी भएका साथै सबै भन्दा बढी कर बुझाउने प्राविधिक र आर्थिक मूल्याङ्कनमा सफल बोलपत्र स्वीकृत गर्ने मिल्ने भनि राय माग भई आएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(८) अनुसार मूल्याङ्कन समितिले न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको मूल्याङ्कनको आधार र तरिका समेत खुल्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिक निकाय समक्ष पेश गर्नु पर्ने र सोही ऐनको दफा २७ (१) मा सार्वजनिक निकायले दफा २५ बमोजिम न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र मात्र स्विकृतीको लागि छनौट गर्नुपर्ने व्यवस्था भएकोले यस सम्वन्धमा थप राय दिइरहन आवश्यक नदेखिएको ।

मितिः २०७५/०१/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** बाण गंगा सिंचाई व्यवस्थापन डिभिजन, कपिलवस्तु, तौलिहवा ।

**राय माग गरिएको बिषय :**

न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएको दरभाउपत्रदातालाई खरिद सम्झौता गर्न आउन पत्राचार गर्दा निज दरभाउपत्रदाता म्याद भित्र खरिद सम्झौता गर्न नआएको हुँदा कार्यालयले निजले विंडवण्ड बापत राखेको धरौटी रकम जफत गरी सदर स्याहाँ गरेका र दोस्रो न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रवभावग्राही दरभाउपत्रदातासँग खरिद सम्झौता गरि कार्य सम्पन्न भएता पनि महालेखापरिक्षको कार्यालयवाट अन्तिम लेखा परिक्षण हुँदा सार्वजनिक खरिद ऐनको, २०६३ को दफा ६३ सोही ऐनको दफा ३८ बमोजिम छनौट भएको प्रस्तावदाताले खरिद सम्झौता गर्न नआएमा प्रस्तावदातलाई कालो सूचीमा राख्न सक्ने र सो कार्यका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ बमोजिम सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने भनी सैद्दान्तिक बेरुजु समेत औंल्याएको हुँदा सो सम्वन्धमा राय परामर्श माग भएको ।

**राय परामर्श :**

दरभाउपत्रदातालाई खरिद सम्झौता गर्न आउन पत्राचार गर्दा म्याद भित्र खरिद सम्झौता गर्न नआउने निज दरभाउपत्रदातालाई कालो सूचीमा राख्न सम्वन्धीत सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखिपठाउन सक्ने ।

मितिः २०७५/०१/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** भूमिगत जलस्रोत विकास समिति, बबरमहल, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

सिलबन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम पर्न आएका दरभाउपत्रहरु न्यूनतम संख्या नपुगेको कारण पुन: दरभाउपत्र आव्हान गरिएको अवस्थामा पहिलो सूचना अनुसार दर्ता भएका दरभाउपत्र दोश्रो पटक सूचना प्रकाशित भएपछि फिर्ता मागेको अवस्थामा फिर्ता गर्न हुने वा नहुने भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

प्रथम पटक सिलबन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम दरभाउपत्र पेश गरेका फर्मको दरभाउपत्रहरु पुन: दरभाउपत्र आव्हान गर्दा स्वतः निश्क्रिय हुने भएकोले तहाँबाट प्रकाशित सूचनाका शर्तहरु र दरभाउपत्र कागजातहरुमा अन्यथा विवरण वा शर्तहरु उल्लेख नभएको भए उक्त दरभाउपत्रहरु फिर्ता माग भएको अवस्थामा फिर्ता दिन सकिने ।

मितिः २०७५/०२/०१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** चन्दननाथ नगर कार्यपालिकाको कार्यालय, जुम्ला ।

**राय माग गरिएको बिषय :**

विद्युतीय माध्यमबाट निर्माण कार्यको खरिदका लागि दरभाउपत्र आव्हान गरिएकोमा एक मात्र दरभाउपत्र परेको हुँदा स्वीकृत गर्ने बिषयमा द्विविधा भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (३क) मा "तीन भन्दा कम सिलबन्दी दरभाउपत्र पेश हुन आएमा वा दरभाउपत्र पेश नै नभएमा सो सम्वन्धमा कुनै कुरा उल्लेख नगरी दोस्रो पटक सूचना प्रकाशन गर्नु पर्ने" मन्ने स्पष्ट ब्यवस्था भएको हुँदा सो सम्बन्धमा थप राय दिईरहनु नपर्ने ।

मितिः २०७५/०२/०६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखा ।

**राय परामर्श माग गरिएको बिषय :**

नसर्ने रोग कार्यक्रमको लागि आवश्यक उपकरण खरिदका लागि अन्तर्राष्ट्यि स्तरको बोलपत्र आव्हान गरिएकोमा ८ वटा बोलपत्र दर्ता हुन आएका र तीमध्ये प्राविधिक, वित्तीय र आर्थिक रुपमा योग्य देखिएको तथा न्यूनतम अंक कबोल गर्ने बोलपत्रदातालाई सोही विभाग अन्तर्गतको योजनाको खरिद कार्यका सम्बन्धमा विश्व बैंकको वेभसाईटमा कालो सूचीमा राखिएको देखिएकोले निजको बोलपत्र स्वीकृतिका लागि सिफारिश गर्न मिल्ने वा नमिल्ने भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(२) बमोजिम आचरण विपरित कार्य गर्ने बोलपत्रदातालाई दफा ६३ बमोजिम कालोसूचिमा राख्ने प्रक्रिया अगाडि बढाइएको नदेखिएकोले सो तर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराउने ।

(ख) बोलपत्र सम्बन्धी कागजातको Instruction to Bidders no. 4. Eligible Bidders मा स्पष्ट व्यवस्था भएकोले थप राय प्रदान गर्न आवश्यक नदेखिएको ।

मितिः २०७५/०२/०९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** पोखरा विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय ।

**राय परामर्श माग गरिएको बिषय :**

कार्यालय उपकरण (ल्यापटप, मल्टिमेडिया लगायत) सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा दरभाउपत्रदातालाई दिइएको निर्देशन र व्यवस्था बमोजिम VAT रकम उल्लेख गर्नुपर्नेमा दरभाउपत्रदाताले सामानको प्रति इकाइ दररेट र जम्मा कबोल अंकको महलमा कुनै कुरा उल्लेख नगरी दरभाउपत्र फाराममा नोट लेखी कबोल अंक VAT बाहेकको हो भनी उल्लेख गरेकोले उक्त दरभाउपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने अथवा १३% VAT थप गरी मूल्यांकन गर्न सकिने भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१ को उपनियम (२) मा बोलपत्रको मूल्यांकन र तुलना गर्दा मूल्य अभिवृद्धि कर बाहेकको कबोल अंक कायम गरी तुलना र मूल्यांकन गर्नुपर्ने नियममा प्रष्ट व्यवस्था

भएको हुँदा र VAT बाहेकको कबोल अंक (दररेट) नै माग गर्नुपर्नेमा VAT समेतको दररेट माग गरेको भएता पनि बोलपत्रदाताले VAT बाहेकको दररेट पेश गरेकै कारणले मात्र बोलपत्र मूल्यांकनमा समावेश गर्नु नपर्ने कारण नदेखिएको ।

मितिः २०७५/०२/०९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

e-GP को माध्यमबाट न्यूज प्रिन्ट रिल खरिद गर्ने प्रक्रियामा जाँदा लाग्ने समयसम्म मौज्दात रहेको न्यूज प्रिन्ट रिल अपुग हुने कारणले संस्थानको छपाई कार्यमा गम्भीर असर पर्ने र स्थानीय बजारमा न्यूज प्रिन्ट रिल सहज रुपमा उपलब्ध हुन नसक्ने हुँदा बिशेष समस्या आउने कारणले बिशेष परिस्थितिको अवस्था मानी खरिद कार्य गर्न मिल्ने वा नमिल्ने भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन छाता ऐनको रुपमा रहेको र ऐनले परिभाषित गरेका सबै सार्वजनिक निकायहरुले समान रुपमा उक्त ऐनद्धारा निर्दिष्ट कार्यविधि अपनाई खरिद प्रक्रिया व्यवस्थित गर्नुपर्ने हुँदा ऐनको मनसाय, विधि, प्रक्रिया पूरा गरी आफ्नो निकायको खरिद कार्य यथासमयमा सम्पन्न गर्नु प्रत्येक सार्वजनिक निकायको दायित्व रहने कुरा स्वतः स्पष्ट भएको हुँदा खरिद प्रक्रिया विलम्ब हुनुका पर्याप्त कारण समेतमा विचार गरी बिशेष परिस्थिति अन्तर्गत तत्काल काम सुचारु गर्न आवश्यक पर्ने न्यूज प्रिन्ट रिल खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ (२) साथै गोरखापत्र संस्थान आर्थिक विनियमावली, २०६५ को परिच्छेद ६ को (६.६३) अनुसार तालुक निकायसंग परामर्श एवं आवश्यक स्वीकृति लिई खरिद कार्य पूरा गर्नुपर्ने।

मितिः २०७५/०२/१०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** डिभिजन सडक कार्यालय, काठमाण्डौ २ ।

**राय माग गरिएको बिषय :**

यस कार्यालय र निमार्ण व्यवसायी श्री दि आन्दन प्रा.लि. बीच भएको सम्झौता तोडी आवश्यक विवरण तथा कागजात सहित कालो सूचीमा राख्नलाई मिति २०७५।१।०३ मा तहाँ कार्यालयलाई सिफारिस गरी पठाईएको छ । उक्त निमार्णस्थल त्रिभुवन राजपथको नागढुंगा पिपलामोड सडक खण्ड काठमाण्डौको प्रवेश मार्ग भएकोले अत्यन्तै महत्वपुर्ण सडक रहेको र हाल साह्रै जीर्ण भएको हुँदा तत्काल निर्माण तथा सूधार कार्य अगाडि बढाउन पर्ने देखि पुनः ठेक्का आह्वान गरी हाल मुल्याकनको क्रममा रहेको छ । तर उक्त निर्माण व्यसायीलाई कालो सूचीमा राख्ने कार्य तहाँ कार्यालयवाट भई नसकेको अवस्थामा नयाँ निर्माण व्यवसायीसंग सम्झौता गरी निर्माण कार्य अगाडि बढाउन मिल्ने नमिल्ने सम्वन्धमा राय परामर्श माग भएको ।

**राय परामर्श :**

सम्झौता अन्य गरी कालो सूचीमा राख्न लेखी पठाएकोमा उक्त निर्माण व्यवसायीलाई कालो सूचीमा राख्ने कार्य यस कार्यालयबाट भई नसकेको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद प्रकृया अगाडि वढाउन कुनै बाधा नरहेको ।

मितिः २०७५/०२/१३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** जिल्ला कृषि विकास कार्यालय, बारा ।

**राय परामर्श माग गरिएको बिषय :**

तरकारी बिउ आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको र ७ वटा फर्मको निवेदन दर्ता भएकोमा ५ वटा फर्महरुले माग बमोजिम कागजात पेश गरेता पनि परिमाण आपूर्ति गर्न असक्षम देखिएको, एउटा फर्मले माग अनुसार करचुक्ता प्रमाणपत्र पेश नगरेको र पेश गरेका कागजात पनि पूर्ण नभएको र एउटा फर्म सारभूत रुपमा प्रभावग्राही र सबै भन्दा केही मूल्य कबोल अंक भएको दरभाउपत्र भन्दा केही बढी मूल्य कबोल गरेको भएता पनि कार्यालयले सो फर्मलाई स्वीकृत गरिसकेको । करचुक्ता प्रमाणपत्र पेश नगर्ने फर्मले जिल्ला प्रशासन कार्यालय, तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालयमा उजुरी दिएको अरवस्थामा उक्त निकायबाट समेत कार्यालयकै पक्षमा निर्णय दिएको भएता पनि कार्य प्रक्रिया अगाडि बढाउन अन्यौल भएको भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२) को खण्ड (घ) र सार्वजनिक खरिद नियमावलीको २०६४ को नियम ८४ (९) बमोजिम दरभाउपत्रको परीक्षण र मूल्यांकन पश्चात् सारभूत रुपमा प्रभावग्राही रहेको भनी दरभाउपत्र मूल्यांकन समितिबाट सिफारिश भई दरभाउपत्र स्वीकृत गर्ने निर्णय पश्चात् खरिद प्रक्रिया अगाडि बढाउन ऐन नियमले कुनै बाधा गरेको नदेखिएता पनि तहाँ कार्यालयबाट भएको लागत अनुमानको तर्जुमा र स्वीकृतिका आधारहरु यर्थाथ भए नभएको समेत विचार गरी खरिद प्रक्रिया अगाडि बढाउन सकिने ।

मितिः २०७५/०२/१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** काठमाडौं उपत्यका खानेपानी लिमिटेड, मुख्य कार्यालय, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

सारभूत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्रहरु मध्ये न्यूनतम कबोल गरेका दुई वटा बोलपत्रहरुको कबोल मुल्य बराबर पाईएकोले सो बोलपत्र छनौटमा कठिनाई पर्न गएको हुँदा आवश्यक निर्देशनको लागि अनुरोध भई आएको ।

**राय परामर्श :**

लागत अनुमान भन्दा घटेर आएको र कबोल मुल्य बराबर भएको अवस्थामा बराबर कबोल गर्ने फर्म (कम्पनी) हरुलाई ३ दिनको समय दिई घटाघटको गोप्य शिलबन्दी माग गर्ने ।

मितिः २०७५/०२/२१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** मण्डन देउपुर नगरपालिका, काभ्रेपलाञ्चोक।

**राय माग गरिएको बिषय :**

नगरपालिका भित्रको इन्द्रावती नदीबाट रोडा, ढुङ्गा, बालुवा ग्राभेल विक्रि गर्नका लागि वोलपत्र आब्हान गरिएकोमा जम्मा १० थान वोलपत्र विक्रि भई १ मात्र बोलपत्र दर्ता भएको र निज बोलपत्रदाताले वोलपत्र स्वीकार्य पत्रमा कबोल अङ्क उल्लेख गरेको तर BOQ मा कुनै पनि कबोल अंक नभरेको साथै BOQ मा एकमुष्ठ रकम उल्लेख गर्नुपर्ने अवस्था रहेकोमा उक्त बोलपत्र मुल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने भनि राय माग भई आएको ।

**राय परामर्श :**

राय माग गरिएको बिषय सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२) को उपदफा (क) को खरिदको परिभाषा भित्र नपर्ने भएकोले राय प्रदान गर्न आवश्यक नदेखिएको ।

मितिः २०७५/०२/२२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंज, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

Computer, Laptop, Document Printer आदि खरिदको लागि आव्हान गरिएको बोलपत्रमा प्रस्ताव गरेको मध्ये सबैभन्दा न्यून कबोल गर्ने बोलपत्रदाताले लागत अनुमान भन्दा ५.९६% कबोल गरेको र प्राविधिक परीक्षण गर्दा Technical Specification मा माग भए बमोजिम Not Ok भन्ने उल्लेख भएको र पछि पत्राचार गरी Specification मा माग भए बमोजिमको सामान उपलब्ध गराउन सकिने नसकिने भनी सोधिएकोमा Specification मा Internal र External भनी नखुलाईएकोले अलग उपलब्ध गराउन सकिने भनी जवाफ प्राप्त भएको अवस्थामा उक्त बोलपत्र सिफारिश गर्न सकिन्छ कि सकिंदैन भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (२) अनुसार बोलपत्र परीक्षण तथा Technical Specification मा त्रुटी भए नभएको एकिन गरी पछि सामान माग गर्दा सानातिना त्रुटिले फरक पर्ने हो वा होईन सो को समेत यकिन गरी निर्णय गर्नुपर्ने देखिन्छ ।

मितिः २०७५/०२/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** अख्तियार दुरुपयोग अनुसन्धान आयोग ।

**राय माग गरिएको बिषय :**

पेश हुन आएका बोलपत्रहरु मध्ये ६ वटा बोलपत्रदाताहरुले DUDBC, कास्कीको नाममा र ४ वटा बोलपत्रदाताहरुले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराको नाममा Bid Security जम्मा गरेको हुँदा दुवै किसिमका Bid Security जम्मा गर्ने बोलपत्रदाताको बोलपत्र स्विकार गर्ने वा नगर्ने सम्वन्धमा द्विविधा उत्पन्न भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

बोलपत्र जमानत बोलपत्र आह्वान गर्ने सार्वजनिक निकायकै नाममा जारी हुनुपर्ने विषयमा दुविधा नरहेको । बोलपत्र आह्वानको सूचना तथा बोलपत्र सम्बन्धी कागजाताका विभिन्न प्रावधानहरुमा एउटै विषयमा पनि फरक फरक विवरण उल्लेख हुँदा बोलपत्रदातालाई अन्यौल सृजना भएको देखिन्छ । सो तथ्य समेतलाई विचार गरी बोलपत्र सुरक्षित (Bid Secure) हुने सुनिश्चित गरी तहाँ निकायबाटै आबश्यक निर्णय हुन ।

मितिः २०७५/०२/२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** राष्ट्रिय पुननिर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन इकाई, पर्वत ।

**राय माग गरिएको बिषय :**

रितपुर्वक दाखिला भएका बोलपत्रहरु मध्ये केही बोलपत्रदाताहरुले Letter of Bid को बुँदा नं. (C) ... Our Bid consisting of the Technical Bid and the Price Bid shall be valid for a period of " days from the date fixed for the bid submission deadline in accordance with the Bidding Documents, and it shall remain binding upon us and may be accepted at any time before the expiration of that period .. मा बोलपत्र मान्य अवधी दिन मा उल्लेख नगरी खालि नै छाडेकोले निर्णय लिन द्विविधा भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २० को उपदफा (१) मा "बोलपत्र मान्य हुने अवधि बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ" भन्ने व्यवस्था भएको साथै ऐनको दफा १३ को उपदफा (२) (ठ) मा बोलपत्र सम्बन्धी कागजातमा बोलपत्र मान्य हुने अवधि उल्लेख गर्नुपर्ने व्यवस्था भएको र सोही व्यवस्था बमोजिम बोलपत्र सम्बन्धी कागजातको ITB 18.1 मा बोलपत्र मान्य हुने अवधि उल्लेख हुने । letter of Bid मा उल्लेखित "(a) We have examined and have no reservations to the Bidding Documents, including Addenda issued in accordance with Instructions to Bidders (ITB) Clause 8." घोषणा सहितको बोलपत्र दाखिला भएको अवस्थामा अन्य विषयका अतिरिक्त ITB 18.1 अनुसार बोलपत्र मान्य हुने अवधिलाई समेत स्वीकार गरेको मानिने हुँदा बोलपत्रदाताले letter of Bid वा अन्य पत्रबाट बोलपत्र मान्य हुने अवधि ITB 18.1 मा माग भए भन्दा स्पष्ट रुपमा कम समय उल्लेख गरेको अवस्थामा बाहेक letter of Bid मा बोलपत्र मान्य हुने अवधि उल्लेख नगरेको कारणले मात्र बोलपत्रलाई Nonresponsive मान्न नहुने ।

मितिः २०७५/०२/२५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** डिभिजन सडक कार्यालय, काठमाण्डौ १ ।

**राय माग गरिएको बिषय :**

पेश भएका वोलपत्रको प्राविधिक प्रस्ताव परीक्षण गर्दा संयुक्त उपक्रम सम्झौतामा जे.भी. पार्टनर मध्ये एकको दस्तखत नभएकोमा सो J/V Agreement लाई पुर्ण मान्न सकिने वा नसकिने भनी राय माग भई आएको ।

**राय परामर्श :**

संयुक्त उपक्रम (JV) को सम्झौता पत्रमा संयुक्त उपक्रमका सबै सदस्यहरुको आधिकारिक प्रतिनिधिले अनिवार्य रुपमा दस्तखत गर्नुपर्ने । संयुक्त उपक्रमका सवै सदस्यले दस्तखत नगरेको पत्रलाई सम्झौता पत्र मान्न नसकिने ।

मितिः २०७५/०३/०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** सुर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ईलाम ।

**राय परामर्श माग गरिएको बिषय :**

सिलबन्दी दरभाउपत्र र क्याटलग सपिङ विधिबाट खरिद गरिएका सवारी साधन, ढुवानीका साधन आदिको निर्धारित मूल्य भुक्तानी गर्दा VAT बाहेकको बिल रकमको ५% बराबर फर्ममेन्स बैंक ग्यारेण्टी कार्यालयले लिएपछि बिल भुक्तानी गर्दा ५% धरौटी रकम कट्टा गर्नुपर्ने हो वा होईन भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम (४) मा उपनियम (१) बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा अन्य बिल वा बिजकमा उल्लेखित रकमको ५% रकम कट्टा गरी राख्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही बमोजिम गर्नुपर्ने देखिन्छ ।

मितिः २०७५/०३/०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** कोष तथा लेखा नियन्त्रक कार्यालय, धनगढी, कैलाली ।

**राय परामर्श माग गरिएको बिषय :**

क्याटलग सपिङ विधिबाट सवारी साधन खरिद गर्नका लागि प्रस्ताव माग गरी स्वीकृत समेत भईसकेको अवस्थामा स्वीकृत प्रस्तावदाताले सवारी साधनको मूल्य वृद्धि भएको कारण जनाई सम्झौता गर्न नसकिने भनी लिखित निवेदन पेश गरेको अवस्थामा सो प्रस्तावदातालाई के कस्तो कारवाही गर्ने र दोश्रो न्यूनतम मूल्यांकित प्रस्तावलाई स्वीकृत गरी प्रक्रिया अगाडि बढाउन सकिने नसकिने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा खरिद गर्ने कार्यविधि, २०७४ मा सम्झौता गर्न नआउने प्रस्तावदातालाई कारवाही गर्ने सम्बन्धमा कुनै व्यवस्था भएको नदेखिएकोले उक्त खरिद प्रक्रिया अन्त्य गरी पुनः प्रक्रियामा जानुपर्ने ।

मितिः २०७५/०३/०४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।

**राय परामर्श माग गरिएको बिषय :**

औधोगिक क्षेत्रको विकास र सञ्चालनमा निजी क्षेत्रको संलग्नता सम्बन्धी बिषयमा यस कार्यालयबाट राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद सम्बन्धी ऐन, कानुन र खरिद व्यवस्थापनका प्रक्रियाको बिषयमा द्धिविधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य बिषयमा कुनै राय परामर्श तथा सुझाव प्रदान गर्ने यस कार्यालयको क्षेत्राधिकार नरहेको साथै प्रस्तुत बिषयमा नेपाल सरकारबाट नीति एवं कार्यविधि तर्जुमा गरी लागू गर्न सकिने बिषय भएकोले राय परामर्श दिइरहनुपर्ने अवश्यकता नदेखिएको ।

मितिः २०७५/०३/०५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** गोकुलगंगा गाउँपालिका, रामेछाप ।

**राय माग गरिएको बिषय :**

सडक निर्माणका बोलपत्र आव्हान गरिएकोमा दर्ता हुन आएका बोलपत्रहरु मध्ये एउटा बोलपत्रदाताले बोलपत्रसाथ बोलपत्र जमानत भौचर पेश नगरेको तर कार्यालयको धरौटी खातामा म्याद भित्रै माग गरिए बमोजिमको रकम दाखिला गरेको पाइएकोले निजको बोलपत्रलाई मुल्याङ्कनमा समावेश गर्ने वा रद्ध गर्ने बिषयमा द्बिविधा भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

बोलपत्र दाखिलाको समयावधि अगावै सम्बन्धित बोलपत्रदाताले सोही प्रयोजनको लागि रकम दाखिला गरेको अवस्थामा उक्त बोलपत्रलाई मान्यता दिने ।

मितिः २०७५/०३/०६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल, टेकु, काठमाडौँ ।

**राय परामर्श माग गरिएको बिषय :**

Fully Automated Blood Culture System र Laundry Machine खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र माग गर्दा ४ वटा दरभाउपत्र दर्ता भएका तर आइटम वाइज सूचना अनुसार दुइवटा आइटम दुई-दुई वटा फर्मले दरभाउपत्र पेश गरेकोमा एउटै सूचनामा भएका दुई वटा अलग आइटम लागि सार्वजनिक खरिद नियमावलीको नियम ८४ को उपनियम (३ क) आकर्षित हुने वा नहुने भनी राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (३ क) मा उपिनियम ३ बमोजिम सूचना प्रकाशन गर्दा तीनभन्दा कम सिलबन्दी दरभाउपत्र पेश हुन आएमा वा दरभाउपत्र पेश नै नभएमा सो सम्बन्धमा कुनै कुरा उल्लेख नगरी सोही उपनियम बमोजिम दोश्रो पटक सूचना प्रकाशन गर्नु पर्नेछ भन्ने उल्लेख भएकोले सोही बमजिम गर्न उपयुक्त हुने ।

मितिः २०७५/०३/०७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** राष्ट्रिय पुननिर्माण प्राधिकरण, केन्द्रिय आयोजना कार्यान्वयन इकाई (शिक्षा), ज्ञानेश्वर, काठमाण्डौ।

**राय माग गरिएको बिषय :**

एक बोलपत्रदाताले Technical Bid को Additional Information मा Price Bid Scan गरी Upload गरेको । उक्त Price Bid लाई नहेरी प्राबिधिक मुल्याङ्कन गर्दा उक्त बोलपत्रदाता समेत २ वटा बोलपत्रदाता Technically Responsive ठहर भई Financial Bid खोल्दा माथि उल्लेखित Price Bid Scan गरी Technical Proposal साथ Upload गर्ने बोलपत्रदाताले Financial Bid मा Price BOQ नराखी Price Bid मा कुल जम्मा कवोल अंक मात्र उल्लेख गरी Bid Form मात्र पेश गरेकोले Technical Bid मा Upload गरेको Price Bid आधार मानी मुल्याङ्कन गर्न मिल्ने वा Non Responsive मान्ने भनी राय माग भई आएको ।

**राय परामर्श :**

Standard Bidding Document (SBD) को ITB 25.1 मा "If the Technical Bid and Price Bid are submitted together in one envelope, the Employer shall reject the entire Bid." भन्ने स्पष्ट व्यवस्था भएकोले थप राय आवश्यक नदेखिएको ।

मितिः २०७५/०३/०८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु विभाग, काठमाडौं ।

**राय माग गरिएको बिषय :**

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु ऐन, २०७५ को मस्यौदामा रहेको दफा ६५ मा संरक्षित क्षेत्रभित्र विकास निर्माण सम्बन्धी कार्यको लागि राखिएको उफदफा १, २, ३ र ४ सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ सम्मत छ, छैन ? राय परामर्श उपलब्ध गराई दिनु भनी अनुरोध भई आएको ।

**राय परामर्श :**

सार्वजनिक खरिदको लागि विशिष्टिकृत कानूनको रुपमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ कार्यान्वयनमा रहेकोले सार्वजनिक खरिद सम्बन्धी विषय अन्य कानूनमा राख्न उपयूक्त नहुने ।

मितिः २०७५/०३/०८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चरिकोट, दोलखा ।

**राय माग गरिएको बिषय :**

e-Bidding मार्फत बोलपत्र दाखिला गर्ने एउटा फर्मले बोलपत्र वापतको दस्तुर कार्यालयको खातामा जम्मा गर्नुपर्नेमा कार्यालयको खाता नं. राखेतापनि केन्द्रीय राजश्व खातामा जम्मा दाखिला भएको देखिएकोले निजले पेश गरेको बोलपत्रलाई मुल्याङ्कनमा समावेश गर्ने वा नगर्ने सन्दर्भमा द्विविधा उत्पन्न भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

बैंक दाखिला भौचर बैकमा रकम जम्मा भएको प्रमाण रुपमा हुने र बैंक भौचरमा उल्लेखित विवरण बमोजिमको बैंक खातामा रकम जम्मा गर्ने दायित्व सम्बन्धित बैंकको हुने हुँदा सम्बन्धित बैंकलाई भौचरमा उल्लेख भए बमोजिमको बैक खातामा रकम दाखिला गर्न लगाई बोलपत्र मुल्यांकन प्रकृया अगाडि बढाउने ।

मितिः २०७५/०३/१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** कालिञ्चोक गाउँपालिकाको कार्यालय, दोलखा, ३ नं. प्रदेश ।

**राय परामर्श माग गरिएको बिषय :**

विभिन्न ५ वटा सवारी साधन खरिदको लागि e-Bidding को प्रक्रियामा गएको र सूचनामा भने Hardcopy समेत अनिवार्य भनी माग गरिएको अवस्थामा Hardcopy समावेश नगरेको आधारमा कुनै बोलपत्रदातासंग e-Bidding मा पेश नभएको कागजात माग गर्न मिल्ने वा नमिल्ने भनी राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम सार्वजनिक निकायले साठी लाख रूपैंया भन्दा बढी रकमको मालसामान खरिद गर्दा अनिवार्य रूपमा विद्युतीय खरिद प्रणालीको प्रयोगबाट मात्र गर्नुपर्नेछ भन्ने उल्लेख भएको र सो का लागि विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका समेत जारी भइसकेको अवस्थामा Hard copy माग गर्ने कुरा कानुन सम्मत नदेखिएको हुँदा के कति कारणले Hardcopy समेत माग गर्ने गरी बोलपत्र आव्हानको सूचना प्रकाशित भएको हो ? सो को प्रष्ट जवाफ प्राप्त भएको अवस्थामा यस बिषयमा थप राय दिन सकिने ।

मितिः २०७५/०३/१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** प्रदेश प्रमूखको कार्यालय, प्रदेश नं. ३, हेटौंडा ।

**राय परामर्श माग गरिएको बिषय :**

क्याटलग सपिङबाट दुइवटा सवारी साधन खरिद गर्न प्रक्रिया अगाडि बढाएकोमा एक मात्र सिलबन्दी प्रस्ताव प्राप्त भएको अवस्थामा खरिद स्वीकृति प्रक्रिया अगाडि मिल्ने वा नमिल्ने भनी राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम सार्वजनिक निकायले क्याटलग सपिङबाट खरिद गर्ने सम्बन्धी व्यवस्था भएको र सो सम्बन्धी कार्यविधिमा समेत प्रतिष्पर्धा गराएर मात्र खरिद गर्ने व्यवस्था भएकोमा एउटा मात्र प्रस्ताव प्राप्त भएको अवस्थालाई प्रतिष्पर्धा भएको मान्न नसकिने हुँदा खरिद प्रक्रिया अघि बढाउन उपयुक्त नहुने।

मितिः २०७५/०३/१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** बुद्धभूमि नगर कार्यपालिकाको कार्यालय, प्रदेश नं. ५, कपिलबस्तु ।

**राय परामर्श माग गरिएको बिषय** :

VAT सहितको रकम वा VAT बाहेकको रकममध्ये कुन् रकमलाई मूल्यांकन गर्नुपर्ने हो भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावलीको नियम ६१ को उपनियम (२) मा भएको व्यवस्था बमोजिम बोलपत्र मूल्यांकन र तुलना गर्दा मूल्य अभिवृदि कर बाहेकको कबोल अंक कायम गरी तुलना गर्नुपर्नेछ भन्ने उल्लेख भएकोले सोही बमोजिम गर्नुपर्ने ।

मितिः २०७५/०३/१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मुसिकोट, रुकुम ।

**राय माग गरिएको बिषय :**

पेश हुन आएका बोलपत्रहरु मध्ये एउटा बोलपत्रदाताले बोलपत्र दस्तुर बापतको राजश्व रकम अन्यत्र कार्यालयको नाममा जम्मा गरेको भौचर बोलपत्रसाथ पेश गरेको तर हाल संचालनमा रहेको RMIS Software मा सो फर्मले को.ले.नि.का. स्थित खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, मुसिकोट, रुकुमको खातामा जम्मा गरेको देखिएकोले मुल्याङ्कनमा समस्या भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

Standard Bidding Document (SBD) को Instructions to Bidders (ITB) अन्तर्गत Electronic bid submission procedure मा स्पष्ट व्यवस्था भएकोले थप राय आवश्यक नदेखिएको ।

मितिः २०७५/०३/२५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग ।

**राय माग गरिएको बिषय :**

वन्यजन्तु अपराध घटनास्थल व्यवस्थापन कार्यविधी लेखन तथा प्रकाशन कार्यका लागि विभागमा तयार गरिएको मौजुदा सूचीमा रहेका परामर्शदाताबाट प्रस्ताव माग गरिएकोमा प्राप्त प्रस्तावदाताहरु मध्ये एउटा मात्र प्रस्तावदाताको प्राविधिक प्रस्ताव मुल्याङ्कनमा उत्तिर्ण भएको हुँदा प्रस्ताव निज प्रस्तावदातालाई छनौट गर्न मिल्ने नमिल्ने भनी राय माग भई आएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७६ र नियम ७८ मा स्पष्ट व्यवस्था भएकोले थप राय प्रदान गर्न आवश्यक नभएको ।

मितिः २०७५/०३/२६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** श्री डिभिजन सडक कार्यालय, चन्द्रनिगाहपुर, रौतहट ।

**राय माग गरिएको बिषय :**

डिभिजन सडक कार्यालय चन्द्रनिगाहपुर, रौतहटको प. सं. ०७४/७५ च.नं. ९७०, मिति २०७५।०२।०८ गतेको पत्रबाट निर्माण कार्यको लागि आह्वान भएको ठेक्कामा Empire Builddеrs Pvt. Ltd काठमाण्डौले e-Bid मार्फत दर्ता गरेको बोलपत्रमा एक प्रति BoQ दररेट भरी Submmit गरेको र संशोधनको व्यहोरा उल्लेख नगरी सोही BoQ को दररेटको फोटोकपि गरी ३९% घटीमा काम गर्न स्वीकार गरेको छुट्टै अर्को प्रति BoQ को दररेट पेश गरेकोले दुई किसिमको दररेटलाई कायम गरी मूल्यांकन गर्न समस्या परेको सम्वन्धमा राय परामर्श माग भएको ।

**राय परामर्श :**

एउटै ठेक्कामा एउटै बोलपत्रदाताबाट फरक फरक दररेट भएको दुई BoQ पेश गरेकोले त्यसलाई मान्यता दिन नसकिने ।

मितिः २०७५/०३/२६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** पाख्रीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनकुटा ।

**राय माग गरिएको बिषय :**

प्राविधिक प्रस्तावको मुल्याङ्कनमा उत्तिर्ण भएका ५ बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मध्ये एक बोलपत्रदाताले पेश गरेको Bill of Quantities को Total Item Price महल मा रु ४३०८३३३१।७२ (VAT बाहेक) उल्लेख गरेको र Letter of Bid को C महलमा The Total Price of our Bid Excluding any Discounts Offered in Item (d) Below is NPR ३५६२९०७२।०० र (D) महलमा NA (Not Applicable) उल्लेख गरेकोले यस नगरपालिकाले मुल्याङ्कनको क्रममा निजले उल्लेख गरेको Letter of Price Bid को कबोल अंक ३५६२९०७२।- अक्षरुपी तीन करोड छपन्न लाख उन्तीस हजार बहत्तर को आधारमा निजको कवोल अंक सबैभन्दा घटी भएकोले निजको बोलपत्र स्वीकर्त गर्ने आशयको सूचना प्रकाशन गरिएकोमा निज बोलपत्रदाताले Bid Document ITB Correlation of Arithmetical Errors (C) मा प्रष्ट उल्लेख भए अनुसार Letter of Price Bid को Total रकम सच्चाई पाउँ भनी निवेदन दएकाले अबको काम कार्यबाही के कसरी अगाडि बढाउने भनी राय माग भई आएको ।

**राय परामर्श :**

बोलपत्र सम्बन्धी कागजातको Instruction to Bidder (ITB) 33 Correction of Arithmetical Errors मा स्पष्ट व्यवस्था भएकोले थप राय प्रदान गर्न आवश्यक नभएको ।

मितिः २०७५/०३/२९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय ललितपुर।

**राय माग गरिएको बिषय :**

Preservation and Infrastructure Development of Naagdaha Pokhari Dhapakhel Lalitpur का लागि बोलपत्र आब्हान गरिएको थियो। पेश हुन बोलपत्रहरुको eligibility Test गर्दा Company Registration र VAT Certificate पेश नगरेका कारण सबै बोलपत्रदाताहरु अनुत्तिर्ण भई बोलपत्र कार्यबाही रद्ध गरिएकोमा दुई वटा निर्माण ब्यवसायीले घरेलु दर्ताको आधारमा भाग लिन पाउनु पर्ने भनी निवेदन दर्ता गरेकोमा Company Registration र Firm Registration Certificate को सम्बन्धमा PPMO बाट तयार गरिएको Standard Bidding Document को प्रावधान र सार्वजनिक खरिद नियमावलीको नियम ४० को उपनियम १ र २ (क) बिच द्विविधा देखिएकोले प्राप्त निवेदन उपर कार्यवाही गर्न समस्या भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

फर्म दर्ता वा कम्पनी दर्ताको प्रमाणपत्र मध्ये कुनै एकमा दर्ता भएको प्रमाणपत्र पेश गर्दा हुने।"

मितिः २०७५/०३/३१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, अत्तरिया, कैलाली।

**राय माग गरिएको बिषय :**

भिमदत्त राजमार्ग देखी सरस्वती उ.मा.वी. हुँदै गेटा आँखा अस्पताल जाने बाटो कालोपत्रे गर्ने कार्यका लागि बोलपत्र आब्हान गरिएकोमा पेश हुन आएका बोलपत्रहरु मध्ये ठेक्का मुल्याङ्कनका क्रममा भुलबस श्रीपुर कन्स्ट्रक्सनको बोलपत्र स्वीकृतीका लागि आशयको सूचना प्रकाशित भएकोमा त्यसमा संशोधन गरी विनोद कन्स्ट्रक्सनको बोलपत्र स्वीकृतीका लागि आशयको सूचना प्रकाशित भएकोमा श्रीपुर बिल्डर्सले विनोद कन्स्ट्रक्सनले लेटरप्याडमा लेटर अफ बिड पेश नगरेको र विड वण्ड समेत विड डकुमेन्टमा उल्लेख भए अनुसारको नभएकोले विनोद कन्स्ट्रक्सनको नाममा जारी भएको आशयको सूचना रद्ध गरी श्रीपुर बिल्डर्सको नाममा ठेक्का स्वीकृत गर्न निवेदन दिएकोले निर्णय लिन समस्या भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

(क) बोलपत्र जमानतको हकमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ को उपदफा (२)(ग) तथा बोलपत्र सम्बन्धी कागजातको Instructions to Bidder (ITB, 19) Bid Security भएको व्यवस्था बमोजिम तहाँ निकायबाटै निर्णय हुन ।

(ख) Letter of Bid सम्बन्धमा यस कार्यालयबाट मिति २०७४/०६/२६ मा भवन डिभिजन कार्यालय, पर्सालाई प्रदान गरेको संलग्न राय बमोजिम गर्ने।

## अनुसूचि - १

## सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय परामर्श माग गर्दा सार्वजनिक निकायहरूले भरी पठाउनु पर्ने विवरणको ढाँचा

१. मामिलाको पृष्ठभूमी ः

(समस्याको व्यहोरा उल्लेख गर्ने जस्तै - कामको व्यहोरा, कार्य प्रकृया, हाल सम्मको कार्य अवस्था तथा परेको मुख्य समस्या)

२. सार्वजनिक खरिद ऐन (र नियमावली) को कुन दफा (वा नियम) को कारणबाट परेको समस्या ः

(द्विविधा तथा अस्पष्टताका बिषयहरू तथा सम्बन्धित दफा र नियमहरू उल्लेख गर्नुपर्ने )

३. राय परामर्श माग गर्नु पर्ने कारण ः

(समस्यालाई के कारणले कानूनबाट स्पष्ट हुन सकेन समस्या विवरण सहित)

४. समस्या समाधान गर्न सार्वजनिक निकायलाई लागेको उपयुक्त उपाय सहितको सिफारिस ः

(संगठनको कार्य आवश्यकताको आधारमा उपयुक्त लागेको सिफारिस)